# संस्थागत सदस्यहरू

## संरक्षकहरू



*प्रमुख संरक्षक*
**डा. बिमलप्रसाद कोइराला**



*विशिष्ट संरक्षक*
**उमेश श्रेष्ठ**



*संरक्षक*
**द्वारिका श्रेष्ठ**



*संरक्षक*
**जलेश्वरी श्रेष्ठ**



*संरक्षक*
**उषा शेरचन**

## सल्लाहकारहरू



*विशिष्ट सल्लाहकार*
**डा.ध्रुवचन्द्र गौतम**



*मानार्थ सल्लाहकार*
**डा. रामप्रसाद उप्रेती**



*सल्लाहकार*
**कृष्ण प्रसाई**



*सल्लाहकार*
**दीपक सरकार**

## कार्यकारी समिति



*अध्यक्ष*
**मोमिला जोशी**



*उपाध्यक्ष*
**राजेश्वर कार्की**



*महासचिव*
**अरुणा वैद्य**



*कोषाध्यक्ष*
**सुन्दर बस्नेत**



*सदस्य*
**सुरेन्द्र श्रेष्ठ**



*सदस्य*
**अनन्त वाग्ले**



*सदस्य*
**कुमार नगरकोटी**



*सदस्य*
**युवराज अर्याल**



*सदस्य*
**महेश पौड्याल**

## विशिष्ट सदस्यहरू

कृष्णराज तिमिल्सिना, महेन्द्रबहादुर गुरुङ, मोहनबहादुर कायस्थ, डा. बद्री पोखेल, योगेन्द्रकुमार कार्की, महेशविक्रम शाह, योगराज गौतम, रमेश सिलवाल।

## मानार्थ सदस्यहरू

एस्पी कोइराला, इन्द्रबहादुर राई, मदनमणि दीक्षित, डा.ध्रुवेशचन्द्र रेग्मी, श्याम नेपाली, प्रमोद उपाध्याय, सत्यमोहन जोशी, डा.गोविन्दराज भट्टराई, इन्द्र अधिकारी, राजीव सिंह, ईश्वर जोशी, गीता केशरी, शशी शाह, विप्लव ढकाल, फत्तेमान राजभण्डारी, डा.राजेन्द्र विमल, श्रवण मुकारुङ, मनुजबाबु मिश्र, डा.ध्रुवचन्द्र गौतम, युवराज नयाँघरे, तुलसी दिवस, डा.वानीरा गिरि, रमेश श्रेष्ठ, जयदेव भट्टराई, डा.हरिप्रसाद मानसाग्नि, खेम शिवाकोटी, राजन काफ्ले, प्रा.ग्रेगोरी मस्कारिनेक, दुर्गा बराल (वात्स्यायन), ठाकुर गुरागाईं, भीष्म उप्रेती, फूलमान बल, दुर्गालाल श्रेष्ठ, हरिहर शर्मा, शकुन्तला शर्मा, मनु मन्जिल, शशी लुमुम्बू, प्रा.डा.वासुदेव त्रिपाठी, माया ठकुरी, मणि लोहनी, मोहन दुवाल, वैरागी काइँला, सरुभक्त, सुमन पोखरेल, नगेन्द्रराज शर्मा, एरिना ताम्राकार, प्रेमध्वज प्रधान, गणेश रसिक, रोजक घिमिरे, सरस्वती प्रतीक्षा, शिशिर योगी, विक्रम श्री, रामेश, अशेष मल्ल, ठाकुर बेलवासे, विधाता के.सी., लक्ष्मी उप्रेती, मिलन नेवार, परशु प्रधान, मञ्जु काँचुली, केशव सिग्देल, धीरेन्द्र प्रेमर्षि, ओम के.सी., शिव परियार, किरण मानन्धर, डा. लक्ष्मण गौतम, जगदीश तिवारी, भूपिन, टङ्क उप्रेती, मेलिना राई।

# कलश्री

## साहित्य वार्षिक २०७९

*वरिष्ठ सम्पादन सल्लाहकार*

**डा. विमलप्रसाद कोइराला**
**एस्पी कोइराला**

*सम्पादन*

**मोमिला**

*विशेष सम्पादन सल्लाहकार*

**डा. गोविन्दराज भट्टराई**
**उषा शेरचन**
**राजेश्वर कार्की**



## 'नयाँ नेपाल' साहित्य-आरम्भ

**'नेपाली कलासाहित्य डट कम प्रतिष्ठान'**
का लागि
एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड

**कलाश्री**
साहित्य वार्षिक
वर्ष-११, अङ्क-११ : २०७९

*प्रकाशक*
**नेपाली कलासाहित्य डट कम प्रतिष्ठान**का लागि
एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड
पानीपोखरी, लाजिम्पाट, काठमाडौँ
फोन नं. : ०१-४४१८११३, ०१-४००६६२५
इमेल : info@nlgi.com.np
वेबसाइट : www.nlg.com.np

*आवरण डिजाइन*
सबिन शाक्य

*कम्प्युटर-कला*
जीवन नेपाल

*मुद्रक*
सहयात्री फ्लेक्स प्रिन्ट एन्ड अफसेट प्रेस
काठमाडौँ

मूल्य : रु. ४००/–

Kalashree
A Yearly Literary Journal
by Nepali Kalasahitya Dot Com Pratishthan

# शब्दब्रह्मकै पक्षमा...!

हो, मानवीय संवेदनलाई दुरुस्त व्यक्त गर्न शब्द सम्पूर्णतः सक्षम हुन्छ नै भनेर दाबी गर्न नसकिए पनि शब्द, भाषा, लिपि नहुँदो हो त सायद मानवसभ्यता नै कुनै बिन्दुमा स्थिर भएर टक्क रोकिन्थ्यो होला! तर, आज त्यस्तो नभएर शब्दसारथिले नै वर्तमान सभ्यता हाँकिरहेजस्तो लाग्छ। अर्थात् जिन्दगी जतातत‌ै शब्दको उत्सवमा प्रेममग्न रहेजस्तो लाग्छ, एक शिखरबाट अर्को शिखरतिरको उत्सुक यात्रामा नृत्यमग्नझैँ महसुस हुन्छ या अझ भनौँ सिङ्गो सृष्टिले नै हरपल शब्द जपिरहेजस्तो लाग्छ; जतिखेर जिन्दगी स्वयम्ले जीवन्त अस्तित्वबोध गरेको हुनुपर्छ। र सत्यमा शब्दलोकको सङ्गीतले जोकोही मन्त्रमुग्ध नै हुनुपर्छ। यसर्थमै सायद हिजोआज हाम्रा गाउँसहरहरू कुनै ऋतुको औपचारिक निमन्त्रणबिना नै शब्दको महोत्सवमा झुमिरहन्छन्। यसलाई हाम्रो समाजले प्राप्त गरेको सचेतनाको गर्विलो उचाइ भन्न सकिन्छ। यद्यपि यो चेतनाको लहर केवल घरबस्ती बगाउने सचेतजस्तो बाढी नबनोस्। बरु हरियाली ल्याउने वरदानसिद्ध वर्षा होस्। यदि यसमा देशसारथिको अर्जुनदृष्टि समाहित भए समृद्धिको सम्यक् यात्रा प्रारम्भ हुन्थ्यो कि भन्ने कल्पनाले मात्र पनि देशको नाममा यो मन रोमाञ्चित भइरहेछ। यद्यपि इमानदारिता र गुणात्मकता प्रथम सर्त बनून्। वास्तवमा बदला र घृणाले उकुसमुकुसिएको योद्धाको मन शीतल हुन प्रेमको हावा चलेतिर जसरी एकोहोरिँदो हो; उसै गरी शब्दब्रह्म प्रेमपूर्ण गुन्जिएको बेला यो देशको भाग्यको मार्गचित्र गाढा गरी कोरिए त नेपालीहरू मात्र किन र शब्दकोशका सारा शब्दहरू नै रङ्गमञ्च ओर्लिएर कस्तरी खुसी झुम्थे होलान्!

जीवनका यिनै सत्यका संवाहक मानिने कलासाहित्यको सम्मान र उत्थानमा हरतरहले समर्पित संस्था **नेपाली कलासाहित्य डट कम प्रतिष्ठान**को विशेष प्रयत्न, **एनएलजी**को दृढ साथ अनि आम स्रष्टाको स्वतन्त्र लेखकीय आस्थाकै दस्तावेज **कलाश्री** साहित्य वार्षिक लिएर केही ढिलो भए पनि पुनः तपाईंसामु उपस्थित भएका छौँ। **एनएलजी**लाई स्रष्टाको शुभेच्छा सदा साथ रहने छ।

**कलाश्री**को सन्दर्भसहित वास्तवमा जीवनको सुगन्धलाई कैद गर्न नसके पनि यथार्थतः जीवनको रङ उतार्ने इन्द्रेनी शब्दलाई सलाम! यो सृष्टिमा जति अँध्यारो छाए पनि उज्यालो सम्भावनालाई साक्षी राखेर अँध्यारोमा शब्दको आतसबाजी उतार्ने

स्रष्टालाई सलाम! यिनै उज्यालो सम्भावनायुक्त सम्यक् कर्मको जीवन्त साक्षी बन्न पुगेको छ– **कलाश्री** साहित्य वार्षिक। यसरी **कलाश्री** सदाझैँ आस्था र विश्वासको जीवन्त स्मारक बन्ने छ भन्ने ओजिलो विश्वास लिएका छौँ। यसमा सत्कर्मयात्राको जीवन्त सारथि **नेपाली कलासाहित्य डट कम प्रतिष्ठान**लाई **एनएलजी**को स्नेहिल साथ स्रष्टाजगत्मा सदा अविस्मरणीय रहने नै छ।

यसरी शब्दब्रह्मसहित **कलाश्री**को आविष्कारमा साथ दिनुहुने सहृदयी स्रष्टाहरू, कलापारखी सुन्दर बस्नेतलगायत नेपाली भाषाका विश्वासिलो स्तम्भ एवम् इच्छाशक्तिका जीवन्त साक्षी सहयात्री भाइ जीवन नेपाल र प्रतिभावान् भाइ सबिन शाक्य तथा सहयात्री फ्लेक्स प्रिन्ट एन्ड अफसेट प्रेस परिवारप्रति विशेष आभार!

सदा सुन्दर जीवनका लागि शब्दब्रह्मकै पक्षमा...

– **मोमिला**

# विषयसूची कलाश्री (साहित्य वार्षिक)

## कविता


| | | |
|---|---|---|
| विधान आचार्य | सुरक्षित वास | १ |
| हेमचन्द्र नेपाल | विकलाङ्गप्रति | २ |
| राजेश्वर कार्की | पागल र कानुन | ३ |
| अमर शाह | आफ्नै मृत्युमा | ५ |
| विप्लव प्रतीक | समयको सौगात | ६ |
| ठाकुर बेलबासे | जून भन्नुको मात्रै | ७ |
| भूपिन | प्रेम कुनै एक ऋतुको नाम होइन | ९ |
| विमल वैद्य | सम्बन्ध | ११ |
| अभय श्रेष्ठ | सुकरात | १३ |
| केशव सिग्देल | रूख र चरा | १४ |
| शीतल कादम्बिनी | बासमती हावा | १५ |
| कोमल फुयाल | मनका प्रतिबिम्बहरू | १५ |
| गीता कार्की | समय र म | १६ |
| महेश क्षितिज | छातीको पृथ्वी | १९ |
| आर. एम. डङ्गोल | त्रासद सेल्फी | २१ |
| दीपक लोहनी | एउटा सहर | २२ |
| शकुन्तला जोशी | युवा! म तिम्रो काखमा छोरी जन्माउँछु | २३ |
| रामगोपाल आशुतोष | तिम्रा आँखाबाट बादल हटेपछि | २६ |
| जीवन खत्री | धरतीको स्वर्ग | ३० |
| रमेश सिलवाल | सच्चा प्रेम | ३२ |
| रोशन पुन | म धरहरा | ३२ |
| सुरेन्द्र अस्तफल | झुलभित्रकी युवती | ३५ |
| शशी थापा पण्डित | सर्पहरू देश निल्दै छन् | ३७ |
| मौन आवाज | दासहरूको कुनै देश हुँदैन | ३८ |
| मुकुन्द प्रयास | गाली | ४० |
| दीपक शर्मा समीर | क्वारेन्टाइन प्रमुखज्यू! | ४१ |

| | | |
|---|---|---|
| कमलराज केसी | मांसाहारी शासक | ४३ |
| के. जी. सुब्बा | बादशाहको कविता | ४४ |
| दिपेन श्रेष्ठ | फरकपन | ४५ |
| रमा अधिकारी | आधा सत्य | ४७ |
| लक्ष्मण सङ्गम | म त मूर्ख रहेछु | ४७ |
| रुबी सत्याल | निषेधाज्ञा | ४८ |
| अशोक परियार | बा, बजार र म | ४९ |
| जयराम तिमल्सिना | जानुभन्दा पहिले | ५० |
| निरञ्जना चन्द | निश्चिन्त भएर उठ | ५१ |
| गोविन्द कँडेल आँसु | छोटा कविता | ५२ |
| युग 'सर्वनाम' | एक अभ्यस्त इच्छा | ५३ |
| अस्मिता मानन्धर | अनायास | ५५ |
| मोमिला | कन्ट्र्याक्ट अफेयरको कथा | ५६ |
| मोहित जोशी | अर्को महाभारत | ५८ |
| हरि सन्दर्भ | विस्थापित मान्छे! | ५९ |
| गगन योकपाङ्देन | तस्बिर | ६० |
| नीलम गुरुङ | कैदखानाको तरकारी | ६३ |

**गीत / गजल / मुक्तक**

| | | |
|---|---|---|
| एस्पी कोइराला | हाँसेको छु जोसित म | ६५ |
| गणेश विषम | मेरो हात मेरै राष्ट्र | ६५ |
| नरेन्द्रराज प्रसाई | गीत | ६६ |
| ललिता दोषी | चाहन्थ्यो उज्यालो जीवनले | ६७ |
| स्नेह सायमी | गीत | ६७ |
| विजय सुब्बा | गीत | ६८ |
| एलिशा ढुङ्गाना | गीत | ६९ |
| लीलाराज दाहाल | गजल | ७० |
| वसन्तमोहन अधिकारी | गजल | ७० |
| कैलास रे | म मरेको दिन | ७१ |
| गोविन्द नेपाल | चार मुक्तक | ७२ |

## कथा


| | | |
|---|---|---|
| मञ्जु काँचुली | परदेशी छोरो | ७३ |
| एल. बी. छेत्री | बा, म पनि स्कुल जान्छु | ८४ |
| उषा शेरचन | फ्ल्याट नम्बर आठ | ८७ |
| कृष्ण प्रसाईं | सँगसँगै | ९२ |
| लक्ष्मी उप्रेती | स्मृतिमा नबिर्सने समय | ९७ |
| दिलीप शाह | संवेदना हराएको समय | १०१ |
| तुलसीहरि कोइराला | भूगोलपार्कको बच्चा | १११ |
| रोशन थापा 'नीरव' | अन्तिम चुम्बन | ११७ |
| महेश पौड्याल | अपहृत भविष्य | १२४ |
| सुस्मिता नेपाल | क्यानभासमा नभरिएका रङहरू | १२७ |
| मणि लोहनी | विसर्जन | १३३ |
| सुमन वर्षा घिमिरे | होपफुल क्याफे | १३९ |
| सुमित्रा न्यौपाने | सम्बन्ध | १४७ |
| पशुपति कुँवर | खलनायक | १५५ |
| सविता श्रेष्ठ 'बेहोसी' | बाध्यता | १६३ |
| भानु बोखिम | लोभी मित्र | १६५ |


## निबन्ध/संस्मरण


| | | |
|---|---|---|
| डा. गोविन्दराज भट्टराई | भाग्यको खेल | १७३ |
| डा. जङ्गब चौहान | अधुरा गीतहरू | १७८ |
| डा. विमल कोइराला | सम्बन्धहरू | १८० |
| डा. हरिप्रसाद मानसाग्नि | चैतन्य बोध | १८५ |
| डा. अञ्जना वस्ती भट्टराई | प्रातःकालीन नित्यकर्म र हाम्रो अवचेतन | १९४ |
| जीवनाथ धमला | मैले चढेको आधुनिकताको सिँढी | २०० |
| डा. हरिप्रसाद सिलवाल | भोकबिनाको भोजन | २०६ |
| युवराज नयाँघरे | कुम्लो बोकी तुम्लिङटार | २१३ |
| सरोज घिमिरे कर्कट काश्यप | समय | २२७ |
| डा. रजनी ढकाल | पृथक् पाइला : पृथक् अनुभूति | २२९ |
| नीलकमल | जन्मदिन मनाएकै दिन धरतीमा लीन | २३८ |

| | | |
|---|---|---|
| छविरमण सिलवाल | खानाको सहरमा भोकभोकै | २४१ |

**नाटक**

| | | |
|---|---|---|
| सरुभक्त | बाकस | २५१ |

**समालोचना**

| | | |
|---|---|---|
| प्रा. डा. कुमारप्रसाद कोइराला | नेपाली समालोचनाका आधुनिक एवम् उत्तरआधुनिक धार र तिनका प्रमुख वैशिष्ट्य | २८६ |
| प्रा. डा. लक्ष्मणप्रसाद गौतम | विधाहरूको भग्नता अर्थात् अ-विधा | २९० |
| डा. ज्ञानू पाण्डे | लीलालेखनबारे सैद्धान्तिक विचारणा र नेपाली साहित्यमा यसको प्रभावको परख | ३०६ |
| डा. कृष्णराज डी. सी. | नेपाली कवितामा विसङ्गतिवादी चेतना | ३२८ |
| आसमान लामा | 'ईश्वरको अदालतमा आउटसाइडरको बयान' शीर्षक निबन्धमा ईश्वरचिन्तन | ३३५ |
| मानबहादुर भण्डारी | 'यो कविता यात्रा' कृतिभित्रको भाषिक यात्रा (पक्ष)-को समीक्षा | ३५३ |
| डा. अम्बिका अर्याल | नारीसङ्घर्ष, चेतना र सफलताको फेहरिस्त : 'फरैना' उपन्यास | ३५८ |

**पुस्तक परिचय**

| | | |
|---|---|---|
| केशरी अम्गाई | एउटा विद्रोही लेखकको इतिवृत्ति | ३६७ |
| मणि लोहनी | सबैले देखेका तर कसैले नलेखेका कथाहरू | ३७० |
| ठाकुर बेलबासे | विषय, शब्द चयन र भाषाशैलीले भिन्न बनेको 'शब्दशिविर' | ३७४ |

**प्रवासबाट**

| | | |
|---|---|---|
| सुरेन्द्र लिम्बू परदेशी | बनमान्छेहरू | ३७७ |
| वसन्त श्रेष्ठ | परदेशमा | ३७९ |
| डा. गोविन्दसिंह रावत | मान्छे | ३८१ |
| मधु माधुर्य | कविता लेख्न सक्दिनँ | ३८२ |
| भूपेन्द्र महत | मनको उपवन | ३८४ |

| | | |
|---|---|---|
| विवेक दुलाल छेत्री | रहरहरूको आपत्ति | ३८५ |
| कोमल मल्ल | बाँचौँ र बचाऔँ | ३८६ |


**विश्वसाहित्य**


| | |
|---|---|
| इमाद फौआद/केशव सिग्देल | ३८८ |
| ज्याक हर्सम्यान/केशव सिग्देल | ३८८ |
| छाउ छुई/केशव सिग्देल | ३८९ |
| युयान ताजेस/केशव सिग्देल | ३९० |
| सर्वेश्वर दयाल सक्सेना/सुमन पोखरेल | ३९२ |
| गुलजार/सुमन पोखरेल | ३९२ |
| जोशना बनर्जी आडवानी/सुमन पोखरेल | ३९४ |
| मिखाइल इशाकोभ्स्की/डा. जङ्गब चौहान | ३९५ |
| माया एन्जेलो/महेश पौड्याल | ३९८ |
| वाल्ट ह्विटमेन/महेश पौड्याल | ३९९ |
| रवीन्द्रनाथ टेगोर/महेश पौड्याल | ४०० |
| कमला दास/महेश पौड्याल | ४०१ |
| विकासप्रकाश जोशी/गणेशप्रसाद लाठ | ४०२ |

विधान आचार्य

# सुरक्षित वास



१

मसलाको पोको कागतबाट
हिमालले चियाउँदै मलाई भन्यो
मलाई यस कैदबाट मुक्ति देऊ
मैले पोको खोलेँ
र कागतलाई होसियार भई फुकाएँ
पोको पार्दा खुम्चिएका
रेसालाई जतनसाथ सम्म्याएँ
समतल भुइँमा हिमाल हाँस्यो।

२

नदीलाई हावाले लछारपछार गर्दै
उडाएर छतको पर्खालसम्म लगेपछि
नदीले भन्यो– पहाड झर्न सक्छु
सधैँभरि पहरा हाम फाल्न सक्छु
तर मलाई यहाँबाट तल नपठाऊ
धेरै समय बहेर सफा भएको छु
फेरि तलको फोहरमा जान चाहन्नँ।

मैले नदी छापिएको पन्नालाई पनि
समातेर ल्याएँ र कोठामा टाँसेँ
नदी मुस्कुरायो।

३

मलाई थाहा छ
यी हिमाल र नदीहरू

बाहिर असुरक्षित छन्, घाइते छन्
तर मेरो कोठा पनि यिनीहरूको
सुरक्षित वास कहाँ हो र?

४

के तिमी
हिमाल र नदीमा मुस्कान आउने
सुरक्षित वास बनिदिन सक्छौ?

■

**हेमचन्द्र नेपाल**

# विकलाङ्गप्रति



नेपाली धरती–पुत्र इतिहासशिरोमणि
गुमाई नेत्रको ज्योति सुनाए वंशरागिणी
अन्धाले गर्न के सक्छ नठाने नेत्रका धनी
नबिर्से युगनिर्माता अन्धा होमर हुन् भनी।

औँलाले तान रेटेर बाजामा रागरागिनी
भर्ने सङ्गीतको स्रष्टा विकलाङ्ग भए उनी
अन्धा मिल्टनले लेखे महान् काव्य मनोहर
अन्धा रमेश छन् हाम्रा तरक्कीमा धुरन्धर।

विकलाङ्ग महान् स्रष्टा विश्व मूर्त बनाउने
अष्टावक्र थिए हाम्रा सोच सोझो गराउने
ब्रेलमा हात छामेर वर्णमाला सिकाउने
हेलेन् केलर अन्धी हुन् अन्धकार हटाउने।

जिन्दगी कष्टकारी छ भोग्न जान्दछ फूलले
साङ्गभन्दा महान् हुन्छन् विकलाङ्ग विचारले

छन् आज विश्वमा धेरै नेत्रहीन महान् गुरु
मौनव्रतीहरूलाई वाणीदेवी महान् गुरु।

आख्यायिका बनेकी छन् पारिजात यहाँ सधैँ
यी झमक् पाद चालेर राष्ट्रवन्द्य बनून् अझै
भीखमङ्गा हुँदै हैनन्, मौकाका अधिकारी हुन्
देऊ सीप बदल्ने छन्, राष्ट्र जाग्रत शक्ति हुन्।

मोहान्ध नबनून् कोही धृतराष्ट्र बने पनि
गान्धारी नेत्र ढाकेर अन्याय नसहून् कहीँ
आमाबाबा नहून् हेला नपुगून् वृद्ध आश्रम
कथा श्रवणको जस्तै विश्वमा बन मानव।

■

**राजेश्वर कार्की**

# पागल र कानुन



एक समय
तिम्रै आँसु मिसिएको मेरो पसिनाको आत्मीय गन्ध
आज दुर्गन्ध बनेर कठै!
खाडीबाट कतै तिम्रो भान्सामा पुग्यो कि!
तिमी भान्साबाटै भागेर बारमा पो पुगिछौ!!

हिजो राति तिमीले
मेरो भिडियो कल पटक्कै स्वीकार गरिनौ
कतै मेरो पसिनाको दुर्गन्ध
खाडीबाट तिम्रो ओछ्यानमा पनि पुग्यो कि!
आफ्नो ओछ्यानबाट भागेर तिमी
अर्कै पराई ओछ्यानमा पो पुगिछौ!!

आज
यी खाली खुट्टा, जिङ्ग्रिङ्ग कपाल मेरो हुलिया
जेब्रा क्रसिङनिर फुटपाथमा बत्ती पर्खिरहेको म
पर्खंदा-पर्खंदैको मलाई
समय विपरीत चल्ने पागल ठानी उछिनेर हिँड्नेहरू
हिजोआज देश हाँक्ने कुर्सीमा देख्छु
कतै शब्दमा देशको भविष्य बोलिरहेको
र कतै कानुनी राज्यको अर्थ सिकाइरहेको देख्छु।

हिजो, म हँसिया र नाम्लो बोकेर जङ्गल जाँदा
देशै छाडेर भाग्नेहरू आज
आफूलाई नै
देशको अर्थतन्त्रको निर्णायक घोषणा गरिरहेको देख्छु
र कतै आँखैअगाडि सवारी नियम ठाडै उल्लङ्घन गरेर
हतारमा कहिल्यै नजितिने दौड सवार गरिरहेको देख्छु।

म भने आजसम्म सडक पार गर्न भनी
जेब्रा क्रसिङनिर फुटपाथमा एक्लो बरझैँ
कहिल्यै नबल्ने हरियो बत्ती पर्खिरहेकै छु।

यहाँ–
पर्खंदापर्खंदै मबाहेक सबैसबै बदलिए...!!

यतिखेर...
मेरो पसिनाको गन्धले भागेकी तिमीले
जिङ्ग्रिङ्ग मलाई चिन्ने कुरै भएन
क्राइटेरिया बदलेको देशले झनै
अनागरिक मलाई चिन्ने सम्भावना नै रहेन
सज्जनलाई पागल र पागललाई सज्जन बनाउने
शक्तिशाली समयले झन्
कमजोर मलाई चिन्ने कुनै प्रश्नै भएन।

आज मलाई कुनै आश्चर्य लागेको छैन
कि सेल्फीमा मैले मलाई नै चिन्न सकिनँ!

फेरि कसैले कसैलाई नचिन्ने देशमा
आफैले आफैलाई नचिन्नु पनि कुनै अनौठो भएन!
सुन्छु– पागललाई त कुनै कानुन नै लाग्दैन!!

■

**अमर शाह**

## आफ्नै मृत्युमा



सबेरै बास्ने छ भाले
र, सधैँझैँ उदाउँदो सूर्यसँगै
सुरु हुने छ चराको चिरबिर
बस्तीको कल्याङमल्याङ।

रोकिने छैन खोलाको गति
न मत्थर हुने छ बतासको चाल
बजिरहने छन् मैले सुन्ने गीत
र, अरू कसैले बजाउने छ
बाँसुरीमा मैले बजाउने गरेको मीठो धुन।

कतै जन्मने छन् बच्चा
ठीक म मरिरहेको क्षण
र, अर्द्धविरामभन्दा बढी हुने छैन
मेरो जीवनको पूर्णविराम धेरैलाई।

म हुने छैन
तर यतै रहने छ
लेखकले लेख्दालेख्दै छाडेको

अरू धेरैको जस्तो
मेरो पनि अधुरो कथा
भन्न सक्दिनँ
भोलि पढ्ला कसैले
वा हराउला त्यो
बालुवामा पैतालाको डोब हराएझैँ।

■

**विप्लव प्रतीक**

# समयको सौगात



सब भुलिसकेँ
जतन गरी सम्झेका कुरा पत्तै नपाई भुलिसकेँ।

रातो माटोले लिपेको अनि कमेरोले पोतेको
एउटा सानो घर थियो, त्यो पनि मैले भुलिसकेँ।

कुन गोरटो हिँडेछु म, यसले कहाँ पुऱ्यायो खै?
सहर आफ्नो या बिरानो त्यो पनि मैले भुलिसकेँ।

फुल्थी फूल, सुगन्ध छर्थी र कौसीमा झुल्थी पनि
चाँदनी खेल्थी आँगनीमा, त्यो पनि मैले भुलिसकेँ।

अब केही त याद आओस्, केही सम्झूँ न म पनि
तर के बिर्सेर के सम्झिऊँ, त्यो पनि मैले भुलिसकेँ।

म जाऊँ कहाँ, म भनूँ केके, गाऊँ म कुन गीत
जून लहरा थियो समाउने त्यो पनि मैले चुँडिसकेँ।

■

**ठाकुर बेलबासे**

# जून भन्नुको मात्रै



कि...
दिनभर कुहिएको पानीमा पौडी खेलेर
रातभर मसँग सङ्लो पानीका लागि युद्ध गर्छ
कि...
सार्वजनिक चउरबाट
उज्यालो आकाशका बारे
गनाउने सास सक्दो फुकेर
रातभर मेरा आँखाका ससाना ताराहरू चपाउँदै
मलाई अँध्यारो छाद्न लगाउँछ
अनि अँध्यारोमै नाच्छ नाङ्गै
म उत्तानो परेर
अँध्यारो-अँध्यारो अनि अँध्यारो
हाँसोमा दुखिरहेको हुन्छु
जून भन्नुको मात्रै छ
बाबै...

दिनभर कहाँ हराउँछ-हराउँछ
रातभर काखमा उग्र बन्छ
जून भन्नुको मात्रै छ
बाबै...
यसको रापताप कति सहनु
यसको अँध्यारो कति चाट्नु...

अनुहारका पर्दाहरू
बुझिनसक्नु
पल्टाइनसक्नु
सबैका आँखामा

कस्तो जालो फ्याँक्यो जूनले
उसको उद्दण्डता कसैले देखेन...

कि...
दिनभर
कलिला फूल टिपेर
कतै चेपमा माला उन्दै च्यात्दै गर्छ
कि...
बैँस सम्झिएर लजाएका
सुकेका फूलका पत्रपत्र चपाएर
कतै पुरानो घरको कुनै फोहोर कोठा
रगताम्मे बनाएको हुन्छ...

जून भन्नुको मात्र छ
रातभर फूल, कोपिला अनि बास्नाको गीत गाएर
ममा हुर्कंदै गरेका सबैसबै कोपिला
एकएक निमोठेर
दली बस्छ गोप्य अङ्गमा...

बूढो पीपलको आँसुको कुरा गरेर
मेरो रगतको खोजी गर्छ...

जून नभई नहुने
शिरको शोभा...

देखाउनकै लागि यो कालो उज्यालो
मैले कलेजोमा हुर्काएको छु...

जून भन्नुको मात्रै छ
बुझिनसक्नुको छ
मैले बुझ्नु खोलाको गीत मात्रै...!

■

**भूपिन**

# प्रेम कुनै एक ऋतुको नाम होइन



मेरी मायालु!
ऋतुचक्रको कुनै बर्सातमा भेटेको थिएँ तिमीलाई...!

दिनभरि परिरहेथ्यो मुसलधारे पानी
तिमी
धूलोकणमाथि उछिट्टिएर उडिरहेको पानीको लहर देखेर
र नाथ्रीमा ठोकिएको माटाको सुवास सुँघेर
रमाइरहेकी थियौ कुनै किसानजस्तै।
तिमी बाल्यकालमा फर्किएकी थियौ अचानक
लजाउँदै तानेकी थियौ मेरो हात
र केटाकेटीझैँ बर्सातमा भिजेर लिइरहेकी थियौ आनन्द।

म पनि लजाउँदै
प्रेमवर्षाको प्रथम आनन्द लिइरहेको थिएँ।

मेरी मायालु
प्रेमले पनि
कहिलेकाहीँ झरीले जस्तै परीक्षा लिन्छ।
त्यो दिन रोकिएन बर्सात
आकाशको कालो बादल बन्यो हुर्मत लिने झरी
झरिरह्यो कैयौँ दिन, कैयौँ रात, कैयौँ हप्ता...!

दूधचियाजस्तो बाढी आयो, तिमी तर्सियौ कि?
पैरोमा खस्यो पहाडको सानो हिस्सा, तिमी डरायौ कि?
थुनियो केही समय सडक, तिमी आत्तियौ कि?

प्रकृतिका जस्तै
प्रेमका पनि धेरै ऋतु हुन्छन्
र ती बदलिन्छन् मायालु

हृदयको कुनै सुरक्षित पातमा
अण्डा पार्छ प्रेमले
प्रेम लार्भा बन्छ... प्युपा बन्छ...
र पुतली बनेर उड्छ जीवनको आकाशमा।

बर्सात मन पराइरहेकी तिमी
बर्सातलाई घृणा पो गर्न थाल्यौ कि?
आरम्भमा रमाइरहेकी तिमी
हरेक ऋतुको उच्चतामा यसरी नै विचलित भयौ कि?

मेरी मायालु
प्रेम कुनै एक ऋतुको नाम होइन
प्रेमका पनि अनेक ऋतु हुन्छन्
प्रेमका पालुवाहरू पलाउने एक वसन्त
प्रेमका पातहरू झरेर धरती सिँगारिने एक शरद्
प्रेमका हिमालहरू खुल्ने एक हेमन्त
प्रेमको वसन्त पर्खिरहने एक शिशिर
प्रेमको सर्दी फाल्ने एक ग्रीष्म...!

जसरी एउटा ऋतु मात्र मन पराउने मानिसले
प्रकृतिको समग्रतालाई प्रेम गर्दैन
प्रेमको एउटा ऋतुलाई मात्र प्रेम गर्ने मानिसले
प्रेमको सम्पूर्णतालाई प्रेम गर्दैन।

मायालु!
मौसम नबदलिए ऋतुको जन्म असम्भव हुन्छ
ऋतु नबदलिए सृष्टिको चक्र अधुरो हुन्छ
प्रेमको स्थायी पृथ्वी नै पो बदलिनु भएन
ऋतुजस्तै बदलिनु त प्रेमको स्वभाव हो
किनकि
प्रेम कुनै एक ऋतुको नाम होइन।

■

विमल वैद्य

# सम्बन्ध



तिमी हिँड्ने बाटो अलग
मैले चाल्ने पाइला अलग
थाहा छ
हाम्रो भेट कहीँ हुन्न
धरती र आकाशजस्तै
आआफ्नै अस्तित्वमा रमाएर
हेराहेर गर्नुबाहेक
हिँडिरहेछौँ तैपनि
सम्बन्धको साँघुरो साँघुरी भएर
जहाँबाट बगिरहेछ तल
पृथक् सम्मिलनको
न्यानो कञ्चन पानी।

तिमी जे सोच्छौ
मैले पनि सोच्ने त त्यही नै हो
उस्तै हुन् धुनहरू
बाँचिरहेको परिवेश पनि
जिन्दगीको अहम् छटपटी
जसरी बौरिन्छ सम्झनामा
र खस्छन् उति नै बेला
जसरी खस्छ
आकाशबाट तारा
उज्यालो बनाउँदै
आफूवरिपरिको सम्पूर्ण समयलाई
देख्छौ होला तिमी पनि
हाँसिरहेको मन त्यति बेला
जसले टल्किरहेको पानीमा
जूनको छाया खोजिरहेको थियो।

ए साँच्चै
पुग्न त कहीँ पुगिएनछ
उही बिरासतको वरिपरि घुमिरहेका रहेछौँ
सम्बन्धको कृत्रिम खाडलभित्र
छटपटिँदै
लामो तातो श्वास फेर्दै
हावाको चापलाई घटाइरहेका रहेछौँ
तिमीले भन्ने गरेको नैतिकता
मैले बुझेको बन्धन
सबै/सबै मिथ्या रहेछ
तैपनि एउटा अतृप्त आकर्षण
यद्यपि छँदै छ हामीबीच
अभिशप्त समयले बनाएको सम्बन्ध
खोलावारि र पारिको बगरजस्तो
जो कहिल्यै भेटिँदैनन् शरीरले
मनले भने बगिरहन्छ
लाग्छ
छोइरहेको छ सधैँ
पानीको तरङ्ग भएर
मनले गरिरहेको छ स्पर्श सधैँ
भन त अब
शरीरको स्पर्शभन्दा
चाहनाको स्पर्शको वेग
कति शक्तिशाली हुँदो हो!

■

अभय श्रेष्ठ

# सुकरात



जिन्दगीका उदास मोडहरूमा उभिएर
म आफ्ना मौसमी सम्बन्धहरूमाथि गम्छु
र, सोध्छु आफैलाई फेरि एक अभियुक्तझैँ–
किन हुन सकिनँ म आजसम्म
काम, क्रोध, लोभ, मोहबाट मुक्त सुकरात?

देख्छु, दुनियाँमा
आँसु र पसिना त
दलित प्रेमीझैँ
सदैव भएका छन् सहिद
व्यवस्थाको अत्याचारमा
र, धूर्तता जुद्धशमशेरको सालिकझैँ
शोभायमान छ टेकेर देशको मुटुमाथि
दुनियाँ छ
रगत, पिप र मलमूत्रको खाडलमा भासिएको
जहाँ सुकरात र सुँगुरबीच छैन कुनै भिन्नता
जहाँ बुद्ध र बुद्धू
मार्क्स र मासु
गान्धी र गधा मानिन्छन् उस्तैउस्तै।

यस्तो निर्दय वातावरणमा
सम्बन्धहरूबाट बिरक्तिएर
म कसरी
निर्दयतापूर्वक हुन सक्छु सुकरात?

म फर्किन्छु
हातमा कुचो र साबेल लिएर कुचीकारसँगै
उही रगत, पिप र रछानको दुनियाँमा।

दुनियाँ
पिपको कुण्डबाट उत्रिएको दिन
सही अर्थमा
म हुने छु सुकरात।

■

**केशव सिग्देल**

# रूख र चरा



रूख ढल्यो।
रूखसँगै
एक जोडी चराले
त्यसमा सिर्जेको सृष्टि पनि ढल्यो।

जवान भएका चराका बचेराहरू
पखेटा खिप्न सक्ने थिए।
नयाँ उचाइ र दूरी नाप्दै
माउहरूलाई कतै पछि छाडेर उड्दै गए
नयाँ भविष्यतिर।

माउ चराहरू
न पुरानो गुँडलाई जोगाउन सके
न बचेराको यात्रामा मिसिनै सके।
ढलेको रूखनेर बारम्बार आउँछन् ती माउ चराहरू
त्यसलाई फन्को लगाउँछन्
र फेरि ओझेल पर्छन् अलिक समय।

खोइ कहिलेसम्म?

■

**शीतल कादम्बिनी**

# बासमती हावा



स्वप्न रङ्गीन म देख्थेँ जो रातमा
प्रात:मा हिँड्छु बेच्दै म त्यै हाटमा
तीर्थ नेपाल हो, जान्नँ काशी/गया
ती पुराना भए, यो सधैँको नयाँ

लेकबेँसी गरौँ, शक्ति ताजा भरौँ
हौसलामा मकै, जौ मिसाई छरौँ
झुपडी बेस, चाहिन्न भो बङ्गला
प्रेमको रङले पोत्छु भित्ता, खला

बाह्रमासै हिलोमा छ यो पैतली
देशको भाग्य लेख्ने विधाता हली
फाँट स्वर्ग भयो स्वर्णबाला झुली
फेर्न थाल्यो यहाँ जिन्दगी काँचुली

चल्छ हावा यहाँ हरदमै बासमती
झारपातै अहा! भइदिने औषधी
मित लाएर ढुङ्गा र माटोसित
शान्त संसार यो घुम्छु जाँतोसित

■

**कोमल फुयाल**

# मनका प्रतिबिम्बहरू



मृगहरूका बथानले जङ्गलमा
दौडको सङ्गीत प्रस्तुत गर्दा
हाम्रो खुसीको अग्लाइ देखेर

लोभिन्थे काफल पाकेको गीत गाउने चराहरू
नाच्दथे मुनाल तालमा सल्लाघारीका पातहरू।

हामी चुत्रो र ऐँसेलुका काँडाहरूसँग
जुद्धै ती जङ्गली फलहरूको उन्मादमा झुल्थ्यौँ
ऐश्वर्यको कल्पनाको आवश्यकता नै किन पर्थ्यो र?
जब हरेक पल चुर्लुम्म डुब्छ अमृतको गङ्गामा
अनि निस्किन्छ– सुगन्ध बोकेर जीवनको।

मैले देखेका पाखाहरूमा अझै पनि
ती काँडाहरू तीखा नै छन्
सायद मैले कुल्चेका घाँका पातहरू
सुकिसके पनि गल्न भ्याएका छैनन्
तर न त जङ्गलमा काफल पाकेको गीत गाउँछ
त्यो कालो चरो
न त्यसलाई रङ लाग्छ यस्ताउस्ताहरूको।

मृगहरू बसाइँ सरेपछि
सल्लाघारीका पातहरू चाउरिए
आजकाल सियोले झैँ घोच्न उद्यत छन्
वयस्क पैतालाहरू।

■

**गीता कार्की**

## समय र म



मैले पिएँ
जिन्दगी
एक गिलास पानीमा घोलेर

स्वाट्टै पिएँ
र रित्तिएँ गिलासजस्तै।

यो एक समयको कुरा थियो
अहिले समयले मलाई पिउँदै छ
रक्सीजस्तै ककटेल बनाएर।

समय
मलाई भने पिष पिउन दिन्छ
म विष पिउँदिनँ।

यतिखेर समय विष भएको छ
जिन्दगी समय भएको छ
यो समय
स्वयम् म फहराइरहेछ
हिमालका टाकुराहरूमा झन्डाजस्तै।

मलाई समयसँग खेल्न
असाध्यै रहर र आनन्द लाग्छ
मे खेल्छु समयसँग
अबोध शिशुले गुच्चा खेलेको जस्तै
बालापनमा गट्टी खेलेको
खोपी खेलेको, कपर्दी खेलेको
सबैसबै याद आउँछ।

म निर्लिप्त बालापन खेलिदिन्छु
बिरालोले मुसालाई जस्तै
समय मलाई छक्याउन खोज्छ
घरीघर समय
कमलो माटोभित्र लुक्न खोज्छ
त्यतिखेर म समयलाई
झम्टिन्छु...।

जिन्दगी नचबाएको पनि होइन
नबुनेको पनि होइन
पोया बनाएर बाबियोको
फुस्काउलान् भनेर
बलियोसँग नबाटेको पनि होइन।

समय जिन्दगी बुनेका रेसाहरू
कैँचीले काट्न खोज्छ
मक्काएर चुँडाउन खोज्छ
म समयलाई टल्किने हतियार देखाउँछु
समय डुब्न लागेको घामजस्तै
क्षितिजको गोरेटोमा
ओरालो भाग्छ।

समय र म
खेल मैदानमा
घरी डन्डीबियो खेल्छौँ
घरी क्रिकेट, घरी कपर्दी
घरी केके, केके।
समय परास्त हुन्छ
म हार्दै हार्दिनँ
समयसँग
म हार्नै जान्दिनँ।

मलाई यो जिन्दगी
बनाउनु छ गोली
औषधीको...।

■

**महेश क्षितिज**

# छातीको पृथ्वी



छोरा !
गुमाएर फर्किएका छौ– एउटा देश।

स्वागत छ फेरि तिमीलाई
उही घर
उही मेरो छातीको पृथ्वीमा।

बनाउँछु देश भन्दै
भूमिगत भएकै दिन– तिमी
पठाएको थियो खबर तिम्रा दाजुले यसरी–
बुबा !
पुलिसमा लागेँ म
आउँछन् सुखका दिन अब हाम्रा पनि।

चिम्लियौँ तटस्थ आँखा
र, गर्‍यौँ कामना युद्धविरामको
हामी बूढाबूढीले।

वर्ष दिनपछि भयो भिडन्त– सुन्तलेमा
भिडन्तको अवधिभर
निकालेर छातीको देश
छताछुल्ल बनायौँ मझेरीमा
र कामना गर्‍यौँ हामीले यसरी–
सुन्न नपरोस् कुनै अशुभ खबर
असत्य बनोस् भिडन्त पनि
जेठाको छातीको– एउटा देश
कान्छाको छातीको– एउटा देश
हाम्रा छातीको– एउटा देश
सकोस् अट्न एकै मानचित्रमा।

आयो उज्यालोसँगै
दाजुले  वीरगति पाएको खबर
बेहोस तिम्री आमा माटो भइन्
उनीहरूका छातीको देश रोयो
मैले विधुर छातीले पुत्रशोकको
चट्याङ निल्दै
आफ्नो छातीको पृथ्वी समातेँ।

आएर केही दिनपछि
तिम्रा साथीहरूले भने–
खुब लड्नुभो कमरेड अर्जुन
सुन्तलेको भिडन्तमा।

थुनेँ मैले दुइटै कान– एकछिन।

दिँदै सान्त्वना फेरि भने उनीहरूले–
नआत्तिनोस्
सहिद बन्नुभएको छैन
कमरेड अर्जुन।
भत्कियो मेरो बीचछातीमा– पृथ्वी
रहेन मसँग
खोसेर तिमीले लगेको एउटा देश

कान्छा !
फुकालेर आइसक्यौ
कमरेडको उपाधि
लड्दालड्दै जनताका लागि
गनियौ अयोग्य लडाकूमा
र, भइसकेका छौ बिदा क्यान्टोनमेन्टबाट
धन्दा नमान छोरा
म माग्दिनँ सशरीर

दाजु र आमा तिमीसँग
मेरो छातीको एउटा पृथ्वीमा
सक्छु अटाउन तिमीलाई
सन्तानलाई कहिल्यै
भन्दैन देशले– अयोग्य।

■

आर. एम. डङ्गोल

## त्रासद सेल्फी



यत्रो कोलाहल
यत्रो होहल्ला
यत्रो हानथाप
यत्रो उकुसमुकुस
एक्लाएक्लै भोगियो।

यसअघि पनि हुन्थ्यो
घँचेटाघँचेट
भनाभन हुन्थ्यो
मारामार हुन्थ्यो
लखेटालखेट हुन्थ्यो
तर ती सामूहिक हुन्थे।

अहिले झगडा
झन् झगडिया बनेको छ
विवाद झन् विवादित बनेको छ
शङ्का झन् शङ्कालु बनेको छ
र, अविश्वास
एक्लै झन् अविश्वसनीय बनेको छ।

देख्दै छु
कोलाहलको कुहिरोमा
झ्यालढोका बन्द छ
होहल्लाको हुरीमा
बाटोघाटो बन्द छ
लुकामारीको खेलमा
सीमा नाका बन्द छ
उकुसमुकुसको पहिरोमा
कोठाचोटा बन्द छ

मान्छेहरू
एक्लाएक्लै
यो अन्त्यहीन त्रासदीको
सेल्फी खिच्दै छन्
एक्लै रमाउनका लागि।

■

**दीपक लोहनी**

## एउटा सहर



एउटा एन्टिक रेस्टुराँको आँखीझ्यालबाट
हेरिरहेछु– रमिता
यो सहरको।

मान्छेहरू गुडिरहेका छन्
गाडीहरू पाइलापाइला चाल्दै छन्
पुग्नु– कसैलाई कहीँ छैन
भेटिनु– कसैलाई केही हैन।
फगत दौड छ
मात्र हतार छ।

हेरिरहेछु– रमिता
यो सहरको।

देखाउनुपर्ने छोपेको छ
छोपिनुपर्ने देखाएको छ
बोल्ने समयमा मौन छ
मौनधारणमा चिच्याएको छ।


हेर्छु अझै–
यो सहरलाई
एउटा एन्टिक रेस्टुराँको आँखीझ्यालबाट।

रोकिएको छ समय
बौलाएको छ पानी
दन्किएको छ आगो र हुत्तिएको छ बतास
अनि भताभुङ्ग भएको छ हत्केलामा
अड्किएको एउटा पृथ्वी।
एउटा एन्टिक रेस्टुराँको आँखीझ्यालबाट
हेरिरहेछु– रमिता
यो सहरको।

■

**शकुन्तला जोशी**

## युमा! म तिम्रो काखमा छोरी जन्माउँछु



उँभो फक्ताङलुङको फेदबाट
बगी आउने तमोरमा डुबुल्की के मारेकी थिएँ
तिमी चलमलायौ निद्राबाट
भर्खर पलाउँदै गरेका औँलाहरूले
तिमीले मेरो धड्कन के छोयौ

झस्किएँ सुनेर लखेट्दै मैतिर आइरहेका आवाजहरू
सुनेर नजन्मिँदै तिमीतिर उठेका प्रश्नहरू
खोज्दै डुलिरहेँ हुरी चरा झैँ यायावर
घोर असुरक्षित यस ग्रहमा
मेरो गर्भाशयजत्तिकै सुरक्षित
कहाँ होला त्यो बिन्दु?
जहाँ तिम्रा नूतन पाइला चाल्न
सबभन्दा सुरक्षित होस्!

तिमीलाई जन्माउँदै गर्दा लोरी गाउन चाहन्थेँ
सुम्निमा-पारुहाङ प्रेमकथाको तान हाल्न चाहन्थेँ
सृष्टिदायिनी युमाको मुन्धुम कथा सुनाउन चाहन्थेँ
तर जुगजुगदेखि धर्मसत्ताले किचिएकी म
आफ्नै आलो प्रसव रगतले नुहाइएकी म
ब्रह्माण्डको एक पिण्ड बोकेर पाठेघरमा
लखेटिँदै आएकी हुँ यहाँसम्म।

झुन्ड्याउँदा-झुन्ड्याउँदै शूलीबाट
उम्किएकी म
चुटिँदाचुटिँदा पानीको धारले
शालिग्राम बनाइएकी म
देवकी बनाएर भोगिनुअघि
उडेकी हुँ चरा जसरी
उड्दाउड्दै माथिबाट खुट्याउन चाहन्थेँ
को हो मलाई मेरै आँगनमा बागी उभ्याउने?
को हो मलाई बिनाकसुर अग्निकुण्डमा हवन गर्ने?
यसरी आकाशको गहिरो बाटो हुँदै आइपुगेकी हुँ यहाँसम्म।

सृष्टिका सारा प्राणीको यो धरती
नदी, पहाड, रूखबुट्यानको यो धरती
मलाई बोक्सी बनाउनेहरू

मलाई वेश्या भनाउनेहरू
मलाई देवी भनाउनेहरू
मलाई दासी बनाउनेहरू
उनीहरूले ठाने
मात्र उनीहरूको हो यो धरती
यो झूटको अघि पहिलो पल्ट
थर्थराएका गोडाहरू सँभाल्दै बागी उभिएँ म
यसरी खोज्दै हिँडेको हुँ सृष्टिको आदिम बाटो।

यी मान्छेहरूले मभित्रको प्रेम बिर्सी गएको समय
म तिमीलाई जन्माउन चाहन्छु– बुकी फूलको डगरमा
पहिलो पल्ट तिमीले आँखा खोल्दा
चिनाउन चाहन्छु चराहरूको उडान
पहिलो पल्ट तिमीले कान खोल्दा
सुनाउन चाहन्छु पालमको पहिलो धुन
तर गर्जिरहेछ आकाश
हल्लिरहेछ धरती
नजन्मिँदै निमोठिएका भ्रूणहरूको चीत्कारले
तरङ्गित छ बतास
असुरक्षित छ अस्पताल
असुरक्षित छ घरको दलान
कोर्रा लिएर बसेको छ पञ्चभेला
कुन नदी किनार
वा मृग चरिरहेको घाँसे मैदान
हिउँ खसिरहेको पाटन
वा आदिम गुफा?
कहाँ छ त्यो सुरक्षित किल्ला
जहाँ ढुक्कले जन्माऊँ म तिमीलाई?

सहनुको पनि सीमा पो हुन्छ
म भाग्दिनँ युमा!

हुरी जसरी झोक उठेर आयो मभित्र
आऊ, फर्काइदेऊ समयलाई तिमीतिर
निलिन सक्छ यो पृथ्वीको डल्लो ब्ल्याक होलको अँध्यारोमा
यो हकिन्सले खबरदारीको औँलो उठाएको समय
म भने यही गोलगोल पिण्डमा
मेरी छोरीलाई जन्माउन तिम्रो सृष्टिको आदिभूमिमा
मात्र एउटा बिन्दु खोजिरहेछु।

यो वराहले पृथ्वीलाई काँध फेरेको समय
अब कोल्टे फेर्नुपर्छ जुगले पनि
म फर्की जाने छु राराको उचाइतिर
प्रिय छोरी! तिमीसँगै उडोस् बतास
तिमीसँगै बगोस् नदी
तिमी भएर जागोस्
उनीहरूले बिर्सी गएको मात्तृशक्तिको चम्किलो घाम
आऊ! बग्दैबग्दै मेरो पाठेघरबाट युमाको यो आदिभूमिमा
यो इन्द्रेनी खसेको बिहान
टेक कलिला पाइतालाले रातो माटोमा
तिम्रो आगमनसँगै जुगजुग फुलिरहोस् सृष्टिमा
प्रेमको आदिम फूल।

■

**रामगोपाल आशुतोष**

## तिम्रा आँखाबाट बादल हटेपछि

थाहा छैन कसरी गर्छु होला
प्रथम भेटमा तिम्रो सामना!?



सायद म
तिम्रो नजिक पुगेपछि
कि पग्लन्छु– पसिनाजस्तै
कि उभिन्छु– सालिकजस्तै।

भौतिक दूरीमा बसेर
घण्टौँ तिमीसित
जीवनको लयमा बग्ने म
थाहा छैन कस्तो हुन्छु होला प्रथम भेटमा!

सायद म
तिमीसामु आउनेबित्तिकै
कि मौन हुन्छु– मौनताजस्तै
कि स्निग्ध हुन्छु– मुस्कानजस्तै।

ननिदाएर रात काटेजस्तै
सजिलो नहोला तिम्रो प्रेमको सामना गर्न
च्याटमा खाएको कसमजस्तै
सरल हुँदैन होला कोलाहलमा ब्युँझिरहने
दुनियाँको आँखाअघि प्रेम प्रस्ताव राख्न।

मलाई थाहा छ
तिमी खुल्ला आँखाले सपना देखिरहेकी छौ
तर थाहा छैन कसरी गर्छु होला
प्रथम भेटमा तिम्रो अक्षत समर्पणको सामना!

तिमीलाई थाहा छ
मलाई पटक्कै मन पर्दैन– रिल जीवन।

म अनुमान लगाउन सक्छु
क्यालेन्डर पल्टाएर दिन गनिरहेकी छौ तिमी

तर, थाहा छैन कसरी गर्छु होला
तिम्रो तेजिलो नजरको सामना प्रथम भेटमा!?

मलाई थाहा छ
तिमी त्यो एक दिनको प्रतीक्षामा छ्यौ
तर थाहा छैन कसरी गर्छु होला
प्रथम भेटमा तिम्रो साँचो प्रेमको सामना।

मेरो काँधमा आफ्ना लक्षणका हात राखेर
आकाश भैरवलाई झैँ मलाई नियाल्ने
तिम्रो भद्रकालीजस्तो सपना पूरा होला कि नहोला।

तिम्रो मुलायम कम्मरमा
मेरा चट्टानी हातले बेरेर
तिमीलाई मेरो अँगालोले बेरोस् भन्ने चाहना
पूरा होला कि नहोला।

मायाले या उच्छ्वासले हाम्रा दुई मुटु
एक धड्कन
एक गति भइरहेको बेला
तृष्णाले भरिएका मेरा हातका औँलाले
चाहनाले भिजेका तिम्रा ओठको सारङ्गी रेटेर
झरीले धरतीको अङ्गप्रत्यङ्ग भिजाइदिएझैँ
तिम्रो निषेधित क्षेत्रमा आन्दोलन मच्चाइदियो भने
थाहा छैन म निषेधाज्ञा तोड्छु
या मेरा बदमास नजर आत्मानुशासनमा बसेर
मौन मर्यादामा अनशन बस्छन्!?

अझै पनि अलमलमा छु म
कि कसरी सामना गर्छु होला
प्रथम भेटमा तिमीसित!

प्रेमको ओसले
हरकोहीलाई कमजोर बनाइदिन्छ
म तिमीलाई प्रेमको जोसमा
फलामको खियाझैँ बनाउन चाहन्नँ।

त्यसैले म सर्वप्रथमतः
हटाउँछु
तिम्रा आँखाबाट बादल।

बादल फाटेपछि पनि
म तिम्रो नजरबाट
आकाशजस्तै सफा देखिएँ भने
भित्र छिर्नुअघि
ढकढक्याउने छु तिम्रो मुटुको ढोका।

न्यातपोलजस्तो सुन्दर तिम्रो कायाअघि
टेक्ने छु दायाँ घुँडा जमिनमा
बायाँ हातले थामेर तिम्रो दायाँ हात
थामाउने छु दायाँ हातमा
मेरो समर्पणको– गुनकेरा
मेरो सपनाजस्तो- इन्द्रकमल
मैले मान्ने कुल देउतालाई मात्र चढाइने– मुस्वाँ
र, तिम्रो शिरमा सजाउने छु
ङापुसिख, लुँस्वाँ र विजकनीले
तिम्रो कान सिँगार्ने छु– ढुङ्ग्री, झुम्का र तुकीले
गलामा सुहाउने छ– तायो, तिख र चन्द्रहार
पाखुरामा त्व, नाडीमा सिंहख्वा
औँलामा प्याखँ अंगू
र, पाउमा सुहाउने छ
त्याकँः कल्ली र जङ्गी सेलया कल्ली
त्यसपछि

मलाई जन्माएको सभ्यता र संस्कृतिको
प्राचीन धरोहरहरूलाई साक्षी राखेर
माग्ने छु
अर्गानिक शैलीमा तिम्रो मुटुमा गर्भाधान!

■

---

*ङातापोल– पाँच तले मन्दिर*
*गुनकेरा– गुनकेसरी*
*मुस्वाँ– नेवारको कुल देउताको पूजामा चढाइने प्रमुख फूल*
*ङापुसिख, लुँस्वाँ, विजकनी, ढुङुग्री, झुम्का, तुकी, तायो, तिख, चन्द्रहार, त्व, सिंहख्वा, प्याखँ अंगू, त्याकँः कल्ली, जङ्गी सेलया कल्ली (नेवार परम्पराअनुसारको बिहेमा दुलहा पक्षले दुलहीको पाउदेखि शिरसम्म सिँगारिदिने सुनका विभिन्न आभूषण)*

**जीवन खत्री**

# धरतीको स्वर्ग




कसलाई हुँदैन
जिउँदैमा स्वर्ग देख्ने चाहना?
आउनोस्, म तपाईंलाई स्वर्ग देखाउँछु।

उः हेर्नुहोस् पूर्वतिर
जहाँबाट हरेक बिहान फुल्छ
एउटा सुनको फूल
र पहेँलपुर गुन्द्रीजस्तो देशको शिरमा गर्छ स्वर्णवृष्टि।

हेर्नुहोस् अझै शिर उचालेर
बुद्धको मन्त्र जपेर
ध्यानमा छन् हिउँको सेता परीहरू
जसको काखमा एक पटक पुग्नुहोस्
आफैलाई भल्नुहुने छ आनन्दको गीतले।

नागबेली लहराहरूमा टेकेर बिस्तारै
ओर्लनुहोस्
बाटैमा भेटिने छन्
मन्दिरबाट घर फर्किंदै गरेका मुस्कानका थालीहरू
आफैलाई भरेर जलघडाले
स्वागतमा बसिरहेका तालहरू
गोधूलिको रङ बोकेर डोकामा
उकालो चढ्दै गरेका देउताहरू।

त्यो पल एकछिन सुस्ताउनू लाँकुरी चौतारीमा
एउटा हिराको तारा फुत्रुक्क खस्ने छ धरतीको पोल्टामा
इतिहासको घ्याम्पाबाट झिकेर उज्यालो आशीर्वाद
गाउँले भरिदिने छ
तपाईंको हृदयको झोला।

यहाँको माटोबाटै उड्छ अत्तरको सुवास
चराहरूले गाउँछन् फूलको गीत
खेतबारीमा फक्रेका पसिनाहरू नै आफै नाच्छन्
संस्कृतिको घाटू, चन्डी र बालन
यतैबाट जीवन फुल्न सिकाउँछन् भुइँफूलहरूले।

बस
हेर्दा आँखामा झर्नाको सङ्लो टाँसेर हेर्नू
हृदयमा फूलको मुटु राखेर महसुस गर्नू
तपाईं आफै भन्नुहुने छ– 'म मरेर पनि फेरि यही माटोमा जन्मूँ।'

■

**रमेश सिलवाल**

# सच्चा प्रेम



आँखा एउटासँग जुध्यो
मुस्कान दोस्रोसँग मिसियो
कुरा तेस्रोसँग मिल्यो
काम चौथोसँग जुऱ्यो
खल्ती पाँचौँको दह्रो थियो
डेटिङ छैटौँसँग गइयो
प्रेम सातौँसँग गरियो
विवाह आठौँसँग भयो
विवाहेतर सम्बन्ध नवौँसँग भयो
दिल एउटासँग बस्यो
दिमाग अर्कोसँग मिल्यो
खल्ती अरूको जुरेकोजुऱ्यै भयो
सत्य के हो? झूटो के हो?
बुझ्नै गाह्रो भयो
अब तपाईं नै भन्नोस् महाशय–
साँचो प्रेम कोसित भयो?

■

**रोशन पुन**

# म धरहरा



एक निमेषको कम्पमै ढली जाने
म कमजोर
बूढो धरहरा!
कुनै समय मैले
कैयौँलाई बुई चढाएर हेराएँ पूरै काठमाडौँ

मेरो कमजोर काँधमा टेकाएर जमिन देखाएँ
कमिलाजस्तै भुइँमान्छे
नदीजस्तै सडक
र बग्दै गरेका मोटरहरू
सामुन्ने उभिएको टेलिकमको
नीलो सिसाभित्रको
बलियो छड-सिमेन्टले
मलाई चिथोर्थ्यो
सिसिटीको
आधुनिक, भव्य र भलादमी अग्लाइले
मलाई गिज्याउँथ्यो
काठमाडौँ मलको
बलियो जगले
मलाई कटाक्ष गर्थ्यो
जवाफमा मैले उनीहरूलाई
मेरो जिउँदो इतिहास मात्र भन्न सक्थेँ
जस्तो कि–
– मसँग भीमसेनको स्पर्श छ
– चन्द्रशमशेरको पुनर्ताजगी मसाज छ
– मैले शताब्दी समय भोगेको छु
– म गर्न सक्थेँ कोतपर्व, भण्डारखालपर्वको बयान
चुपचाप-चुपचाप उभिएर
दरबार हत्याकाण्ड हेरेको हुँ भन्न सक्थेँ
– जसको खातिर सहिद बने सपूतहरू
उनैले सहिदगेटको सामुन्ने
सिंहदरबारभित्र सहिदकै मर्दन गरे
बिचरी भद्रकाली मसँग सापट माग्थिन्
मेरो अग्लाइ
दिन सकेको भए
कम्तीमा छेक्न सकिन्थ्यो सिंहदरबारको नाङ्गो नाच
कठै! सहिदहरूलाई लाचार हुनबाट जोगाउन

भएको अग्लाइ पनि
दान गर्न नसक्ने
म पापी धरहरा
मेरो पाउनेर बसेर कुल्फी आइसक्रिम
खानेहरूसँग हुनुपर्छ मेरो सफेद याद
मेरो वरिपरि फूल रोपेर
बगैँचा बनाउनेहरूसँग होला केही संस्मरण
जो मेरा अँध्यारा खुड्किलाहरू
उक्लँदाउक्लँदै
थाकेको बहाना गर्थे र माया साट्दै बस्थे
मेरो पुरानो मक्किसकेको भित्तामा
अडेस लागेर आँखा चिम्लन्थे
र लजाउँदै हतारहतार उक्लन्थे-ओर्लन्थे
जिस्किँदै मेरो काँध टेकेर
गोदावरीले पठाएको अग्र्यानिक हावा निल्थे
मेरा आँखानेरको मूर्ति पुज्थे
र मलाई पशुपति, मनःकामना बनाइदिन्थे
भगवान् बनाइदिन्थे
कठै! कसैको चाहना पूरा गर्न नसक्ने
म कस्तो भगवान्?
कसैलाई आशीर्वाद दिनुको बदला
च्याप्प, मार्न जानेको
म क्रूर, कुख्यात हत्यारा धरहरा
कास आइफल टावरको जस्तो बलियो मेरुदण्ड हुँदो हो त
म पनि उभिएकोउभियै हुन्थेँ
कठै! म त पुरानो मक्किसकेको, गलिसकेको बूढो जो परेँ
कति दशक उभिन सक्थेँ र एक्लो मसिना खुट्टाले?
म त ढल्नु नै थियो
म कति लाटो, ढल्छु भनेर बोल्न नसक्ने
म कति सुस्त, ढल्छु भनेर इसारा पनि गर्न नसक्ने
म कति निम्छरो धरहरा?

यहाँ हाँस्नलाई बहाना चाहिने
यहाँ रुनलाई बहाना चाहिने
यार! मलाई पनि त
चाहिएको थियो बहाना– ढल्नलाई
मलाई त जरुर ढल्नु नै थियो
भूकम्प जो बहाना भइदियो।

यति भन्नु छ–
– मलाई जन्मँदै बूढो नबनाऊ, कमजोर नबनाऊ
कमसेकम उभिन सकूँ
सपिङ मलझैँ छाती फुलाएर
त्यसैले इन्जिनियर साब!
म ढलेर खण्डहर बनिसकेको धराहरा
तिम्रो शृङ्गार कुरी बसेको छु।

■

**सुरेन्द्र अस्तफल**

## झुलभित्रकी युवती



ए झुलभित्रकी युवती!
तिमी आफ्नो कौमार्य
छोपेर राख्छ्यौ सधैँ
किन मनको तलाउमा?

तिम्रो तलाउमा त
फुल्नुपर्थ्यो कमलको फूल।

तिम्रो परागमा
मगमगाउनुपर्थ्यो
चमेली मुस्कान।

गुलाबी उमेरमा
किन यसरी पहेँलिएकी?

दूबोझैँ मौलाउन खोजेको
हरियाली यौवनलाई
किन ढाकेकी थुन्सेले?

स्फटिक दन्तलहरलाई
नदिएर बोल्न
किन च्यापेकी
दुई ओठको सनासोले?

फक्रिरहेका उन्नत छातीलाई
किन थिचिरहेकी
विरहको जाँतोले?

चञ्चल मृगनयनलाई
किन स्थिर बनाएकी?

गालाको लालीपनमा
किन फिका बेखुसी फुलाएकी?

ए झुलभित्रकी युवती!
सृष्टिको कोमल सौन्दर्यलाई
नखिच कृत्रिमताको श्वासले।

निस्फिक्रीसँग
बैँसको माटोमा
फुल्न देऊ सयपत्रीको मोहकता।

ए झुलभित्रकी युवती!
तिमी आफ्नो कौमार्य

छोपेर राख्छ्यौ सधैँ
किन मनको तलाउमा?

■

**शशी थापा पण्डित**

# सर्पहरू देश निल्दै छन्



कैयौँ समय फेरिए, काल फेरिए
दूध र लावा खुवाएर पनि सर्पहरू
विषविहीन हुन सकेनन्
भन्छन्– विष नभएको सर्प र
इख नभएको मानिस काम लाग्दैनन्।

विष छ र त सर्प, सर्प बन्न सक्छ
नभए गँड्यौला हुन्थे सर्पहरू
माछा हुन्थे सर्पहरू, डोरी हुन्थे सर्पहरू
आतङ्क हुने थिएनन् सर्पहरू
नागको अवतारमा पूजित हुने थिएनन् सर्पहरू।

सर्पको सन्त्रासमा मानिसहरू
डोरीसँग डराउँछ
नागबेली छायासँग डराउँछ
काँचुलीहरूसँग डराउँछ
भ्रम होइनन् सर्पहरू
मानिस मूर्खतासँग डराउँछ।

आहारको खोजीमा अर्काको गुँडमा छिरेर सिकार गर्नु
सर्पको अधिकार हो
जहाँ शान्त बनी सर्पहरू ढुकेर बस्छन् अहार।

स्वतन्त्रता हराएर बुद्रुकबुद्रुक आँगनहरूमा, खेतहरूमा, बाटाहरूमा
भ्यागुताहरू उफ्रिरहन्छन् सर्प आतङ्कमा
यता माछा पाउने आशामा लोभी मान्छेहरू
छिराइरहन्छन् हातहरू कुरमा
सर्पको डसाइ चुपचाप सहन्छन् कुरहरूबाट निस्किएर
अनि भ्यागुताहरूलाई लामो जिब्राले तानेर सर्प तृप्त हुन्छ
चीत्कार छाड्दै ज्यान गुमाइरहन्छन् मानिस र भ्यागुताहरू।

सर्पहरूले निन्तर ठुँगिरहेका छन्
राष्ट्रियता
डसिरहेको छ स्वाभिमान
निलिरहेको छ नैतिकता।

यस्तै हो, कहिले भूलले
कहिले लोभले
कहिले आसले
अनाहकमा आफैले पालेका सर्पहरूबाट मृत्यु भोग्छ मानिस।

सायद कामना गर्छ
अर्को जन्ममा सर्प नभएको
देशमा जन्मन पाइयोस्।

■

**मौन आवाज**

# दासहरूको कुनै देश हुँदैन



अलिकति माटो
र अलिकति आकाश नहुने मान्छे दास हो!

अलिकति चिन्तन
अलिकति विद्रोह नहुने मान्छे दास हो!

जसको आफ्नो निजी घृणा हुँदैन
जसको आफ्नो निजी प्रेम हुँदैन
त्यो दास हो!

जो अँध्यारोसँग तर्सन्छ
र उज्यालो मागेर यात्रा गर्छ
त्यो दास हो!

जो भोकका लागि आफूलाई बेच्छ
त्यो दास हो!

जसले हाँस्न अनुमति माग्छ
जसले रुन अनुमति माग्छ
त्यो दास हो!

जो हरदम भइरहन्छ आफ्नै छायासँग भयभीत
त्यो दास हो!

जसले आफ्नो टाउकामा बोक्दैन आफ्नै विचार
र जो आफैसँग लड्दैन
त्यो दास हो!

जो इसारामा बाँच्छ
त्यो दास हो!

जो तयार छैन मान्छे हुन
त्यो दास हो!

जसले निर्माण गर्दैन प्रतिरोधको हतियार
र गर्दैन आफ्नै कायरतामाथि प्रहार
त्यो दास हो!

जो मौन छ
र जसले चुपचाप स्वीकार गर्छ प्रतिबन्धित जीवन
त्यो दास हो!

जसले आफ्नै सपनाको रक्षा गर्न सक्दैन
त्यो दास हो!

जसको स्वतन्त्र पीडा हुँदैन
त्यो दास हो!

दासहरूको कुनै भूगोल, संस्कृति र सभ्यता हुँदैन
किनकि
दासहरूको कुनै देश हुँदैन!

■

मुकुन्द प्रयास

## गाली



अवरोध बनेर बहावमा आउने ढुङ्गालाई
जब नदीको पानीले सुमसुम्याउँदै सुस्तरी गाली गर्छ
गाली कोमल हुन्छ।

बादलको विरुद्ध बहने बादललाई
जब बादले गर्जिंदै गाली गर्छ
गाली भयङ्कर लाग्छ।

गाली कोमल हुन्छ भनेर खुसी हुनु पनि बेकार रहेछ
गाली भयङ्कर हुन्छ भनेर दुःखी हुनु पनि बेकार रहेछ।

■

**दीपक शर्मा समीर**

# क्वारेन्टाइन प्रमुखज्यू !



छाडी गुँडमै बचेराहरू
गएको हुँ जून टिप्न
रोग टिपेर फर्केको छु
मेरो नजिक अरू कोही नआउनु होला
किनकि म क्वारेन्टाइनमा छु
पैसा टिप्ने यी हातहरूले
अहिले क्वारेन्टाइनमा
आँसु टिपिरहेका छन्।

बरु बाको थाप्लामा
ऋणको भारी सम्झेर
मन भारीभारी भएको छ
धेरै दिन भयो सपनामै निधारले
पसिना बगाउँछ अचेल
आउनुहोस् क्वारेन्टाइन प्रमुखज्यू
नजिक आउनुहोस्
बिसाउनु छ मनको गरुङ्गो भारी।

चलेछ बेसरी गाउँमा कानेखुसी
रोग लिएर आएको छ
कोही नजानू उसको घर
नभेट्नू परिवार र आफन्तसँग
यस्तैयस्तै
अनि के सम्झँदै होलान् घरमा?
दम, प्रेसर र चिन्ताले थलिएका
डुब्नै लागेको डाँडाको घामझैँ बा।

त्यसैले सुन्नुहोस् न
केही खबर त बुझिदिनुहोस्
क्वारेन्टाइन प्रमुखज्यू!

कतै गाउँछिमेकमा अशुभ भयो कि?

भन्नेहरूले त भन्छन् होला
क्वारेन्टाइनमै छ, होइन रहेछ
म गाउँको जेलमा छु
जहाँ मेरो नजिक कोही आउँदैनन्
टाढैबाट हेर्छन् र जान्छन् रमिते बनेर।

कोही सोध्दैनन्– सन्चोबिसन्चो
बरु नाफामा च्याँखे थाप्नेहरूका लागि
बिल बनाउन योग्य भएको छु।
सुन्नुहोस् न!
क्वारेन्टाइन प्रमुखज्यू
बाकै औँठाछापले भरिएको
तमसुक च्यात्न फर्कनु छ घर
र, बेच्नु छ मैले मेरो किड्नी
अन्तमा, मलाई यति त बताइदिनोस्
मेरो सरकारलाई कमिसन आउने गरी
कहाँ बेच्नुपर्ला मेरो किड्नी?

■

**कमलराज केसी**

# मांसाहारी शासक



शासकलाई मन पर्दैन
शाकाहारी भोजन
मांसप्रिय हुन्छ शासक।
विश्वास नलागे आऊ पसौँ
इतिहासका अँध्यारा गुफाहरूमा
र छिरौँ इदी अमिन र पोल पोटका
भान्साकोठाहरूमा
नियालौँ हिटलर र मुसोलिनीहरूको खान्की
त्यसपछि सहजै अनुमान गर्न सक्छौँ हामी
सद्दाम हुसेन र लादेन अनि तिनका हत्याराहरूको भोजन।
मांसभक्षण जङ्गली युगमा तिनीहरूले पनि गर्थे
मांसभक्षण आधुनिक युगमा यिनीहरू पनि गर्छन्
त्यो बेला  तिनीहरू जङ्गलमा पशुपक्षीको सिकार गर्थे
यो बेला यिनीहरू गाउँसहरमा मान्छेको सिकार गर्छन्
त्यो बेला तिनीहरू तिर्खा लाग्दा पानीले प्यास बुझाउँथे
बँदेलको सुकुटीसँग कोदाको रक्सी पिउँथे
यो बेला यिनीहरू तिर्खा लाग्दा गरिब मजदुरको
आँसु र पसिना पिउँछन र प्यास बुझाउँछन्।
शासक जुनसुकै देशको जोसुकै किन नहोस्
मासुको अम्मली हुन्छ
यसर्थ शासकहरू बाघ हुन्
रूप र आकारमा जेजस्ता भए पनि
तिनीहरू सबै बाघ प्रजातिकै सदस्य हुन्
तिनीहरूको अगाडि निरीह मृग हुन् जनता
देश एक विशाल ओढार– बाघको आश्रयस्थल।
मांसभक्षणको विरोध गर्नु ज्यानकै जोखिम उठाउनु हो
बुद्ध एक महान् अपवाद

कैयन् जिससले शूलीमा चढ्नुपरेको जिउँदो इतिहास छ
कैयन् सुकरातले हेमलक पिउनुपरेका
दुर्दान्त व्यथाहरू छन्
अहो! मांसभक्षणको विरोध गरेबापत
हाम्रा शुक्रराजलाई बगरेहरूले
टेकूको खरीबोटमा लट्काएको पनि जुगौँ भइसकेछ
ठीक यति नै खेर तिनै शुक्रराजहरूको देशमा भने
मांसभक्षण चरम सीमामा पुगेको छ।
मलाई थाहा छ मांसभक्षणको विरुद्धमा
मुठी कस्नु भनेको ज्यानकै खतरा मोल्नु हो
तर पनि मैले बोल्नैपर्छ, म बोलिनँ भने
भतभती पोल्ने छ मलाई
सहिदहरूको रगतले।

■

**के. जी. सुब्बा**

## बादशाहको कविता



एक दिन बादशाहलाई
बन्दुकको मोहडा योनिजस्तो लागेछ
र परिकल्पनामा चरम यौन आनन्द महसुस गरेछन्।

त्यतिन्जेलमा उनले
आफ्नो सास बिर्सिसकेका रहेछन्
आफ्नो प्राण बिर्सिसकेका रहेछन्
आफ्नो परमात्मा बिर्सिसकेका रहेछन्
त्यही सनकमा उनले
मान्छेलाई पदार्थ र पदार्थलाई चेतना भनिदिएछन्
र ईश्वरलाई ढाँट्ने सुवर्ण अवसर यही हो भनेर
बादशाह मुसुक्क मुस्कुराएछन्...।

त्यसरी हाइकमान्डको मस्तिष्कमा कीरा परेपछि
भाइरसजस्तो त्यो
चेन अफ कमान्डको बाटो भएर तलतल सर्दै गएछ
तर यसरी सिङ्गो प्रणाली सढेर गनाएको
बादशाहलाई थाहै भएनछ, किनकि
यतिन्जेलमा सत्ताको उन्मादले बादशाह
गन्धहीन, स्वादहीन, रङ्गहीन, चेतना र विवेकहीन
फगत पदार्थ बनिसकेका रहेछन्...


कविताको पो आयु हुँदैन त
कलासाहित्यको पो आयु हुँदैन त
तर पदार्थको त निश्चित आयु हुन्छ
एक दिन पदार्थजस्तै बादशाह आफ्नो आयु पुगेर आफै ढलेछन्...।
भलै बादशाहको यो कहानी
कसैको जीवनसँग मिल्न गएमा त्यो संयोग मात्र हुने छ
तर पनि म यति भन्छु कि प्रत्येक बादशाहले
यो कविता पढ्नु जरुरी छ।

तथास्तु!!!

■

**दिपेन श्रेष्ठ**

# फरकपन



एक चोटि
चोटको चाहनामा आफ्नै मुटु काँडामा उनेर
म स्पन्दनशून्य भई बसेको बेला
तिमी यही बाटो हिँडेको हुनुपर्छ।

नत्र तिम्रा तीखा नयन
र धारिलो मुस्कानसामु

निर्भय डुलिरहने
यो आवारा यायावर
दरबारको आलिसान जेलमा
बन्धक विद्रोही बनिसक्ने थियो !

गिरावटको गति नाप्न
म स्वतन्त्र आकाशबाट
खसिरहेको बेला
तिम्रो गीतिरागमा
सारा बस्ती
मस्तीमा झुमझुम भएको हुनुपर्छ।
नत्र तिम्रा शब्दलहरी
ग्रीष्मोत्सवको पाखाण्डी कलकलमा रमिरहेको
मेरो मथिँगलमा पसेर
मायावी महामन्त्र बनिसक्ने थिए।

भग्नावशेषसँगै सुतेको आगो
जब हुरीसँगै जुरुक्क उठ्छ
र नाच्छ अग्निको नाच
निभाउन कोही नआओस्
यो नयाँ सूर्यलाई।

के लाग्छ?
सालिक बनाउँदैमा
लासहरू फेरि शासक बन्छन्?

ओ मौनता महोदय !
कृपया तपाईं त्यो चितामा आसन ग्रहण गर्नुहोस्।
शब्दैशब्दको महासभाबाट
तपाईंको प्रमुख अतिथिको चितासनमा
तु. अग्निफूल अर्पण गरिने छ।

■

**रमा अधिकारी**

# आधा सत्य



कुनै अर्को छैन सडक जिन्दगीको?
जहाँ देख्नुपर्ने नहोस् दिन जलेको।
कुनै हिँड्ने ठाउँ छ कि धरतीमाथि?
जहाँ सुन्नुपर्ने कहर छैन बाँकी।

मुटु हुन्छ हक्की सुनी पीरबाधा
भनेको सुनेथेँ– भयो सत्य आधा
झरीमा फगत छैन पानी बगेको
म देख्छु कतिको छहारी ढलेको।

क-कसले भने पीर बाँडेर घट्छ?
क-कसले भने चोट साटेर घट्छ?
जुनीभर जो बाँडेँ, यी आँसु नजरका
कसोरी भो मेरो जुनी झिल गाडा?

कुनै ज्योति छैन दुःख-वेदनामा
कुनै मोती छैन भयको फणामा
भिज्नु अधिक हो भने मृत्तिकाले
आधार के दिन्छ र खै धराले?

■

**लक्ष्मण सङ्गम**

# म त मूर्ख रहेछु



कसरी छल्न सकिन्छ
जाबो एउटा हत्केलाको सहायताले
ब्रह्माण्डको विशाल तारा सूर्य?

हरेक रात एकै चोटि कसरी हेर्न सम्भव हुन्छ
घाम र जूनको आगमन?
म यही खोजिरहेछु वर्षौंदेखि।
एक दिन त
चितामाथि राखिएको लाससँग सोधेछु
तिमीलाई अझै कति बाँच्ने रहर छ?
रहरहरूले पनि
अराजकताको सीमा पार गर्छन्।
कहिले ताराहरू टिपेर माला लगाऊँ सोच्छु
देवतासँगै देवलोकको भ्रम।

■

**रुबी सत्याल**

## निषेधाज्ञा



केके बन्द गर्न सक्छौ महामहिम?
– आगो
– पानी
– हावा
– अन्न
रोक लगाउन सक्छौ भने
रोक लगाऊ गर्भकै भ्रूणमा
तिमीलाई थाहा छ
जन्ममृत्युको चक्र
रोक लाउने तिमी त के ईश्वरको हातमा पनि छैन!
निषेधाज्ञा लगाउने तिमी को हौ?
विचार गर त
प्रकृतिले हावापानीमा रोक लगायो भने
कसमाथि शासन गर्छौ तिमी?
सत्ताले मान्छेलाई
दृष्टिविहीन बनाउँदो रहेछ महामहिम!

■

**अशोक परियार**

# बा, बजार र म



बा बजार जाँदा उसका लागि पूरै बजार लिएर फर्किनुहुन्थ्यो
ऊ बजार पसेपछि कहिल्यै फर्केन।
बा बजार जाँदा खाली खुट्टा जानुहुन्थ्यो, तर फर्किंदा उसका लागि
चुइँचुइँ बज्ने जुत्ता लिएर फर्किनुहुन्थ्यो
बा आजकाल पनि जुत्ता लगाउन लजाउनुहुन्छ
ऊ चप्पल लिएर पनि कहिल्यै फर्केन।

बा बजार जाँदा कहिलेकाहीँ उसलाई पनि सँगै लानुहुन्थ्यो
ऊ गाडीहरूसँग डराएर बाका नाडीहरूलाई दुवै हातले समाउँथ्यो
त्यसपछि बा उसलाई काँधमा बोकेर बजार घुमाउनुहुन्थ्यो
एउटा ममको डल्लालाई दुई टुक्रा बनाउनुहुन्थ्यो
पहिले उसलाई खुवाउनुहुन्थ्यो, कहिले आफू खानुहुन्थ्यो।

बासँगका सहरका दिनहरू पनि दिनानुदिन बाजस्तै बूढा भए।

आजकाल ऊ एक्लै सहर पसेको छ
बाका जस्ता दरिला हात कसैका छैनन् त्यहाँ, ऊ आफै जोगिनुपर्छ
न बाका जस्ता बलिया कथा कसैका छन् त्यहाँ, उसले आफै बजार घुम्नुपर्छ
न उसलाई बाले जस्तै खुवाउँछ, भोकै भए पनि उसले बजारसँग जुध्नुपर्छ।

त्यसैले बालाई खुब सम्झन्छ आजकाल ऊ।

आजकाल
बा एक्लै गाउँ बसेका छन्
बाका थर्थराउने भइसकेका हातलाई पनि आजकाल सहर चाहिएको छ
बाले हाम्रा रहरका पोकाहरूलाई भर्ने दौडमा आफ्ना रहरसँग गरेको सम्झौताले
बालाई आजकाल खुब पिरोलेको छ
बालाई पनि बाका रहर पूरा गर्ने मान्छेको सहारा चाहिएको छ।

त्यसैले
बा उसलाई धेरै सम्झिनुहुन्छ आजकाल।

■

## जयराम तिमल्सिना

# जानुभन्दा पहिले



गौँथलीको गुँडजस्तै मेरो मन आकाशमा टाँसिएको छ
छेकिएको छ करेसा बारी फैलिएर बादल
सिमाना काटेर पर जानै पाउँदैनन् आँखा
फलामका ढोकाहरू छन् मेरो मूल बाटोमा
अग्ला पर्खालहरूले मेरो बाटो फर्काइदिन्छन् मैतिर
सहज छैन म हिँड्ने बाटो।

बिहान काँधमा सिउरिएर हिँडेको उज्यालो घाम
मलाई अँध्यारोमै छाडेर कतै विलय हुन्छ
त्यसैले बिहानी हुनु र नहुनु उस्तै लाग्छ
रातपछि दिन र दिनपछिको रात पनि उस्तै लाग्छ
जीवन र मृत्युको अर्थ उस्तै बुझेपछि
अँध्यारो र उज्यालोबीचको भेद मेटाएको हुँ मैले।

मैले हुर्काएको पीपल सधैँ मेरो साक्षी नबन्न सक्छ
सञ्चित थोपाथोपा विश्वास नदीजस्तै बगिरहन्छ
नाथे, मर्ने भनेको त मैले बाँचिसकेको समय हो
जसलाई टिपेर उन्न सक्छौ तिमी इतिहासका पानाहरूमा
र, उडाउन सक्छौ मनखुसी आकाश छुने गरी चङ्गाहरू।

कौतूहलको पहाड भत्किएपछि जीवनको योद्धासम्म बनेको हुँ
आफ्नै मनको लय समातेर रातसँग प्रेम गरेको हुँ
जीवनको आगो सल्काएर मृत्युगाथा गाउन थालेको हुँ
म भोको हुँ कैयौँ जीवनको
घुम्ती काट्नुपहिले फर्केर हेरेको हुँ तिमीलाई
तिमी चम्किरहेथ्यौ
सम्झेको हुँ कुनै बिहानी

जसका लागि कुनै रात बलिदान भएथ्यो
म अँध्यारो मन पराउने मान्छे, फर्केर हेरेको हुँ बिहानीलाई।

■

**निरञ्जना चन्द**

# निश्चिन्त भएर उठ



तिमी उठ आफ्नै लासको चिहान र खरानीबाट समेत
कवा खाऊ यो गोल भूगोलका आधिकारिक ठक्करहरूमा
कैयौँ अनधिकृत घनचक्करबाट जोगिएर
जीवनका घुमाउरा कालखण्डहरूमा
फनफन्ती घुमेर सुदर्शनचक्रले झैँ
आदिम गीतका भाकाहरूमा घोडाले झैँ नारी बजाउँदै
एक नवयुवक भएर उठ।

तिमी उठ समुद्रका छालहरूबाट
मुठी कस्दै, हड्डी खिउयाउँदै
छातीमा भीष्मप्रतिज्ञा लिएर
आफ्नै हातका रेखामुनि ठेला उठाएर
कर्मको मूल फुटाई हृदयमा
नसानसा, शिरा र धमनीहरूमा
रगतसँगै पसिना बगाएर
एक सुनामी भएर उठ।

तिमी उठ झुपडीका खरहरूबाट
पाखापखेरा र लेकाली भन्ज्याङहरूबाट
बलबुता खाँदिएका पौरखी पाखुरामा
गगन चुम्ने सपनाहरू लिएर।
नलगाऊ फगत पहेँलो केशरी
बालेर दीप लगाएर माटाको चन्दन
एक पौरखी भएर उठ।

तिमी उठ मेची र महाकालीका गल्छीहरूबाट
भोलि यो देशमाथि आइलाग्ने
समयसमयका तुषारापातहरू पन्छाउँदै
माटो रोएको बेला नब्युँझने अल्छीहरूलाई झकझक्याउँदै
अनेक जन्जिरहरू तोडेर मिल्काउन
अस्तित्वमाथि आइलाग्ने अङ्कुसे बल्छीहरू उम्काउन
ए युवाहो, वायु भएर उठ
एक तुफान भएर उठ।


तिमी उठ आफ्नै शिरमाथिको आकाशबाट
मिरमिरेपछि मुस्कुराउँदै
मध्याह्न सूर्यका रापिला मुस्लाहरूमा पीडा ओकलेर
विषमताका गोला र ढिस्काहरू भत्काउँदै
जीवनका हर स्तुतिहरू गुन्जाउँदै
अँध्यारो चिरेर उज्यालोमा हाँसी बाँच्न
एक जाज्वल्यमान हतियार भएर उठ।

■

**गोविन्द कँडेल 'आँसु'**

# छोटा कविता

१



दुखाउने पनि आफ्नै मान्छे, दुख्ने मुटु आफ्नै
कोसँग गुनासो गर्नु मैले
तर म डराउँदिनँ पीडासँग
पीडाभित्र लुकेको हुन्छ प्रेम, खोजिरहन्छु
तर मेरो अर्कै गुनासो छ
म तिम्रो प्रेममा बलिदान दिएर मर्न पाऊँ
जवाफ तिमीबाटै सुन्न चाहन्छु
मरेर पनि ठाउँ पाइनँ भने म कहाँ जाऊँ?

२

अँध्यारो हेरेर उज्यालो चिन्नुपर्छ
मैले यही बुझेको छु जीवनमा
खुसी किन्नलाई खुसी नै बेच्नुपर्छ
मान्छे सुख खोज्दै भौँतारिन्छ
सुख आफैभित्र लुकाएर
फकाउने मान्छे खोज्दै हिँड्छ
आफ्नो मनलाई आफै दुखाएर।

३

आगोले आफैलाई लुकाउन
पहिले खरानी बन्नुपर्छ
तिमी ताप र रापदेखि डराउँछौ
जलन सहने गर, किन कराउँछौ?
जब ढुङ्गा बोल्छ ऊ देउता बन्दैन
नबोलेर पनि भक्तको भक्ति छ
बोलीमा भन्दा मौनतामा शक्ति छ।

■

**युग 'सर्वनाम'**

# एक अभ्यस्त इच्छा



कहिले उडाउला समयको हावाले
यो रित्तो प्राणको अस्तित्व?
चकनाचुर छु
आफ्नै सपनाहरूबाट।

आँधी ल्याएर दौडिन्छ
मस्तिष्कको ढाडैढाडमाथि
शृङ्खलाबद्ध भविष्यका योजनाहरू।

आँखाको डिल भत्काएर
भागिदिन्छ एकान्त
र शून्य हुन्छु समयको मझेरीमा।

मरेतुल्य बनाउँछ
ढाडस देखाउर मेरो छेवैछेउ
कुद्ने यी हावाहरू।

मरणासन्न यी जिजीविषा
अलौकिक भएर उभिइदिन्छन्
समयको सँघारछेउ।

सपनाको चुरे पहाडबाट जब म खस्छु
काँडाहरूको ढाडमाथि;
फेरि कोतरिदिन्छ
समयको डेगनाले बसालेका
नीलडामहरू
अनि सम्भोग गर्न लाग्छन्
चुराजस्ता यी मनसँग
अव्यवस्थित चाहनाहरू।

बगरजस्ता उराठ ओठमा
दोडिन्छन्
कृत्रिम हाँसोका केही लस्करहरू।

बाँचिदिन्छन्
एक समयसम्म आफ्नै छायाको
अस्तित्व मेट्दैमेट्दै
एक बुख्याचा जीवन।


यी जीर्ण सपनाको थाङ्ना
अस्तव्यस्त गोरेटोहरू
छुट्टिएको सम्बन्धको धागो।

जसले
अनवरत निमोठिरहन्छ
आफ्नै पाइलाअगाडि टुसाउँदै गरेको
एक अभ्यस्त इच्छा।

■

**अस्मिता मानन्धर**

## अनायास



जब हिँड्दाहिँड्दै पुगेकी थिएँ
म एउटा साँघुरो पुलमा
फुत्काउँदै थिएँ म गाँठाहरू– विगतका, वियोगका
तब मेरा पाइलासँग आफ्ना पाइला मिलाउँदै
तिमीले उपहार दिएका थियौ
एउटा सुन्दर संयोगको
त्यो मध्यरातमा मैले सोचेथैँ– मसँग के नै छ?
न वारिको न पारिको वास नै छ
अहिले मात्र मसँग मेरो आस्था र विश्वास छ।

म आधा खुइलिएर, आधा मुर्झिएर
म एक जुग काटेर आएकी थिएँ
ग्रीष्मको रापमा जलेर
वर्षाको बाढीमा रुझेर, बगेर
वसन्तको बाटो भएर आएकी भए
म पनि सायद रङ्गीन हुन्थेँ

अहिले मसँग न सयपत्री छ न त गुराँस नै छ
कोसेली मेरो तिमीलाई मात्र मेरो सुवास छ।

तर मेरो मान्छे, तिमीसँग भेट हुँदा
म आफू, आफू नै थिएँ
म ढुङ्गा थिएँ
पानीले ओसिएको हिलो माटो थिएँ
म चेत थिएँ
अँध्यारोबाट वर लाग्दै गरेको बाटो थिएँ
सहयात्री हुन्छौ तिमी मेरो यदि
मसँग मात्र वर्तमानको वाचा र आस छ
समयको के छ र... घटना अझै अनायास नै छ
अहिले मसँग मेरो आस्था र विश्वास छ।

■

**मोमिला**

# कन्ट्र्याक्ट अफेयरको कथा



तिमीसँग–
मेरो कन्ट्र्याक्ट अफेयर प्रारम्भ भएको दिन
मैले तिमीलाई
ढोकाको कलशमा आँखा जडेर स्वागत गरेँ
आज हाम्रो सहयात्राको कन्ट्र्याक्ट सकिएको दिन
मैले तिमीलाई–
उही ढोकाको सँघारमा मुटु बिछ्याएर बिदाइ गरेँ

लागिरह्यो...
तिमी कसरी
मेरो मुटु कुल्चेर हिँड्न सक्यौ होला!

कुनै बेला–
आँखाको बाटो भएर मेरो हृदयमा पस्न खोज्दा
यो हृदयले तिमीलाई बारबार हात छेकिरह्यो
आज त्यही ढोकाबाट निस्केर
मेरा आँखाबाट ओझेल पर्दा तिमीलाई
मनले होइन, हातले मात्र बिदाइ गर्न सक्यो

लागिरह्यो–
अन द स्पट बाँचिने जिन्दगी
केवल प्रयोग मात्र हो त!

यतिखेर–
कोठाको दराजमा तिम्रा यादहरू
कतै लुगाझैँ पट्टिएर बसेका छन्
कतै पुस्तक र्‍याकमा तिम्रा यादहरू
पुस्तकझैँ किनार मात्र देखिएर सजिएका छन्

लागिरह्यो–
जिन्दगीको दराजमा यादहरू
कहिलेसम्म खात लागेर बस्न सक्लान्!

लाग्यो–
म त आफ्नै यादहरू पनि
कतै सपक्क थन्क्याउन नसक्ने भएछु

र आज भुइँभरि असरल्ल आफ्नै यादहरू
खुला आकाशमा स्वतन्त्र उड्न सकून् भनी
उल्ट्याएर भुइँलाई नै आकाश बनाइरदिएकी छु...

हेलो जिन्दगी!
यतिखेर यादहरू पनि यति सुन्दर बनेका छन् कि

अब मसित रित्तो आकाश मात्र होइन
यादहरूसँगै ताराहरूका बरियात पनि साथै हुने छन्!!

ह्यापी जिन्दगी टू मी!
ह्यापी एक्जिस्टेन्स टू मी!!

■

**मोहित जोशी**

# अर्को महाभारत



म देखिरहेछु :
– धर्मको नाममा निरन्तर काटिँदै छ एकलव्यको औँलो र काट्नेहरू गरिरहेछन् सरकारी कागजमा दस्तखत
– अनेक जालसाझी गरेर खोसिरहेछन् कर्णको सुरक्षा कवच
– द्रौपदी त्यहीँ क्यासिनोमा नर्तकी छे जहाँ पाँच भाइ जुवा खेलिरहेछन्
– लुकाएर गोपिनीका वस्त्रहरू कामुक कृष्ण लिप्त छ हस्तमैथुनमा।

म देखिरहेछु :
– म्युजियममा निदाइरहेछ अर्जुनको खिया लागेको गाण्डीव
– युधिष्ठिरले बोलिसकेको छ सयौँ झूट र अब कोही पत्याउँदैनन् उसलाई
– एकलव्यपुत्र केतुमानलाई बन्नु छैन सर्वश्रेष्ठ धनुर्धर, अर्जुनलाई मार्न उसले बोकेको छ बन्दुक
– भीष्मपितामह चाहँदैनन् इच्छामृत्यु, बर्बरिकलाई स्वीकार छैन टाउको काटिनु।

म देखिरहेछु :
– असत्य र असत्यबीच/अधर्म र अधर्मबीच अर्को महाभारत
– एक बेग्लै यथार्थ जुन एक युगको कथा नभएर कुनै टाइम-लुपजस्तो हरेक दिन दोहोरिइरहन्छ
– कामुक र मातेको कृष्ण गीता पाठ गरेर लडाइरहन्छ उनीहरूलाई यो अन्धो व्यवस्थामा/अन्धो कानुनमा

– अधर्म-अधर्म/असत्य-असत्यबीचको यो लडाइँमा विजयी भइरहेछन् असत्य र अधर्म नै
– अधर्मीहरूको विजयमा भगवान् बदलिइरहेछन् दिनहुँ।

म सबै देखिरहेछु;
म धृतराष्ट्र हुँ।

■

हरि सन्दर्भ

# विस्थापित मान्छे !



म सपनाका डोबहरू मेटाउँदै
हिँडेँ अन्त्यहीन यात्रामा
बाटोभरि बिछ्याइएका तगाराहरू छिचोल्दै,
मलाई मेरो थातथलोबाटै लखेटियो
म शङ्कैशङ्काको घेरामा परेँ
मैले तिम्रो चक्रव्यूह तोड्न सकिनँ
तिमीले अरूलाई जस्तै मलाई पनि
केही मीठा कुरा गर्‍यौ
अनगिन्ती सपनाहरू बाँड्यौ
केही आक्रोश पनि पोख्यौ
ललिपपको स्वाद चखाउन खोज्यौ
छेपारोले झैँ रङ फेरिरहने
तिम्रा ती अभियानहरूको तात्पर्य मैले कसरी बुझ्नु?
मैले त अगेनाका छेउमा बसेर
मकै/भटमास भुटिरहेकी मेरी बूढी आमाको
खुसी पछ्याउँदै हिँडेँ
गाउँमै बसेर असारले फूल रोपेँ
आफ्नै माटामा पसिनाको गन्ध पोखेँ

मैले आफूलाई मन पर्ने गीत सुनेँ त के बिगारेँ?
तिमी मसँग डरायौ
मेरो अटल आस्थाले कायर बनायो
र, कायरताको पराकाष्ठा देखाउँदै
मलाई गाउँ छाड्ने आदेश गर्‍यौ
तिम्रो आदेशको अवज्ञा गर्नु
आगोसँग खेल्नु थियो
बन्दुकसँग जिस्कनु थियो
त्यसैले म बाध्यताको आँसु पिउँदै
मध्यरातमा गाउँ छाड्न बाध्य भएँ
मीठो सपनामा मुस्कुराइरहेकी
सानी छोरीको निर्मल अनुहार नियाल्दै
जीवनसँगीको न्यानो अँगालो
र वृद्ध आमाको आशा र भरोसा लत्याउँदै
म आफ्नै गाउँको
पहिलो विस्थापित मान्छे बनेँ।

■

**गगन योकपाङ्देन**

# तस्बिर



इतिहासको एउटा कुरूप क्यानभासमा बनेको
मेरा भरिया बाजेको तस्बिर देखाउँदै बोजूले भनेकी थिइन्–
– एक छाक खानकै लागि
– एक सरो लगाउनकै लागि
– र परिवार धान्नकै लागि
त्यस बेला पनि तेरा बाजे शासन रासनको बोझ
थाप्लो र पिठ्यूँमा बोकेर हिँड्नुहुन्थ्यो।

आमाले फेरि मलाई
इतिहासको एउटा क्यानभासमा देखाइन्
जहाँ मेरा बाजेको तस्बिरको ठाउँमा
मेरा बुबाको तस्बिर थियो।

छोरा!
अब म तिमीलाई कसरी
उही क्यानभास र उही तस्बिरमा मेरो अनुहार देखाऊँ
परिवर्तन विनाशले मात्रै सम्भव छ सोचिएकै बेला
छोरा, म तिमीलाई युद्ध र विध्वंसका गाथा सुनाएर
उद्वेलित बनाउन चाहन्नँ
म तिमीलाई मेरो थाप्लाको नाम्लो पिठ्यूँको
भारी पनि दिन्नँ
बरु सट्टामा म तिमीलाई कापीकलम र इरेजर दिने छु।

ताकि तिमीले भाग्यमा कोरिएका
किरिङमिरिङ-किरिङमिरिङ धर्साहरू मेटाएर
कर्मको मसीले उज्यालो भविष्य लेख्न सक
ताकि भोलि तिमीले यो देशको सुन्दर तस्बिर फेर्न सक।

त्यो तस्बिरमा
ढाकरमा देश बोकेर उँभो लागिरहेको
भरिया सपनाहरूको देशप्रेम झल्कियोस्
आफ्नो काँधमा सिङ्गै सगरमाथा उचालेर
बाँचिरहेका लाक्पा र दोर्जेहरूको समर्पण देखियोस्
जीवनका रङहरूले इन्द्रेनी पोतिरहेका
हाङदिङमा डोल्माहरूको हार्दिकता अङ्कित होस्
र त्यो तस्बिरमा
सद्भावको धागोले राष्ट्रिय झन्डा सिलाइरहेका
माइला दर्जीहरूको अनुहार देखियोस्।

त्यो तस्बिरमा
आफ्ना फाँटिला छातीभरि लहलह बाली झुलाएर
हाँसिरहकी थरुनी दिदीको हाँसो पोतिएको होस्
त्यो तस्बिरमा
एक हातमा यो देशको माटो मुठ्याएर
अर्को हातले जङ्गे पिलर समाती देशको स्वाभिमान चियाइरहेको
यादव भैयाको देशप्रेम खुलेको होस्।

र त्यो तस्बिरमा
विचारको धनुकाँड लिएर युद्ध लडिरहेको
काङसोरेको तस्बिर पनि देखियोस्।

यो धरतीको क्यानभासमा देशको तस्बिर कोर्न
हरियो रङ नपुगे तिम्रो उत्साहको रङ खन्याएर पोतिदिनू।

यो देशको तस्बिर कोर्न खैरो रङ नपुगे
तिम्रो पसिना निचोरेर पोतिदिनू।

र, यो देशको तस्बिरमा देशप्रेम कोर्न
रातो रङ नपुगे आफ्नै मुटुको रगत झिकेर पोतिदिनू।

यति गर्दा पनि देशको तस्बिर धमिलो देखिए
आफ्नै आँखाको उज्यालो टिपेर टाँसिदिनू।

'परिवर्तन– विनाशले मात्रै सम्भव छ'
सोचिएकै बेला
छोरा, म तिमीलाई
युद्ध विध्वंसको गाथा सुनाएर उद्वेलित बनाउन चाहन्नँ
म तिमीलाई मेरो थाप्लाको नाम्लो र पिठ्यूँको भारी पनि दिन्नँ
बरु सट्टामा म तिमीलाई कापी, कलम र इरेजर दिने छु
ताकि
तिमीले हाम्रो भाग्यमा कोरिएका

किरिङमिरिङ-किरिङमिरिङ धमिला धर्साहरू मेटेर
कर्मको मसीले उज्यालो भविष्य लेख्न सक
ताकि भोलि तिमीले
यो देशको धूमिलधूमिल तस्बिर मेटाएर
देशको उज्यालो तस्बिर फेर्न सक!

■

**नीलम गुरुङ**

## कैदखानाको तरकारी



घटनास्थलबाट बोल्दै छु तर यो समाचार होइन
आलो रगतबाट बाफ उडिरहेको छ अझै
तर त्यो आकाशसम्म पुगिसकेको छैन।

झरीबाट बचाउन घरका छानाले त ओत दिए उसलाई
तर जङ्गलका रूखहरूले बचाउन सकेनन् रे उसको स्वाभिमान।

भाग्न चाहेछन् आफ्नो पखेटामा घमन्ड गर्ने चरीहरू पनि
कुकुरको आतङ्क देखेर बाघलाई पनि डर लागेछ।

एउटा सपनाको घाँटी निमोठियो
कलिला चाहनारूको हत्केला भाँचेर
आकाशतिर फर्किएका उसका नयनसँग
ईश्वरले पनि आँखा जुधाउन सकेन।

चीत्कारले रन्कियो वन
यौवनको परिभाषा ऊ जान्दिनथी
बाको काख भ्रम बन्यो
भाइटीका एउटा मिथ।

भूतभन्दा धेरै भयानक त मान्छे बन्यो
त्यसैले अचेल कसैलाई प्रेतात्माले सताउँदैन
मेरो गाउँबाट धामीझाँक्री हराए
तिनका ढ्याङ्ग्रो र झ्याम्टाहरू चाहिँ हिरासतमा छन्।

गल्ती दृश्यको होइन, दृष्टिको हो
त्यसैले पीडितलाई नै दोषी ठान्ने चलन छ
अनि फेरि त्यही मुद्रामा अर्की बालिकाको शव भेटियो
बलात्कारीले प्रहरीको सुरक्षा पाइहाल्छ।

उसको दोष यत्ति नै हो
कि ऊ छोरी भएर जन्मी
अनि हरेक साँझ यहाँ एउटा नामर्द पनि जन्मियो
अपाङ्ग कानुनको बैसाखी खोसी भागेछ न्याय
कैदखानाको तरकारीमा सरकारी नुन निःशुल्क छर्किए।

न्यायाधीश महोदय!
भोलिको साँझ मेरो अपहरण हुनुअघि
मेरो शरीर बरु म आफै बालिदिन्छु
तिमी मात्र त्यसको घाँटी फाँसीमा छिराइदेऊ
जल्लाद बरु म आफै बनिदिन्छु।

■

एस्पी कोइराला

## हाँसेको छु जोसित म (गीत)



हाँसेको छु जोसित म, सक्छु उसलाई हाँसी टार्न
रोएको छु जोसित म, सक्दिनँ म माया मार्न।

फुलेको छु जोसित म, तयार छु ओइली सुक्न
खुलेको छु जोसित म, मन्जुर छ मलाई झुक्न
बुझेको छु जसलाई मैले, सक्छु बरु पत्थर हान्न
पुजेको छु जसलाई मैले, स्वीकार छ देउता मान्न
चिनेको छु जसलाई मैले, सक्छु धेरै कुरा ढाँट्न
हिँडेको छु जोसित म, सक्दिनँ म बीचमै छाड्न
तोडेको छु जसको वचन, सक्छु रुँदै बाहिर हाँस्न
जोडेको छु जोसित मन, सक्दिनँ म एक्लै बाँच्न

हाँसेको छु जोसित म, सक्छु उसलाई हाँसी टार्न
रोएको छु जोसित म, सक्दिनँ म माया मार्न।

■

गणेश विषम

## मेरो हात मेरै राष्ट्र



मेरो आफ्नै हत्केलामा नेपालको चित्र
यहाँ राष्ट्र खेलिराख्छ मेरै हातभित्र

तेर्सिएका दुई रेखा मेची-महाकाली
किरेमिरे साना रेखा कोदो-मकै बाली

समतल हत्केला यो तराईको माटो
उँभो उठ्ने रेखा बन्यो झरनाको बाटो

अग्लो हिमाल ठडिएको माझी औँला हेर
माछापुच्छ्रे, कञ्चनजङ्घा बाँकी औँला धेर
औँलाहरू कलम भए रगत मसी बन्छ
रगतको मसीले नै भाग्य लेख्ने मन छ

औँलैपिच्छे रेखाहरू खेतबारी र आली
हत्केलाको कापैकापमा उकाली-ओराली
पसिनाले निथ्रुक्क यो किसानको गाउँ
यही हातले सधैँ माटो भिजाइराख्न पाऊँ

मेरो आफ्नै हत्केलामा नेपालको चित्र
यहाँ राष्ट्र खेलिराख्छ मेरै हातभित्र

■

**नरेन्द्रराज प्रसाई**

## गीत



वारि पैरो, पारि भीर, तन कता राखौँ
व्यथा गैरो, भित्रै पीर, मन कता राखौँ

आँखैभरि मैलो भेल जता हेरे पनि
मनको बाँध भत्किदिन्छ जति घेरे पनि
आफैसँग माफ माग्न कुन देवता भाकौँ
व्यथा गैरो, भित्रै पीर, मन कता राखौँ।

पछुतोले घिस्याउँछ पूर्व हेर्दाखेरि
जिन्दगानी चिच्याउँछ आफैलाई हेरी
भन्नुपर्ने कैयौँ कुरा कुन पोकामा राखौँ
वारि पैरो, पारि भीर, तन कता राखौँ।

■

ललिता 'दोषी'

## चाहन्थ्यो उज्यालो जीवनले



चाहन्थ्यो उज्यालो जीवनले
छाउँछ सधैँ सन्नाटा
उड्न मन थियो चरी
तेरोजस्तै लिएर आशा
चाहन्थ्यो उज्यालो...

तर्नै सकिनँ भड्खालो
जति खियाउँदा पनि नाउ
हेरिरहन्छ धरती-आकाश
उकुच परेको मेरो घाउ
चाहन्थ्यो उज्यालो...

फुल्न-झर्न चाहन्थेँ
आफ्नै माटो, पाटोमा
थाहा छैन फर्किन्छु कैले
बाकससँगै घाटमा
चाहन्थ्यो उज्यालो...

■

स्नेह सायमी

## गीत



भित्ताहरू सबै घर हुँदैनन्
बस्तीहरू सबै सहर हुँदैनन्
पानी र जमिनको समागम नभए
खोल्साहरू कहिल्यै नहर हुँदैनन्

माटो छ र पो फूल फुलेको छ
हावा छ र पो गुलाफ झुलेको छ
एउटा पहाड नचढीकन
अझै अग्लो पहाड देखिँदैनन्
पानी...

सपनाहरू घाममा भो नसुकाऊ अब
मायालाई खाममा भो नलुकाऊ अब
उप्काइरहने हो भने विगतको घाउ
नयाँ बाटोमा भेट्ने कुनै बहाना हुँदैनन्
पानी...

■

**विजय सुब्बा**

## गीत



मेरो भन्नु यौटै मात्र, त्यो हो मेरो देश
माया गरौँ सधैँ सबैभन्दा ठानी बेस

अमरसिंह, बलभद्र, भक्ति थापाजस्ता
सदा हाम्रो मनभित्र छाइरहने पुस्ता
जय गाऊँ, उनका लागि त्यही उच्च धर्म
गुन्जिरहोस् देश निम्ति बलिदानी कर्म

मेरो भन्नु यौटै मात्र त्यो हो मेरो देश
माया गरौँ सधैँ सबैभन्दा ठानी बेस

हेरिरहौँ बारम्बार सीमा फेरिएको
नेपाली भई नेपालीकै नाम केरिएको

टाढा छैन, कुनै दिन गुम्छ कोठेबारी
हुने छैनन् कोही देशको गर्ने रखबारी

मेरो भन्नु यौटै मात्र त्यो हो मेरो देश
माया गरौँ सधैँ सबैभन्दा ठानी बेस।

■

**एलिशा ढुङ्गाना**

## गीत




सही समय आएपछि बल्ल जिन्दगी उज्यालो हुँदो रहेछ
सही सम्बन्ध जोडिएपछि बल्ल नाम चल्दो रहेछ
तनमन उसैको हुन्छ जसले मनलाई जितेको हुन्छ
गुनासो उसैसँग गरिन्छ जसले मनलाई बुझेको हुन्छ
समर्पण र त्यागलाई चिन्न सके मायामा बाँच्न सकिँदो रहेछ
सही समय आएपछि बल्ल जिन्दगी उज्यालो हुँदो रहेछ

पिरतीको फूल फुलाउन खोज्दा सपना बिथोलिएको हुन्छ
आफैलाई बिर्सेर सधैँ उसैमा रहरहरू सजाइएको हुन्छ
दु:ख बिर्साउन साथ नपाउँदा दिउँसै अन्धकार फैलिँदो रहेछ
सही समय आएपछि बल्ल जिन्दगी उज्यालो हुँदो रहेछ

■

## लीलाराज दाहाल

# गजल



बिझाउँदैन पचिसक्यो गाली आजभोलि
पानी होइन, आँसु बग्छ खालि आजभोलि!

इमानजमान मारिगयो, हराए इमानदार
सलबलाउँछन् यताउता जाली आजभोलि!

समयकाल साह्रै अचेल खराब भएको छ
रगताम्मे छन् चरी बस्ने डाली आजभोलि!

गुमनाम छन् नैतिकताका पुजारीरू त
ठग, सैतानहरू पाउँछन् ताली आजभोलि!

फूल फुल्नै छाडिसक्यो, उजाड भो बाग
कुर्सी खोस्नै व्यस्त छन् माली आजभोलि!

■

## वसन्तमोहन अधिकारी

# गजल



धेरैले सोध्नुभयो आत्मा भनेको के हो?
सपना देख्दा भोलिपल्ट बताउने जे हो।

हजुर-हामी सुत्छौँ, मस्त निदाएका हुन्छौँ।
सोचौँ त मीठो सुतियो भन्ने कुन धुन हो?

मनको लोभमा मानव झूटो पनि बोल्छ।
आत्मा झूट बोलिस् भन्ने सत्य स्वाद नुन हो।

यो सपना निद्रा दिवा जतिखेर जागा छ
शरीर कपडा, आत्मा ठेकीको सगुन हो।

यो शरीर जन्मन्छ-मर्छ, आत्मा अजन्मा छ।
देह मान्छे हैन, आत्मा मानवरूप सुन हो।

■

**कैलास रे**

## म मरेको दिन



म बोल्न सक्दिनँ मेरी आमालाई, सँभालेर जानोस्
मलामी हाँस्न मिल्दैन, यहाँ आँसु खसालेर जानोस्

भोलि बोक्छु भन्दा पनि कसैले पाउने छैन मलाई
अन्तिम वजन हो मेरो, एक पल्ट उचालेर जानोस्

म मेरा आफन्तको डरको कारक बन्न चाहँदिनँ
मेरो याद आउने हरेक कुरा लासमा फालेर जानोस्

यो आपत्कालीन अवस्था हो, पूर्वतयारी हुँदैन
यहाँ भोकै नरहून् मेरा मलामीहरू, सबैलाई पालेर जानोस्

मेरो प्रभाव निकै छ गाउँमा, सारा टोल शोकमा डुब्छ
अरे, घाटबाट घर फर्किंदा तपाईं आफ्नो शिर ढालेर जानोस्।

■

**गोविन्द नेपाल**

# चार मुक्तक



१

अघिपछि हिड्दै गर्दा हेराहेर भयो
मायाको गाँठो कस्दा बेराबेर भयो
फकाउँदा मान्दिन, तीतो भो कि माया?
आँखा तर्दै झम्टाझम्टी सेरासेर भयो

२

झरीमा भिजेको वदन कति राम्रो
तिमी मेरी मुना, म मदन कति राम्रो
अँगालोमा बेरिएपछि छुट्नै नखोज्ने
भव्य दिल अट्ने सदन कति राम्रो!

३

आफ्नै मात्र पोस्ने अङ्गी कहाँ छन्?
समानता रोज्ने जङ्गी कहाँ छन्?
पत्रू रोगी अवकाश पाई सुत्ने बेलामा
कामैकाम भन्ने भङ्गी कहाँ छन्?

४

माफिया अनि मिसावटबीच हामी शुद्ध चाहन्छौँ
घरभरि कुलाङ्गार छन्, तर हामी बुद्ध चाहन्छौँ
कालो बजारी, दलाल, घुसखोरी औ लुटेरा यहीँ छन्
पालेका छौँ सबै आफै र फेरि हामी जुद्ध चाहन्छौँ।

■

कथा

मञ्जु काँचुली

# परदेशी छोरो



मरुभूमिको देशको यो सुविधापूर्ण बैठक कोठा शून्य छ, स्तब्ध छ। यो आफ्नी बूढी पनि साथमा नभएकी भए भौतिक सामग्रीले परिपूर्ण यो कोठा अझ कति उराठलाग्दो हुने थियो होला। बाहिर वातावरण स्तब्ध भए पनि म भने भित्रभित्रै भावाभिव्यक्तिमा आँधी र बबन्डर थामेर बसिरहेको छु। अर्द्धाङ्गिनी भन्छे– "टीभी खोल्नोस् न। के टोलाएर-झोक्राएर बसिराख्या? छोरो एसी खोलेर कोठा चिसो पारी अफिस गाको छ। आफूलाई भने एसीको चिसोले एलर्जी हुन्छ। एसी नखोली यो अरबको मरुभूमिमा बस्न सकिने कुरो हुँदैन। मलाई उदेक लाग्छ, आफ्नो देशको मीठो हावापानी छाडेर यो बालुवाको हावा र खाडीको पानी खान किन यसरी शिक्षितहरू ओइरिएका हुन् यो मरुभूमिमा? छोरो भन्छ– यहाँको हावामा मसिना बालुवाका कण हुने गर्छन्। बतास चलेको बेला हावाले ती बालुवाका कणहरू उडाएर वातावरण नै धमिलो बनाइदिन्छ। उः त्यो झ्यालको ऐनाबाट देखिइने परको सडक नै धूलोले गर्दा देखिँदैन। उः त्यो परका अहिले देखिएका खजुरका रूखहरू छन् नि! हो, ती रूखलाई पनि बबन्डरले छोपिदिन्छ। ती रूखहरूसँगैको अग्ला घरैघर देखिने बस्ती पनि धमिलो देखिन्छ। त्यस्तो बेलामा झ्याल खोल्नुहुन्न, बन्द गरिहाल्नुपर्छ। छोराको यस्तो सल्लाह मलाई अलि पच्दैन। आफूलाई खुला हावामा झ्याल खोलेर बस्नुपर्छ। आफ्नो देशको घरमा पनि आफू त सधैँजसो घरको पोतेको खुला आँगनमै बसेर दिन काट्ने गरिन्छ। त्यस्तै काम परेको बेलामा मात्र यताउति जाने हो, नत्र त खुला ठाउँ नै रुचाइन्छ। एसी खोली झ्याल बन्द गरेर कैदीझैँ घरभित्र बस्नु मेरा लागि सबभन्दा कठिन अवस्था त्यही हो। टाढाटाढा वातावरण धमिलो देखिँदै छ। म झ्यालबाट बहिर नियाल्छु। बबन्डर वरसम्म फैलँदै छ। म आफ्नी श्रीमतीलाई अराउँछु– "झ्याल बन्द गर् त! बतास बालुवाका कण बोकेर वरसम्म आइपुग्दै छ। छिटो झ्याल बन्द गर् त!"

"के झ्याल बन्द गर् भन्दै हुनुहुन्छ तपाईं? फेरि सास फेर्न गाह्रो होला। यो परदेशमा तपाईंलाई केही भयो भने?"

"मलाई केही हुँदैन। मैले बन्द गर् भनेपछि बन्द गरिहाल् न। किन लामो कुरा गर्छेस्? ऐले टेबलभरि धूलो भरिन्छ। बुहारी आएर फेरि रिसाउली सजाएका सामानभरि धूलो भयो भनेर।"

"ल, झ्याल बन्द गरिदिएँ। टेबलमा धूलो भए म छैन र? पुछिदिउँला नि, नत्र छोरो रिसाइहाल्छ नि फेरि।" श्रीमती टेबल, सोफा, दराज आदि कपडाले पुछ्न लागी। धूलो जस्तै देखिने बालुवाका कणहरू फैलिएको दृश्य म बन्द गरेको झ्यालको ऐनाबाट देखिरहेछु। त्यो धूलोले मलाई नै आक्रमण गरेर मेरो अनुहारभरि फैलिएझैँ लाग्छ। धूलो छ्यापिएको मेरो अनुहार, बालुवाको धूलोकै झापड खाएझैँ अनुभव गर्न थाल्छु। यद्यपि बबन्डर झ्यालको ऐनाबाहिर मभन्दा धेरै टाढा छ। म टाढैबाट देख्दै छु, खजुरका त्यति मोटा र बाक्ला पात भएका रूखहरू पनि बबन्डरको झापड र भयले आतङ्कित छन्। ती रुखहरू पनि बबन्डरले धमिलिने क्रममा छन्। उः त्यो परको सडकको बाटो गरेर छोरो अफिस पुगिसक्यो होला। यो खाडीमा फेरि मोटर दुर्घटनाको अर्को आतङ्क हुने रहेछ। नेपालमा बस्दा त म सधैँ खाडीमा गर्मीको मात्र सोच र चिन्ता गर्ने गर्थें। छोरो कसरी बस्दो हो त्यस्तो मरुभूमिमा? यस्तो शीतल प्रकृतिमा जन्मेहुर्केको छोरो! आमा चाहिँ पनि यही कुराको चिन्ता गर्ने गर्थी। मोटर बेजोडले खुला सडकमा कुदाउँछन्। प्रायः दुर्घटना हुने, गर्ने मामिला त हामीलाई अत्तोपत्तो थिएन। हामीलाई त केवल मरुभूमिको सहीनसक्नु गर्मीको पीर र डर थियो। यो खाडीको देश कहिले देख्या भए पो! भौतिकवादी भोकप्यासले मानिसलाई कहाँबाट कहाँसम्म पुऱ्याउँदो रहेछ! के नपुग्या थियो र हाम्रो छोरालाई यति धेरै दुःख गर्नुपर्ने? मानिसलाई भोगविलासको सामग्री जति भए पनि पुग्दो रहेनछ। कोठा सजावटका सामग्री देखेर म जिल्ल पर्छु। यति महँगा, ठूला र उच्च जीवनशैलीका सजावटका सामान यो परदेशमा किन चाहिन्थ्यो र? धातुका यति ठूला गमलाहरूमा सजिएका ठूलठूला बोटबिरुवा। विभिन्न देशका काष्ठकलाका उच्चस्तरीय सजावटका सामग्रीहरू र अन्य निकै धेरै सामानहरू। आजकालका बच्चाहरू सीमित रहनसहनमा बाँच्नै नसक्ने भए। आफ्नो देशको माटोलाई मरुभूमि बनाएर छाड्दै अर्काको मरुभूमिमा पसिना काढ्दै र सजाउँदै छन्। यो कुन नयाँ संस्कार र संस्कृति हो?

मायाको बन्धन अचम्मको हुँदो रहेछ। हामी आमाबाबु भएकाहरू आफ्ना छोराछोरीलाई चटक्क छाड्न पनि सक्दा रहेनछौँ। उनीहरूलाई सँभालेर आफूले चाहेजस्तो गरी हिँडाउन पनि सक्दा रहेनछौँ। अब त हामी बूढाबूढी भएर उनीहरूकै कब्जामा छौँ। हामीले भनेअनुसार उनीहरू होइन, बरु उनीहरूले भनेअनुसार पो हामी चल्नुपर्ने अवस्था छ।

मैले छोरासँग एक दिन खुला र प्रस्टसँग भनेँ– "मैले यसलाई केही दिन सकिनँ। अरू त त्यस्तै हो। तेरी आमाको ठूलो चाहिँ तिलहरी, सुनको चुरा र सौभाग्यका सबै गहना बेचियो। तेरो व्यवहार मिलाइयो। एउटा तिलहरी चाहिँ तेरी आमालाई तैँले यो

सुनको देशमा किनिदिएस्। तेरो कमाइ पनि राम्रो मात्र होइन, धेरै राम्रो रहेछ। अरू हामीलाई केही चाहिन्न। त्यति चाहिँ यसलाई दिएस्।"

छोरो– "तिलहरी त तपाईंले पो आमालाई दिने त! म छोराले आमालाई तिलहरी दिने हो र? तिलहरीजस्तो गहना त लोग्नेले पो दिन्छन्, छोराले हो र?"

बुहारीको व्यङ्ग्यात्मक हाँसोको अनन्त छाल उर्लियो र चुचुरोसम्म पुग्दै खस्दै गर्न लाग्यो।

मैले फेरि छोरालाई सम्झाएँ– "तँलाई त्यस्तो लाग्छ भने तेरी आमालाई एक जोर सुनको चुरा किनिदेन त!"

बुहारीको हाँसो अकस्मात् थामियो र हाँसो यतिखेर रिसमा परिणत भयो। अनि ऊ प्याच्च बोली– "तपाईं मर्नुभा' छ र आमालाई सुनको चुरा हामीले किन्न? त्यस्तो पऱ्यो भने हामी किनिदिउँला। धन्दा नमान्नोस् बुबा!"

"मेरी स्वास्नीले एक जोर सुनको चुरा लगाउन म मर्नुपर्ने? ऊ विधवा हुनुपर्ने? के भनेकी बुहारी त्यस्तो?"

त्यसपछि मेरा सबै शब्द घाँटीमा बाँध बाँधिएर बन्द भए र म फेरि अवाक् भएँ। मैले आफ्नै सन्तानबाट आफू अपमानित भएको महसुस गरेँ। खाडीको अनन्त सामुद्रिक पानी खाडीको सहरभित्र भित्र्याइएको अनन्त आँसुजस्तै पानीका नहरहरू एकातिर थिए भने अर्कातिर निरन्तर एकपछि अर्को गर्दै आँधीको झोक्काले समेटेको मरुभूमिको बालुवाको झापड आफ्ना दुवै गालाले अटुट खाइरहेझैँ यति बेला मलाई अनुभव भयो।

अलिकलि ऋण तिर्नु थियो भनेर छोरासँग गुनासो गरेको थिएँ। "हजुरको सम्पत्ति पनि मलाई चाहिँदैन। म हजुरको ऋण पनि तिर्न सक्दिनँ।" भन्यो छोराले। भोलिपल्ट मैले श्रीमतीसित भनेँ– "डाइभोर्स गरिदिन्छु भनेर बुहारीले छोरालाई धम्की दिने गर्दी रैछन्। त्यसैले त्यो स्वास्नीसँग डराउँछ। मन मिलेरै बिहे गरिदिएको हुँ। खै के हो के? म त केही बुझ्नै सक्दिनँ।"

श्रीमतीले भनी– "यहाँ बसेको अवधिभरि हामीलाई सबै कुरा पुऱ्याएरै राखेको छ छोराले, तर त्यो एक जोर सुनको चुरा किन्ने कुरामा चाहिँ चाख नै राख्दैन। सुन्नै चाहँदैन छोरो!"

"किन? थाहा छ तँलाई? ऊ आफ्नो वशमै छैन। सबै बुहारीको इसारा, नियन्त्रण र सल्लाहमा चल्ने गरेको छ। तेरी बुहारी तँलाई सुनको चुरा किनाउन चाहँदिन।"

अकस्मात् बुहारी हाम्रो अगाडि उभिन आइपुगी र भन्न थाली– "सुन कहाँ एकै चोटि किन्न सकिन्छ र? अलिअलि गरेर किन्ने हो। अहिले जति पैसा ल्याउनुभा छ,

त्यसको जति सुन आउँछ त्यति नै किन्नोस्। पछि पैसा जम्मा गर्दै गर्नू। हामीलाई पठाए पनि हुन्छ। हामी तपाईंले पठाएको त्यो पैसाले सुनको चुरा किनेर ल्याइदिउँला हुन्न?"

त्यति बेला म चाहिँ चुप लागेर बसेको थिएँ। हामीसँग साथमा फुटी कौडी भए पो! मैले श्रीमतीलाई भनेँ– "मकैबारी बेचेर तँलाई एक जोर सुनका चुरा किनिदिउँला। भइगो, छाडिदे। चित्त नदुखा।"

श्रीमती झन्झन् र फनफन गर्न लागी– "पर्‍या छैन मकैबारी बेच्न। छोरो घर फर्केपछि के खाला आफ्नो बारी बेचेपछि।"

"खाला अब तेरो छोराले मकैको ढिँडो? उसलाई मासुभात नरुच्ने भइसक्यो। देखिनस्?"

"नबेच्नोस् है त्यो मकैबारी। मैले भन्द्या छु। मलाई चाहिया छैन सुनको चुरा। मेरो छोराको मन सधैँ खुसी भइरहोस्। निरोगी होस्, बाँचिरहोस्।" श्रीमतीको यति वचनले पनि मेरो मन हर्षित भयो।

यस मरुभूमिको बबन्डर पनि थामियो। बाहिरको उष्ण प्रकृति शान्त देखियो। कोठाभित्र बस्दाबस्दा मलाई उराठ लागेर आयो। जाऊँ, कहाँ जाऊँ? यो नयाँ ठाउँ। नजाऊँ, एकै ठाउँमा बसिरहन जिन्दगीमै कहिले सक्या छैन। त्यस्तो पर्‍या नि छैन। मन विरक्त भएको बेला घरमा बस्न मन लाग्दैन। श्रीमतीलाई अनुनय गरेँ– "तँ चाहिँ यहीँ बसिराख्। म यसो डुलेर आउँछु।"

उसले ठाडै जवाफ दिई– "यहाँको घाम त गोमन सर्पको विषजस्तो हुन्छ रे बूढा! घामले मान्छे भुकलुक्कै ढल्छ रे अनि खुत्रुक्कै मरिहाल्छ रे।"

"नचाहिँदो कुरा।"

"हो, बुहारी त्यसै भन्थी। मलाई जाडो भएर बिहानको घाम कौसीमा बसेर तापेकी थिएँ। ऊ चाहिँ यहाँ घाम ताप्नु हुन्न भन्दै थिई।"

"म पनि त दिनदिनै घाम तापिराखेकै छु नि! पुसमाघको जाडो। बिहानबेलुका त यहाँ पनि जाडै हुँदो रहेछ। एकैछिन बाहिर उः त्यहीँसम्म डुलेर आउँछु। टाढा जान्नँ।"

"उः त्यो भित्ताको घडी हेर्नोस् त। अब एक घण्टामा छोराबुहारी काम सकेर अफिसबाट आउने बेला हुन्छ। छिटै आइहाल्नोस् है। मैले भनेको त पटक्कै मान्ने नै होइन। नजानोस् भनेको, मान्नुहुन्न।"

"ल म गएँ बाहिर घुम्न । तँ ढोकामा चुकुल लाएर बस् ।"

"पर्दैन चुकुल लाउन। यहाँजत्तिको सुरक्षा त आफ्नो देशमा पनि छैन भन्ने गर्छ छोरो। उनीहरू हुँदा नि ढोकामा कहिल्यै चुकुल लगाएको हुँदैन। बिस्तारै जानोस् है।

लिफ्टबाट जानोस् नि, सिँढीबाट नजानोस्। सिँढीमा त मान्छे बेहोस भएर ढलेको वा मरेको पनि कसैलाई थाहा हुँदैन भन्थ्यो छोराले। ल, मैले ढोका ढप्काएँ।"

म चाहिँ हिँडेँ बाहिरतिर घुम्न भनेर। तर कहाँ घुम्नु र? कताबाट कता पुगिन्छ भन्ने पनि थाहा छैन। गाडी पार्किङ गरेको ठाउँको अलि पर्तिर एउटा भारतीय नागरिकजस्तो देखिने मानिस हिँडिरहेको रहेछ। त्यसैको पछि लागेँ। अलि हिँड्दै गएपछि खजुरका रूखहरू वारिदेखि पारिसम्म लस्करै फैलिएको देखेँ। आफ्ना छरछिमेकमा केराको बोट लगाएको सम्झेँ, तर यतिबिघ्न त होइन। खजुरका बोटको लस्कर देख्दा पनि मानिसकै उपस्थितिजस्तो लाग्यो। यो मुसो पनि नभेटिने समय र ठाउँमा यति खासा खजुरका रूखले मलाई नै पर्खेर स्वागत गर्न कुरेको जस्तो लाग्यो। रूखलाई अँगालूँ जस्तो लाग्यो, तर अँगालिनँ। पर झ्यालबाट श्रीमतीले मलाई नै हेरेर बसेकी छ कि? रूखलाई अँगाल्न श्रीमतीको लाज लाग्यो। खजुरका बोटका ठूलठूला पङ्खाजस्ता पातहरू देखेर अचम्म मानेँ। तलसम्म लत्रेको पातको सानो टुक्रा चुँडाल्न खोजेँ, तर कहाँ सजिलै चुँडालिनु र? तर पनि मुस्किलले चुँडालेँ। कस्तो साह्रो र बलियो पात रहेछ– मेरै हातजस्तो। गाईभैँसी स्याहारेका, घाँसपराल काटेका हाम्रा हातजस्ता दह्रा पात रहेछन् यी खजुरका रूखका पनि। हाम्रो देशको केराको पात त कति नरम हुन्थ्यो! खजुरका रूखका लस्करको पारि सडक रहेछ। किसिमकिसिमका मोटर र ठूलठूला गाडी बेतोडले कुदिरहेका। एउटासम्म पनि मानिस सडकमा थिएन। सडकको चकमन्नतालाई चिरेर सवारी साधनको बेतोडले कुदेको आवाजको कोलाहलको बाढी नै बगेको थियो। खजुरको बोटमा आड लाएर र कहिले सडकवारिको डन्डीको बारको आड लिएर एकनासले कुदेका गाडीलाई हेरिरहेँ। गाडीहरू आफ्नो गन्तव्यतिर कुदिरहेका थिए। म चाहिँ ती कुदिरहेका गाडीहरूलाई निःसन्देह एकटकले हेरिरहेको थिएँ। एकैछिनपछि पछाडि फर्केर हेरेँ। देखेँ त केवल टाढाटाढासम्म फैलिएको बलौटे धरती अनि देखेँ खाडीको क्यानलको अथाह पानी, नजिकैको बालुवामा उभिएका घाँटी लामो भएका सारस चराझैँ बालुवामाथि उभिएका अग्ला-अग्ला थरीथरीका घरहरू। फर्केर दायाँतिर मोडिई हिँडेरै गएँ। त्यसरी त्यो बलौटे भूमिमा त्यहाँ हिँड्ने मबाहेक अर्को कोही थिएन, सिबाय मौनता फैलिएको, आकाशले छोपेको, पैताला पोल्ने आक्रान्त भूमि र मभित्रको कहालीलाग्दो मौनता। दुवै आँखाले अचम्मसँग प्यासी पशुपन्छीझैँ आँखा टोलाइरहेँ। मुख बाइरहेथेँ। आफ्नै आँखाको हेराइ अवाक् देखेर म छक्क परेँ। टोलाइरहेँ। हैन, के छ यस्तो यो मरुभूमिमा जसले गर्दा आफ्नो हराभरा भूमि छाडेर आक्रान्त मनले जन्मभूमि बिर्सने गरी देशैबाट भाग्दै यहाँ छिर्ने गर्छन्? यो मरुभूमिको ठूलो सहरमा त सुनका तस्करहरू, अवैध व्यापारीहरू, हत्याराहरू र डाकाहरू भित्रिने गर्छन् रे भन्ने सुनेको थिएँ। त्यति धेरै

पढेलेखेको हाम्रो सुकुमार सज्जन छोरो ककसको लहैलहैमा लागेर यस्तो निर्जन, शून्य र नीरस ठाउँमा भित्रिन पुगेछ। आफ्नो बारीको पाटाको हरियालीलाई मरुभूमि पारेर बिरानो बालुवामा के पो खोज्न आएको होला? मैले जीवनमा रुपियाँपैसालाई कहिल्यै वास्ता गरिनँ। मकैको खोस्टाझैँ ठान्थेँ। गाउँमा स्कुल निर्माणका लागि लाखौँ पर्ने जमिन सित्तैँमा शिक्षाजस्तो परोपकारी काम भनेर दान दिएँ। अब यो छोरो त्यही जाबो खोस्टे पैसाको पछि कुदिरहेछ। न खानको ठेगान छ। सधैँ होटेलको खाना खाने गर्छ। न सुत्नको ठेगान छ यो बिरानो देशमा। राति नौ बजेपछि सहरबजार घुम्न जान्छ। उसलाई आफ्नो गाउँ होइन, अर्काको सहर चाहिन्छ। सम्भावना नै सम्भावनाको लहर उसले त्यहीँ देखेको छ। उसले आफू किसानको छोरो भन्ने नै बिर्सिएको छ। म यो ६५ वर्षको बूढो उमेरमा चल्दै छु, फिर्दै छु। जब सास फेर्न गाह्रो भएर आउँछ, मलाई आफू छिट्टै मर्छु कि भन्ने डर लाग्छ। म मरिगएँ भने मेरी स्वास्नीले दुःख पाउँछे भन्ने चिन्ता लाग्छ। एउटा भएको छोराको यो हालत र व्यवहार छ। उसलाई आफ्नो कामबाहेक अरू केही कुराको चासो वा मतलब पटक्कै छैन। केही कुरा सम्झायो भने रिसाइहाल्छ। मलाई र त्यसलाई त ठाडै त्यसै निलिहाल्छ। बुहारी हामीलाई त्यति वास्ता गर्दिन। बूढो हुँदै गएर एक दिन मरियो भने गाउँमा आफ्नो घरपरिवार सँभालिदिने पनि कोही हुँदैन। तीन वटै छोरी बिहे गरिदिएर डाँडा कटाइसकेँ। उनीहरूलाई वर्षको एक पटक आउन पनि मुस्किल छ। ममा किन हो, यसरी जीवनप्रतिको आस्था दिनप्रतिदिन बढ्दै गइरहेछ। गाउँको खेतीपाती र छोराको बिदेसिने चाल देखेर आफैसँग र आफ्नो जीवनसँग नै विरक्त भएको छु। मेरो जीवनसँगको आस्था बढ्दै गएर हो कि मलाई मृत्युसँग जहिले पनि डर लाग्छ। आफ्नै शिथिलताले गाँजेको मनलाई म राम्ररी बुझ्छु। नजिकैको खजुरको बोटमा आड लगाएँ र बलौटे माटोमै थचक्कै बसिदिएँ। फरक्क फर्केर हेरेँ। टाढाको एउटा १५ तले घरको आठौँ तलाको झ्यालतिर आँखा पुऱ्याएँ। कतै श्रीमती मलाई हेरेर बसेकी पो छ कि? धमिला आँखा र टाढाको झ्याल भएकाले आँखाले केही भ्याएनन्। मेरो नजिकै एउटी एसियाली मूलकी देखिने सायद मलेसियाली केटी एउटा सानो कुकुर डोऱ्याउँदै आइपुगी। सायद उसको आफ्नो त्यो सानो कुकुरलाई हगाउन/मुताउन आएकी होली। एक चोटि उसले मलाई पुलुक्क हेरी र नदेखेझैँ गरी अघि बढ्दै अर्कै दिशातिर लागी। सायद उसले मलाई बहुलाहा ठानी होला, किनकि दौरासुरुवाल लाउने मैले त्यहाँ एक जना पनि देखेको छैन। त्यसले मलाई त्यसैले होला अनौठो मानेर हेरेकी। ऊ अगाडि बढ्दै गई। उसको अनुहार र पछाडिको आकृति दुरुस्त मलाई पार्वतीजस्तै लाग्यो। फरक यति थियो, पार्वती र यस केटीमा धोती लगाएकी पार्वती गाग्री बोकेर म उसलाई ढुकेर बस्ने बाटो गरी जाने गर्थी र म उसलाई जिस्काउने गर्थें। यो केटी

प्यान्टकमिज लगाएर कुकुर डोऱ्याएर म बसेकै बाटो गरी गइरहिछ। अनुहार भने दुवैको उस्तैउस्तै रहेछ। यौवनकालकी मेरी पुरानी प्रेयसी पार्वतीको सम्झनाले मेरो हृदयको तारलाई झङ्कृत पार्न लाग्यो र मलाई त्यही पुरानो समयमा पुऱ्यायो। मनले दोहोऱ्याएर तिनै शब्द बोल्यो– 'ए पार्वती, किन त्यसरी मस्कीमस्की गाग्री लिएर हिँडेकी। मतिर एक चोटि हेरिदिऊ न। माया गर्ने मान्छेसँग एक फेर बोलिदेऊ न।' आफै झसङ्ग झस्केर ब्युँझिएझैँ भएँ।

म मेरो देशमा होइन, खाडीको देशमा थिएँ। फेरि पनि मलाई यही महसुस भयो। मध्यदिनको सुर्जेले आफ्नो प्रकाश अराजकताले फैलायो। प्रचण्ड, उग्र र सहन मुस्किल पर्ने घाम मेरो शिर र ढाडमा सिधा पर्न गयो। आफ्नो देशको घामले धेरै त न्यानो नै गराउँथ्यो। अरबको घाम टाउको लुकाउने ठाउँ पनि कतै नभएको ठाउँतिर एक्लै हिँड्दै थिएँ म। शरीर मात्र होइन, मेरो मन पनि त्यति नै थाकिसकेको थियो। साथमा आफ्नी बूढीलाई लिएर हिँड्नुपर्ने रहेछ। उसको कचकच र गनगनले भए पनि मेरो मन त बहकिन्थ्यो। बस र अन्य गाडी खजुरका बोटपारि सडकतिर हुइँकिँदै थिए। एक मन त लाग्यो, त्यो बस कहाँ रोक्दो रहेछ, त्यही चढेर कतै पर ओर्लिऊँ र घुमफिर गरेर आऊँ; तर मध्यदिन ढल्कने क्रममा थियो। मलाई त्यसो गर्ने आँट वा हौसला पनि भएन, किनकि फर्कंदा अबेर भयो भने बाटो भुल्ने डर हुन्छ। यति ठूलो सहरमा हराएर अलपत्र परियो भने बेइज्जती हुन्छ र फेरि त्यही छोरालाई खोज्न दुःख हुन्छ। मेरो मन बसको यात्राको योजनाबाट हटेर यही सुक्खा भूमिमा टेक्न पुग्यो। एउटा टहराको छायामुनि म थचक्क बसेँ केही थाकेर र केही तिर्खाएर अनि भोकाएर पनि। छोराको डेरातिर लाग्ने मन पनि भएन। कोठाभित्र कैदीजस्तो भएर बस्ने इच्छा पनि भएन। बूढीले बूढो यति बेलासम्म पनि आइपुगेन भनेर झोक्राइरहेकी होला। बालुवाको सानो ढिस्को थियो त्यहाँ। त्यो बालुवा हातले खेलाउन थालेँ। खेलाउँदाखेलाउँदै केही राम्रा बान्की परेका सेता र अलिअलि रङ्गीन केही सिपी पनि भेटेँ। केटाकेटीजस्तो भएर म ती सिपी जम्मा गर्न थालेँ। के देखेर हरियाली मुलुकका मानिसहरू यो मरुभूमिमा आउँदा होलान्। म त यहाँ सिपीसिबाय मोती कहीँ पनि देख्दिनँ। सायद त्यो खाडीको पानीमुनि होला। छोरासँग हामी त केवल किनारसम्म रमाएर साँझ बिताएका थियौँ। त्यहाँ पनि सिपी नै थिए। सोधेको थिएँ छोरालाई– "त्यो समुद्रको पानीमुनि मोती होला हगि बाबू?"

"बुबा पनि कस्तो कुरा सोच्नुहुन्छ। सतहमा मोती कहाँ भेटिन्छ त?"

मलाई फेरि पनि सोध्न त मन लागेको थियो, यो अरबको खाडी देशमा नेपाली छोराछोरी त्यही मोती भेट्न त ओइरिएका होलान् नि। मोती भनेको आफ्ना कमाइको रुपियाँपैसा त होला नि। थाकेर म त्यहीँ थचक्कै बसेँ। म्युनिसिपालिटीको जिप आएर

मेरो अगाडि रोकियो। मलाई अलिअलि डर लाग्यो। यसले मलाई अनौठो पहिरनमा देखेर केही शङ्का मिसिएको प्रश्न गर्न लाग्यो कि क्या हो? उसले दुई वाक्य बोल्यो। मैले बुझिनँ र केही सुनिनँ पनि। उसले दोहोऱ्यायो तैपनि बुझिनँ। उसले अझ ठूलो स्वरले तेहेऱ्यायो। अहिले चाहिँ सुनेँ। ऊ मलाई विनीत भावमा हिन्दी भाषामा सोध्दै थियो– "म यो गाडी केही बेर यहाँ रोक्न सक्छु? तपाईंलाई कुनै बाधा त पर्दैन?"

मैले नजानेरै टुटेफुटेको हिन्दीमा अर्थ लाग्ने गरी सहमतिको बोली बोलिदिए। ऊ त्यो गाडी त्यहीँ रोकेर पर कतै पैदल गयो र केही छिनमा फर्केर आफ्नो गाडी लिई गयो। ऊ पाकिस्तानी मूलको मानिस थियो भन्ने मैले अनुमान लगाएँ, किनकि उसको हिन्दी शुद्ध नभएर उर्दू मिसिएको थियो जस्तो लाग्यो। अधिकांश मानिस अरबी, हिन्दी र उर्दू बोल्दा रहेछन् यहाँ। त्यो मान्छे गएपछि त्यही बालुवामा एकैछिन टहराको छहारीमा पल्टिने मन थियो, तर अलि अप्ठ्यारो लाग्यो र पल्टिनँ। बिस्तारैबिस्तारै हिँड्दै अलि परसम्म पुगेँ। त्यहाँ लामो खाल्डो खनेर बसेका केही श्रमिक देखेँ। उनीहरूसँग टुटेफुटेको हिन्दीमा बोल्न थालेँ। ती पाकिस्तानी, भारतीय र मलेसियाली श्रमिक रहेछन्। सबैले हिन्दी बोले। मैले पनि आफ्नो परिचय र बसेको नजिकैको घर र छोराका बारेमा बताइदिएँ। मानिसहरूसँग कुरा गर्न पाउँदा मलाई खुसी लाग्यो। मानिस देख्न त यहाँ बजार, मल, होटेल, समुद्रको किनार आदिमा पाइने रहेछ; त्यै पनि धेरै मानिस हेर्न त सरकारी छुट्टीको दिन मात्र। यति ठूलो सहरमा म यस्तो अनुभव गर्दै थिएँ– मलाई एउटा मरुभूमिको टापुमा एक्लै छाडिदिएको छ र म आफ्नो अस्तित्व र जीवनशैलीले यस टापुसँग मुकाबिला गर्दै छु। आकाशतिर फर्केर हेरेँ। अलिअलि अँध्यारो हुँदै थियो। गुलाफी, प्याजी र सुन्तला रङको क्षितिज पर फिँजिएको देखेँ। बिरानो बालुवाको टापुमा एक्लै छाडिएको स्वैरकाल्पनिक मनस्थितिबाट कसरी हो आफैबाट अकस्मात् उद्धार भएर उज्यालो र उन्मादपूर्ण क्षितिजमा अवतरित भएँ। यति बेला त छोरो पनि अफिसबाट फर्क्यो होला। मनले सोच्यो– अब घर फर्कन्छु। गोडाहरू त्यतैतिर लागे। वातावरणमा गर्मी र सुक्खापन घटेर हराउँदै थियो। शरीरको तापक्रम पनि ठिक्क हुन थाल्यो। धारिलो हत्यारा घामको अस्त भएछ। झमक्कै साँझ परेछ। यो अपरिचित वातावरणको एउटा अपरिचित मान्छे भएर म लुरुलुरु छोराको डेरातिर फर्कने क्रममा थिएँ। सेतो गोमन सर्पजस्तो बालुवाको बाटो हुँदै झमक्क साँझमा आफ्नो पुरानो लहडी हिँडाइमा घरतिर हिँड्न थालेँ। क्षितिजपारिको सुर्जेको चमकको कुनै अस्तित्व थिएन, तर पनि त्यसको तेजिलो राप बालुवामा थियो नै र केही मात्रामा वातावरणमा पनि। यो जाडोको मौसम भएर। गर्मी भए त के खपिसक्नु हुन्थ्यो र? गाउँघरमा भए कसैले 'माहिला बा कता गएछन्?' भनी सोध्दा गाउँलेले उँभो गा छन् वा उँधो गा छन् वा तल्लो गाउँ, माथिल्लो

गाउँतिर गएको देख्या थियौँ भन्ने थिए होलान्। यहाँ त कसैलाई पनि कसैको मतलब वा चासो छैन। एउटै लिफ्टमा चढ्दा-ओर्लंदा पनि एकअर्कासित चिनजान छैन, बोलचाल छैन। कोही नेपाली देखेर बोलिहाले पनि एक अपरिचित अर्को अपरिचितसँग बोलेझैँ। गोधूलिको एक्लो गाईझैँ झमक्कै साँझपख लखरलखर फर्कंदै थिएँ।

कोठामा मलाई निसाश लाग्छ। थुनिएको कैदीझैँ लाग्छ। ८०२ नं. को कैदी। हामी पस्ने कोठाको ढोकाबाहिर ८०२ लेखिएको छ। गोडा बालुवामाथि भए पनि मन भने कोठासम्म पुगिसकेको थियो। घर छाडी पराईको तापिलो मुलुकमा सुख खोज्नु छोराको भ्रम थियो। विदेशी बालुवामा कागजको खोस्टासँग बौद्धिक श्रम साट्नु छोराको बेबकुफी थियो। त्यसैमा जान्नेसुन्ने र धनी भएर रमाउनु झूट र भ्रम थियो। कति त विदेशी माटोमा ढोकेपाले बनेर र रगतको फोहरा बगाउने सिपाही बनेर अवहेलित पनि भएका छन्। कसलाई दोष दिने? व्यवस्थालाई? व्यक्ति स्वयम्लाई? आमाबाबुलाई? संहारकारी नयाँ संस्कृतिलाई? भौतिकवाद फैलिएको आगोको ज्वालालाई? ठूलो घर र महँगा गाडीलाई महान्ता दिने बदलिँदो सहरी सभ्यतालाई? आफ्नो देशको माटोको सपनाले फुस्रा आँखा पारिरहेछन्। विरक्त भएर हल्का अँध्यारो हुन लागेको बाटोमा म थकाइ र भोकले एउटा सानो ढुङ्गामा ठेस लागेर झन्डैझन्डै लड्न लागेको थिएँ। अपर्झट आफूलाई सँभालेँ र फेरि आफ्ना पाइला अघि बढाएँ। धमिलो वातावरणमा परबाट एउटा गाडी यतैतिर आइरहेको देखेँ। यो ठाउँमा प्राय मोटर आइरहँदैन। छोराको गाडीजस्तै लाग्यो। नभन्दै हो रहेछ। मेरो नजिकै त्यो ठूलो गाडी अकस्मात् रोकियो। गाडीभित्रबाट एउटा खैरो सुट लगाएको मानिस ओर्लेर अप्रत्याशित रूपमा मेरो दाहिने हात समायो। अचम्म मानेर पुलुक्क उसको अनुहार हेरेँ। ऊ अर्को कोही नभएर आफ्नै छोरो रहेछ। रिसले चुर भएर चिच्यायो– "हामीलाई किन यसरी आतेसमा पारेको? तपाईंलाई खोज्न हामी कहाँ पो पुगेनौँ? तीन घण्टा भयो गाडी लिएर यो सहरमा घुमेको। पुलिसलाई पनि खबर गरिसक्यौँ।"

गाडीबाट मेरी बूढी पनि ओर्ली र मेरो खुट्टो समातेर विह्वल भएर रुन लागी। मैले केके न अपराध गरेजस्तो। म यो उमेरको बूढो मान्छे कहाँ जान्थेँ र? तरुनी ठिटी भए पनि एउटा कुरा। तिललाई त्यसै पनि पहाड बनाउँदा रहेछन्। पाखुरामा समातेकोसमात्यै छोराले मलाई गाडीभित्र हुल्यो। नगरेको अपराध करकापमा परेर कबुल गरेझैँ म मुन्टो निहुऱ्याएर गाडीभित्र पसेँ। गाडी गन्तव्यतिर कुद्यो। अघिल्लो सिटमा मोटर हाँक्दै गरेको छोरासँग नजिकै सिटमा बसेकी बुहारी छोरालाई उजुरी गर्दै थिई– "मैले त भनेकै थिएँ नि तिमीलाई यिनीहरूलाई हामीकहाँ नल्याऊ भनेर। खुब ठूलो सहर देखाउन ल्याएका होइनौ? काठमाडौँको सहर देखिहाल्या थिए। त्यति भए पुगिहाल्या थियो नि यिनीहरूलाई!"

छोरो– “बाआमाले तेरो सुनको सहर र तँ बसेको ठाउँ हेर्ने हाम्रो धोको छ भन्नुभयो अनि त झिकाएको नि! अबको चार दिनमा त गइहाल्नुहुन्छ नि! हामीले सबै ठाउँ हरेक साँझ घुमाउन लगेर देखाइसक्यौँ। अब त्यही एउटा डुङ्गा चढेर क्यानल (नहर)-पारि गई सुनका पसलहरू त देखाउन बाँकी छ नि!”

बुहारी– “सुन चाहिँ किनिदिने होइन नि त्यहाँको। देखाइदिने मात्र। सुन पनि किनेर साध्य हुन्छ? हामीलाई कस्तो डिस्टर्ब भइराख्या छ यिनीहरू बसेर। भान्छा र कोठा त्यत्तिकै फोहोर हुन्छ।”

छोरो– “तिमीले सफा गर्नुपर्‍या छैन। तिमीले पकाउनुपर्‍या छैन। तिमीले माझ्नुपर्‍या छैन। तिमीलाई केको पीर? सधैँ होटेलमै खाना खुवाउने र होटेलबाटै घरमा खाना मगाउने गरेको छु। घरमा त आमाले त्यही चियासिया पकाउने मात्र त हो नि!”

बुहारी– “कति पाल्नु यिनीहरूलाई? आफूलाई नयाँ डिजाइनको सुनको चुरा किन्ने पैसा त यिनीहरूलाई खुवाउँदै र डुलाउँदै सिद्धिसक्यो।”

छोरो– “कति लाउँछ्यौ सुनको चुरा? नाडीदेखि कुमसम्म भइसक्यो। अझ पुग्या छैन? मेरा बाआमाको केको पीर गर्छ्यौ? तिमीले खर्च गर्नुपर्‍या छैन।”

बुहारी– “हेर है! आमालाई सुनको चुरा किनिदियौ भने म तिमीलाई डाइभोर्स गरिदिन्छु।”

छोरो– “कैले आमालाई सुनको चुरा किनिदिन्छु भनेँ र? तिमीलाई कहिले भन्या छु? भन त? कस्ती अबुझ मान्छे होला।”

बुहारी– “सुटुक्क आमाको ब्यागमा पैसा हालिदिने होला।”

छोरो– “हाल्दिनँ बाबा, म हाल्दिनँ। तिमी ढुक्क भएर बस।”

मैले उनीहरूको कुरा सुनिनँ वा वास्ता गरिनँ। मेरा आँखाभरि र मनभरि भने जति हिँडे पनि नसिद्धिएको मरुभूमिको बलौटे जमिन मात्र थियो। आँखाभरि-मुटुभरि बालुवा नै बालुवा। मेरो ढालजस्तो छातीले जिन्दगीका सङ्घर्षहरू, कैयौँ आँधी र छालले झापड हिर्काएको खोलाको दर्शन ढुङ्गाझैँ सामना गरी आएको थियो। अहिले यो शरीर र मनसँग छोराले अपराधीझैँ व्यवहार गरेको देख्दा अप्रत्याशित रूपमै यो मन भित्रदेखि नै तर्सिएर कामेझैँ भयो। यति बेला मलाई लाग्यो, म साँच्चै बूढै भइसकेछु। मेरो शरीर र मन अलिअलि काँपेजस्तो भयो। छोराले हाँकेको गाडी लामो र खुला देखिने आठ लेनको सडकमा बेतोडले कुदिरह्यो। गाडीको द्रुत गति देखेर मन काँप्न थाल्यो। हामी यहाँ नभएको बेलामा कतै अनिष्ट वा दुर्घटना पो हुने हो कि? गाडी यस्तरी अति नै छिटो हुने गरी कुदाउँदो रहेछ छोराले। मैले भगवान्सँग पुकारेँ– ‘भगवान्, त्यस्तो अनिष्ट त कहिल्यै नहोस्। भोक र तिर्खाले होला, छोरो बुहारीको नबुझिने आवाजको बीच म

आवाजहीन भएछु। मेरा इन्द्रियहरू कमजोर र अशक्तझैँ भए। यस्तो अवस्थामा पनि बुहारीको खरो आवाज सुन्न पुगेँ।

बुहारी– "बुबा जुत्ता नै नझारी गाडीभित्र पस्नुभयो। गाडीभित्र बालुवैबालुवा पस्यो होला। त्यो कसले सफा गर्ने हो नि?"

छोरो– "सधैँ जसले गर्ने गरेको छ त्यसैले। म गरिहाल्छु नि।"

ओहो, कस्तो समय आयो? मेरो सारा अस्तित्व बुइँगलको भान्छामा भरी गाग्री पोखिएको पानीझैँ छताछुल्ल भयो। आँधीबतासले झैँ हृदयको खाँबो हल्लियो। जिन्दगीको समय बौलट्ठी सपनाको उडानझैँ भयो। आफ्नै जिन्दगी आफैलाई अर्काको झैँ भयो। अन्याय र अत्याचारका शब्द र व्यवहारहरू एउटी तपस्वी धरती माताले झैँ सहेर निहुरी बसिरहेकी त्यस मरुभूमिमा एकमात्र मानवीय आत्मा मेरी अर्धाङ्गिनी थिई। ऊ मसँगै मलाई बलियो गरी अँठ्याएर बसिरहेकी थिई मलाई हराउन नदिएझैँ गरी। अगाडि सिटमा बसेको छोरो र बुहारीलाई हेरेँ। अकस्मात् हावाहुरीले आफूसँग ल्याएको बालुवा मेरो आङमा छ्यापेजस्तो भयो। गाडीका ऐनाहरू बन्द थिए। मन्द एसी निरन्तर आफ्नो गतिमा चलेर चिसो हावा फ्याँकिरहेको थियो। आत्मीयतामा सम्बन्धहरूलाई घामको चाप र बालुवाको तापले जलाएर भस्म पार्दै गइरहेको र त्यसपछि पानी खन्याइएको निसास्सिने भान भयो। मेरो मुखबाट निस्कन सक्ने सम्भाव्य शब्दहरू त्यसैत्यसै विलय हुँदै गइरहेका थिए। मभित्र हरियाली र मरुभूमिले आपसी युद्ध गर्दै थिए। हरियालीले आफ्नो अस्तित्व जोगाउन खोज्दाखोज्दै पनि मरुभूमिले अग्नि रूप लिएर वनजङ्गल, बालीनाली मेरो मनभित्रै सखाप पार्ने कोसिस गरिदियो।

मलाई आफू मरुभूमिको पोल्ने आगोभित्र पिल्सिँदै गएझैँ अनुभव हुन लाग्यो। घर फर्कने दिन नजिकिँदै आइरहेथ्यो। छोटिँदै गएका बाँकी दिन गन्दै थिएँ। प्रत्येक दिन एक घटाउँदै गन्दै गर्न लागेँ र खुसी हुँदै गएँ। दुई कुराले खुसी हुन पुगेँ। पहिलो त छोरो खुसीले रमाएर बाँचिरहेको छ, दिन बिताइरहेको छ। म किन दुःखी हुने? दोस्रो चाहिँ ओहो, यो एउटा वैभव र सम्पन्नताबीच खाडीको बन्दी जीवनको यातनाबाट मुक्त हुन पाएँ। छोराले हामी बसेको गाडी हुइँक्याइरहेथ्यो। एकैछिनमा हामी बसेको घर आइपुगेछ। छोराले गाडी रोक्यो। म सद्दे मान्छे पनि रोगी मान्छेझैँ भएर श्रीमतीको भरोसामा बिस्तारै गाडीबाट ओर्लिएँ।

घर फर्कने दिन पनि आइपुग्यो। हामीलाई छोराले आफ्नो गाडीमा हालेर एयरपोर्ट पुऱ्यायो। यति बेला मलाई छोरासँग छुट्टिनुपर्दा दुःख लाग्यो र अत्यन्त खुसी पनि लाग्यो। परदेशबाट उन्मुक्ति पाएको खुसी! यो बलौटे भूमिमा फेरि फर्केर कहिल्यै पनि आउने छैन। छोरो त परदेशी भइसकेछ। रहनसहन, बोलीव्यवहार, आर्थिक सम्पन्नता र

अनुहारको शैली पनि– सबै कुरामा। एक मन खुसी पनि लाग्यो। मेरो कमिजको फेर समातेर मेरो पछिपछि लाग्ने छोरो आज पूर्ण रूपमा आत्मनिर्भर भइसकेछ। 'बाईबाई छोरा' भन्दै हात उठाएँ। त्यसकी आमा चाहिँ सुँक्कसुँक्क गर्दै थिई। मनले यही पुकारेँ– 'छोरा, तेरो मन फर्कियोस् र आफ्नो घर फर्किएर स्वदेशी छोरो नै भएर आफ्नै देशमा बाँचिरहेस्। बिदा परदेशी छोरा, बिदा!'

■

**एल. बी. छेत्री**

# बा, म पनि स्कुल जान्छु



दाजुहरूलाई आमाले तात्तातो भात पस्कँदै गरेको देखेर म दगुर्दै गएँ र थाल लिएर दाइहरूकै आडमा बसेँ।

"तैँले त अलिक पछि खाए पनि हुन्छ। दाइहरूलाई स्कुल जानु छ र पो नभर्सिंदै पस्किदिएको।" कान्छा दाइको थालमा दाल खन्याउँदै आमाले भन्नुभयो।

"नाइँ, मलाई पनि दिनोस्। म पनि स्कुल जाने हो।" लाडेपनसहितको मेरो जिद्दी सुनेर आमाका स्नेहिल आँखाले मतिर हेरे।

वात्सल्य प्रेमबाट अभिभूत आमाले मलाई पनि पस्किदिनुभयो।

भात तातो थियो, तर मलाई हतार थियो। छिटोछिटो गरेर दाइहरूभन्दा अघि नै खाएर जुठै हात भान्साबाट बाहिर आएँ र जुठेल्नामा राखेको अम्खोराको पानीले हात धोएँ र कोठामा पसेर टेबलमा राखेको एउटा कपी र सिसाकलम ट्याप्प टिपेर दगुर्दै तगारो काटी बाटामा निस्केँ। बाले कतै देख्छन् कि भन्ने त्रास थियो मनमा। घरमा पनि सैन्य शासन लगाउन खोज्ने हामी तीन दाजु र तीन बैनीका बा निकै कठोर थिए।

म तगारोबाहिर गई दाइहरूलाई कुरेर उभिइरहेँ। दाइहरूभन्दा अघि बा आए र मेरो हातबाट कपी खोसेर भने– "बाख्रा फुकाएर जा।"

एकछिन म रोएकी थिएँ। 'बा, पनि स्कुल जान्छु' भनेकी थिएँ। तर मेरा बाको विवेकहीन मस्तिष्कले मेरो स्कुल जाने चाहनाको मूल्याङ्कन गर्न सकेन।

२०२०/२१ सालताका नेपालका सबै बा यस्तै हुन्थे होला र? म किटानसाथ भन्न सक्दिनँ, तर धेरै बाहरू त्यस्तै थिए त्यसताक र ती धेरै बाहरूमध्ये एउटा बा मेरा पनि हुन्।

म १० वर्षकी थिएँ। एकादशीको दिन थियो। बिहानै बा मलाई र माहिली बैनीलाई लिएर गङ्गा स्नान गराउन देवघाट पुगे। देवघाट घुम्न जान पाएकोमा हामी दुवै दिदीबैनी निकै खुसी थियौँ। फर्कंदा राम, विष्णु र शिवको ठूलो मन्दिरमा पूजा गर्न पनि पसेका थियौँ। बाले धेरै बेर पूजा गरेका थिए र साथै हामी दिदीबैनीलाई पनि पूजा गरेर राम्रो आशीर्वाद माग्न निर्देशात्मक भाषामा कर गरेका थिए। माहिली बैनीले के मागी थाहा भएन र मैले सोधिनँ पनि, तर मैले आँखा चिम्म पारेर मनमनै भनेकी थिएँ– 'हे परमात्मा, तपाईंसँग मागेर के पाइन्छ? म त स्कुल जान चाहन्छु, धेरै पढ्न चाहन्छु। तपाईंले जस्तोसुकै आशीर्वाद दिए पनि हाम्रा बाले मलाई स्कुल पठाउन्नन् के रे। भो, भयो भगवान्, मेरो चाहना तपाईं पूरा गर्न सक्नुहुन्न। सक्नुहुन्छ भने मेरी बैनीका लागि माग्छु, उसले धेरैभन्दा धेरै पढ्न पाओस्।'

मभन्दा दुई वर्ष कान्छी मेरी माहिली बैनी तीन कक्षामा पढ्थी। सँगै खाना खाईवरी दुवै दिदीबैनीले मिलेर गाईबस्तु फुकाउँथ्यौँ र घरबाट अलिक परसम्म दुवै सँगै हिँड्थ्यौँ। भीमे चोकबाट ऊ स्कुलतिर लाग्थी, म गौचरनतिर। छुट्टिने बेलामा म भन्थेँ– "राम्रोसँग पढेस् है सुकू। भरे आएर मलाई सबै सिकाउनू नि फेरि।"

ऊ लजालु थिई, धेरै बोल्दिनथी, तर उसका आँखा बोल्थे र म बुझ्थेँ उसको मुखले बोल्न नसकेको भाषा। साँझ दिदीबैनी दुवै एकै ठाउँमा बसेर पढ्थ्यौँ। सेतो कागतमा लेखेका उसका सुन्दर अक्षरहरूलाई म मुसार्थें, म्वाइँ खान्थेँ, आँखामा छुवाउँथेँ र निधारमा लगेर प्रणाम गर्थें र मनमनै भन्थेँ– "योभित्रको सबै ज्ञान मेरो दिमागमा पसोस् हे सरस्वती माता!"

हाम्रो त्यो बेलाको ससानो जमिनदारी नै थियो। बा सामन्ती जमिनदारजस्तै थिए। हाम्रो पाँच बिघा जग्गा चितवनमा थियो भने सात बिघा नवलपुरमा। दुवै ठाउँको जग्गामा खेती व्यवस्थापन गर्न बालाई गाह्रो हुन्थ्यो र दाइहरूलाई पालैपालो नवलपुर जानुपर्थ्यो। पछि माहिला दाइले नवलपुरकै स्कुलमा भर्ना लिएर पढ्न थाल्नुभयो। दाइलाई कष्ट भयो भनेर बाले मलाई पनि नवलपुर नै पठाइदिनुभयो।

एक हूल गाई र एक हूल बाख्रा त्यहाँ पनि थिए। खाना पकाउने, भाँडा माझ्ने र गाई र बाख्रा हेर्ने काम मेरो थियो, तर साँझ माहिला दाइ पढ्न बस्दा म पनि उहाँसँगै पढ्न बस्थेँ। दाइले मलाई मन लाएर सिकाउनुहुन्थ्यो। म नवलपुर पुगेपछि माहिली बैनीको पढाइ छुट्यो। एकादशीको दिन देवघाटको गङ्गा स्नान गरी रामको मन्दिरमा मैले स्वच्छ मनले बैनीका लागि मागेको वरदान भगवान्ले पूरा गर्न सकेनन्। मन्दिरको जेलखानामा कैद भएर बसेका भगवान् कति निरीह हुँदा रहेछन् मैले बुझेँ। बैनीको

पनि स्कुल जाने क्रमले विश्राम पायो। मेरो ठाउँमा घरका गाईबाख्रा लिएर बैनी गौचरन जान थाली।

म नवलपुरबाट घर आएकी थिएँ र बा केही किनमेलका लागि नारायणगढ बजार जान लाग्दा मलाई पनि बजार घुमाउन लगेका थिए। मेरो र बैनीका लागि नयाँ लुगा किन्न मलाई नै रोज्न लगाए। मन परेका दुई वटा सुट रोज्न म निकै खुसी भएकी थिएँ– मलाई हरियो रङ्को र बैनीलाई पहेँलो। फर्कंदा घाम ढल्किसकेको थियो। गाउँमा पुगेपछि हाम्रो घर पुग्नुअघि बाटोमा हाम्रा पुरोहितको घर पर्छ। उनको नाउँ रत्नप्रसाद उपाध्याय थियो। उनले गाउँघरमा पूजा कर्म गराउँथे र उनलाई सबैले सम्मान गर्दै पुरोहित बाजे भनेर सम्बोधन गर्थे। उनी हाम्रो घर आइराख्थे र म उनलाई रत्न काका भनेर बोलाउँथेँ।

बरन्डामा पुरोहितका दुवै छोरी गुन्द्रीमा बसेर पढ्दै रहेछन्। मैले दुवैलाई चिनेँ– बिपना र सम्झना। हामीभन्दा उनीहरू फरक थिए। उनीहरू दुवै बैनी काँधमा किताबकपीको झोला झुन्ड्याएर स्कुल जान्थे। हामी दुवै बैनी गोठबाट गाईबाख्रा फुकाएर हातमा लट्ठी लिई गौचरनतिर लाग्थ्यौँ।

केही दिनअघि मात्र पुरोहित हाम्रो घरमा रुद्री, पुटक र सत्यनारायणको पूजा गराउन आएका थिए। रत्नप्रसाद काका मलाई निकै मन पर्थे, किनभने उनी आफ्ना छोरीहरूलाई पढ्न स्कुल पठाउँथे। मनमनै म सोच्थेँ– 'यस्ता पो बा! हाम्रा बा त हामीलाई गोठालो मात्र बनाउँछन्। बिपना र सम्झना ठूला भएर मास्टर्नी बन्ने छन्। उनीहरूको बिहे पढेलेखेको केटासँग हुने छ। हाम्रा बासँग धेरै धनसम्पत्ति र जग्गा भएर के गर्ने? धेरै पढेको मान्छेले त हामीसँग बिहे पनि गर्ने छैन।

पूजाभरि अराएको काम गर्दै यस्तैयस्तै कुरा सोच्दै हिँडेकी थिएँ म। पूजापछि दानदक्षिणामा उठेको पैसा र फलहरू त रत्न काकाले आफै लगेका थिए, तर पूजामा उठेको सिमेन्टको बोराको चामल साइकलमा हालेर कान्छा दाइले पुऱ्याइदिएका थिए।

बाले भने– "नानी, तँ घर जाँदै गर्, म एकछिनपछि आउँछु।"

मैले हुन्छ त भनेँ तर बरन्डामा बिपना र सम्झनलाई देखेर उनीहरूतिर नै आकर्षित भएँ। एकछिन म उभिइरहेँ उनीहरूले बस्न भन्छन् कि भनेर तर भनेनन्। 'म पनि बसूँ है' भन्दै म उनीहरूको आडमा बसेँ। दुवै बैनी किताब हेरेर कपीमा केही लेख्दै थिए। बिपना मेरै उमेरकी थिई र पाँच कक्षामा पढ्थी। सम्झना कान्छी थिई। कतिमा पढ्थी, मलाई थाहा थिएन।

"तिमी कतिमा पढ्छ्यौ सम्झना?" मैले सोधेकी थिएँ।

ऊ केही बोल्नुअघि नै बिपनाले भनी– "किन चाहियो र?"

"तेत्तिकै सोधेकी नि! तिमी त पाँच कक्षामा पढ्छ्यौ, मलाई थाहा छ।" मैले बालसुलभ स्वभावमै भनेँ।

"कसरी थाहा पायौ म पाँचमा पढ्छु भनेर?" उसले अलिक तीखो स्वरमा सोधी।

"अस्ति हाम्रो घरमा पूजा गराउन आउँदा रत्न काकाले भन्नुभएको थियो।"

"भइगो, भइगो। तिमीहरू धेरै धनी छौ, थाहा छ। हाम्रा बा... तर तिमीहरू स्कुल जान्नौ केरे?"

मैले बिपनाले के भन्न खोजेकी, नबुझेकी होइन। बा पुरोहितसँग कुरा भ्याएर फर्के। 'जाऔँ छोरी' भन्दा म गुन्द्रीबाट उठेँ। बिपनालाई केही भन्न चाहन्थेँ, तर भनिनँ।

बाटोमा आउँदै गर्दा बासँग सोध्न मन लागेको थियो– "बा, तपाईंले हामीलाई स्कुल किन नपठाएको?" तर सोधिनँ।

बा र म घर पुग्यौँ। घरका सबै सदस्यले कपडाको पोको फुकालेर आआफ्नो लुगा हेर्न थाले। मलाई बाले किनिदिएका नयाँ लुगा लगाउन मन लागेन।

■

**उषा शेरचन**

# फ्ल्याट नम्बर आठ



हाउजिङ अपार्टमेन्टको आठौँ तलाको आलिसान फ्ल्याट। तीन युवाको सानदार बसाइ। तीन बेडरुम, हल, किचेन र एउटा बाथरुम। खाना त पाक्दैन त्यहाँ। प्रायः उनीहरू बाहिरबाहिरै खाएर आउँछन्। कहिलेकाहीँ चियाकफी या हल्का ब्रेकफास्ट भने बन्छ।

तीन जनै क्याम्पस पढ्ने विद्यार्थी। बिहानी सत्रको क्याम्पस जान्छन्। र, दिनभर उनीहरू गायब! साँझ परेपछि भने सबै आउँछन्। सबैसँग आआफ्नै साँचो भएकाले कसैलाई कसैले ढोका खोलिदिनुपर्दैन। आआफ्नो समयमा ढोका खोल्छन्, भित्र पस्छन्। मन लागे हलमा राखेको एलसीडी टीभीमा मन परेको च्यानल हेर्छन्, नत्रभने सिधै आफ्नो कोठामा भित्रिन्छन् र मोबाइलमा मस्तिन्छन्। उनीहरू घर भाडा, पानी, बिजुली र वाइफाईको बिल तीनै जना मिलेर दामासाहीले तिर्ने गर्छन्। खानाको खर्च भने आआफ्नै।

खाइलाग्दो जीउडाल। हिरो वा मोडलजस्तो ठाँटबाँट। गाउँबाट आएजस्ता पनि देखिन्नन् उनीहरू। सहरका धनीमानीका छोराहरूजस्ता लाग्छन्। सबैसँग एप्पलको

ल्यापटप अनि हातहातमा आइफोन छ। नाडीमा सलमान खान स्टाइलको ब्रासलेटसमेत लगाउने गर्छन्।

क्याम्पसको महँगो फिस, फ्ल्याट भाडा, मोबाइल अनि अहिलेको महँगीमा खानामा पनि कम पैसा खर्च हुन्न। तर केटाहरूलाई सबै पुगेकै छ। त्यति मात्र कहाँ हो र? सबैसँग एकएक वटा पल्सर बाइक पनि छ। दसपाँचे जागिर पनि गर्दैनन्, तर काठमाडौँको महँगीमा यस खाले लोभलाग्दो बसाइ छ उनीहरूको। क्या अचम्म!

आज शनिबार, तीनै जना घरमा छन्। नुहाउँछन्, आआफ्नो कपडा वासिङ मेसिनमा धुन्छन् र ब्रेकफास्ट खाइसकेपछि ठूलठूला मगमा कफी भरेर डाइनिङ टेबलमा बस्छन् र गफिन थाल्छन्।

"के छ ब्रो तेरो खबर?"

"के हुनु नि? उही हो। तेरो नि?"

"मेरो पनि खास केही फरक छैन। तर अलि टेन्सनमा छु ब्रो!"

"मस्तले पैसा कमाइरहेकै छन्। पढिरहेकै छस् र अझै घरमा समेत पठाउने गर्छस्। हामीलाई भन्दा तँलाई मोज छ। अनि जसलाई बढी मोज उसैलाई टेन्सन रे! क्या दिन्छ ब्रोले पनि बेलाबेलामा।"

"नकरा! तिमीहरूलाई झन् मलाई भन्दा बढी गजब छ। कहिले यो डाली, कहिले त्यो। आजाद पन्छीहरू। आफू त पिँजडामा कैद सुगा न परियो!"

"अनि पैसा चाहिँ कसले बढी कमाउँछ? महँगो घडी, सुनको दाम्लो जत्रो चेन, अर्को नाडीमा ब्रासलेट त्यही पनि चाँदीको नभई असली यूँ राखेको ह्वाइट गोल्डको। त्यो यूँ कति महँगो छ भनेर थाहै छ तँलाई। अनि हिराको औँठी!"

"त्यही त यार, ब्रोले मान्छे पनि हिरै भेटेको नि हगि?"

"हिरामा पनि कोहिनुर नि।" अर्को प्याट्ट बोल्यो।

"नकरा न ब्रो। आज यसकै कुरा सुनौँ। ल भन् तेरो कोहिनुर कहानी। तेरो टेन्सनको कुरा सुनौँ। हाम्रो पनि कथा हालौँला।"

पहिलो ब्रोको कोहिनुर कथा अघि बढ्छ।

"अरू के हुनु र? बाउआमालाई राम्रो प्राइभेट कम्पनीमा काम गर्छु भनेर बिहान कलेज जान्छु भनेको छु।"

"ठीकै हो त ब्रो! यसमा टेन्सन कहाँ घुस्न आयो त नि फेरि?"

"टेन्सन मैले के भनेको छु भन्ने होइन। टेन्सन त बाबुआमाले मेरो बारेमा बखान गरेर गाउँभरि गफ चुट्दै हिँडिदिनुभएकाले भएको हो। फुर्ती गर्ने कुरा पनि हो। मैले पठाएको पैसाले खरको छाने घर टिनवाला बनेको छ। दिदीको बिहेबारी पनि गरियो।

दिदीभिनाजुको सानो पसलका लागि सहयोग पनि गरेको छु। खासमा अस्ति बाबुआमा, दिदीभेनालाई काठमाडौँ झिकाई होटलमा राखेर मोटरमा पूरै घुमाइदिएकाले चाहिँ अलि बढी चुरीफुरी बढेको हो मेरा आमाबाको ।"

"अँ, साँच्चै त्यो मोटर पनि कोहिनुरकै निगाह हैन?"

"हो नि, नत्र मैले कहाँबाट सक्नु र?"

"काठमाडौँबाट गाउँ पुगेपछि केटी दिनेको ताँती लागेछ। उताबाट पनि यताबाट पनि कुरो आएर हैरान पारेपछि बाउआमाको किचकिच मतिर सुरु नि यार! त्यसको चाहिँ बढी टेन्सन भको छ।"

"अनि बिहे गर् भन्दैमा के भो त नि? उमेर त पुगेकै छस्।"

(तीन युवा सेवा कार्यमा संलग्न छन्। महिला ग्राहक सेवा। कोहिनुर सेवामा मस्त-व्यस्त युवाहरू। तर गुनासो बढ्दै छ आफैप्रति या कामप्रति। र, आज यसरी मन खोल्दै छन्।)

"तर टेन्सन छ यार टेन्सन! काठमाडौँ आएदेखि उनैलाई चिनियो। उनैसँग बसियो। भलै मभन्दा पाको उमेरकी हुन् कोहिनुर। तर मेरो पनि अचेल अरू युवतीमाथि मन जाँदै जाँदैन! सायद माया लाग्न थालेको छ उनको।"

"तँ त यार बडो भाग्यमानी! एक जनालाई चित्त बुझाएपछि दिन बन्यो।"

"हो नि यार! ब्रो त वन्ली वान ह्यान्ड मायालु पार्टनर। हामीजस्तो धेरैलाई चित्त बुझाउँदै वा दिनदिनै ग्राहक खोज्दै हिँड्नुपर्ने बाध्यता छैन।"

"त्यो त छैन तर बिहानै उठेर व्यायाम गर, जिम जाऊ भन्छिन्। शरीरलाई फिट राख्न काजू, बदाम, अण्डा, फलफूल खाऊ भन्छिन्। राम्रोसँग ब्रेकफास्ट लिनका लागि छुट्टै पैसा दिन्छिन्। महँगो कपडा, मोबाइल, ल्यापटपदेखि जुत्तासम्म उनैले किनेर दिन्छिन्। तर त्यसको बदलामा उनीबाहेक अरू कसैसँस हिँड्न नपाउने सर्त राखेकी छन्।"

उसको कुरा नसक्दै अर्काले सुरु गऱ्यो–

"आफ्ना त ब्रो करिबकरिब आधा दर्जनजति छन्। सबैलाई मस्तले खुसी पारिएको छ। आफूले पनि बेग्लाबेग्लै ज्यानसँग भरपुर आनन्द उठाइन्छ। मुठै पैसा पकेटमा हालिन्छ अनि हिँडिन्छ। त्यसैबाट भनेजस्तै जीवन चलेको छ। गाउँमा घरखर्चसमेत पठाएर भविष्यका लागि केही रकम सेभ पनि गरेको छु ब्रो! नत्र त यो कङ्क्रिटको जङ्गलमा यस्तो महँगी धानेर यसरी बाँच्न कहाँ सकिन्थ्यो यार? बेवारिसे मरिन्थ्यो

उहिल्यै। गाउँका किसान बाउआमाले मलाई काठमाडौँमा खर्च पठाईपठाई कहाँ पढाउन सक्थे यार! यो उमेरदारी ज्यानले खोजेको पनि पाइने, बदलामा पैसा पनि। खासाकै धन्दा हो ब्रो यो त। त्यसैले मेरा लागि त उनीहरू सबै भगवान् हुन् यार!"

"आफ्नो त अरूसँग हिँड्यो भने एकदमै रिसाउँछिन्। थप खर्च कति चाहिन्छ भन भन्छिन्। अरूसँग गए थप कमाइ त हुन्थ्यो, तर भलपानीझैँ हुन्छ फेरि ह्वात्तै आउने, ह्वात्तै सुक्ने। उनी त अविरल बग्ने गण्डकी हुन् मेरा लागि। त्यसैले पनि कतै जान्नँ म त ब्रो!"

तेस्रोले थप्यो–

"हाहाहा...। हाम्रो ब्रो त एक नारी ब्रह्मचारी भइहाल्यो। आफ्नो त तिमीहरूको भन्दा बेग्लै छ कथाव्यथा यार!"

"अब पालो तिम्रै हो यार! लौ सुनौँ तिम्रो रामकहानी।"

"के हुनु साथीहो! तिमीहरूको जस्तो परमानेन्ट ग्राहक छैन यार मेरो। यी यो मोबाइल जिन्दाबाद! फोन आएपछि नुहाइधुवाइ, चट्ट भएर तोकिएको ठाउँमा जाने हो, सेवा दिने हो अनि ग्राहकको स्तर हेरीकन १० हजारदेखि ४०–५० हजारसम्म पनि रेट हान्ने हो। मेरा ग्राहक भनेकै प्रायः सम्भ्रान्त महिलाहरू हुन्छन्। धेरैजसो लोग्नेबाट सन्तुष्टि नपाएका, समलिङ्गी स्वभाव भएका पुरुषका श्रीमतीहरू, एकल महिलाहरू, स्वतन्त्र जीवन जिउन चाहने महिलाहरू र कोहीकोही विदेशी पर्यटकहरू पनि हुने गर्छन्। सेवा दिएबापत पाउने रकम त भइहाल्यो, त्यसबाहेक धेरै खुसी हुनेहरूले बक्सिस पनि दिन्छन्। कहिलेकाहीँ त भ्याइनभ्याइ हुन्छ र लखतरान परिन्छ। कहिले भने सुक्खाराम भएर हाई काढ्नुपर्ने हुन्छ। यही कमाइले घरमा भरथेग गरेको छु। घर बनाउँदाको ऋण पनि अब करिबकरिब तिरिसकियो। आमाबाबु दुवै रोगी छन्, औषधीमुलोमा खर्च पनि उत्तिकै छ। बुहारी भित्र्याउनुपर्‍यो, भएको एउटा छोराको पनि कर्म नचलाई जाने भइयो भन्ने गनगन चलिबस्छ। तर आफ्नो ताल भने यस्तो छ ब्रो! घरमा भन्ने कुरो आएन।"

"हो नि ब्रो! हामीले बिहे गर्नु भनेको स्वास्नीप्रति विश्वासघात गर्नु हो। त्यही भएर त टेन्सन भएको नि मलाई।"

"अँ त ब्रोको टेन्सनबारे कुरा हुँदै थियो। हाम्रो पनि मिसियो हगि?"

"मेरो त पहिलो ग्राहक नै उनी। कहिलेकाहीँ फाट्टफुट्ट कतै गएँ होला, नत्र त तिनकै मात्रै भएर सेवा दिइरहेको छु। उनको लोग्ने मरेको हुनाले मै हुँ अब त उनको चाहना पूरा गर्ने। तर लामो सहवासपछि भने आफ्नै श्रीमतीजस्तै पो लाग्दो रहेछ। माया पनि बस्दो रहेछ। अनि तिनलाई छाडेर अन्य केटीसँग बिहे गर्ने कुरा सोच्नसमेत कठिन

भएको छ। अहिले घरबाट बिहेको दबाव बढी नै आएपछि लास्टै टेन्सनमा छु ब्रो! के गर्नुगर्नु?"

"त्यो त हो नि! बिहे नै गरेर ल्याएपछि लोग्ने भनेको शारीरिक भोक मेटाउने साधन मात्रै त होइन नै। विवाह संस्थाको पनि आफ्नै नियमकानुन, मूल्यमान्यता र धर्महरू हुन्छन्। कुनै पनि स्वास्नीमान्छेले दुःखसुखमा साथ दिने, माया दिने इमानदार लोग्ने चाहेका हुन्छन्। तर यी सब हामीले श्रीमतीलाई दिन कसरी सकौँला र?"

"आमदानीको स्रोत अरू केही छैन। अन्य जागिर वा व्यापारव्यवसाय केही छैन। बाउआमालाई र बिहेपछि श्रीमती, छोराछोरीलाई पाल्ने कसरी? टेन्सनयुक्त छ जीवन।"

"हो त! हामी सबै लगभग उही समस्याग्रस्त मनस्थितिमा छौँ।"

"ए साथीहो, सुन न अर्को एउटा गजबको घटना।

"हाम्रो जस्तै काममा लागेका एक जना ब्रो छन्, तर उनी त विवाहित हुन्। उनकी श्रीमती, छोराछोरी र आमाबाबुसमेत सँगै बस्छन्। उनी राम्रो पढेलेखेका मान्छे, प्राइभेट कम्पनीमा राम्रो जागिर पनि थियो पहिले त। तर जुवाका लती उनको कम्पनी मालिकले बिस्तारै कम्पनीलाई टाट पल्टाएपछि त्यस कम्पनीमा आश्रित कर्मचारीहरू सबै ऊजस्तै अलपत्रमा परे। त्यसपछि उनी निकै भौँतारिएछन् राम्रो जागिरका लागि, तर काठमाडौँमा भन्नेबित्तिकै राम्रो जागिर कहाँ पाइन्छ र? घरखर्च, नानीहरूको स्कुल शुल्क इत्यादि सबै धान्नैपर्‍यो। उनको त्यही सङ्कटको बेलामा हाम्रो भेट भयो। मैले नै हो उनलाई पनि मेरैजस्ती अत्यन्तै धनी एकल महिलालाई पहिलो ग्राहकका रूपमा खोजिदिएको। नचाहेरै पनि बाध्यताले उनलाई यस काममा लगायो। उनीसँग खास विकल्प पनि त थिएन। तर अस्ति भर्खर उनीसँग भेट हुँदा उनले भनेको कुराले भने बेस्सरी चिमोटेको छ मेरो मन र बेस्सरी बिथोलिएको छ मेरो मस्तिष्क। उनले भनेको– उनलाई घर गएपछि यति अपराध बोध र ग्लानि हुन्छ रे कि उनी आफ्नी श्रीमतीसँग सहवास नै गर्न सक्दैनन् रे। श्रीमतीको छेउ पर्न नै उनलाई असहज लाग्छ रे। हामीलाई पनि आत्माग्लानिले छोप्न सक्छ उनलाई जस्तै साथीहो, त्यसैले विवाहको कुरा उठ्ने बित्तिकै म त नराम्रोसँग झस्कन्छु। मेरो टेन्सन त्यसै बढेको कहाँ हो र ब्रो!"

त्यसपछि उनी मार्लबोरो रेडको लामो सर्को लिन्छन् र फ्ल्याट नम्बर आठभरि रगमगाएको धूवाँका डल्लाहरूको उडानतिर एकोहोरिन्छन्। त्यसै बखत उनीभित्र केही झर्ल्याम्म फुट्छ– सायद पुरुषार्थ!

■

## कृष्ण प्रसाई

# सँगसँगै

१



त्यसताकको पहाड। काका हजुरबाका गनेर नभ्याइने श्रीमतीहरूको लस्कर थियो रे। बुबा त्यसै भन्नुहुन्थ्यो। उनैका छोराका मैले श्रीमतीहरू गन्दा सात जना चाहिँ पुऱ्याएँ। अरू मैले नदेखेका कति थिए, उनै जानून्। त्यो पकरबासको पहाड। पूर्वपट्टि बग्ने तामाकोशी। हामी छेउमै रहेको मुगीटार। माथि ढुङ्गेलहरूको गाउँ। कोशीछेउमै नन्दमुनि पुर्खाले बनाएको विशाल शिवालय। शिवालय साथमै रहेको धर्मशाला। हेर्दा देखिएसम्म पाखा मैदानमा पत्याइनसक्नु पाराले फलेको धान। शिवालयलाई अर्पण गरिएको गुठी खेतमा मोही बनेर दक्षिणतिर बसेका माझीहरूको झुन्ड रहेको गाउँ। जलाहार माझीहरू माछा मारिसकेपछि सफा गरेर सुकाएका माछीजाल। मैले सम्झिने पहाडको सम्झना त्यही थियो जुन मेरो उमेरसँगै कथाजस्तो भयो। धेरै टाढा पूर्वोत्तरतिर च्यादर र मतान भएका घरहरूले घेरिएको मन्थली।

सानैमा भनेकोसुनेको थिएँ– राजा पृथ्वीनारायण शाहले सिन्धुलीको लडाइँमा विजय पाइसकेपछि हाम्रा पुर्खाले सिन्धुलीको युद्धमा अरू गोरखाली योद्धाहरूसँग मिलेर फिरङ्गीहरूलाई हराएबापत पाएको डबल बिर्ता मुगीटार। पृथ्वीनारायणले सहयोगस्वरूप त्यति बेलाका पुर्खाले दिएको दुई हजार ऋण मागेको चिठी पनि देखाउनुभएको सम्झना छ। त्यो चिठी मोहनप्रसादले पुरातत्त्वमा बुझाएको गाइँगुइँ सुनेको थिएँ।

म सम्झिन्छु मुगीटारको त्यो गाउँ वर्षा लाग्दा बाढी आएर उर्लिएको। तामाकोशी नदी वर्षामा आकाशको चारैतिर छरिएका बादलका बस्तीहरू। चौतर्फी हरियाली ओढेका वन, पाखा र झाडीहरू। तामाकोशी उर्लिएर आउँदा पोहोर साल तीन ओटा डुङ्गा बगाउँदा तीन घर बोटेहरूको बिचल्ली भएको थियो। पछि सुनियो– ती सबै डुङ्गा चतरा पुगेपछि सप्तकोशी नदीसँगै बगेर सप्तकोशी नदीको भारतीय सिमाना नजिक पुगेको कथा। न मोबाइल, न फोन, न सवारी साधन। एउटा दूरदराजको सीमान्तीकृत गाउँझैँ थियो मुगीटार। यसै गाउँबाट हाम्रो परिवारको एउटा हाँगो सुदूर उत्तरपूर्वतिर बसाइँ सरेको रे। परिवारको सामान्य झैझगडामा हिउँदमा बसाइँ सरेका तिनीहरू कहाँ होलान्? बा कहिलेकाहीँ कुरा निकालेर सम्झन खोज्नुहुन्थ्यो। हिँड्ने बेलामा भनेका थिए रे– "तिमीहरू यहीँ दूध खाएर बस। हामी भने हिँड्यौँ कोशी काटेर।"

सुदूर पूर्वतिर लाग्ने मेरा एकाघरका सहिँला हजुरबा बसाइँ सरेको तीन वर्ष बित्न नपाउँदै मलाई पनि दक्षिणतिर आधा बसाइँ सर्न हिँडेको सम्झना छ। म सानै थिएँ, माहिला मामा साथै हुनुहुन्थ्यो। आमा, मामा, बुबा र म मधेसतिरको कुनै बस्न मिल्ने ठाउँको खोजीका लागि हिँडेका थियौँ। ठूल्दिदी, ठुल्दाइ र आमाले दाइजोमा ल्याउनुभएकी घर्तिनी कान्छी (रूपा) पहाडको घर रुङ्नेमा थिए।

सर्लाहीको कर्मैया चौकी दक्षिणमा सम्भ्रान्त सुवेदी गाउँ रहेछ। त्यो त्यसै गाउँको दक्षिणपश्चिमपट्टि हाम्रा टाढाका काका पर्नेको घरलाई लक्षित गरेर हामी हिँडेका थियौँ बुबा त्यही भन्नुहुन्थ्यो। गत वर्षको हिउँदमा बुबा एक पटक ती काकाको घरमा सात दिन वास बसेर फर्किनुभएको थियो।

मुगीटारको गाउँमा सर्लाही झर्नु एक हप्ताअघि मालभोग धान भिजाएर ढिकीबाट दिदी रूपाले  चिउरा बनाएकी थिइन्। मालभोग रैथाने धान त्यसताक गाउँमा चिउरा बनाउन र खीर खान एकदम अब्बल मानिन्थ्यो। १० माना दूधको कुराउनी अघिल्लो रात नै आमाले आफ्नै हातले कोइलामात्रैको आगोमा मन्द तापमा धेरै समय दूध तताएर तयार गरिसक्नुभएको थियो। पहाडको बाटो हिँडेर मधेस पुगुन्जेल बाटामा खाने सामानको सबै जोहो भइसकेको थियो।

झिसमिसे उज्यालोमै मधेस झर्ने हिजोको सल्लाहअनुसार नै सबै उठेर नित्यकर्म सकेपछि ओरालो झर्ने सुरसार भएछ। म भने निदाएकोनिदायै भएछु। रूपाले बर्को तानेर उठाएपछि पो झसङ्ग भएँ।

भदौ महिनाको अन्तिम साता। २० दिनअघि तामाकोशीमा सानो बाढी आएको थियो। पानी केही धमिलोजस्तै थियो। अरू बेला भने खोलामा भित्रसम्मै सफा र निर्मल देखिन्थ्यो। कञ्चन र निर्मल पानीमा माछाका साना भुरासमेत सजिलै देखिन्थे। तर हामी कोशीको किनारैकिनार दक्षिणतिर लाग्यौँ र भोटेकोशी र तामाकोशीको दोभानमा पुग्यौँ। दोभानको माथि डाँडामा सानो मन्दिर थियो। दुई कोशीको दोभानबाट हामीलाई खोलापारि पश्चिमतिर सिन्धुली जिल्लातिर भेट्नु थियो। दोभानमा मान्छे तार्नका लागि एकदुई डुङ्गाहरू थिए। डुङ्गा भरिएपछि मात्र खोला तारिने रहेछ। हामी केही क्षण डुङ्गा भर्नका लागि अरू मान्छेलाई कुरेर बस्यौँ। तैरिरहेकै डुङ्गा छेउकै बगरमा बसेर बोटेहरू समूहमा बाघचाल खेलिरहेका थिए।

बाटामा हामीसँगै घरबाट पछ्याउँदै आएको कैले कुकुरलाई धेरै पटक हकारेर घरतिर फर्काउने कोसिस गरियो, तर ऊ पुच्छर हल्लाएर घर भएतिर फर्कन्थ्यो र केही पर गएर ठिङ्ग उभिन्थ्यो। हामी अघि बढेसँगै ऊ फेरि हामीलाई पछ्याएर लुरुलुरु आइहाल्थ्यो। माहिला मामाले एक पटक झम्टिएरै खेदाउनुभयो। आफूसँग भएको

छाताले घोचुँलाझैँ गरेर दपेट्नुभयो। ऊ केही पर त गयो तर हामी अघि बढेसँगै फेरि पछिपछि आइहाल्यो।

कैले कुकुरलाई मैले सानैदेखि देखेको हुँ। कार्तिक महिना कुकुरहरूका लागि यौनवासको महिना भन्छन् गाउँतिर। एउटा कुकुर्नीका लागि दुईचार कुकुरहरू लाम लागेर बसेका हुन्छन् सहवासका लागि। मात्र कसले पहिले बाजी मार्ने भन्ने कुरा हो। यही बाजी मार्ने क्रममा कसैको अवाञ्छित गर्भ धारण गरेर जन्मिएको हुनुपर्छ कैले। मैले उसलाई देख्दा धेरै सानो र मायालाग्दो कैलो रङ्मा देखेको थिएँ। त्यसैले उसलाई सबैले कैले भनेको हुनुपर्छ। मेरै आँखाको अघि कैले हुर्किएको मैले देखेँ। उसकी आमालाई मैले देखिनँ। उसको बाबु देख्ने र चिन्ने कुरो पनि भएन। मान्छेजस्तो जनावरले बिहे गर्दैनन् र बूढाबूढी भनेर चिन्नै मुस्किल हुन्छ। हुन सक्छ कैले अनिच्छित मात्र थिएन, सायद बलात्कृत आमाको गर्भ पनि हुँदो हो ऊ। आमा भन्नुहुन्थ्यो– हिमालतिर बाट झरेको कुनै हिमाली भेकको सेर्पाले गाउँघरमा कुकुरका छाउरा बेच्ने क्रममा ऊसँगै रहेका अन्य तीन छाउरामध्ये रोज्जा छाउरो आमाले केही रुपियाँ र चामलमा साट्नुभएको रे। अन्य दुई ओटा छाउरा भने कालो रङ्का थिए रे। शेर्पाले भनेको रे। स्थानीय जातको भोटे कुकुरको वर्णसङ्कर छाउरो थियो रे। सानो छँदा सबै छाउरा निकै आकर्षक र सुन्दर हुन्छन्, तर क्रमशः ठूलो हुँदै गएपछि उसको रङ र आकर्षण खस्किन्छ र सामान्य छाडा कुकुरजस्ता देखिन्छन् सबै।

हामी दोभान पुग्दा कैले कुकुर हाम्रै पछिपछि थियो। हामी बसेको भन्दा केही पर पुच्छर हल्लाएर केही चनाखोजस्तो देखिन्थ्यो ऊ। ऊ डराएजस्तो त थियो नै, हाम्रो नजिक पनि आउन सकिरहेको थिएन। हेर्दाहेर्दै उसले एउटा ठूलो ढुङ्गामा एउटा खुट्टा उचालेर तुर्क्यायो। डुङ्गाको भारी पुगेपछि हामी कोशी तर्नका लागि नाउमा बस्यौँ। हामीसँग अरू पनि मानिस डुङ्गामा बसेका थिए। बुबाले सोध्दा उनीहरू पकरबास र मन्थलीको बीच खिम्ती बैँसी गाउँका कडरिया रहेछन्। उनीहरू मधेस हुँदै मुगलान पस्ने भन्थे।

हामी डुङ्गामा बसिसकेपछि कैले डुङ्गाछेउ आयो। उसलाई लागेको हुनुपर्छ, डुङ्गामा उसलाई पनि हालेर हामीले नदी तार्ने छौँ; तर बोटेले कहिल्यै डुङ्गामा कुकुरलाई नराखेको कुरा गर्‍यो। हामी कसैले उसलाई नसोधे पनि उसले आफै बतायो। उसका प्रकृतिपूजक पुर्खाहरू सुर्खेतबाट बसाइँ सरेर यहाँ आएका रे। सुर्खेतमा उनीहरूको पेसा बालुवा छानेर सुन निकाल्ने थियो रे। उसले चाहेर पनि कुकुरलाई डुङ्गामा हाल्न मिल्दैन रे। यति भनिसकेर बोटेले नाउ खियाउन सुरु गर्‍यो। डुङ्गा चलाउनुअघि कैले अझै डुङ्गाकै छेउमा आएको थियो र बोटेले डुङ्गा खियाउने काठ देखाएपछि ऊ हच्कियो

र पछि सऱ्यो। हामी सबैले एक मनले सोच्यौँ– बाटैभरि हामीले उसलाई मुगीटार फर्काउन कोसिस गरेका थियौँ, तर उसले हामीलाई पछ्याउन छाडेको थिएन। अब हामी डुङ्गा चढेपछि चाहिँ ऊ आफ्नो घर फर्किन्छ, राम्रै भयो नदी तर्दा भन्ने सोच्यौँ; तर हामी केही अघि बढेका मात्र के थियौँ, कैलेले कोशीमा झ्याम्मै हाम फाल्यो र नदीको तेर्सो धार भएर हाम्रो डुङ्गासँगसँगै पानीमा बग्न थाल्यो। हामीलाई लाग्यो, अब यो नदीको छालसँगै बेरिएर भुमरीमा पर्ने छ र जिउँदो रहने छैन। उसले पानीमा तैरिएर पौडी खेलेको हामी सबैले हेरिरहेका थियौँ। मनमा अपशकुनको शङ्का पनि उठ्यो। कतै ऊ हेलिएर बग्यो भने पहिले तामाकोशीमा बाढी आउँदा बगाएर लगेका डुङ्गाजस्तै ऊ सप्तकोशीको कुनै ठाउँमा पानीमा तैरिएर मर्ने छ या मरिसकेपछि ठूलो माछाको आहार हुने छ। कुरैकुरामा आमा केही डराउनुभयो । सायद आमालाई उसलाई सानो छँदै किनेको पैसा र चामलको सम्झना आयो होला। नभए पनि घरमै पालेको जनावर नै किन नहोस्, धेरै समय सँगै बसेपछि ऊ पनि परिवारकै हिस्साजस्तो हुन्छ र माया बसिसक्छ। हुन पनि हो, एउटै कलेजो जोडिएर जन्मिएका सहोदर नाताभन्दा कहिले काहीँ कुकुर नजिकको जस्तो हुन्छ, किनभने उसले अंश माग्दैन, हक खोज्दैन, धनी र गरिब भन्दैन। कैलेले पनि हामीसँग एउटा लगाव खोजेको थियो, प्रेम खोजेको थियो र निकटता मागेको थियो।

हेर्दाहेर्दै हामी डुङ्गाबाट कोशी पश्चिमको बगरमा पुग्यौँ। सिन्धुली जिल्ला पर्दो रहेछ त्यो। हामी डुङ्गाबाट उत्रियौँ। कैले पानीमा पौडिँदै थियो। हामी बगरमा बसेर कैलेलाई हेरिरहेका थियौँ। ऊ हामीतिर आउन खोजिरहेको थियो। माथिबाट आएको पानीको छालले उसलाई झन् तलतल लगिरहेको थियो। पानीमा हेलिँदै वेगसँग आइरहेको कोशीको छालले कैलेलाई डुबाउँदै-उतार्दै गरिरहेको थियो। निकै परसम्म पानीले कैलेलाई पुऱ्याएको देखियो। कैलो टाउको मात्र अलिकति देखियो केही पर। त्यसपछि हामीले उसलाई देख्न सकेनौँ। निकै समयसम्म हामीले पानीमा हेरिरह्यौँ। कतै पनि कैले लाई नदेखेपछि अब ऊ फर्कंदैन, कहाँ कुन भुमरीमा पानीले उसलाई पुऱ्यायो होला भन्ने अनुमान गऱ्यौँ। हामीसँग आउनका लागि उसले कति धेरै प्रयास गरेको थियो। डुङ्गाको छेउमा आएर बसेको थियो। बोटेले कुकुरलाई डुङ्गामा राख्न मानेन। उसको बाटो हेरेर ऊ फर्कने पनि होइन भन्ने लाग्यो। आफूले पालेको, आफूसँगै हुर्केको, खाएको, बढेको कैले पानीमा बगेपछि हामी त्यहीँ बसेर केही हुनेवाला थिएन। त्यसैले हामी आफ्नो बाटो लाग्यौँ।

हामी बगर कटेपछि सिन्धुलीको उकालो चढ्न थाल्यौँ। कुनै बेला यही सिन्धुलीकै खाल्टे, चैनपुर र झाँगाझोलीबाट हाम्रा पुस्ताहरू सरेर पकरबासको मुगीटार

पुगेका रे। बाहरूले कुरा गर्दा मैले सुनेको। हामी खाल्टे र झाँगाझोली हुँदै सिन्धुलीको सदरमुकामतिर लाग्यौँ। बाटामा मनग्गे उखू फलेको देखियो। मङ्सिरमा पाक्ने उखू बाटैभरि मौलाएको थियो। माहिला मामाले एकदुई लाँक्रा उखू भाँच्नुभयो। कम्मरमा भिरेको खुकुरीले उखुका आँख्लामा लागेको पात निकालेर डाँक्लो सम्याउनुभयो। अनि उकालो चढ्दा टेको लगाउन मिल्ने लौरो बनाउनुभयो। उखुमा केही गुलियो पसिसकेको रहेछ। म सिङ्गै लाँक्रो चपाउँदै समूहमा हिँडेँ।

पहाडको बाटो छिचोल्दै हामी सिन्धुलीगढी पुग्यौँ। पुर्खाहरूले अङ्ग्रेजसँग अनेक तिकडम अपनाएर लडेको युद्ध थियो रे त्यो। मैले सानैमा सुनेको रामचन्द्र पुर्खाको बखान।

दिनभरि हिँड्दा थकाइ र भोक उति नै थियो जति मधेस कस्तो हुन्छ भन्ने मनको जिज्ञासा। हामी कमलामाईको मन्दिरछेउ एउटा गोठको छाप्रामा थकाइ मारेर वास बस्यौँ। हामीले नजिकैको खोलाको पानी खायौँ। फुको चिउरा र कुराउनी खायौँ। चिउरासँगै ल्याएको तिलको अचार चाहिँ मामाले मात्र खानुभयो। अरू हामी कसैले छोएनौँ। मामालाई दिई आमाले कर्मैयाका काकाका लागि भनेर झोलामा हाल्नुभयो। उब्रेको अलिकति कुराउनी पनि भोलिका लागि भनेर झोलामै हाल्नुभयो। चिउरा र कुराउनीसँग एक डबका पानी खाएपछि पेट पनि फुल्यो। हामीले कैलेलाई सम्झियौँ। कतै फर्केर आउँछ कि भन्ने झल्को पनि लाग्थ्यो, तर पानीले हेलिँदैहेलिँदै बगेको दृश्य हाम्रा आँखाले कसरी बिर्सन सक्थे र? म र आमा एउटा बर्की ओढेर, मामा र बुबा अर्को बर्की ओढेर गोठको पराले भुइँमा सुत्यौँ। सुत्नेबित्तिकै कतिखेर निदाएँ, मैले पत्तै पाइनँ। भोलिपल्ट आमाले उठाउनुभयो। बुबा र मामा उठिसक्नुभएको थियो। त्यसपछि हामी मधेसतिरको बाटो लाग्यौँ।

कमलामाईबाट पश्चिमदक्षिणको चोर बाटो भएर झन्डैझन्डै सानो साँझतिर हामी कर्मैया चौकीछेउको काकाको घरमा पुग्यौँ। उनीहरूले खाना खाइसकेका रहेछन्। हामीले उनीहरूलाई दुःख दिन चाहेनौँ। बारीमा मकै फलेको थियो। १०–१५ घोगा उसिनेर नुनखुर्सानीसँग खायौँ। काका माहिला सुवेदीको जमिन अधियाँमा कमाउदा रहेछन्। वरिपरि धेरै टाढाटाढासम्म लटरम्म चना र मकैको फसल थियो। सुवेदी माहिलाकै जमिन हामीले पनि अधियाँ कमाउने कुरो मिलेछ भने सर्लाही बसाइँ सर्ने पक्कापक्की भयो। रात निकै परिसकेको थियो। त्यत्रो हिँडेर आएको, थकाइ पनि बेस्सरी लागेको थियो। दुइटा साना पातला डसनासहितको खाटमा म आमासँग र बा मामासँग हिजोकै बर्की ओढेर सुत्यौँ। बा र मामा निकै बेरसम्म बोलेको सुन्दै थिएँ।

बिहान उठ्दा त कैले आँगनमा पुच्छर हल्लाउँदै बसिरहेको थियो। त्यत्रो पानीमा हेलिँदै बगेको कुकुर एकाबिहानै यो अन्जान ठाउँमा कसरी आइपुग्यो, अचम्म लाग्यो। अब फर्कंदैन भनेर आस मारेको कैलेलाई आँगनमा देखेर हामी सबै खुसी भयौँ। कैलेको शरीरभरि पानी थियो। ऊ निथ्रुक्क भिजेको थियो। कामेर उसले शरीरमा बाँकी रहेको पानी झाऱ्यो। बिचरा कैले भोकायो होला। आमाले मलाई हिजो खाएर बाँकी रहेको कुराउनी र चिउरा ल्याएर कैलेलाई दे भन्नुभयो।

मैले कैलेलाई कुराउनी र चिउरा दिएँ। झन्डै उसले चिउरा अड्काएको। निकै बेर खोकेर केही फुको चिउरा ओकल्यो र कुराउनीसँग अरू खान थाल्यो। सायद जीवनमा उसले पहिलो पटक कुराउनीसँग चिउरा खाँदै थियो। निकै भोकाएको पनि थियो होला, उसले मजा मानेर पुच्छर हल्लाउँदै चिउरा खाइरहेको थियो।

कैलेले पुच्छर हल्लाउँदै हामीलाई टुलुटुलु हेरिरहेको थियो।

■

**लक्ष्मी उप्रेती**

# स्मृतिमा नबिर्सने समय



वाइनको नसाले रमरम हुँदै गएपछि अचानक चेतना भावुक भई– "अब त म बिहे गर्छु साथीहो।"

"तँ त पौरखी मान्छे, आफ्ना खुट्टामा उभिएर सक्षम नहोउन्जेल बिहे गर्दा दुःख पाइन्छ भनेर दर्शन छाँट्थिस्। तर अब...।" चेतनाका पहिलेपहिलाका कुराहरू सम्झँदै व्यङ्ग्यात्मक शैलीमा मन्दिराले भनी।

गिलासमा भएको वाइन एकै घुड्कामा रित्याउँदै 'हो त नि, आत्मानिर्भर नभई बिहे गरेर गृहिणी मात्र भएर कुण्ठित हुनु हुन्न भन्थिस् तँ। स्थायी जागिर नै नभई किन बिहेको कुरा गर्छे हौ यो त' चेतनालाई उल्याउँदै समिरा बोली।

"आ! मैले पनि अब त बिहे नै गर्ने पो विचार गरेँ नि साथीहो। भर्सक धनी नत्र राम्रो जागिर भएको केटो भेटे त आफ्नो क्यारियरको पनि पछि लाग्दिनँ म त। एक्लै सङ्घर्ष गर्दागर्दा थाकेर जीवनसाथीको आवश्यकता अनुभूत गर्दै छु यस बेला।" राजनीतिशास्त्रमा एम. ए. गरेर भर्खर कलेज पढाउन थालेकी दिव्याले निरसिलो भाव सुनाई।

"हैन हौ, तिमीहरू किन यस्ता सेन्टिमेन्टल भयौ हौ। बल्लबल्ल यत्रो समयपछि आज हामी एकै ठाउँमा रमाइलो गर्न भेला हुन सकेका छौँ। ऐले बिहेसिहेको कुरा गरेर सबैको मुड खराब नगर न हौ। समिराले श्रीमान् नभएको मौका छोपेर जुराएको सुनौलो अवसरलाई त्यस्ता कुरामा खेर नफालौँ। बिहे त एक दिन गरिहाल्छौँ भन्ने थाहा छँदै छ नि। फेरि बिहे गरेर पनि...।" बोल्दाबोल्दै कुरा अधुरो छाडेर ओठ लेप्र्याई लिपिले।

"किन र? दुईदुई वर्षसम्म प्रेम गरेर उसैले पहिले बिहे गरी गर्ने बेलामा। ऐले चैँ हामीलाई कुरा नगर भन्छे हौ यो त। उसको बिहेको कुरो त हामीले नसुनी धर नै पाउँदैनथ्यौँ नि!" मन्दिराले गिल्ला गर्दै भनी।

वाइनसँगै स्न्याक्स हातमा लिएकी मन्दिरा बर्र आँसु झारेर एकाएक भावुक भई– "बिहे गरेर समस्या घट्नेभन्दा बढ्ने पो रहेछ त!"

"हेर साथीहो, चार वर्षपछि हाम्रो भेट हुन सकेको छ। यसभन्दा अघि यसरी एकै ठाउँमा भेला हुने कति इच्छा भयो, तर सम्भव भएन। निकै समयसम्म एउटै कक्षामा पढ्ने हाम्रो एउटै छात्रावासमा बस्ने सन्जोग जुर्‍यो। त्यसरी बस्दा हामी आपसमा आदतजस्ता भइसकेका थियौँ। हामी दुःखसुख आपसमा बाँडेर रमाउँथ्यौँ। कहिले रुन्थ्यौँ, कहिले हाँस्थ्यौँ, कहिले बियर पिएर हाम्रा मनका आवेगहरू पोख्थ्यौँ। तर अब ती हाम्रा मायालु दिनहरू नफर्कने गरी छुटिसके। हामी आआफ्नै व्यवहारमा अल्झिएर बँचाइको मिथ्या भ्रम रच्दै छौँ यस बेला। त्यसैले आज हाम्रा जीवनका, दुःखका, सुखका कुरा पनि गरौँ अनि रमाइलो पनि गरौँ न हुन्न र?" समिरा प्रस्तुत भई।

समिराको कुरामा सबैको सहमतिको स्वर गुन्जियो । अघिदेखि बाहिर एकनासले सिमसिमे पानी परिरहेको छ। बाहिरी वातावरण चिसोचिसो छ। आज मौसमले पनि यिनीहरूलाई साथ दिएको छ।

समिराको घरमा भएको सानो गुथुमुने टमी समिराको अघिपछि लाग्दै समिरासँग लुटपुटिन खोज्छ। समिराको एक्लोपनको साथी आज एक्लिएको छ। टमीको यस्तो स्थिति समिराले बुझेकी छ, तर साथीहरूसँग व्यस्त भएकाले ऊसँग नजिकिन भ्याएकी छैन।

सात वर्षअगाडि पद्मकन्या क्याम्पसमा सँगै पढ्ने उनीहरू। त्यहीँको छात्रावासमा सँगै बसी आपसमा सहृदयी बनेर रमाइलोसँग चार वर्षभन्दा बढी समय बिताएका थिए। भैरहवा, हाङपाङ, झापा, विराटनगर र धनकुटा घर भएका यिनीहरू राम्रो अवसरको सपना बुनेर आई. ए. पढ्न काठमाडौँ आएका थिए। भिन्नाभिन्नै ठाउँ र भिन्नाभिन्नै परिवारबाट जन्म लिए पनि एउटै उद्देश्यको सपना देखेर यिनीहरूले पद्मकन्या क्याम्पसको प्राङ्गणमा पाइला राखे। सन्जोगले एउटै विषय लिएर पढ्ने यिनीहरू समयसँगै आत्मीय

बन्दै गए। कलेज मात्र नभई एउटै छात्रावासको बसाइले यिनीहरूको आत्मीयता प्रगाढ हुँदै गयो। कलेजमा अरू पनि थुप्रैथुप्रै साथीसँग सङ्गत गरे, छात्रावासमा पनि अरू थुप्रै दिदीबैनी र साथी थिए, तर यी पाँच जनाको मित्रता भने पारिवारिक वातावरणमा भिज्न सक्ने हार्दिक र सहृदयी बन्यो।

समयको गतिसँगै एकअर्काको सहयात्री बनेर उद्देश्यप्राप्तिमा यिनीहरू जुटिरहे। सबैले राम्रो अङ्क ल्याएर आई. ए. उत्तीर्ण गरे। बी. ए.-को पढाइमा पनि यिनीहरूको दौँतरी छुटेन।

समय न हो बी. ए.-को परीक्षा दिएपछि दुई वर्षदेखि प्रेममा डुबेकी लिपि बिहे गरेर साथीबाट छुट्टिई। त्यसरी नै समिराको पनि बाआमाले बिहे गरिदिए। त्यसपछि उनीहरूबाट मन्दिरा, दिव्या र चेतनाको साथ छुट्यो। केही समयपछि मन्दिराको पनि बिहे भयो।

लिपि, समिरा र मन्दिरा दाम्पत्य जीवनमा प्रवेश गरेर आफ्नो घरसंसारमा नै भुले। बी. ए. पास गरेर चेतना र दिव्याले भने पढाइलाई नै निरन्तरता दिए। पद्मकन्यामा नै पढ्दै त्यहीँको छत्रावासमा अरू साथीको ग्रुपमा मिलेर बस्न थाले। समयको नियतिले चेतनाको जीवनमा प्रतिकूल परिस्थिति सिर्जना भयो। त्यसपछि पढाइ नै छाडेर प्राइभेट स्कुलकी शिक्षिका बन्न बाध्य चेतना स्थायी जागिर खोज्ने सिलसिलामा स्कुलबाट समय मिल्नासाथ जागिरका लागि धाइरही।

मूल्यवान् सामानले सजिएको समिराको बैठक कोठामा एकछिन सन्नाटा छायो। समिरासँग जोडिएका विभिन्न सम्बन्ध र परिवेश झल्कने तस्बिरका फ्रेमले सजिएको भित्तामा आँखा घुमाएर लोभिँदै चेतनाले भनी– "साँच्चै भनेको साथीहो। अब म बिहे नै गर्ने योजनामा छु। बी. ए.-सम्मको पढाइ त छ नि, तर राम्रो जागिरका लागि कोसिस गर्दागर्दा तीन वर्ष बितिसक्यो। अब त बाआमाले पनि बिहे गर्नुपर्छ भनी कराएर हैरान भइसकेँ। लोकसेवा खुल्छ, सोर्स छैन। अलि राम्रो प्राइभेट कम्पनीमा दर्खास्त दियो, जागिर दिलाउने आश्वासन दिँदै गिद्धे दृष्टिले हेर्छन् र तर्किन बाध्य पार्छन्। हत्तेरिका! केटीलाई राम्रो जागिर खान कति गाह्रो। कोहीकोही केटी राम्रो जागिर सजिलै भेट्न सक्ने भाग्यमानी पनि हुन्छन्। त्यस्ता भाग्यमानीभित्र आफू त खै पर्न सकिएन यार! त्यसैले बिहे गरेर गृहिणी हुने र लोग्नेकै सेवा गरेर ढुक्कले बस्छु।"

चेतनाको कुरामा सही थाप्दै दिव्याले भनी– "मोरी, मैले पनि जागिर खाने भएर हरेक समस्यासँग कम्ती सङ्घर्ष गरेकी छु! आफू दह्रो नभई बिहे गर्दिनँ त भनेको नि, तर केटीलाई एक्लै दह्रो हुनु भनेको कस्तो कठिन रहेछ। पहिले त आफूलाई परेकै थिएन र पो भन्थेँ, अब त अनेक मार खेप्नुपरेपछि थाहा भयो। जागिरे त छु नि तर के गर्नु,

आफ्नो गाडी नभएपछि बसमा चढ्नैपर्‍यो। अफिस टाइममा कस्तो भीड हुन्छ। जस्तो भए पनि क्लास लिन समयमा पुग्न भीडमा चढ्नैपर्‍यो। भीड भएको बेला केटाहरूभन्दा बूढाहरूले नजानेजस्तो गरेर सास्ती दिन्छन्। टाँसिनै आउने, चिमोट्ने, घाँटीनेर मुख फर्काएर स्वाँस्वाँ सास फेर्ने अझ कोहीकोही त अँगालो नै हालौँला जस्तो गर्ने गर्छन्। छ्या:, कस्तो घिन लाग्छ। त्यस बेला घिन र रिसले मुर्मुरिनुबाहेक अरू उपाय नै हुन्न। त्यसैले बिहे गरी लोग्नेसँग मिलेर नै ढुक्कले केही गरौँ जस्तो लाग्यो।"

"बिहे गरेर पनि भनेजस्तो सहज कहाँ हुन सक्छ र जीवन साथीहो! मेरै हेर न बिहे भएको चार वर्ष भइसक्यो। भौतिक सुखसुविधा छ। लोग्नेको माया पनि पाएकी छु, तर लोग्नेबाट सन्तान नहुने भएकाले मातृसुखबाट वञ्चित छु। कहिलेकाहीँ भेट हुने सासूससुरा, नन्द, आमाजूले कस्तो नमठो वचन हान्छन्। आफूमा केही कमजोरी नभएर पनि वचन सहनु त छँदै छ, तर मातृत्वको अभावले वैवाहिक जीवनमा बारम्बार ठुँगिरहन्छ। बरु बिहे नगरेको भए नै हुन्थ्यो जस्तो लाग्छ। हुन त यस बेला श्रीमान् दबाई गर्दै हुनुहुन्छ। हेरौँ के हुन्छ।" समिराले बोल्दै रसाइरहेका आँखाबाट तप्पतप्प आँसु झारी।

"हैन, समिरा तँलाई त हामीले सुखी छे यो त भन्ने सोचेका थियौँ। छोराछोरी हुँदैमा सुखी भइन्छ भन्ने नसोच। हेर न मेरी छोरी त छे नि, तर मेरो वैवाहिक जीवनमा अथाह वेदना छ। छोरी नजन्मिएकी भए एकै शोक, एकै भोक हुन्थ्यो। रक्सिया लोग्ने भएपछि आइमाईले दु:खको पराकाष्ठा सहनुपर्छ। रातदिन मातेर मलाई भकुर्न बाँकी नराख्ने लोग्नेको कारणले हरेक ठाउँमा अपमान सहेर बाँच्नुभन्दा फुत्त कतै हिँडेर मर्नुजस्तो लाग्छ। यसैको मायाले मात्र बाँचेकी छु म। छेउमा सुतिरहेकी छोरीलाई सुमसुम्याउँदै मन्दिराको कारुणिक भावले सबै स्तब्ध भए।

समिरा र मन्दिराको पीडामय जीवन सुनेर टुक्रिँदै छरिएको आफ्नो विभाजित जीवनमा तरल बनेर छचल्किँदै सुँकसुँकाउन थाली लिपि।

"प्रेम बिहे गरेर पनि खुसी छैनस् तँ!" संवेदना र भावुकता मिसिएको प्रश्न गर्दै चेतनाले लिपिलाई सुमसुम्याई।

चेतनाको स्पर्शले आहत भएकी लिपिका आवेगहरू छताछुल्ल भएर बग्न थाले। त्यस बेला सबैले ऊतिर फर्किएर उसका प्रेमिल दिनहरूका चित्र चुपचाप आँखामा बगाउन थाले।

अचानक कोठाको मौनतालाई चिर्दै लिपिले आफ्नो जीवनका नमीठा पानाहरू पल्टाउन थाली– "दुईदुई वर्षसम्मको हिमचिमपछि मन मिलेर सुरु भएको हाम्रो दाम्पत्य जीवनमा रमाएर जिन्दगी जितेझैँ लाग्थ्यो, तर प्रेम गरेर बिहे भएको जिन्दगी जितिनछु,

हारेछु मात्र। हेर न, मेरो लोग्ने सासूससुराको एक्लो छोरो। बिहे गरेर लोग्नेको घरमा आएपछि बुबाआमाको झैँ माया पाएँ, सासूससुराको पनि। छोरो जन्मियो, केही समय खुसीखुसी नै हाम्रो जिन्दगी अगाडि बढ्यो। तर मेरो खुसी समयले सहेन, म कहाँनेर चुकेँ, श्रीमान् किन बदलिनुभयो, थाहा भएन। सबै बाँड्न सक्थेँ होला सायद, तर लोग्ने बाँड्न नसकिँदो रहेछ। हेर न यस बेला मेरो लोग्ने अर्कै केटीसँग नछुट्ने गरी जोडिएकाले म विक्षिप्त छु। बिहे गर्नुअघि जीवन कस्तो सोचेथेँ, तर आफूले सोचेजस्तो जीवन कहाँ हुँदो रहेछ र? प्रेम गरेर बिहे गरेको जीवनसाथीबाट नै धोका पाएर रित्तिएकी छु यस बेला म।" दुई हातले अनुहार छोपेर भक्कानिँदै रुन थाली लिपी।

एकछिन समय टक्क अडिएझैँ वरिपरिको परिवेश नै स्तब्ध भयो। समिराको सानो गुथुमुने सेतो कुकुर भित्रबाहिर, बाहिरभित्र आउँदै-जाँदै छ। पानी पर्न छाडेर बाहिरी परिवेश केही उघ्रिएको छ। निकै बेर खाना खानसमेत छाडेर उनीहरूले जीवनका कुरा भनेर-सुनेर दुःखँसगै एकतमासको सन्तुष्टि अनुभव गरे।

अनि कलेज जीवनका ती दिनहरूलाई स्मृतिमा टाँगेर उसै गरी आलिङ्गनमा बाँधिएर रमाउँदै हाँसे। दुःखसुख, सुखदुःख नै जीवनयात्राबीचको सिलसिला रहेछ भन्ने सोचे र जीवन बँचाइको पर्याय रहेछ भन्ने भावका साथ हाँसीखुसी खाना खाँदै रमाइलो कुराकानी गर्न थाले।

■

**दिलीप शाह**

# संवेदना हराएको समय

वर्तमान :



नेपालको राजधानी भनिने काठमाडौँ सहरको दिनको उज्यालोमा पनि घामलाई प्रवेश निषेध गरिएको गल्ली। त्यही गल्लीभित्रको तीन दिशाबाट छेकिएको एउटा घरको अन्डरग्राउन्ड कोठा। एक दिशामा मात्र मुस्किलले कुकुर-बिरालोसम्म भित्तामा लहसिएर हिँड्न मिल्ने बाटो। कोठाबाट बाहिर दृष्टिगोचर गर्न असम्भव भएकाले झ्याल राख्न आवश्यक नठानिएको। तर कोठाभित्र आवतजावत गर्न अनिवार्य भएकाले चुकुल र कब्जाबिनाको पसाङ्गिएको ढोका। गोदामका लागि बनाइएको कोठा भएकाले रङरोगनमा पनि खर्च गर्न आवश्यक नठानिएको। ओसले गर्दा खुइलिएको, उप्किएको भित्ता।

भित्तामा सम्पूर्ण नेपालीलाई शिक्षा, स्वास्थ्य, रोजगारीजस्ता आधारभूत आवश्यकता प्रत्याभूत गरिएको विश्वकै सर्वश्रेष्ठ भनी बखान गरिँदै आएको गणतान्त्रिक नेपालको संविधानको ढुसी परेको फोटो तुर्लुङ्ग झुन्डिएको।

कोठाको आकार सानो तर कोठाको मन भने विशाल देखिन्थ्यो। त्यसमा जाउलो उमाल्ने सरसामान, लत्ताकपडा थन्क्याउने टिनको बाकससमेत तीन जना प्राणी अटाएका थिए– ४० को सँघारमा टेकेका लोग्नेस्वास्नी र स्कुले उमेरको छोरो।

प्राकृतिक नियम हो, जतिन्जेल शरीरबाट प्राणवायु फुस्स उड्दैन, जस्तोसुकै हरितन्नम, कन्थेले पनि साँझबिहान चारोको जोगाड लगाउनैपर्छ। त्यसका लागि पाखुरी चलाउनु आवश्यक छ। त्यही प्रयोजनका लागि लोग्नेले ढोकाको खापामाथि बरियो तुर्लुङ्ग झुन्ड्याएको थियो।

स्वास्नीले पाँच तले चार घरका भाँडा मस्काउने, भुइँ रगड्नेलगायत एउटै सुपुत्रलाई भन्दा ज्यादा लाडप्यारले हुर्काएका गोराको देशबाट आयातित अफगान हाउन्डको समेत हेरचाह गर्थी। दिनदिनैको कुखुराको सपेटा, खसीको ह्याकुलाको आहारले वाक्कदिक्क भएका कुकुरले चपाएर छाडेका हाडखोर उसले पोल्टामा लुकाई कोठामा ल्याउँथी र परिवारलाई दसैँको छनक दिने गर्थी।

"यो भुक्तमानभन्दा त...।" दिनभरिको थकाइले चुर भएकी स्वास्नी रातमा खुट्टासम्म पसार्न नपाएको झोँक पोख्थी।

× × ×

विगत :

उसको आक्रोशमा जन्मथलोको धमिलो सम्झना पोतिएको हुन्थ्यो। 'नोस्टाल्जिया' भन्छन् नि! त्यस्तै। उसको गाउँको बसाइ यतिबिघ्न गएगुज्रेको, चुत्थो थिएन। खरले छाएको दुई तले, चार कोठा भएको, खुट्टा तन्काएर सुत्न मिल्ने, आफ्नै नाउँमा लालपुर्जा भएको छाप्रो थियो। केटाकेटी खेल्ने आँगन थियो। गोठमा लैनो भैँसी, गाईभैँसी, बाख्रा बाँधिएका हुन्थे। हलगोरु लाग्ने जमिन थियो। अनाजपानी राखनधरन गर्ने भाँडो टनाटन नभए पनि रित्तो हुँदैनथ्यो। चुलामा दुई छाक आगो बाल्न हात फैलाउनुपर्दैनथ्यो।

यसका अतिरिक्त गाउँमा गर्व गर्न लायक वातावरण, संस्कार प्रशस्तै थिए।

"घना जङ्गल थियो। घाँसदाउरा गर्न टाढा जानुपर्दैनथ्यो।"

"गाईभैँसी पाल्न सहज भएकाले गोरस फालाफाल हुन्थ्यो।"

"खोलामा सेचन गर्न मिल्ने पानी कलकल बग्थ्यो– सफा, शुद्ध।"

"सर...र चल्ने चिसो बतासमा एक तमासको बयानै गर्न नसकिने सुगन्ध हुन्थ्यो।"

"गाउँमा झगडा नपर्ने होइन, मनमुटाव नहुने होइन। साँझपख कोदाको झोलले सबै विकार निकालिहाल्थ्यो।"

"मर्दापर्दा मलामी, जन्ती खोज्न जानुपर्दैनथ्यो।"

"ऐँचोपैँचो साटासाट गर्न कन्जुस्याइँ गरिँदैनथ्यो।"

"खानामा मिलावट थिएन। जे पाइन्थ्यो, शुद्ध पाइन्थ्यो।"

यति धेरै सकारात्मक पक्ष हुँदाहुँदै पनि त्यहाँ अविकास र अभावको पुर्न नसकिने खाडल विद्यमान थियो। आदिकालदेखि नै सडकले पाउ कष्ट नगरेकाले मेलापात जाँदा ११ नम्बर गाडी नै चलाउनुपर्थ्यो। स्वास्थ्य चौकीको नामसम्म जानकारी थिएन। बिरामी पर्दा वनका झारपात, धामीझाँक्रीले नै रोग बिसेक बनाउनुपर्ने बाध्यता थियो। केटाकेटीलाई स्कुल पठाउनु भनेको जानीजानी कालको मुखभित्र जाक्नु बराबर हुन्थ्यो, किनभने तुइनमा तुर्लुङ्ग झुन्डिँदै नदी पार गरेपछि मात्र स्कुलको चौरमा पाइलो टेकिन्थ्यो ।

गाउँमा बिजुलीका पोलसम्म ठड्याइएका थिए। तार तान्ने काम अर्को चुनावसम्मका लागि स्थगित थियो। त्यसैले टीभीका व्यापारी पुगेका थिएनन्। मोबाइल पुगेको थिएन, कारण नजिक टावर थिएन। त्यसैले बाहिरी संसारको ढोका बन्दजस्तै थियो। ढोका नै बन्द भएपछि अर्को फरक संसार देखिने प्रश्नै उठेन। फरक संसार नदेखेपछि इच्छा, आकाक्षा, सपनामा प्वाँख पलाउने, उडान भर्ने सवालै उठेन। असन्तुष्ट हुने गुन्जायसै रहेन। यसलाई सकारात्मक पक्ष मान्दा फरक पर्दैनथ्यो।

तर एक साँझको एउटा घटनाले भने गाउँलेमध्येको एउटा साउनेलाई सपना देख्ने, सपनाको मखमली च्यादर ओढी त्यसैको न्यानोमा घुस्रिने बनाइदियो।

× × ×

"बाला चतुर्दसीको दिनमा पशुपतिमा सतबीउ छर्ने हो भने मृतात्माको थालमा सिधै भाग पुग्छ। सन्तानलाई फलिफाप हुन्छ।" थकाइ मार्न दुई जना कोदाको झोल तान्दै थिए। भर्खरै भारतबाट फर्केको लाहुरेले गिलासको जिनिस तनक्क पार्दै साउनेको अगाडि अल्पज्ञानको भकारी बोकेको थियो।

"जन्माउने बाबुका लागि त्यति त गर्न हुन्थ्यो। तर कसरी जानु? सदरमुकामको मुख त देखेको छैन।" साउनेले स्वाट्ट कक्कडको सर्को तानेको थियो र सुल्पाको खरानीको साथमा विवशताको खरानी झारेको थियो।

"क्या नामर्द बात गरेको? बाटो लागे वास बस्ने ठाउँ जसरी पनि पुगिन्छ। गाउँका दुईतीन जना अरू पनि छन्। हिम्मत गर्नोस्।" 'जहाँ इच्छा त्यहाँ उपाय' उसले यस्तै केही मिलाएर उकास्दै दम भरेको थियो।

× × ×

"स्वर्ग पनि देखियो। बाबुको नाममा अनाज पनि छरियो।" साउनेले मिठाई पसलको पेटीमा उभिएर जेरी टोक्दै मनमनै लाहुरेलाई धन्यवाद दिएको थियो, किनकि छोटो बसाइमा थोरै किन नहोस्, उसले सहरको बाह्य आवरणसँग साक्षात्कार गर्ने अवसर प्राप्त गरिसकेको थियो जुन अत्यन्त आकर्षक थियो।

"चिल्ला सडकमा सर्पझैँ सलबलाउने गाडी।"

"आकाश छुन खोज्ने अग्ला घर।"

"पाइलैपिच्छे भेटिने मन्दिर।"

"आँखाको विष मार्ने परीहरू।"

"फरासिला मान्छेहरू।"

"बाटाबाटामा पाइने अनेक थरीका मिष्टान्न।"

"... ... ...।"

"एक बारको चोला। साला पहाडमा कुवाको भ्यागुतो भएर किन मर्नु? यत्रो ठूलो सहरले काम र माम किन नदेला?" सहरको चकाचौँधबाट प्रभावित भई पहिलो पल्ट उसले जन्मथलोलाई सरापेको थियो। त्यति मात्र होइन, ऊ फर्किंदा एउटा कुनामा सही स्थान सुरक्षित गरी सहरको सुखभोग गर्ने सपनाको बीउसमेत रोपेर फर्केको थियो।

× × ×

"सहर सहरियाको बाउको मात्र बिर्ता हो? यसमा हाम्रो पनि हक लाग्छ।" गाउँ फर्केपछि उसले स्वास्नीको अगाडि नेताको भाषामा तिघ्रा ठटाउन थालेको थियो।

"के भएको छ आजकाल? बेलाबेलामा बर्बराउने गर्छौ। पूजाआजा त पवित्र मनले गरेका थियौ?" स्याउलीले धामी बसाल्ने मनसुवा पोखेकी थिई।

"त्यस्तो होइन क्या? अब हामी सहरको बाटो लाग्ने।" प्रफुल्ल मुद्रामा सहरको बखान गर्दै उसले दिउसै देखेको सपनाको केही अंश बयान गरेको थियो।

"त्यहाँ हाम्रो को छ? न आफन्त, न नातापाता, न छरछिमेक। न बोलीचाली मिल्छ न चालचलन। मर्दापर्दा, बस्दाउठ्दा छिमेकी चाहिन्छन्। मलाई यहाँकै गोबर, माटो, वनपात प्यारो छ। म त जान्नँ।" स्याउलीले कताबाट हो कुन्नि, नजानेरै दह्रो 'माटोवाद'-को वकालत गरेकी थिई।

"क्रिमपाउडर लाएर टिलिक्क टल्किने, नाकमा बुलाकी, कानमा पाते सुन झल्काउने भए खुरुक्क भनेको मान् क्या र!" उसले दाउरा चिर्दै स्याउलीको मन छामेको थियो।

"चिसो पानी खाएकाले बलियोबाङ्गो छौ। पेटपूजा गर्ने इन्तजाम त गरिहालौँला। हामी दुई मात्र भएको भए पाटीमा गुजारा गरे पनि हुन्थ्यो। साना चिचिला छन्। घामपानी छेक्ने ओतको जोगाड कसरी गर्छौ? बाबुबाजेको निसानी घर छ। मान्छे नबसे सिस्नूभाङ उम्रिने होला। लालाबाला भीरबाट धकेल्न मिलेन।" लोग्नेले लोभको माकुरीजाल फाल्दा स्वास्नी शरीरबाट मयलको पोतो निकाल्दै थिई। फुटेका कुर्कुच्चा ढुङ्गाले रगड्दै थिई। "जाने नै विचार गऱ्यौ त?" स्याउलीले समस्याको जालो देखाउँदादेखाउँदै पनि बुलाकीले मन खिचिसकेको भान हुन्थ्यो।

त लोग्नेको सहरको सुविधा भोग गर्ने तीव्र लालसा तथा स्वास्नीको नाकमा बुलाकी झल्काउने चाहनाले बाबुबाजेले आर्जन गरेको जग्गाजमिन, जन्मेको थातथलो, छरछिमेक, साथीसँगाती चटक्कै छाडी उनीहरू डम्म बादल लागेको दिनमा ओरालो लागेका थिए।

× × ×

फेरि वर्तमान

"नानीको जीउ दनदनी दन्केको छ। लाम्टा चुस्न पनि छाडिसकी। केही गर नानीका बा!" स्याउलीले डाँको छाडी।

सहर पुगेको मात्र चौथो दिन थियो। उनीहरूले काम खोज्नु त के राम्ररी सुस्ताउन पनि पाएका थिएनन्। दलालमार्फत उपलब्ध पाटीको कुनामा डोको मात्र बिसाएका थिए।

"पख्, म केही गर्छु।" साउनेले यसै भन्यो। तर गर्ने के? भेउ पाएन। उसको दबेको स्वरमा असामञ्जस्य थियो।

ऊ पेटभित्रका भोकका कीरा उफ्रिन नदिन कमिजका बाउलाले कम्मर बाँधी कनपटीमा हात राखेर कुनामा टुक्रुक्क बसेको थियो। स्वास्नीको रोदन सहन नसकी ऊ धूलो झार्दै उठ्यो। "पानीसम्म ख्वाउन पाए...।" लोटा लियो र खोलातर्फ सोझियो। लोटामा पानी कम, कालो लेदो बढी आयो। दिगमिग लागेर पानी ल्याएन।

"होइन, हाम्रो उतातिरको खोलामा त सफा पानी बग्थ्यो। यहाँको पानी भने कालो न कालो, कस्तो न कस्तो छ– गनाउने। सहरको पानीको रङ फरक हुन्छ होला।" उसले आफैलाई मूर्ख बनाउँदै असुरोको पात टोकेको मुख बनायो।

"पानी... करेन्ट.. चुरोट..। पानी... करेन्ट.. चुरोट..।" महिला हातभरि सामान बोकी एकनासले चिच्याउँदै ओहोरदोहोर गरिरहेकी थिई।

"थोरै पानी दिनुहुन्छ कि? छोरी ज्वरोले हप्याकहप्याक गर्दै छे।" ऊभित्र  माग्ने कलाका कीटाणु प्रवेश गरिसकेका थिएनन्। त्यसैले सोझो तरिकाले लोहोटा अगाडि बढायो।

"आफ्नै पेट सफा गर्न पनि पैसा लाग्ने ठाउँ हो यो। पानी त बहुमूल्य चिज भइहाल्यो।" महिला भन्दाभन्दै रोकिई, तर ऊ मनकारी रहिछ। साउनेको हातमा एक बोतल बिसलरी थमाई, त्यो पनि निःशुल्क।

"यसो खोल्सातिर पेट सफा गरे हुँदैन? हाम्रो गामठामको जस्तै।" साउनेले लाटो बुङ्गो सोधाइ गऱ्यो।

"पुलिसले कन्डो भाँचिने गरी लौराले दन्काउँछ अनि स्वाद भेट्छौ।" महिलाले चेतावनी दिई।

"खै, के गर्नु, गर्नु! जोडले च्यापिसक्यो।" हुन त घर छाडेदेखि ऊसमेत परिवारको मुखभित्र घरबाटै ल्याएको मकै, भट्टको खाजाबाहेक केही परेको थिएन। त्यो पनि आधा पेट। तर प्राकृतिक नियम हो। भित्रको फोहोरले निकास खोजिहाल्छ। महिलासँगको गफगाफले उसको पेटभित्रको जिनिसले बाहिर निक्लिन हतार गरिहाल्यो।

"उः त्यहाँ हातमा पाँचको नोट मुठीभित्र पक्डेर कट्टूको इँजार खोली लाइनमा उभिएका छन् नि! त्यहीँ जाऊ।" ऊ खितखिताउँदै आफ्नो व्यवसायतर्फ लागी।

लामो प्रतीक्षापछि ऊ पाइखानाभित्र पस्यो। नित्यकर्मबाट निवृत्त भएपछि पानी खोज्यो। धाराको टुटीमा मकैको खोयो कोचेको थियो। गाउँमा जस्तो सफा गर्ने ढुङ्गो भेटेन।  यसैले बाध्यतावश महिलाले दिएको बोतलको पानीले काम चलायो। पाटीमा फर्किंदा स्याउली आँखा चिम्लेकी नानीलाई च्यापी बिलौना गर्दै थिई।

"नहुनुपर्ने थियो, भयो। पीर नगर्। दैवको लीला।" उसले छोरीको मृत्युलाई दैवको टाउकामाथि थुपार्दै पुरुष प्रवृत्ति प्रदर्शन गऱ्यो।

अचम्म! अझसम्म पनि उसको गिदीभित्र गाउँ छाडेकामा पश्चात्तापको जरो पलाइसकेको थिएन।

× × ×

"बलियाबाङ्गा देखिन्छौ। भारी बोक्छौ?" उसको हुलिया, लवाइ र पाटीको मगन्ते बसाइले भरिया ठम्याइसकेको हुँदो हो। अपरिचित सहरियाले ठाडै भारी बोक्ने प्रस्ताव राख्यो।

"गर्नै त पर्ला, हैन स्याउली?" उनीहरूले छोरीको लासलाई मध्यरातको आसपास पुलमुन्तिर खाल्डो खनी पुरेका थिए। दुवैका आँखा ओभाउनसम्म पाएका थिएनन्।

"तर...।" ऊ तरमै रोकियो। "बस्ने ठामठेगान छैन। यहाँबाट पुलिसले कुनै पनि बेला लघार्न सक्छ।" उसले रिट्टो नबिराई गाउँदेखि पाटीबाससम्मको वृत्तान्त सुनायो।

"दु:खी रहेछौ। इन्तजाम गरौँला।" अपरिचितले कुटिल मुस्कानसहित सदाशयताको बल्छी फ्याँक्यो। "एउटा कोठा खाली छ। काचकोच गरी बस्न भइहाल्छ। भाडा पर्दैन। मेरो तयारी पोसाकको पसल छ। भाइले सामान ओसारपसार गर्लान्। बहिनीले घरको कामकाजमा सघाउलिन्। फुर्सदमा अरू घरमा पनि काम गर्दा भइहाल्छ। काम गरेको मजदुरी पाइहालिन्छ। पाएको तलब बचत गर्दै गयौ भने घरबास जोड्न कति बेर लाग्ला र?" अपरिचित सायद ठूलै व्यापारी हुनुपर्थ्यो, यो जादूमय नगरीमा मह चाट्न आउने धेरैको मनोविज्ञान बुझी शब्दजालभित्र फसाइसकेको हुँदो हो। त्यस्तै प्रकारको रसबरीको चास्नी चटायो।

× × ×

अपरिचित सहरियाले देखाएको अन्डरग्राउन्ड कोठा कोठा नभएर मुर्दा राख्ने कोठाझैँ थियो– अँध्यारो, सर्वत्र माकुराको जालो, भुइँभरि एक पत्र धूलो, असरल्ल थोत्रा कबाडी सामान, ढुसीको गन्ध, सद्गत नगरिएका मुसा र साङ्लाका छरपस्ट लास।

"तँ कहाँ छस्।" जति छामछुम गर्दा पनि स्वास्नी नभेटिएपछि साउनेले स्वरको 'भोल्युम' बढायो।

"आरामदायक कोठाको झ्यालमा बसी मनभोग, सेल रोटी खाँदै छु।" स्वास्नीले ठ्याम्मै यही जवाफ दिएकी त होइन तर यस्तै मिल्दोजुल्दो केही भनेकी थिई। स्याउलीको जवाफमा चरम निराशा र रोष झल्किन्थ्यो।

"के गर्छेस् त, आइहालियो। गाउँ कुन मुखले फर्किनु?" आइतेको 'जेजस्तो छ त्यसैमा गुजार गरूँ' भन्ने सम्झौतावादी सोच झल्किन्थ्यो।

"नेपाल गए कपाल सँगै...।" स्याउलीले फरिया घुँडासम्म सार्दै कुचो समाती।

"बस्ने ओतसम्म पाइहालियो। परिश्रम गरे भाग्यले साथ कसो नदेला?" उसले आशाको बीउ छर्दै बरियो काँधमा हाल्यो, किनकि साहूको बोलावट आइसकेको थियो।

"इस्... भाग्य।" स्याउलीलाई पोइको नाकको डँडाल्नो भाँचिने गरी उल्टोसुल्टो लोप्पा खुवाउन मन नलागेको होइन, तर संस्कारले दिएन। छिटोछिटो धूलो बढार्न थाली। फेरि जाउलो पकाउने इन्तजाम पनि त गर्नु थियो, किनकि छोरो भोकले लल्याकलुलुक परिसकेको थियो।

× × ×

समय कसैको अधीनमा हुँदैन। उनीहरूको वशमा पनि थिएन। सपनाको पिछा गर्दै उनीहरू सहर पसेको चार बर्खा कटिसकेको थियो। यसबीचमा दुई जनाले

एकअर्कालाई भन्न नसकेका मात्र हुन्, थातथलो छाडेकामा पछुतोका हाँगाबिँगा पलाइसकेका थिए।

"नाकबाट सिँगान बग्न लागेको धेरै दिन भयो। टाउको भारी हुन्छ। छाती गह्रौँ छ। अस्पताल जाऊँ भने मजदुरीको पैसाले बल्लतल्ल छाक टर्छ।" बाध्यतावश साउनेले धेरै दिनसम्म दबाएको रोग उजागर गऱ्यो। पहिले सानोतिनो रोग यसै पनि निको भइहाल्थ्यो। यस पाला भने रोगले धेरै च्यापेपछि नभनी धरै पाएन।

सहरमा कोरोना महामारी फैलिएपछि सरकारले बन्दाबन्दी घोषणा गरेको थियो। सरकारी कामकाज, यातायात, व्यापार, यहाँसम्म कि हिँडडुल गर्नसमेत बन्देज लगाइएको थियो। सर्वसाधारणले दालचामल किन्न पनि पुलिसका आँखा छल्नुपर्थ्यो। पहुँच नहुनेका पसलका सटरमा दिनदिनै पुलिस-प्रशासनले कानुनको डन्डा बर्साउँथ्यो। बन्द नगरे जरिवाना गर्ने धम्की दिन्थ्यो। तर माथिसम्म लहरो भएका, नोटको बिटोले मुखमा हान्न सक्ने औकात भएका व्यापारीलाई सरकारको नियमले लछारपाटो लाउन सक्दैनथ्यो। देशको कानुन उनीहरूजस्ताको ढोकामा आफै उपस्थित हुन्थ्यो र खल्ती गरम बनाउँदै नतमस्तक भएर फर्किन्थ्यो।

दोस्रो कोटिको व्यापारीमा साउनेको मालिक पर्थ्यो। यसैले उसको ढाड र बरियोले बेरोजगार बस्नुपरेन।

स्याउली त झन् लन्च, डिनर, ब्रेक फास्ट गर्ने, बर्थडे, म्यारिज एनिभर्सरी, भ्यालेन्टाइन्स डे मनाउने वर्गको घरमा 'हाउसमेड' थिई। त्यस्ता घरमा न आपत्काल, न निषेधाज्ञा, न नाकाबन्दी, न प्राकृतिक प्रकोपले असर पार्थ्यो। त्यहाँ बाह्रै महिना, बाह्रै काल महँगीले ढाड कुप्रो बनाएका उपभोक्ताले तिरेको रकमबाट अनवरत भोजभतेर चलिरहन्थ्यो। डिस्को, नाचगान भइरहन्थ्यो। यसैले ऊ पनि स्थायी रोजगारी पाउनेमा दर्ता हुनै नै भई।

"हिजो भिजेका थियौ। रुघाखोकी लाग्यो होला। बाफ लेऊ, ठीक हुन्छ।" स्याउलीले उसको कपाल मुसारी। दुवैले माया नगरेको, नदेखाएको लामो समय भइसकेको थियो; किनकि यो सब गर्नलाई कोठा बाधक थियो। अलिकति हरकत हुनासाथ छोरो ब्युँझिहाल्थ्यो। दिउसो त झन् सम्भवै भएन। "आ... यो काम पनि ठाउँठे गान लागेपछि सुबिस्तासाथ गरौँला।" ठाउँठेगान कहिले लाग्ने? कसरी लाग्ने? अत्तोपत्तो थिएन। तर साउने यसो भन्दै आफैलाई चरम आशावादीमा दर्ज गर्थ्यो।

"सास फुल्न लाग्यो। मनको बोझ उठाएजस्तो भएको छ। आज मात्र एक जना भरियाले यस्तै रोग लागेर सास छाड्यो भन्थे। केही गरी म मरेँ भने...।" उसले अर्ती दिन खोजेको थियो– "यो असती ठाउँमा बस्दै नबस्नू। गाउँ फर्किहाल्नू।" अरू धेरै थोक पनि

भन्न खोजेको हुँदो हो। वाक्य बसिहाल्यो। दुई आँखाका कुनाबाट तरक्क पानी चुहियो। उसका आँखाले स्वास्नीतर्फ ट्वाल्ल हेर्दै पश्चात्ताप गरिरहेको हुनुपर्थ्यो– 'जिउँदो हुँदा त दु:ख पाइस्पाइस्, मैले देखेको पूरा नहुने सपनाको कारणले गर्दा सास छाडेपछि पनि सास्ती पाउने भइस्। माफ गर्दे है स्याउली!"

"कस्तो अलिच्छिनी कुरा गरेको? तिमी मात्र बिरामी भएका छौ र? बिरामी भएका जति सबै मरेका छन्?" उसले साउनेलाई मायाले हपार्न त हपारी तर उसको विश्वासमा प्वाल परिसकेको थियो। त्यसैले मुन्टो बटारेर धोतीको सप्काले मुख छोप्दै हिक्कहिक्क गर्न थाली। तर उसले अन्तिम सहारा उनै भगवान्लाई सम्झिन भने बिर्सिन।

साउनेलाई सर्वशक्तिमान्, हरप्राणीका पालनकर्ता उनै अदृश्य भगवान्ले पनि उद्धार गर्न नसक्ने, चमत्कार गर्न नसक्ने कोरोना नामको भाइरसले अन्तिम अवस्थामा पुऱ्याइसकेको थियो। हेर्दाहेर्दै उसले मुखबाट फिँज निकाल्यो र आँखा पिर्लिक्क पल्टाइहाल्यो।

उसले फुस्रा आँखा पल्टाउँदा उसको शिर स्वास्नीको पोल्टामाथि थियो। स्वास्नीलाई भने लोग्ने मरेकोमा रुने, बिलौना गर्ने फुर्सदसम्म भएन। उसले फाटेको तन्ना बिछ्याई र लासलाई लम्पसार पारी। काठको पिर्काको सिरानी बनाई। छोरो कुनामा कुक्रुक्क परी सुँक्कसुँक्क गर्दै थियो। उसलाई थुमथुम्याएर बाहिर निक्ली।

"साहेब्नी... साहेब्नी...।" ऊ घर मालिकको घरको ढोका ढकढक्याउन पुगी।

"को मऱ्यो र यस्तो मध्यरातमा ढोका हानेको?" भित्रबाट नसाले लट्ठ परेको कर्कश आवाज आयो। सायद पार्टी उत्कर्षमा थियो। भित्रबाट नाचगानको आवाज आइरहेको थियो। स्याउलीले त्यस घरमा काम गर्न लागेको करिब दुई वर्ष भइसकेको थियो। त्यसैले उसको आवाज नचिन्ने सवालै उठेन। उसको आवाजमा याचना र हतारोपन थियो। नबुझ्ने कुरै भएन। तर साहेब्नीले ढोका खोल्ने आवश्यकता ठानिन, यस कारण ऊ मान्छे नभएर कामदार मात्र थिई।

"मेरो लोग्ने...।" उसले डाँको छाड्दै पुन: ढोका ढकढक गरी यस आशामा कि साहेब्नीले यस्तो विपत्मा कसरी मानवीयता नदेखाउली।

"कोरोनाले मऱ्यो होला। बढ्ता हल्ला नगर। जे गर्नुपर्छ भोलि गरौँला। साहेबलाई डिस्टर्ब गर्न मिल्दैन।" दोस्रो पटकको अनुरोधमा साहेब्नीले ढोकाको कापबाट च्याई र कुकुर धपाउने आवाज निकालेर चुकुल ठोकी।

विडम्बना! उसको ढोकामाथि देवकोटाको 'मुनामदन'-को चिरपरिचित, कालजयी वाक्यांश "मानिस ठूलो दिलले हुन्छ, जातले हुँदैन' कुँदिएको थियो।

× × ×

हुन त ऊ बाहिर विरलै निक्लिने गर्थी। पोइले नै दैनिक आवश्यकताको सरजाम जुटाइहाल्थ्यो। तर परिस्थिति यस्तो आइपऱ्यो कि ऊजस्ती निरीह महिलाले पनि हिम्मत जुटाउनैपर्ने भयो। मात्र केही बेरअगाडिसम्मको जीवात्मा अहिले मृतात्मामा परिणत भइसकेको थियो। हाम्रो धर्म, संस्कारअनुसार लासलाई जतिसक्यो छिटो सद्गत गर्नुपर्थ्यो, तर साहेब्नीले मुन्टो फर्काइसकेकी थिई। छिमेकीसँग चिनजान थिएन। चिनजान भए पनि मान्छे नभएर मजदुर बितेको थियो। पुलिसको सहयोग लिन सकिन्थ्यो। सरकार, पुलिस-प्रशासन भरिया, माग्ने, अपाङ्गका लागि बनेको थिएन। लोग्नेका भरिया साथीहरू टाउकाले टेकेर आउँथे होलान्। उसलाई ठाउँठेगान थाहा थिएन। लोग्नेको थोत्रो मोबाइल थियो। उसलाई चलाउन आउँदैनथ्यो।

"लासलाई बासी राख्न हुँदैन। जसरी पनि आर्यघाट पुऱ्याउनैपर्छ।" कुनामा बटारिएर बसेको पोइले दैनिक प्रयोग गर्ने गरेको बरियो असरल्ल थियो। "मरेपछि पनि म नै काम लाग्ने भएँ हैन त कान्छी!" उसलाई पोइ जिस्किएझैँ लाग्यो। लासलाई बेरबार, बानबुन गर्ने अन्य उपयुक्त सामान थिएन। उसले लासलाई घाँसको बिटो बाँधेझैँ बानबुन पारी। कसकास गरी। लास पिठ्यूँमाथि राख्दा आड दिन छोरालाई अराई।

× × ×

"उः त्यहाँ छन् देवाधिपति पशुपतिनाथ। आर्यघाट पनि त्यहीँ छ।" अपरिचितको पछि लागेर आउँदा लोग्नेले आर्यघाट देखाएको थियो। कुन सन्दर्भमा? उसलाई सम्झना भएन। तर उसलाई हेक्का थियो।

रात, त्यसमाथि निषेधाज्ञा। सडक सुनसान थियो। यदाकदा साइरन बजाउँदै, बत्ती पिलिकपिलिक पार्दै गाडी गुड्थे। ऊ पेटीमाथि हिँड्दै, रूखको छायामा छेकिँदै अनुमानको भरमा आर्यघाट पुगी। घाटमा लासहरू जलिरहेका थिए।

प्रकृतिको लीला! मान्छेको जिन्दगी, जिन्दगीका सपना सब खरानी भइरहेका थिए। तर चिताबाट आएको ज्वालाले वरिपरिको वातावरण प्रज्वलित बनाइरहेको थियो। अर्को अचम्म! चिताकै अगाडि मलामीहरू भावी योजनाको रूपरेखा कोर्दै थिए। दीर्घजीवी हुने तरिकाका बारेमा छलफल गर्दै थिए। सम्पत्ति आर्जनमा बहस गर्दै थिए। तर उसलाई यो सब दर्शन र गफसँग सरोकार थिएन। सरोकार त पिठ्यूँमाथिको लासको आत्मालाई जतिसक्दो छिटो मुक्त गराउनु थियो।

पैसाबेगर साससम्म फेर्न नसकिने तीतो यथार्थ उसले छोरी मर्दाको समयमा अनुभव गरिसकेकी थिई। यो त झन् मृतात्मालाई स्वर्गको सिँढीमा चढाउने सवाल थियो। हिन्दू संस्कारअनुसार आत्मालाई स्वर्गको बाटो देखाउन बाहुनको साथमा सरजाम

आवश्यक पर्थ्यो जुन नगदनारायणबिना असम्भव थियो। उसले पटुका छामछुम पारी। मुस्किलले ५० रुपियाँको नोट निक्ल्यो।

"मृत्यु भइसकेपछि मान्छे लासमा परिणत हुन्छ। लासको जातभात हुँदैन। छुत-अछुत हुँदैन। गरिबधनी पनि। यहाँ मेरो कोही छैन। जनी गरी मेरो पोइको लासलाई तपाईंहरूको आफन्तको चितामाथि राखिदिनुहोस्। पुण्य लाग्ला।" लास बोकेरै ऊ चिच्याउँदै ओहोरदोहोर गर्न थाली।

तर चितामाथिको लासले उसको पुकार सुन्न सक्दैनथ्यो। चिताबाहिरका मान्छेलाई भावी योजना कोर्दैमा ठिक्क थियो। कसैको पुकार सुन्ने फुर्सद थिएन।

कुकुरको झुन्ड भने मलामी भएर उसको पछाडि हिँडिरहेको थियो।

■

**तुलसीहरि कोइराला**

# भूगोलपार्कको बच्चा



"डल्लीले बच्चा त पाउने नै भई, तर त्यो बच्चाको बाबुको टुङ्गो चाहिँ जन्मिनुभन्दा पहिले नै लगाइसक्नुपर्छ है। हो कि होइन त केटा हो?"

म त भन्छु– "डल्लीले जन्माउने बच्चाको बाबु म नै हुँ। तिमीहरू बेकारमा मेरोमेरो भनिरहेका छौ, तिमेरू फुच्चेहरूको त हुनै सक्दैन। डल्लीले तोकेर भनिदिए हुन्थ्यो तैँ होस् मेरो पेटको बच्चाको बाबु भनेर। ऊ पनि खोइ को हो, को हो पो भन्छे।"

भूगोलपार्कमा नियमितजस्तै देखिने उरन्ठेउला केटाहरूबीच आज गम्भीर छलफल चलिरहेको रहेछ। उनीहरूका हातहातमा एकएक ओटा प्लास्टिकका पोका थिए। पोकाभित्र मुखले फुक्दैसुँघ्दै गरिरहेका थिए।

उनीहरूलाई हेयका पात्र बनाउनेहरूका तर्फबाट एउटा सामूहिक नाम दिइएको थियो खाते भन्ने। तर यसलाई समयको परिवर्तन र एन्जिओकर्मीहरूको चाहनाअनुसार पछिल्लो समयमा आएर नयाँ नामकरण गरिएको छ 'सडक बालबालिका' भनेर।

यी सडक बालबालिकाको पनि आआफ्नो समूह हुन्छ। समूहमा एउटा नाइके बनेको हुन्छ। उसले भनेको सबैले मान्नुपर्ने नियम उही नाइकेले नै बनाएको हुन्छ र मान्न बाध्य पार्छ। यो समूहमा फट्याङ्ग्रेले नायकी सँभालेको छ।

भूगोलपार्कवरिपरिको सात–आठ जनाको समूहमा दुइटी केटी पनि प्रायः देखिन्थे। आज भने डल्ली देखिएकी थिइन। ऊ नभएकै बेला भइरहेको यो घनीभूत छलफल भने डल्लीकै पेटको बच्चाको विषयलाई लिएर थियो।

छलफलबाट निष्कर्ष निस्किनेवाला पनि थिएन। समूहको नाइके बनेको फट्याङ्ग्रे चाहिँ बाबु आफू नै हुनुपर्ने र डल्लीले उसैलाई आफ्नो पेटको बच्चाको बाबु मानिदिएर खुसी देओस् भन्ने चाहिरहेको थियो।

डल्ली भने आफै अलमलमा परिरहेकी थिई।

यसरी सडकमा आएर एउटा समूह बनिसकेपछि उनीहरू विगतका सबै कुरा बिर्सिन चाहन्छन्। उनीहरू पनि त्यसै गर्न चाहिरहेका थिए। आमाबाबु, घरपरिवार, अहँ सबै त्यागेर हिँडिसकेपछि किन सम्झिने!

एक किसिमले त हो पनि। आफन्त गुमाएर एक्लिएकाहरू, अनेक हन्डर, दुःख, सौतेनी आमाको ताडना, छोराछोरीसहित पोइल आएकी आमाको लोग्नेले गर्ने झड्केलो व्यवहार र अनेक यस्तै सास्तीबाट मुक्ति पाउने बाटो खोज्दै जाँदा सडकमा आइपुगेर सडककै संसारमा रमाउन थालेपछि उनीहरू विगतलाई कोट्याएर दुःखी हुनै चाहँदैनन्। कसै गरी खोजी गर्दै आफन्त वा बाबुआमा नै आइपुगेर आफूसँग लान प्रयत्न गर्दा पनि उनीहरू जान मान्दैनन्।

केही दिनअघि यस्तै एउटा दृश्य देखिएथ्यो। त्यही समूहको एउटा केटालाई एक जनाले जबर्जस्ती घिस्याइरहेको थियो। केटो भने म जाँदै जान्नँ भन्दै भाँडिम गरेर रोइरहेको थियो।

“तँले कोठामा लगेर कुट्छस्, मलाई मार्छस्, म जाँदै जान्नँ। म यहीँ बस्छु। लौ न, मलाई यो राक्षसबाट खोस ए साथीहो।”

उसको रुवाइले बटुवाको ध्यान खिचिएको थियो। घिसार्ने लोग्नेमान्छे केटालाई बेलाबेला थप्पड पनि हानिरहेको थियो।

धेरैले चासो देखाएर सोधीखोजी गर्न थालेका थिए। यसरी नकुट्न भन्दै पनि थिए। यत्तिकैमा केटाले ‘लौ न साथीहो, मलाई यो राक्षसबाट खोस’ भनेपछि नौ/दस जनाको ग्याङ एक्कासि जाइलाग्यो। उनीहरूले त्यो घिसार्ने मान्छेमाथि लात्तीमुड्की बर्साए, आफ्नो साथीलाई खोसे र सडकमा दौडिए। एकैछिनमा उनीहरू अलप भए।

त्यो मान्छे भन्दै थियो– “यो बजिया मेरो छोरो हो। घरबाट भागेर हिँडेको। एक पटक त फिर्ता लगिसकेको हुँ, तर फेरि भागिहाल्यो। उता घरमा आमा रोएर बसेकी छ। यता बाँदरहरूको कुटाइ खानुपर्‍यो आफूले।”

डल्ली पनि यसरी नै कतैबाट सडकमा आइपुगेकी हो। ऊ यो समूहकै सबैभन्दा प्यारी छे। उसले कुनै कुरा भनी भने अरूले नाइँनास्ति गर्दै गर्दैनन्। सडकमा आउँदा त्यस्तै नौ/दस वर्षकी थिई होला। हेर्दाहेर्दै हलक्क बढी। उसलाई पनि डेल्ड्राइट सुँघ्ने नसा बेलैदेखि लागिसकेकै थियो। नसाले झुम्म पारेपछि सबै कुरा बिर्सिने, रमाइलो लाग्ने। समूहमा नाइके बनेकाले माया गरी कताकताबाट मीठोमीठो खाने कुरा ल्याएर खान पनि दिन्थ्यो। नयाँ लुगा पनि किनिदिन्थ्यो। माया गर्नेलाई यसै पनि माया गरूँगरूँ लाग्ने। डल्ली पनि फट्याङ्ग्रेलाई नै बढी माया गर्न थालेकी थिई।

यही मायाकै सेरोफेरोमा रमाउँदारमाउँदै र बोराभित्र पसेर चिसो रातलाई न्यानो बनाउने प्रयत्न गर्दागर्दै १२ वर्ष मात्रै पुगेकी डल्लीसँग फट्याङ्ग्रेले धेरै कुरा गर्न थालिसकेको थियो।

फट्याङ्ग्रे बेलाबेला हराउँथ्यो। कुनै रात त ऊ अहिले आउला, एकछिनमा आउला भन्दाभन्दै उज्यालो हुन्थ्यो। त्यसरी रातै हराएर भोलिपल्ट आउँदा समूहलाई नै पुग्ने गरी पाउरोटी, डोनट, मम र कहिलेकाहीँ चिकेन रोस्ट पनि लिएर आउँथ्यो। खान पाएपछि सबै दङ्ग पर्थे र उसको जयजयकार गर्थे। डल्लीलाई त झनै छुट्टै भाग दिन्थ्यो। ऊ फुरुक्क हुन्थी। फट्ट्याङ्ग्रेले पकेट मारेर ल्याएको होस् कि पसलको चोरेर, उनीहरूलाई सरोकारको विषय थिएन। खानुसँग सरोकार थियो, रमाउँदै खान्थे।

फट्याङ्ग्रे हराएको रात डल्लीलाई बोराभित्र एक्लै सुत्न डर लाग्थ्यो। त्यसो त अरू पनि त्यहीँ वरिपरि नै हुन्थे र पनि ऊ कुनैलाई बोलाउँथी। डल्लीसँग सुत्दा जाडै हुँदैन भनेर फट्याङ्ग्रेले भनेको सुनेका केटाहरू फट्ट्याङ्ग्रे नहुँदा डल्लीसँग सुत्न तँछाडमछाड नै गर्थे। अलिक उमेर पुगेकाले डल्लीसँग फट्याङ्ग्रेले केके गर्छ भन्ने थाहा पाइसकेका पनि थिए। उनीहरू पनि डल्लीलाई निकै माया गर्न थालिसकेका थिए, तर फट्याङ्ग्रेकै मायाले डल्लीलाई बाँधिरहेको थियो। त्यसो त फिस्टी पनि सबैकी प्यारी नै थिई, तर पनि डल्लीले जति उसले समूहको माया पाउन सकेकी थिइन।

एक रात फट्याङ्ग्रे मात्रै हराएन, डल्ली पनि ऊसँगै हराई। समूहबाट नाइके त कहिलेकाहीँ हराउने गरेकै थियो, तर डल्ली यसरी कहिल्यै हराएकी थिइन। सबैले उसको चिन्ता गरे। चिन्तैबीच रात त कटिहाल्थ्यो, कट्यो। बिहान भएपछि नाइके र डल्ली सँगै आइपुगे। आउँदा डल्लीले उज्याला नयाँ लुगा लगाएकी थिई। कपाल पनि नुहाएर कोरेको सपक्क थियो। यद्यपि उसको अनुहार भने उज्यालिएको थिएन। उसको अनुहार निबुवा निचोरेको जस्तो अख्रक्क परेको थियो। ओठ कलेटी परेका थिए। शरीर थकितझैँ देखिएको थियो।

नयाँ लुगा लगाउन पाउँदा अघिपछि कम्ती रमाउँदिनथी डल्ली, तर आज किन यसरी अँध्यारिएकी छ? टिप्पणी मात्रै गरेनन्, सबै छक्क परे।

कहाँ गएकी थिइस्? आहा, कति राम्रो लुगा लगाएकी! दाइले किनिदेको हो? हाम्रो दाइले कति धेरै पैसा कमाउँछ है डल्ली? सानेले डल्लीप्रति माया देखाउँदै धेरै कुरा सोधेपछि डल्लीलाई बोल्न करै लाग्यो। उसले भनी– “दाइसँगै ठमेल घुम्न गएकी थेँ। उतै रात पर्‍यो र होटलमा सुत्यौँ।”

साने त सानै थियो, चित्त बुझायो। तर फट्याङ्ग्रे र डल्लीको ठमेलतिर जाने क्रम भने झनै बढ्न थाल्यो। फट्याङ्ग्रेलाई उसको मुखेन्जी कसैले पनि नाम काढेर बोलाउन सक्दैनथे। उसलाई नाइके दाइ नै भन्नुपर्थ्यो सबैले। उसले डल्लीलाई कहाँ लिएर जान्छ, कहाँ बस्छन् र केके गर्छन् भन्ने कसैलाई पत्तो नभए पनि उनीहरूले पक्कै पनि मीठो खाए, अघाउँजी खाए र राम्रो ठाउँमा न्यानो गरी सुते भन्ने चाहिँ अनुमान गर्थे। उनीहरू फर्किंदा अनेक थरी खाने कुरा ल्याएको भरमा पनि यस्तो अनुमान गर्न सजिलो थियो।

फट्याङ्ग्रे पनि सुरुमा आफै एक्लै ठमेल पुगेको भने थिएन। उसलाई पनि उसको पहिलेको समूहको नाइके घैँटेले पुर्‍याएको थियो। सुरुसुरुमा त फट्याङ्ग्रेलाई ठमेल गएर होटलमा विदेशीले भनेअनुसारको काम गर्दा भागूँ जस्तै, मरूँ जस्तै लागेथ्यो। तर घैँटेले न भाग्नै दिन्थ्यो न त मर्नै। बानी पर्दै गएपछि र हातमा पैसा, मीठो खाना र राम्रो नाना पाउन थालेपछि उसलाई बानी नै परिसकेको थियो।

घैँटेले आफू नाइके भएर अरू केटालाई काममा लगाउन थालेपछि उसको हैसियत भने एकाएक बढेको थियो। आफ्नो हैसियत बढेपछि नै हो फट्याङ्ग्रेलाई उसले ठमेल पुर्‍याएको। विदेशीले केटाहरूले दिएको सर्भिसले मात्रै चित्त नबुझाएर केटीको सर्भिस पनि खोजेपछि फट्याङ्ग्रेले आफ्नो मुठीकी डल्लीलाई फकाएर ठमेल पुर्‍याएको थियो।

त्यति बेलासम्म फट्याङ्ग्रे र एकाध केटाबाहेक अरूसँगको अनुभव नलिएकी डल्लीलाई ठमेलमा विदेशीसँगको पहिलो रात अहिल्यै मरेँ कि एकछिनमा मर्छु भएथ्यो। उसले फट्याङ्ग्रेसँग निकै गुहार मागी पनि। आफू मर्न लागेकाले बचाउन निकै अनुनयविनय गरी, तर फट्याङ्ग्रे बियरले लट्ठ भएको थियो। उसले सुनेकोनसुनेकै जस्तो गरिरह्यो। डल्लीले आफूले देख्दै नपाएकी आफ्नी आमालाई पनि पुकारी। डल्ली एक किसिमले मरेरै बाँचेकी थिई। कति रोइकराइ गरी, चिच्याई, केही सीप नलागेपछि मर्लान्त भएर लडिरही।

बिहान भएपछि डल्ली उठेर हिँड्न खोजी। अहँ, राम्रोसँग उभिन पनि सकिन। उसलाई भनन्न रिँगटा लाग्यो। कोठा, कोठामा भएको फट्याङ्ग्रे र त्यो विदेशीलाई फनफनी घुमेको देखी।

फट्याङ्ग्रेले नयाँ लुगा उसको हातमा दियो र पनि डल्लीले राम्ररी समाउन सकिन।

टेबलमा अनेक थरी खाने कुरा आइसकेका थिए र पनि उसलाई खानै मन लागेन।

हातमा पैसा थमाइदिएको थियो र पनि उसलाई पैसा समाउनै मन लागेको थिएन।

सबै कुरा फट्याङ्ग्रेले नै सँभाल्यो र डल्लीलाई सम्झाइबुझाइ गऱ्यो।

आफूले धेरै माया गर्ने, कहिल्यै एक्लै नछाड्ने वचन दियो।

उसैले बाथरुमभित्र छिराएर नुहाउन लगायो र नयाँ लुगा फेर्न दियो। डल्लीले केही खानै मानिन। भएको खाने कुरा सबै पोको पारेर फट्याङ्ग्रेले नै बोक्यो र उनीहरू भूगोलपार्क फर्किए।

यसपछिका थुप्रै रात फट्याङ्ग्रे र डल्ली ठमेलतिरै वास बसेका थिए र बिहान उसरी नै खाने कुरा लिएर फर्किएका थिए। डल्लीले पनि अब भने पहिलेको जस्तो नराम्रो मान्न छाडिसकेकी थिई। भाउँतो त त्यति बेलादेखि भयो जब १४ वर्ष मात्रै पुगेकी डल्लीको पेट क्रमशः उकासिन थालेको थियो। सुरुमा त मोटाएर उकासिएको हो भन्ने थियो, तर किन हुन्थ्यो? उसको पेटमा गर्भ रहेको थियो र अब महिना पुग्न पनि लागिसकेको थियो।

हो, डल्लीले बच्चा जन्माउन लागेकी थिई र उसले जन्माउने बच्चाको बाबुको टुङ्गो जन्मिनुभन्दा पहिले नै लागोस् भन्नेमा उनीहरू थिए। तर डल्लीले न फट्याङ्ग्रेलाई 'तँ मेरो लोग्ने' भनेर स्पष्ट भन्न सकेकी थिई न त ठमेलको होटलको विदेशीलाई नै बच्चाको बाबु भन्न सकी। अरू एकाध केटालाई त झन् के भनोस्? ऊ चुप नै लागिरही।

जे हुनु थियो, नियमित नै हुँदै थियो। डल्लीले भूगोलपार्कमै बच्चा जन्माउने भई। फट्याङ्ग्रे, फिस्टी र अरू केटा नै सामूहिक सुडेनी बने।

फेरि अर्को पटक मरेर बाँची डल्ली।

उसले बच्चा जन्माउँदा समूहमा खुसियाली छायो। फट्याङ्ग्रेले त त्यो दिन रामेश्वरम्को मिठाई नै बाँड्यो। डल्लीलाई सकेसम्म स्याहार गऱ्यो। आगो बालेर तातायो।

डल्ली र उसको बच्चाका लागि भनेर आर्यघाटसम्म पुगी डसना र कम्बल पनि उठाएर ल्यायो। उसले गर्न सक्ने जति स्याहार गऱ्यो डल्लीको। फिस्टीले पनि दिदी भन्दै फुरुकफुरुक गरी।

भर्खर १४ वर्षमा हिँड्दै गरेकी डल्लीले बच्चालाई दूध चुसाउनु मात्रै भयो, थोपो चुहिएन। बच्चा जति बेला पनि रोएकोरोएकै हुन्थ्यो। फट्याङ्ग्रेले आफै प्याकेटको दूध ल्याएर डल्लीको बच्चालाई खुवाउने प्रयत्न गऱ्यो। न बच्चालाई यसरी खुवाउनुपर्छ भन्ने कसैलाई थाहा थियो न त यस्तो मात्रै खुवाउनुपर्छ भन्ने नै ज्ञान थियो। जसोतसो बच्चाको सास अडिएको थियो ।

डल्लीले जन्माएको बच्चा समूहका सबैको हातहातमा हुन्थ्यो। खोसाखोस गरी बोकेर कुदाउँथे। एउटाले भन्थ्यो– मेरो बच्चा। अर्काले भन्थ्यो– मेरो बच्चा, मेरो छोरो, मेरो भाइ, मेरी छोरी, मेरी बहिनी। म बोक्छु, म खुवाउँछु, म माया गर्छु।

अरूले जति नै माया गरेजस्तो देखाए पनि डल्लीलाई भने आफूले बच्चा जन्माएकोमा कत्ति पनि खुसी लागेको थिएन। उदास थिई ऊ। बच्चा रुँदा पनि झर्को मान्थी, दूध चुसाउन पनि जाँगर देखाउँदिनथी। थोपो नचुहिने दूध चुसाएर पनि के गरोस्? समूहमा छाडिदिएर छिनछिनमा काताकता हराउँथी। टोलाएर बसिरहन्थी। फट्याङ्ग्रेले माया देखाउँदा पनि ऊ पहिलेजस्तो मायालु हुन सकिरहेकी थिइन।

बच्चा जन्मिएको महिना दिन भएको थियो, एकाएक डल्ली हराई। ऊ हराउँदा बच्चालाई त्यहीँ छोडेरै हराई। आज हराई, भोलि नि आइन, पर्सि नि आइन। हप्ता दिन भइसक्यो र पनि ऊ आइन।

यस पालि ऊ एक्लै हराएकी थिई। फट्याङ्ग्रे समूहमै थियो र नायकी देखाइरहेको थियो। उसले पहिले जाने गरेका ठाउँहरूमा खोज्यो, सम्भावित सबै ठाउँमा खोज्यो, तर डल्लीलाई कतै पनि फेला पार्न सकेन। समूहमा ठूलै तनाव उत्पन्न भइदियो डल्ली हराएका कारण...।

अब त फट्याङ्ग्रेले डल्लीको बच्चालाई मेरो बच्चा भन्न पनि छाडिसकेको थियो। बच्चाले केही पनि निल्न सकिरहेको थिएन र जति बेला पनि रोइरहेकै हुन्थ्यो। बच्चाको रुवाइ झर्कोलाग्दो हुँदै आएको थियो। उनीहरूमा डेन्ड्राइटको नसालाई समेत बच्चाको रुवाइले फिका पारिदिएको थियो। कतै डल्ली आइपुगी पो हाल्छे कि भनेर बच्चालाई सँभाल्ने प्रयत्न भने गरिहेकै थिए।

अहँ, १५ दिन भयो डल्लीको कुनै अत्तोपत्तो भएन। फट्याङ्ग्रे पनि धेरैजसो ठमेलतिरै रमाउन थालेको थियो। डल्लीको बच्चा उनीहरूका लागि के गरूँ र कसो गरूँ हुन थालेको थियो। रोएर चिर्को बालेपछि उनीहरूले बच्चालाई सुताउने उपायको खोजी

गर्दा आफूहरूले सुँघ्ने गरेको साधनलाई नै उपयोग गर्न थाले। त्यसपछि बच्चो साँच्चिकै निदायो। त्यस रात उनीहरूले पनि आनन्दले सुत्न पाए।

भोलिपल्ट फट्याङ्ग्रे फुत्त आइपुग्यो। आफूहरूको नाइके आइपुगेकोमा सबै खुसी भए। साथमा ल्याएको खाने कुरा समूहमा बाँडेर खान छाडिदियो र डल्लीको बच्चाका बारेमा आफूले गर्न लागेको निर्णय सुनायो। उसको निर्णयमा अरू कसैको विमति रहने कुरै थिएन। डल्ली नभएपछि उनीहरू पनि हैरान भइसकेका थिए।

मध्यरात भइसकेको थियो। बच्चा निदाइरहेको थियो। डल्लीले बाबु घोषणा नगरिदेकोमा दुःख लागेको भए पनि बच्चालाई बोकेर वसन्तपुर दरबार स्क्वायरबाट विष्णुमतीतिर ओरालो लाग्यो फट्याङ्ग्रे। जे निर्णय गरेर गएको थियो, सुरक्षित तरिकाले त्यही गरेर फट्याङ्ग्रे फर्कियो।

विष्णुमतीवारि परोपकार संस्थाको गेटअगाडि बिहान निकै ठूलो भीड लागेको थियो। पुलिसले भीडको व्यवस्थापन गरिरहेको थियो। भीड छिचोलेर फर्किएकाहरू भन्दै थिए– हेर त, मरेको बच्चा रहेछ! दुई महिना पुगिसकेजस्तै छ। एउटी बहुलाईजस्ती केटी मरेको बच्चालाई 'मेरो बच्चा' भन्दै काखमा लिएर रोइरहेकी रहिछ। पुलिसले हकारपकार पारेर खोसेका छन्। ऊ चाहिँ मरेको बच्चालाई आफ्नै बच्चा भन्दै लिनलाई झम्टिरहेकी थिई। त्यस्ती फुच्ची केटीले केको बच्चा जन्माउनु नि? यति सानो उमेरमै बिचरी के पीरले बौलाइछे?

भीडमा अनेक अड्कलबाजी भइरहेथे– परोपकार संस्थाकै अगाडि छाड्नुले कतै जीवितै ल्याएर छोडेको थियो र जाडोले कक्रिएर मरेको पो हो कि? कसरी फ्याँक्न सकेको होला आफूले जन्म दिएको बच्चालाई? कति निष्ठुरी हुँदै गएको हो यो समाज? स्याहार्न, पालनपोषण गर्न नसक्नेले बरु गर्भपतन नै गराएको भए हुन्थ्यो नि!

भीडभन्दा अलिक पर सडकमा लडीबुडी गर्दै डल्ली रोइरहेकी थिई र बेलाबेला भन्दै पनि थिई– मेरो बच्चा, मेरो बच्चा!

■

**रोशन थापा 'नीरव'**

# अन्तिम चुम्बन

*[परपर तीनचार वटा रूख थिए। कुनै किंवदन्तीलाई सम्झाउने गरी उभिएको। कति वर्ष भयो यसरी नै उभिइरहेको। ती रूखमा बसेका चराहरू आफ्ना गीत गाउँथे।*

आफ्ना गाथा गुनगुनाउँथे। युग यसरी नै निःसृत भएर आइरहेको थियो। एक दिन एक्कासि कुनै अवैध काष्ठ उद्योगीका आँखा त्यहाँ परे। अनि ल्यायो करौँतीयुक्त डोजर र काट्न थाल्यो ती रूखहरू। ढले गर्ल्याम्म ती रूखहरू कुनै इतिहास बोकेको धरोहरझैँ। उडे चराहरू। पलायन हुन बाध्य भए ती। ती चराहरूमा थिए केही चमेरा। एक चमेराको मुखमा केही थियो। के थियो? यसको किटान स्पष्टोक्ति यति बेला थाहा भएन। त्यो चमेरो उडेर एउटा केराघारीमा गई झुन्डियो। कति दिसम्म त्यो त्यत्तिकै झुन्डिएर बसिरह्यो। न भोक न तिर्खा। त्यसको घर उजाडिएको थियो। अव्यक्त पीडा कतै पोख्न सकेन। मानव स्वार्थको प्रकोपमा त्यो पऱ्यो। यो तुस लिएर त्यो झुन्डिरह्यो। केही दिनपछि त्यसले पाक्न लागेको केरा चपाउन लाग्यो। त्यसले चपाएको प्रत्येक चरणमा मानवविरुद्ध क्रोध चपाउँदै थियो। चपाउँदै गर्दा केही त्यसको मुखमै रह्यो, किनभने कोही क्षुद्र मानवले त्यो केराको खम्बा पनि काटिदियो। त्यो चमेरो फेरि उड्यो। उडेर माथि हावामा बत्तियो।  अब कहाँ जाने? प्रश्नले अतिशय सुइरो घोच्यो। क्रोधको ऱ्याल उम्रियो। त्यो ऱ्याल चपाउँदै गरेको केराको टुक्रामा पऱ्यो। अनि उड्दाउड्दै त्यो चमेरो एउटा यस्तो ठाउँमा झुन्डिन पुग्यो जहाँ सुँगुरको जमात कराइरहेको थियो अर्थात् त्यो चमेरो सुँगुरको खोरमा पुग्यो र एउटा दलिनमा झुन्डियो। झुन्डिँदै गर्दा क्रूर मानवको अतिशय स्वार्थीपना त्यसले सम्झियो र थुक्क थुक्यो। थुक्दा थुक त होइन, ऱ्याल मिश्रित केराको टुक्रा तल खस्यो। त्यो केराको टुक्रा एक खाइलाग्दो सुँगुरको मुखमा गएर टाँसियो। सुँगुर आँखा चिम्लेर जवानीको गीत सम्झँदै थियो क्यारे। फ्याट्ट आँखा खोल्यो। मुखमा गुलियो पदार्थ। त्यसले स्वाट्ट मुखभित्र छिरायो र चपायो। त्यसको केही छिनपछि त्यस खोरको स्वामी एक मांस व्यापारी आयो। त्यही खाइलाग्दो सुँगुरलाई तानेर खोरबाहिर लग्यो। अर्को कुनै व्यापारीलाई बेचिदियो। त्यो सुँगुर आहारशालामा पुग्यो निर्जीव भएर। एक भान्सेले  त्यस सुँगुरको निर्जीव मांसलाई काट्दै थियो। कसैले त्यसलाई बोलायो। त्यो बाहिरियो। एक युवती थिई। त्यससँग अङ्कमाल गऱ्यो। केही कुराकानी भयो। अनि दृश्य परिवर्तन भयो। केही समयपछि त्यो युवती छटपटिँदै पलङमा सास फेर्न कठिन हुँदै मृत्युलाई अँगाल्न पुगी...। यहाँ त्यो युवती मात्र होइन, त्यससँग अङ्कमाल गर्ने भान्से पुरुष पनि मरेको दृश्य प्रसारण भएको थियो। अनि त्यो युवतीसँगै एक रात सुत्ने त्यसको पूर्वप्रेमीको पनि मृत्यु भयो वा हुन बाँकी भएको देखियो। त्यति मात्र थिएन, उता घरमा त्यो युवती पुगेको केही दिनपछि उसको छोरो पनि भुइँमा पछारिएर छटपटिँदै मृत्युलाई अँगाल्न पुगेको थियो। यसरी त्यहाँ एउटा नजानिँदो सङ्क्रामक मृत्यु अदृश्य लहर लिएर फैलिएको देखियो र यो दृश्य थियो के? 'कन्टाजिअन'... 'कन्टाजिअन'...



*मान्छेबाट मान्छेमा सर्ने एउटा महामारी... सङ्क्रामक थियो वा कुनै चलचित्र... यति बेला कथाको आरम्भ उभियो... त्रासदीको नयाँ प्रारम्भ...।]*

यति बेला ऊ आफ्नी प्रेमिकासँगै अस्पतालको एउटा सघन कक्षामा छटपटाइरहेका बिरामीहरूबीच छ। उसले ती छटपटाइरहेका बिरामीलाई हेर्दै गर्दा एक्कासि उसलाई 'कन्टाजिअन'-को सम्झना हुन पुग्छ। यद्यपि यो कुनै शृङ्गारिक वा रोमान्टिक दृश्यका लागि उपजीव्य पङ्क्ति होइन। यस्तोमा रोमान्टिक हुनु सोह्रै आना ज्याद्रो हुनु हो। बिरामीहरू सास फेर्न नसकेर छटपटाइरहेका छन्। परिचारिकाहरू पूरै बाक्लो पहिरनमा निसास्सिएर दौडिरहेका छन्– यताबाट उता, उताबाट यता...।

× × ×

अक्सिजन खोइ?

मात्रा बढाऊ।

पाँच नम्बरको पेसेन्टलाई आईसीयूमा लैजाऊ।

भेन्टिलेटरमा राख।

हूल नगर्नुहोला... उता जानुहोस्... कृपया टाढै रहनुहोला...।

× × ×

उनीहरू डाक्टर जोडी हुन्। भर्खरै युवा जोसका साथ डाक्टरी शिक्षा उत्तीर्ण गरी उनीहरू इन्टर्नसिपका लागि त्यहाँ रहेका हुन्। अरू डाक्टर भाग्दै गएका छन्। उनीहरू डटेर बसेका छन्। अनि बिरामीहरूको सङ्ख्या बढ्दै छ। कुनै किट पहिरन छैन। कुनै प्रत्याभूति, आश्वासन छैन। केवल मास्क र पन्जाका साथ तिनीहरू सेवारत छन्। यो युवा जोस हो, कुनै खोक्रो आदर्श होइन। विषाणु प्रकोपित सङ्क्रामकहरू सास फेर्न नसकेर भटाभट आँखा चिम्लन थालेका छन्। आइसोलेसनको सुविधा सुविधामूलक भएनछ कि के हो वा मात्रा पुगेनछ कि क्या हो? बिरामीको दयनीय अवस्था तिनीहरू विवशतापूर्वक हेर्न बाध्य भएका छन्। भटाभट मानवशरीर ढल्न लागेको देखिएको छ।

× × ×

यो के हो डाक्टर साब?

लौ न डाक्टर साब, यता हेरिदिनू।

केही भएछ भने त...।

घरमा हामी एक्लाएक्लै छौँ।

रगत ल्याउने कि स्लाइन वाटर?

× × ×

एक्कासि हूल। मान्छेहरू बाहिर। भित्र बिरामीहरू। सामान्य बिरामी होइन, सङ्क्रमित। पर एक युवा स्वाँस्वाँ गर्दै घोप्टिन पुग्छ। सास बन्द। निस्तेज। आँखा एकटक। कुनै छटपटाइ छैन। सबै स्थिर। मौन। अघिसम्म आर्तनाद गर्दै रहेको त्यो युवा। अहिले एकदमै निस्तेज। कुनै बोली छैन। आँखामा असङ्ख्य विवशताको दृश्य टक्क अडेको छ। यतिभन्दा बढी विवरण दिने अवस्था छैन। बाक्लो पहिरनका अनुहारहीन मानवहरू आउँछन्। बाहिर सेनाको शववाहन छ। त्यसैमा राखिन्छ अनि अस्ताचलको कुनै अन्तिम स्थलतिर सम्भवतः कुद्छ। एउटा जीवन यहीँ रोकिन्छ। ती युवा जोडी डाक्टरको अनुहारमा विवशताको व्यापक छाप उम्रिन्छ। गर्दागर्दै असफल हुनाको भावले छताछुल्लजस्तो। अघिसम्म ती युवा जीवनको व्यापक दर्शनलाई आफ्नो रोकिँदो साससँगै भन्दै गरेको युवा डाक्टर सम्झन थाल्छ।

× × ×

मलाई छिटो निको पारिदिनू डाक्टर साब।
मेरो एक हप्तापछि बिहे छ।
उनले मलाई पर्खिरहेकी हुने छिन्।
म जसरी भए पनि फर्कनु छ घर।
डाक्टर साब... मलाई सास फेर्न कठिन भइरहेको छ।

× × ×

भेन्टिलेटरमा राखिएकी युवती छटपटाउँछे। ती युवा डाक्टर जोडी अक्सिजन मिलाउँछन्। ज्वरो नाप्छ। चर्कंदै छ। अक्सिजन लेभल घट्दो छ। अक्सिमिटरबाट नाप्छ। अक्सिजनको मात्रा बढाइदिन्छन्। अक्सिमिटरमा २५ देखिएको अक्सिजनको मात्रा बिस्तारै प्वाकप्वाक हरियो बिन्दु बढ्दै ५० मा पुग्छ। ५०... ४५... ५०... ५५... ५०... ६०... एवंरीतले ७०... ८०... ८५... ९०...। युवतीको छटपटाइमा कमी आउँछ। ती दुई डाक्टर जोडी मलिन मुस्काउँछन्। केही आश्वस्त भएको सास छाड्छन्। यति बेला कति बजेछ... रातको एक बजे... उनीहरू बढ्दा सङ्क्रमितबीच रहेको कति दिन भइसकेको छ। उनीहरूलाई यसले पिरोलेको छैन। यताबाट उता, उताबाट यता रोगीबीच दौडेको दौड्यै छन्। घर जान नपाएको कति दिन भएछ कति! यो सम्झना उनीहरूलाई छैन। कर्तव्य... कर्तव्य... यही ध्याउन्न उनीहरूको।

× × ×

*[एउटा ल्याब। एक कम्ब्याट पोसाकमा उभिएकी महिला। केही हेर्दै थिइन्। जार मिलाउँदै थिइन्। मात्रा मिलाउँदै थिइन्। कम्प्युटरमा नापेर हेरिन्। केही स्विच थिचेर जारतिर हेरिन्। एउटा स्विच थिचेर र्‍याक उघारिन्। चिसो बाफ बीचबाट एउटा पाउच*

*माथि आयो। केमिकल पाउच। त्यो पाउच हातमा लिएर ती महिलाले ओल्टाईपल्टाई हेर्न थालिन्। अनि तृप्त मुस्कान लिएर त्यो पाउच कुनामा उभिएकी एक महिलाको हातमा रहेको ट्रेमा राख्न गइन्, तर ट्रेमा हात नपुग्दै त्यो पाउच ट्रेमा होइन, भुइँमा खस्न पुग्यो। ती कम्ब्याट महिला त्रसित भएर कराउन पुगिन् अनि अनुहारमा फेससिल्ड लगाइहालिन्। कुनामा ट्रे लिएर उभिइरहेकी महिलाले केही बुझ्न नपाउँदै त्यो पाउच प्याच्च ध्वनिका साथ फुट्यो अर्थात् बर्स्ट भयो। स्वार्र केही कुरो वातावरणमा फैलियो। अनि एक्कासि कुनामा उभिइरहेकी महिला भुइँमा बजारिइन् र छटपटाउन लागिन्। हातले घाँटी समाएर सास फेर्न कठिन भएको भावमा हाहा गर्न लागिन्...। एउटा अप्राकृतिक विषाणुको विस्फोट.. यहीँबाट उत्पत्ति भयो... आधुनिक विषाणुको आगमन।]*

अब विश्व तरङ्गित भइरहेको छ। टीभीमा, पत्रिकामा, मोबाइलमा, फेसबुकमा, युट्युबमा व्याप्त छ यही कुरा। एक अप्राकृतिक विषाणुको विश्व भ्रमण। देशअनुसार को कथन। कतै जोसका साथ अन्य देशलाई आरोप। कोही के भनिरहेको कोही केही दोषारोपण गरिरहेको। यता चाहिँ बेसारपानी, हाच्छिउँ, बोसीय, ग्यासीय आदि कुरा, अम्बाको पात, तातो पानीले हात धुने कुरालाई मन्त्रसरि प्रसारण गरिरहेका राष्ट्रनायक। यो कुरा। त्यो कुरा। आइसोलेसनको खोजी। अस्पतालहरूको व्यापार शुल्क महँगो आदि कुरा पनि बढ्दै गएको। यी सबैमा असङ्ख्य आतङ्कित पात्रहरू निसास्सिरहेको अवस्थामा देखा परिरहेका...।

× × ×

घर कहिले आउने? युवा डाक्टर मोबाइलको मेसेन्जरको मेसेज हेर्छ। केही नभनी अफ गर्छ। अगाडि एक पुरुष रोगीलाई ट्रिटमेन्टका लागि सहजीकरण गर्छ। युवती डाक्टर पनि एक महिला रोगीको मुखभित्र पाइप मिलाएर राखिदिन्छिन्। मध्यरातमा सबै रोगीको स्वाँस्वाँबीच युवती डाक्टर एक्कासि भुइँमा थर्र कामेर लड्न पुग्छिन्। युवा डाक्टरले दौडेर समाउँछ। युवती डाक्टर सास फेर्न कठिन भएको जनाउँछिन्। युवा डाक्टरले उनलाई उठाएर कुनाको एक खाली बेडमा सुताइदिन्छ। अनि अक्सिजनको सिलिन्डर घिसारेर ल्याई पाइप युवती डाक्टरको मुखमा राखिदिन्छ। अब त्रासको रूप अर्को दृश्य लिएर उभिन्छ। क्याबिनमा अन्योलको अदृश्य भाव भुमरिन्छ। विषाणुको चर्तिकला त्यहाँ अर्कै पारामा देखिन लाग्छ।

× × ×

क्याबिनबाहिरबाट अस्पतालको गेटबाहिर पुग्छ यो खबर। भाइरस सङ्क्रमण पोजिटिभका बिरामी हेर्दाहेर्दै ती दुई युवा डाक्टर पनि सङ्क्रमित हुन पुगेछन्। अनि दुवैको स्थिति चिन्ताजनक। कसरी? किन? के भएर? आदि प्रश्नका बीच ती दुई

डाक्टरको उत्कृष्ट नमुना पनि बाहिरिन्छ। सबै भाइरस पोजिटिभको सेवा गर्दागर्दै अन्ततः ती दुवै डाक्टर सङ्क्रमित भएका छन्। यो महामारीले पनि शरीर हेरेर व्यवहार गर्दो रहेछ कि क्या हो, क्याबिनका अन्य पोजिटिभहरू नेगेटिभ भएर बाहिर निस्किएका छन्, तर ती दुई डाक्टर भने...। ती डाक्टर जोडीका बारेमा सङ्क्रमणका साथ प्रत्येकको मोबाइल एप, फेसबुकमा जानकारीका लागि कसैले सूचना भाइरल गरिदिएको छ। अभ्यर्थनाका अनेक वाणी उपमा तरङ्गित हुन्छ।

× × ×

यसको केही दिनपछि। त्यहाँ अन्य कोही छैन उनीहरू दुईबाहेक। कि त छ बाईपाइपले फालेको फ्वाँफुच्च हावा ध्वनि मात्र। त्यस दिनको केही दिउसोतिर हुँदो युवती डाक्टर आफ्ना युवा डाक्टरलाई केही सङ्केत गर्छिन्। युवा डाक्टर बेडबाट उठेर युवती डाक्टरनिर पुग्छ। युवती डाक्टरले केही भन्न खोज्छिन्। युवा डाक्टरले पाइप मास्क झिकिदिन्छ। युवती डाक्टर एक लामो सास तानेर बोल्ने प्रयास गर्छिन्। युवा डाक्टर झन् नजिक पुग्छ।

× × ×

के भन्न लागेकी प्रियंवदा?

मलाई एक फेर उठाऊ प्रियंवद!

हुन्छ।

अलि राम्ररी उठाऊ।

हुन्छ।

× × ×

मलाई अति गाह्रो भइरहेको छ प्रियंवद।

अलि सामान्य बनेर लामो सास तान त।

एउटा कुरा, मैले भनेको मान्छौ?

भन न।

साँच्ची, हामीले कतिको फोक्सो बचायौँ, तर हाम्रै फोक्सो भने...।

× × ×

अब धेरै नबोल, सासको अवस्था गाह्रो भएको छ।

यति त भन्न देऊ, प्रियंवद।

भन, तर सुस्तरी भन।

हामी दुवै यहाँ आएका हौँ अनि हामी दुवै नै...।

हामीले पनि जित्ने छौँ प्रियंवदा।

× × ×

अब म जे माग्छु, तिमी दिन्छौ प्रियंवद?
मैले कहिले नाइँ भनेको छु र?
छैन, तर भोलि के थाहा, यसैले आज...।
त्यसो नभन प्रियंवदा, तिमी के चाहन्छ्यौ, माग न।
प्लिज, गिभ मी ए लास्ट किस।

× × ×

डाक्टर प्रियंवदले डाक्टर प्रियंवदालाई उठाएर आफ्नो बाहुपाशमा लिन्छ। आफ्नो सुस्ताएको सासलाई मिलान गर्दै दुवै एक लामो रोचक मुस्कान आपसमा साटासाट गर्छन्। दुवैले एकअर्कालाई धित मरुन्जेल हेर्छन्। अनि केही छिनपछि बिस्तारै दुवैका अधर जोडिन्छन्। आफ्नो हुनुको। प्रेमको। पवित्रताको। दिगन्त यात्राको। सम्भवतः अन्तिम चुम्बन। केही समयपछि उनीहरू पुनः बेडमा उत्तानिन पुग्छन् र दुवै जना अचल बन्न पुग्छन्। अब भने त्यहाँ कुनै श्वासप्रक्रियाको आवाज छैन। मान्छेहरूको उपस्थिति छैन। कुनै आतेस छैन। कुनै भागदौड छैन। छैन कुनै आतङ्कित अवस्था। छ त केवल अपार ध्वनिपछिको एक विराट् शून्यता... एक विशाल चकमन्नता... र केवल दुई प्रेमिल निश्चल देह... उनीहरू... र अक्सिजन मनिटरमा सुई लामो धर्के एकनासे मधुरो...। अनि कुनै प्रेमकथाको पटाक्षेपजस्तो स्थितिले जनाउन पुग्छ... उनीहरूले बाँकी रोगीलाई निको पारेर पठाए पनि उनीहरू स्वयम् भने...। साँच्ची उनीहरू अरूका लागि उपचारक त भएछन्, तर उनीहरूका लागि भने... त्यहाँ कोही पनि छैन, कोही आएको छैन। उनीहरू दुवैको देह अब पूर्ण अचल भएर प्रेमको त्यस दुनियाँमा प्रवेश गरिसकेका छन् जहाँबाट कोही फर्कने छैन। अब नाट्य मञ्चनको पर्दा खस्न मात्र बाँकी छ। एउटा यस्तो नाटक जसमा नायक हुन्छ, नायिका हुन्छे र हुन्छन् जीवनक्रमका अनेक कथा। त्यही कथामञ्चभित्र आफ्नो जीवनक्रियामा लीन हुन्छन्, तर हाम्रा नायकनायिका भने...।

× × ×

*(पाठकवृन्द, मैले आफ्नो कथाभित्रका सम्पूर्ण शब्दक्रियालाई यहीँ नै रोकेँ, तर बाहिर भने अहिले पनि यस्ता अनेक पात्रक्रिया यथावतै त्रास र अन्योलका व्यापक भुमरीमा परिरहेकै देखिन्थे।)*

■

**महेश पौड्याल**

# अपहृत भविष्य



"सर, मम्मीले मेरा लागि केही पैसा पठाइदिनुभएको छ। हजुरले राखिदिनू न, ल? मैले हराउन सक्छु।"

झमक्क साँझ परिसकेको थियो। आकाशमा ताराहरू टिमटिमाउन लागिसकेका थिए। मलाई लाग्यो– मबाहेक अरू सबै यहाँ खुसी छन्।

म त्यस बालकतिर फर्किएँ। उनको अनुहार टिठलाग्दो देखिन्थ्यो र आँखा निर्दोष। मैले उसलाई बोकेँ र आकाशतिर देखाएँ।

"मेरो राजा, उः त्यो चम्किलो जून देख्यौ?"

"देखेँ नि सर!"

"एक दिन तिमी त्यही जूनजस्तो बनेर चम्कनुपर्छ। म चम्काउँछु तिमीलाई।"

बालकले धेरै बेर केही भनेन। सायद चन्द्रमामा देखिएको त्यो दाग के हो, त्यही सोचिरह्यो।

"सर, मेरो पैसा राखिदिनुहुन्न?"

हुन्छ भन्न सकिनँ। हुन्न पनि भन्न सकिनँ। मसँग जवाफै थिएन।

"बाबू, आज मङ्गलबार। मङ्गलबारका दिन आफूसँग भएको पैसा कसैलाई दिनु हुँदैन। आजको रात तिमीसँगै राख। भोलि म राखिदिऊँला है?"

पैसा लिनदिनका लागि मङ्गलबार शुभ हो वा होइन, मलाई केही थाहा थिएन। मलाई एउटा बहाना चाहिएको थियो। त्यही वाक्य फुर्‍यो।

"सर, धन्यवाद!"

छात्रावास एउटा ठूलो भवनमा थियो। तल्लो तलामा हामी सबैको डोर्मिटरी थियो– बस्नेसुत्ने ठाउँ। तलामा लहरै विद्यार्थीका खाट थिए। एउटा कुनामा एक जना शिक्षकको र अर्को कुनामा मेरो खाट थियो। माथिल्लो तलामा हात मुख धुने ठाउँ र भण्डार। अझ माथि खुला छत।

भवनको छत निकै चौडा थियो र त्यहाँ बसेर हामी साँझको हावा खान्थ्यौँ। आज भने ऊ र म दुई जना मात्रै थियौँ छतमा।

ट्रिङट्रिङ गरेर मेरो फोन बज्यो। हेरेँ– उही बालककी आमाको फोन। कस्तो संयोग– दन्त्यकथाको जस्तो।

"सर, नमस्कार! छोरो ठीकठाकै आइपुग्यो होला।"

“हजुर, ठीकठाकै आइपुग्यो। चिन्ता नलिनुहोला है हजुर। म छु नि यहाँ।”

“हजुर। बाबूले हजुरको नाम लिइरहन्छ यहाँ आउँदा। सरले धेरै माया गर्नुहुन्छ भन्थ्यो।”

“हजुर... त्यसै भनौँ न।”

“हामी त जन्म दिने बाआमा पर्‍यौँ। कर्म दिने हजुरहरू हो।”

“हो नि! म फोन बाबूलाई दिऊँ है त!”

मैले फोन बालकलाई दिएँ र आमा र छोराको प्रेमपूर्ण संवाद सुन्न थालेँ। यस बेला मलाई मेरै आमाको याद आयो। मैले घर छाड्ने दिन भन्नुभएको थियो– “मानिसहरूलाई माया गर्नू। यो हाम्रो संस्कृति हो।” उहाँका आँखामा मैले आँसु पनि देखेको थिएँ र त्यो दृश्य घण्टौँ लामो मेरो यात्रामा मेरा आँखामा आइरह्यो।

हुन त छात्रावासमा तीन दर्जनजति बच्चा थिए। तर यस बालकमा एउटा समस्या थियो। राति उसका गोडा दुख्थे। डाक्टरले भनेको थियो रे– ऊ किशोरावस्थामा पुगेपछि आफै ठीक हुन्छ। अहिले अप्रेसन गर्न पनि नमिल्ने। बेलाबेलामा दबाई दिनुपर्थ्यो। मालिस गर्दिनुपर्थ्यो। उसको दुखाइले हामीलाई जोडेको थियो। स्वाभाविक रूपले म उसको सबैभन्दा निकटस्थ शिक्षक हुन पुगेँ।

आमा र छोराले धेरै कुरा गरे। बतासमा उडेर मेरी आमाको याद पनि आई नै रह्यो।

उसले फोन पुनः मलाई नै दियो।

“हामीलाई त सरकै भर छ। छोराको राम्रो ख्याल राखिदिस्यो है।”

“हजुर पनि। मेरो पनि त छोरो हो ऊ। हजुर ढुक्क हुनुहोला। उसलाई कुनै प्रकारको कठिनाइ हुन म दिन्नँ।

“हस्  सर, बिदा मागेँ त।”

“हस्। नमस्ते।”

बिस्तारै अँध्यारो बाक्लियो। अब डोर्मिटरीतिर जानु नै बेस होला भन्ने सोच्यौँ।

हामी भऱ्याङ ओर्लन थाल्यौँ। उसले मेरो हात समात्यो। मैले उसको हृदय समातेको थिएँ। आहा, कस्तो न्यानोपन!

“सर, मेरो घडीको सिसा फुटेको छ। नयाँ लगाइदिनू न प्लिज। डेडीले देख्नुभयो भने मार्नुहुन्छ। उहाँ छिटै आउनुहुन्छ जस्तो लाग्दै छ मलाई।”

उसको घडी नयाँ थियो भन्ने मलाई थाहा थियो। ऊ सानै बालक थियो। कसोकसो घडीको सिसा तोड्नु पनि स्वाभाविकै थियौ। तर पनि मैले नयाँ सिसा लगाइदिन्छु भन्ने वाचा गर्न सकिनँ।

“सर, प्लिज। कस्तो डर लागिरा’ छ।”

"हुन्छ बाबू! अहिले त अँध्यारो भयो, भोलि तिमी र म कौशलटार जाने अनि नयाँ सिसा फेर्ने है?" मैले भनेँ।

"हुन्छ सर!"

त्यो बेलासम्म हामी डोर्मिटरीको ढोकासम्म पुगिसकेका थियौँ। छेउछाउ कोही पनि थिएन। साँझको पढाइका लागि सबै आआफ्नो अध्ययन कक्षतिर लागिसकेका थिए।

"सर, मलाई बायोलजी आउँदैन जसका बारेमा केही पनि बुझेको छैन। सरले पढाइदिनू न।"

"हुन्छ बाबू, भोलि।"

ऊ हतारहतार पढाइका लागि अध्ययन कक्षतिर दौडियो। होस्टलको नियम– साँझको खानापछि दुई घण्टा अनिवार्य रूपमा स्वाध्ययनको क्लास लाग्थ्यो। एक जना शिक्षक निगरानी गरेर बस्थे। ढिलो पुग्नेलाई शिक्षकले पस्न दिँदैनथे। उसलाई यो कुरा थाहा थियो।

मैले उसको हात समातेँ र 'बाबू' भनेँ।

"तिमीले एसईई पास नगर्दासम्म म तिमीलाई छाड्दिनँ। तिमी एक दिन ठूलो डाक्टर बन्ने छौ। म तिमीलाई सहयोग गर्छु।"

फेरि भनेँ– "तिमीमा केही समस्या छन्। त्यो मलाई थाहा छ। तर सबै ठीक हुन्छ। म छु नि। तिमी एक दिन अवश्यै चम्कने छौ।"

उसले केही भनेन। के भनोस्? मेरो भावनात्मक संसारका ज्वारभाटा बुझ्न ऊ अझै धेरै कलिलो थियो।

यसरी नै हामी अध्ययन कक्षमा पुग्यौँ र मैले उसलाई भित्र छिराइदिएँ। मलाई देखेपछि शिक्षकले पनि केही भनेनन्। बालक आफ्नो काममा लाग्यो। म डोर्मिटरीतिर फर्किएँ।

म मध्यरातमा उठेँ र उसको सिरानीमुनि केही घुसारिदिएँ।

बिहान पाँच बजे उठेँ। मैले अघिल्लो रात उससँग गरेको सबै वाचा सम्झिएँ। जब उनीहरू सबै उठेर हातमुख धुन उपल्लो तलामा गए, म पनि गएँ। त्यो बालक पनि त्यहीँ थियो– दाँत माझ्न लागेको। फेरि पनि ऊ उस्तै सुन्दर र निर्दोष देखियो। मलाई अघिल्लो साँझजस्तै कुदेर जाऊँ र जुरुक्क उठाऊँ जस्तो लाग्यो, तर मभित्रको कुनै कुराले त्यसो गर्न दिएन।

मैले छड्के आँखाले हेरेँ उसलाई। तर उसले मलाई देखेन।

म तल्लो तलामा झरेँ।

हातमुख धोइसकेर जब ऊ तल आयो, म थिइनँ। मैले पछिल्लो पटक उसलाई देखेको त्यही दाँत माइदै गरेको बेला हो। हो, ऊ सुन्दर र निर्दोष देखिएको थियो।

उसलाई र ऊजस्ता धेरैलाई छोडेर म निस्किसकेको थिएँ। धेरै तलब पाउने अलि टाढाको अर्को स्कुलमा जाने निर्णय गरेको थिएँ। सबै वाचा पोको पारेर, आफैलाई पत्थर बनाएर निस्किएको थिएँ।

नयाँ, धेरै तलब दिने स्कुलमा प्रथम १५ दिन कसरी बिते, म भन्न सक्दिनँ। मेरो कल्पनामा आई बसेको बढी तलबका प्रत्येक नोटमा तिनै बालबालिका आएर आसन जमाई बस्थे र आँसुको पोखरी जमाएर जान्थे।

आफैलाई रोक्न सिक्न र १५ दिनपछि म पुनः उनीहरूलाई भेट्न पुगेँ– त्यही पुरानो स्कुल। मलाई गेटबाट छिरेको देख्नासाथ मेरो प्रिय बालक दौडेर आयो र भन्यो– “सर, मेरो घडी बनाइदिन्छु भन्नुभएको होइन? इः, लिनू। आजै बनाइदिनू। अनि त्यो पैसा सरले नै राखिदिनुपर्छ।”

अरू केही नबोली ऊ घडी र पैसा लिन डोर्मिटरीतिर दौडियो। म अवाक् त्यहीँ उभिइरहेँ।

दिउसो मलाई कसैले सुनायो– ती १५ दिनमा उसले एक अक्षर पढेन रे। सधैँ झ्यालबाट बाहिर हेरेर टोलाइबस्थ्यो रे। सायद उसले र मैले आकाशको जुन बिन्दुमा चन्द्रमा देखेका थियौँ, ऊ त्यहीँ हेरिरहन्थ्यो। सायद मैले देखाएको झूटो सपना पनि सम्झन्थ्यो।

मैले उसलाई दिएको भोलि कहिल्यै आएन। पैसाको सिरानी लगाएर म बाँचिरहेको छु– हृदयमा असङ्ख्य प्वालहरू बोकेर। ऊ मेरो सपनामा आइरहन्छ र भनिरहन्छ– “सर, खुट्टा दुख्यो। के गर्ने होला?”

■

**सुस्मिता नेपाल**

# क्यानभासमा नभरिएका रङहरू



साँझ मेरो घरको आँगनमा ओर्लनै लागेको थियो। मेरो कापीमा उपस्थित सबै अक्षर दुःखसुखका चित्रहरूमा उभिएका थिए। ती चित्रहरूलाई आफ्नो हृदयमा सलबलाएका विभिन्न प्रकारका स्नेहका रङले रँगाउँदै थिएँ।

हँसिलो, उज्यालो अर्को चित्रको अनुहार मेरा अक्षरहरूमा आएर टक्क उभिए। गम्भीरपन त्यसमा पोतिएको थियो। मैले आफ्ना अक्षरहरूलाई लुकाएँ। उनका अनुभवका अक्षरहरूलाई टिप्न चाहेँ।

बत्ती गयो, हत्त न पत्त मैनबत्ती सल्काएँ। मैनबत्तीको मधुरो प्रकाशसँगै उनी अर्को कविसँग आफ्नो अनुभूति खुसीका रङहरूमा पोख्दै थिए। शिष्ट, सभ्य उनको जीवनभित्र कोरिन नसकेका थुप्रै चित्रका खात रहेछन्। उनी भर्खरै अन्तर्राष्ट्रिय चित्रकला प्रतियोगितामा प्रथम स्थान ओगट्न सफल भएका रहेछन्।

उनी आफूलाई नलुकाईकन आफ्नो जीवनमा कोरिन नसकेका चित्रहरूका बारेमा भन्दै गए–

"अहिले त मान्छेको अगाडि म सोझो देखिन्छु, तर म निकै बदमास थिएँ। मैले धेरै नराम्रा काम गरेँ। अहिले मलाई किन त्यस्तो काम गरेँ भन्ने लाग्छ।

"परिवारमा मैले माया पाएकै थिएँ। शान्त ठाउँमा घर थियो। वरिपरि हरियाली छाएको थियो। बाबा हुनुहुन्नथ्यो। आमाको एक्लोपनलाई भाइको र मेरो उपस्थितिले केही बेरका लागि भए पनि पन्छाइदिन्थ्यो। आमा परपरका पहाडहरूलाई हेर्दै आफैमा हराउनुहुन्थ्यो। आमा त्यसरी आफैमा हराउनुभएको देख्दा उहाँले बाबालाई नै सम्झिरहनुभएको होला भन्ने मलाई लाग्थ्यो। त्यति बेला मैले बाबाको उपस्थिति आमाको अगाडि गराइदिन सकेको भए..., तर म त्यसो गर्न सक्दिनथेँ। त्यो क्षण आफू पीडाका छटपटीहरूमा डुब्थेँ। यही कारणले पनि मलाई भगवान्प्रति पटक्कै विश्वास थिएन।

"यसै क्रममा मैले सात, आठ कक्षा उत्तीर्ण गरेँ। पढ्न मलाई मन पर्थ्यो। नौ कक्षा पढ्ने बेलामा त्यस्तै घटना भयो। म रेस्टिकेट भएँ। अर्को स्कुलमा भर्ना भएँ। त्यहाँ पनि रेस्टिकेट भएँ। जहाँ गए पनि मैले यही दशा बेहोर्नुपर्‍यो। पढ्ने कुरा मबाट टाढा बसी मैलाई हेरेर धुरुधुरु रोइरहेको थियो।

"मनमा द्वन्द्व चल्न थाल्यो। धेरै मान्छेको अगाडि म नराम्रो व्यक्तिका रूपमा उभिएछु। सायद मबाट निस्कने रिसको आवेगलाई मैले सहन नसकेर यस्तो भएको होला।

"उज्यालो धरतीमा पोखिएको थिएन। मलाई सबैका आँखाबाट खस्दै त्यो ठाउँमा बस्न मन लागेन। सुतिराखेको आफ्नो परिवारलाई छाडेर घरबाट निस्किएँ। घरबाट निस्कँदा जताततै अन्धकारैअन्धकार थियो। त्यो अन्धकारलाई पन्छाउँदै बल्लबल्ल एउटा बस समातेँ। बसको सिटमा गएर बसेँ। बस गुडेको निकै बेरपछि उज्यालोका किरणहरू पोखिए। बसका यात्रीका जाने ठाउँहरू निश्चित थिए भने मेरो अनिश्चित। यो बसबाट ओर्लिएपछि म कहाँ जाने होला भन्ने प्रश्नले मलाई तान्दैतान्दै लग्यो।

“बसपार्कमा ओर्लिएँ। काठमाडौँमा आफ्नो पाइला टेकेँ। लर्बराएका पाइलालाई कता लगेर टेकाऊँ जस्तो भयो। दिनमा त समस्या थिएन, रातमा के गर्ने होला? परिवारको खुब याद आयो। मेरो बारेमा कति पीर पऱ्यो होला उहाँहरूलाई?

“आफूसँग भएको केही पैसाले खाने कुरा खाएँ। यताउता घुम्दै आफूलाई उभिन दिने आधार खोजेँ। कतै पाइनँ। घाम डुब्यो, साँझ पऱ्यो। रात चिप्लिएर मेरै अगाडि उभियो। त्यति बेला मैले आफ्नो स्पष्ट बाटो पहिल्याउन सकिनँ। त्यही सडकको पेटीमा थचक्कै बसेँ। आफ्नै उमेरका लाग्ने साथीहरूको आवाजले मलाई बसेको ठाउँबाट उठाएर लग्यो। उनीहरू त सडकमै सुत्दा रहेछन्। म पनि सडकमै सुतेँ। मलाई त्यति बेला धेरै असजिलो भयो, तर उनीहरूको चोखो प्रेमले सजिलो बनायो।

“बरु ती साथीहरू नै मेरा आफन्त, मलाई माया गर्ने सच्चा हृदयका भगवान् हुन् भन्ने लाग्यो। दिनभरि नै उनीहरूसँग घुम्थेँ, डुल्थेँ। उनीहरूले जे काम गर्थे, म पनि त्यही काम गर्थें। कहिले हामी होटलमा नजिकै सुत्थ्यौँ। त्यहाँबाट फालेको खाना खान्थ्यौँ। कहिले मन्दिरमा सुत्थ्यौँ। मन्दिरमा सुतेको बेला मलाई कति डर लाग्थ्यो। भगवान् र भूतबीचको झगडामा आफू पनि परिने हो कि जस्तो लाग्थ्यो। भगवान्ले त सबैको रक्षा गर्छन् भन्ने मनमा लाग्थ्यो। त्यसपछि निदाउँथेँ। साथीहरू पनि मैसँग टाँसिएर सुत्थे।

“यसरी नै मैले दुईतीन महिना काटेँ। टाउकोभरि जुम्रा, मैलो लुगा, त्यसमा पनि च्यातिएको। घर जान मन लाग्थ्यो, तर साथीहरूलाई छाड्न सक्दिनथेँ। एक दिन मेरो मनले घर जाने निर्णय गऱ्यो। साथीहरूसँग भनेँ, तर उनीहरूले मलाई रोक्न चाहेर पनि सकेनन्। आफूले जम्मा गरेको पैसासमेत मलाई दिए। बसपार्कसम्म पुऱ्याउन आए। उनीहरू रोए। म पनि रोएँ। उनीहरूको आँसुका खुड्किला टेक्दै बसमा चढेँ। रात्रि बस भएकाले मलाई रातले नै लुकाएर बिहानीपख एउटा ठाउँमा पुऱ्याइदियो। बिहानको उज्यालोमा मलाई आफ्नो यस्तो रूप लिएर परिवारको अगाडि जानै मन लागेन। त्यसैले बीच बाटोमै ओर्लिएँ।

“यताउता हेरेँ। एउटा नयाँ घर बनाइरहेको देखेँ। त्यहाँ गएँ। काम मागेँ। मैले गर्न सक्ने काम नभएको बताए। मैले त्यहाँ आफूले रङ लगाउन सक्ने काम मागेँ। त्यसपछि उनीहरू मलाई काम दिने सहमतिको बिन्दुमा टक्क उभिए।

“सुरुमा मेरो कामसँग उनीहरू खुसी भए। एक दिन रङ लगाएँ। त्यो रङ भित्तामा गएर लतपतियो। मैले धेरै गाली खाएँ। कामबाट निकालिएँ। किन गल्ती भएछ भने रङ लगाउँदा त्यसमा मिसाउनुपर्ने कुराहरू नै मिसाइनछु। त्यो मैले थाहा पाएँ। फेरि अनुरोध गरेँ। काम पाएँ।

"त्यहाँ काम गरेपछि मैले केही पैसा जम्मा गरेँ। घर गइरहेको बेलामा मलाई सिधै घर जान मन लागेन। घर त जाने यस्तो रूप लिएर! त्यसपछि आफू पढेकै स्कुल नजिक गएँ।

"घाम बिस्कुन सुकाएजस्तै गरी लागेको थियो। भविष्यलाई हेर्न खोजेँ। आँखा तिरमिरतिरमिर गरे। आफूलाई माया गर्ने साथीको प्रतीक्षा गरिरहेँ।

"स्कुल छुट्टी भएपछि सबै साथी आए। मेरो मिल्ने साथी पनि आयो। ऊ मलाई देखेर छक्क पर्‍यो। मलाई केही सोधेन। घर लग्यो। नुहाउन लगायो। खाना खुवायो। त्यसपछि घरमा फोन गरेर आमालाई बोलायो। मेरो जिम्मा लगाइदियो।

"साँझपख आमाको अनुहारमा खुसी र पीडा एकैसाथ उपस्थित थिए। मलाई उहाँका खुसी र पीडा दुवैले सताइरहे। उहाँसँग बोल्न मसँग कुनै पनि शब्द थिएन। आमाका पनि मौन शब्दहरू नै मसँग बोलिरहेका थिए।

"घरभित्र पसेँ। घर मेरो व्यवहार देखेर नराम्रोसँग रोयो। मलाई पनि रुन मन लाग्यो। मनभित्रभित्रै मैले किन यसो गरेँ भन्ने मात्र लागिरह्यो। आमाको अनुहारमा त सोझो गरेर हेर्नै सकिनँ।

"मैले आमाको एक शब्द गाली नै सुनिनँ। मलाई उहाँले गाली गरेको भए पनि हुन्थ्यो जस्तो लागिरह्यो। उहाँले गाली गर्नुको साटो मायाले मीठोमीठो खाना खुवाउनुभयो। मीठोमीठो खाना खाँदा मैले मेरा सडकमा जीवन बिताउने साथीहरूलाई खुब सम्झेँ।

"मैले आमालाई भनेँ– आमा, म पढ्न चाहन्छु तर कसैले नचिन्ने ठाउँमा गएर। मैले आफूलाई परिवर्तन गरेँ। त्यसपछि आमाको खुसीका किरणहरू टेक्दै काठमाडौँ आएँ। एउटा राम्रो स्कुलमा भर्ना भएँ। पढाइमा ध्यान दिएँ। मेरो पढाइ राम्रो बन्दै गयो। आफू राम्रो बाटोमा लागेँ भन्ने कुराले ढुक्क बन्दै गइरहेको थिएँ।

"एक दिन राजधानीमा ठूलो व्यक्तिको आगमन हुँदै थियो। हामी पनि स्कुलबाट झन्डा बोकेर स्वागतका लागि गइरहेका थियौँ। रत्नपार्कमा पुगेपछि सडकका मेरा साथीहरू भेटिए। उनीहरूले भने– हेर न हेर, ऊ त धनी मान्छे भएछ। मलाई कस्तो कस्तो लाग्यो। झन्डा नै छाडेर सुटुक्क भागेँ। उनीहरूको माझ पुगेँ। उनीहरूका मैला लुगा र आफ्ना सफा चिटिक्क परेका लुगा, उनीहरूका खुट्टा खाली थिए भने मेरो खुट्टामा टल्किएको छालाको जुत्ता थियो। मलाई मेरो सुकिलोपनको भन्दा पनि उनीहरूको मैलोपनको माया लाग्यो। मैले केही गर्न सक्दिनथेँ। उनीहरूको मप्रतिको प्रेम देखेर म भित्रभित्रै रोएँ। मेरा लागि उनीहरूले कोकका क्रियडहरूबाट अरूले खाएर बाँकी

राखेका कोकहरू जम्मा गरेका रहेछन्। बल्लबल्ल आधा बोतल बनाएछन्। मलाई दिए। मनभित्र त्यो कोक खान घिन लाग्यो, किनकि उनीहरू सबैले पियर बाँकी रहेको जुठो कोक जम्मा गरेका थिए। उनीहरूको प्रेम देखेर मैले त्यो कोक पिएँ। आफूसँग भएको पैसाले बिस्कुट किनेर दिएँ। उनीहरूले सोधे– तिमीजस्तै धनी बन्न के गर्नुपर्छ? मैले भनेँ– धेरै पढ्नुपर्छ।

"तर ती सडकमा जीवन बिताउने साथीहरूले कसरी पढ्न सक्छन् र! कसैको बाबा छैन, कसैकी आमा छैन, कसैका बाबा र आमा दुवै छैनन्। कसैको परिवार ज्यादै गरिब छ। उनीहरूलाई त पढ्नुपर्छ भनेँ तर आज आफैले पढिनँ।

"मेरो प्रथम त्रैमासिकको रिजल्ट भयो। म दोस्रो भएछु। मेरो पढाइका बारेमा सबैतिर चर्चा चल्यो। आफू पढाइमा सफल भएको देखेर आफूलाई कताकता सजिलो भएको अनुभव भयो।

"दोस्रो त्रैमासिकको रिजल्ट हुँदा म एउटा विषयमा त फेल पो भएछु। यसको कारण प्रिन्सिपलकी छोरी हाम्रो कक्षामा प्रथम थिइन्। मेरो प्रगतिले उनलाई पनि आन्दोलित बनाएको थियो रे।

"फेल भएपछि म आफ्नो कोठामा फर्किएँ। खुकुरी झिकेँ। रिसको आवेगमा स्कुलमा झगडा गर्न गएँ। त्यहाँका शिक्षकलाई लखेटेँ, तर भेटिनँ। कोठामै फर्किएँ। मलाई थाहा भयो पुलिसले खोज्दै छ भन्ने कुरा।

"सानैदेखि मिल्ने केटी साथीलाई फोन गरेँ। उसले 'त्यहाँबाट भागेर मेरो घरमा आइहाल्' भन्नेबित्तिकै म काठमाडौँबाट भागेँ।

"उसको घरमा गएँ। जतातत्तै साई बाबाको फोटो देखेँ। किन यस्तो नराम्रो मान्छेको फोटो राखेको होला भन्ने लाग्यो, तर केही भनिनँ। विभूति लगाउन चाहन्थेँ, तर मलाई मन पर्दैनथ्यो। यदि लगाइदिइहाले भने पनि म पुछिदिन्थेँ।

"त्यो घरमा मैले छोराको, भाइको व्यवहार पाएँ। फेरि ममा केही गर्ने प्रेरणा जाग्यो।

"त्यहाँबाट केही समयपछि हिँडेँ। केही गर्नुपर्छ भन्ने भाव ममा उठ्न थाल्यो। के गर्नु, पढेको छैन! मैले गर्न सक्ने कामको मलाई बोध भयो।

"स्कुलमा सँगै पढेको मेरो साथी विदेशमा छ। उसकै सल्लाह र सहयोगले मैले आफूले सिर्जना गरेको कविताको किताब प्रकाशित भयो। कलाको क्षेत्रमा पनि आउनुपर्छ भन्ने उसको प्रेरणा मेरो वरिपरि घुमी नै रह्यो।

"मैले आफ्नो कलाको कामका लागि एउटा सटर खोजेँ। कसैले मलाई विश्वास गरेन। तर एउटा नेवारले मलाई सटर दियो, उसले कलाको विश्वास गऱ्यो। त्यहीँ काम

गरिरहेकै बेलामा एक ठाउँमा एउटा रूखको जरा देखेँ। त्यस जराभित्र कलाका विभिन्न आकारप्रकार देख्न थालेँ। त्यसैले मैले त्यो रूखको जरालाई करौँतीले काट्न थालेँ। त्यस घरका मान्छेहरूले नकाट भन्न थाले। 'किन? यो तपाईंलाई काम लाग्छ?' भनेर मैले सोधेँ।

लाग्छ।

के गर्न?

बाल्न।

मलाई यो जरा दिनोस् न, मलाई काम लाग्छ।

हुँदैन।

त्यसपछि हाम्रो वादविवाद चल्दै गयो। घरका मालिक आए। मलाई त्यहाँबाट हटाउन खोजे। मैले पनि ढुङ्गा टिपेर हिर्काएँ। उनको आँखा नजिकै लाग्यो। रगतको धारो बग्यो। सबैले मिलेर मलाई कुटे। कसोकसो म त्यहाँबाट फुत्किएँ। भागेँ। कोठामा पुगेपछि खुकुरी लिएर निस्किएँ। त्यो मान्छेलाई मार्छु अनि मात्र मेरो मन शान्त हुने छ। कुद्दै थिएँ। पुलिसको ध्यान आयो। मलाई समातेर लग्यो। म जेल परेँ। मेरा पनि ठूलठूला मान्छे थिए। केही दिनमै म मुक्त भएँ। मुक्त भए पनि त्यो व्यक्तिलाई मार्ने इच्छा मेरो मनबाट हटेकै थिएन। धेरै दिन त त्यही व्यक्तिको बाटो हेरेँ। भेटेँ कि मारिहाल्छु भन्ने लाग्यो, तर भेटिनँ। नभेटेकै राम्रो भयो। अहिले हाम्रो भेट हुन्छ। ऊ त बाबाको भक्त पो रहेछ। ऊ कहिल्यै पनि झगडा नगर्ने मान्छे रे। उसलाई त्यो दिन खोइ के भयो रे। मलाई लाग्यो, बाबाले सुध्रिने मौका मलाई दिएको होला।

"मैले आफ्नो काम गर्दै लगेँ। एउटा मान्छे म काम गर्ने ठाउँमा आयो। यो फोटो हेरेर तस्बिर बनाइदेऊ भन्यो। त्यो तस्बिर साई बाबाको थियो। तीन पल्ट बनाउँदा ऊ खुसी भयो। मैले मागेको पैसाभन्दा बढी दियो। म खुसी भएँ।

"काम गरिरहेकै बेलामा परबाट कसैले मेरो फोटो खिचेर लगेजस्तो लाग्यो। त्यसको केही क्षणमा मेरो अन्तर्वार्ता लिन उनीहरू आए। म केही बोल्नै सकिनँ तैपनि उनीहरूले मेरा राम्रा कुराहरू लेखिदिएका रहेछन्। 'काठमान्डू पोस्ट'-मा मेरो फोटोसहित मेरो कामका बारेमा प्रकाशित भयो। त्यसपछि मेरो स्कुलका प्रिन्सिपलले फोन गरे– तिमीले यस्तो काम गर्छौ भन्ने मलाई लागेको थिएन। फोटो नदेखेको भए तिमी नभई अरू कोही नै होला भन्ने सोच्थेँ। तिमीमा प्रतिभा छ, म धेरै खुसी छु।

झन् मलाई अचम्म लाग्यो। यो जीवनमा उनले मलाई यसरी माया गरेर फोन गर्छन् जस्तो मलाई लागेको थिएन। ममा विश्वास जगाइदिए। राम्रो काम गरेपछि राम्रै हुन्छ भन्ने मलाई विश्वास भयो। भगवान्प्रति श्रद्धा लाग्न थाल्यो।

"समयको गतिसँगसँगै मैले चित्रकलाबाट धेरै राम्रो काम पाएँ। नेपालका विभिन्न मान्छेको अनुहार बनाएँ। त्यसबाट एउटा अनुहार फ्रान्सको कसैको घरमा झुन्डिएको छ रे। म नपुगे पनि मेरो चित्र त्यहाँ पुगेछ। यही नै मेरा लागि सबभन्दा ठूलो कुरा हो नि!"

आफ्ना बारेमा कति इमानदार बनेर भनेँ। आफूले भोगेका कुराहरू सबै नलुकाई भनेँ।

कति पवित्र छ उनको मन। समयले उनलाई धेरै किसिमका काम गर्न बाध्य बनायो। मलाई लाग्छ, त्यस्तै विभिन्न बाध्यताबाटै उनले आफ्नो जीवनको लक्ष्यलाई सही ठाउँमा ल्याउन सफल भए।

उनका क्यानभासमा श्रद्धाले, अनुभूतिले कोरिएका चित्रहरू जम्मा हुँदै गइरहेका छन्। शब्दशब्दमा कविको हृदय कवितामार्फत उभिएको छ। समयले उनलाई एस. एल. सी. पनि पास गराएन। तर उनको व्यक्तित्व कवि र चित्रकारका रूपमा हाम्रो सामु उभिएको छ। बौद्धिक क्षेत्रमा उनले अध्ययन गर्ने किताबहरू उनको हृदयमा मिसिएको छ।

उनी उठे सिङ्गै क्यानभास उठ्यो। उनी बोले, कविताहरूले उनलाई बोके। उनको यही व्यक्तित्व देशभित्र नभई देशबाहिर पनि प्रतिभाशाली रूपमा उभिएको छ। उनी एउटा नकोरिएका अनुभवका चित्रजस्तै लागे हामीलाई।

■

**मणि लोहनी**

# विर्सजन



र म पेरिस आएँ।

'प्रेम' हो आइफेल टावर जो उभिइरहन्छ मनमा। टावर ढल्छ भन्ने अविश्वास हो सम्बन्ध। र पनि मनभरि उभ्याएर प्रेमको आइफेल टावर मानिसहरू जिन्दगीको नाममा त्राहित्राहि बाँचिरहेछन्।

'दुनिया'-भरबाट युगल प्रेमीहरू यहाँ आउँछन् र धेरै मीठा सम्झनाहरू लिएर जान्छन्। फ्रान्स पर्यटकको मक्कामदिना हो। साइन नदीको किनारमा अवस्थित फ्रान्सको राजधानी पेरिसको पर्याय नै बनेको छ आइफेल टावर जसलाई हेर्न हरेक वर्ष लाखौँ मानिस पेरिस ओइरिन्छन् मक्कामदिनामा हजयात्री गएजस्तो।" घरीघरी मलाई हेर्दै ऊ बोलिरह्यो। मैले सुनिरहेँ। अग्लो, हृष्टपुष्ट ज्यानको यो आकर्षक युवक, नसोच्दानसोच्दै पनि ऊतिरै तानिन्छन् मेरा आँखा।

हुन पनि हो, साँच्चिकै सुन्दर मानिन्छ फ्रान्स। विश्वको सुन्दर देशमध्ये एक।

"फ्रान्स यस्तो देश हो जहाँ प्रेम, सौन्दर्य र फेसनको अविरल शृङ्खलाहरू जोडिएका छन् इतिहासबाटै।" यतिखेर भने ऊ मतिर नै फर्किन्छ। उसको हेराइले म आत्तिन्छु वर्षौं पहिले कलेजमा राजेशसँग आत्तिएजस्तै। उसको हेराइबाट भागेर पाखुरासम्म पट्याएर लगाएको नीलो टाइट सर्ट, नीलै जिन्स र खुट्टामा लगाएको कालो बुटतिर सर्छन् मेरा आँखा।

कालो बुटले मलाई रिदमको सम्झना आउँछ। कालो छालाको बुट निकै मन पर्ने मेरो छोरो रिदमले कति पटक मसँग जिद्दी गरेर कालो बुट किनेको थियो। एउटै छोरो, नकिनिदिऊँ पनि कसरी? रिदमले बोलाएर नै हो म फ्रान्स आएकी। त्यसो त मेरा लागि फ्रान्स नयाँ होइन। बिहे भए लगत्तै म पेरिस आएकी थिएँ राजेशसँग।

यो २४ वर्षअघिको कुरा। म मुस्किलले २० वर्षकी थिएँ। हामी हनिमुन मनाउन पेरिस आएको। मलाई लाग्छ, त्यति बेला रिदम गर्भमा आएको हुनुपर्छ। २५ दिनको पेरिस बसाइपछि काठमाडौँ फर्के लगत्तै राजेश अमेरिका गएको थियो र राजेश अमेरिकामा हुँदा नै रिदम जन्मिएको थियो। गीत गाउन रहर गर्ने राजेश कहिल्यै सफल गायक बन्न सकेन। दुइटा गीति एल्बम उसले निकालेको पनि थियो। अमेरिकाबाटै उसले छोराको नाम राखिदियो 'रिदम'।

"तीन सय मिटर अग्लो यो टावरको निर्माण सन् १८८९ मा सम्पन्न भएको हो। निर्माता आर्किटेक्ट गस्टैव आइफेलको नामबाट यो टावरको नाम राखिएको हो। यो आइफेल टावरको जति प्रंशसा भयो त्यति नै आलोचना पनि भयो। आलोचकहरूको आरोप थियो, यो टावर चाँडै ढल्ने छ। तर आलोचकहरूको आशङ्का विपरीत आज सवा सय वर्षपछिसम्म पनि यो सानले ठडिएको छ।" घरी राजेश त घरी रिदमझैँ देखिने यो 'इटालियन गाइड' आइफेल टावरबारे हामीलाई बताइरहन्छ। टावरको फेदमा बसेर म उसको कुरा सुन्छु। मसँगै रहेका केही पर्यटक फोटो खिच्न थाल्छन्।

मलाई खिच्नु छैन फोटो।

कसलाई देखाउन खिच्ने? को छ र मेरो फोटो हेर्नलाई? किन यस्तरी झुक्किएँ म? कहाँनेर बिथोलियो मेरो जीवनसङ्गीतको सुर? किन यसरी एक्लिएँ म? असङ्ख्य प्रश्न छन् आफैलाई सोध्नुपर्ने। के थिएन मसँग? सब थोक थियो, तर अहिले मसँग केही पनि छैन। विर्सजन गरेका सम्बन्धहरू र आफैले बुझ्न नसकेको यो रित्तो मनसिबाय।

आफ्ना भन्नेहरूबाट छुटेपछि आफ्नै भन्नेलाई पछ्याउँदै म यहाँ आएकी। मैले आफ्नै मनलाई बुझ्न सकिरहेकी छैन। हैन, हामी स्वास्नीमान्छेको मन केले बनेको हुन्छ? छिनमै कसैसँग मन बस्नु र छिनमै कोही मन नपर्नु किन यस्तो हुन्छ? मलाई

आफैसँग दिक्क लागेको छ। २४ वर्षदेखि एउटै ओछ्यानमा सुतेको लोग्ने, मुटुभन्दा प्यारोसँग हुर्काएको छोरो र जिन्दगीको उत्तरार्द्धमा गरेको प्रेम सबैबाट म असन्तुष्ट छु यतिखेर।

म हिजो मात्र पेरिस आइपुगेकी। किन पेरिस आएकी हुँला झैँ लागिरहेछ अहिले। त्यसो त यहाँ नआएकी भए जाने अर्को ठाउँ पनि त थिएन।

हरे, कस्ताकस्ता क्षण पनि आउँछन् मान्छेको जिन्दगीमा। सम्बन्धसँगै जाने ठाउँहरू रित्तिँदा रहेछन्। सम्बन्धहरू निखारेर यतिखेर म प्रेमीहरूले कसम खाएर छाडेको मन्दिरजस्तो एक्ली भएकी छु।

पेरिस विमानस्थलमा आइपुग्दा मलाई लागेको थियो, मलाई लिन रिदम आउने छ; तर होइन। विमानस्थलबाहिर लबीमा होटलकी एक परिचारिका मेरो नेमप्लेट लिएर बसेकी थिई। नेमप्लेटमा ठूलो अक्षरमा लेखिएको थियो– चाँदनी हमाल। म उसकै पछि लागेँ। एउटा भव्य होटलको आकर्षक कोठामा उसले मलाई छाडिदिई। कोठामा बस्न पनि पाएकी थिइनँ, रिदमले फोन गर्‍यो– “मम, म लिन आउन पाइनँ। आज होटलमा नै बस्नू। बिहान ब्रेकफास्टपछि गाइड हजुरलाई लिन आउने छ। ऊसँगै पेरिस घुम्नु होला। म हजुरलाई पर्सि भेट्छु।”

दुःख लागेन, तर मन अमिलो भयो।

छुट्न थालेपछि मानिसको जीवनबाट सब कुरा एकसाथ छुट्दा रहेछन्।

किन आउनेबित्तिकै नभेटेको होला उसले? संसारमा आमालाई भेट्नुभन्दा ठूलो काम अरू के हुन्छ होला मान्छेको? के म आमाको मानमा रहन सकिनँ? कि मेरा ससाना रहर र सपनाहरूले नै बिटुल्याइदिए मलाई? त्यही कारणले रिदमले मलाई घृणा गर्न थालेको त होइन? घृणा गर्ने भए किन बोलायो उसले मलाई? आफ्नी आमालाई पनि घृणा गर्छ कसैले? जेजस्ती भए पनि म उसकी आमा पो हुँ त।

“पेरिसबाट एक घण्टाको यात्रामा तपाईंहरू ‘सतो द फाउन्टेन ब्लो’ पुग्न सक्नुहुन्छ। त्यसलाई नेपोलियनले राजाहरूको घर भनेका थिए। राजपरिवारका सदस्यहरूको सिकारको रहर पूरा गर्न त्यसको प्रयोग गरिन्थ्यो। बाह्रौँ शताब्दीमा त्यसको निर्माण भएको थियो र उन्नाइसौँ शताब्दीसम्म विभिन्न राजाले त्यसको विस्तार गरिरहे।” मेरो सोचाइको शृङ्खला भङ्ग हुन्छ घरीघरी उसको आवाजले। यो इटालियन गाइड पेरिस बस्न थालेको तीन वर्ष भएछ। विदेशी पर्यटक बोकेको यो सुविधासम्पन्न गाडीभित्र हामी २२ जना छौँ। यो भीडमा किन उसले मलाई मात्र हेरेको होला? या मेरै भ्रम हो?

विभिन्न ठाउँको जानकारी दिँदै मलाई हेरिरहँदा म उही राजेशलाई सम्झिन्छु जो त्रिचन्द्र क्याम्पसमा हामीलाई पढाउँथ्यो। उसको क्लास लिन विद्यार्थीहरू कक्षाभरि

खचाखच हुन्थे। लोभलाग्दो ज्यान र सुन्दर अनुहार भएको राजेश केटीहरूको प्रिय शिक्षक थियो। सबै लोभिन्थे ऊसँग। ऊ भने मलाई मन पराउँथ्यो। सुरुसुरुमा म निकै आत्तिन्थेँ, डराउँथेँ उसको हेराइसँग। पछि उसको हेराइ मेरो बानी मात्र होइन, आवश्यकता नै बन्यो।

"नबोल तिमी।" पहिलो भेटमा मैले उसलाई भनेकी थिएँ– "तिमी मलाई हेरिराख।"

ऊ केही बोलेन पनि। चुपचाप कफी पिउँदै मलाई हेरी मात्र रह्यो। राजेशले मलाई हेर्ने क्रम विवाहपछि पनि रोकिएन। उसको हेराइ मेरो कमजोरी नै बन्यो। कतिसम्म भने म रिसाएँ कि ऊ मलाई एकटकले हेरिदिन्थ्यो र मेरो रिस कता भाग्थ्यो कता।

के थियो कुन्नि उसको हेराइमा? म अचम्मले पग्लिन्थेँ।

सम्पन्न हाम्रो वैवाहिक जीवन त्यतिखेरसम्म सहज रह्यो जतिखेरसम्म रिदम हामीसँग थियो। प्लस टू सकेपछि रिदमले चित्रकला पढ्न पेरिस जाने कुरा गर्दा मलाई निकै अप्ठ्यारो भएको थियो। आफूभन्दा प्यारो छोरालाई कसरी बाहिर पठाउने? तर बाबुछोराको जिद्दीको अगाडि मेरो के लाग्नु? "दुई तीन वर्ष विदेश पढ्न जाँदा केही हुँदैन, छोराले संसार देख्नुपर्छ।" राजेश मलाई सम्झाउँदै थियो– "पीर नमान, दुई वर्षको कुरा त हो।"

रिदमको पेरिस गमनमा म त्यति दुःखी भएकी थिइनँ, जति राजेशले घर छाडेर हिँड्दा म भएँ। रिदम गएको छ महिनापछि एकाएक राजेश हरायो।

म हैरान भएँ। कहाँ गयो होला राजेश? त्यसो त एउटै घरमा भएर पनि राजेश र म सँगै थिएनौँ। दुवै मिलेर बनाएको संसार हामी दुई एक्लाएक्लै बाँचिरहेका थियौँ। तर ऊ हराएपछि मलाई आफ्नै परिभाषा हराएझैँ लाग्यो। पछि थाहा पाएँ, ऊ मभन्दा १८ वर्ष कान्छी केटी लिएर बसेको रहेछ। म उसलाई भेट्न गएँ।

मलाई ढोकामा देख्नेबित्तिकै राजेश आत्तियो। मैले उसलाई नडराउन आग्रह गरेँ। उसले भगाएकी केटी ऊसँगै छेउमा उभिन आई। ठूला आँखा, लाम्चो अनुहार– केटी राम्री रहिछ।

"किन खबर नगरेको?"

"म यिनीसँग थिएँ। तिमीलाई दुःख दिन मन लागेन।" राजेशले केटीको कुममा हात राख्यो।

"खबर नगर्दा मलाई दुःख हुन्छ भन्ने लागेन?"

ऊ मौन बस्यो। सायद वास्ता गरेन मेरो कुराको।

"घरमा खबर गर्नू भनेको, उहाँले मान्दै मानिस्सेन।" सँगै उभिएकी केटी बोली। "बसिस्यो न।" केटीको अनुहार र आँखा मात्र होइन, बोली पनि मीठो रहेछ। फराकिलो सोफाको एक छेउमा म बसेँ। सामुन्नेको सोफामा उनीहरू बसे।

एकछिनमा ऊ उठी र भित्र छिरी। भित्र छिर्दै गर्दा उसको शरीरको पछाडिको भागलाई मैले हेरिरहेँ। शरीर पनि निकै मिलेको रहेछ। सम्झिएँ– क्याम्पस पढ्दा म पनि त्यस्तै थिएँ। अहिले अल्छी भएर पो।

"किन यस्तो गरेको?" मैले सोधेँ।

"तिमीसँग बाँचिहालेँ। अब ऊसँग बाँच्न मन लागेको छ। फेरि तिमीलाई पनि स्वतन्त्र छाड्नु थियो।" अति सामान्यसँग भन्यो राजेशले। मैले हेरी मात्र रहेँ उसलाई। "तिमी जिन्दगीलाई माया गर्ने मानिस हौ। मलाई थाहा छ चाँदनी, तिमी मेरो अवस्था बुझ्न सक्छ्यौ।" उसले मलाई सम्झाउन चाह्यो।

"म्याडम, मलाई सरसँग बाँच्न दिइस्योस् है। अब सरसँग मेरो सपना जोडिइसकेको छ।" सिसाको अग्लो गिलासमा जुस लिएर आउँदै गर्दा भनी केटीले। सायद हामीबीचको वार्ता सुनी उसले। म पनि यस्तै कलिली थिएँ राजेशसँग बिहे गर्दा।

उसले मलाई दिदी नभनेर किन म्याडम भनेकी होली? मैले राजेशका आँखामा हेरिरहेँ। अहँ, राजेशले मलाई हेरेन। उसैलाई हेरिरह्यो। एक चोटि भए पनि राजेशले मलाई हेरोस् भन्ने लागेको थियो, तर हेरेन।

मैले केटीका दुवै हात समाएँ– "राजेशको ख्याल गर है। प्रेसरको बिरामी छ, औषधी समयमा नै दिनू।" यति भनेर म उनीहरूको घरबाट निक्लिएकी थिएँ। जीवनमा पहिलो चोटि आफू एक्ली भएको आभास भएको थियो। कसैलाई छाड्दै छु झैँ लाग्यो। कोही छुटेको अनुभव भयो।

मैले आँखा चिम्लेँ फेरि एक पटक राजेशलाई बिर्सिन। थाहै भएन, कुन बेला म गाडीभित्र छिरिसकेछु। मलाई नै हेरिरहेको गाइडसँग आँखा ठोक्किएपछि म होसमा आएँ। अरू एकदुई जना पर्यटक पनि मसँगै गाडीमा थिए। बाँकी तल फोटो खिच्दै।

मलाई हेरिरहेको गाइडले स्टिलको बट्टाबाट चुरोट निकाल्यो। आकाशतिर हेर्दै चुरोटको धूवाँ फुर्रर फाल्दै गर्दा धूवाँमा रङमडिएको उसको अनुहार मैले एनपी सिंहको झैँ देखेँ। एकाएक घिन लागेर आयो, उसको अनुहारभरि थुकिदिऊँ जस्तो लाग्यो।

सेनाको अवकाशप्राप्त एनपीको सोख भन्नु नै चुरोट फुक्नु थियो। कति पटक मैले उसलाई 'चुरोट ज्यादा भयो' भनेँ पनि। मेरो शब्दको उसलाई कुनै अर्थ थिएन। ऊ चिरपरिचित आफ्नै शैलीमा चुरोट तानिरहन्थ्यो।

राजेशको नयाँ घरबाट फर्किएर म आफ्नो घर पुग्दा एनपी आकाशतिर हेर्दै चुरोट तानेर बसिरहेको थियो यही गाइडले जस्तै।

राजेश मलाई छाडेर अर्की केटीसँग बस्छ भनेर मैले कहिल्यै सोचेकी थिइनँ। घर पुग्दा म एक्ली थिइनँ, रोइरहेको मन थियो मेरो साथमा। हुन त रिदमले प्लस टू पढ्न थालेदेखि नै एनपीसँग मेरो सम्बन्ध थियो। एनपीको रोमान्टिक हाउभाउले म बौलाएकी थिएँ। ऊसँग बिताएको हरेक क्षणले मलाई आनन्द दिन्थ्यो। रिदमलाई त कुन्नि तर राजेशलाई एनपीसँगको मेरो सम्बन्धका बारेमा थाहा थियो।

"मैले केही कतै गल्ती गरेँ र?" राजेशको यस्तो प्रश्नले बेलाबेलामा मलाई गम्भीर बनाउँथ्यो। सिधै भन्ने आँट उसले कहिल्यै गरेन।

एनपी मलाई माया गर्थ्यो। म पनि उसलाई माया गर्थें। एनपी राजेशभन्दा दुईचार वर्ष जेठो भए पनि राजेशभन्दा फुर्तिलो देखिन्थ्यो।

"भेट्यौ त राजेशलाई?" एनपीले चुरोटको धूवाँ फ्याँक्दै सोध्यो।

"मोडेलजस्ती केटी बिहे गरेर बसेको रहेछ।"

"मलाई त पहिले नै थाहा थियो उसको चाला ठीक छैन भन्ने। एक नम्बरको हन्टर हो ऊ।" एनपी मेरो नजिकै आयो। मलाई अँगालोमा कस्यो र निधारमा चुम्बन गऱ्यो। यो उसको पुरानै बानी हो। तर मलाई उसले राजेशका बारेमा बोलेको मन परेन। मलाई सर्वाधिक मन पर्ने उसको स्पर्श पनि नमीठो लाग्यो– खस्रो र अनुभूतिरहित।

"मस्त तरुनी भेटेपछि तिमीजस्ती बूढीसँग के बस्थ्यो ऊ?" एनपीले मेरा ओठ नजिकै आफ्ना ओठ ल्याइपुऱ्यायो। ह्वास्स चुरोटको नमीठो गन्ध आयो। मैले उसलाई रोकेँ। बल गरेर उसको अँगालोबाट फुत्किएँ।

"के भयो?"

"मलाई मन परेन तिम्रो व्यवहार।" मैले भनेँ।

"किन त्यस्तो भनेकी महारानी? यो सिङ्गो हबेलीमा अब तिमी र म मात्र, राजेश छैन क्यारे।" हाँस्दै उसले मलाई फेरि अँगालोमा कस्यो। अब त मलाई पटक्कै मन परेन उसको अँगालो। निसास्सिएँ म। उम्किने प्रयास गरेँ, सकिनँ। र उसको नाडीमा टोकेर म फुत्किएँ।

"तँलाई, के गरेकी यो?"

ऊ आफ्नो हैसियतमा ओर्लियो। सधैँ महारानी भनेर मेरो शरीरका प्रत्येक अङ्ग-अङ्गमा चुम्ने उसले जथाभाबी शब्द बोल्दै मलाई कुट्न थाल्यो। उसको प्रत्येक प्रहारमा दुखाइभन्दा ज्यादा मलाई ग्लानि महसुस भइरहेथ्यो। फूलको थुँगालाई जस्तो सधैँ हत्केलामा उचालेर राख्छु भन्ने एनपी यतिसम्म निर्दयी हुन्छ भन्ने मलाई लागेको थिएन।

वर्षौंदेखि म कस्तो मानिसलाई प्रेमी ठानेर बसेकी रहिछु भन्ने लाग्यो। राजेशको सम्झना आयो। आफैभित्र पोल्न थाल्यो। अपराध बोध भयो। दौडेर राजेशकहाँ जाऊँ र खुट्टा समाएर माफी मागू झैँ लाग्यो। तर त्यो केटीलाई सम्झिएँ, उसले भनेको 'म्याडम, मलाई सरसँग बाँच्न दिइस्योस् न, सरसँग मेरो सपना जोडिएको छ' सम्झिएँ।

हरे, उसले के भन्ठानेकी होली। राजेशसँग मेरो सपना मात्र होइन, बिपनाको ठूलो सिलसिला हुर्किएको छ। आफ्नो जिन्दगी हामीले एकसाथ बनाएका हौँ। हो, पछिल्लो समय हामी दुई एक्लाएक्लै बाँचिरहेका थियौँ। आआफ्नै तरिकाले बाँच्न खोज्दा पत्तै नपाई हामीले हाम्रो सम्बन्ध विसर्जन गरिसकेका रहेछौँ। कहाँ पो बाँकी रह्यो र मेरो सम्बन्ध? राजेशकहाँ कसरी जानु म? कुन मुख लिएर जानु?

राजेशकहाँ जाने आँट आएन। रिदमलाई फोन गरेँ। सबै कुरा सुनाएँ।

"पेरिस आउनू। केही समय यतै बस्नू। सबै ठीक हुन्छ।" रिदमले फोनमै भन्यो।

र म पेरिस आएँ।

■

**सुमन वर्षा घिमिरे**

# होपफुल क्याफे



आज मन अशान्त छ, अस्थिरताले मनमा जरा फैलाउँदै गएको आभास भइरहेझैँ लाग्छ। आँखा कसैको प्रतीक्षामा यताउता चलमलाइरहेका छन्। खोइ, किन हो? हरेक पल एक्लोपनको महसुस बढ्दै गएको छ।

रमेश नआएको पनि धेरै दिन भइसक्यो। अफिसमा क्लोजिङको काम चलिरहेकाले यो महिना आउन पाउँदिनँ भनेर बताएको पनि हो, उसले तर पनि किन हो, महिनाको अन्तिम शुक्रबार आएपछि उसको बाटो हेर्न मन लागिहाल्ने! सायद आज अफिस छिट्टै छुट्टी भएर पनि होला मन यसरी बेचैन भएको! भित्ते घडीले भर्खर चार बजेको जनाउ दियो। ओहो! कति ढिलो कटेको समय पनि! यो घडीको सुई पनि अलि छिटो दौडिए हुने नि! छोरा पनि होस्टेलबाट आउने अर्को हप्ता मात्र हो। अब अर्को वर्ष एसईईको परीक्षा सकेपछि उसलाई होस्टेल राख्दिनँ। साह्रै एक्लोपनले सतायो। फेसबुक पनि कति चलाउनु? जन्मदिनको शुभकामना र मृतकलाई श्रद्धाञ्जली र समवेदना व्यक्त गर्दागर्दै यो मन पनि संवेदनाहीन होला भन्ने त्रासले गाँजिसक्यो। केही

लेख्न बसूँ भने पनि कति लेख्नु सधैँ एउटै कुरा! उही विभेदका कुरा, उही प्रेमका अनि उही बेथितिका कुरा। खोइ किन होला, अचेल त केही नवीन कुरा मनमा ओहोरदोहोर गर्न पनि छाडेका छन्। मैले लेख्नुपर्ने सबै कुरा लेखिसकेर हो त? कि सबै कुरा सबै जसो लेखकले लेखिसकेको र जुन कुरा मैले पढिसकेकाले हो! म आफै मनमा यावत् कुराका फोका उठाउँदै फुटाउँछु। अहँ, तर पनि मनमा एकोहोरो छटपटी चलिरहन्छ। एक्कासि होपफुल क्याफेको याद आयो। हातमै रहेको मोबाइलबाट लिनालाई फोन गरेँ। धेरै बेर घण्टी बजेपछि बल्ल फोन उठाई। एकछिन मन हरक्क भयो।

"हेर न निरू! आज मेरो घरमा श्रीमान्ले अफिसका साथीहरू डिनरका लागि डाक्नुभएको छ। त्यसैको तयारी गर्दै छु। बरु तिमी नै यतै आऊ न। तिमी पनि सबैलाई चिनिहाल्छौ क्यारे!"

लिनाका श्रीमान् र रमेश काम गर्ने एउटै ब्याङ्क हो। रमेशको माध्यमबाट नै मैले लिनालाई चिनेको हुँ। हामीबीच राम्रो सम्बन्ध छ। म्यानेजरमा बढुवा भएर रमेश दुई वर्षका लागि भैरहवा गएको बल्ल एक वर्ष हुँदै छ। आफू उता जान पनि जागिरले अल्झाउने। प्रोजेक्टको जागिर कति गाह्रो! कहिलेकाहीँ जागिर नै छाडेर जाऊँ जस्तो लाग्छ एक्लोपनले छटपटी हुँदा त!

लिनाले बोलाए पनि जान मन लागेन। सोचेँ– उसले आफ्नो धर्म निभाई, तर मभित्रको हुटहुटी भने शान्त भएन। आखिर मान्छे समूहमा भए पनि बाँच्ने त एक्लै हो। उसमा भावनाका उछाल आउँछन्-जान्छन् जुन स्वयम्ले महसुस गर्ने न हो। किन साथी खोजेर अलमलिनु? म एक्लै पनि त क्याफे जान सक्छु नि! मनले तत्काल निर्णय गर्‍यो र ल्यापटप झोलामा हालेँ जुन मेरो हरदमको साथी भएको छ। उसलाई कारको अगाडि सिटमा राखेर होपफुल क्याफेतिर हुइँकिएँ म।

उफ्! कति लामो जाम! यो चक्रपथको ट्राफिक जाम कहिल्यै नसुध्रिने भयो। म्यानुअलभन्दा यो अटो लाइटिङ सिस्टम ठीक भनेको झन् लम्बेतान हुने रहेछ। कुन दिनदेखि फेरि गौशालाको जस्तै म्यानुअलमै झर्ने त होला नि! हाम्रो देशमा के कुरा पो सिस्टममा चलेको छ र! सोच्दासोच्दै हरियो बत्ती बल्यो। गाडीको एक्सिलेटर दबाएँ। हल्का उकालोमा पनि गाडी रोकेपछि पिक अप लिन मलाई अझै सकस पर्छ। सायद गाडी ठूलै स्वरमा गर्जेको थियो। छेवैको अर्को गाडीको ड्राइभरले त्यस्तै लुक दियो। उसको हेराइ र भाव मैले बुझिहालेँ।

चाबहिल चोकबाट म पूर्वतर्फ मोडिएँ। बाफ रे! बाटोको धुलोले दायाँ र बायाँको प्रायजसो होर्डिङबोर्डका अक्षर झन्डैझन्डै पुरिएजस्तै छन्। मान्छेहरू धन्न हिँड्न सकिरहेका छन्। पसलमा दिनभर बस्नेलाई झन् कति सकस हुँदो हो। 'मरता क्या नहीं

करता' हिन्दीको एउटा उक्ति त्यति नै बेला सम्झेँ। बौद्ध पुग्नुभन्दा ठीक ५० मिटर अगाडिबाट उत्तर मोडिएर सय मिटरअगाडिको उक्त क्याफेको पछाडिपट्टि कार पार्क गरेर अगाडिको गेटबाट भित्र छिरेँ।

गेटबाट भित्र पस्दै गर्दा सेर्पा ड्रेस लगाएकी एउटी किशोरीले दुई हात जोडेर अभिवादन गरी। नेपथ्यमा बजिरहेको मधुरो सङ्गीतले मन रोमाञ्चित बनाउँदै लग्यो। यहाँको हरियाली अनि शान्त वातावरणले नै हो मलाई यहाँ घरीघरी आउन आकर्षित गर्ने। लबीबाट भित्र पसेँ। भित्रभन्दा बाहिरको हरियाली झन् मोहक छ यहाँको। काउन्टरको भाइ मुसुक्क हाँस्यो। प्रत्युत्तरमा त्यस्तै मुस्कान उसमाथि छरेँ। मैले सधैँ रोज्ने लनको भित्तातिरको टेबल खाली नै थियो। सायद त्यो टेबलले पनि मलाई नै कुरिरहेको जस्तो लाग्यो।

बाहिर लनका छ ओटा टेबलमध्ये एउटा टेबलमा मात्र एक जोडी छन्। अर्को मैले अकुपाई गरेँ। बाँकी पूरै खाली छन्। हुन त यहाँ त्यति मान्छेको भीडभाड देखेको छैन अरू बेला पनि। भर्खर पाँच त बज्यो। जाडो महिनामा भए झमक्क साँझ परिसकेको हुन्थ्यो। यस्तै सोच्दै ल्यापटप खोल्छु। मेरा आँखा त्यो जोडीको पुरुष पात्रसँग ठोकिन्छन्। ऊ मुसुक्क मुस्कुराउँछ। छेउमै बसेकी महिला पात्रको अनुहार ऊतिरै फर्केकाले म देख्दिनँ उसको प्रतिक्रिया। पछाडिबाट देख्दा यस्तो लाग्थ्यो– सलक्क परेको जीउ, पातलो कम्मर, टाइट टिसर्टबाट देखिएको पाखुरामुनिको पुष्ट भाग, भी-सेपको स्ट्रेट कपाल, बेलाबेला जादुगरी चालले चलमलाउने उसको हाउभाउले आभास दिलाउँथ्यो कि उनी अप्सरा हुन्। त्यस्तै विपरीत दिशामा बसेको एउटा बलिष्ठ ज्यान जुन राम्रो, कसरत र खानपिन पुगेजस्तो। सफाचट गोरो अनुहार। चस्माबाहिरैबाट पनि स्पष्ट देखिएका ठूलाठूला आँखा। आइरनको धारले नै काट्छ कि जस्तो उसले लगाएको सेतो सर्ट। साँच्चै यस्तो भान हुन्थ्यो, ऋषि विश्वामित्र लट्ठ परेर मेनकालाई हेरिरहेका छन्। तर कसरी यस्तो मन्त्रमुग्ध क्षणबाट आफूलाई अलग्याएर उसले मलाई एक मुस्कान पस्कियो। म सोचमग्न भएँ।

"एक्सक्युज मी म्याम! मेनू...।" अगाडि उभिएकी लेडी वेटरको आवाजले मेरो सोचमग्नतालाई भङ्ग गरिदिन्छ।

"एउटा चिसो कार्ल्सबर्ग र चिकन नगेट अनि चिज कर्न, अहिलेलाई यति नै।" मैले मेनू नहेरीकनै उनलाई अर्डर दिन्छु। वेटर अर्डर लिएर जान्छे। म वरिपरिको वातावरण नियाल्छु। एक जोडी चरा म बसेको टेबलको ठीक उत्तरपट्टिको रुद्राक्षको रूखमा चिरबिर गर्दै एउटाबाट अर्को डालीमा भुर्र उड्दै फेरि त्यही डालीमा फर्कंदै

खेलिरहेका छन्। मन उद्वेलित हुन्छ। चरालाई पनि साथी चाहिने रमाउनलाई। तर यिनीहरूको रमाइलोमा स्वार्थ हुन्न होला है! मनमा प्रश्न उब्जन्छ। यद्यपि एकछिन तिनीहरूको रमाइलो हेरिरहन्छु।

केही क्षणपछि एक अधबैँसे जोडी पनि लनमा आउँछन्। त्यहाँ बसिरहेका उक्त जोडी छेउकै अर्को टेबलमा बस्छन्। सायद डिनरका लागि मान्छे आउने समय नि भयो अब। म बियर पिउन थाल्छु। चिसो बियरले छटपटी केही शान्त भएको महसुस गर्दै मेरो एउटा कविता साफी गर्न थाल्छु। अस्तिदेखि नै एउटा अनलाइन पत्रिकाले मागिरहेको थियो। लेखिसकेको थिएँ। शुद्धाशुद्धि मिलाउन मात्र बाँकी थियो। बाँकी पनि कति कुरा हुन्छन् जिन्दगीमा! पढ्ने रहर बाँकी, लेख्न बाँकी, घुम्न बाँकी, नाम कमाउन बाँकी, दाम कमाउन बाँकी। हरे! जीवन नै सबै बाँकीमा त चलेको छ। कवितामा मात्र कहाँ मेरो ध्यान जान्छ र! मनको चराले कति उडान भर्छ, कहाँकहाँ पुग्छ। आँखा पनि फनफनी घुम्छन्।

त्यो जोडीको खानपिन सकिएको थियो या त अर्को जोडीले उनीहरूको रङ्गलाई भङ्ग गरेको थियो। उनीहरू उठ्ने तरखर गरे। त्यसै क्रममा ती महिला पात्रले पछाडि फर्केर हेरिन्। टिन एजबाट भर्खरै उकालो लाग्दै गरेकी उनी मैले पछाडिबाट देखेको भन्दा उम्दा सुन्दर थिइन्। जोकोहीलाई पनि मन्त्रमुग्ध बनाउनेजस्ती नै रहिछन्। मैले मनमनै सोचेँ। त्यो पुरुषको अनुहारमा पनि पुलुक्क हेरेँ। त्यति बेला ती युवती उतै फर्किसकेकी थिइन्। पुरुषले पूर्ववत् मुस्कान ममाथि छर्‍यो। मैले स्वतःस्फूर्त उक्त मुस्कानको बदला थोरै टाउको तलमाथि पार्दै मुस्कान फर्काएँ। मानौँ मैले ती जोडीलाई क्याफेबाट अहिलेका लागि बिदा भनेको थिएँ।

चिकन नगेट टोकेँ। अलिक कडा लाग्यो। सोचेँ, सलाद मगाऊँ। भर्खरै निस्किएको जोडीले मेस गरेको टेबल सफा गर्दै थियो वेटर।

“भाइ, यता आऊ है!” मैले ल्यापटपबाट आँखा नउठाईकनै उसलाई बोलाएँ।

“तपाईंलाई त मैले कतै देखेजस्तै लाग्छ।” एउटा स्वर मसँग सोध्दै थियो। त्यो वेटर यति छिटो बोलाउन नपाई आइपुग्यो। मैले हठात् उसलाई हेरेँ, ऊ त्यहीँ टेबल पुछ्दै थियो। दायाँपट्टि पछिल्तिर फर्केर हेरेँ। मसँग प्रश्न सोध्दै गरेको मान्छे त त्यही अघि निस्केर गएको जोडीको पुरुष पात्र पो रहेछ। म झसङ्ग हुन्छु। आफूलाई सँभालेर भन्छु–“खोइ, होला। कतै देख्नुभयो कि!”

“अघिदेखि नै तपाईंलाई कहाँ देखेदेखेजस्तो लागेर हो। माइन्ड नगर्नू ल। बाई द वे, तपाईं के गर्नुहुन्छ?”

“किन माइन्ड गर्नु? म लेखक हो।”

"कतै तपाईं 'भूमिपुत्री' उपन्यासको लेखक त हैन?"

"तपाईंले ठ्याक्कै पत्ता लगाउनुभयो। म निरु हितैषी।" मैले हौसिएर जवाफ दिएँ।

"ओहो, नमस्कार! म त तपाईंको फ्यान! मलाई एकदमै मन परेको उपन्यास। अनि लेखकलाई भेट्ने हुटहुटीको त कुरै नगर्नुहोस्।" एकै सासमा बोलेर भ्यायो उसले। म मनमनै मक्ख परेछु। बल्ल पो भनेँ– "बसेर कुरा गर्नोस् न!"

उसले केही सम्झेजस्तो गरी हातमा हेऱ्यो। कपाल च्याप्ने क्लिपजस्तो केही कुरा थियो उसको हातमा।

"तपाईंसँग एकछिन बसेर कुरा गर्न मिल्छ?"

"आफ्नो प्रशंसकलाई कहाँ नाइँ भन्न सक्छु" मैले फ्याट्ट जवाफ फर्काएँ।

उसले पुनः आफ्नो हाततिर हेर्दै भन्यो– "एकैछिनमा म आएँ है।"

मैले टाउको हल्लाएर स्वीकृति दिएँ।

वेटर आइसकेको थियो। उक्त व्यक्ति आएपछि उसलाई सोधेर थप केही कुरा मगाउँला भनी मैले वेटरलाई एकैछिन रोकेँ। मेरा र वेटरका आँखा लनमा पस्ने ढोकातिरै केन्द्रित थिए। ऊ फर्केर आई बस्न नपाउँदै मैले सोधेँ– "के पिउनुहुन्छ तपाईं?"

"केही नलिने, तपाईंसँग एकैछिन कुरा गरेर फर्किहाल्छु।"

"त्यसो भनेर कहाँ हुन्छ? मैले यो भाइलाई कुराइरहेकी छु तपाईं आएपछि अर्डर दिन।"

"त्यसो भए आजको बसाइको ट्रिट मेरा तर्फबाट।"

मैले 'हुँदैन' भनेपछि फेरि उसले अर्को सर्त राख्यो– "मलाई पनि कुनै दिन तपाईंलाई मेरा तर्फबाट ट्रिट दिने अवसर दिनुहुन्छ भने मात्र।"

"ठीक छ, तपाईंको पछिल्लो प्रस्ताव स्वीकार्य छ।" मेरो बोली खस्न नपाउँदै उसले भन्यो– "मलाई एउटा टुबोर्ग। स्न्याक्स केही नखाने। बरु सलाद खाऊँ।" वेटर अर्डर लिएर गयो।

"लेखकमा कस्तो क्षमता होला है आम मान्छेको कुरा लेख्ने। नारी प्रधान भए पनि तपाईंको उपन्यास पढ्दै जाँदा त्यहाँको पुरुष पात्र कतिपय ठाउँमा मै हुँजस्तो लाग्यो। बेरोजगारी समस्या, बिदेसिनुको बाध्यता अनि परिवारले यहाँ बसेर घरखेत सबैको जिम्मेवारी एक्लै उठाउनुपरेको कुरा ठ्याक्कै मेरो जीवनसँग मेल खान्छ। म जापान बसेर आएको हुँ। गाउँमा चाँडै बिहे गर्ने चलन हुन्छ। फेरि आमा एक्लै। ब्याचलर पढ्दै गर्दा बिहे गरियो। ब्याक लागेर पास गर्न पनि ढिलो भयो। पास गरेपछि पासपोर्ट बनाएर स्टुडेन्ट भिसामा जापान गएको ठ्याक्कै १६ वर्ष भयो। अझै पनि आउनजाने गरिरहन्छु। एउटा छोरो छ, १३ वर्षको भयो। बिरामीको कारणले आमा अलिक कमजोर हुनुहुन्छ।

त्यसैले परिवार जापान लान पनि सकिनँ। गाउँतिर नै अलिकति जमिन जोडियो बरु। काठमाडौँमा एउटा कुटी किनेको छु, तर आमा आउन मान्नुभएन। दुई तला भाडामा छ। माथि आफूलाई राखेको छु। यसो आउँदाजाँदालाई ठीकै छ। विदेश गएर परिवारलाई सुख दिन खोज्दा झन् दुःख थपिएको छ। अब सोच्दै छु– जापानमा रेस्टुरेन्टमा काम गरेको अनुभवले यतै यस्तै बिजनेस गरौँ कि यस्तै रेस्टुरेन्टको?"

"लेखकहरूमा कम बोल्ने बढी लेख्ने बानी हुन्छ कि क्या हो। म मात्र बोलिरहेको छु।" बियरको सिप लिएर टेबलमा गिलास राख्दै ऊ म केही बोलोस् भन्ने आग्रहमा मेरो अनुहारमा हेर्छ।

"कस्तो रमाइलो लागिरहेको छ तपाईंको कुरा। साहित्य तपाईंलाई धेरै मन पर्छ जस्तो छ। खुब पढ्नुहुन्छ?" मलाई उसको कुरा सुन्नु थियो, किनकि मेरो उपन्यासको घटनालाई आफ्नो जीवनसँग दाँजेर कुरा गरिरहेको थियो ऊ।

"पहिले त्यति पढ्दिनथेँ। मेजर इङ्गलिस लिएर पढेकाले कोर्सका कथा, कविता र नाटकहरू पढ्नुपर्छ भनेर पढेको हो। गाह्रो लाग्थ्यो। ब्याक लागेर पास भएँ।"

बडो सहजतासाथ आफूलाई प्रस्तुत गर्ने भएर नै हुनुपर्छ उसको कुरा सुन्न वास्तवमै मलाई मज्जा आइरहेको थियो। लिनालाई नै बिर्साउने गरी उसले ननस्टप भन्दै गयो– "जब जापान पुगेँ, एक्लै भएँ। कोठामा रुम सेयर गरेर बस्ने साथी खुब उपन्यास पढ्थ्यो। उसको बेडभरि इङ्गलिस र नेपाली उपन्यासहरू हुन्थे। उसको र मेरो ड्युटी समय फरक थियो। कुनैकुनै हप्ता मात्र एउटै समयमा हुन्थ्यो। त्यसैले ऊ काममा गएको बेला उसले राखेको उपन्यास पढ्दापढ्दै पढ्ने लत बसेछ।"

मलाई गफको सिलसिलामा अघि सँगै बसेकी केटीको पनि प्रसङ्ग जोडेर कुरा गरे हुने भन्ने लागिरहेको थियो। उसको घरपरिवारको सबै कुरा थाहा पाएपछि मलाई त्यो केटीको कुरा जान्ने उत्सुकता बढ्यो, तर आफैले कुरा झिक्न मन लागेन र फेरि कुराको सिलसिला बदलेँ साहित्यतर्फ नै–"तपाईंलाई एकदमै मन परेको उपन्यास चाहिँ कुन हो?"

"तपाईंको 'भूमिपुत्री' उपन्यास। यस पालि मदन पुरस्कार पाउनुपर्ने किताब हो, तर किन पाएन? मलाई अचम्म लागेको छ। धेरै पढेको चाहिँ पारिजातको 'शिरीषको फूल' र जापान छाड्नुअघि झुम्पा लाहिरीको कथासङ्ग्रह 'इन्टरप्रिटर अफ मालाडिज' पढेको थिएँ। खुब मज्जा लाग्यो।"

"ओहो, तपाईंलाई त मस्का लगाउन नि आउने रहेछ  है अरू एउटा बियर थप्ने हो?" मैले प्रस्ताव गरेँ, किनकि 'भूमिपुत्री'-लाई मदन पुरस्कारको हवाला दिएको थियो उसले।

"हैन आज यति नै, बरु तपाईं थप्नुस् न। तपाईं एउटैमा अलमलिरहनुभयो त! मैले कतै तपाईंलाई डिस्टर्ब त गरिनँ।" ऊ सतर्क हुन खोज्यो।

"मेरो त कोटा नै यति हो ।" उसको सतर्कतालाई सहज बनाएँ मैले।

"साहित्यकाहरू त पिउनका सोखिन हुन्छन् नि! जापानमा यदाकदा साहित्यकारहरूसँग बसेर खुब खाइयो। नाम चाहिँ नभनौँ होला।"

"सबैलाई एउटै बास्केटमा राख्नुभएन नि हौ!" भन्नासाथ उसले 'नाइँनाइँ, त्यो त मैले राखेकै छैन, मैले मेरो अनुभव पो बताएको जोसँग म बसेँ' भनेर स्पष्टीकरण दियो।

अझै पनि कुनै प्रसङ्गमा त्यो केटीको कुरा नआएर झन् रक्सीतिर पो मोडियो। अबको गफ भने झर्कोलाग्दो लाग्न थाल्यो।

'अब उठ्नुपर्छ होला' भनेर मैले काउन्टरतिर टाउको उठाएर हेरेँ।

"हो, रात पनि पऱ्यो।" उसले परिस्थितिलाई नियाल्यो र सहमति जनायो। "बाई द वे, के छ तपाईंको साधन? मैले त अघि साथीलाई छाडिहालेँ। घर पुऱ्याइदिन्छु त भन्दै थिइन्।"

बल्ल उसले साथीको कुरा निकाल्यो जुन सुन्न म अघिदेखि आतुर थिएँ।

"तिनी साथी हुन् तपाईंकी? छाडिदिनुभयो नि त बीचैमा?"

"तपाईंलाई भेटेपछि छाडेको हो, बीचमा त हैन। आजको भेट सकिएको थियो उनीसँग।"

"तपाईं पनि कतै सुयोगवीर त हैन? कलिला फूलहरू फुल्न र फक्रिन नपाउँदै कच्याककुचुक पार्ने अधिकार कसले दिन्छ हँ सुयोगवीर नामको भमरालाई?" खै किन हो, म त उक्त युवतीको प्रसङ्गको कुरामा रमाइलो होला भनेको त आवेगमा पो आएछु।

"तपाईं लेखकहरू के लेखेर आफूलाई अब्बल साबित गर्नुहुन्थ्यो यदि समाजमा यस्ता घटनाहरू हुँदैनथे भने।" ऊ पनि आफूलाई जोगाउन प्रयत्नरत देखिन्छ।

"भो, लेख्नु छैन यस्तो विकृति। आफूले गरेको गल्ती लेखकमाथि नथोपर्नोस्।" मैले केही सँभालिँदै भनेँ।

ऊ गिलासमा बचेको बियर घटघट पिउँछ र हिम्मत जुटाएजस्तो गरी मलाई हेर्दै भन्छ– "हो, बाँच्नका लागि सङ्घर्ष गर्ने क्रममा मैले जीवनमा धेरै गल्ती गरेँ। मेरो शारीरिक र मानसिक अवस्थाको सन्तुलन ठीक गर्ने सवालमा म धेरै ठाउँमा चुकेको छु। के गरूँ त म अब? इन्टरप्रिटर अफ मालाडिजमा जस्तै मलाई पनि मिस्टर कपासी चाहिएको छ। तपाईं मेरा लागि मिस्टर कपासी बनिदिन सक्नुहुन्छ जोसँग म आफ्ना गल्तीहरूको फेहरिस्त राख्न सकूँ र आफूलाई ग्लानिबाट मुक्त गर्न सकूँ।" ऊ भुइँतिर

टाउको झुकाउँछ र दाहिने हातको बूढी औँला र चोर औँलाले चस्मामार्फत दुवै आँखा ढाक्छ र भुइँतिरै झुकिरहन्छ।

म उसलाई सहज बनाउन खोज्दै भन्छु– "इन्टरप्रिटर अफ मालाडिजको कुरा गर्नुभयो, एकदम राम्रो, तर त्यहाँ पनि त मिसेस दासको आफ्नो अवैधानिक छोराले जसलाई ऊ बाबु भन्छ, वास्तवमा ऊ त्यो बाबूको आफ्नो छोरो हुँदैन जुन कुरा बाबुछोरा एकअर्कालाई थाहा छैन अर्थात् यो संसारमा त्यो छोरालाई जन्माउने आमा मिसेस दास यानिकी कथाकी मीना पात्रबाहेक कसैलाई थाहा हुँदैन। यो ग्लानिले ऊ विगत आठ वर्षदेखि पिरोलिएको कुरा मिस्टर कपासीलाई सुनाएर हल्का हुन खोजे पनि उसले केही हल दिन त सक्दैन नि!" केवल सुनेर ऊ आश्चर्यमा पर्छ। ऊ त दोभासे न थियो– डाक्टर र बिरामीबीच भाषाको पुल। डाक्टर गुजराती जान्दैनथ्यो, तर उसकोमा आउने बिरामी प्रायः गुजराती हुन्थे। मिस्टर कपासी उनीहरूको मालाडिज अर्थात् समस्याहरू डाक्टरसम्म पुऱ्याउने काम मात्र न गर्थ्यो।

यसको अर्थ के हो? तपाईं आफै बुझ्ने हुनुहुन्छ। मेरो बुझाइमा भने यो संसारको सबैभन्दा ठूलो कन्फेसन भनेको सेल्फ रियलाइजेसन हो जुन भर्खरै तपाईंलाई भएको छ। धेरैधेरै बधाई छ तपाईंलाई।"

ऊ एकछिन चुपचाप बस्यो। वातावरण चकमन्नजस्तो थियो। नेपथ्यबाट मधुरो सङ्गीतको धुन बजिरहेको थियो।

उक्त मधुर धुनबीचबाटै म बोल्छु– "तपाईंले सुकेधारा बस्ने भन्नुभएको है? म तपाईंलाई छाडिदिन्छु। तपाईंले चाहनुभयो भने फेरि हामी चाँडै भेट्छौँ।"

बाटो खाली थियो। सुकेधारा आइपुग्न बेरै लागेन। उसलाई सुकेधारा चोकको पुलिस बिटअगाडि छाड्न गाडी रोकेँ। ट्राफिक देख्दा मन ढक्क फुल्यो। पाँच बजेदेखि पिएको एउटा बियरको अहिलेसम्म कुनै असर बाँकी भए पो! गाडीबाट ओर्लनुअगाडि धेरै बेरको सन्नाटा तोड्दै उसले भन्यो– "थ्याङ्क यू फर एभ्रिथिङ। अ राइटर ह्याज पावर टू ब्रिङ द चेन्जेज। फ्रम टुडे नट वन्ली इम्प्रेस्ड विथ योर राइटिङ आई एम इम्प्रेस्ड विथ यू टू डियर राइटर!"

'मी टू ह्यापी फर यू' भन्दै मैले औपचारिकता निभाएँ। ऊ कारको ढोका खोलेर ओर्लियो। मैले हात हल्लाएँ, उसले पनि हात हल्लायो।

ऊ 'धन्यवाद' भनेर बिदा भएपछि मलाई एक्कासि ग्लानिले पिरोल्न थाल्यो। मनमा कुरा खेलिरह्यो। किन खोतल्नुपरेको होला बित्थामा अरूको निजी मामिला? हेर, मैले गर्दा ऊ दुःखी भयो। आज उसको रमाइलो शुक्रबार नै मैले चौपट गरिदिएँ। वाह, मेरो लेखक चरित्र! भो, कसैको निजी जिन्दगी खोतलीखोतली लेख्नुपरेको छैन अब। मैले

आफैलाई निचोरेँ। बाटो खाली थियो, तर मन भने ग्लानिले भरिएको थियो। बाटोभरि मैले पनि मिस्टर कपासीलाई झलझली सम्झिरहेँ।

■

**सुमित्रा न्यौपाने**

# सम्बन्ध



एउटा हातले तुना समातेकी थिइन्, अर्को हात पेटिकोटभित्र थियो। शरीरका प्रत्येक अङ्गको भ्रमण गर्दै यहाँसम्म पुगेको थियो हात। कपाल तन्ना फिँजाएजस्तै फिँजिएको थियो। प्रत्येक केशबाट पानीका थोपाहरू उत्तेजित मुद्रामा स्तन, नाभि हुँदै ओरालो झरिरहेका थिए। मन्दिरा नव यौवनाझैँ पानीसँग जिस्किरहेकी थिइन्।

ढोका घरक्क खुल्यो। बाथरुमको ढोकामा छेस्किनी लागेको रहेनछ। यस्तो कहिल्यै हुँदैनथ्यो। भित्र पस्न खोज्दै थिए मधुकान्त। मन्दिरालाई के गरूँगरूँ भयो। पेट मिच्दै गर्दा मधुकान्तले ढोका खोलेका थिए। मलमलको पेटिकोट पूरै भिजेको थियो– शरीरमा लेपन लगाएजस्तो। नाइटोको कोठी त देखिन्थ्यो। अरू के नै लुक्यो होला? मन्दिराले हात बाहिर निकाल्न खोजिन्, तर सजिलै आएन। पेटिकोट तल सारे माथि देखिने, माथि ताने तल देखिने। मिलाउन खोजिन्। हतपतको काम लतपत भयो। तुनाले हात अल्झायो। जबर्जस्ती गर्दा पेटिकोट उध्रेर घुँडासम्म पुग्यो।

लुकाएका सबै चिज एकै पटक देखिए। उनी ढोकातिरै फर्किरहिन्। मधुकान्त ढोकामा जड भएका थिए। फर्कन चाहेनन् कि मेसो पाएनन्? थाहा भएन। मधुकान्तको हात प्यान्टको फास्नरमै थियो। ढोकाबाटै फास्नर खोलेर भित्र पस्न खोज्दै थिए। परिधिलाई यस रूपमा देखेको भए मधुकान्त पनि पानीसँग जिस्किन बाथरुममा पुगिसकेका हुन्थे सायद। कता जाने जाने भए उनी। के गर्नेगर्ने भए? न पछाडि हट्न सके न अगाडि बढ्न नै।

“ए हजुर, ढोका बन्द गरिदिनोस् न।” हड्बडाइन् मन्दिरा। उनको बोलीले झसङ्ग भए मधुकान्त। गरुड देखेर सर्प लट्ठिएझैँ मधुकान्त मन्दिरा देखेर लट्ठिएका थिए। बल्ल होस खुल्यो। “ए, हो त। सरी, सरी। नुहाउनोस्, नुहाउनोस्।” ढोका तानेर उनी कोठातिर फर्किए।

मनमा एकतमासको छटपटी भयो। मधुकान्तलाई ठूलो गल्ती भएको महसुस हुँदै थियो। जति सोचे पनि मन अडिन मानेको थिएन। तन बाहिर भएर के गर्नु, मन

बाथरुमभित्रै थियो। मन्दिराको नग्न शरीर आँखावरिपरि घुमिरहेको थियो। वर्षौं पछि देखेका थिए महिलाको नग्न शरीर। उमेर ढल्किसक्दा पनि मन्दिराको शरीरको रङ फेरिएको रहेनछ। स्तन लत्रिएका रहेनछन्। हिप र साँप्राको सुन्दरता ओरालो झरेको रहेनछ। हिउँजस्तो गोरो शरीरको कुनै भागमा छाला चाउरिएको रहेनछ। मधुकान्तले जवानी सम्झिए। परिधिलाई सम्झिए र सम्झिए परिधिसँग रासलीलामा बिताएका दिनरात।

गल्ती त मन्दिराकै थियो। ढोका खोल्नुलाई मधुकान्तले गल्ती मानेनन्। "छेस्किनी त लगाउनुपर्ने नि?" उनको सानो गल्तीले मधुकान्तलाई आज बदमास बनाएको थियो। परिधि गएदेखि उत्ताउलोपनलाई सँभालेर राखेका थिए। त्यही उत्ताउलो पन पोखिन खोज्दै थियो आज।

सिरानी निकालेर भित्तामा ठट्याए। अडेस लागेर एकछिन स्थिर बस्न खोजे। मधुकान्तको मन स्थिर हुन सकेन। झन्पछि झन् मुटु उफ्रिन थाल्यो। पारदर्शी कपडाभित्र मन्दिरा हाँसिरहेको देखे। छटपटी भयो। ढोका खोले। हलबाट बाहिर निस्किए। बाहिर सुनसान थियो। नबू स्कुल गएको थियो। सुकन्या अस्पताल गएकी थिइन्। छोरो सञ्जीव विराटनगर गएको फर्किएको थिएन। मधुकान्त भित्र पसे। फेरि बाहिर निस्किए। छटपटी हुँदा उनी यसै गरी बार्दलीमा निस्कन्थे र वाटरपार्क नियालिरहन्थे।

वाटरपार्क नेपालगन्जको गुल्मपछाडि थियो। धेरै वर्षसम्म स्याहारसुसार नपाएको वाटरपार्कले स्थानीय जनप्रतिनिधि आएपछि अनुहार फेरेको थियो। घुम्ने र गफ गर्नेहरूका लागि वाटरपार्क पछिल्लो समय रोजाइको क्षेत्र बनेको थियो।

वाटरपार्कको पानी स्थिर थियो। मधुकान्तको मन स्थिर हुन सकेन। केही बकुल्ला र हाँसहरू पानीमा तैरिरहेका थिए। हेर्दाहेर्दै भाले हाँसले पोथी हाँसलाई कब्जामा लियो। केही बेर इन्कार गरेकी पोथी हाँस सहमत देखिई। हाँसहरू रासलीलामा तल्लीन हुन थाले। हाँसको रतिक्रीडा उनले हेरिरहन सकेनन्। फनक्क फर्के। भित्र पसे। मन अडिएन। फेरि बाहिर निस्किए। यो क्रम मन्दिरा बाथरुमबाट बाहिर ननिस्कँदासम्म चलिरह्यो।

मन्दिराको छटपटी बाथरुमबाट बाहिरिँदै थियो। "कसरी मुख देखाउनु? के भने होलान् मधुकान्तले? होस कहाँ गयो होला?  ढोका लगाउन किन बिर्सिएँ? उनले पनि आजै ढोका धकेल्नुपर्ने। बाथरुममा पानी बजेको त सुन्नुपर्छ नि। फेरि सुनेको भए त किन खोल्थे र? मै उस्ती। लाजसरम नभएकी। धन्न आज पेटिकोटले बचायो। अरू बेला पूरै कपडा खोलेर नुहाउँथेँ। कपडाबिना नुहाएको भए त बित्यासै पर्ने रहेछ। पेटिकोटले पनि के बचायो भन्ने? अल्झिनु र उध्रिनु आजै हुनुपरेको।'

मन्दिरा धेरैबेर बाथरुममा बस्न सकिनन्। शरीर पानीले मात्र पखालिन्। छेस्किनी चेक गरिन्। घुँडासम्म उध्रिएको पेटिकोट उतारिन्। पुनः शरीर पखालिन्। यस पटक शरीरमा पानी पर्दा काउकुती लागेजस्तो भयो। राजन गएदेखि पानीले काउकुती कहिल्यै लगाएको थिएन। शरीर हेरिन्। शरीरमा काँडा उम्रिएका थिए। यी काँडा पानीका हुन् कि त्रासका वा यौन काउकुतीका? छुट्याउन सकिनन्।

उपयोग नहुने चिजलाई महत्त्व दिनु हुँदैन भन्ने लाग्थ्यो उनलाई। राजन टाढिएपछि शरीरलाई महत्त्व दिएकी थिइनन्। कपाल, अनुहार, स्तन, पाखुरा र पिँडौलामा तेल घस्न घाडेकी थिइन्। मन नबाँधी शरीर बाँधिन्न भन्ने यकिन थियो उनलाई। आफैले ध्यान दिन छाडेको शरीरमा आज मधुकान्तको नजर परेको थियो। शरीर छाम्न र हेर्न पनि उनलाई लाज लाग्यो। बिस्तारै ढोका खोलिन्। मधुकान्त हलबाहिर थिए। फुत्त निस्किइन्। सरासर आफ्नो कोठामा पुगिन्। दराजअगाडि कुर्सी थियो। थ्याच्च बसिन्। ऐनामा हेरिन् आफूलाई। लाज लाग्यो। भर्खरै नुहाएको शरीर रातोपीरो भयो।

मन्दिरा कोठामा थिइन्। हलको टेलिभिजनमा 'तेरा साथ है तो मुझे क्या कमी हैं' गीत बजिरहेको थियो। उनलाई कोठाबाहिर निस्कन गाह्रो भयो। खुम्चिएर कति बेलासम्म बस्नु? नबू स्कुलबाट फर्कने समय हुँदै थियो। नास्ता बनाउनु त थियो नै। मधुकान्तको चिया पिउने समय पनि नजिकिँदै थियो। ननिस्की सुखै थिएन। कतै नहेरी किचनमा पसिन्। चिया तताइन्। अम्लेट बनाइन्। हलमा हेरिन्। मधुकान्तका आँखा टीभीतिरै थिए। चिया र अम्लेट लिएर निस्किन्। लजाउँदै मधुकान्तसम्म पुगिन्। उनले चिया र अम्लेट समाए। नजर उठाए। अनायासै आँखा जुधे। उनी मुस्कुराए, मन्दिरा लजाइन्। अङ्गप्रत्यङ्गमा काउकुती बढ्दै गएको महसुस हुँदै गयो उमेरअनुसार को यौनिक तरङ्ग फैलिएझैँ। उनलाई विगतको याद आयो। राजनलाई पहिलो पटक चिया दिँदा यस्तै भएको थियो जुन दिन बिहेको कुरा लिएर आएका थिए उनी। अनुहार देखाउने बहानामा चिया लिएर निस्किएकी थिइन् मन्दिरा। यस्तो लाग्दै थियो, आज मधुकान्त राजनको रूप लिएर चिया पिउन आएका हुन्।

सुकुन्या जन्मेपछि बन्ध्याकरण गरेका थिए मन्दिरा र राजनले। बर्दियाको जयनगरमा घर थियो राजनको। हंसपुरको अंशुवर्मा स्कुलका हेड सर थिए उनी। गाउँले बजार थियो जयनगर। गाउँमा सबैका प्रिय थिए। उदाहरणीय थिए। सक्षम हुनुपर्छ, छोरा वा छोरी जे भए पनि हुन्छ भन्थे सबैलाई। गाउँमा बैठक बस्न परे राजन सर। छोराछोरी पढाउन परे, बिहे गर्न परे, झैझगडा परे, विकासको योजना बनाउन परे सबै ठाउँमा उनी अगाडि हुन्थे। आफूले सकेको सहयोग सबैलाई गर्थे। राजन सर वल्लोपल्लो गाउँमा समेत प्रिय थिए। मन्दिरा सबैकी मेडम थिइन्। मेडम भनेपछि सबैले उनैलाई चिन्थे।

उनको नामै भन्नुपर्दैनथ्यो। गाउँलेको सम्मान र श्रीमान्‌को मायामा एक छोरीमा खुसी र सुखी थिइन् मन्दिरा।

छोरी सुकन्या बाबुले पढाउने स्कुलमै पढ्थिन्। पढाइ राम्रो थियो। एसएलसी पास गरिन्।  स्वास्थ्य क्षेत्र उनको रोजाइको क्षेत्र थियो। मध्यम परिवार थियो राजनको। डाक्टर बन्न लाग्ने खर्च जुटाउन अप्ठ्यारो पर्ला भन्ने सोचेर नर्सिङ कलेज, कोहलपुरमा स्टाफ नर्स पढिन्। एक वर्ष जागिर गरेपछि नेपालगन्ज नर्सिङ कलेजबाट बीएन पास गरिन्। पढ्न अब्बल थिइन्। साहित्य र पत्रकारितामा पनि रुचि थियो उनको। यो क्षेत्रमा पनि परिचय बनाइन् उनले।

भेरी अञ्चल अस्पतालमा डाक्टर थिए सञ्जीव। मधुकान्तका एक्ला छोरा थिए उनी। परिधि र मधुकान्तले छोरालाई डाक्टर बनाए। परिधि पाठेघरकी बिरामी थिइन्। त्यसैले पनि सञ्जीव गाइनोको डाक्टर बनून् भन्ने चाहन्थिन् उनी।

सुकन्या र सञ्जीव दुवैको एउटै क्षेत्र भएकाले घनिष्ठता बढ्दै गयो। पारिवारिक सहमतिमा विवाह गरे उनीहरूले।  वधू बनेर जयनगर हुँदै नेपालगन्ज-धम्बोजी आइपुगिन् सुकन्या। गुल्मीबाट जागिरको सिलसिलामा नेपालगन्ज आइपुगेका मधुकान्तले धम्बोजीको वाटरपार्कको छेउमा सुविधासम्पन्न घर बनाएका थिए।

समय आफ्नै गतिमा हिँडिरहन्छ। हिँडिरह्यो। छोरीको बिहेपछि राजनको पारिवारिक जिम्मेवारी केही कम भयो। राजन सरले छिटै अवकाश लिए जीवनबाट पनि। मानपुर, सुनपुर, हंसपुर, जयनगर र वरिपरिका पूरै गाउँ स्तब्ध बने। मन्दिरा एक्ली भइन्। ५० को दशक नपुग्दै विधवा बन्नुपर्‍यो उनलाई।

मन्दिरा छोरीको घरमा आउनेजाने गरिरहन्थिन्। परिधि उनलाई निकै सम्मान गर्थिन्। सुकन्या अत्यन्तै सुशील थिइन्। परिधिले मन्दिरालाई 'लच्छिनकी छोरी जन्माउने आमा' भन्ने गर्थिन्। "सम्धिनीज्यू, एक्लै किन बस्नुहुन्छ जयनगर? एक्ली छोरी हामीले ल्याइहाल्यौँ। अब यतै बसौँ । सँगै बसौँ।" धेरै पटक भनिसकेका थिए मधुकान्त र परिधिले। मन्दिरा हाँसेर टारिदिन्थिन्।

हातखुट्टा चलेसम्म छोरीकोमा जाने सोच थिएन मन्दिराको। अचानक परिधिको मृत्युको खबर आयो। उमेर छँदै विधुर बने मधुकान्त। सुखमा खुसी बाँड्ने र दुःखमा रोइलाग्ने नै आफन्त हुन्। मन्दिराले दुहुनो गाई छिमेकीको जिम्मा लगाइन्। घरमा ताला ठोकेर नेपालगन्ज पुगिन्। नाति नबूको स्याहार पनि गर्नुपर्‍यो। छोरीज्वाइँ दुवै किरिया बसे।  किरिया कर्म गर्ने समयका लागि आएकी थिइन्। तुरुन्तै फर्कन सकिनन्।

सञ्जीव र सुकन्या अस्पताल जान्थे। बच्चा कसको भरमा छाड्ने? मधुकान्त जति बेला पनि शोकमा हुन्थे। उनलाई पनि सहाराको खाँचो थियो अब। दिन बिताउने

साथी चाहिएको थियो। श्रीमान्‌को अनुपस्थिति र एक्लोपन तीन वर्षदेखि झेल्दै आएकी थिइन् मन्दिराले। उनलाई फसाद पर्‍यो। मधुकान्तलाई 'नाति हेरेर बस्नोस्' भन्न पनि सकिनन्। नातिलाई जाउलो र खाजा कसले खुवाउने? दिउसो मधुकान्तका लागि चिया खाजा कसले बनाउने? उनी अलमलमा परिन्। छोरी र ज्वाइँको इच्छा पनि मन्दिरा अब सधैँका लागि यतै बसून् भन्ने थियो।

"घरव्यवहार त्यत्तिकै छोडेकी छु। अब त म घर फर्किनुपर्छ।" एक महिनापछि छोरीज्वाइँलाई भनिन् मन्दिराले।

"तर कसरी फर्कनुहुन्छ? बाबू र बुबाको बेहाल हुन्छ।" सुकन्याले रुन्चे मुख लगाइन्।

"जान त पर्छ छोरी! सधैँ यहाँ बसेर कहाँ हुन्छ र?"

"अब किन जाने गाउँमा? फकर्ने कुरा नगर्नोस् न आमा! पहिले पनि भनेको हो, मान्नुभएन। अब नबूका लागि पनि बस्नुपर्छ।"

'नबूको रेखदेख गर्ने कोही भेटिन्छ कि? खोजौँला नि' भनेर उम्कन खोजिन् मन्दिरा। उनले यति भनिसक्दा छोरीका आँखामा आँसु देखियो।

पहिलेपहिले बाँके, बर्दियामा प्रशस्तै कमलरी पाइन्थे। थारू समुदायका छोरीहरू कमलरी बस्न देशका विभिन्न ठाउँमा पुग्ने गर्थे। स्कुल पढाइदिने निहुँ बनाएर लैजान्थे कसैले। सापटी पैसा दिएपछि ब्याज नलिने सर्तमा पनि पठाउँथे गरिब थारूहरूले आफ्ना छोरी। जग्गा बटैया गरेपछि काम गर्न सक्ने छोरीहरूलाई मालिकको घरमा पठाउने चलन पनि थियो। कमलरी प्रथा थारू समुदायका छोरीमाथि हुने ठूलो अन्याय थियो। पछि सरकारले कमलरी मुक्त जिल्ला घोषणा गर्‍यो। त्यसपछि अर्काको घरमा बस्ने मान्छे पाइन छाडेका थिए बर्दियामा।

पहिलेदेखि नै परिधि बिरामी भइरहन्थिन्। घरको काम गर्न गाह्रो हुन्थ्यो उनलाई। परिधिलाई सघाउने मान्छे चाहिएको थियो। कमलरी भेटिन्छ कि भनेर धेरै पटक खोजेकी थिइन् सुकन्याले, तर पाइएका थिएनन्। अब त झन् कहाँ पाउनु र? बच्चा हेर्ने विकल्प उनी मात्रै थिइन्। सुकन्याको आँसुको भेलले मन्दिराको बाटो छेक्यो। धम्बोजीबाट निस्कन दिएन।

"हजुरलाई पठाउन मनै छैन। नाति एक्लो हुन्छ। बुहारीलाई बच्चा हेर्ने फुर्सद नै हुँदैन। हजुर गाउँ जाने कुरा नगर्नोस्।" मधुकान्त बोल्दाबोल्दै रोकिए। उनका आँखा आँसुले भरिए। परिधिको याद आयो होला सायद। मन्दिराले चुपचाप हेरिरहिन्। एकै छिनपछि फेरि बोले उनी– "बाबू, हाम्रो मात्रै होइन, हजुरको पनि हो। यो घरलाई लथालिङ्ग हुनबाट बचाउनोस्। हामीलाई हजुरको आश्यकता छ। गाउँको बन्दोबस्त कुनै

उपायले मिलाउँला। मेरा लागि पनि हजुर यतै बस्नुपर्छ।" मधुकान्तको यो आग्रहपछि गाउँ त्यागेकी थिइन् मन्दिराले।

छोरीको घरमा बसेको पनि पाँच वर्ष बितिसकेको थियो। दिउसो सञ्जीव र सुकन्या अफिस जान्थे। बाबू स्कुल। बच्चाको रेखदेख, खानपिनको चिन्ता थिएन। मन्दिराको बसाइले मधुकान्तलाई निकै सहज हुँदै गएको थियो। परिधिको अनुपस्थितिमा पनि खानपिनको रुटिन बदलिएन। चियाखाजा समयमा आउँथ्यो।

मधुकान्त उठेपछि मन्दिराले तातोपानी कोठामा पुऱ्याउँथिन्। सुकन्यालाई खासै फुर्सद हुँदैनथ्यो। कहिले ड्युटी राति पनि पर्थ्यो। त्यसैले मधुकान्त र बच्चाको ख्याल मन्दिराले गर्थिन्। चिसो, तातो र औषधीको रुटिनमा मन्दिराले कहिल्यै तलमाथि पारिनन्। परिधिको अनुपस्थिति महसुस नगरून् भन्ने उनको मनमा थियो। उनले यसतर्फ ध्यान दिइरहन्थिन्।

मनमा डर थियो। छोरीको घरमा बसेकाहरूले दुःख पाएको पनि देखेकी थिइन्। 'हातगोडा चल्ने बेलासम्म गाउँमै बस्छु' भनेर अड्डी कसेकी मन्दिराको छोरी, ज्वाइँ र सम्धीको जिद्दीको अगाडि केही चलेन। सुकन्या मात्रै एक सहारा थिइन् मन्दिराकी। ढिलोछिटो उनको घरमा जानैपर्ने थियो। अहिले सुकन्याको परिवार अप्ठ्यारोमा थिए। उनीहरूलाई सहयोगको खाँचो थियो। अप्ठ्यारोमा सघाउन सके पो पछि आफूलाई पर्दा सहयोग पाइएला भन्ने पनि लाग्यो। रहरलाई बाध्यताले जित्यो। जयनगर पराई बन्यो धम्बोजी सहाराको केन्द्रविन्दु।

मधुकान्त प्रेसरका रोगी थिए। दिनहुँ औषधी खान्थे। बिहान हिँड्दा शरीरका लागि राम्रो हुन्छ भनेर पटकपटक सञ्जीवले भनिरहन्थे। मन्दिरालाई पनि मर्निङ वाक जान आग्रह गरेपछि विगत तीन वर्षदेखि मधुकान्तसँगै मन्दिरा मर्निङ वाक जान थाले की थिइन्। पहिलेपहिले एक्लै धम्बोजी चोकसम्म पुग्न अल्छी लाग्थ्यो मधुकान्तलाई। मन्दिरा साथमा भएपछि कहिले महेन्द्र क्याम्पस पुग्थे, कहिले एसके पेट्रोल पम्प पुग्थे, कहिले खजुरा रोडको डेन्टल अस्पतालको फन्को लगाउँथे। विशाल चोक हुँदै तेजनगर पुग्थे। वागेश्वरी मन्दिर उनीहरूको रोजाइको ठाउँ थियो। मन्दिरअगाडि धेरै पटक दुवैले हात जोडेर प्रार्थना गरेको देख्नेहरू मन्दिरका पुजारीबाहेक अन्य पनि थिए।

सञ्जीव र सुकन्याबाहेक बाटामा देख्ने धेरैले श्रीमान्श्रीमती नै सम्झन्थे मधुकान्त र मन्दिरालाई। कतिले मिलेको जोडी भन्थे। कतिले बुढेसकालको प्रेम भन्थे। सुकिला सडकहरूमा हिँड्ने उनीहरू गाउँका गोरेटाहरूमा पनि हिँड्न थालेका थिए। आपसमा कुरा गर्दै हिँड्दा थकाइ लागेको पनि पत्तै पाउँदैनथे। बिहानको हिँडाइले मधुकान्त

दिनभरि फ्रेस हुन्थे। कहिलेकाहीँ सुकन्याको ड्युटी राति पर्थ्यो। मन्दिरा बिहान हिँड्न पाउँदिनथिन्। त्यो दिन मधुकान्त पनि हिँड्दैनथे, बरु साँझको बेला मन्दिरासँगै हिँड्थे।

सुकन्याको बिदाको दिन फुर्सद पाउँथिन् मन्दिराले। बेलुकीपख मधुकान्तसँग घुमफिर गर्न निस्कन्थिन्। प्रायजसो साँझको समयमा उनीहरू वाटरपार्कमा गएर बस्थे। रमणीय स्थान भएकाले अन्य ठाउँबाट पनि मानिसहरू आउँथे। बोटिङ गर्न, आराम गर्न, डेटिङका लागि उपयुक्त स्थान थियो वाटरपार्क। पानी, फलफूल र चक्कू साथमा बोकेर जान्थिन् मन्दिरा। वाटरपार्कको छेउमा रहेको बेन्चमा बस्थे र अबेरसम्म गफ गर्थे। फलफूल खान्थे। हँसीमजाक गर्थे। पुराना दुःखसुख बाँड्थे। आफूहरूले भोगेको अतीत र बदलिँदो परिस्थितिको तुलना गर्थे। उनीहरूलाई देखेर कतिले त मुखै फोरेर भन्थे– "जोडी त यस्तो पो हुनुपर्छ।" "यस्तै रहन पाए हुन्थ्यो नि बुढेसकालसम्म।" भन्थे कोही। यो सुनेर मुसुक्क हाँस्थे मधुकान्त। मुस्कुराउँथिन् मन्दिरा पनि।

बिस्तारै नाति नबू ठूलो हुँदै गयो। मन्दिराको काम पनि हलुका हुँदै गयो। बिहानको खाना घरमा भएसम्म सुकन्या नै बनाउँथिन्। घरको सरसफाइ मन्दिराले गर्थिन्। घरबाहिर बरन्डामा पानी हाल्न सघाउँथे मधुकान्तले। बगैँचामा फूल लगाउँदा होस् या गमलामा पानी हाल्दासँगै हुन्थे मधुकान्त।

राम्रो साथी बनेका थिए उनीहरू। घनिष्ठता बढ्दै गएको थियो। फूल गोड्दै गरेकी मन्दिरालाई बिस्तारै पानी छ्यापिदिन्थे र मुस्कुराउँथे।

"हजुर पनि। पूरै भिजेँ नि।" भन्दै मुस्कुराउँथिन्। आमाबाबाको खुसीमा रमाउँथे सञ्जीव र सुकन्या पनि।

दिउसो खाजा सल्लाहमा पाक्थ्यो। मधुकान्त मन्दिरासँगै किचन पस्थे। मिलीजुली पकाउँथे। अल्छी थिएनन् मधुकान्त पनि। मन्दिरा सकेसम्म मधुकान्तको मन पर्ने खाजा बनाउन खोज्थिन्। यो कुरा सहजै बुझ्थे र खुसी हुन्थे। किचनमा खाना पकाउँदै गरेकी मन्दिरालाई जिस्काउँदै बस्थे डाइनिङमा। कहिले जोडजोडले हाँस्थे। बाहिर हिँड्नेहरू मधुकान्तको हाँसो सुनेर अलमलिन्थे। कहिलेकाहीँ सुकन्या पनि अलमल पर्थिन्।

सम्धीसम्धिनीले आपसमा नछुने परम्परा थियो। कपालमा घुम्टो हाल्ने संस्कारमा हुर्किएकी थिइन् मन्दिरा। परिधिको मृत्यु भएको दुई वर्षसम्म यो संस्कारले मान्यता पायो। पछि निरन्तरता पाउन सकेन। यो उमेरमा पनि यतिबिघ्न पुरातनता मन परेन मधुकान्तलाई। एक दिन मन्दिराको टाउकाको सल आफै हटाइदिए। "आजदेखि कपाल छोप्न छाडिदिनोस्।" सिधै आदेश दिए मधुकान्तले। सुरुमा अप्ठ्यारो लागे पनि पछिपछि बानी पर्दै गइन् मन्दिरा। टाउकाको घुम्टोसँगै हरेक सङ्कोचहरू टाढाटाढा भाग्दै गए।

मन्दिराले पूजाआजा गर्दा मधुकान्त सँगसँगै हुन्थे। छेउमा फूल समातेर प्रार्थना गर्थे। पूजाको आरती लिएपछि टीका लगाउँथिन् मन्दिरा। मन्दिराको टाउकामा फूल राखिदिएर ठट्टा गर्थे। "सौभाग्यवती भव।" दुवै जना हलमा बसेर टीभीमा समाचार हेर्थे। कुनै कुरा मन्दिरा बुझ्दैनथिन्। मधुकान्तले बुझाइदिन्थे। अब त एउटाको अभाव अर्कोले महसुस गर्न थालिसकेका थिए। वर्षौं वर्षको सम्बन्धजस्तो लाग्दै थियो दुवैलाई।

राजनले छाडेपछि एक्ली भएकी थिइन् मन्दिरा। कैयौँ दिन त रोएरै बिताइन्। बिहे गरेकी छोरी त्यो पनि जागिरे। सधैँ माइतीमा बस्न सम्भव थिएन। कहिलेकाहीँ त एक्लो घर बन्दीगृहजस्तो लाग्थ्यो। राजनबिनाको बाँकी जीवन यति रमाइलो र सुखद होला भन्ने सोचेकी पनि थिइनन्। बाल्यकालका साथीभन्दा बुढेसकालका साथी महत्त्वपूर्ण हुने रहेछन्। मन्दिराले यो पनि बुझ्दै गएकी थिइन्।

मधुकान्तले बढी जिस्क्याएको दिन राति सपनामा राजनलाई देख्थिन्। उनैसँग डुल्थिन्। तस्बिर खिचाउँथिन्। गाला मुसार्थिन् र अँगालोमा बेरिन्थिन्। ब्युँझँदा पानीपानी भएकी हुन्थिन्। पछिल्लो समय अलि बढी नै देख्न थालेकी थिइन् यस्ता सपनाहरू। यी सपनाहरू बिपना भइदिएजस्तो पनि लाग्थ्यो, तर सम्भव थिएन। सपनामा राजनले जिस्काउँथे भने बिपनामा मधुकान्तले। राजनलाई छुँदा मात्रै पनि पानीपानी हुने मन्दिरा मधुकान्तले जिस्काउँदा रातोपीरो हुन्थिन्। शरीरमा काँडा उम्रन्थ्यो।

एक पटक मन्दिरा बिरामी परिन्। मधुकान्तले हेरविचार गरे। सञ्जीव र सुकन्या तालिमका लागि काठमाडौँ गएका थिए। एक्कासि ज्वरोले च्याप्यो मन्दिरालाई। सञ्जीवको सल्लाहमा औषधी दिए मधुकान्तले। रातभरि पानीपट्टि गरिरहे। सिरानीमा बसेका मधुकान्त कति बेला निदाए, थाहै पाएनन्। जब ब्युँझे तब उनको शरीर मन्दिराको बिस्तरामा थियो। टाउको जोडेर निदाएका मधुकान्तको हात मन्दिराको हातमाथि थियो।

औषधीले काम गरेपछि मन्दिराको आँखा खुल्यो। हातमा पट्टी समातेका मधुकान्त आफूसँगै निदाएका थिए। मन्दिरालाई दया जाग्यो। 'बिचरा पानीपट्टी गर्दागर्दै निदाउनुभएछ, किन निद्रा बिथोलिदिनू' भनेर चुपचाप पल्टिरहिन्। मन्दिरा चलमलाएपछि जर्फराउँदै उठे। "हत्तेरी, कस्तो निदाएछु? थाहै भएन। कस्तो छ हजुरलाई अहिले?" निधार छाम्दै सोधे। "आराम छ अहिले त, बरु हजुर आराम गर्नोस्। रातभरि सुत्न पाउनुभएन।"

'ठीकै छ मलाई, बरु हजुर आराम गर्नोस्' भन्दै मधुकान्त कोठाबाट निस्के। परपुरुषसँग रातभरि एउटै बिस्तरामा पल्टिएर पनि चोखी थिइन् मन्दिरा।

राजनप्रतिको आसक्ति शरीरका कणकणमा थियो। तस्बिर हेरेर मुस्कुराउँदै भन्थिन्– "मैले छाडेर गएपछि कत्ति नरुनु है भन्नुहुन्थ्यो। म कत्ति पनि रोएकी छैन। राम्रो

साथी पाएकी छु। सुखदु:खमा सँगै छौँ हामी। उमेर चढ्दै गरेका छोराछोरीले के बुझ्थे र हाम्रो मनको कुरा? आफ्नै उमेरको चाहिने रहेछ सबै कुरा बाँड्न। हजुरले छाडेर गए पनि मसँग सम्धीज्यू हुनुहुन्छ। मेरो चिन्तै मान्नुपर्दैन।" बर्बराउँथिन् मन्दिरा कहिलेकाहीँ।

आज सम्धीसँग हलमा बस्ने आँट आएन। केके सम्झिन्सम्झिन्। सोच्दै नसोचेको भएको थियो। सोच्नै नहुने सोचेर पाप गरिरहेकी छु कि जस्तो पनि लाग्यो। मधुकान्त अगाडि उभिएका थिए। मन्दिरालाई खपीनसक्नु भयो। मधुकान्तको अनुहारमा राजनको प्रतिरूप देखिन्। उनका आँखामा प्रेमको वर्षा देखियो। उनी आत्तिएर हलबाट बार्दलीतिर लागिन्।

बार्दलीको एउटा कुनामा परेवाका प्रेमिल जोडी माया साटिरहेका थिए।

■

**पशुपति कुँवर**

# खलनायक



शनिवारको साँझ सिँढी कराएर रोकियो– करक्क।

टाँढे घर भएकाले तलमाथि गर्दा मक्किएको काठको सिँढी खुबै कराउने गर्थ्यो। सिँढी चढेपछि टाँढमाथि माथिल्लो भुइँतलामा रहेको हाम्रो कोठा आउँथ्यो। टाँढ चढ्दा सिँढी उक्लिनैपर्थ्यो। सिँढी हिँड्दाको आवाजले कति जना चढे-झरे भन्नेसमेत मैले र रूपाले एकाध महिनाभित्र अड्कल लगाउन थालिसकेका थियौँ।

तर त्यो साँझ सिँढी उक्लिनेको पदचाप ढोकानिर आएर रोकिएको थियो। हामी ढोका लगाएर भित्र किताब पढिरहेका थियौँ।

हामीलाई के ध्यान हुन्थ्यो भने, सिँढी उक्लिएको पदचाप सुनिँदा हाम्रो कोठामा कोही आउँदै छ भन्ने लाग्थ्यो, किनकि भुइँटाँढको घर। अघिल्लो बाटोतिर पसल थियो। पछाडिपट्टि काठको सिँढी हालेर माथिल्लो कोठा जान मिल्थ्यो। त्यही सिँढी खुबै कराउँथ्यो।

कहिलेकाहीँ त ढोकाको चरबाट बाहिर हेर्ने गरिन्थ्यो। त्यो साँझ पनि मैले त्यसै गरी ढोकाको चरबाट हेरेँ। पुरुष शरीर देखेँ।

"नायक सर।" एक्कासि मसँगै बस्ने कोठाकी साथी रूपालाई भनेँ।

ढकढक। ढोका ढकढक्याए उनले। बलियो चुकुल थिएन, त्यसैले ढोका नखुलोस् भनी धकेल्न छाडिनँ। नायक सरले बेस्सरी भित्र धकेले ढोका। उनको बलसँग मेरो जोर चलेन। मैले कुनातिर फर्किएर ढोका छाडिदिएँ।

ढोका खुल्यो।

डरले ढोकाको पल्लापछाडि लुकेँ। रूपा चाहिँ सँभालिएर खाटमा बसी। ढोकाबाटै बोलेका नायक सरको आवाज सुनेँ– "पशुपति खोइ?"

रूपा केही बोलिन। उसले बरु बिस्तारै भनी– "पशुपति गाउँ गएकी छ, भोलि आउँछे।"

म ढुक्क भएँ, तर नायक सर गएनन्। बरु ढोकामाथि राखेको अर्को कदमबाट थाहा पाएँ उनी भित्र आउँदै गरेको। झसङ्ग भएँ। डराएँ। ढोका होचो थियो। ढोकामा उभिएरै सरले 'भित्र बोलाउँदैनौ' भने। यो पटक पनि रूपा केही बोलिन, बरु सर नै भित्र आउन थाले। उनी भित्र निहुरिएर आउँदा ढोकामाथि टाउको ठोकियो– घ्याच्च।

"ऐया!" दुखेको आवाज छाडे सरले। दुखेको रन्कोमा ढोकाको पल्लालाई कुनातिर जोरले धकेलिदिए। ढोका भित्तातिर दबियो। म च्यापिएँ। बल गरेर रोक्न खोजेँ सकिनँ। खुट्टामा ढोकाको धार परेर दुख्यो मलाई। मैले पनि रिसमा बेस्सरी ढोकाका पल्ला धकेलेँ।

नायक सरको मुखमै ठोकिने गरी पुगेको ढोकालाई उनले रोक्दारोक्दै धङधङिँदै लडे। मेरो हाँसो फुस्कियो। रूपाको हाँसो पनि मिसियो।

"तेरा लागि त म जति पटक पनि लड्न तयार छु।" उनको कुराले हाँसोको रङ उड्यो। म चुपचाप खाटको कुनातिर गएर बसेँ। खाटको खुट्टालाई समाएर उनी उठ्न खोज्दै सँभालिए।

ह्वास्स गनाएका थिए उनी। मदिराको नसामा थिए। दारु खाएर आएको हुनाले रूपाले कराउँदै फर्किन भनी, तर नायक सरले कहाँ टेर्नु र!

"उसै आउन त हिम्मत आउनुपर्‍यो।" उनले भने। 'हिम्मत नभए किन आउनुपरेको होला।' आफैसँग गनगनाएँ।

हिम्मत खोज्न दारुको सहारा लिने एलबी नायक उर्फ नायक खासमा हामीलाई सामाजिक शिक्षा पढाउने गुरु थिए।

× × ×

नायक सर सरल थिए। गमक्क पर्दैनथे। गाउँसमाजलाई राम्ररी बुझेका नायक सरले सामाजिक विषय किताबै नहेरी पढाउँथे। तर सामाजिक विकृति भने मदिराको लत थियो जसलाई उनले कहिल्यै छाड्न सकेनन्।

मदिराको लतले आफ्नो शैक्षिक जिन्दगीलाई उनले दिक्दार बनाएका थिए। अस्थायी शिक्षक भएकाले उनलाई निकाल्ने हिम्मत पनि कसैको थिएन।

अपराह्नसम्म उनी एकदम टिपटप देखिन्थे। जब घाम बूढीगङ्गामा देखिन थाल्थ्यो, उनको लत फस्टाउँथ्यो। यतिसम्म कि हाफ टाइमपछि उनी मदिरा पिएर कक्षामा आउने गरेको हामीजस्ता कैयौँ विद्यार्थीले देखेका थियौँ। कक्षा कोठामा पस्नेबित्तिकै उनको मुखबाट मदिराको गन्ध छुट्थ्यो। अगाडि बेन्चमा बस्ने विद्यार्थी साथीहरू अन्तिम बेन्चमा गएर बस्न विवश हुन्थे।

मान्छे खाइलाग्दा थिए। ज्यान परेका। अग्लो कद। गोरो। नाक चुच्चो। हँसिलो । तर स्वभाव भने तन्नेरी हुनुपर्थ्यो उनलाई। सुकिलोमुकिलो देखिँदा मदिरा पिउलान् भन्ने लाग्दैनथ्यो। तर मदिरा पिउने आदतले उनी नमजाले गलेका थिए। मदिराको आदत हुनाले एयरपोर्ट बजारतिर चिन्नेहरूले उनलाई  राम्रो मान्दैनथे।

"जिन्दगी दुबारा पाइँदैन। त्यसैले सबैसँग प्रेमपूर्वक व्यवहार गर्नुपर्छ।" उनी भन्थे। उनले पढाएका तर स्कुल छाडेको पूर्वविद्यार्थीसँग बसेर मदिरा पिउँथे भन्नेसमेत सुनेको थिएँ।

तर कक्षाा कोठामा भने उनी अजिब नजरले हेर्थे। मलाई घुर्थे। डर मभित्र महसुस हुन्थ्यो। एकान्तमा भेटिनेबित्तिकै भन्थे– "कति लाटी छेस् तँ । इसारा नै बुझ्दिनस्।"

उनको नजरको इसारा बुझेर मलाई चञ्चल हुनु थिएन, चुलबुल हुनु थिएन, छिल्लिनु-जिस्किनु थिएन। तर उनलाई जिस्किरहनुपर्थ्यो। पढाउँदा मेरा आँखामा हेरेर आँखीभौँ उचाल्थे। त्यसको भाव मैले बुझेर पनि नबुझेझैँ गर्थें। कतिकति खेर चकको झटारो हानेर प्रश्न गर्थे। सोधेको कुरा जानेन भने अरूलाई पिट्थे, कान निमोट्थे। मलाई भने आजलाई माफ गरिदिएँ भन्दै गाला चिमोट्थे।

उनको व्यवहार आफन्तको जस्तो थियो, तर नजर कुटिल थियो। केही लुकेझैँ लाग्थ्यो। ठूला र गहिरा आँखाको भाका बुझ्न सक्ने त म पनि हुँदै थिएँ।

"जिन्दगी जिउन जाने यहीँ स्वर्ग छ।" सामाजिक पढाउँदा जिन्दगीको मजा सबै अहिले नै लिनुपर्छ भन्ने भाव व्यक्त गर्थे। अलिअलि निराशापन देखिन्थ्यो, तर कुरा दर्शनका गर्थे, जीवनका गर्थे। उनलाई भविष्यको कुनै सुर्ता थिएन।

एक दिन स्कुलबाट फर्किंदै गर्दा उनले मेरो हात च्याप्पै समाएर भने– "साहजी राम्रो पढाउँछन् नि !"

मेरो हातमा निकै जोरले समाएका थिए उनले। दुखेको हात फुत्काउन खोजेँ, तर फुस्काउन सकिनँ। मैले कराइदिएँ– "हात छाड्नू। यति भन्न पनि हात समाउनुपर्छ त?"

"किन साह सरले हात समाउँदा त दुख्दैन।" उनले एक्कासि भने।

झसङ्ग भएँ। उनको हात फुस्काएर छिटछिटो कोठातिर आएँ। त्यस दिन रूपा सन्चो नभएर घरै थिई।

आउनेबित्तिकै रूपालाई नायक सरको हर्कत सुनाएँ।

साह सर हामीलाई विज्ञान र गणित पढाउँथे। र एयरपोर्ट बजारमा ट्युसन पनि पढाउँथे। अब ट्युसन पढ्दा कहिलेकाहीँ हात छोइएको होला, तर यिनले कसरी थाहा पाए? अहो! मनमा कुरा खेल्यो।

नायक सरको सोधाइले मलाई भने टाउको दुख्यो। रूपाले फेरि भनी– "तँलाई नायक सर मन पराउँछन्। त्यसैले जल्या हो।"

अब मधेसी सरसँग ट्युसन पढ्दैमा रिसाउनुपर्ने कारण के थियो? अहो! नायक सरले खलनायकपन देखाइहाले।

एयरपोर्ट बजारमा बसेर कक्षामा पढ्नु मान्छेको नजरमा धेरै पढेजस्तो भा'थ्यो। घरबाट किशोरी भएर आएका थियौँ। साँफे झरेदेखि मानिसका आँखामा तरुनी देखिएका थियौँ। अग्ला देखियौँ। बैँसालु देखियौँ। अब आफ्नै सरले प्रेम प्रस्ताव राखे। स्कुलमा कोही केटो पनि थिएन जसले आफूलाई प्रेमपूर्वक हेरेको होस्। एउटा थियो ध्रुव, तर उसलाई बम्बईले तानिहाल्यो।

केही दिन रूपा र म राजीव साह सरकहाँ ट्युसन पढ्न गएनौँ। स्कुलमा किन पढ्न नआएको भनी सोधे राजीव सरले। अब के भनूँ? मिजासिला राजीव सरलाई गाउँ गएका थियौँ भन्यौँ।

आफ्नै छात्रालाई प्रेम गर्छु भन्ने सर देख्नुभएको छ? मैले भने देखेँ नौ कक्षामा पढ्दा जसले मलाई पाउन मरिहत्ते गरे। आफ्नै शिक्षक देखेर कोही विद्यार्थी लुक्नुपर्‍यो होला। मैले लुक्नुपर्‍यो। तिनले पढाउने कक्षा छाड्नसमेत पर्‍यो।

कतिपय शिक्षकले आफ्नै छात्रालाई बिहे नै गरेका पनि छन्। माग्न गएका छन्। किताब पढाउने बहानामा प्रेमको अक्षर पढाउने गरेका पनि छन्। तर मलाई पढाउने नायक सरको प्रेम भने कहिल्यै प्रेमजस्तो लागेन।

नायक सरले गरेको प्रेम कत्ति सुहाएको थिएन। प्रेम पनि त सुहाउनुपर्‍यो नि है। जसलाई प्रेम गरिन्छ ऊभित्र पनि केही तरङ्ग त हुनुपर्‍यो। प्रेम गर्छु भन्नेलाई कम्तीमा देख्न मन लागोस्। आँखामा उसका लागि खोज होस्। उसका हरेक हर्कत सहन सकियोस्। उसका बारेमा सुन्दा कानको लोती रातो होस्। मनमा गुदगुदी होस्। तर नायक सरको प्रेमले मलाई त्यस्तो केही हुँदैनथ्यो।

साँच्चै ती सर कहिल्यै प्रेमिल लागेनन्। उनलाई बरु अक्षरहरूसँग चाहिँ गहिरो लगाव थियो। किताब नहेरी पढाउनुपर्ने पाठ पढाउन सक्थे। साँच्चै नायक कहिल्यै नायकजस्तो देखिएनन्।

उनी सामाजिक पढाउँथे, तर सामाजिक व्यवहार थिएन। उनको नजर पनि व्यावहारिक भन्दा अव्यावहारिक थियो। सर भनेको त गुरु हुनु हो, तर उनको गुरु दृष्टिकोण कत्ति थिएन। ती ठूला आँखामा अल्झिएको अनौठो रहर देख्थेँ, अतृप्त रहर देख्थेँ।

"त्यो नायक सर तँलाई एकोहोरो हेर्छ?" रूपा सामाजिक शिक्षा पढिसकेपछि मलाई भन्थी। मैले नायकलाई अब नहेर्नू भन्दै हेड सरलाई भन्दिने भनी धम्क्याएको थिएँ।

मेरो उमेर र नायक सरमा २५ वर्षको फरक थियो। उनी ४० कटिसकेका थिए, तर बानीब्यहोरा भने २० वर्षे अल्लारेको देखाउँथे। कतिकतिखेर त लाग्थ्यो– नक्कले सर रहेछन्।

अरे, उनको छोरो हामी पढ्ने स्कुलमै पढ्थ्यो आठ कक्षामा। दुई वर्ष कान्छो त थियो उनको छोरो, तर उनले मलाई ताके। मेरो भाग्य पनि, स्कुलभरिमा मै मन पर्न थालेछु नायक सरलाई। बूढो गोरुले भीर खोज्छ भन्थे, त्यस्तै लाग्थ्यो नायक सर।

× × ×

"यी हेर त काट्यो।" नायक सरको आवाजले सँभालिएँ। उनले मेरो नजिकै टाउको ल्याएर मुन्टोमा हेर्न भन्दै थिए। मैले हेर्नुको साटो उसैमा कपाल तानिदिएँ।

"ऐय्या, ऐय्या!" नायक सर दुखेर कराए। टाउको उठाउँदै दुखेको कपाल सुमसुम्याए। म भने अनुहारमा रिस देखाएर भित्रैभित्र हाँसो रोकिरहेकी थिएँ।

"कत्रो फोडा उठ्यो।" हातले टाउको मुसार्दै खाटमा बसे।

"काट्या भए निको हुन्थ्यो।" कराएँ।

ह्वास्स गनाएका नायकलाई जानोस् भनेँ। उनलाई घरबेटीको डर देखाएँ। उनी केही बोलेनन्। बरु तल टाउको गरेर भुइँ हेरिरहे। सायद उनलाई मदिरा चढिरहेको थियो।

"दारु खानुभएको छ। गएर सुत्नोस् घरमा।" रूपाले पनि भनी।

'यहीँ सुत्या के हुन्या हो?' भन्दै खाटमा ज्यान पल्टाए। उनको मुखबाट आएको मदिराको हस्कोले बस्नै सकिएन। म उठेर ढोकातिर आउन लाग्दा च्याप्प हात समाएर ताने। खाटमा बसाले। अर्को हातले उनको हात फुस्काउन खोजेँ। उनले 'साह सरभन्दा म निको छैन र?' भने।

भयो त? साह सर हामीलाई गणित र विज्ञान ट्युसन पढाउँथे। उनीसँग हामी ट्युसन पढ्दा कहिलेकाहीँ जिस्कन्थ्यौँ, तर उनलाई मन पराउनेबारे त सोचेकी पनि थिइनँ। कस्तो पाप सोचे यी सरले? यिनलाई कसरी सम्झाऊँ भन्ने भयो।

"हाम्री चेली मधेसीसँग उठबस गरेको सुहाउँदैन।" नाायक सरको आवाज क्रोधले भरियो। साह त बिचरा सोझा थिए। साहसँग नायक सर रिसाएकाले मलाई समेत रिस उठेको थियो। न हिर्काउन मिल्ने न भुत्ल्याउन मिल्ने। एक्कासि रूपा रिसाई– "तम्डे जोई हो र आँखा लगाउनुहुन्छ?"

बिहे गर्छु भने नायक सरले। छक्क परेँ। अब उनले त बिहेसम्म सोचेका रहेछन्। मलाई झोक चल्यो– "अँ, सौता हुन बाँकी छ।"

जेठीलाई छाडिदिन्छु भने। उनलाई आफ्नी जोई बूढी लागेकी रहिछ। पहिलेकी जहानसँग दोस्रो बिहे गर्ने अनुमति पनि मागेका रहेछन्। सरलाई अनुमति पनि दिइछे उसले, भने नायक सरले। कस्तो नमज्जा लाग्यो। घरकी श्रीमतीबाट खुसी हुन नसकेका नायकले सौता हाल्न गरेको आँट देखेर रूपा र म डरायौँ।

मैले हात फुस्काउन रूपालाई गुहारेँ। उनले हातै छाडेनन्। केही नबोली हामीले हात मात्रै फुस्काउन खोज्यौँ। मुस्किलले हात फुस्काएँ। किताब समाई खाटको कुनामा गएर बसेँ।

"पास हुनुपर्छ।" नायकले भने अनि नजिक सरे।

"तिमीजस्तो सरले पढाएर केही हुँदैन। तिमी त आफ्नै विद्यार्थीलाई जोई सोच्दा रहेछौ। अब हामी तिम्रो कक्षा पनि लिँदैनौँ। अब जाऊ, नत्र बोलाइदिने हुँ सबैलाई।" यस्तैयस्तै भनेर रिसाई रूपा।

"मधेसीले पढाएको भए खुसी हुन्थ्यौ?" बोल्दाबोल्दै मधेसी सर बीचमा ल्याए नायकले। साह सर एयरपोर्ट बजारकै राम्रा शिक्षक हुन् भनिन्थ्यो। ट्युसन पढाउन भ्याइनभ्याइथियो। उनलाई कसले मन नपराउला? तर हामी साह सरलाई सम्मान गर्थ्यौं। तर नायक सरको कान फुकिदिएका थिए।

"नायक सरलाई भन्दिने हुँ।" म बिस्तारै गनगनाएँ।

अहो, दिक्क लगाए। रूपालाई आँखाको इसारा गरेँ। ढोका खोलेर बाहिर जाऊँ भन्न खोजेँ।

तर रूपाले कुरै बुझिन। मदिरा पिएको बेला जुन हिम्मत देखाउँथे, अघिपछि लाटोझैँ हुन्थे नायक। नपिएको बेला नजरले बोल्ने हो, मुखले त केही बोल्न सक्दैनथे।

"कस्तो छ परीक्षाको तयारी?" उनले भने। म बोल्न सकिरहेकी थिइनँ। मलाई भने घरीघरी हेरिरहेका थिए। रूपाले ठीकै भनी।

सरलाई जानोस् भनेँ। उनले मलाई हेरिरहे। उनको हेराइ नै डरलाग्दो लाग्यो। झम्टिएलान् भन्ने पीर भयो।

"के भयो त? म छ्युसन पढाउन आएको भनौँला। कति मधेसीले मात्रै पढाउने?" उनी नजिक सरे। घरीघरी मधेसी सरलाई बीचमा ल्याएको देखेर रिसाएँ।

मधेसी सर जाती थिए। बुझाएर पढाउँथे। मदिरा पिउँदैनथे। सबै विद्यार्थीलाई समान रूपले व्यवहार गर्थे। तर मधेसीले राम्रो पढाएको, ट्युसन पढाएकोमा यिनै सरहरूलाई पीडा भएको थियो। उनले तलबबाहेक थप पैसा कमाएका थिए। तर सामाजिक नेपाली पढाउने शिक्षकलाई भने सहीनसक्नु भएको थियो।

पहाडमा कहाँबाट छिर्‍यो मधेसी भन्थे। उनी छिर्नुभन्दा नि उनले पढाएको रिसले जल्नेहरू थिए।साँफेभरिमा साह सरको गणित र म्याथ कक्षा र ट्युसन हिट थियो। पाँच वर्षदेखि उनले पढाएका विद्यार्थी गणित र विज्ञानमा फेल भएनन्। बरु अन्य विषयमा फेल भएको सुनेकी थिएँ।

"म तँलाई मन पराउँछु।" साह सर मनबाट उडे।  झनक्क रिस उठ्यो। जुरुक्क उठेँ। हातको किताब छाडेर बाहिर निस्कन लागेँ। च्याप्प हात समाए। फेरि एक्कासि ताने।

हात छाड्नोस् भनेँ। जोरले तानेँ। हुत्तिएर उनकै आङमा परेँ। झटपट छुट्न खोजेर धकेलिदिएँ। रूपा आत्तिँदै कराई– "सर, जाओ घर। जाओ सर, रिसाउँदा छन्।"

हात छुटाउन खोजेँ। तन्किएर ढोकातिर जान खोजेँ; तर उनले मेरो हात कत्ति छाडेनन्, बरु 'कस्तो डाएकी, आ, बस' भन्दै मलाई आफ्नो जाँघमा राखे।

'तपाईंले जाँड खाएर यस्तोयस्तो गर्नुभयो भनेर भन्दिन्छु' भन्दै डर देखाएँ।

"म डराउँदिनँ। तँलाई मन पराउँछु।"

आफ्नो शरीर जोगाउन खोजेँ। छाती लुकाउन खोजेँ। कुप्रिएर आफूलाई छुटाउन खोजेँ। तर मदिराले मातेको नायकको पन्जा बाघको जस्तो भयो– खोल्नै नसक्ने।

सास बढेर आयो। डर लागेर आयो। अब के गर्ने जस्तो भइयो। रूपा ढोकाको भित्र डिलमा उभिएकी थिई। उसलाई बाहिर जान भनेँ। उसले मलाई छोडेर जान चाहिन। बाहिर गएर मान्छे बोला भनेँ, तर मान्छे बोलाइहाल्न पनि हिम्मत आएन।

"तँ बाहिर जा रूपा।" एक्कासि भनेँ। 'छोड्नू सर, छोड्नू सर' भन्दै बिन्ती गरिरहेँ। तर उनले मलाई त खाटतिर धकेलेर डर्‍याक्न थाले।

बल गरेर उम्किन खोजेँ। "रूपा बाहिर जा न।" फेरि भनेँ। रूपा ढोकामा उभिइरहेकी थिई। एक्कासि मेरो कम्मर समाएर ताने– "पास बनाइदिन्छु नि! किन डराएकी? बिहे गर्ने हुँ तँसँग!"

यति बोल्दासम्म उनका बलिया हात मेरो आङमा सलबलाउन थाले। ‘रूपा...’ भन्दै आत्तिएँ। मेरो आङको लुगा सार्न थाले। अहो, कराएँ– “रूपा... रूपा।”

छ्याप्प– आङभरि पानी पर्‍यो। नायकको भिजेको शरीरबाट मेरो शरीरमा पानी चुहियो। किताबहरू भिजे। खाट भिज्यो। बिस्तरा भिज्यो। रूपाले छ्यापेको पानीका कारण नायक सर निद्राबाट ब्युँझिएझैँ भए। हात छाडे। रूपातिर झम्टिए नायकले। रूपालाई च्याप्प समाएर ताने। मलाई झैँ रूपालाई अचेट्न थाले।

झटपट उठेँ। रित्तो फलामको बाल्टी उठाएर ढाडमा हानेँ। चारपाँच चोटि हानेँ। सायद दुखेर होला, उनी रूपालाई छाडेर ढोकातिर बतासिए।

तर झुक्याएर उनले मलाई झम्टिए। मदिराले गनाएको मुख ल्याएर मुखैमा टाँस्न खोजे। हातले रोक्ने कोसिस गरिरहेँ। ‘नाइँ सर, नाइँ सर’ भनेर अनुरोध गरिरहेँ। मेरो बिलौनाले उनलाई रत्ती छोएको थिएन। बेहोसीमा झम्टिन छाडेनन्।

“आफ्नो सरलाई पिट्ने? तिमीलाई फेल बनाइदिन्छु।” मलाई भित्तातिर धकेलेर मेरो चिउँडो बेस्सरी समाए। अर्को हातले मेरो छाती दुखाइदिए। म मूर्च्छा परेँ। हातगोडा नै लल्याकलुलुक भए। “रूपा, रूपा!” बरबराएँ। डराएको ज्यानलाई रूपाले बलजफ्ती उठाएर नायकलाई तानी, तर उसको बल खेर गयो।

रूपाले पछाडिबाट उनलाई छुटाउन खोजी, सकिन। जति पटक उसको हात छातीबाट हटाउन खोजेँ उति पटक उनको हात मेरो छातीमै टाँसिन्थ्यो।

“रूपा, मरेँ म। यसलाई छुटा न।”

रूपाले उनको कपाल समाएर बेस्सरी तानी। फेरि बाल्टीले रूपाले शिरमा हानी। नायकले दुखेको टाउको दुवै हातले समाए। मेरो ज्यान अलिकति खुकुलो भयो। छाती दुख्न छाड्यो।

बेस्सरी धकेलिदिएँ। ढोकामा गएर बजारिए। ढोकाबाट घाइते भ्यागुतालाई बाहिर हुत्याएझैँ हुत्याउन खोजियो। बेलना, चौका, बाल्टी, भगुना, झाडू जेजे पाइन्थ्यो त्यसैले पिट्न थालियो। पिटाइ सहन नसकेर उनले ढोकाबाट बाहिर हाम फाले।

चुइँकचुइँक... केही छिनपछि सिँढीमा हिँडेको आवाज पातलिँदै गयो। उनी गए भन्ने लागेर रूपाले हातमा डेक्ची समाएर बिस्तारै ढोकाबाट हेरी। उनी थिएनन्। बाहिर अँध्यारो भइसकेको थियो।

झ्याप्प ढोका लगाएँ। ठूलो कालबाट बाँचेजस्तो भयो। हातखुट्टा थरथर कामिरहे। रुवाइ फुस्कियो। रूपाले सम्झाई। मनले सम्झिएन।

“म एक्ली भएको भए...।” म आफ्नो डर सुनाउँदै रोएँ। रूपाको अँगालोमा भरिएर रोएँ। आफैलाई पढाउने शिक्षकबाट सुरक्षित हुन सकिएन। आफैलाई पढाउने

शिक्षकको नियत यस्तो थियो। अहो, उनको प्रेम यही थियो। उनको मनपराइ मेरो छाती थियो। मन पराउनेले पहिले छाती समाउँछन् र? के यस्तै हुन्छ प्रेम?

"अब यहाँ बसेर नपढौँ।" भनेँ।

डरले अबेर रातिसम्म बत्ती बाली रूपाले। मेरो रुवाइ कम भएको थिएन। छातीमा बढेको सास कम भएको थिएन। पहिलो पटक कसैले मेरो छाती बेस्सरी समाएको थियो। आफ्नो छाती आफ्नै लागि होइन झैँ भयो।

थुक्क छोरीको जुनी! यस्तै गरी सरापेँ आफूलाई।

अबेर रातिसम्म हामी दुवै गुटमुटिएर चिसो खाटमाथि पल्टियौँ। तर मेरो छातीमा डरको धकधक बिहानसम्म कम भएको थिएन।

× × ×

बिहान रूपा खाना पकाइरहेकी थिई। उठेँ। उसको अनुहार हेर्न पनि लाज लाग्यो। आँखाको काप भिजेको थियो। उसले भात खान उठाई।

उसको आङमा टाँसिएँ। जब दुःख हुन्थ्यो, पीडा हुन्थ्यो, रूपालाई सुनाउँथेँ। उसको आङमा टाँसिएर रुन्थेँ। मन हलुका हुन्थ्यो। ऊ भाउजूले झैँ सम्झाउँथी।

अब सामाजिक विषय नपढ्ने भनेँ। खाना खाएर स्कुल गयौँ। घरीघरी सरहरूको भीडमा खलनायक सर देखिन्छन् कि झैँ भइरह्यो, तर उनी देखिएका थिएनन्। मनमनै लाग्यो– लाज लागेर आएनन्।

केही दिनपछि आफ्नै श्रीमतीलाई कुटेर सख्त घाइते पारेको हल्ला बजारभरि चल्यो। त्यसपछि सबै विद्यार्थीमाझ नायक खलनायक भएर चिनिए का थिए।

■

**सविता श्रेष्ठ 'बेहोसी'**

# बाध्यता



विवाह भएको पहिलो रातमा आभाले आफ्नो श्रीमान्को छातीमा 'आमा' लेखेको टाटू देखिन्। रमाएर रातसँग लुकामारी खेल्दै आएका ती जोडीमा अनायास रात बित्न नपाउँदै देखिएको खुसी, रौनकता र प्रेमालाप बिस्तारै मौनतामा ओर्लिएर हराउँदै गयो। उज्यालो, खुसी र माया तथा उत्तेजनाले भरिएका अनुहारहरू एकाएक न्यास्रिए। एकक्षण त्यस कोठामा सन्नाटा छायो। दुवै जना स्तब्ध भए।

एकाएक आभामा आएको परिवर्तनले अनन्तमा कौतूहल जाग्यो। परिवर्तनको कारण बुझ्ने कोसिस नगरेको होइन, तर चित्तबुझ्दो जवाफ पाउन सकेनन्। रात त्यसै बित्यो।

नयाँ उमङ्ग र खुसी उनको अनुहारमा देखिएन। के भयो भनेर सोध्दा 'केही भएको छैन' भनी जवाफ दिन्थिन्। अनन्तले कसरी बुझ्न र पढ्न सकून् उनको अनुहारको भाव।

भोलिपल्टको रातमा आभाले अनन्तलाई हेर्दै भनिन्– "मेरो एउटा कुरा मान्नुहुन्छ भने मात्र म खुसी हुन्छु।"

"कस्तो कुरा?" अनन्तले हतारले सोधे।

"पहिले सर्त लगाउनुस्।"

अनन्तले सर्तलाई स्वीकार गरे, किनकि आभाको अनुहारमा खुसीको उज्यालो पाउन उनी आतुर थिए।

आभा अनन्तको छातीमा लेखेको 'आमा' शब्दलाई हेर्दै बोलिन्– "यो 'आमा' शब्दको ठाउँमा 'आभा' लेख्नुभयो भने मात्र म खुसी हुने छु। कुन्नि किन तपाईंले यो शब्द नमेटाउन्जेल म तपाईंलाई माया दिन सक्दिनँ अनि माया लिन पनि सक्दिनँ।'

"यो के भनेकी आभा तिमीले?" खाटबाट जुरुक्क उठ्दै अनन्त बोल्छन्– "मैले मेरी बितेर जानुभएकी आमालाई श्रद्धापूर्वक छातीमा राखेर सम्मान गरेको।"

सम्मानपूर्वक छातीमा लेखेको महान् शब्द 'आमा' उनीहरूको मायामा तगारो बन्न खोजेको स्पष्ट हुन्थ्यो।

"उहाँको अपार मायालाई म आफ्नो छातीबाट हटाउन सक्दिनँ आभा! त्यसो नभन।"

"यो शब्द तपाईंले छातीबाट हटाउनुभएन भने म तपाईंको छातीमा अटाउन सक्दिनँ।"

अनन्तले आफ्नी आमासँगसँगै 'तिम्रो नाम आभाको ट्याटू बनाउने छु' भन्दा पनि आभाले मान्दै मानिनन्।

विवाह भएको दोस्रो दिनमा मायामा दूरीले प्रवेश पाएथ्यो। सोच्दै नसोचेको कुराले उनलाई भावविह्वल बनायो। बनाइसकेको ट्याटूमा फेरि थपघट गर्न सजिलो गरी मिल्दैन भन्दा पनि जबर्जस्ती मिल्छ भनेर ट्याटू हाउस पठाइन्।

निर्जीव आमाको मायालाई आँखामा अटाउन नपाए पनि हृदयमा राखेर छातीमा सजाउने महान् शब्द 'आमा' अटाउन दिएन। अन्त्यमा श्रीमतीको अगाडि उनी लाचार बने।

विवाहको तेस्रो दिन ट्याटू हाउसमा गएर अनन्तले आफ्नो छातीमा लेखेको महान् शब्द 'आमा'-लाई लेजरद्वारा मेटाएर 'आभा' बनाउन बाध्य भए।

आफ्नो नाम छातीमा देख्न पाउँदा आभा खुसीले गदगद् भइन् र अनन्तलाई कसेर अङ्कमाल गरिन्, तर अनन्त एकाएक न्यास्रो भए र उनको अङ्कमाल भने खुकुलिँदै गयो। उनको अनुहारमा भएको खुसीको चमक कता हरायो कता। आभालाई पुनः अङ्कमाल गर्नसमेत उनका हात उठेनन्, उठ्दै उठेनन्।

■

**भानु बोखिम**

# लोभी मित्र



"मित्र विकास, खाजा खान जाने हैन त?" युवराज र जीवनसँगै आइरहेको उमेशले भन्यो।

म अघि नै कोठाबाट निस्केर कार्यालय भवनको सामुन्ने उभिएको थिएँ। मलाई उमेशको प्रश्नले अचम्भित बनायो। उमेश प्रायः खाजा जाँदैनथ्यो। गईहाले अरूलाई पैसा तिराएर एक कप चिया खान्थ्यो। खाजा खाइहाले त्यसको पैसा पनि अरूलाई नै तिराउँथ्यो। उसले खाएको पैसा तिर्नेमा म पनि पर्थें।

"जानैपर्‍यो नि उमेशजी!" मैले भनेँ– "सिंहदरबारभित्र खाजा खाने दिन नै कति छ अब ?"

"त्यही भएर त आज म पनि आएको छु।" उसले हिँड्दै भन्यो– "साँच्चै तपाईंको सरुवा कहाँ भयो रे?"

"मेरो त आफ्नै जिल्ला सङ्खुवासभामा।" मैले भनेँ।

"सरकारले मलाई त अति टाढा पठायो यार, अछाम।" उसले भन्यो– "सप्तरीको मान्छे, पूरै अछाम पुग्ने भएँ।"

अरू दुई साथीमध्ये युवराज थापाको सरुवा भएको रहेनछ। कास्की घर भएको अर्को साथी जीवन बरालको सरुवा डोल्पा भएछ। ऊ डोल्पाको विकटता सम्झेर निकै छटपटाइरहेको थियो।

“डोल्पाको चिन्ता नलिनोस्,” क्यान्टिनको कुर्सीमा बस्दै उमेशले भन्यो– “मान्छे जहाँ गए पनि इन्जोय गर्नुपर्छ। डोल्पामा टनाटन स्याउ खाएर मोज गर्नुहोस्।”

“डोल्पामा बाह्रैमास स्याउ फल्छ?” जीवन बरालमा चिढचिढाहट देखिन्थ्यो।

“नफले के भो त?” उमेशले भन्यो– “अरू बेला चिसो र शुद्ध हावा खानुहोस्। काठमाडौँमा कमजोर भएको फोक्सो, डोल्पाको हावाले मजबुत हुन्छ।”

जीवन केही बोलेन। क्यान्टिनको कुर्सीमा अडेस लागिरह्यो। यो क्यान्टिन मध्यपश्चिमतिरको थियो। श्रीमती पकाउने र ऊ दिने काम गर्थ्यो। फोहोर टेबल र भाँडाकुँडा सफा गर्नको लागि आफ्नै गाउँकी एक महिला राखेका थिए। हामी एउटा टेबलका चार कुनामा बसेका थियौँ। खिरिलो ज्यान भएको साहूजीले चिया लिएर आयो। पालैपालो कप हाम्रो सामुन्ने राखेर रित्तो थाल लिई फर्कियो।

चियाको कप रित्याउँदै गर्दा मम र चाउमिन आयो। उमेशको भागमा सानोतिनो कुखुराको मासुसहितको चाउमिन थियो। जेरी आकारमा त्यसमाथि गोलभँडाको सस छर्कियो र खान थाल्यो। सबैले खाएपछि टेबल छाडेर काउन्टरतिर लाग्यौँ।

“आज म तिर्छु।” काउन्टरतिर बढिरहेका साथीहरूलाई रोक्दै उमेशले भन्यो।

उमेशको कुराले म अचमम्ममा परेँ। जीवनले पनि अचम्ममा परेको इशारा गऱ्यो।

“सबैले मिलाएर तिरौँ न” युवराजले वालेट झिक्दै भन्यो।

“यतिका दिन तपाईंहरूले तिर्नुभयो।” उमेशले खल्तीबाट पाँच सयको नोट झिक्दै भन्यो– “फेरि भेट होला, नहोला । आज म तिर्छु।”

उमेश फिर्ता पैसा पर्खिरहेको थियो। हामी तीनै जनाले क्यान्टिनबाहिर उसलाई पर्खियौँ।

“भोलि पश्चिमबाट घाम झुल्किन सक्छ।” जीवनले भन्यो।

“बेर छैन।” युवराजले भन्यो– “आठौँ अजुवाजस्तै भयो आज।”

युवराज र जीवनले उमेशलाई उडाइरहेका थिए। उनीहरूले लोभी भएकाले उडाएका थिए। उमेश लोभी नै थियो, तर यसरी उडाएको चित्त बुझिरहेको थिएन, किनभने उसको लोभ सदाचारसँग जोडिएको मलाई थाहा थियो।

जीवन र युवराज उमेशको आनीबानीका बारेमा बोलिरहेका थिए। मैले टाउको हल्लाएर प्रतिक्रिया जनाउँदै थिए। हल्लिरहेको टाउकोमा उमेशले भनेका कुराहरू खेलिरहेका थिए। उमेशका अनुसार ऊ सप्तरीको गाउँमा जन्मेको थियो। उसले त दुःख

गरेर पढ्यो। त्यसपछि एक जना भाइ र दुई बहिनीलाई पढाउने जिम्मा उसको काँधमा थपियो। भाइलाई आफूजस्तै बनाउने सपना पालेको थियो। बहिनीलाई विवाह गरेर घर पठाउनु उसको जिम्मेवारी थियो।

"दहेज नदिई बहिनीहरूको विवाह असम्भव छ।" उमेशले मलाई भन्ने गर्थ्यो– "तर म चाहिँ दहेज बिलकुलै लिँदिनँ।"

मष्तिस्कमा कुरा खेलिरहँदा उमेश क्यान्टिनबाट बाहिर आयो। उनीहरू आएको देखेर जीवन बोल्न छाड्यो। चारै जना मन्त्रालयको भवनतिर फर्किरहेका थियौँ।

उमेश र मैले एकअर्कासँग आफ्नो विगत पल्टाएका थियौँ। म धरानमा पढेको थिएँ, तर सङ्खुवासभाकै सोल्टिनीसँग मन बसेको थियो। सोल्टिनीका आँखा पढेलेखेको भन्दा लाहुरेमा थिए। त्यही कारण लाहुर लाग्ने कोसिस पनि गरियो। एसएलसी पासदेखि झन्डै बीए अन्तिम वर्षसम्म लाहुर भिडियो। तर सबै प्रयासहरू असफल भए। सोल्टिनीले पनि एउटा भारतीय लाहुरेसँग बाटो तताइन्। त्यसपछि लोकसेवा आयोगको बाटो रोजियो।

उमेशले भने अरू कुनै विकल्पमा प्रयास गरेको थिएन। उसले सरकारी स्कुल र कलेजमा पढ्यो। अनि लोकसेवा पास गरेर सरकारी अधिकृत भयो। ऊ र म दुवै समावेशी कोटाबाट अधिकृत भएका थियौँ।

"जिन्दगी चलाउन पैसाको जरुरत पर्छ," उमेश भन्ने गर्थ्यो– "तर सरकारी जागिरमा चाहिएजति पैसा हुँदैन। भ्रष्टाचार गर्न भएन, किफायती गरेरै पुऱ्याउनुपर्छ।"

"तपाईंको कुरा ठीकै हो।" कहिलेकाहीँ म उसलाई भन्ने गर्थें– "तर त्यसो भनेर अर्कालाई तिराउनु हुँदैन"

"जसका पितापुर्खाले जागिर खाएका छन्, त्यसलाई दुईचार पैसा तिराउँदा केही हुँदैन।" ऊ भन्ने गर्थ्यो।

उसको उत्तर चित्त बुझ्दैनथ्यो तैपनि धेरै प्रतिक्रिया जनाउँदिनथेँ।

"तराईमा दुई कारण पैसा कमाउन जरुरी छ," ऊ अक्सर भन्ने गर्थ्यो– "एक छोरीलाई दहेज दिन, अर्को मुद्दा लड्न।"

उसका अनुसार छोरीलाई दहेज दिनु चलेको संस्कृति थियो। उसले चाहेर सिङ्गै समाज बदल्न सक्दैनथ्यो, तर बदल्ने चाहना उसमा थियो। त्यही कारण ऊ स्वयम् भने दाइजो नलिने पक्षमा थियो। अर्कातिर कथङ्कदाचित् अदालतमा मुद्दा परे त्यो सानको विषय हुन्थ्यो। आपसी मेलमिलापको कुरा सानको खिलाफ हुन्थ्यो। हार होस् वा

जित, मुद्दा लड्नैपर्थ्यो। अड्डा-अदालत धाउनका लागि पैसा आवश्यक थियो। ऊ आफै मुद्दामामिला गर्ने वा फस्ने सोचमा थिएन। तर बाबुले यो परिबन्दमा कुनै पनि बेला पर्न सकिन्छ भनेर सजग गराएको थिए।

एक दिन म बाटामा निस्केर उभिरहेको थिएँ। यहाँ उभिनुको खास कारण थिएन। म उभिएको ठाउँ मन्त्रालयको भवन र क्यान्टिनको बीचतिर पर्थ्यो। त्यत्तिकैमा मन्त्रालयको भवनबाट जीवन र उमेश आइरहेका थिए।

"चिया खान नजाने?" नजिकै आइपुगेपछि उमेशले मलाई भन्यो।

"नजाने।" मैले भनेँ ।

"बीच बाटोमा उभिएर के गर्नुहुन्छ?" उमेशले नै भन्यो– "हिँड्नोस् चिया खान।"

"जाने मन छैन।" म अड्को थाप्ने हिसाबले बोलेँ– "मलाई कोक खुवाउनुहुन्छ भने चाहिँ जान्छु।"

"जाबो एउटा कोक?" उमेश बोल्यो– "कुन ठूलो कुरा हो। हिँड्नोस्।"

म उनीहरूको पछि लागेँ उसले कोक खुवाउँछ कि खुवाउँदैन भन्ने हिसाबले। क्यान्टिनमा पुगेपछि हामी बस्यौँ। ऊ यताउता गर्न थाल्यो। जीवनले उमेश र आफ्ना लागि चिया मगायो। म उमेशले किनिदिने कोकको प्रतीक्षामा बसेँ।

"कोक खुवाउँछु भनेको हैन?" मैले उमेशलाई सोधेँ।

"पर्खनोस् न यार!" उसले भन्यो– "म त्यही कोक किनिदिने मान्छे खोजिरहेछु।"

उसको कुरा सुनेर मलाई भित्रैदेखि हाँसो छुट्यो। जीवन पनि हाँस्यो। ऊ हाम्रो हाँसोलाई बेवास्ता गरेर काउन्टरतिर लाग्यो। त्यहाँ आएको अर्को साथीसँग कुराकानी गर्न थाल्यो। उसले त्यही साथीलाई कोक किनाएर आयो।

"विकासजी, यो तपाईंको कोक।" मेरो सामुन्ने कोक राख्दै भन्यो।

"म त तपाईंले किनेको खाने भनेको।" मैले भनेँ।

"यो मेरै त हो।" उसले भन्यो– "अब तपाईंलाई दिएँ। मस्त खानुहोस्।"

म कोक पिउन थालेँ। उमेश र जीवन चिया पिउन थाले। मैले खाएको कोक किन्ने साथी पनि छेउमै बसिरहेको थियो। मलाई मनमा भने व्यर्थै कोक किनाइमागेछु भन्ने लागिरहेको थियो।

यसको केही दिनमा भूकम्प गयो। हामी साथीहरू सबै बाँचेका थियौँ। यसमा खुसी थियौँ। हामीलाई पनि अफिसले विभिन्न ठाउँमा खटायो। एक दिन चाउचाउका केही प्याकेट बोकेर हिँडिरहेको उमेशको तस्बिर अर्को साथीको फेसबुकमा आयो।

'उमेश यादव भूकम्प पीडितलाई राहत बाँड्दै' भनेर क्याप्सन लेखिएको थियो।

तस्बिरको मुनि धेरैले हँसीमजाकका कमेन्टहरू गरेका थिए। त्यसको भोलिपल्ट उमेश निकै उदास मुद्रामा थियो। ऊ सधैँ भेट्दा मुस्कुराउँथ्यो, तर आज मौन रहन खोज्यो।

"क्या हुवा सरजी?" म उसलाई जिस्काउन मन लाग्दा जानीनजानी बोल्थेँ– "गुमसुम लगते हो?"

"रमेशजीले झुर काम गर्नुभयो।" उसले आफ्नो टाउकाको कपाल मुठ्याउँदै भन्यो।

"के भयो र?" मैले सोधेँ।

"मैले चाउचाउ घरमा ल्याएको हो?" उसले भन्यो– "त्यहीँको मान्छेलाई दिएको हो। उसले लिएर आएको थियो, उसलाई बाँड्न सघाएको न हो।"

"फेसबुकमा पनि त्यही लेखेको थियो त।" मैले भनेँ।

"बहुत चुतिया छ रमेशजी।" उसले भन्यो– "फेसबुकमा त्यस्तो लेख्यो, तर हाकिमलाई मैले घर लगेको भनिदिएछ।"

"जो हुवा सो हुवा।" मैले भनेँ– "चिया खान हिँड्नुहोस्।"

चिया खाएर फर्किंदा पनि उसको मुहारमा उज्यालो फर्केको थिएन। पछि मैले रमेशसँग यसबारे कुरा गरेँ। उसले कुरा लगाएको स्वीकार गरेन, तर भन्यो– "त्यो बाँडेको चाउचाउमा केही प्याकेट यादवजीले घरै लगेको हो।"

मैले यो कुरालाई त्यति गम्भीर रूपले लिइनँ। तर दुईचार दिनपछि उही हाकिमको प्रवचन मैले पनि सुन्नुपर्‍यो। खासमा मिटिङ चलिरहेको थियो। मिटिङलाई टुङ्ग्याउँदै हाकिमले भनेका थिए– "परिस्थिति अझै सहज र सुरक्षित भइसकेको छैन। आफ्नो पनि ध्यान दिनुहोला।"

"यस्तोमा डराएर हुँदैन सर!" मैले भनेँ।

"डर त छ नि!" हाकिमले भने।

"एक बारको जुनीमा डराएर काम चल्छ र सर?" मैले भनेँ– "साह्रै डर लाग्यो भने तीन पाने दाब्ने अनि सबै कुरा बिर्सने।"

मैले बोलेको देखेर अरू सबैले मतिर हेर्न थाले। मैले उनीहरूको अनुहारमा एक किसिमको सङ्कोच देखेँ। हाकिम भने केही बोलेनन्। मुसुक्क हाँसे मात्र। अनि सबै जना बैठक कक्षबाट बाहिरियौँ। केही साथीले मेरो बोल्ने र ठट्टा गर्ने आँटको प्रशंसा गरे। उमेशले भने यस्तो बेला ख्याल गरेर बोल्नुपर्छ भनी सम्झायो।

तुरुन्तै मेरो टेलिफोनको घण्टी बज्यो। हाकिमको फोन रहेछ। बोलावट भएपछि म हाकिमको च्याम्बरमा प्रवेश गरेँ।

"के हो लिम्बूजी!" हाकिमको मुहारमा चमक थिएन– "मिटिङमा पनि तीन पानेको विज्ञापन गर्ने?"

"सरी सर!" मैले उनको सामु झुकेर भनेँ।

"बोल्दाखेरि कहाँ छु, के गर्दै छु भन्ने ख्याल गर्नुपर्छ," उनले भने– "नत्र फसिन्छ।"

"सरी सर, अबदेखि ध्यान दिन्छु।"

"बस्नोस्।" अगाडिको कुर्सी देखाउँदै भने– "तपाईंको करिअर उज्यालो छ। भोलि सचिव हुनुहोला। यस्तो मान्छे आजैदेखि सभ्य, संयमित र कुटिल हुनुपर्छ।"

मैले माफी मागेपछि हाकिमको आक्रोश कम हुँदै गएको पाएँ। उनी अब चाँडै नै सेवानिवृत्त हुन लागेका थिए। त्यसैले उनमा अब काम गर्ने इच्छा थिएन। पाएसम्म उनी गफ लगाएर बस्न रुचाउँथे।

"साँच्ची, तपाईंको गाउँ त सङ्खुवासभा हो," हाकिमले भने– "त्यताबाट कोदाको तीन पाने झिकाउन मिल्दैन?"

"सर खानुहुन्छ र?" मैले सोधेँ।

"झिकाउनोस् न," हाकिमले भने– "खपत त गरिहालिन्छ नि!"

"सर त अघि अलि रिसाउनुभयो, त्यै भएर खानुहुन्न ठानेको।" मैले भनेँ।

"यस्तो कुरा हल्ला गर्ने, बाहिर भन्ने हैन नि।" हाकिमले भने– "उसमाथि हामीजस्ता कर्मचारी त यो मामिलामा चलाख हुनुपर्छ। सुटुक्क चिरीप्प पारिहाल्ने हो।"

त्यसपछि हाकिमले अवकाश पाइञ्जेल तीन पानेको बोतल टक्र्याउने काम जारी रह्यो। साथीहरूले मलाई गलत घोडामा लगानी गरिरहेको छस् भनेर जिस्काउँथे।

उमेश बेलाबेला मलाई सम्झाउँदै भ्रष्टाचार गर्नुको सट्टा आफ्नो कमाइबाट कम खाएर बचाउनुपर्छ भन्थ्यो। अनि मलाई भन्थ्यो पनि– "दानवीर भएर दुनियाँले खाएको तिर्ने हैन।"

ऊ जहिले पनि पैसा कम खर्च गर्नुपर्छ भनेर सम्झाउँथ्यो। काठमाडौँबाहिर भएकोमा खुसी पनि थियो। उसको बुझाइमा बाहिर काठमाडौँमा जति महँगी छैन। यत्तिकैमा उसले मेरो कार्यकक्षमा प्रवेश गरेर भन्यो– "मेरे प्यारे दोस्त, हामी छुट्टिनुभन्दा पहिले एक पटक जम्नुपर्छ।"

"कहिले बस्ने त?" मैले सोधेँ।

"भोलि नै बस्नुपर्छ।" उसले भन्यो।

"कोको बस्ने?" मैले सोधेँ।

"धेरै बसेर काम छैन, तपाईं र म मात्र।" उसले दायाँ हातको माहिली र साहिँली औँलामा जेठी औँला  घर्षण गराउह्नँदै भन्यो– "बाहिर खर्च हुन्छ। मेरौ कोठामा बस्ने हो।"

"त्यसो हो भने रक्सी म ल्याउँछु," हातले इसारा गर्दै भनेँ– "मसँग दामी लोकल रक्सी छ। गाउँबाट आमाले पठाउनुभएको, पूरै तीन पाने।"

"पुरानो हाकिम रिटायर्ड भएकाले बचेछ।" उसले ठट्टा गर्दै भन्यो– "नत्र त उसलाई टक्र्याउँदै सकिन्थ्यो।"

म उसको कुरा सुनेर मुसुक्क हाँसेँ। ऊ मेरो कार्यकक्षबाट निस्कियो। भोलिको दिनको प्रतीक्षामा थियौँ। आउँदो साता हामी सरुवा भएकामध्ये धेरै यो भवनमा हुँदैनथ्यौँ। सबै नयाँ कार्यक्षेत्रमा जानु थियो।

शुक्रबारको साँझ। सिसाको गिलास भरिँदै आइरहेको छ। यो रक्सी दुई महिनाअघि आमाले पठाइदिनुभएको थियो। उताबाट आफन्त हिँडेपछि आमाले फोनमा भन्नुभएको थियो– "कान्छाउ, खेने लागि पेना इसेङ्ले तीन पाने हाँखुंग आंग वारो।"

गन्जी र इँजारवाल कट्टू लगाएको उमेशले स्टिलको थालमा मासु लिएर आयो। मासुको छेउमा मुला र प्याज पनि राखेको थियो। दुवै जना पलेटी कसेर बसेका थियौँ।

"ल चियर्स गरौँ।" उमेशले एउटा गिलास उठाउँदै भन्यो।

"लोकल रक्सी पनि चियर्स गर्ने र?" मैले भनेँ।

"लोकलको किन अपमान गर्ने?" उसले भन्यो।

त्यसपछि गिलास ठोकायौँ। दुवैका ओठमा रक्सीको गिलास पुग्यो। उसले रक्सी चिरिप्प पार्नेबित्तिकै दुवै आँखा बन्द गर्‍यो। बिस्तारै आँखा खोल्यो।

"बहुत कडा रहेछ।" ऊ गिलास भुइँमा राख्दै बोल्यो।

"तीन पाने हो नि त।" मैले भनेँ।

उसका र मेरा दुवै हात थालतिर बढिरहेका थिए। चम्चा एउटा मात्र भएकाले उसले मलाई पालो दियो। एकदमै स्वादिष्ट थियो मासु। बिस्तारै चम्चा छाडेर मासु हातले नै टिप्न थाल्यौँ।

कोकको बोतलमा भरिएको रक्सी जति रित्तिँदै गयो उति हामी अचेत हुँदै गयौँ। मलाई गर्मी महसुस भएकाले टिसर्ट खोलेँ। मैले गन्जी लगाएको थिइनँ। मलाई देखेर उमेश हल्का मुस्कुरायो।

"मित्र, तपाईं र मैले पाएको अवसरमा सिङ्गो समुदायको योगदान छ।" उसले भन्यो।

मलाई लाग्यो, अब उमेशलाई रक्सी लाग्यो। ऊ बोली नै रह्यो। म रक्सी र मासु पालैपालो मुखमा पुऱ्याइरहेको थिएँ।

"तपाईं र मैले त समावेशी कोटामा जागिर खायौँ।" उमेश बोल्दै थियो– "तर यसका लागि हाम्रो सिङ्गो समुदायले आन्दोलन गरेको छ। त्यसैले उनीहरूको दुःखलाई सम्मान गर्नुपर्छ।"

"सम्मान कसरी गर्ने त?" मैले भनेँ।

"भ्रष्टाचार गर्ने हैन।" उसले भन्यो– "पैसा कसलाई चाहिँदैन? मलाई बहिनीहरूको विवाह गर्नु छ। तर म आजसम्म कसैसँग एक रुपियाँ लिएको छैन। अनि आफ्नो समुदाय र गरिब मानिससँग अधिकृत भएको धाक लगाएको छैन।"

"मैले पनि गरेको छैन।" मैले भनेँ।

"कहिल्यै पनि नगर्नुहोस्।" उसले भन्यो– "र पैसा तिरेर दुनियाँलाई नखुवाउनुहोस्। पैसा भनेको अलिअलि गरेर बचत गर्ने हो।"

निकै बेर कुरा गरियौँ। कोकको बोतलमा भरिएको लोकल रक्सी थोरै मात्र थियो। कराहीमा भएको मासु अघि नै रित्तिएको थियो। म जहाँ बसेँ त्यहीँ पल्टिँदै थिएँ। उमेश गिलास समाएर ढल्किरहेको थियो।

सङ्खुवासभाको जिल्ला प्रसाशन कार्यालयमा बसिरहेको थिएँ। टेबलमा भएको मोबाइल बज्न थालेपछि उठाएँ। स्क्रिनमा ल्यान्डलाइनको नम्बर नाचिरहेको थियो।

"हेलो।" म कानमा टाँस्दै बोलेँ।

"के छ सात्याउ, सङ्खुवासभाको माछा र दारु कत्तिको खाइराख्या छ?" उताबाट आएको आवाज नौलो लाग्यो।

"को बोल्नुभाको हो?" मैले सोधेँ।

"म तुम्रो नजिकको सात्या बोल्दै छु अछामीबाट।"

मैले अछाम भन्नेबित्तिकै उमेशको आवाज ठम्याएँ। लामो हाँसो छुट्यो। उसले कुराकानीमा काठमाडौँभन्दा अछाम सस्तो र सहज बतायो। मैले उमेशले रहर मारेर बहिनीलाई दाईजो दिन पैसा जम्मा गरिरहेको कुरा सम्झिएँ।

■

डा. गोविन्दराज भट्टराई

# भाग्यको खेल



मैले शिक्षण सेवामा प्रवेश गरेको ४५ वर्ष पुगेछन्। यस अवधिमा अनेक विद्यालयमा पस्दैनिस्कँदै गरेँ। हाइस्कुलको शिक्षा सकेर विद्यालयमा प्रवेश गरेँ। शिक्षण कुनै तालिमबेगर, अभ्यासबेगर विद्यार्थी पिट्ने ससाना सिर्कना, एक जोर कमेजसुरुवाल, टोपी, चप्पल यस्ता आउटफिट थिए र एक जोर प्यान्टसर्ट पनि रेडी थिए।

जागिर कहाँ पाइन्छ र ती केके हुन्छन् थाहा थिएन, तर गाउँमै मास्टर हुन पाउँदा नयाँ उदय भएजस्तो लाग्यो। पहिले म प्राविमा पसेँ, फेरि निमाविमा, फेरि माविमा। प्राविमा पसेको केटो त्यसपछि कलेज पुग्दा एक दशक बितेको थियो। त्यसमा अध्ययन पनि गर्दै गएँ। आईए, बीए, एमएसम्मका डिग्री आर्जन गरेर मात्र विश्वविद्यालय, कलेज पुगियो। कसरी त्यो सम्भव भयो होला? त्यो अदम्य साहस र दृढ मनोबलको भरमा थियो। आफू अघि लागेको थिएँ, परिवार साथमा थियो। घनघोर दु:खहरू साथमा थिए। दु:ख आर्जनमा लागिरहेका पितामाता, प्रत्येक वर्ष नयाँ भाइबहिनी आइरहेका थिए। १२ जना सन्तान हामी, एउटा सानो टुक्रा जमिनको बीचमा एउटा ससानो काठफुसको घर र हामी अर्को रातदिन हलाकोदाला मागिरहेका; राँगा, गोरु नभेटेर तिर्खाइरहेका उर्वर धाप।

हामी सबै सामूहिक युद्ध लडेजस्ता थियौँ, किनभने ससाना भाइबहिनीसमेत बिहानबेलुका छुट्टीमा घाँस, पानी, बस्तुबाख्रा गर्थे। दाजु र म बारीमा, गोठमा, बियाडमा, रोपाइँमा पुग्थ्यौँ उता पाठ बिर्सेर, परीक्षाहरू अब कहिल्यै आउने छैनन् जस्तो गरेर...।

तल हिमालय माध्यमिक विद्यालयमा घण्टी बज्दा भाइबहिनी नीला, सेता ड्रेस लाउँदै हुन्थे। जुठो थाल आमालाई छाडेर एक हातमा चप्पल र अर्को हातमा पुस्तककापीका बिटा च्यापेर खेतका आलीआली तिनीहरू बाटामा निस्कन्थे। आज मास्टरले सोड्क्याउँछन् होला। गोबर सोहोरेका हातमा, धानका बोरा खेपेका ढाडमा, हिला आँतरहरू जोतेका गोडामा मैलो, फोहर बाँकी होला।

यसरी सबै समूहमा थियौँ। एकसूत्रमा थियौँ। प्रत्येक परिवार त्यस्तै थिए। हामी एउटा बियाडमा उम्रेका बिरुवा रहेछौँ, हुर्केपछि सर्दै गयौँ, समयले अन्तै अलिक दाना-फूल लाग्ने ठाउँतिर सार्दै लाँदो रहेछ। यस्तो जीववैज्ञानिक एवम् सामाजिक प्रक्रियाले जीवनका पाइला हामी चाल्दा रहेछौँ।

आआफ्नो भाग्य आफै खनिँदो रहेछ। आफ्नो नियति आफै बनिँदो रहेछ। आधा शताब्दी भएछ। हाम्रा आआफ्ना बाटा छन्। गर्दागर्दै यहाँ पुगेको हो। कतिले रोजेर यस्तो भयो भन्लान्, तर नरोजे पनि यस्तै केही हुने मात्र रहेछ। प्रत्येकले आफ्नै उदय र अस्त बोकेर ल्याएको हुन्छ। परिस्थितिहरूले त्यसलाई यहाँ बिछ्याइदिँदै जान्छन्। त्यसमाथि हिँडिदिएजस्तो गर्दागर्दै समयान्त हुने रहेछ।

शेक्सपियरले भनेझैँ यो जीवन एक रङ्गमञ्च हो। प्रत्येकले यहाँ आआफ्नो भूमिका खेलेर रङ्गमञ्चबाट बाहिरिनुपर्छ। अब मेरा तीन वटा बाँकी छन्।

शिक्षाको लामो जीवनमा पसेको थिएँ। कति लामो हुन्छ, कहाँ टुङ्गिन्छ, कसैले भन्न सक्ने थिएन। हिँड्दाहिँड्दा यता पुगिएको हो। यहाँबाट हेर्दा मात्रै मार्ग यति लामो देखिएको हो। यो त ग्रहनक्षत्रले हिँडाएको मार्ग हो जस्तो लाग्छ। यद्यपि शेक्सपियरले भनेका छन्– हाम्रो भाग्यलाई ग्रहनक्षत्रले सञ्चालन गर्ने होइन, त्यो हामीभित्रै छ। फेरि भन्न सकिन्न, ग्रहनक्षत्रले त्यता ठेल्दै छ कि हामी आफै ग्रहनक्षत्र हौँ।

यति लामो युद्ध मैदानलाई निर्विघ्नतापूर्वक पार गरेर आज पल्ला छेउमा पुगेको छु जस्तो लाग्छ। यस लोकमा ६९ वर्ष व्यतीत भए, अब कति छ त कसले भन्न सक्छ। बीचमा कति चौतारीमा बिसाउँदै थकाइ मार्दै गरियो, तर म शिक्षकबाहेक अरू कुनै थोक हो जस्तो लागेन। निवृत्त भइसकेपछि पनि म सैनिक हुनुपर्थ्यो, राजनेता हुनुपर्थ्यो, कर्मचारी हुनुपर्थ्यो, व्यापारी हुनुपर्थ्यो; केही लाग्दैन ।

धेरै अघि नै जीवनको प्रारम्भमै शिक्षक भएकोमा म सम्मानित भएको थिएँ। २०३४ सालको भदौमा म श्री राधिका मावि, उर्लाबारी, मोरङबाट घरछेउको श्री हिमालय मावि, दमक, झापामा सर्ने भएँ। त्यसरी सरुवा पाएँ। अनि पुरानो विद्यालयले बिदाइ कार्यक्रम गर्ने भयो। भर्खर खेती सकेका विद्यार्थीहरू हिलो र पानीले खाएका हातगोडा, अनुहार, पुरानिएका कपडा लिएर विद्यालयमा भेला भए। फूल, पातपतिँगर, केही ससाना उपहार/कोसेली एउटा छाता, एउटा झोला, कलम र भित्ते घडी यस्तै थिए। विद्यालय परिवारका शुभकामना, बिदाइ मन्तव्य भए। विद्यार्थीहरूले एउटा गीत गाए :

नयाँ सन्देश छोडेर, मुटुमा गाँठो पारेर
जानुभो हाम्रा गोविन्द सर हामीलाई रुवाई छोडेर
फूल फुल्यो भीरपाखामा, दुःख भयो हाम्रो जीवनमा
जहाँ गए नि उचित होस्, सरको जीवन फलोस्-फुलोस्
नयाँ सन्देश छोडेर...।

ती निर्दोष बालहृदय थिए। भर्खर बनेको हाइस्कुलमा काठमाडौँबाट अङ्ग्रेजीमा बीए, बीएड पास गरेर त्यो गाउँमा पुगेको म जिल्लाकै पहिलो शिक्षक थिएँ। कीर्तिपुरदेखि

अन्तर्राष्ट्रिय ज्ञान र सीपको बाकस बोकेर त्यहाँ पुगेको मैले दुई वर्षभित्र जादू गरेको थिएँ– एसएलसीमा अङ्ग्रेजी फेल हुने कलङ्क मेटाएको थिएँ। म आनन्द र गौरवले अलिकति खुट्टा उचालेर अदृश्य अहङ्कारले शिर उचाल्दै हिँड्थेँ। सिलिगुडी पुगेर स्टान्डर्ड अलेनको 'लिभिङ इङ्गलिस स्ट्रक्चर' नामक ग्रामर पुस्तक ल्याएर विद्यार्थीलाई प्राक्टिस गराउँथेँ। कत्रो सान, इज्जत र मानले म उचालिएको हुँला; सबै मलाई हेर्दा हुन् जस्तो लाग्थ्यो। त्यसरी शिक्षण कर्ममा ठूलो आकर्षण भएजस्तो लाग्यो, तर त्यस बेला अरू कर्म थिएनन्।

एकदुई जना दूरदर्शी नजन्मेका होइनन्। उर्लाबारीका हरिकृष्ण खतिवडा सेक्सन अफिसर भए, दमकका हरिबाबु भट्टराई पनि भए। हामी उनीहरूलाई देखेर डगडग कामेका थियौँ। त्यत्रो भाग्यको निर्माण कसले गर्छ? सामान्य ज्ञानका पुस्तक बोकेर उनीहरू विराटनगर-काठमाडौँ धाउँथे। हामी स्कुलमा रमाएर बसिरह्यौँ। विद्यार्थीहरूको प्रेमले म शिक्षणमा बसेँ। उर्लाबारीबाट दमक क्याम्पस, त्यहाँबाट धनकुटा क्याम्पस, त्यहाँबाट फड्केर त्रिवि। प्रेमले नै मेरो लेखान्त कोर्दै लग्यो होला। टमस मार्टनले भनेका रहेछन्– प्रेम नै वास्तविक भाग्य वा लेखान्त हो। हामी आफै एक्लैले मात्रै जीवनको अर्थ फेला पार्दैनौँ– अरूसँग मिलेर मात्रै।

त्यसरी म अरूसँग मिलेको रहेछु– परिवारसित, शिक्षकसँग, अभिभावकसँग, जिल्लासित। म विद्यार्थीलाई बुझाएर पढाउने राम्रो अङ्ग्रेजी सरमा स्थापित हुँदै गएँ। माथि पाँचथर, धनकुटा, इलाम, झापा, मोरङ सबैतिरका विद्यार्थीहरूले गोविन्द सरकोमा ट्युसन पढ्न भनी बेलैमा सिट बुकिङ गर्थे। कार्तिकदेखि बुकिङ गर्थे र सेन्ट अप टेस्ट सकिनासाथ दमकमा डेरा गर्न आउँथे।

बिहानको रातिदेखि विद्यार्थीहरू आउँथे– घोडामा, साइकलमा, हिँडेर, राँको बालेर, कत्रो उत्साहले, प्रेमले एसएलसीको अङ्ग्रेजी पास गर्ने मन्त्र थाहा पाउने उद्देश्यले। मेरो भाग्य आफै बन्दै गयो, फराकिँदै गयो। म त्यसलाई भाग्य भनूँ-नभनूँ, अहिले हेर्दा त्यो मेरो लेखान्त रहेछ। मुस्किलले रातोदिन कराएर त्यससँग दुई पैसा साट्ने अत्यन्तै दुःखी कर्ममा लाग्न पाउँदा त खुसीले आत्तिनु, बौलाउनु यस्तै के थियो।

के मानिसले आफ्नो भाग्य बदल्न सक्छ? त्यो प्रश्न अनुत्तरित छ। उसले बदल्यो भने पनि त्यो बदलेको भाग्य नभएर लेखान्त पो हो कि? मैले त बदल्न चाहिनँ पनि। अहिले त्यो युद्ध सकिएपछि सम्झिन्छु– म पुलिसमा लागेको भए अलिक खुसी हुन्थेँ कि? सरकारी कर्मचारी भएको भए अझै खुसी हुन्थेँ कि? तर कसरी? एउटा छोटो जीवन छ, एकैछिनमा विलियम लङफेलोले भनेझैँ 'अर्को बाटो नटेकी फेरि फर्किन नमिल्ने' ठाउँमा पुगिँदो रहेछ। मैले एउटा बाटो नछोडी हिँडेर प्राविमा पढाउन थालेको

४५ वर्ष व्यतीत गरी प्राध्यापकबाट निवृत्त भएँ, अब त म केही पनि हुन सक्दिनँ। मैले हिँडेको एउटा बाटो सकियो, त्योसँगै नहिँडेका अरू सयौँहजारौँ बाटा समाप्त भए। नचाखेका खाने कुरा, नगरेका गर्ने कुरा सबै सकिएजस्तो लाग्छ। तर एउटा कुरा धेरै बाँकी छ– सुन्दर पाराले बाँच्ने कर्ममय जीवनभरि सिर्जनात्मक आनन्द दिलाउँदै।

अनेक दार्शनिक चिन्तकले गरेका अनुमान सुन्दा बाटैमा उभिएर सोच्नुपर्ने कुरा नसोची भुलिएछ कि जस्तो पनि लाग्छ। टोनी रोबिन्सको मत छ– तिमीले जुन क्षणमा निर्णय गर्छौ त्यही क्षणमा तिम्रो भाग्यले आकार लिन्छ। होला पनि। मैले त्यसरी अरू मार्ग नसोची केवल शिक्षण पथ रोजेँ, फेरि अर्को घुम्तीमा पनि शिक्षण पथ रोजेँ र त्यसैले भाग्य बाट्दै लगेछ। म बनजाँचे, पुलिस हुन सक्थेँ; हुलाकी हुन सक्थेँ; अदालतको बहिदार हुन सक्थेँ। गाउँकाहरू शिक्षक सेवालाई अलिक पैसा नपर्ने मेलो भन्थे, साथीहरू यो अलिक सरकारी कर्मचारीले हेपेको पेसा भन्थे। मलाई त्यो स्वर्ग थियो। पढाउन नपाएको रात निद्रा लाग्दैनथ्यो। यो यसरी मेरो लत भयो।

भाग्यलाई विभिन्न दृष्टिकोणले हेरेका छन्। राल्फ मास्टनको भनाइ सुन्दा मैले ठीकै गरेछु भन्ने लाग्छ : तपाईंको भाग्य भन्नु नै ती कर्महरू सम्पन्न गर्नुमा छ जुन कुरालाई तपाईं विशेष महत्त्व दिनुहुन्छ। तसर्थ आफ्नो ध्यानदृष्टि त्यतैतिर केन्द्रित गर्नुहोस् जुन साँच्चै भव्य छ, सुन्दर छ, उत्थापक र आनन्दकर छ। तपाईंको जीवन नित्य कुनै नयाँ कुरातिर गइरहेको हुन्छ।

यो सुन्दा मैले उचित बाटो नै रोजेछु जस्तो लाग्छ। फेरि सबैले यो स्वीकार गर्दैनन्। भाग्यले मानिस बनाउँछ कि मानिसले नै भाग्य भन्ने विषयमा एकमत छैन। केनेडीले भाग्यलाई पछार्ने कुरा गरेका थिए– हाम्रा सम्पूर्ण समस्या मानव निर्मित हुन्, त्यसकारणले मानिसबाटै तिनको समाधान हुन सक्छ। अनि मानिसले जत्रो हुने इच्छा राख्यो त्यत्रै बन्न सक्छ। मानवको भाग्यबारेको समस्या मानव जातिभन्दा माथि वा पर छैन। भाग्य वा लेखान्त छ/छैन भन्ने विषयका विवाद अन्त्यहीन छन्। मुहम्मद इकबालको भनाइ छ : भाग्य भन्ने कुरा मूर्खहरूको जन्जिर र झ्यालखाना हो। तर भाग्य नाइलको पानी हो भन्ने कुरा बुझ्नुहोस्। विश्वासीले त्यसलाई जन्म भन्छ, अविश्वासीले रक्त।

यो भन्न सक्दिनँ– विश्वासले, धर्मले, परम्पराले, संयोगले शिक्षक भएर यस मार्गमा पस्ने म प्राध्यापक ४५ वर्ष पछि भएर निवृत्त भएँ।

के मलाई कुदाउने भाग्य थियो? कि पूर्वनिर्धारित लेखान्त थियो? भाग्य भन्नासाथ कति मानिस अलिक ठोकिने, ठेस लाग्ने, किञ्चित् नकारात्मक, अवाञ्छित मार्गतिर

पुगेको वा कल्पनामा हुन्छन्। हाम्रा युगकवि सिद्धिचरण श्रेष्ठको 'ओखलढुङ्गा'-मा त्यस्तो ध्वनि पाइन्छ–

भाग्यको लहरामा लहरीलहरी
पुगेँ म यस मरुस्थलमा कसरी?

तर म आज आनन्दित र प्रसन्न छु। परितृप्त पनि। मलाई मेरा गुरुहरूले देखाएको मार्गको नै अनुसरण गर्दै म गुरुमार्गमा पुगेछु। यतिका वर्षहरूमा, झन्डै आधा शतकमा, मैले सयौँ, शिष्यलाई भेटेँ; हजारौँलाई, अझ लाखौँलाई भेटेँ होला, बोलेँ होला, आफ्ना वचन र कर्मले शिक्षा दिएँ होला, तिनीहरूले तिनको अनुसरण गरे होला, नगरे पनि उनीहरूका हृदयान्तरमा केही न केही मेरा वाणी र विचारका प्रतिध्वनिहरू सुनिन्छन् होला। आज यो लामो यात्रा बिसाएपछि मलाई लाग्छ– मैले आफ्ना गुरुहरूको निर्देश पूरा गरेको छु, उनीहरूले देखाएको मार्गमा हिँडिरहेको छु। अरू लाखौँ त्यसै गरी मैले देखाएको बाटो हिँडिरहेका होलान्। जीवन नै उज्यालो पार्ने यो सर्वोत्कृष्ट मार्ग हिँड्न मलाई केले प्रेरित गर्‍यो होला– मेरा पिताले, गुरुले, मेरो भाग्यले, लेखान्तले? त्यसैले मेरो हृदयमा यी सदुक्ति ध्वनित हुन्छन्–

भाग्योदयेन बहुजन्म समार्जितेन
सत्सङ्गमेन लभते पुरुषो यदा वै
अज्ञानहेतु कृत मोहमहान्धकार
नासंविधाय ही तदोदयते विवेक।

विगतका अनेक जन्ममा सङ्ग्रह गरिएको भाग्यले जब सत्सङ्ग प्राप्त हुन्छ तब नै विवेकको जन्म हुन्छ। त्यसले अज्ञानतावश उत्पन्न भएको मोहरूपी अन्धकारलाई नाश गरिदिन्छ।

योभन्दा बढी मात्र भेट्न सकिएन। तर यति ठिक्क छ। म सधैँ समुद्रको किनारमा थिएँ। मेरो बर्तन भरी भरेको छु बाँकी जीवनकालभरिलाई पुग्ने गरी। यहाँ आएर अतृप्तिहरू, तृष्णाहरू पनि स्थिर भएका छन्; किनभने सन्तुष्ट हुने गरी अघाएको मलाई अर्थोक चाहिन्न।

■

**डा. जङ्गब चौहान**

# अधुरा गीतहरू

आफ्नै स्पन्दनले रचेर गीत जिन्दगीको
आफ्नै ढुकढुकीको हालेर सङ्गीत जिन्दगीको
आफ्नै गुनगुनाहटले गाइरहेछु गीत जिन्दगीको।

– विक्रम सुब्बा



प्रकृतिका रङहरू फेरिने क्रममा फेरि आइपुग्यो वसन्त। हरियाली लिएर आयो। फूलको बहार लिएर आयो। चराका गीतहरू बजाउँदै आयो।

नेपथ्यबाट पनि बज्दो रहेछ जिन्दगीको गीत! बजिरहे हुन्थ्यो यसरी नै।

समय र परिवेशले सीमित गरेका शालीन लयालु क्षणहरूको क्षणभङ्गुर यो जिन्दगीमा एउटा सानो सपना बाँकी नै रह्यो– उमेरको सुदूर उत्तरार्द्ध आफ्नै किसिमले जीवन्त रहोस्, आँसु र पीडा पनि विलीन भएर जाऊन् विश्रान्ति सागर लहरहरूमा।

फेरि सम्झनाको बलैँसीमा मीठो नोस्तालजियाको झरीले नभिज्ने मानिस यो संसारमा सायदै होलान्। कति रहरलाग्दो बाल्य-युवावय पार गरेर आएको हुन्छ मानिस।... तर पत्याउनै नसकिने समयको तीव्र वेगमा हेलिँदै जाने उत्थान-पतनको निर्मम कहानीले एक कुनाबाट उसकै विगत र वर्तमानलाई गिज्याइरहेझैँ लाग्छ।

सत् र असत्बीचको द्वन्द्व भन्दै यो संसारले एकपछि अर्को सभ्यताको निर्माणमा मानिसकै बलि चढाइरहेकै छ। सहज र प्राकृतिक कुराहरूलाई छोपेर मानव बस्तीबाट टाढिँदै गएको आजको मानिस आफैँबाट हराउँदै क्यानभासमा कोरिएको सुन्दर चित्रमा जीवन खोज्ने भ्रम पालिरहेछ। अनेकौँ भुमरी पार गरेर नियतिको एउटा आफ्नै उपत्यकाभित्र प्रवेश गर्दा पनि खलबलिन खोज्छ शान्ति। कति कमजोर रहेछ मानिस!

जतिसुकै कमजोर भए पनि जीवनका बाँसुरीय धुनहरू मानिसको अन्तर्मनका भित्ताहरूमा ठोक्किएर बजिरहन्छन्। कम्तीमा यस्तो नहुँदो हो त थेगिनसक्नुको अवसादले मानिस सायद उहिल्यै आस्तित्विक सङ्कटमा परिसकेको हुन्थ्यो! यसैले होला कहिलेकाहीँ घरबाट टाढा भएको बेला प्रवासी धरतीको अँधेरीमा पनि उसले आफ्नै गाउँभरको आकाशमा टहटह जून लागेको कल्पना गर्छ र जिन्दगीको अज्ञात यात्रामा अनेकौँ उल्झनहरूबीच पनि आशाको आकाशे झिल्कामा बाँचिरहन चाहन्छ।

बेनेडिक्ट विलाकाजी (दक्षिण अफ्रिकी कवि एवम् उपन्यासकार)-ले त्यसै लेख्नेछन्–

यो कालो अँध्यारो आकाशमाथि
आऊ, तारा तिमी
हजारौँ पटक मेरो मन
पहाडको उचाइमा पुगेर पनि
फेरि गहिरो खोल्सामा झरेको बेला।

कहिलेकाहीँ आफ्नै अतीतका दृश्यहरू सम्झिँदा आङ सिरिङ्ग भएर आउँछ। तरै पनि हिँडाइ र भोगाइका उकाली-ओराली यात्राका विविध पलले भ्रम नै सही जीवनलाई लयात्मक बनाउने प्रयास गरिरहेकै हुन्छन्।

ज्यादै जटिल र बहु आयामिक यो जिन्दगीमा थाती रहेका अनेकौँ प्रश्न छन्। प्रश्नको रहस्यमय पोको खोल्ने क्रममा अन्योलको धूवाँ मुस्लिँदै जीवन-आकाशको परिवेश निसास्सिएको बेला यस्तो लाग्छ–

उत्तर नभएको प्रश्नको
उत्तर खोज्नु किन?
अनुत्तरितमै त छ
स्पष्ट उत्तर।

खुसी रहने प्रयास त हो जीवन। घाम, जून, उज्यालो, अँध्यारो सबै यसैका आयामहरू रहेछन्। अन्तिम गन्तव्यसम्म आफ्नै पाइतालाको भरमा खुसीका लयहरूमा लयबद्ध हुन पाए हुन्थ्यो।

एक्लोपन। चिन्ता नगरे हुन्छ। एक्लो हुनुको नीरस जिन्दगीबारे धेरै लेखिएका छन्, बोलिएका छन्, गाइएका छन्; तर पीडाबोध किन? बरु यही एक्लोपन माया गर्न सिकौँ। एक्लै हुनुमा एउटा बेग्लै, अलौकिक आनन्द छ जुन भीडमा पाइँदैन। जीवनलाई फेरि नयाँ सिराबाट बाँच्ने ठाउँ यहीँनेर छ। पुनर्जीवनको यो प्रयास जीवनका लागि नभई नहुने प्राणवायु हो, कलकले पानी हो, दीर्घ जीवनको स्रोत हो। आन्तरिक शान्ति र सुन्दर चिन्तनको उपहार ग्रहण गर्ने समय बन्न सक्छ यो अवस्था।

उमेरका धेरै पहाडहरू उक्लिएपछि पनि मानिसको जिन्दगानी अविरल बगिरहोस्। आफ्नै पाइतालाले बनाएका डोबहरू प्रिय लागिरहून्। गुनासाहरूले तिनलाई केरमेट गर्न नपरोस्।

जीवनका अनेकौँ घुम्तीहरूमा जेजति तीतामीठा अनुभूतिहरू बटुलिए, सभ्यताको सम्पत्ति बनून्।

'हामीले पहिले पूरा नगाएका ती सबै गीत पहिलेजस्तै भुल्नु हुँदैन।'
(एक चर्चित रुसी गीतको हरफ)

■

डा. विमल कोइराला

# सम्बन्धहरू



सम्बन्धहरू सानैदेखि बन्छन्– केही विकसित हुन्छन्, केही छुट्छन्। भौतिक स्वास्थ्य, मानमर्यादा, र परिआएका बेलामा सरसहयोगका निम्ति सम्बन्धहरू आवश्यक हुन्छन्। स्वस्थ सम्बन्धहरूमा कुरा नचपाई खुलस्त भन्ने, एकअर्काको जुत्तामा आफ्नो खुट्टा राखी हिँड्ने र एकअर्कालाई राम्ररी सुन्ने, बुझ्ने र मद्दत गर्ने चरित्र हुन्छ। नातागोतासँग पारिवारिक सम्बन्ध हुन्छ भने साथीभाइसँग मित्रताको सम्बन्ध हुन्छ। कुन बलियो र दिगो हुन्छ, भन्न गाह्रो छ। तर सम्बन्धमा स्वार्थको मात्रा कम भयो भने साथीभाइ र नातागोताको सम्बन्ध उस्तैउस्तै हुन्छ। उमेरअनुसार र रुचिअनुसार सम्बन्धहरू बदलिँदै जान्छन्, तर नातागोताको सम्बन्ध भने स्वार्थ नहुन्जेल उस्तै हुन्छ। मेरा स्कुले साथीहरूमध्ये धेरैको र अनुहार बिर्सिसकेँ। भेट हुँदैन, भेट भए पनि सम्बन्धको नवीकरण गर्नुपर्ने हुन्छ। कलेजका पनि सुरुवाती दिनका साथीहरू बिर्सिसकियो। जागिरे जीवनका धेरैथोरैसँग भने अद्यापि सम्बन्ध छ।

विद्यार्थी जीवनमा प्रतिस्पर्धी साथीहरू हुन्थे। कहिले स्वस्थ प्रतिस्पर्धा र गाढा मित्रता हुन्थ्यो, कहिले ईर्ष्या मिश्रित भएको डाहको सम्बन्ध। अलि बलिया साथीहरू नियन्त्रणको सम्बन्ध राख्थे। हामी भने पिछलग्गू कार्यकर्ताको जस्तो सम्बन्धमा हुन्थ्यौँ। त्यस्तो सम्बन्ध पनि गाढा नै थियो। त्यस बेला कोही सक्रिय मित्रतामा हुन्थे। तिनको घर गइन्थ्यो– खाजा खाइन्थ्यो। कोही भने निष्क्रिय सम्बन्धमा हुन्थे। विद्यार्थी कालमा र पछि पनि आक्रामक खालका र कोही सम्झौता गर्न रुचाउने मित्रहरू बने। धेरै किसिमका मित्रहरू बनाउनेसँग भने कालक्रममा सम्बन्ध टुट्दै गरेको वा सम्पर्क पातलिएको पनि देखियो। केही मित्रहरू भने ससाना गल्तीहरूमा बखेडा झिक्ने र लामो समय सम्बन्धमा नरहने पनि पाइयो। जस्तो खाले मित्रता भए पनि त्यो कालखण्डको सम्बन्ध पुनरावलोकन गर्दा मस्तिष्कमा ताजापन अनुभव हुन्छ। जे होस्, सम्बन्ध

भनेको सामाजिक प्राणीका लागि प्राणवायु नै हो। सम्बन्धबाट प्राप्त अक्सिजनले नै हामीलाई टिकाइरहेको छ भन्ने मेरो विश्वास हो।

सम्बन्ध प्राकृतिक हुन्छ। यो सरल, तर्कपूर्ण र अनुमान योग्य हुँदैन। लचिलो सोचाइ र संयमितका निम्ति यो सुखद हुन्छ, तर जिद्दी स्वभावका मानिसहरूका लागि यो कठिन हुन्छ। विश्वास कसिलो हुँदै जानु, समभाव राख्नु, करुणा र इमानदारिता नै सम्बन्धका मूल स्तम्भहरू हुन्। आफूलाई सुधार्दै सम्बन्धलाई खँदिलो बनाउन सकिन्छ, तर हत्तपत्त मान्छे सम्बन्ध सुधारपट्टि क्रियाशील हुँदैन, उसको अहम् व्यवधानका रूपमा देखा पर्छ। बाँच्नु र माया गर्नु/माया पाउनु अलग-अलग कुरा हुन्। आफ्नै विषयमा आफू जानकार हुन सके मात्र जीवनको अनुभव लिन सकिन्छ। अहिले सम्बन्धमा देखिएको सङ्कट अहम् र दम्भ अनि आफ्नो विषयमा थोरै मात्र जानकारी भएकाले पनि हो। सम्बन्ध परिचयले मात्रै बन्दैन, न कुनै संस्थाको सदस्य भएर बन्ने हो। एउटा व्यक्तिको धेरैसँग चिनारी हुन्छ, तर तीमध्ये ज्यादै थोरैसँग उठबस हुन्छ र सीमितसँग घनिष्ठता हुन्छ। हो, त्यही घनिष्ठता नै सम्बन्धको आधार हो। नातागोता हुँदैमा घनिष्ठता बढ्ने होइन। कैयौँ नजिकका नातेदारभन्दा टाढाका व्यक्तिहरूको अन्तर्वैयक्तिक सम्बन्धको घनत्व बढी हुन्छ। त्यसैले मित्रता र नातेदारमा सम्बन्धलाई वर्गीकरण गर्नु पनि त्यति मनासिब हुँदैन।

सम्बन्धले उमेर हेर्दैन। सामान्यतया हाम्रा सम्बन्ध समवयीसँग झाँगिएको देखिन्छ, तथापि गतिशील सोचको ज्येष्ठ र आधुनिक सोचको युवाबीच पनि प्रगाढ सम्बन्ध बनेको पाइन्छ। बाल्यावस्थामा विकसित हुने सम्बन्ध समावेशी हुन्छ, जातपात हेर्दैन। ठूलो हुन थालेपछि मात्र समाजका विसङ्गतिहरू उसको मस्तिष्कमा अहम्का रूपमा प्रवेश गर्ने हुन्। सदाशयता सम्बन्ध विकासको सूत्र हो, समभाव इन्धन हो र एकअर्काप्रतिको सम्मान सम्बन्धको इन्जिन हो।

आवश्यकताका आधारमा निर्माण भएको सम्बन्ध अस्थायी र स्वार्थी हुन्छ। आफूलाई गर्जो परेको बेला भरथेग गर्ने सहयोगीसँग सम्बन्ध विस्तार गर्‍यो, तर जब आफूलाई आधार नचाहिने अवस्थामा भने वास्तै नगर्ने सम्बन्धहरू टिकाउ हुँदैनन्। प्राकृतिक सम्बन्ध मात्र दिगो हुन्छ। विचारका आधारमा बनेका सम्बन्धहरू, मानसिक आवृत्तिसँग जोडिएका र भावनात्मक सम्बन्धहरू टिकाउ हुन्छन्। त्यस्तो सम्बन्धको आविष्कार वा पुनराविष्कारको जरुरतै हुँदैन। सत्य शाश्वत हुन्छ र सदैव रहिरहन्छ, झूटको मात्र आविष्कार वा पुनराविष्कार गर्नुपर्छ। आवश्यकताको सम्बन्ध स्वार्थपूर्ण हुन्छ। मैले कैयौँ त्यस्ता देखेको छु जो आफूलाई दरकार परुन्जेल निहुरिएर सम्बन्ध राख्छन् र पछि (आफू सबल भएपछि) फुत्त बाहिर निस्कन्छन्। सम्बन्ध 'ऐच्छिक'

पनि हुन्छ। अप्ठ्यारो पर्दा साथीसँगाती र नातागोता खोज्यो, झुक्यो, काम लियो र पछि समयक्रममा हिजो सम्बन्ध नै नभएजस्तो गरी छाडिदियो।

अर्को खाले सम्बन्ध एउटा पक्षको पदसँग गाँसिएको हुन्छ। मलगायतका तथाकथित शक्तिमा रहँदाका सबैले बेहोर्ने/बेहोरेका सम्बन्धहरू हुन्। नाता जोड्दै नजिक देखिन खोज्ने, पुरानो परिचयको नवीकरण गर्ने र नयाँ सम्बन्ध विकास गर्न खोज्नेहरूको झुन्डको चर्तिकला शक्तिमा हुन्जेल टड्कारो देख्न पाइन्छ। आफ्नो स्वार्थ केही नभएजस्तो गरी दिनैपिच्छे धाउने, सानो कोसेली बोकेर ल्याउने र छोराछोरीलाई पनि माया गरेजस्तो गर्ने त्यस्तो अस्थायी सम्बन्ध पदबाट निवृत्त हुनासाथ देखा पर्दैन। त्यस्ता मान्छे लुसुक्क अर्को पदसँग सम्बन्ध राख्न पुगिहाल्छन्। ती आफ्ना स्थायी सम्बन्धी हुन् भन्ठान्नु महाभूल हुन्छ। बरु पदबाट बाहिरिएको बेला सम्बन्ध राख्नेहरू जीवनपर्यन्तका मित्र हुन सक्छन्। पदमा रहँदा निर्माण भएका मित्रहरू स्वार्थ पूरा हुन्जेल मात्र म्याद भएका र तलबितल पर्नासाथ म्याद गुजार्ने अस्थायी सम्बन्धहरू हुन्। कतिपय अवस्थामा दाजुभाइ, दिदीबहिनी र आफन्तको सम्बन्ध पनि स्वार्थ प्रेरित हुन्छन्। कति समयक्रममा छिप्पिँदै जाँदा पुरानै लयमा फर्किन्छन् भने कति ओइलाएर शुष्क हुन्छन्।

के सम्बन्धको उत्पादनको मिति म्याद गुज्रने समय (Expiry Date) हुन्छ? सम्बन्धहरू निर्माण भएपछि समयक्रममा निष्क्रिय हुन्छन्? निम्तो गर्दा मात्र झुल्किने र अरू बेला हराउने औपचारिक सम्बन्धको आयु कति हुन्छ? मलाई यी प्रश्नहरू काल्पनिक हुन् जस्तो लाग्छ। बिरामी हुँदा सोधपुछ नगर्ने, अप्ठ्यारो पर्दा वास्तै नगर्ने र एकपक्षीय दोहनमा संलग्न सम्बन्धका कैयौँ मानिसलाई मैले दुःखी भेटेको छु। उसले नहारी म जित्दिनँ (Zero Sum Game) भन्ठान्नेहरूले अर्कालाई हराउँदा क्षणिक तुष्टि त लेलान् तर आफूले पनि नजित्दा सबै गुमाएको 'हारेको जुवाडी'-को जस्तो हालत मैले आफैले देखेको छु। वैध-अवैध सम्पत्ति बटुलेर मेरो साम्राज्य निर्माण भयो भनी आत्मरतिमा कुर्लनेहरूजति दुःखी मैले अरूलाई देखेको छैन। ससाना कुराहरूमा बखेडा झिकेर आफ्नो 'स्व'-को उपनिवेश खडा गर्नेहरू पनि असल सम्बन्धबाट विमुख भएको पाएको छु। असल सम्बन्ध निर्माण गर्न नचाहिँदो 'अहम्'-को खारेजी, सहिष्णुताको वृद्धि र समभावको आवश्यकता पर्ने रहेछ। वैश्विक युगमा पदार्थवादको साम्राज्यले मानिसमा अन्तर्निहित मानवीय चरित्र हराउँदै जाँदा र मानव सभ्यताको बाना मक्किँदै जाँदा मानिस आफ्नो श्रेष्ठताको खोजीमा निरन्तर लाग्ने रहेछ। उमेर ढल्कँदै गर्दा सम्बन्धको खोजी गर्न थाल्छ, तर निकै अबेर भइसकेको हुन्छ।

कहिल्यै नदेखेको-नचिनेकी महिला म्याद गुज्रने मिति नभएको वैवाहिक सम्बन्धमा आबद्ध हुन सक्छे! उसका जिजीविषाहरू समर्पण गर्दै सम्भावनाको

खोजीमा लोग्नेस्वास्नी हुन तयार हुन्छे। उसले नचिनेका सासू, जेठाजु, जेठानी, ससुरा, देवर र नन्दहरूसँग सम्बन्ध विकास गर्छे। प्रताडना सहेर पनि सम्बन्धलाई मजबुत बनाउँछे। सम्बन्ध निर्माण, विकास र दिगोपनाका निम्ति गरिएका यी त्यागहरूबाट हामीले सिक्नुपर्ने धेरै विषय छन्। समाजशास्त्रीय अध्ययनको सीमाभन्दा परका यस्ता सम्बन्धहरूको मनोवैज्ञानिक विश्लेषण गर्ने हो भने सम्बन्ध निर्माण र विकासको गहिराइमा पुग्न सकिन्छ जस्तो लाग्छ!

किन आमाबा, छोराछोरी र केही घनिष्ठसँगको सम्बन्धबाहेक अरू मित्रता चिरस्थायी हुँदैनन्? किन आमाबाकै सम्बन्ध पनि 'जनैको साँचो'-मा निहित हुन्छ? किन दाजु वा भाइ एकअर्काको रिस गर्छन् र सम्बन्ध तोड्न उद्यत हुन्छन्? किन एउटा लामो समयको मित्र अर्कालाई रिझाउन पुरानो सम्बन्ध खुसीखुसी त्याग्छ? सम्बन्धको मौलिकीकरण वैश्विक समाजको विशेषता हो। प्रतिस्पर्धा 'उत्कृष्ट' वा 'सर्वोत्कृष्ट'-सँग हुनुपर्ने हो, तर आफूले देखेको नजिकको मान्छेसँग अस्वस्थ प्रतिस्पर्धा गर्न खोज्दा सम्बन्धमा दरार देखा परेको हो। आफू खुसी वा सुखी रहनुभन्दा अर्को बेखुसी वा दु:खी हुनुमा रम्ने पदार्थवादी चरित्रले जित एउटाको मात्र हुन्छ भन्ने सिकाएकाले असल सम्बन्ध निर्माण र विकास हुन सकेन। यो संसारमा सबैलाई पुग्ने, मनग्गे स्रोतसाधन छ; तर सबैको लोभलाई सम्बोधन गर्ने स्रोतसाधन नहुन सक्छ भन्ने महात्मा गान्धीको उक्ति सम्बन्ध निर्माणको प्रस्थान बिन्दु हुन सक्छ।

सम्बन्ध विकासको बाधक झूट र कृत्रिम तर्क पनि हो। झूटो बोल्दा कृत्रिम तर्कको सहारा लिने र झूटलाई प्रमाणित गर्न चिच्याएर बोल्ने गर्दा सञ्चार प्रक्रिया सहजै टुट्छ। कतिपयलाई के लाग्छ भने ठूलो स्वरले बोल्दा ध्यानाकर्षण हुन्छ र अरू सबैले उसको कुरा पत्याउँछन्, तर यथार्थ त्यसको ठीक विपरीत हुन्छ। सम्बन्धमा कहिलेकाहीँ खिचातानी हुन्छ, एकअर्काको कुरा मन पर्दैन। त्यसो भन्दैमा नसुल्झिने होइन। सम्बन्धमै पूर्णविराम लाग्ने हो भने लोग्नेस्वास्नीको त धेरै पटक त्यस्तो हुन्थ्यो होला। प्राय: सम्बन्धमा खटपट (क) सूचना र सूचनाको स्रोत विश्वसनीय नहुँदा वा फरक पर्दा, (ख) आधारभूत नैतिक मूल्य (एक पक्षको वा दुवै पक्षको)-मा विचलन देखा पर्दा, (ग) संरचनागत (बनोट) समस्या र (घ) सम्बन्ध निार्माणको अनुशासन नमान्दा हुने गर्छ। सबैभन्दा गाह्रो विषय कसरी टुटेको विश्वासको पुनर्निर्माण गर्ने भन्ने नै हो। अरू त कालक्रममा सच्चिँदै पनि जाला। लोग्नेस्वास्नीको सम्बन्धको कोमल संरचना असुरक्षा, छोराछोरीको भविष्य, लोग्ने वा स्वास्नी बरालिएको अवस्था, घरव्यवहार र स्रोतसाधनको साझा स्वामित्वजस्ता विषयहरूले बनेको हुन्छ। नजिकका कुरा लाउने र त्यस्ता कुरा पत्याएर साझेदारसँग सम्बन्धको निष्कर्षमा पुग्ने चरित्रले सम्बन्धमा धाँजा फाटेको देखिन्छ।

सम्बन्धको सीमा व्याख्यारहित वा पूर्वनिर्धारित नहुँदा यतिसम्म त उसले नगर्नुपर्नेजस्तो लाग्यो भने अर्को पक्षले चित्त दुखाउँछ। सम्बन्ध विकास हुँदै जाँदा यसका सीमाहरू पनि निर्माण हुँदै गए भने सम्बन्धको सुदृढीकरण हुँदै जान्छ। कहिलेकाहीँ खटपट हुँदा 'वास्तविक कारण' के हो भन्ने थाहा हुन सक्यो भने कमसेकम 'असहमत हुने सहमति' (Agree to Disagree) गर्न सकिन्छ र समयक्रममा या त बिर्सिंदै जान्छ वा सच्याउने मौका मिल्छ। सम्बन्ध विकासको मूल सूत्र सम्झौता हो। सम्झौता गर्दा मैले गुमाएँ, उसले बढी पायो भन्ने सोच्नुभन्दा हामीले जित्यौँ भन्ने सोच्यो भने पटकपटक सम्झौता गर्दा पनि आत्मसम्मानमा ठेस लागेजस्तो हुँदैन। सम्बन्धमा सानो खटपटीलाई पनि सुल्झाउनपट्टि लाग्यो भने त्यसले ठूलो आकार ग्रहण गर्दैन, नत्र पछि त्यही सम्बन्ध विकासको बाधक हुन्छ।


साथीभाइसँगको सम्बन्ध विकासको बाधक 'व्यक्तित्वको टकराव' र 'नकारात्मक भावना र सञ्चार' नै देखिन्छन्। ईर्ष्याको कारणले चिसिन थालेको सम्बन्धको भुइँ अरू स्वार्थीले टकटक्याउन थाल्छन्। यसरी बुङबुङ्ती उडेको धूलो सफा गर्ने समझदारी र सामर्थ्य भएन भने त्यस्तो सम्बन्ध कहिल्यै सुध्रिँदैन।

सम्बन्धमा चरित्र, आयाम र यसको संस्कृतिअनुरूपको विकासलाई अध्ययन गर्दा म के निष्कर्षमा पुगेको छु भने जुनसुकै सम्बन्धमा म्याद गुज्रने समय (Expiry Date) हुने रहेछ, तर त्यो मिति भने सम्बन्ध निर्माणको कुनै पक्षले राख्ने रहेछ। आमाबालाई घर हुँदै वृद्धाश्रममा राख्नु र जीवित छँदा सम्पत्तिमा आँखा गाड्नु र बखेडा झिक्नुले आमाबाको सम्बन्ध पनि चिरस्थायी नभएको देखिन्छ। लोग्नेस्वास्नीको सम्बन्धमा पनि बिहेपछिको बहकाइ र विश्वास (Fidelity)-को कारणले चाहेको बेला मिति राख्ने म्यादी सम्बन्धजस्तो लाग्छ। अन्य नातागोता र साथीभाइको सम्बन्ध पनि स्थायी देखिँदैन। त्यसो भए के सम्बन्धहरू अस्थायी नै हुन्छन् त? त्यसो पनि होइन। केही सम्बन्धहरू स्थायी पनि हुन्छन्। समझदारी, सहिष्णुता र आपसी संवादबाट विकास भएका सम्बन्धहरू दिगो हुन्छन् चाहे ती नातागोताका हुन् वा नातागोताबाहिरका।

■

डा. हरिप्रसाद मानसाग्नि

# चैतन्य बोध



शब्दबाट नि:शब्दको यात्रा, विचारबाट निर्विचारको यात्रा, शास्त्रबाट स्वको यात्रा नै त चैतन्य बोध रहेछ। सत्यबोध, आत्मबोध ब्रह्मबोध अभिव्यक्तिका सरल सूचना रहेछन्। शास्त्र सम्झनामा रहिरह्यो, कण्ठस्थ भयो। सम्झने कलाले अहङ्कारको हुँकार गर्दो रहेछ। प्रमाणपत्र मिल्दछ, नोकरी मिल्दछ, समाजमा सम्मान मिल्छ, धनदौलत र गिनिज बुकको विश्व रेकर्ड मिल्छ; तर सत्यको बोध मिल्न सक्दो रहेनछ। सत्यको बोध त सूचना र स्मृतिभन्दा पारि रहेछ जसलाई छाडेर पारि नगएसम्म उपलब्ध हुने रहेनछ। सम्पूर्ण सम्झना या स्मृतिको विसर्जन गरेर अमन-अविचारको लोकमा प्रवेश गरेपछि आफ्नो मूल स्वरूप सत्यको प्रकाशमा छर्लङ्ग हुँदो रहेछ। सायद यसैलाई सन्तहरू परमात्माको पूजा र जीवनको आनन्द उत्सव भन्दा रहेछन्।

ध्यान विचारबाट निर्विचारको यात्रा रहेछ। मनबाट अमनको सहज यात्रा रहेछ। विभिन्न साधना र जीवनशैलीको जगमाथि बनेको बाटोमा धारणा, ध्यान र समाधिका तीन पाइला हिँडेपछि योगको मूल प्रवेशद्वार भेटिने रहेछ। २४ घण्टामा केवल पाँच मिनेट मात्र पनि पूर्ण निर्विचारको अवस्था आयो भने जीवनको सुगन्ध र सौन्दर्य देखिने रहेछ। यस घटनापछि ध्यानात्मक आसनमा पलेटी कसेर बसिरहनु या ऊर्जास्थलको खोजीमा भौँतारिनुपर्ने रहेनछ। बाहिर श्रम, भित्र शून्य सँगसँगै घटित हुन सक्दो रहेछ। 'शारीरिक रूपमा गृहस्थ, मानसिक रूपमा सन्न्यास' हामी बाँचेको युगको धर्म रहेछ। सन्न्यास र संसार एउटै सिक्काका दुई पाटा रहेछन्। यात्राका सुरुवाती दिनहरूमा कोसेढुङ्गा र चौताराहरूमा दिनमा दुईचार पटक ११ या २१ मिनेट श्रममुक्त, क्रियामुक्त शून्यको सहचर हुँदै निर्विचारको यात्री बन्नुपर्दो रहेछ। विचारमुक्त हुनु सबैभन्दा कठिन काम रहेछ; त्यसमा पनि कार्यस्थलको सक्रियताबाट सोझै निर्विचारमा प्रवेश कठिन त छ, असम्भव भने रहेनछ। स्नान, खाना, व्यापार जहीँतहीँ बाहिर गतिशीलताभित्र स्थिरताको जीवन पद्धति नै त सर्वस्व रहेछ। शरीर चलिरह्यो र मन चलेन भने स्वास्थ्य खोज्न चिकित्सककहाँ एवम् अध्यात्म खोज्न गुफा र जङ्गलमा भौँतारिनुपर्ने रहेनछ। चित्त चैतन्य बन्दो रहेछ। बाहिर र भित्रको नाद-अनहद सम्यक् सुन्न सक्दो रहेछ। तब ऊ सङ्गीतज्ञबाट उठेर स्वयम् सङ्गीत बन्दो रहेछ। जगत्को महानृत्यबीच नै जीवनको सर्वोच्चता प्राप्त गर्न सकिने रहेछ। नर्तक नाचिरहन्छ, नृत्य स्थिर त्यही आनन्दमा फूल

बर्सिने रहेछन्। मागेर होइन, जागेर जीवनलाई आनन्दले भर्न सकिने रहेछ। पूर्ण शान्त र जागरणमा रमाएको मनले गरेका हरेक काम ध्यान बन्दा रहेछन्। मानिसले आफूलाई भुल्नुलाई आनन्द मानिरहेछ र उपायको खोज र प्राप्तिमा नसालु जीवन ओइलाएको देखिन्छ। म को हुँ भन्ने प्रश्नले मात्र पनि भयभीत देखिन्छ। आफूलाई, आफ्नो मूल उद्‌गम या स्रोतलाई सम्झने प्रयासमात्रमा पनि तर्सन्छ, डराउँछ। होसमा आत्तिन्छ, बेहोसीमा मात्तिन्छ। बेहोसीमै मजा देख्ने शिक्षाले यथार्थ जीवन नमजा भएको देखिन्छ। लतको नसा या बोतलको नसा, कामको नसा या नामको नसा, धनको नसा या मनको नसा कुनै न कुनै नसामा लट्ठिएर स्वयम्‌लाई भुल्न चाहँदो रहेछ। मनचित्त सबै अवस्थामा समत्वबोधमा रह्यो भने जीवन सार्थक हुँदो रहेछ। सर्वाङ्गीण र सार्वभौम जागरण नै त मानिसको गन्तव्य रहेछ। जागरणको प्रविधिबाट शून्यताको परिणाममा नै त वसन्त सन्त हुँदो रहेछ।

अरूको अनुभव, अरूको शब्द संयोजन, अरूले लेखेको पुस्तकबाट जगत्‌को संवृद्धि सम्भव होला, तर जीवनको सुन्दरता र सौभाग्य प्राप्त नहुने रहेछ। सुविधा मिल्न सक्ला, तर आनन्द मिल्ने रहेनछ। जन्मजात अन्धो (नेत्रदृष्टिहीन)-लाई बत्ती बालेर बाटो देखाउनु सेवा होइन। उसलाई त आँखाको उपचारको जरुरत छ, प्रकाशको होइन। आँखाको उपचारपछि त ऊ स्वयम् प्रकाशको खोजीमा निस्कँदो रहेछ। साधनाद्वारा अनुभव र अनुभूति छैन भने पवित्र कथा पनि घातक व्यथा बन्दो रहेछ। श्रीमद्भगवद्‌गीताको अठारौँ अध्याय कण्ठस्थ भए पनि एक लाइन जीवनको सन्देश बन्न सकेको छैन भने त्यो यात्रा निरर्थक रहेछ। गीता साधनाद्वारा अनुभव र अनुभूति छैन भने मनमोहक प्रवचन गरेर गीता र श्रीकृष्णलाई जान्नेँ भन्नु आफूले आफैलाई ठग्नु रहेछ। आफ्नै स्वरूपको हिंसा गर्नु रहेछ। नाटकालयको अभिनयबाट घर फर्किनु नै त अध्यात्म रहेछ।

योगका जति मूल ग्रन्थ छन् ती प्रारम्भिक साधकका लागि रहेनछन्। योग सिद्धिसम्मका लागि रहेछन्। साधक जब सिद्धिको चरणमा यात्रा गर्छ तब ग्रन्थले सङ्केत गर्दा रहेछन्– अघिल्लो पुस्ताका योगीले-सिद्धले प्रमाणित गरेको सत्पथ साधनाबाट सिद्धिसम्मको यात्रामा कोसेढुङ्गाको रूप प्राप्त गरेको अनुभव एवम् अनुभूतिलाई योगीले समाज र समयले बुझ्ने नाम दिएको देखिन्छ।

आदिकालदेखि योगी, ऋषि, सन्त, पैगम्बर, अवतार सबैको सन्देश एकै रहेछ मानव जातिलाई– 'मलाई हेरेर या पूजा गरेर अलमलिई नबस, जाग, तिमी स्वयम् मजत्तिकै बन्न सक्छौ। तिमीभित्र सम्भावना र अधिकार दुवै छ।'

पूजाप्रार्थना तब सार्थक हुँदो रहेछ जब त्यो क्षण पूर्ण होस हुन्छ, सम्पूर्ण जागरण हुन्छ। होसको अर्थ आफूभित्रको विराट् खोज रहेछ। योगको कुटोकोदालो बोकेर

आफ्नो अन्तरको उत्खनन र प्राप्त ऐश्वर्यले नै त ईश्वर बनिने रहेछ। एकएक पाइला आफ्नो खोजमा हिँडेको यात्राको नाम नै त तीर्थयात्रा रहेछ। पवित्र ग्रन्थ बुझ्नुभन्दा पहिले आफूलाई बुझ्नु जरुरी रहेछ। आफूलाई नबुझी ग्रन्थ बुझ्नै सकिँदो रहेनछ। अन्तरको गीत नबुझी बाहिरको गीता बुझिँदो रहेनछ। बोध उपलब्ध भएपछि वेद देखिँदो रहेछ। हृदयमा प्रार्थना गुञ्जायमान नभई कुरान र बाइबल नबुझिने रहेछ। बाहिरी बुझाइ त टेप रेकर्डले सुनेको सुनाएजस्तै र क्यामेराले देखेको देखाएजस्तै यान्त्रिक रहेछ। जाग्दैनन् यन्त्रहरू, पुग्दैनन् मूलमा। सम्पूर्ण धर्मग्रन्थ दिव्य छन्, तर अन्तर्यात्रा नगरेका अनुवादक, प्रवचक र व्याख्याताका कारण कोइला रूपान्तरण भएर हिरा हुनुपर्ने। दुर्भाग्य! मानवबाट हिरा कोइलाको यात्रामा बढेको देखिन्छ।

धर्म पहिले जन्म्यो र धर्मग्रन्थ पछि, त्यसैले त प्रिय रहेछ धर्म। धर्मग्रन्थभन्दा धर्म जीवन स्रोतबाट आएको रहेछ भने धर्मग्रन्थ शब्द स्रोतबाट। धर्म मौनको प्रवचन रहेछ। विश्वमा धर्म एउटै रहेछ।

धर्मग्रन्थ र सम्प्रदाय सयौँ। अतिमानवीय चेतना हृदयसँग सहवास भएपछि धर्म जन्मिँदो रहेछ। सामाजिक चेतना मास्तिष्कसँग सहवास भएपछि ग्रन्थ र सम्प्रदाय जन्मिने रहेछ। महावीर, बुद्ध, जिसस क्राइस्ट, मुहम्मद, नानक, कबिर र अनेकौँ सन्तले कुनै ग्रन्थ पढेर अध्यात्मको शिखर छोएका रहेनछन्। ग्रन्थ घोकेर, प्रवचन सुनेर, पूजापाठमा तल्लीन भएर चैतन्य बोधको शिखर छोएको देखिन्न। आफैलाई पढेर, आफ्नो सर्वोच्चतालाई पढेर अनादि सत्तालाई बोध गरेको देखिन्छ। शब्दबाट शब्दातीतमा, होहल्लाबाट मौनमा, बहुकान्तबाट एकान्तमा, भोगलतबाट योगलतमा गएर आफ्नो मूल उद्‌गम उपलब्ध गरेको देखिन्छ।

ग्रन्थ लिएर कुनै योगी, ऋषि साधनाका लागि गुफा, जङ्गल पसेको देखिन्न। ज्ञान र अज्ञानलाई, भोग र त्यागलाई छाडेर शान्त-एकान्त प्रतीक्षा गरेको देखिन्छ। मौन स्वीकृतिमा परमको प्रसादलाई, घटघटको घटनालाई साक्षी बनेर हेरे तब त जीव, जीवन र जगत्मा अनादि सत्ताको सम्पूर्ण रहस्य देख्न सके; पाला, बाती र तेलबिनै सनातन प्रकाश बने। लोकको आलोक बने, परलोकको साक्षी बने। सौन्दर्यको आकाश बने, सुगन्धको बतास बने, पृथ्वीको अमृत बने।

जीवनमा यति पनि थाह भएन कि म को हुँ? यो जीवनको मूल्य र अर्थ के रह्यो? बोधका बोधिवृक्षहरू यसै भन्छन्। हामी जीवनलाई अमूल्य भन्छौँ। जीवनको सनातन मूल्य थाहै नपाई अमूल्य कसरी भन्न सकिन्छ र? आफूलाई नचिनी मर्ने जीवन त अर्थपूर्ण रहेनछ, अनर्थको बेहोसी मात्र रहेछ। यो नै साँचो अर्थमा आत्महत्या रहेछ। जसलाई समाज आत्महत्या मान्छ त्यो त केवल शरीरहत्या मात्र रहेछ। झुन्डिएर, विष

खाएर, नदीमा फाल हालेर त केवल शरीरलाई भत्काएको मात्र देखियो। रसायन र यन्त्र मात्र चिन्ने वैज्ञानिक एवम् ग्रन्थ र पूजा मात्र चिन्ने ज्ञानी या पण्डित पनि त आफ्नो परम सत्यलाई नचिनेर जीवित रूपमै आत्महत्याको स्वरूपमा देखियो। जुन दिन 'म को हुँ?' महाप्रश्नले उत्तर पाउँछ त्यही दिन त आत्मा आफ्नो मूल घर फर्किंदो रहेछ सदाका लागि। त्यही प्रथम र अन्तिम प्रश्न एवम् प्रथम र अन्तिम मुक्ति बन्दो रहेछ।

श्वासप्रश्वास चलिरहेछ, शरीर हिँडिरहेछ, इन्द्रियहरू भोजमा मस्त छन्। मन चौबीसै घण्टा पसिना बगाइरहेछ। प्रत्येक मानिस जिएको छ, तर जिउनुको बोध देखिन्न। जीवनसँग भेटघाट छैन, आफूसँग चिनजान छैन। जन्म, जीवन र मृत्यु किन नाचिरहेछन् महानृत्य बनेर? जन्मनेवाला को थियो? आज जीवन को जिइरहेछ? भोलि को मर्छ? किन जन्म, जीवन र मृत्युबीच रूप, स्वरूप र अरूपको नृत्य चलिरहेछ? प्रश्नमाथि प्रश्न निरुत्तर देखिन्छ। निरन्तर मानिस सुखको स्वाङमा देखिन्छ। आफूलाई नचिनेको जीवन र जीवनवृत्तिमा त केवल अशान्ति, भय, क्रोध र हिंसा त आउने रहेछ। आफूलाई चिनेपछि त्यही स्वबोधको उर्वरक र उर्वरतामै त अहिंसा, प्रेम, शान्ति, करुणा अङ्कुरित र पल्लवित एवम् पुष्पित हुँदा रहेछन्।

शब्द चातुर्य या शब्द स्मृति ज्ञान होइन रहेछ। शब्दभन्दा पारि निःशब्दमा पुगेपछि ज्ञान अवतरित हुँदो रहेछ। शब्द ज्ञानको सूचना रहेछ, ज्ञान रहेनछ। शब्द संयोजनलाई कण्ठस्थ बनाएर हामीले आफू ज्ञानी भएको मानेका रहेछौँ। जान्नुबाट हराएर मान्नु नै त अज्ञानको मूल रहेछ। अनादि सत्ताको अन्तहीन विस्तार पूर्ण सत्यको भूमिमा पुगेपछि देखिँदो रहेछ। शब्दहरूले बिदा लिएपछि मन अमन हुँदो रहेछ। मौनको गीत गाउँदै मूल घरमा स्थिर नृत्य गर्दो रहेछ। शास्त्र कण्ठ सुनाउने, शास्त्रार्थको खेलमा हारजितको प्रमाणपत्र बोकेर अध्यात्मको भूमिमा पुग्न सकिने रहेछ। शब्द खेलबाट बिदा लिएर सनातन मौन मुखिया बनेपछि अध्यात्मको मूल धारमा बजेको स्वागत गानको सुसेली सुनिँदो रहेछ। निःशब्दको महोत्सवमा, मौनको गीतमा नाचेको नवयौवना सन्त-वसन्त बन्दो रहेछ।

भाषा र सूचनाले समाज जोडिँदो रहेछ। मौनले आफू आफ्नो मूल स्रोतसँग जोडिँदो रहेछ। स्वर्ग जाने कल्पनामा धरती नरक बन्दै छ। हजारौँ सम्प्रदायको निर्माण र आपसको लडाइँले धरती पटकपटक रगतले नुहाउन बाध्य छ। विश्वमा सबैभन्दा बढी युद्ध धर्मसम्प्रदायको नाममा लडेको मानिसले स्वधर्मको प्राण चुसेको देखिन्छ। स्वर्ग त मूल्यवान् छैन जहाँ पुगेर अमूल्य भेट्न सकियोस्। होसको जागरणमा जहाँ बस्यो त्यहीँ स्वर्ग बन्दो रहेछ। चैतन्य बोधको सुर भएकाले जहाँ टेक्छ त्यहाँ फूल बर्सिंदो रहेछ। चैतन्य बोधको सुर नभेटेका असुरहरूले स्वर्गप्राप्तिको लोभ र अहङ्कारमा धरतीलाई नरक बनाउँदा रहेछन्।

धर्मले स्वधर्मतर्फ, अध्यात्मतर्फ यात्रा गर्नुपर्ने तर सम्प्रदायतर्फ बढिरहेको देखिन्छ। आज मानिसमा प्रेम, शान्ति, करुणा, अहिंसा आदि सार्वभौम महाव्रत या आध्यात्मिक जीवनशैलीको शब्द, शब्दार्थ र व्याख्या मात्र बाँचेको देखिन्छ। जीवनशैली अध्यात्मको सन्देश बन्न सकेको देखिन्न। अध्यात्मको जीवनोपयोगी शिक्षा प्राथमिक र अन्य विद्यालयले चिन्दैनन्। मृत्यु र मृत्युपछिको भयबाट आक्रान्त बुढेसकालको बुद्धिविलासमात्र बनेको देखिन्छ। सार्वभौम सनातन अध्यात्मबाट मानिस टाढा जाँदै गरेको देखिन्छ। बोध बुलन्दी बन्न सकेको देखिन्न। अध्यात्मको शिक्षा र जीवनशैली जन्म, जवानी र जीवनको अभिन्न स्रोत देखिन्छ। बच्चा आध्यात्मिक भएन भने जवान आध्यात्मिक बन्दो रहेनछ। जवान आध्यात्मिक भएन भने वृद्ध आध्यात्मिक हुने सम्भावना नै देखिन्न। बुढ्यौलीको आध्यात्मिक रूप केवल मृत्युपछिको डरको अभिव्यक्ति रहेछ, सर्वस्वको उत्सव रहेनछ। वृद्धत्वमा घरले परपर धकेलेपछि या काम नपाएर मन बहलिन्छ कि भनी भजन-कीर्तन-प्रवचनमा जाने हूल ठूलो देखिन्छ। मृत्यु र नरकको डरले आध्यात्मिक रूप बनाउला, तर आध्यात्मिक स्वरूप बन्न सक्दो रहेनछ। अध्यात्म अभिनय होइन रहेछ। चैतन्य बोधबाट प्राप्त प्रार्थना र प्रसाद रहेछ। अधार्मिक जगमा धार्मिक भवन बन्न सक्दो रहेनछ। बाल्यकाल र जवानी अधार्मिक भएर बुढेसकाल धार्मिक बनेको देखिएन। बाल्यकालमा अध्यात्मको बीजारोपण भयो भने जवानीमा विशाल वृक्ष बन्दो रहेछ र वृद्धत्वमा फूल, फल र बीजले उत्सवमय बन्दो रहेछ। चैतन्य बोधले स्वधर्मको अनादि नृत्य उत्सव गर्दो रहेछ। स्वधर्मको, अध्यात्मको बालशिक्षा आजका गुरुकुल, मदरसा, इसाकुल (स्कुल)-ले दिनै सक्दैनन्। सम्प्रदायका विषाक्त बीजहरू बालमस्तिष्कमा छरिरहेको भने देखिन्छ। स्वधर्मको शिक्षा चिकित्सा, कृषि, गणित, विज्ञानजस्तै सार्वभौम र विराट् रूपमा पढाउनुपर्ने देखिन्छ। स्वधर्म या अध्यात्मको शिक्षा सम्प्रदाय, जाति, रूपरङ्ग, कृति-संस्कृति र भूगोलको घेराबाट मुक्त हरेक मानव हृदयमा पढाउनुपर्ने देखिन्छ। चैतन्य बोध हरेक मानिसको सर्वोच्च शिक्षा बन्नुपर्ने रहेछ।

आफूलाई नजान्ने मानिसले विराट् जीवनलाई कसरी जान्दछ? जान्नै सक्दो रहेनछ। सबैभन्दा नजिकको स्वयम्लाई चिन्न नसक्ने र क्षणप्रतिक्षण स्वयम्मा भएका घटनाबाट बेखबरले दिएको विश्वस्तरीय व्याख्यान बुद्धिविलासको भोगभन्दा माथि उठ्न सक्दो रहेनछ। प्रमाणपत्रले जगद्गुरु त बनाउला तर जगत् रूपान्तरणको सम्भावना सम्बोधिमा पुग्न सक्दो रहेनछ। त्यसैले त मानिस जीवन सङ्घर्ष हो भन्छ र हिंसामा जान्छ। सङ्घर्ष र हिंसा अभिन्न रहेछन्। जीवन दुःख हो भन्छ र निराशामा जान्छ। जीवनको सर्वोच्च बोध त स्वयम्लाई जानेपछि प्राप्त हुने विराट् सम्पदाको उपहार रहेछ। कुनै मानिसले

आफूलाई चिन्दैन, आफ्नो सम्पदा र सम्भावनालाई चिन्दैन, चिन्ने प्रयास गर्दैन भने त्यो त नितान्त उसैको दोष रहेछ। आफ्नो होस गुमाएर अरूमाथि दोष थुपारी पानीभित्र ओभानो देखिँदो रहेनछ। मानिस र उसको जीवन सार्थक उपलब्धि रहेछ, निरर्थक गनगनमा गुमाउन मिल्ने रहेनछ। शरीर, विश्व र अनादि सत्ताबीचको अन्तःसम्बन्धलाई अनुभूति र उपयोग गर्दैन भने त्यो नितान्त उसकै दोष रहेछ।

योग साधना पूर्णतातर्फ जाँदै छ कि छैन भन्ने जाँच आफैले आफैलाई गर्न सकिँदो रहेछ। क्रोधको ठाउँमा क्षमा, घृणाको ठाउँमा प्रेम, हिंसाको ठाउँमा अहिंसा, चोरीको ठाउँमा अचोरी, भयको ठाउँमा अभय, भोगको ठाउँमा योग बढ्दै गयो भने साधना पूर्णतातर्फ यात्रा गरिरहेको बोध हुँदो रहेछ। औँसीको अँधेरी रातमा पनि पूर्णिमा अवतरित हुँदो रहेछ। तब श्वासप्रश्वास, भोक-भोजन, सुत्नु-जाग्नु र सम्पूर्ण लोकसम्बन्ध निष्काम कर्मयोग बन्दो रहेछ। अनादि सत्ताको चैतन्य बोध भएपछि फूल र काँडा, गाई र कुकुर, स्त्री र पुरुष या अन्य अनेकौँ सम्बन्ध भेद र भित्ताहरू भत्किँदा रहेछन्। विराट् विश्व र विश्वात्मा कणकणमा देखिँदो रहेछ। योग साधनाले आफूसँग आफ्नो यथार्थ परिचय गराउँदो रहेछ। योग भनेको केवल आसनको शासन होइन रहेछ। हजारौँ साधनाका गोरेटाहरू मिलेर बनेको राजमार्ग रहेछ। अनेकतामा एकताको पैताला रहेछ। आफूलाई आफैले नचिनेको मानिसले विश्व र विश्वात्माको विराट् कलालाई चिन्न सक्दो रहेनछ। त्यसैले त भेदको पर्खाल लगाएर ऊ स्वयम् त्यही पर्खालभित्र थुनिँदो रहेछ। पुरिँदो रहेछ मध्यरातमा आएको पहिरोमा ठूलो गाउँ पुरिएजस्तै।

शब्द मानव जीवनको ठूलो हिस्सा बन्यो केन्द्रस्थ मूल मानव चिन्नै नसक्ने गरी। केन्द्रस्थ सनातन धर्म अर्थात् स्वधर्म नदेख्ने आँखाले बोधिवृक्ष काटिरहेको देखियो। ‘अहं ब्रह्मास्मि’ कण्ठ पारेर कण्ठी त लगायो, ब्रह्ममिलनको निःशब्द अनुभूतिको विभूति देखिएन। शब्द त शब्द नै हो– एउटा शब्दले क्रोध जगाउँछ, अर्को शब्दले प्रेम। एउटा शब्दले दुःखी बनाउँछ र आँखा शीत बन्छन्, अर्को शब्दले सुखी बनाउँछ र अनुहार उत्सव मनाउँछ। मानिस शब्दमै उठ्ने, हिँड्ने, काम गर्ने, सुत्ने गर्दो रहेछ। शब्दको आभूषणभित्र निःशब्द चैतन्य बोध ढाकिएको रहेछ। मानव जीवन शब्द सम्पदामा रमाइरहेछ बाहिर र भित्र शब्दको भीड, शरीर शब्दको खेलमा, मन शब्दको जालझेलमा। शिक्षा शब्द र प्रतिस्पर्धाको सडक नाटक। परिवार शब्दको मेल शब्दकै भेल। शब्दमै नामी, शब्दमै सुनामी। शब्द ब्रह्म भन्न जानेर के भयो र? निःशब्द आँखैअगाडिबाट ब्रह्म हराएको नदेखेपछि।

मानिस वासनाको वास भइरहेछ। अर्थहीन कविता भइरहेछ। जीवन त सार्थकता, आनन्द र अहोभावको महाकाव्य रहेछ। मानिस किन जीवनको सौन्दर्य देख्दैन? जीव,

जीवन र जगत्को मौसम चिन्दैन र चिन्दैन आफू स्वयम्लाई। स्वयम्लाई भुलेर या स्वयम्को सत्यबाट भागेर लुक्ने गुफा रहेनछ र पनि प्रयत्न गरिरहेछ मानिस। सुरा होस् या सौन्दर्य, भजन होस् या प्रार्थना स्वयम्लाई भुलेर रमाउने पूजाका सर्जाम जोडिरहेछ मानिस। विश्वका करोडौँ जीवजगत्मा मानिस मात्र आफ्नो चैतन्य बोधबाट टाढा पुग्न र छरपस्ट हराउन जाँडरक्सी, चुरोटतमाखू, गाँजाभाङदेखि सयौँ बेहोसीका बजार खोजिरहेछ। मानिस मात्र एउटा त्यस्तो जीव हो– विश्व ब्रह्माण्डमा स्वजातिलाई मार्न नजाती बाटो रोज्छ। बारुदमा वसन्त खोज्छ, सम्पत्ति विपत्ति भित्र्याउन खर्च गर्छ। आफूभित्रको सगरमाथा देख्दैन र भूगोलको चुचुरो चुम्छ। मस्तिष्कको पूर्णिमा चिन्दैन र चन्द्रयानमा चाँदनी खोजिरहेछ। जितको अहङ्कारमा प्रीतको गीत सुन्दैन। धनको धूवाँमा जीवनको नृत्य देख्दैन। पसलको पालुवामा परिवारको बीज देख्दैन। मानिस किन महानेत्रबाट त्रिकाल देख्दैन र बारुदको थुप्रामाथि बसेर सलाई कोर्छ।

दुर्गन्धित हिलोको बीचमा सुगन्ध छरेको कमल। पीडाको बीचमा मुस्कुराएको आनन्द। पार्थिवको बीचमा नाचेको अपार्थिव, शब्दजालको बीचमा नि:शब्द गीत। सीमारेखाबीच झाँगिएको अहिंसक असीम। साधनाको चैतन्य बोधबाट प्रकट जीवनज्योतिले सूर्यलाई प्रकाश दिएर रमाएको देखियो। जीवनको सौन्दर्य प्रेम, शान्ति र करुणाको आभूषणले मनमोहक हुँदो रहेछ। आस्था र विश्वासको लडाइँबाट उठेर हतियारले, आगोको बीचबाट उठेर बारुदले आफ्नै सर्जकलाई भन्दै छन् आफ्नो मूल घर फर्क। पाला, तेल र बाती एउटै आँगनमा दीपावलीको अँगालोमा नाचेको देखियो।

शब्द र व्याकरणभन्दा माथि काव्यको ललित सुगन्ध र लालित्य। खनिज रसायनभन्दा माथि फूलको महादर्शन। हाडमासु र जैव रसायनभन्दा माथि अनादि गीत। रङ्ग र क्यानभासभन्दा माथि चित्तको चैतन्य। मिलनका मदानीहरूले मोल फिटेर अनमोल मक्खन (नौनी) निकालेको देखियो।

जीवन त न दु:खको केन्द्र रहेछ न त सङ्घर्षकै, यो त आनन्दको केन्द्र पो रहेछ। अबुझ पहेली बुझ्न नसक्नेहरू जीवनलाई कुरूप स्पर्शले छुँदा रहेछन्। जीवनको सर्वोच्चतालाई बुझ्न त आनन्दमा नाचेको हृदय चाहिँदो रहेछ। सङ्गीतमय श्वासप्रश्वास र गीतमा मग्न चित्त चाहिँदो रहेछ। सुख खोज्नेहरूका लागि सुखका अतिरिक्त अर्को बाटो रहेनछ सुखसम्म पुग्न। आनन्दमा नाचेको हृदयले मात्र आनन्दमा पुग्ने बाटो देखाउन सक्दो रहेछ। बाटो, गोरेटो या घोरेटो भएर यात्रा सकसपूर्ण हुने रहेनछ चेत र चिन्तन राजमार्ग भयो भने।

चैतन्य बोधद्वारा आनन्दको स्थितिमा ढुङ्गामा पनि भगवान् देखिँदो रहेछ। अकारण आनन्दबाहेक अर्को साधना र सिद्धि रहेनछ अनादि सत्तासम्म पुग्न। क्रोध र

हिंसाको स्थितिमा प्रकृतिको कृतिमा पनि कुरूपता देखिँदो रहेछ। पवित्र मन्दिरमा रगत चढाएर मानिस आफ्नो अपवित्र जीवनको सूचना दिँदो रहेछ। ऊभित्र आनन्द परमको यात्रामा भएको भए परमानन्द चढाएर पवित्र मन्दिरको शिखर चुम्ने रहेछ। क्रोध नै त हिंसाको जननी रहेछ। आफूभित्रको दु:खको विस्तारले नै त अरूलाई दु:खी देखेर या बनाएर रमाउँदो रहेछ। आफ्नो हृदयलाई हत्या गरेपछि जगत्का सबै कुराको हत्या गर्न सक्दो रहेछ। हामी बाहिर त्यही गर्दा रहेछौँ, हामीभित्र जस्तो संसार छ। बाहिर त्यही खोज्छौँ जुनभित्र सलबलाइरहेको हुन्छ। दु:खी मानिस संसारलाई दु:खी बनाएर या दु:खी देखेर रमाउँदो रहेछ। दु:खलाई आफ्नो केन्द्रबाट विश्व ब्रह्माण्डको क्षितिजसम्म छितर्दो रहेछ।

विश्वका सम्पूर्ण भगवान्, अवतार परमपिता आदि सन्देशवाहक रहेछन् अनादि सत्ताको। योगी, ऋषि, सन्त सहजकर्ता रहेछन् सर्वाङ्गीण सर्वोदयी जीवनगीतका। मानव जीवनको सर्वोच्च अनुभूति र उत्सवका लागि पृथ्वीमा भेला भएका तीर्थालु रहेछौँ हामी। तीर्थमा लडेर के मिल्छ निको नहुने घाउबाहेक? नेपाली संस्कृति र समाज मीत र सैना लगाएर प्रेम र परिवारको फूल रोप्छ। दायाँ र बायाँ हत्केला र औँलाहरू आपसमा मिलेपछि मस्तिष्क हृदयमा ओर्लिंदो रहेछ, त्यसैले त नमस्कार जीवजगत्को अभिनन्दन गर्दो रहेछ। निसाना देखाउन र बन्दुकको ट्रिगर दबाउन त चोर औँलाको चोरी नै यथेष्ट रहेछ। विवाह मात्र गर्न त साहिँली औँलो काफी छ, छद्म सहमति बूढी औँलो एक्लै बुढ्यौली देखाउँछ। विजयको बेहोसी हुङ्कारका लागि चोर-माझीको खासखुस भए पुग्छ, चुट्की बजाएर फुर्ती देखाउन बूढी र माझी चट्किए भइहाल्छ। विनम्रतामा विशाल हुन सबै मिलेर नमस्कारको संस्कार बनाउनुपर्ने रहेछ। विश्व उत्सवको आदिकालदेखि आजसम्म हजारौँ यन्त्रले सङ्गीत भरे पनि चैतन्य बोधको तालीबिना सबै शून्य लाग्दो रहेछ, सुनौलो सङ्गीत पनि। दुवै हातको तालीमा जीवनको ताल रहेछ। एक हात त केवल हिंसाको झापड या श्रापको धारे हातमा रमाउँदो रहेछ।

एक अर्को देश लडेजस्तै अन्तरिक्षका तारा र ग्रह लडे भने, एकअर्को धर्मसम्प्रदाय लडेजस्तै पञ्चतत्त्व लडे भने, एकअर्को जाति लडेजस्तै शरीरका प्रणालीहरू लडे भने, स्त्री र पुरुषजस्तै शिरा र धमनी लडे भने, कालागोरा एवम् आर्य-मङ्गोलजस्तै शरीरका अङ्ग लडे भने। के विवेकहीन बन्धनबाट मुक्त हुनु मुक्तिको प्रारम्भ होइन र? होसमा निदाउनु र जोसमा जाग्नु अध्यात्म होइन र? हातको हतकडी फुकाएर क्रान्तिगीत गाउँदैमा मनमुक्त भएर उत्क्रान्ति उत्सव मनाउने रहेनछ। अनेकतामा एकता नै त अद्वैत आनन्द रहेछ। परतन्त्रताबीचको विराट् बन्धुत्व नै त स्वतन्त्रताको बीज रहेछ।

प्रश्नप्रतिप्रश्न र रहस्यको सहज उत्तर खोज्न सक्ने सामर्थ्य पाएको मानिस किन तयारी उत्तरको जङ्क फुडमा जङ्की बनिरहेछ। मरेकोलाई बचाउने सामर्थ्य पाएको

मानिस किन आफ्नै स्वजातीय मानिसदेखि जीवजन्तु, चराचुरुङ्गीसम्म मार्ने अभ्यासमा सबैभन्दा बढी समय र सम्पत्ति खर्च गरिरहेको छ। तारामण्डललाई प्रकाश दिएर औँसीको रातमा पनि ज्योतिर्मय भएर जाग्न सक्ने मानिस किन मध्यदिउसो झ्यालढोका थुनेर टुकी खोजिरहेछ?

मनको फिल्म हेरेर जागरणको रमाइलोमा स्थिर तीन फन्को (सृष्टि, स्थिति र संहार) नाच्न सक्ने मानिस निमेषनिमेष हाँसो र रोदनको खेल खेलिरहेको देखिन्छ। आँखाबाट पनि हाँस्नुपर्ने मानिस दाँतबाट पनि आँसु बगाइरहेको देखिन्छ। शरीर, मन र चेतनामा भाइरल हुनुपर्ने मानिस किन फेसबुक र टिकटकमा मात्र भाइरल भइरहेछ। मनको जालबाट चेतनाको सञ्जालमा प्रक्षेपण गर्नुपर्ने मानिस अनन्त उडानको रकेटबाट ब्ल्याक होलतर्फ मोडिएको देखिन्छ।

शास्त्र,ह शास्त्रजस्तो हुनु हुँदैन जुन आफ्नो मार्गमा आउन्न। उसको सर्वनाश गर्ने शास्त्र अनादि सत्ताको घोषणा हो, अनादि सत्ता होइन। शास्त्रले अभय प्रदान गर्नुपर्छ, भय होइन। स्वर्गको मोह र नरकको भयबाट मुक्त गर्न सक्ने साधनाले नै त मानव सर्वोच्चताको चुली छुँदो रहेछ। अनुहारबाट अनुभूतितर्फ, गन्थ्रबाट गन्तव्यतर्फ, सम्प्रदायबाट समत्वतर्फ, सङ्घबाट सम्बोधितर्फ, धुनबाट ध्यानतर्फ, मनबाट मनुष्यतातर्फको यात्रा नै त आध्यात्मिक जीवन रहेछ। सूचनाबाट ज्ञानतर्फ, चन्दाबाट चेतनातर्फ, व्यापारबाट अपारतर्फको उडान नै त अध्यात्म रहेछ।

योगी, ऋषि, पैगम्बर, महामानवलाई पूजा मात्र गरेर बस्नु आफू स्वयम् र ती महान् गुरुहरूलाई अपमानित गर्नु रहेछ। महान् पथप्रदर्शक गुरुका अनुभव र अनुभूतिले आफूभित्रको कुम्भकर्ण जाग्यो, साथै ती महान् गुरुको सूचनाले गन्तव्यको तिर्खाले छटपट बनायो र स्रोत या मूलको खोजमा यात्रा प्रारम्भ भयो भने चैतन्य बोध टाढा रहेनछ।

म पनि मानिस, ती पनि मानिस। ती उज्यालोमा नाचिरहेछन्, म अँध्यारोमा रोइरहेछु। अँध्यारो हटाउन बत्ती बाल्नुको सट्टा उज्यालोको जन्मोत्सवमा बत्ती निभाइरहेछु। भगवान्का पुत्रहरूलाई पूजा गर्दा स्वयम् भगवान्को पुत्र भएको भुलिरहेछु। यो चैतन्य बोध भएको क्षण जीवन दीपावली बन्दो रहेछ। जीवनको सर्वोच्च शिखर बोधको अभिव्यक्ति रहेछ। चेतना चैतन्य भएपछि बुद्धू बुद्ध बन्दो रहेछ।

■

डा. अञ्जना वस्ती भट्टराई

# प्रात:कालीन नित्यकर्म र हाम्रो अवचेतन



पूजा हिन्दू धर्मावलम्बीको अभिन्न प्रात:कालीन नित्यकर्म हो। 'नित्यकर्म' शब्दले हिन्दूहरूमाझ शरीरमन दुवैको शुद्धता र पवित्रता प्रकट गर्छ। प्रात:कालीन नित्यकर्ममा स्नानपछि शुद्ध वस्त्र धारण पनि पर्छन्। शुद्ध वस्त्रले शयन गर्दा र शौच जाँदा प्रयोग नगरिएको भन्ने बुझाउँछ। त्यसपछि चोखो जलको आवश्यकता पर्छ। चोखो जलका लागि नजिकैको जलाशयमा जाने प्रचलन अझै पनि कति गाउँघरमा यथावत् छ। हाम्रो बाल्यकालमा धनकुटाको फलाँटे र आतमारामा स्नानका लागि जलाशय नै पुग्नुपर्थ्यो भने विराटनगरमा आफ्नै घरको कल (ट्युब वेल)-को पानीमा स्नान गर्थ्यौं। कहिलेकाहीँ धरानको जनपथ टोलस्थित ठूलाबुबाकहाँ बस्दा प्रात: सबेरै महिला-केटाकेटी हूल बाँधेर अलि माथिको खहरे पुग्थ्यौँ। खहरेमा अँगालोभरिको पानीको मुस्लो पाइपबाट एकनास झरिरहेको हुन्थ्यो। सुरुमा त्यो मुस्लामा थापिन अत्यास लागे पनि पानी शरीरमा पर्न थालेपछिको रोमाञ्चक आनन्द लाग्थ्यो । जलाशयमै स्नान आदिको कर्म सकी जलपात्र मस्काएर शुद्ध बनाई त्यसमा पवित्र जल घर भित्र्याउँथ्यौँ।

वर्तमानकालमा पानीका धारा घरघरै पुगेकाले सम्भव भएसम्म खाने पानी राएको धारामा झर्दाझर्दैको थापिन्छ। यसरी धाराबाट झर्ने पानीलाई शुद्ध र ताजा ठानी अन्य जलपात्र भरेर भान्सामा  पानीमा स्नान गरी त्यही पानी जलपात्रमा प्रयोग गरिन्छ। आफ्नो अन्डरग्राउन्ड ट्याङ्कीमा सञ्चित पानी सकेसम्म पूजा र भान्सामा प्रयोग गरिँदैन, कारण त्यसलाई बासी ठानिन्छ। साजी र बासी पानीको भेदले स्मृतिमा एउटा घटना झुल्कियो। हाम्री मुमा धनकुटाबाट हाम्रो घर कीर्तिपुरको ट्याङ्ला फाँटमा आएको बेला घरभित्र सञ्चित अन्डरग्राउन्ड ट्याङ्कीको पानीले नुहाउनुपर्दा बेखुसी प्रकट गर्दै त्यसको गुनासो बारम्बार गर्नुहुन्थ्यो। हामी तत्काल साजी पानीको बन्दोबस्त गर्न सम्भव नदेखेर चुपचाप बस्थ्यौँ। एक दिन उहाँकी अत्यन्त धार्मिक भदैसँगको भेटघाटमा यो कुरा उठाउनुभएछ। भदैले 'जहाँ जे उपलब्ध हुन्छ त्यसैलाई साजी मान्नुपर्छ, म त ट्याङ्कीको पानीले नित्य स्नान गर्छु' भनेपछि उहाँले ट्याङ्कीको पानीको गुनासो गर्न छाड्नुभयो। र, अरूलाई समेत काठमाडौँमा ट्याङ्कीकै पानी साजी हो भनी सम्झाउन लाग्नुभयो।

चोखो जलले अरू पनि धेरै घटना स्मरण गराउँछ। शुद्ध जल थाप्दै गर्दा कथङ्कदाचित् धाराको देखिने भाग (पाइप) स्नान नगरेको मानिसबाट नाघिएमा,

छोइएमा त्यो पानी बिटुलिन्थ्यो र पूजामा प्रयोगका लागि अशुद्ध हुन्थ्यो। कहिलेकाहीँ पानी बिटुलिएपछि दोहोऱ्याएर थाप्न नपाउँदै धारामा पानी झर्न छाडेपछि ठूलै महाभारत मच्चिन्थ्यो। नल छुने वा नाघ्नेले बोलीको मात्रै नभएर थप्पडको स्वाद चाख्न पनि तयार हुनुपर्थ्यो। हिजोआज काठमाडौँमा ट्याङ्करमा पानी मगाएर लामो पाइपले आफ्नो ट्याङ्कीमा झार्दा कतिले कति चोटि नाघ्छन्। त्यसको शुद्धीकरणको उपाय हुँदैन। म भने जसकोमा पानी झार्दै भए पनि सकेसम्म पाइप नाघ्नबाट जोगिँदै हिँड्छु। सोच्छु– हाम्रो संस्कृतिले बाल्यकालमा सिकाएका कुरा कति गहिरोसँग हामीमा गडेका छन्। हामीले थाहै नपाई त्यो मानसिकता हाम्रो व्यवहारमा झल्किन्छ।

चोखो पानीको जोहो भएपछि तामाको वा पित्तलको पूजा थाली तयार गर्नुपर्छ, वर्तमान समयमा स्टिल पनि थपिएको छ। माझेर टलक्क पारेको थालीमा अक्षता, चन्दन, नैवेद्य, धूप, बत्ती, पुष्प, तिल, जौ अनि जलपात्रमा जल मिलाएर राख्नुपर्छ। सजिलोका लागि होला, नैवेद्य धेरैजसो चिनी, मिस्री र मौसमअनुसारका फल राखिन्छन्। सिङ्गो फल चढाउँदा थोरै काटेर राख्ने गरिन्छ। कत्रो आस्था र मनोविज्ञान! त्यसरी काटेमा भगवान्‌लाई खान सजिलो हुन्छ। अक्षतालाई साधारणतया तीन पटक र विशेष परिस्थितिमा पाँच वा सात पटक पखाल्नुपर्छ। चन्दनका लागि चनौटामा श्रीखण्ड र रक्तचन्दन घोट्नुपर्छ। चनौटो सधैँ पूजा चौकामै ठड्याइएको हुन्छ। बिस्तारबिस्तार श्रीखण्ड र रक्तचन्दनको स्थान केसरी र अबिरले लिन थालेका छन्।

सहरबजारका बासिन्दा खास गरी व्यापारीवर्ग, नेवार र मारवाडीवर्गका महिला प्रातःकालमा पूजा थाली तयार गरी बोकेर मन्दिर पुग्छन्। यसरी मन्दिर जाँदा दुई वटा फाइदा प्रत्यक्ष देखिन्छन्। प्रातःकालको हिँडाइले शरीरमा स्फूर्ति भर्छ र स्वास्थ्यका लागि लाभदायी हुन्छ। मन्दिर पुग्नेले अर्पण गरेको अक्षता, प्रसाद र भेटीले चराचुरुङ्गी, पशु र मानव (पुजारी)-को रक्षामा टेवा पुग्छ।

सानामा सुनेको विराटनगरका मारवाडी महिला प्रातः मन्दिर जाँदा छुट्टै बर्तनमा भरी रोटी बोकेर जान्थे रे र बाटामा देखिने कुकुरलाई ती रोटी बाँड्दै अगाडि बढ्थे रे। प्रातःकालीन नित्यकर्मले स्थापित गराएको मानव र पशुको यस्तो निकट सम्बन्ध साँच्चै अनुकरणीय प्रतीत हुन्छ। यसरी स्वास्थ्यका लागि र मानव, पशुपक्षीको हितका लागि प्रातःकालीन पूजाको ठूलो योगदान छ।

वर्तमान समयमा प्रातः भ्रमणका लागि गोविन्दज्यू र म कीर्तिपुर डाँडाको प्रवेशद्वार देवढोकातिर जान्छौँ। मुख्य सडक छाडेर अलिकति उक्लिएपछि देवढोका पुग्ने बेलामा राधाकृष्ण मन्दिर र इन्द्रायणी मन्दिर झन्डै आम्नेसाम्ने भेटिन्छन्। राधाकृष्णको मूर्ति तीन तले घरको भुइँतलामा प्रतिस्थापन गरिएको छ, तर इन्द्रायणीको मूर्ति छानोबेगरको खुला स्थानमा। दुवै मन्दिरमा सबेरैदेखि नित्यकर्मरूपी पूजा सुरु भइसकेको हुन्छ।

मन्दिरहरूको वातावरण पवित्र र चलायमान लाग्छ। दुवै मन्दिरमा पूजा गर्न आउनेको ओहोरदोहोर चलिरहन्छ। राधाकृष्ण मन्दिरमा बाजागाजासहितको भजन मण्डली प्रातः भजनमा तल्लीन हुन्छ। इन्द्रायणी मन्दिर रक्षार्थ प्रवेशद्वारमा द्वारपालका रूपमा सिंहका दुई मूर्ति उभ्याइएका छन्। काठमाडौँका अन्य कतिपय मन्दिरमा पनि यस्ता द्वारपाल सिंह देख्न पाइन्छ।

धनकुटा बीच बजारको भीमसेन मन्दिरको प्रवेशद्वारमा पनि जोर सिंह थिए। थाइल्यान्डमा समेत द्वारपालका रूपमा सिंहका मूर्ति निर्माण गरिएको देख्दा मेरो मनमा त्यो अघिको समयमा समेत विभिन्न देशको सोचमा र कलामा केले समानता स्थापित गऱ्यो होला भन्ने आउँछ। त्यो बेला न यात्रा सहज थियो न त सञ्चार नै भन्ने विचार सलबलाइरहन्छ। इन्द्रायणी मन्दिरसँगको अर्को अनुभूति– एक दिन मन्दिरअगाडि उभिएर मूर्तितिर आँखा पुऱ्याउँदा चाँदीको मूर्ति टल्किरहेको थियो। पहिले त आफैसँग सशङ्कित भएँ। यतिका दिन भइसक्यो यो बाटो हिँडेको, यसअघि यो मूर्ति मैलेकसरी देखिनँ भनी दोहोऱ्याएर मन्दिरतिर हेरेँ। यस्तो घेराबारा नभएको खुला मन्दिरमा यो मूर्ति कसरी सुरक्षित रहिरहन सक्यो त? मनमा कुरा खेलाउँदै बाटो उक्लिँदै गर्दा चौताराअगाडि पुगेपछि त्यहाँ बसिरहेका महिलाहरूलाई सोधेँ। एक महिलाले नेवारी र नेपाली मिश्रित भाषामा 'चाडपर्वमा त्यो चाँदीको मूर्ति मन्दिरमा ल्याइने' बताएपछि चाँदीको मूर्तिको रहस्य छर्लङ्ग भयो।

हामी एकछिन बाटैमा मन्दिरछेउछाउको चलायमान दृश्यको आनन्द लिई मन्दिर परिक्रमा गर्दै देवढोकातिर उक्लन्छौँ। थोरै उक्लिएपछि यामानको पीपलको रूखवरिपरि चिनिएको चौतारोअगाडि उभिन्छौँ। दुईचार महिलाहरू सुस्ताइरहेका हुन्छन्। कोही पीपलको परिक्रमा गर्दै बाटो लाग्दै देखिन्छन्। एक दिन एक महिलालाई त्यो रूखको उमेर सोद्धा उनले 'कतिकति! हाम्रा ससुराले देख्दा यस्तै थियो रे' भनेको सुनेपछि यो वृक्ष ऐतिहासिक रहेछ जस्तो लागेको थियो।

ठूलठूला काठका पल्ला भएको अग्लो देवद्वार कटेपछि बाटो दुईतिर लाग्छ। सायद यही द्वारले गर्दा यस स्थानको नाम नै देवढोका रह्यो होला। त्यो ढोकाअगाडि चोकजस्तोमा सानो पोखरी छ भने दायाँतिर पाटी छ। पाटीका भित्तामा बाहिरपट्टि रञ्जना लिपिको ठूलो पोस्टर देखिन्छ। त्यसमा स्वर वर्णलाई 'माँ आख' (अक्षर) र व्यञ्जन वर्णलाई 'बा आख' (अक्षर) लेखिएको पहिलो चोटि देख्दा हामी अचम्भित भएका थियौँ 'बा आख' र 'माँ आख' नौलो लागेर।

देवढोकाबाट बायाँतिर लाग्दा कीर्तिपुरको प्रसिद्ध बाघभैरव मन्दिर पुगिन्छ। त्यस मन्दिरमा छिर्दा सम्पूर्ण वातावरण एउटै लयमा जीवन्त बनिरहेको देख्न पाइन्छ।

बाघभैरवको पूजा गर्न तँछाडमछाड चल्दै गर्छ। परैबाट दर्शन गर्ने शिर निहुऱ्याएर ढोकातिर लाग्दै गर्छन्। भजन मण्डलीको गायनले वातावरण झङ्कृत हुँदै गर्छ, घण्ट बज्दै गर्छन्, चराचुरुङ्गी भगवान्लाई अर्पित वस्तुहरूमा आफ्नो चारो खोज्दै खाँदै गर्छन्। एकैछिन उभिएर हेर्दा आफूलाई बिर्सिइन्छ। मन्दिरबाहिरको चौबाटोको खाली स्थानमा तरकारी, फलफूल र अन्य सामग्री विक्रेता र क्रेताको दोहोरो वार्तालापले वातावरण मौरीको भुनभुन बिर्साउने गरी झङ्कृत भइरहेको हुन्छ।

देवढोकाबाट दायाँतिर लाग्दा समल टोल हुँदै एक फन्को सहरको परिक्रमा गरेपछि नयाँ बजार निस्किइन्छ। बाटामा धेरैजसो गणेश मन्दिर भेटिन्छन्। गणेश मन्दिर छेउछाउ पुग्दा देखिन्छ– चराचुरुङ्गी, धेरैजसो परेवा, मूर्तिको वरिपरि छरिएको अक्षता खोजीखोजी सरक्कसरक्क आफ्ना साना चुच्चाले उठाउँदै हुन्छन्। मङ्गलबार गणेशको विशेष दिन मानिने हुँदा त्यस दिन गणेशको मूर्तिमा दूबोको माला अर्पण गरेको पनि देखिन्छ। त्यति धेरै हरियो दूबो टिप्न अनि मिहिनेतसाथ सियो नलगाई धागोको मात्र सहाराले माला उन्न कत्रो समय लाग्दो हो? त्यो सीपको संरक्षण भइरहेकोमा समेत आश्चर्य मान्छु। श्रद्धा र विश्वासले मानिसबाट कठिन काम पनि सहजै गराउन सक्ने तथ्यका उदाहरण हुन् यसरी चढाइएका दूबोका माला।

देवढोका काटेपछि दुईतिर जाने (बाघभैरव पुगिने र समल टोल लाग्ने) जुनसुकै मार्ग लिए पनि हातमा पूजाका थाली बोकेका युवती अथवा पटुकामा स्टिलको बट्टा बोकी हातले नातिनातिना डोऱ्याउँदै हिँडेका प्रौढासँग बाक्लै जम्काभेट हुन्छ। आमाहरू त्यही स्टिलको बट्टामा पूजा सामग्री बोक्छन्। यी पूजा गर्न हिँडेका महिलाले ओढ्ने/सल ओढ्दा आफ्नो दाहिने हातको काखीमुनिबाट छिराएर सप्को मारेका हुन्छन्। हामीले पनि यस्तै सिकेका थियौँ। यसो गर्नाले ईश्वरको पूजा गर्दा हातलाई कुनै बन्धनले कस्दैन र पवित्र हुन्छ भन्ने विश्वास छ। त्यति मात्र कहाँ हो र? केशराशि खुलै छाडेर पूजा गर्दा पुण्य प्राप्त हुँदैन भन्ने विश्वासले समेत जरा गाडेको छ। त्यसैले कपाल बाँध्ने र बाट्ने गरेको देखिन्छ।

एक दिन कुरैकुरामा मैले कीर्तिपुर पुरानो बजारकी बासिन्दा अङ्ग्रेजी शिक्षा विभागकी कर्मचारी नविना श्रेष्ठलाई 'केटीहरू मात्र पूजा गर्न जान्छन् नविना, केटाहरू कहिल्यै जाँदैनन्?' भनेर सोधेँ। उनले वज्राचार्य र यस्तै दुईचार परिवारमा मात्रै केटाहरू पूजा गर्न जाने प्रथा रहेको बताइन्। उनले थपिन्– "अहिले त पूजा गर्ने प्रथामा धेरै फेरबदल भइसक्यो। हामी साना छँदा हरेक चाडपर्वमा कीर्तिपुरका मूलमूल देवस्थल बाघभैरव, उमामहेश्वर, राधाकृष्ण, इन्द्रायणीका लागि छुट्टाछुट्टै पूजा थाली लिएर जानुपर्थ्यो। एक स्थानमा पूजा गरेर आएपछि त्यो थाली धोइपखाली गरी नयाँ पूजा

सर्दाम राखेर मात्र अर्को स्थानमा पूजा गर्न जानुपर्थ्यो। अहिले सुरुमै धेरै पूजा सर्दाम राखेर गयो अनि सबै देवस्थल पुगेर आयो गरिन्छ।"

उनको कुराले मैले झलक्क सम्झिएँ– केही परिमार्जनका झिल्का त म सधैँ हिँड्दा देख्ने गरेकै छु। पहिलो मूल दैलोअगाडि रहेको आँगनका देवता 'पिखालाखू'-लाई रातो माटोले पोतेर चोख्याउने कर्म कुनै घरमा सानो प्लास्टिकको मग वा दही बोक्ने माटाको सानो बर्तन वा रङको बट्टामा सानै पोतो राखेर पोतेको देखिन्छ भने कुनैमा पोतोको सट्टा रङ लगाउने ब्रसले नै पोत्ने काम गरिन्छ। यसरी हातै नलगाई पोत्ने काम सम्पन्न हुन्छ। दोस्रो स्टिलको बट्टामा फुको अक्षता, धूप, बत्ती, दक्षिणा, प्लास्टिकका ससाना सिसीमा अबिर, केसरी बोकेर मन्दिर जाने चलन आएको रहेछ। तेस्रो ती अबिर-केसरीका ससाना सिसीका बिर्कामा प्वाल पारिएको हुँदा रेस्टुराँमा नुन-मरीच आआफ्नो भागमा छर्किएजसरी सिसीका तिनै प्वालबाट अबिर-केसरी छर्किएर भगवत् अर्चना गरिन्छ। अबिर-केसरी भिजाउने, औँलो तिनमा चोबेर मूर्तिलाई टीका लगाइदिने, औँलाले छर्कंदै मूर्तिवरिपरि पूजा गर्ने प्रथा बिस्तारै कम हुँदै रहेछ। पानीको आवश्यकता नै नरहेपछि शुद्ध जलको अवधारणा मेटिएजस्तो भान हुन्छ। परिमार्जन समयको माग हो। जटिलतालाई सरल र द्रुत बनाउँदै लगिएको होला। प्रातःकालीन ईश्वर वन्दनाले निरन्तरता पाइरहेकाले सांस्कृतिक निधि सुरक्षित रहिरहेकोमै आनन्दित हुनुपर्छ। यसरी बिस्तारै आएको परिवर्तनले कति घरमा दुई पुस्तामाझ मनमुटाव पनि ल्याएको होला कि?

यो प्रातःकालीन वन्दनाको संस्कृति जसले जहिले आरम्भ गरेको भए पनि यसले निरन्तरता पाएको शताब्दीयौँ बितिसक्यो। धार्मिक आस्थाले निरन्तरता दिलाइरहेको यो क्रियाकलापबारे अन्य तथ्य हाम्रो अवचेतनमै सुस्ताइरह्यो। शनैःशनैः चेतनशील भएर गम्दा यी क्रियाकलापको मानव जीवनमा अमूल्य स्थान रहेको पाउँछौँ। यसलाई हाम्रो मानसिक स्वास्थ्यसँग जोड्दा थाहा हुन्छ– प्रातःकालीन शान्त वातावरणमा हाम्रो मनलाई एकीकृत गरेर तन्मय भई भगवत् अर्चनामा जाने तयारीमा लाग्दा सब तनाव बिर्सिएर एकचित्त होइन्छ। त्यति मात्र कहाँ हो र? सामाजिक सद्भावको विस्तारमा समेत यसको महत्त्वपूर्ण भूमिका छ। मन्दिर जाँदा बाटैभरि आआफ्नो दुःखसुख साट्दै हिँड्ने हुँदा घरघर डुलेर वार्तालाप गर्नुपर्ने आवश्यकता रहँदैन। त्यसै गरी शारीरिक स्वास्थ्यसँग जोडौँ। पहिलो त प्रातःकालमा बिछ्यौना छाड्नु नै सकारात्मक स्वभाव हो। त्यसैले होला, अङ्ग्रेजीमा भनिएको छ– 'अर्ली टू बेड एन्ड अर्ली टू राइज मेक्स अ पर्सन हेल्दी, वेल्दी एन्ड वाइज।' त्यसपछि क्रमशः तालिकाअनुसार अभ्यस्त शरीर विविध कर्ममा सक्रिय हुन लाग्छ।

सबै शारीरिक क्रियाकलाप उत्तिकै महत्त्वका भए पनि यहाँ मलाई फूलको प्रसङ्ग जोड्न मन लाग्यो। पूजाका सामानमा अपरिहार्य हुने फूल आफ्नो बारीमा लगाउन सुरु गरेदेखि नै शारीरिक व्यायाम हुने गर्छ। फूलको बीउ, बिरुवा खोजेर, किनेर ल्याउनुपर्‍यो, रोप्नुपर्‍यो, गोडमेल गर्नुपर्‍यो, फुल्न थालेपछि दिनदिनै पूजाका लागि टिप्न जाँदाको शरीर चलायमान हुने हुँदा व्यायामसँगसँगै फूलबारीमा पुग्दाको आनन्द अवर्णनीय हुन्छ।

यसरी नित्यकर्मको एउटै कर्मले हामीलाई लामो समयको शारीरिक र मानसिक व्यायाम गराउँछ। प्रथमतः फूलबारीमा गरिने लगानी पूजाकै लागि हो, चाहे त्यो देवपूजा होस् वा पितृपूजा। दोस्रोमा वातावरणको सौन्दर्य वृद्धि अनि तेस्रोमा पर्यावरण सम्भार पर्छन्। मानवले गर्ने पूजासँग जोडिने चराचुरुङ्गी, पशुप्राणी र रूखबिरुवा अनि मानव आफैसँगको यो निकट सम्बन्ध हाम्रो अवचेतनमै रहिरहन्छ। प्रकटमा त हामी धार्मिक रूपमा मात्रै लिन्छौँ भगवत् अर्चनाका क्रियाकलापलाई।

अर्को महत्त्वपूर्ण कार्य प्रातःकालमा तुलसीलाई जल चढाउनु हुन्छ। यस कार्यका लागि तुलसीको छेउमा पुग्दा तुलसीले उत्सर्जन गरेको शुद्ध अक्सिजन मानव शरीरमा प्रवेश गर्ने अवसर मिल्छ। यस्तो शुद्ध अक्सिजनले रक्तसञ्चार सहज बनाउनुका साथै शरीरमा स्फूर्ति भर्ने कार्य गर्छ।

पूजा प्रसङ्गमा गैरसरकारी संस्थामा कार्य गर्ने एक मित्रसँगको वार्ता स्मरण हुन्छ। उनलाई उनका विदेशी सहकर्मीहरूले 'तिमीहरूको पूजाले प्रातः समय खाइदिने हुँदा तिमीहरू पछि परिरहेका छौ' भन्दा रहेछन्। यसो गम्दा पूजा भन्नेबित्तिकै अप्रत्यक्ष गर्नुपर्ने धेरै काम बढार्ने, पुछ्ने, पूजा भाँडा माझ्नेदेखि सारा नित्यकर्म पर्ने हुँदा समय त पक्कै लाग्छ। यी सारा कर्मले अप्रत्यक्ष रूपमा हामीलाई मानसिक, शारीरिक, आध्यात्मिक, सामाजिक स्वास्थ्यमा पुऱ्याउने लाभ त सधैँ हाम्रो अवचेतनमै छोपिएको हुन्छ। समयसमयमा सुनिने यस्ता प्रकारका टिप्पणीले यी अप्रत्यक्ष लाभ झन् छोपिन्छन् र हामी उनीहरूकै भनाइलाई प्राथमिकता दिएर दुःखी हुन्छौँ। अति आवश्यक हुँदा पूजा कर्म छोटकरीमा गर्न पनि हामीले आफूलाई तयार गर्दै लग्न सक्यौँ भने सदैव यस कर्मको प्रत्यक्ष-अप्रत्यक्ष लाभ लिइरहन सकौँला।

नित्यकर्मका रूपमा गरिने पूजाका केही नकारात्मक पक्षलाई केलाउन पनि उत्तिकै आवश्यक छ। मानव सभ्यतासँगै पूजाजस्ता सांस्कृतिक क्रियाकलाप सुरु भए होलान्। आरम्भमा जनसङ्ख्या थोरै थियो, मानव-प्रकृतिको सम्बन्ध निकट थियो, सहरीकरण र औद्योगिकीकरण आरम्भ भएको थिएन। फलस्वरूप प्रदूषणको चिन्तै थिएन। अहिलेजस्तो ओजोन तह पातलिँदै गएको अनि त्यसमा देखिएको प्वालको, कार्बन उत्सर्जनको, हरित गृह प्रभावको, हावापानी र आवाजको प्रदूषणले ढाकेको

समयमा पूजासँग जोडिएको प्रदूषणको न्यूनीकरणतिर ध्यान पुऱ्याउन पनि आवश्यक छ। सबैले लगेको फूल व्यवस्थापन गर्न मन्दिर असमर्थ भए भक्तजनलाई फूल नल्याउन अनुरोध गर्नुपर्छ। धूपबत्तीले सम्पूर्ण वतावरण प्रदूषित गर्दै पृथ्वीको तापक्रम वृद्धिमा सहयोग पुऱ्याउने हुँदा ल्याइएको धूपबत्ती मन्दिरमा सञ्चित गर्ने व्यवस्था मिलाउनुपर्छ। यसो गर्दा मन्दिरले गर्ने दैनिक पूजामा तिनको प्रयोग गर्न सकिन्छ अनि मन्दिरले छुट्टै धूपबत्ती किन्नु पनि पर्दैन। चलिरहेको प्रथामा यसरी परिमार्जन गर्न सकियो भने मात्र पूजा कर्म समयसापेक्ष बन्दै जान्छ अनि संस्कृतिको रक्षा हुन्छ।

मन्दिरमा हुने प्रदूषणको एउटा दृष्टान्त राख्न चाहन्छु। कीर्तिपुर-ट्याङ्लाफाँटमा 'दियालो दिदीबहिनी समूह'-ले चिटिक्क परेको एउटा गणेशको मन्दिर बनाएको छ। त्यसको ठ्याक्क अगाडि पीपलको वरिपरि चौतारो चिनिएको छ भने बाटोपारि छानो र फलैँचासहितको विश्रामस्थल। धेरै भएको छैन यो सुन्दर संरचनाको सृजना भएको। त्यो बाटो हिँड्दा खुसी र गर्व लाग्छ। कहिलेकाहीँ देख्छु– चौतारामा पीपलको बोटवरिपरि भगवान्का पुराना तस्बिर ठड्याइएका हुन्छन्। कहिले मन्दिरछेउको भिरालो जमिनमा फूल, कार्टुन र अन्य त्यस्तै फोहोर असरल्ल छरिएका हुन्छन्। यसरी छरिएको फोहोरको थुप्रो बढ्दै जाँदा त मन्दिरको वातावरणमा प्रदूषण बढ्दै जान्छ। हामी त्यहाँ जानेहरूले नै सोच पुऱ्याउन सकेमा मात्रै त्यस मन्दिरको गरिमा बढ्दै जाने छ।

हाम्रा प्रात:कालीन नित्यकर्मसँग जोडिएको अवचेतनमध्ये सकारात्मकलाई पछ्याउँदै नकारात्मकलाई परिमार्जन गर्दै अगाडि बढ्न सकेमा मानव समाज लाभान्वित हुन सक्छ भन्ने ठान्छु।

■

**जीवनाथ धमला**

# मैले चढेको आधुनिकताको सिँढी



उमेरको सिँढी चढ्न केही गर्नु नपर्ने रहेछ। चढ्नलाई सबभन्दा सजिलो सिँढी त्यही हुँदो रहेछ– उमेरको सिँढी। कतै केही सिन्को नभाँचे पनि चढिरहिने मात्रै, केही नगरे पनि चढ्या छ चढ्या छ। जन्मनेबित्तिकैदखि चढ्न थालिने। चढ्न थालेपछि ओर्लनै नपर्ने, उकालो लाग्यालाग्यै, कहाँ पुगेर टुङ्गिने भन्ने पनि कसैले पत्तो नपाउने। म अब चढ्दिनँ भन्न पनि नपाइने, केही बेर त बिसाऊँ अनि फेरि चढौँला भन्न पनि

नमिल्ने। कसैले नचाहेर पनि फेरि बिसाउनैपर्ने। म अझै चढ्छु भनेर पनि नपाइने। उमेरको सिँढी चढ्न र बिसाउनमा कसैको नियन्त्रण नहुने रहेछ।

प्राकृतिक नियमको शाश्वततालाई समयले निरन्तरता दिइरहेकै छ। मानिसको उमेर त्यही शाश्वतताको प्रकटीकरण हो। मनुष्यमात्रको अनुभूतिमा खाँदिएर समय उसकै अनुहारबाट चियाइरहेको हुन्छ। अनुहारबाट बोलिरहेको समयका शब्दहरू सुनिँदैनन्, तर अनुहारमै देखिन्छन् ती। सृष्टिको सनातन नियममा परिवर्तन छैन। तर मानिसलाई परिवर्तन चाहिन्छ। आधुनिकता मानिसका लागि परिवर्तनको एउटा आयाम हो। मानव चैतन्यद्वारा निर्मित परिवर्तनतर्फको यात्रा निरन्तर छ। समयसँगसँगै मन्द वा तीव्र गतिमा परिवर्तनको प्रक्रिया अखण्डित रहन्छ। समयको आकारहीन क्यानभासमा आफ्नो चैतन्यद्वारा स्थापित एवम् पुनःस्थापित हुँदै आएको परिवर्तनको गतिलाई आधुनिकताको नाम दिएर मान्छेले समयलाई परिभाषित गरिरहेछ। वास्तवमा न समयलाई आधुनिकतामा बन्दी बनाउन सकिन्छ न आधुनिकतालाई समयभित्र। म परिवर्तन खोज्ने मान्छे, म परिवर्तन देख्न चाहने मान्छे। मानिसमात्रले कहिल्यै बुझिनसक्ने सत्यलाई म बुझेको बहाना गर्दै छु, म आधुनिक मान्छे।

मैले आधुनिकताको सिँढी चढ्न थालेको निकै भयो। यस्तो सिँढी चढ्न थाल्नुभन्दा पहिले म घरकै सिँढीमा चढ्थेँ। घरभित्रको काठको सिँढीलाई भऱ्याङ भनिन्थ्यो। कसैकसैले त्यसैलाई सिँढी पनि भन्थे। अज्ञात कालमै मैले त्यो भऱ्याङ चढेँ। आमाले नदेखीकनै मैले त्यो भुइँतलाबाट माथिल्लो तलामा उक्लिने भऱ्याङ चढेँ। फलेकको आवाज ननिकालीकन बिस्तारीबिस्तारी आमाले नदेखीकनै तलामा उक्लिएँ र बडो गर्वसाथ मझेरीतिर हेर्दो थिएँ, आमाले देखिहाल्नुभो। उहाँले हतारहतार आएर म लड्छु कि भन्दै पाखुरामा समात्दै तल भुइँमा लगेर पिरामा राख्नुभयो। मेरो केही बेर मात्र पहिलेको प्रसन्नता भत्कियो, खण्डहर भयो र त्यो रुवाइमा परिणत भयो। मेरो सामर्थ्यमाथि आमाको ममत्वपूर्ण आशङ्काको परिणाम मैले कति बेरसम्म चेतावनी पाइरहेँ– "फेरि त्यसरी भऱ्याङ उक्लिस् भने तँलाई... थाहा पाउलास्, चकचक नगरी बसिराख्।" मैले फेरि कति दिनसम्म भऱ्याङतिर हेर्ने आँट गरिनँ। आमाको ममत्वले सन्तानलाई सजगताको अभ्यास गराउँदै हुर्काउँछ। त्यही अज्ञात बाल्यवयमा प्राप्त हुने मातृममताको निरन्तरको खबरदारीले सन्तानलाई नहुर्कियुन्जेल शारीरिक सुरक्षा दिइरहन्छ। सम्झना हुने उमेरमा पुग्दा बहिनी वा भाइको चकचकेपन र त्यसतर्फ लक्षित त्यस बेलाको आमाको खबरदारीलाई सम्झँदा आफू पनि उस्तै थिएँ भन्ने सहज अनुमान गरेको हुँ। बामे सर्ने बेलाको सम्झना हुने कुरै थिएन। सम्झनामै नरहेको आत्मकथन मात्र हो यो।

प्रारम्भिक चकचके बाल्यकालका केही वर्ष सधैँ अज्ञात नै रहन्छन्। तर अज्ञात संसारलाई देख्न चाहने मानवीय उत्सुकताको बीजारोपण त्यही समयमा हुन्छ।

घरअगाडिपट्टिको मतानको सिँढी आफै चढ्न सक्ने हुँदा म आफूमा सम्झना राख्न सक्ने उमेरमा पुगिसकेको थिएँ। पाँचछ वर्षको उमेर भएयताको भने प्रस्ट सम्झना छ। त्यो सिँढी ढुङ्गामाटाको गारोले बनिएको थियो। त्यसलाई भऱ्याङ नभनी सिँढी भनिन्थ्यो। मतानको तलाको ओल्लो छेउलाई पाली भनिन्थ्यो। पालीमा कहिले म एक्लै त कहिलेकाहीँ दिदी पनि हुन्थिन्। पालीबाट गाउँका निकै माथिसम्मकै घरका छानाबाट धूवाँ निस्केको देखिन्थ्यो। आकाशमा काग, चिल उडेको पनि प्रस्टै देखिन्थ्यो। बाँसझाङबाट रूपी चराको बथान निस्केर अज्ञाततर्फ लागेको देखिन्थ्यो। अझ प्रस्ट त नजिकैका दृश्यहरू थिए। आँगनमा आइपुग्नुभन्दा पहिले भँगेरा वा ढुकुर कताबाट आउँछन् भन्ने थाहा हुन्थ्यो। पालीमै छेउमा सुकाएका खोया भाँचेर फूलबारीमा चरिरहेका रूपी चरालाई भगाउन पाइन्थ्यो। हिउँदमा फूलबारीबाट जाई र सिकुटे बोटको सेतो गुलाबको सुगन्ध लिएर पालीतिर बहेको हावालाई लामोलामो साासले तान्न पाइन्थ्यो। पालीमा चढेर बस्नुका अनेक फाइदा थिए।

सिँढी चढेर पालीमा बस्दै त्यहाँबाट खुला आकाश र भूसतही परिवेशका अनेक दृश्यहरू हेर्दै कति अनगन्ती दिन बिते हुन्। आँखा र मनको सन्तुष्टिका लागि नवीनताको आभास त्यहाँबाट प्राप्त हुन्थ्यो जुन मैले प्राप्त गरेँ त्यस बेलाका अनगन्ती साँझबिहानमा त्यहाँ चढेर।

धेरै त्यस्ता आनन्दका क्षणलाई पुरानो बनाउँदै समयले तीबाट मलाई क्रमशः कृत्रिमतातर्फ घचेट्दै लग्यो। अनि म राम्रै गरी सचेत वा बाठो हुन थालेपछि पालीबाट देखिने दृश्यहरू अर्थहीन भए। ती मात्र होइन, वर्षायाममा पारिपट्टि देखिने अग्ला-अग्ला छाँगा, माथि डाँडाको सिरानको हरियाली र चैतवैशाखतिर वनैभरि राताम्मे भएर फुलेको गुराँस आदि सबै बिस्तारै फिका हुँदै गए। सधैँ देखिइरहने सुन्दर दृश्यहरूले सधैँ उत्तिकै आकर्षित गर्दा रहेनछन्। बाल्यकालमा सधैँ देखिइरहने वरपरका सुन्दर प्राकृतिक दृश्यहरूद्वारा प्राप्त हुने एकरसतापूर्ण आनन्दानुभूतिलाई उमेरसँगै वृद्धि हुँदै जाने चैतन्यले मधुरो बनाउँदै लैजाँदो रहेछ।

जब म आमालाई पछ्याउँदै शनिबार लाग्ने निकै टाढाको हाट भर्न जान थालेँ, गाउँभन्दा बाहिरको संसारसँग परिचित पनि हुन थाले। लोभलाग्दा पसले खाने कुरा, झिलिमिली लुगाकपडाका दोकान, सजाइएका अनेक थरी मालमत्ता, सर्टप्यान्ट अनि टलक्क टल्किने जुत्ता लाएका, जुल्फी पालेका छरिता मानिसको हूल आदि केके देखेँ, देखेँ। हाट भरेर फर्कने बेलामा आमाले किनिदिनुभएको केराउदाने मिठाई खाँदै,

हाट भरेको खुसियाली मनाउँदै घर फर्कंदा कम्ती आनन्द लागेको हो र! बजारिया दृश्यहरूले मलाई पहिलो झलकमै झ्याप्प अँठ्याउन थालेका थिए। जति चोटि बजार गयो उति चोटि म झन्झन्झन्झन् अँठ्याइँदै गए। बजार गएको दिनको चर्चा बजार नजानेहरूको अगाडि बडो फुर्ती लाउँदै कैयौँ दिनसम्म गरिरहन्थेँ। त्यसो गर्दा अरूको सामु आफूलाई निकै आधुनिक जान्नेसुन्ने भएजस्तो अनुभव गर्थें। मलाई आधुनिकतातर्फ खिच्ने प्रथम अविस्मरणीय दृश्यहरू तिनै ओखलढुङ्गाको शनिबारे हाटका दृश्यहरु थिए।

मलाई नयाँ दृश्यहरूको उत्सुकता जगाउने मतानको पाली, मतानछेउकै गारोको चौतारो, आफ्नो सहज पहुँचमा रहेका वरपरका बारीखेतका डिल, कान्ला, पँधेरा आदि नाघ्दै-उफ्रिँदै गर्दा बाल्यावस्थाका निर्बोध पलहरू छाडिँदै गएछन्। तीती ठाउँमा पुग्दा र खेल्दाको आनन्द मबाट कतिखेर छुट्टियो, छुट्टियो; मैले थाहै पाइनँ। हाटबजारसँग परिचित भएपछि सुकिलामुकिला मानिसहरूको बाक्लो दृश्यले मनलाई ओगट्न थाल्यो। उमेरको सिँढीसँगै मेरो आधुनिकतातर्फको यात्रा क्रमशः प्रारम्भ भयो।

प्रारम्भिक जीवनका स्मृतिहरू धेरै त नगण्य खालका हुन्छन्। समयको लामो अन्तरालपछि उति बेलाका त्यस्ता झुर्काझुर्की सम्झनाहरूको औचित्यसँग वर्तमानलाई जोड्नुको त्यति अर्थ पनि निस्कँदैन। तर बाल्यकाल खुद्राखुद्री घटनाक्रमबाटै निर्मित रहन्छ। वयस्कका दृष्टिले तिनलाई नियाल्नु हुँदैन। ठाउँअनुसारको सामाजिकीकरण त्यस्तै ससाना घटना एवम् कार्यहरूबाट भइरहन्छ। घरपरिवार र छरछिमेकमा हुने सामाजिकीकरण नै एक प्रकारले आधुनिकीकरणको पूर्वाधार पनि हो। घर-आँगनमा साथीसँगीसँग खेल्नुकुद्नु सबैको एउटै र उस्तै गतिविधि हो। ग्रामीण वातावरणमा हुर्केको व्यक्तिले लामो समयान्तरपछि आफ्नो पूर्वार्द्ध जीवनलाई फर्केर हेर्दा आफूमा नीरसताको अनुभूति गर्नुपर्दैन। स्रष्टाहरू आफ्नो स्मृतिको सौन्दर्य वाटिकाबाट सिर्जना पुष्प टिपेर आनन्दित हुन्छन्, तीबाट अरूलाई पनि आनन्दित तुल्याउँछन्। जोसुकैका लागि पनि ती अमूल्य हुन्छन्। जीवनको रसमयताका लागि विगतका सुन्दर स्मृतिहरू सञ्जीवनीतुल्य रहन्छन्। जस्तोसुकै आधुनिक जीवनमा पनि मानिस कुनै न कुनै रूपमा वा समयमा आफ्नो सुदूर पूर्वस्मृतिहरूसँग संवाद नगरिरहन सक्दैन। सापेक्षिक क्रियाशीलता त उसको अस्तित्वकै अनिवार्यता हुँदै हो। उसै गरी आगतसँगको उत्सुकता वा जिज्ञासा जीवनका लागि अनिवार्य छ। आदिमकालदेखिको यस्तै नैसर्गिक स्वभावले नै मानिसलाई वर्तमानसम्म डोऱ्याउँदै ल्याइपुऱ्याएको हो भन्ने महसुस गर्न सकिन्छ।

बाह्य गतिविधि वा तीसँगको भौतिक र मानसिक निकटताबाट सामान्य मानिसले प्रेरणा प्राप्त गर्छ र आफूमा परिवर्तनको चाहना जन्माउँछ, किनभने अरूबाट सिक्ने वा अरूको नक्कल गर्ने स्वाभाविक गुणको निरन्तरता उसमा रहिरहन्छ। पुरातनपट्टि फर्किने

उसको अभिरुचि रहँदैन। वर्तमान र आगतसँगको उत्सुकता जीवनका लागि अनिवार्य छ। आदिमकालदेखिको यस्तै नैसर्गिक स्वभावजन्य उत्सुकताले नै मानिसलाई वर्तमानसम्म डोऱ्याउँदै ल्याएको हो भन्न सकिन्छ। आधुनिकता सामान्य मानिसका लागि वर्तमानसँग जोडिएको जीवनशैली र व्यवहार हो। त्यसबाट विमुख भएर सामान्य अवस्थामा मानिस अस्तित्वमा रहन सक्दैन। तर विगतकै अदर्शनीय धरातलमा वर्तमानको दर्शनीय स्वरूपले आकार पाइरहेको हुन्छ। समयसँगको यस अविच्छिन्नताले नै मानिसको चेतना, अस्तित्व र सार्थक उपस्थितिलाई सम्भव तुल्याइरहेको छ। समयानुकूल सोचाइ र तदनुसारका व्यक्तिगत वा सामाजिक व्यावहारिक कार्यहरूतर्फको सक्रियताले मानिसलाई समाजमा अन्तर्घुलन गराइरहन्छ। आधुनिकता सामाजिक जीवनशैलीकै पछिल्लो उपस्थिति हो। मानिसले आआफ्नो व्यवहारवृत्तमा आएको परिवर्तनलाई क्रमिक रूपमा स्वीकार गर्दै आएको छ।

आफ्नो अल्पज्ञानको यस्तो सतही गोग्र्यानमा ठोक्किएको छँदो मेरो भुत्ते चर्मचक्षुले आधुनिकताको आधुनिक परिभाषा र अर्थ्याइको भेउ नपाउनु कुनै आश्चर्य भएन। त म आधुनिक हुँदै गएँ। जब म सहरमा वास बस्न थालेँ तब आधुनिकतातर्फको यात्रामा म ननस्टप गतिमा हुइँकिन पनि थालेँ। घरछेउका पैयूँ र कोइरालाका हाँगामा फुलिरहेका फूल, फूलबारीबाट आँगनमा ओर्लेका चराहरूको खेल, जामुनाको रूखको टोड्काबाट लहरिँदै लत्रिएको सुनाखरीको झझल्को झुलुक्क झुल्क्यो र त्यो उत्तिखेरै बिलायो।

आधुनिक शिक्षादीक्षाका सिँढीहरू चढ्दै गएँ। आधुनिक शिक्षा र ज्ञानगुनले पूर्ण भएको छँदो मैले आधुनिकतालाई चरणबद्ध रूपमा अपनाउँदै आएँ। पुरानो जमानाका बाबुबाजेले सिकाएका-अर्थ्याएका केही बानीबेहोरा थिए; उनीहरूले तिनलाई पुर्खाको नासोका रूपमा अपनाउँदै, स्वीकार गर्दै आएका थिए। बिहानबिहान ईश्वर अर्चनाबाट उनीहरूको दिन आरम्भ हुन्थ्यो। खानपिनमा शुद्धतालाई विशेष ध्यान दिइन्थ्यो। पुत्रले पितामातालाई सम्मान गर्ने तौरतरिका, नवागन्तुक, अतिथिलाई आदरसत्कार, साँझबिहानका घरायसी माङ्गलिक कर्महरू आदिमा बाबुबाजेको जीवन अभ्यस्त थियो। अन्य घरव्यवहारका कार्यहरूमा उनीहरू निपुण थिए। परोपकार, सेवा, सहयोगका लागि सबै तत्पर थिए। सामान्य शारीरिक श्रम गर्न कुनै तयारी चाहिँदैनथ्यो, स्वचालित रूपमा ती कर्महरू सम्पन्न हुन्थे। मनमा प्रसन्नता र शान्ति, शरीरमा निरोगिता र स्वस्थता, समाजमा हार्दिकता र मेलमिलाप थियो। मैले यी सब पुराना संस्कृति, बानीबेहोरा, शिष्टाचार, चाडबाड, घरायसी र सामाजिक चलन एवम् व्यवहारलाई आधुनिकताको फलामे छडी लगाएँ र फेरि तङ्ग्रिन नसक्ने गरी तिनको कायापलट गरेँ। तिनलाई सम्झनामै नआउने गरी मैले लखेटिसकेको थिएँ।

सहरले मलाई गाउँ सम्झनुपर्ने आवश्यकता बोध नै गराएन। सहरको नसामा यति चाँडै लट्ठिएछु कि थाहै नपाई केही समयमै म आधुनिक भइसकेछु। लवाइखवाइ,

बोली, हिँडाइ सबमा आधुनिक। मेरो केही दिनपहिलेको चालढाल सबका सबमा परिवर्तन आयो। सिनेमा हल पनि अपरिचित रहेन। चोकमा अडिएर आफूजस्तै अर्को आधुनिकसँग सिनेमाको कहानी, हिरोहिरोइनको चर्चा हुन थाल्यो। ठाउँ र समयअनुसार आफूलाई आधुनिकपनाले अझ पुष्ट, पोटिलो पार्दै गएँ। पूर्ण सहरिया जीवनशैलीमा म यति रतिएँ कि सम्पूर्ण बानीबेहोरामा सहरियापन अटेसमटेस भएर देखिन थाल्यो।

केही अघिसम्म म गाउँबाट सहर पसेको पाखे मनुवा थिएँ, अब भने त्यसको कुनै छनक कायामा बाँकी रहेको छैन, मानौँ मेरा पुर्खाहरू सबै सहरिया भएरै जन्मेका थिए र उनीहरूले कहिल्यै गाउँघरजस्तो आदिम समाजको हावामा सास फेर्नुपरेकै थिएन। अनि उनीहरूकै सन्तान म, मानौँ पैतृक आधुनिकतालाई जन्मजात वरण गरेर बसिरहेको छु।

सहरले मलाई आधुनिक बनाएर मात्र छाडेको छैन, अझ अत्याधुनिक बनाउँदै ल्याएको छ। आफूलाई पूर्ण सहरिया बनाउन र गाउँबाट पूर्ण मुक्त गराउनु जरुरी ठानेर पहिल्यै स्थायी निवासको प्रबन्ध गरिसकेकै थिएँ। मलाई अब त अत्याधुनिक बन्न रोक्ने केही कोही पनि छैन। विज्ञानप्रविधिले पनि मलाई उत्तिकै साथ दिइरहेको छ। मोबाइलले मेरो सहरिया आधुनिक जीवनमा क्रान्ति नै ल्याइदिएको छ। म सामाजिक सञ्जालमा विश्व विचरण गर्न पाइने अनेक सुविधाको भरपुर उपयोग गर्दै आफूलाई अत्याधुनिक नेपाली मात्र नभएर उत्तर आधुनिक विश्वनागरिक बनाउने महाभियानमा लागिरहेको छु। यो मेरो वर्तमानको अठोट हो। आँगनको डिल र मतानको पालीबाट मैले प्राकृतिक दृश्यहरूको सुन्दर बगैँचामा आँखा डुलाउँदै घरबाहिरको संसारमा प्रवेश गरेको थिएँ। क्रमशः हाटबजारको चहलपहललाई छातीमा जतनले लुकाउँदै निरन्तर आधुनिकताको सिँढी चढ्दै यहाँसम्मको यात्रा पूरा गरेको छु।

कहिलेकाहीँ म एक्लै भएको बेला तन्द्रामा आफ्नै पुरानो कायासामु उभिएर चेतावनी दिइरहेको हुन्छु– ‘आधुनिक बन्ने रहरमा तँ खोकिँदै गइरहेको छस्, तैँले आफ्नो परिचय गुमाउँदै छस्। तैँले आफूले टेकेको धरती छाडिसकेको छस्। तँ आफ्नो मौलिक अस्तित्वका आधारहरूलाई भत्काइरहेको छस्। अतीतदेखिको सामाजिक-सांस्कृतिक जीवनको सुन्दरतालाई बिर्सेर तैँले आफूमाथि मात्र होइन, आफ्ना सन्ततिहरूको परिचय र अस्तित्वमाथि पनि धावा बोलिरहेको छस्। यो सब बिर्सेर, त्यागेर आधुनिक बन्ने आफ्नो सपनालाई पछ्याउँदै तँ यहाँसम्म आइसकेको छस्। तर तँलाई थाहा छ कि छैन? तैँले अहिलेसम्म देखेको आधुनिक बन्ने सपना धोका मात्र हो। राम्ररी विचार गर्।’ म झल्याँस्स ब्युँझँदा छाती ढकढक गरिरहेको हुन्छ। यस्तो पटकपटक हुने गरेको छ। यतिखेर म वास्तवमै छातीमा हात राखेर छाम्दै छु– मेरो आधुनिकतातर्फको

यात्राले मलाई खोक्र्याउँदै हाडमासुको मानवाकृतिका रूपमा मात्र उभ्याइरहेको त छैन? छाती नै ढकढकाइरहेको छ। ढकढक गरिरहेको मुटुले उसरी नै सोधिरहेको छ– 'आधुनिकताको सिँढी त तैँले निकै चढिसकिछस्, तर अहिलेसम्म जीवनको सिँढी चाहिँ चढिस् कि चढिनस् हँ?' आफ्नै काया (प्रतिबिम्ब)-ले पहिले नै दिइसकेको चेतावनीबाट रन्थनिइरहेको अवस्थामा छाती फुट्ला झैँ गरी ढुकढुकीबाट निस्केको प्रश्नको झिरलाई सामना गर्ने शक्ति ममा रहेको छैन। त्यसबाट एकै पटक म शक्तिहीन, घाइते र लाचार भइरहेको छु। मैले चढेको आधुनिकताको सिँढीले मलाई लज्जित बनाइरहेको छ।

■

## डा. हरिप्रसाद सिलवाल

# भोकबिनाको भोजन



भोक लागेको छैन, भोजनले खाऊखाऊ भन्छ। जसलाई भोक लागेको छ, भोजन उसको निकट पनि देखा पर्दैन। भोकबिनाको भोजन र भोजनबिनाको भोकको युद्धमा संसार उत्पीडित छ। यसैमा त्रसित र ग्रसित छ सर्वत्र बस्ती। यसैको निदानमा यात्रारत छ कल्याणकारी गस्ती। यसैले खोसेको छ मानव मस्तिष्कले अनुभूति गर्न सक्ने अपार र अनन्त मस्ती। यहाँ मस्तीको उल्टो सास्ती छ। सास्तीको उल्टो मस्तीका निम्ति केही गर्नु छ। त्यो केही गर्नुभन्दा केके गर्ने हो सो भन्नु छ, भन्नुअघि लेख्नु छ र लेख्नुअघि सोच्नु छ। यही सोचाइको रोजाइमा रिङ्छ फन्फन्ती शब्दको बाइमात्रा र भावको वायुपङ्खी। भावको भङ्गिमा र मानवीय सुन्दरता खोसिएका घुम्तीहरू यहीँबाट खोज्नु छ।

विसङ्गतिको विषयलाई उराल्नासाथ कतिले मानिस हुनुको अवस्थामाथि बेकार, विकार र बेकामे जिन्दगीको गीत गाउन थाल्छन्। तिनीहरू भाग्यको भिनाजुसित मित लाउन जान्छन्। भावीले कोरेको ललाटको लालटिन हो जीवन भन्न मन पराउँछन्। आजको समय र समयका मालिक्याइँको मनपरीलाई तिनैले उम्काइदिन्छन् र मालिकहरू समयको लगामलाई आफूखुसी झन् बढी हामीमाथि विसङ्गतिको मतिमा मस्ती गर्न थाल्छन्। हामीलाई कोर्रा लगाउने छर्रा बटुल्न थाल्छन् र हाम्रा नौनाडीलाई मजैले गाल्न थाल्छन्। हामीलाई तर्साउने 'भूत महोदयहरू' पाल्न थाल्छन् र समयले हाम्रो थाप्लामा गिर खेल्दै मनपरी खीर खान थाल्छ। तिनलाई भोक नलागे पनि तिनको

भागमा अनेकानेक भोजनले स्वागत गर्न थाल्छन् र भोकाहरूलाई भाग्यको भोजन मात्रै पस्कने जीवनदृष्टिको अक्षता बडो धुमधामले वितरण हुन थाल्छ। यसैबाट जन्मेको हो भोकबिनाको भोजन र भोजनबिनाको भोको जिन्दगी। यसलाई बुझ्न मानिसलाई बुझ्नुपर्ला। मानिसको मस्तिष्क जाँच्नुपर्ला।

मानिस हुनुको बेग्लै मज्जा छ- समस्याको अर्थ लाउन सक्नु र समाधानका सूत्रहरू खोज्न अघि बढ्नु। मानिस हुनुको अर्को विशिष्टता छ– मानिसले मानिसलाई चिन्न नसक्नु र चिन्ने बाटाहरूको अध्ययनमा लाग्नु। चिन्न सकेर पनि चिनेको छु भन्न नसक्नु र चिनेको मानिसको बेहोरालाई सहेर मात्रै बस्नु। मानिस हुनुको अर्को रमाइलो हुन्छ– मानिसकै भ्रममा फस्नु र भ्रमको चिरफारका निम्ति मानिसलाई पुस्तकका पानाहरू मानेर पढ्नु। मानिस हुनुको झनै गम्भीर विषय छ– मानिसको उल्टो र सुल्टो कर्म र काण्डका सीपहरू बुझ्नु र त्योभन्दा उन्नत मानव मस्तिष्कको अनुसन्धानमा चिन्तन गर्नु। मानिस हुनुको तात्पर्य मन र मस्तिष्कको सृष्टि अनि दृष्टिको रोचकता पनि हो। मनको मैदानमा मनको खेल र झेलको अन्तःकथाले मानिसलाई थप मानिस बनाएको छ। मानिसहरूले एउटै मानव मस्तिष्कको मण्डल बनाएका छन्। यिनले एउटै हृदयको द्वार पनि खोलेका छन्। मानिसभित्र मनको महाजाल पनि रचिएको छ। मनको मन्दिर पनि सजिएको छ। मनद्वारा मन पनि कँजिएको छ। मनबाटै मन बुनिएको छ र मनबाटै मन पनि थुनिएको छ।

यति शक्तिशाली र भक्तिमय मन भएको मानिसमा पनि व्यवहार धरातलमा उल्टो यात्राको सघनता बढ्दै गएको छ। त्यो आजको समयको उल्टो क्रम र छिटफुट हिजोकै उल्टोपनको निरन्तरता आदिलाई नियाल्दा मानिसप्रति गम्भीर सम्बोधन गर्नुपर्ने सन्दर्भहरू देखा परेका छन्। कहिले मानिस मानिसबाट निकै तलसम्म झरेका छन् त कहिले टुपीभन्दा निकै माथिमाथिसम्म पुगेर धरतीको गीत बिर्सी जिल्ल परेका छन्।

यसका खास कारणहरू छन्। अर्थात् मानिसलाई चिन्ने र नचिन्ने त्यस्ता मौसमी कमजोरीहरूको पहाडै बनिसकेको छ जसको उल्लेख गरेर सक्नु त छैन, तर अलिकति सङ्केत गर्नैपर्ने भएको छ। माथि नै उल्लिखित छ, आजको समयको मानिसमा एउटा जब्बरपन देखिएको छ– भोकबिनाको भोजन र भोजनबिनाको भोकजस्तै।

आज मानिस भावबिनाको भाषामा रटान लगाइरहेको छ। भावबिनाको भाषा बोलेर कस्तो संवाद गर्ने हो? जानिफकार पल्टेका मान्छेहरूलाई सोधिरहेछु। आत्मीयता नभएको प्रेम गरेर कस्तो नौटङ्की गरिरहने हो? दुनियाँलाई भनिरहेछु। सूचनाबिनाको समाचार र मानवताबिनाको विचार अनि स्वादबिनाको अचार पस्केर के पाइन्छ महोदय? यस्तो जीवन वनमा मन बहलाउन कस्तो साहित्यको सलेदो सल्काउँदा कुन कल्याणकारी भावको सुगन्ध उदय हुन्छ होला?

कतै आज मानिस हितबिनाको साहित्य अलापिरहेको छ। हितबिनाको साहित्य लेख्नु र प्रीतबिनाको मित लाउनु उस्तै होइन र? विद्वान् क्षेमेन्द्रले यस्तो साहित्य देखे भने भन्दा हुन्– औचित्यबिनाको साहित्यको सारेगम। सारेगमबिनाको सङ्गीतको धुन। धुनबिनाको गीतको गायन। गायनबिनाको समूह गिताङेहरूको कोरस। कोरसबिनाको रसधारा। रसबिनाको रचनाको धुरन्धरता र लयबिनाको आलय अलाप्नुको अर्थ बोध हुन्छ र?

बरु म यसको विरोधमा तालीको विपक्षी बनेर गालीका शब्दहरू चलाउने प्रयास गर्छु। भोकबिनाको भोजन गर्नेहरूलाई तालीबिनाको गाली गरेर लेख्नु नै आजको समयलाई गरिने उचित सम्बोधन हो झैँ लाग्छ। सोझो होइन, बाङ्गो या बटारिएको शब्दार्थले पाना भर भन्ने तर्क नै कलमले माग्छ।

हो, चोकचोकमा मानिसहरू चिच्याइरहेछन्– आसनबिनाको शासन बन्द गर अनि रासनबिनाको भाषणमाथि बन्ध्याकरण गर। तिम्रो चरित्रको चित्र देखेर मानिसहरूलाई उदेकको उराठले सताएकाले प्रभात र दिवा चित्रलाई सन्ध्याकरण र अँध्यारोकरण गर। तिमी देखिन लायक छैनौ भने साहित्यमा लेखिन पनि लायक छौ र? तिमी अब कुन नाटकको पात्र बन्न सक्छौ र? तिम्रो अभद्र भद्रताको अनाटकीय मञ्चन नै भद्दा नाटकिलो रङ्गमञ्च भइसकेको छ। तिमी यस्तो समय हौ जसलाई म गाली गर्न शब्द खेर गएको ठान्छु र तिमीलाई शब्दमा नकोर्नु नै मेरा शब्दहरूको सही सदुपयोग भएको मान्छु। तैपनि म तिम्रो मुहारहीन मुहार देखिरहन्छु र मैले देखेको मन नपर्दोपनलाई तिमीसामु बोध गराउन लेखिरहन्छु। तिमी मलाई मन पर्दैनौ भन्ने भावका सद्भावहरू वक्रतामै किन नहोस्, लेखिरहन्छु-लेखिरहन्छु।

अर्थबिनाको अर्थ लेख्नु नै आजको साहित्य बनेको हो भने म असाहित्य लेखिरहेछु।

सत्यबिनाको सत्ता चलाउनु नै आजको शासन बनेको हो भने म अशासन भोगिरहेछु।

अल्पज्ञानको शासनाधिकारीले समय हाँकेको हो भने म अल्प शासनको शासित जन भएर बाँचेको छु।

आफूबिनाको शासन चलेको हो भने म अनुशासनबिनाको शासनको जाँतोमा घुमिरहेको छु।

मानवताबिनाको मान्छे नै आजको समय पराकाष्ठा हो भने म अमान्छे बाँचिरहेछु।

म मेरो जिन्दगी मेरो रुचिबिना कसरी बाँच्न सक्छु? मेरा रुचिहरूलाई चिरेर कसैले मलाई आत्मीयताको अभिनय देखाउँछ भने म एक्लै त्यस्तो अभिनयहीन

जिन्दगी बाँचिरहेको छु। मेरो जिन्दगीको साहित्य र असाहित्य मैले लेख्ने हो, अरूले होइन। डोरीले बाँधेर साहित्य लेखिन्न र डोरीले बाँध्न पनि साहित्य लेखिन्न। तर आजको समयले मलाई साहित्य लेख्न हौस्याएको होइन, होच्याएको छ। म त्यसको प्रतिवादमा मानिसको साहित्य लेख्ने जमर्कोमा छु र भोकबिनाको भोजन र भोजनबिनाको भोकको साहित्य लेख्न मन पराउँछु। यसैमा जीवनको आधार संरचना र शासनको विसंरचना भेट भएको म पाउँछु।

हो, समय मज्जैले उल्टो दौडेको छ। म समयद्वारा शासित प्राणी कसरी सुल्टो दौडन सक्छु? समय धमिलो पोखरीमा पौडेको छ। म कसरी सङ्लो सरितामा पौडिन सक्छु? समय गन्तव्यहीन मन्तव्यमा मच्चेको छ। म कसरी प्रगतिको लक्ष्यमा लस्किन सक्छु? समय क्रूरताको क्रन्दनलाई काँचुली बनाएर बेरिएको छ। म कसरी कञ्चन करेलीमा हर्सिन सक्छु? समय क्षोभ र क्षुधाको बयलीमा बरालिएको छ। म कसरी सहस्र शक्ति र शाश्वत ज्ञानको आनन्द सागरमा बर्सिन सक्छु? म केही गर्न पनि सक्दिनँ भने समयसित यो भन्न सक्छु– समय, तिमीभन्दा राम्रो समय जन्माउन सक्छु। म त्यो राम्रो समयको जन्मकोखको कल्पना कोर्न सक्छु। म समयको सानो झिल्कोलाई ठूलो बनाउने सूत्रको साहित्य लेख्न त अवश्य सक्छु। म आजको समयसित आंशिक मितेरी र बाँकी वैरभाव राख्न सक्छु। म आजको समयको विरोधीपनको खण्डन र मित्रताको मण्डन गरिरहन सक्छु। म सुदूरमा उदाउने समयको इन्द्रेनीलाई बोलाउन सक्छु। म त्यो समय मेरो नजिक आइरहेको कल्पना र योजनामा आनन्दले टोलाउन सक्छु। म समय र समयका बीचको पक्ष र विपक्षको किनारमा उभिएर यिनको युद्धबाट निस्किएका खुवा र धूवाँलाई अलग-अलग पारेर राख्न सक्छु। अस्ताउने समयको अवसान र उदाउने समयको प्रतीक्षाका गीतहरू गाएर रोधीघरको आँगनीमा जिउँदो प्रमाण छर्न सक्छु।

हो समय, तिमीले सकेको तिमी गर र मैले सकेको म गर्छु। आज तिमी र मबीचको यो कटाक्ष कसैले रोक्न सक्दैन र तिम्रो अस्ताचलको फतफती गलेको दुर्गन्ध क्षितिजलाई कसैले काँधमा अबेरसम्म बोक्न पनि सक्दैन।

हो, समयबिनाको समयमा रहनुको बोध नै आजको जीवन जात्रा हो।

हो, मार्गबिनाको सवारीमा लम्किनु नै आजको जीवन यात्रा हो।

यस्तो जीवनको भुक्तभोगी अनुभूतिकारलाई नै यो सब बोध हुन्छ। उसलाई आजको समयले भित्रैसम्म छुन्छ। पीडाको बोध भएपछि नै त्यो आफ्नो वास्तविक भाव उरालेर रुन्छ। त्यसैले बनेको रहेछ उखान– पढेर होइन, परेर जानिन्छ। भोगाइको ज्ञानको बखान गरेर के पाइन्छ?

न्यायबिनाको न्यायालय धाउनुको मर्म मुद्दाको भारी बोक्नेलाई थाहा होला। मुद्दाको डामले डामेका पुस्ताहरू बटुल्नेलाई न्यायालयको न्यायको डाम पनि थाहा

होला। पानामा पढिने न्याय र विधानमा कोरिने न्यायमा त डामको निसाना नै शून्यमा झारिएकाले त्यहाँ केको मर्म बोध होला र?

जिज्ञासाहरू जन्मिरहन्छन्, आशङ्काहरू सल्किरहन्छन्, व्यथाहरू बल्झिरहन्छन् र प्रश्नका उत्तरहरू भने कतै नभेटेर अल्झिरहन्छन्। आशा र निराशाको बादल बदलिरहेको बेला चाहना एउटा र प्राप्ति अर्को भएको जिन्दगीको सारङ्गी रेट्नुपर्दा कुन झङ्कार र हुँकारमा लय मिलाउने हो भन्ने अर्को विरोधाभास आइलाग्छ। यसको सामनामा बहसिँदै जाँदा र मानिसको मस्तिष्कलाई मथेर मान्छेसितै मान्छेको मनमा लहसिँदै गर्दा अनेकानेक विरोधी तर्क-वितर्क-अतर्क-कुतर्कहरू ह्वारह्वार्ती जाइलाग्छन्।

यस्तै चाहनु र पाउनुको उल्टो क्रमबाट नै मैले सबल, सशक्त र सन्देशकेन्द्री चोला जिउन पाएको हो जस्तो लाग्छ र सानातिना दुःखका दर्दहरू पनि यसैबाट कुल्चिन सकेको आँट आउँछ।

मसित समयको मालिक बोल्दैन। किन बोल्दैन भने उसले मलाई चिन्दैन र चिने पनि गन्दैन। म उसले गन्ने मान्छे हुँ भन्ने पनि ठान्दैन। मैले उसको अघि स्वाभिमानको इमान नसाटेकाले उसको मप्रति वैरभाव सदासदा कायम छ। उसको अभिमान र मेरो स्वाभिमानको टक्कर कसैका लागि अक्कर नै किन नहोस्, यो जारी रहन्छ र रहिराख्नुपर्छ। त्यसैले म मालिकसित होइन, समयसित संवाद गर्छु, विवाद गर्छु, विचार राख्छु र विवेकको बन्धकी फुकाउने वाचा गर्छु। यिनै वाचाका घोचा लिएर भोक र भोजनको भकारीभित्र लुकेका-लुकाइएका भ्रममाथि भ्रमण गर्न अघि सर्छु।

मैले उठाएका यिनै समग्र प्रश्नको जवाफ त्यो रवाफ देखाएर बस्ने आजको समयले दिनुपर्छ। समयले सत्य र असत्यको जिम्मा लिनुपर्छ र मान्छेहरूलाई सही लाग्ने गरी सुनाउनुपर्छ। तर मलाई थाहा छ, समय कति लाचार छ। यसले जवाफ दिन सक्दैन। आफूले बिनाभोक नै हसुरेको कवाफको मोल तिर्न पनि सक्दैन। प्यास नलागीनलागी पिएको जलदानी मदानीको मूल्य बताउन पनि सक्दैन।

हो, आजको समय भोकबिनाको भोजन गरिरहेछ।

हो, आजको समय प्यासबिनाको जल पिइरहेछ।

हो, आजको समय भोजनबिनाको भोकमा मरिरहेछ।

हो, आजको समय जलबिनाको प्यासमा पिल्सिरहेछ।

भोकबिनाको भोजन खानु, खुवाउनु र भोकाहरूलाई भोजनविहीन बनाउनु नै मेरो मथिँगलको विद्रोह उम्लनु हो।

त्यस कारण म उम्लिरहेछु ज्वालामुखीको लाभा भएर।

म जन्मिरहेछु छिचिमिरा कीराको बथान भएर।

म उक्लिरहेछु काला पत्थरको उकालोमा सगरमाथाको आधार शिविर भएर।

म सोध्छु बारबार– भोकबिनाको भोजन किन खुवाएको र खाएको मेरो युगका मेरा भान्छेहरू?

म पुनः प्रश्नको झटारो फाल्छु– किन भोका मुखहरू जबर्जस्ती टाल्ने कुचेष्टा गरेको?

जति सोधनीका जुलुस निस्के पनि डाडूपन्यू लिएर बसेकाहरूको मनमा किञ्चित् छोइन्न। तिनीहरू खित्का छाडेर हाँसिरहेछन्। म क्रोधको प्रतिक्रियामा छटपट गरिरहन्छु। यहाँ म र महरूको छटपटको जुलुस उन्ने निबन्धकारहरू, कविहरू, नाटककारहरू, गजलकारहरू, गीतकारहरू, महाकविहरू, कथाकारहरू, उपन्यासकारहरू, समालोचकहरू शब्दको मालामा भावनाको तरेली उन्छन्। घनघोर साहित्य बुन्छन्। धरतीको मात्रै होइन, आकाशका ताराहरूकै मन छुन्छन्। संसारको प्रियताको दर्शन बटुल्छन्। इन्द्रेनीका मालाहरूजस्तै भारीका भारी सौन्दर्य पस्केर भान्छेहरूलाई सुनाउँछन्, देखाउँछन्, चिच्याउँछन्; तर शून्यताको जवाफ पाएर फेरि साहित्यको सागरमा मानव हितको मोती खोज्छन्, यात्रारत रहन्छन्।

मेरा प्रश्नहरू जिउँदै रहन्छन्–

भोकबिनाको भोजन किन?

भोकाएहरूको भोजन खोसेको किन?

म सगरमाथाको आँगनमा सगरमाथा हराएको समाचार पढ्न विवश छु। म भन्छु– यस्तो समाचारको भोक लागेको छैन क्या, किन कोच्याएको? म मायादेवीको छायामा बसेर माया खोसिएको कथा घोक्न बाध्य भएको छु। मेरो पारो तात्छ र भन्छ– यस्तो कथा पढ्ने भोक छैन भने पनि किन बारम्बार यही खुवाइन्छ मेरो मस्तिष्क फुट्ने गरी?

साना नानीहरूलाई अरुचि-अरुचि मात्रै पढाउने समय हो यो? पढाउने भए त हुन्थ्यो नि! घोकाएको छ। लदाएको छ। छदाएको छ। घोक्र्याएको छ ती कलिला कोपिलाहरूलाई। जीवनको रङ नमिल्ने रङहरू पढाएको नाटक गरेर। भोक नलागेको विषयको भारी बोकाएर चलाएको शिक्षाको सन्देश के हो? यसरी कक्षामा छात्रछात्रालाई मन नपर्ने पाठहरू खुवाइन्छ वा घोकाइन्छ। तिनले सोचेको, खोजेको, कल्पेको ज्ञान र आनन्दको विद्या प्रदान गर्ने प्रणाली प्रवचनको प्रपञ्चमै बूढो मरीच भएर चाउरिन्छ। उता साना नानीहरूको सिँगान पुछिदिने ज्ञानकर्मीहरू हातमा थमाइएका घोकवादी पाठबाहेक अर्को सूचना सम्प्रेषण गर्न वञ्चित छन्। घोक्रो फुलाएर घोकाएको परिश्रमबाट पेट नअघाएर तिनको त्यो भोक पनि दाउरिन्छ। भोजनको भोक पाउनु त परै जाओस्, भोक र भोजनको भेद पाउन पनि नसकेर जिन्दगीको गीतमै अल्झिन विवश छन्।

कतै भोजन चलिरहेछ भोक नलागेको ठाउँ र समयमा।

कतै भोजनले एक नजर लाउँदैन भोकले सुसुपाल भावनाको सुक्खा मरुभूमिमा। तब त गीत गाउन मन लाग्छ मलाई–

बन्द गरौँ भोकबिनाको भोजन

अन्त गरौँ मानव हृदयको रोदन।

अब म कुन गर्वको गीत गाएर जन्मोत्सवमा हर्ष पठाऊँ?

अब म कुन मर्मको साहित्य लेखेर शताब्दीका पाठकहरूलाई पढ्न दिऊँ?

यही भोज र भोकको विरोधी बाजा बजाएर कति युग मैले मेरो कलमलाई दुःख दिइरहने हो?

म कलमजीवी भएर भोकको भित्तामा मलम खोज्ने कल्पनामा कति क्यानभासका पानाहरू भरिरहने हो नबुझिने व्यङ्ग्यको बाङ्गो वचनले?

मैले मेरो मनका कान्लाहरूलाई फुल्न रोकेर राँके जुलुसमा दौडने दौरानी कहिलेसम्म चलाइरहने हो?

यस्ता अनुत्तरित र बेस्वादे सवालको घारीमा कहाँसम्म कति बहस गरिरहने हो?

भोकबिनाको भोजनले आजको समयलाई बिद्रुप बनाइरहेछ। अमृतका प्रवाहधारा बगाउने पृथ्वीलाई पनि समयले बेरूप पारिरहेछ। भविष्यको सुनौलो–नौलो जिन्दगीको जयगान जगाउने जाँगरहरूलाई पनि कुरूपतामा खसालिरहेछ।

पृथ्वीबिनाको मानिस र मानिसबिनाको पृथ्वीको कल्पना कतिसम्म प्राकृतिक हुन्छ होला? यस भनाइलाई बरु राजनीतिमा ल्याउन पाए विवेकबिनाको नेताको सम्मान गर्नु सट्टा नेताबिनाको कार्यकर्ता हुनुमा गर्व हुँदो हो। त्यसले नेतृत्वबिनाको नेता पाल्ने खर्च जोगाउँदो हो। समन्वयबिनाको सम्बन्ध राख्नुभन्दा सम्बन्धबिनाको जीवनमा आनन्द पाइँदो हो। तर यहाँ बाध्यतामा चलाइएको छ समयको घोडादौड। समयबिनाको समयको टिकटिक बजेको छ घडीघरमा। मञ्चहरू चलिरहेछन् सम्मानबिनाको अभिनन्दन र विभूषणको तक्मा भिराएर। चिच्याहट सूचनाको सुईले कर्ण प्रवेश गर्छ र प्रतीक्षाका पलहरूमा घोडाको टाप बजारिन्छ। बेमेल र अनमेलहरूको मेलको अर्थ कसरी लगाउने हो, थाहा छैन। यो शृङ्खलाबिनाको शृङ्खला र सिलसिलाबिनाको सिलसिलामा दौडिरहेको आँगन हो। यहाँ विकासको पुजारीलाई बिनाविकासको समाचार किन सुनाइन्छ? त्यसैले सोध्न मन लाग्छ समयलाई–

सुन्न मन नलाग्ने श्रवणवाणीहरू किन सुनाउँछौ समय?

देख्न नसकिने असुन्दर दृश्यहरू किन देखाइरहन्छौ समय?

हिँड्न नसकिने काँडैकाँडे बाटाहरू किन खनिरहन्छौ समय?

सुवासिला फूल फुल्ने उद्यानमा तेजाबको उत्पात किन खन्याइरहन्छौ समय?

ओखतीका बोतलहरूमा विषका घोलकहरू घोलेर भान्छाभान्छामा किन पुऱ्याइरहन्छौ समय?

के विषको भोक जागेको छ आजको मान्छेलाई? कि पैसाको भोजनका निम्ति बिनाभोकका यी भोजनहरू पस्किरहेछौ? के यसले पृथ्वी बचाउँछ? के यसले पृथ्वीका कलिला मुनाहरू जोगाउँछ? के यही हो मानव हित?

यति फराकिलो पृथ्वीलाई दृष्टिविनाको हेराइको के अर्थ?

यति अनन्त आकाशमा स्वतन्त्रताबिनाको उडानको के अर्थ?

जतिसुकै विश्लेषणको लेपन लगाए पनि कुराको चुरो त्यहीँ आएर ठोकिन्छ– भोकाएहरूबाट भोजन किन खोसेको? अघाएकाहरूलाई खानैपर्छ भनी भोजनले किन करकर गरेको?


भोकबिनाको भोजनले मानिसलाई गिज्यायो।

भोजनबिनाको भोकले मानिसलाई होच्यायो।

■

**युवराज नयाँघरे**

# कुम्लो बोकी तुम्लिङटार



बिहानैको शीतल रोज्यौँ हामीले!

हो, एकदमै बिहान। लेगुवाको भुकभुके उज्यालो। राति भोजपुरबाट यो घाटमा आएर आँखा मात्र झप्काएथ्यौँ।

आखिर हिँड्ने निधो गरेपछि केको अलमल!

पाँचै बजे खुट्टा लागे अरुणको तीरैतीर।

“चार घण्टामा त तुम्लिङटार!”

राति कानमै फुसफुसाएथे राजनकुमार कार्कीले। अरुण भ्याली होटेलका ती रसिला साहूले हामीलाई जोस्याए मज्जैले।

“जानोस्, जानोस्। हिँडीहिँडी जानोस्!”

अनि तातो पानी घुट्क्याएर हामी लम्क्यौँ गढतीर।

अरुण किनारको लम्बेतान बाटोका दुई छेउमा छ घरको लस्कर। धनकुटा र भोजपुरका पुराना बस्तीहरू। पाखा र अक्करे पहरा टुप्लुक्किन्छन्।

"यो छालाको जुत्ताले छालै लैजान्छ!"

भाइ उत्तम भट्टराई भर्खरै खुलेको पसलतिर पसे।

"दुई जोर गोल्डस्टार जुत्ता देखाउनु त!"

जोईपोइ थिए पसलमा। तिनको शरीरमा रातभरिको चाकाचुलीको छनक उत्रिएको थियो।

हामीले जुत्ता नापिरहँदा नि ती एकअर्कालाई कर्के नजरले हेर्दै मुस्काएका लाग्थे। छालाको जुत्ता मैले झुन्ड्याएँ झोलामा। भारी अरू थपियो कुम्लामा। सालघारी पुग्दा छ्याङ्ङ उज्यालो भयो।

उत्तरतिर टारजस्ता फाँट्ट देखिए– सोतेसोते।

हरिया धानका गरा र त्यसमाथि कुइरो कुदेको औधी राम्रो देखिन्थ्यो। आकाशको चिसो छोपेजस्तो– कुइराको रखबारी।

पहाडमाथि कुइराले छोपेथ्यो ड्याम्म।

अरुणसँगै छौँ हामी।

कहिले नजिक, कहिले घण्टौँ लाग्ने पर– अरुणको कलकल। भेट्ने र छुट्ने छँदै छ– शान्त अरुणसँग।

दक्षिणपट्टि देखियो– एकदमै लामो झोलुङ्गे पुल। हामी एकछिन थामियौँ।

"यो नेपालकै लामो पुल हो नि!"

"तर भत्किने हालतमा पुगेछ!"

भट्टराईले पुलमा काठे बाकल खुस्किरहेको देखेर भने।

पुलका दुवै मुखमा बस्ती थियो झुरुप्प। घिर्लिङ नि छताछुल्ल थियो। कति नराम्रो देखियो!

पुलडाँडा रहेछ यो गाउँ।

हामी एकोहोरो पश्चिमतिर लम्केका छौँ। अघिल्लो दिन खीर खाइएथ्यो तिवारी भन्ज्याङमा। त्यसको शक्तिलाई अझै निथारपिथार पार्दै छु म।

भाइ उत्तमका नयाँ दाइले बिस्कुट दिएका थिए। म उनलाई सम्झाउँछु– बिस्कुटबारे। उनले 'जेठानको बिस्कुट' भन्न छाडेका छैनन्।

अघिको घाट रे, यो चाहिँ खोला। हो, लेगुवा खोला। पुल तरेपछि सुरु भो– धानबारीको हरियो बैँस।

कुइरोले डम्म छोपेको छ। अरुण बग्दो छ दक्षिणतिर। उत्तरी पहाडी भित्तो समाउँदै हामी लम्केका छौँ लुइँलुइँ।

हरिया धानबारी र टाँडे घरले मधेस र पहाडको दुई खाले चरित्र देखाइरहेका छन्। चानुवा नाघेपछि गढतीर फेरि भेटियो।

दूध जोखिरहेकी पत्नी थिइन्। पति ह्वास्स गनाएका थिए रक्सीले। उनी हात लरबराउँदै कोक, फेन्टाको बोतलमा दूध भर्दै थिए।

नजिकै भैँसी, गाई उग्राइरहेका थिए। गोठबाट गोबरको रासबाट आलो बाफ उडिरहेको थियो। जाडोले गर्दा त्यो बाफमा हात सेकूँसेकूँ लाग्यो मलाई।

भर्खरै पसाएको धानबारी। मकैका टौवा। धानबारीमाझमा परालको अनौठो थान्कोमान्को।

कलकल खोला। अरुणको तीर चकमन्न छ। बेलाबेला अरुणको लहर पोखिएर आवाज आउँछ। नत्र सब थोक मौन, शान्त।

निकै लम्केपछि घामसँगै गर्मी आयो शरीरमा।

कुम्ले झोला छ, हिँडाइ छ, थकान छ। अनि नहोस् त गर्मी!

अघि छोपिएको कुइरो पनि माथिमाथि सर्दै बिलायो। नीलो अकास र नीलै अरुण नदी। मन पनि कस्तो नीलोनीलो!

अनौठा-अनौठा तरेली डाँडाहरू।

बाटामा भेटिने ससाना खोल्साहरू। घुमीघुमी गएको बाटो। दोब्रिईदोब्रिई गएको बाटो। फेरि धूलो छ चौपट्टै।

कति थरीको पानी!

पसिना तपतप! कुलो झरझर!! अरुणको कलकल!!!

पानीमय भएर हिँडिरहेको छु। मन पनि पानीको लहरझैँ भइरहेको छ निरन्तर... निरन्तर...।

दमार पुग्यौँ।

बाटो छेउमा चानुवा उच्च माध्यमिक विद्यालय थियो। पञ्चकले छोइसकेको छ। तैपनि भुराभुरी थिए चउरमा।

झुरुप्प बस्ती थियो।

आँखा नथाकेपछि शरीरले थाकेँ भन्नुको कुनै तुक नाइँ। अनि लम्किहाल्नुपऱ्यो। कुम्लो घरी कम्मर अनि काँधमा टाँसिरहेको छु पटकपटक।

गढतीरको बाटो। गर्मीले घुस्सा हानिरहेको छ राम्रैसँग।

बैरेनी पुगेर थकाइ माऱ्यौँ। पानी खान म डराएको छैन। झ्यास र वनले आजलाई सघाउने देखेको छु।

"यी अक्करे डाँडाहरू!"

उत्तम क्यामेरा सोझ्याउँछन्।

"हाम्रा पैतालाहरू!"

म मनको दुर्बिन मिलाउँछु।

अघिसम्म क्यै नदेखिने ठाउँमा अब डाँडा, वन र खोँचको मिसमास देख्छु। कुइरोले छाडेर सबै ह्वाङ्ङ पाऱ्यो।

निकै घुमाउरो छ बाटो।

रातो माटो छ। सर्प गुँडुल्किएजस्तो छ बाटो।

"हामीलाई हिँड्न त यति सास्ती छ!"

"बनाउन कति हैरानी भो होला!"

उत्तमको कुरामा अरू थप्छु म।

बाटो देखेर। पहाडको उँभो लहर अझ माथि सर्छ। बेँसीको फेद फैलेको छ अरुणसम्मै। हामी घरी उँभो र घरी उँधोको बेरबारमा हुन पुग्छौँ।

खोरिया खनेका पखेरा र फाट्टफुट्ट घर देख्दा जीवन घिस्रिएको लाग्छ। अनि हामी पनि चलमलाउँछौँ।

चारपाँच घर थिए डाँडाखर्कमा। पानी सकिएछ बोतलको। तिर्खा लाग्न थाल्यो। बाक्लो पोथ्राले बाटै छेकुँला झैँ थियो। आपट्टे घारी नाघेर केँवा खोला तर्दा पसिना बन्दै थियो जाडो।

धनकुटा छाडिएछ है!

खोलो तरेपछि ठूलो सूचना पाटीमा आँखा पुगे– 'आँखीभुइँ गाउँ विकास समिति, केँवा बेँसीमा स्वागत छ।'

लौ, स्वागत मानियो त!

चुवाडे केँवा बेँसीमा बस्न मन मानेन। आखिर बाटो सम्झेर मन नआत्तिएको होइन। फेरि हिँड्नु नै छ भोलि।

"मेरा खुट्टामा केही नयाँ कुरा आए है!"

बोलीसँगै लम्किरहेका छन् उत्तम।

"मेरा नि झन् नयाँ!"

उनले सुने कि सुनेनन् मेरा कुरा।

बेँसी नाघेपछि हात पऱ्यो जेठानको बिस्कुट। भोजपुरमै पाइएको त्यो बिस्कुटले भोक टारेन– बरु जिस्कायो।

अरुणको उर्लिएको लहर अब भोकसँग जोडियो। हो, आँखासँग रहरको छाल चैँ छुटेन– आइरह्यो घरीघरी।

नागबेली बाटो नाघेपछि अक्करे चेपमा पुगेछौँ।

ओहो, कस्तो डरलाग्दो दह! अरुणको बाङ्गो रह थियो यो घुम्तीमा। मास्तिर आपट्टे पहरो थियो। थिरीथिरी गर्दै गहिरो दहछेउबाट पारि पुग्यौँ। अहिले बाटो पुग्दा त यस्तो सातै जाने खालको छ। त्यो बेला के गतिगरास थियो होला त!

पारि पुगेर नि म त रहमै मन पुऱ्याएर बसेँ।

गलेको काँध बिसायौँ।

"कति खसे कति यी रहमा!"

सुर्ती बारीका डम्बरसिंह माझी भेटिए। उनी वारिपारि मान्छे तार्दा रहेछन्।

"मै नि भित्तोभित्तोका सालिम्बो समात्दै भीर कट्थेँ। साह्रै गाह्रो थियो!"

उनी धूवाँ छाड्दै ३० वर्षअघि सम्झिरहेका थिए।

"यो दहमा कति भरिया परे– लेखा न जोखा!"

"भीर नाघ्न यो अक्करे ननाघी धरै थिएन। घुमेर जाने अर्को बाटै छैन!"

"कति पटक तल दहमाथि सुन्तलैसुन्तला, भरिया चैँ पानीमुनि। धेरै चोटि देखेको थिएँ!"

"ढाकर घुमिरहेका हुन्थे दहभरि!"

"डोका, स्याउला र थुन्से नि देखिन्थे हरियो दहमा!"

माझीले बिस्तारै पुराना कुरा भने।

यी बोलीमा अत्यास, भय र त्रासदीका रिल जोडिएका थिए। मन चिसो भयो। छातीको रगत सुक्लासुक्ला भयो।

अजिँगर बटारिएको जस्तो बाटो। उबडखाबड ढुङ्गेनी बाटो। फेरि घाम चर्केर निधार पोल्न थालेको छ उखुमसँग।

कुम्लो राम्रैसँग गरुँगो भएछ। अघिल्लो दिन बिहेको निधो भएकाले भाइको मनमा मायालुको कुम्लो, मेरो छातीमा अनुभूतिको कुम्लो। दुवै थिच्चिएका छौँ परीपरीका कुम्लाले।

'रगत दिनुपरे दिऊँ, मर्नुपरे मरौँ

लिम्बुवान राज्यको स्थापना गरौँ!'

ठूलो ढुङ्गामा शुद्धसँग नेपालीमा लेखिएको थियो।

"राजनीति गर्नेले किरात लिपिमै लेखे पो कुरो मिल्ला त!"

भाइले असन्तोष देखाएँ। मैले ओठको कुनाबाट हाँसेर सघाएँ उनको प्रतिवादलाई।

घाम, भोक, थकाइ।

व्याख्या गरे यी तीनै कुराले, हामीलाई दुःख दिए। उल्लिबिल्ली पार्न थाले यी तीनले। सकेसम्म दपेट्न थाले तीनतिरबाट घेरेर।

झोलाले काँध पिल्ल्याएछ। औंधी नमज्जाले दुख्न थाल्यो। बाटामा बेलाबेलामा भेटिने धूलाको मुस्लाले झन् हुरुक्क भइरहेथेँ म।

बाटो मोडिएर मास्तिर लाग्यो– हामी चैँ बगरतिर।

हरियो काँसे घारी।

बोडी फलेका रहेछन् लहलह। भाइले मुठ्याए। भित्तातिर तीनचार घर थिए। कुकुरले हाम्रो चोरीचकारी देखेछ। ऊ जोडले भुक्न थाल्यो– हामी झन् जोडले बोडी चुँड्न थाल्यौँ।

कुकुर चुप लागेपछि हामी खान थाल्यौँ– हरिया कात्तिके बोडी मरकमरक।

पिलुवा खोलामा पुल बन्दै रहेछ।

हामी घुमेर झोलुङ्गे पुलतिर लागेनौँ। पुलको झार्लाङे लिस्नो झरेर बस्ती छिर्‍यौँ। तुम्लिङटारबाट आएका जिप 'पानीपानी' भएर खोला तर्दै थे।

अघि छुटेको मोटर बाटो पिलुवापारिको बेँसीमा भेटघाट भो। अब बाक्लो वन भेटियो। सालघारीको गर्मी र सकस। एकलास बाटो। गढतीरको उखर्माउलो। सबै कुरा मिलेको। पैतालामा अनौठो पोलाइ छ, दुखाइ छ।

बाटामा हुलाकी भेटिए– पूर्णबहादुर श्रेष्ठ।

मैले तीसौँ वर्षपछि हुलाकी भेटेको थिएँ। उनले भनेको कुरा झलझली सम्झना आयो– "बोल्ने कुरा बोलिहाल्छन्, बोक्न चाहिँ बोक्दैनन्!"

परदेशबाट चिठी आउन छाडेको कुरा उनले बताए।

बारीमा एउटी किरात कन्या चम्कीचम्की कुरा गर्दै थिई। बाख्रा, गाई, गोरु थिए सामुन्ने। निकै सिँगारपटार गरेकी त्यो कन्याको रूपको बयान यी पशुले के गर्दा हुन्? तर उसको हालत हेर्दा खसम कतै लाहुर पसेजस्तो लाग्थ्यो।

भोक लागेको छ नि बेस्सरी।

भन्नु पो कसलाई!

"भाइ, जेठानको बिस्कुट छ त?"

मैले भोक खप्नै सकिनँ।

ओठ खुलेनन्, आँखा बोले भाइका।

"छैनन्, सिद्धिए!"

कसरी रहन्छ त? एकाबिहानैदेखि त्यै खाँदै हिँडिरहेका छौँ। पानी पनि त्यै, भात पनि त्यै। अनि रहोस् पो कसरी?

दुम्कटा पुग्दा घाम झनै चर्कियो।

बिहान जाडो थियो र जस्तै पो भयो त! पसिनाले सारा लुगा निथ्रुक्क भए। रातो माटोमा घामको तेज झन् बढी हुँदो रहेछ।

तीनचार घर थिए। एक बाल्टिन पानी दुई भाइले बुत्यायौँ।

बाटामा तीनचार सुकिला मगर्नी थिए। खोलाको पानी मास्तिर ल्याएर लुगा धोइरहेथे ती।

"बालखको गोठालो बस्नु कि यी जडौरी धुनु!"

मैले उत्तर पाएँ।

अरुण नाघिरहेका छौँ।

गर्मीले गलाएर ज्यान सिद्रो हुनै आँट्यो। घाम, सालको वन र रातो माटो। यी तीन कुरा डरलाग्दा छन् यतिखेर। हामी पनि ज्याद्रा। नटेरीनटेरी लम्किरहेका छौँ।

"अलिक अनौठो लाग्दै छ आज!"

"के भाइ!"

"नदीमा आवाज छैन!"

हो, अरुण नदीमा कुनै खलबल छैन। शान्त, चुपचाप र मौन भएर यति विशाल खोलो बगेको आजै हो देखेको मैले नि।

अघिदेखि नियालिरहेका थिए भाइ। म चैँ मनकै आवाजमा घोलघालिएको थिएँ एक सुरले।

जति माथि गयो उति अरुण मौन छ, शान्त छ, सुनसान छ।

सायद धीरताको सङ्केत हो यो। सायद गम्भीरताको परिचय हो यो। सायद विशिष्टताको परिचायक हो यो।

हलुका लहर छ, आवाज छैन। पातला छाल छन्, बोली छैन।

अरुणको विशाल कम्पन के भित्र छ? के भित्री गहिराइमा आँधीहुरी छ? के अन्तर्तहमा खलबल छ? के अरुणले नाटकीय रूप पस्किरहेको हो हामीसामु?

यसो कुइनेटोमा देखियो हिमाल।

"नमस्कार छ मकालु!"

उत्तमले चिनाएपछि म बोलेँ।

हरिया डाँडाहरूको माझमा हठात् एउटा सेताम्मे चुली। मनमा एउटा भिन्नै खालको उत्साह सलबलायो। आँखाले अनायास नयाँ स्वादमा परेली झिम्कायो।

बाटामा कोदो टिपिरहेका आइमाईका हूल थिए। तल गढतीरको उब्जनी। माथि खरिखुन्ने डाँडो। कताकति तोरी फुलेका पाखा। कतै चैँ अक्करे भीर। ती भीरमा सुरिला रूख।

"यी सब दाना हुन्!"

"ए, रुद्राक्ष?"

"हजुर!"

भाइले बताए।

अचेल त भोजपुर, सङ्खुवासभातिर खुबै मौलाएछ यसको रोपराप। खाडीतिर हान्निएकाहरू नि यै रोप्न भएको जागिर छाडेर गाउँ पस्न थालेको सुनेथेँ हिजो राति लेगुवा घाटमा मैले।

बस्ती अलिक बाक्ला देखिरहेको छु। गाउँपिच्छे मकैको अलग-अलग उब्जनी भएको छ। कतै तीनपाते, कतै फलेका, कतै धानचमरा हालेका, कतै पाकेर पहेँलपुर भएका।

खहरे पुग्दा ज्यान ढल्नै लागेथे हाम्रा।

आँखै तिर्मिराउने घाम।

पानी खाने भाँडो कहाँ छुट्यो कहाँ। पत्तै भएन। ख्याल दुवैले गरेनछौ हँ। साह्रै आतेस भयो।

खहरेमा पानीले भुँडी भरियो।

"खड्का, बस्नेत, खत्री, कटुवाल बढ्ता छन्। कसकी छोरी चाहियो?"

पानी खुवाउनेले भने। तर उनी रहेछन् माझी।

हामीलाई केटी हेर्न आएका भन्ठानेर मेजमान गरे पानीको।

"अघि एउटा ठाउँ हेर्नुभो?"

"त्यो ठूलो ढुङ्गा?"

मैले नै उल्टै जिज्ञासा राखेँ।

"हजुर! त्यो नागथान हो। उहिल्यै एउटा ठूलो नाग त्याँ बस्थ्यो रे। वरपरका मान्छेलाई स्वात्तस्वात्त तानेर निल्ने गर्थ्यो। गाउँका गाउँ सखाप भए। अनि माथि गाउँका एक जना बिजुवाले खुबै विचार गरेछन्। जोखना हेरेछन्। पुच्छर ढुङ्गामै लुकाएर गाउँसम्म टाउको पुऱ्याई मान्छे खाँदो रहेछ नागले!"

"बिजुवाले बादल लागेको दिनमा चट्याङ पारी नागलाई मारेछन्। त्यै बेलादेखि यहाँ मान्छे बढेछन्, जायजेथा घटेनछ!"

माझीले हामीलाई सुनाए।

पानी नि खाइयो, कथा नि सुनियो।

हामी लम्क्यौँ। बाटामा सातटारे, गन्धेपानीजस्ता बस्तीसँगै झल्याकझुलुक भेट भयो।

रातमाटेको ढाँड उक्लिन साह्रै गाह्रो भो। भोक, थकाइ र गर्मीले सेकिएछौँ हामी।

हत्तेरिका, कस्तो एक थोपो हावा नचलेको!

भुतभुताउँछु म।

ढुङ्गा र रातमाटेको उबडखाबड बाटो। पिल्सिएको काँध। गरुँगो कुम्लो। भतभती पोलिएका छन् पैताला।

माथि चौतारामा पुगी ज्यान फालेर बसेँ।

उत्तम गीत गाउँदै थिए–

'अरुणपारि भैँसी किन्नु
सुडोरीले तान्नु हौ, सुडोरीले तान्नु
चन्द्रहारको लगन छैन
तिलहरीले मान्नु हौ, तिलहरीले मान्नु!"

गीतले कति धेरै अर्थ बोलेको! म त चौताराको चकमन्नमा पैतालादेखि टुप्पीसम्म शक्ति भर्न लम्पसार भएको छु।

पारि एउटी गोठाल्नी ज्यान छाडेर चउरमा सुतेकी छ। उसको फरिया सुर्केर घुँडामास्तिर पुगेको छ। एउटा बहर उत्ताउलिएर उसका तिघ्रामा साँसाँसूँसूँ सुँघिरहेको छ।

पर अरुणको लहर चुपचाप बगिरहेको छ... बगिरहेको छ।

मूल बाटो छाडेर हामी खोल्सो र खोँचको उकाली चढी बस्ती पुग्यौँ। थाप्लामा टुप्लुक्कियो– बानेश्वर निम्नमाध्यमिक विद्यालय।

तिरिमिरी देखायो गर्मीले। पैतालामा के मात्र भएको नहोला ? काँध त रातै भयो होला!

"भात काँ खाने त भाइ?"

"सातटारेमा।"

उत्तमले त भने।

तर त्यो सातटारे आयो कि गयो पत्तो छैन।

बाटोमा कलिलो बयर पाइयो। त्यै खाँदै छु म। बोडी टिपी भाइ खुवाइरहेका छन्। मलाई थामथुम पारेका होलान् बिचराले।

हामी बस्तीभित्र पसेछौँ। तिहारको चालामाला देखिन थाल्यो। सातटारेमा पसल भेटिए। सात-आठ घर थिए। मान्छे पनि त्यति नै हुँदा हुन्।

"खानैपरेपछि यो डाँडाको के खानु। माछाभात खाने सवा खोलाको!"

निर्णय र उर्दी भाइकै।

मैलै मान्नैपर्‍यो।

देखेजानेको छैन। काँ के पाइन्छ, काँ के जुर्छ, काँ के मीठो हुन्छ। हामी लम्किहाल्यौँ लुइँलुइँ।

मध्य १२ बज्यो।

बाफ रे कस्तो गर्मी! आज त हजार सूर्य चम्केका छन् कि के हो? संसारै तातो छ।

"आज त पृथ्वी बल्छ होला भाइ!"

मैले निधारको पसिना पुछ्दै भनेँ।

"सम्भव छ!"

उनले कन्चटको चिटचिट औँलाले पुछपाछ गरे।

सबै कुरा मिले आज। घाम, बाटो, हैरानी। अनि हामी पिसिन पुग्यौँ गज्जबले।

रातो माटोमा ठोक्किएको घामले फर्किएर हाम्रा अनुहारमा थप्पड हान्थ्यो। हामी चुपचाप पसिना निकाल्दै लम्किरहेका छौँ– चुपचाप... चुपचाप...।

हावा, घाम हरेक कुरा तातो।

"आमा, यो अग्र्यानिक धूलो!"

एउटा केटो बूढी आमालाई छाता ओढाउँदै डोर्‍याइरहेको थियो।

"बाबै, मीठो रैछ!"

बूढी नि कम्ताकी रै'छन् र!

उत्तम र म मूर्च्छा परेर हाँस्यौँ।

यो अक्करे भीर र विकटमा बुढियाले बुझिन्– अग्र्यानिक। देशले फड्को मारेको कसरी नभन्नु?

हिँड्न गाह्रो भो। हामी बस्यौँ निकै बेर एउटा बुटामुनि। दक्षिणपट्टि ठूलो चउर थियो। चउरमा साना केटा भोगटेलाई बल बनाएर खेल्दै थिए।

"बाबूहो, त्यो बल हाम्लाई देओ। बरु फूटबल किन्ने पैसो दिम्ला!"

मैले भनिछाडेँ।

केटाले के सुने। सुने नि यो विकटमा काँ किन्न पाउनु बल। तिनले टेरपुच्छरै लाएनन्।

घुम्ती आउँछन्। चेप भेटिन्छन्। खोँच झुल्किन्छन्। ती सबैलाई नापिरहेका छौँ हामी।

खुइय्य गर्छु म। थाकेर काँधको कुम्लो घरी दाहिने हुन्छ, घरी देब्रे। तर एकनासले पिल्लिएको छ दुवैतिर।

"भाइ, तीन ठाउँमा खती भो!

"काँकाँ?"

"खुट्टा, पेट र कन्चटमा!"

"त्यसको हिसाब भरे मिलाम्ला!"

मैले उत्तर पाएँ, तर ओखती पाइनँ।

भीर र अरुण मिलेका रहेछन् यो बाटोमा। कति ठाउँमा नदी फैलेको छ, कतै चेप्टिएको।

कतै सङ्खुवासभातिर ठेलिएको छ, कतै भोजपुरतिरै फैलिएको। कतै साँघुरिएर यतै बगेको छ, कतै फिँजारिएर उतै।

अरुणको अद्भुत सुन्दरताले मनमा बल भरेको छ। नत्र त जाँ टेक्यो खुट्टा, गाडिन्थे त्यैँका त्यैँ।

जिन्दगीमा प्रकृतिले दिने ऊर्जा आज म पाइरहेको छु।

एक बज्दा सवा खोलाको झोलुङ्गे पुलनिर पुग्यौँ।

भाइले अघि सवा खोलामा माछाभात दन्काउने कुरा भनेथे। याँ आएपछि त सब कुरा फास्सफुस्स।

मन साह्रै नियास्रियो।

"हन, के भा यस्तो!"

भाइ आफै जिल्लाराम।

केही अघिसम्म झुरुप्प घर, पसल रहेछन् यहाँ। तर आज बाटो घुमेर अलिक परबाट गएपछि अनि अर्को ठूलो पुल बनेपछि सबै पसल उठेछन्।

त्यहाँ थियो एउटा मात्र झुप्रो!

अरू सब खाली। रित्ता खेतबारीमा गाईबस्तु चरिरहेका थिए। बोकाबाख्राको लीला थियो। बाँसुरी बजाएर केटाहरू गोठाल्नीलाई इसारा गरिरहेका थिए।

बगर उराठलाग्दो गरी फैलेको थियो।

"खाने ठाउँ छैन!"

खान छैन भन्ने थाहा पाएपछि झन् जोडले भोक लाग्यो। तीँ लडीबुडी गर्न मन लाग्यो। मन थाम्नै गाह्रो भो।

हत्तेरिका, कति साह्रै लागेको भोक नि?

"माछाभात खाउँला भनेको। इस...!"

उत्तमले खोलातिर फर्केर आफैलाई लोप्पा खुवाए।

"अब अगाडि त पक्कै होला!"

मलाई फकाइफुलाइ गरे।

मैले नि थामथुम पारेँ आफूलाई। मन बुझाउनु त हो नि। अरू गर्ने कुनै शक्ति छैन। सामर्थ्यै नि छैन।

सवा र अरुण जोडिए।

दुई खोला जोडिएको ठाउँमा हामी एकछिन उभियौँ। भाइ र म भोकै मुखले यो एकान्तको हावा, आवाज पिउन थाल्यौँ।

"अरू थोक खा'कै हो नि!"

"यो अद्भुत अनुभूति खानु पो खानु!"

हाम्रा कुरा हावाले सुन्यो। घामले सुन्यो। प्रकृतिले सुन्यो।

तल भव्य खोलो छ। हामी मुख च्याप्पच्याप्प पार्दै लम्केका छौँ। पाएदेखि पिउन हुन्थ्यो सबै खोलो।

खोलामा पस्ने आँट नि छैन। जाँगर त झन् लापता छ धेरै बेरअघिदेखि। जोस त अझ मरेतुल्य भएको छ।

खोलाभरि ढडिया थापेको देखेपछि 'माछाभात' झलझली सम्झिनँ थालेँ मैले।

"अब एक झमटमा सवा खोला पुगिन्छ!"

उत्तम मलाई लम्काइरहेका छन्।

म काँधको झोला यताउता सार्छु। चस्मा पुस्छु। पैतालाको तातो बिर्सन्छु। भोक मार्ने कुरा मात्र सम्झेर हिँडिरहेको छु लुइँलुइँ... लुइँलुइँ...।

तीन बजे पुगियो सवा खोला।

माथि चैनपुर बजारदेखि आएको ठूलो पक्की सडक यहाँ मिसियो। पाँचसात घरपसल थिए। पिँढीतिर बूढाहरू टक्र्याकटुकुक बसेका थिए।

"जे पाइन्छ त्यै खाम्!"

मलाई हतारो भइरा' छ।

अनि सडक पूर्वको घरमा पसेर घटघटी पानी खायौँ। जुत्ता खोलेर ज्यान बिसायौँ।

'धाई' भन्छन् रे सवा खोलालाई राईहरूले।

खान पाइयो चिउरा दही।

थपीथपी होइन, पुगेस्पुगेस् गरी। जे होस् एकदुई आन्द्रा भरिए। सन्तोष मान्नुपर्‍यो।

चिउरा ढड्याउन पानी थपेँ मज्जाले। यति भएपछि अब तुम्लिङटार कसो नपुगिएला! थकाइले थेचार्न खोज्दै थियो– तर हामी बाटो सम्झेर लम्किहाल्यौँ। अब अलिक सजिलोसँग सवा खोला पुग्यौँ।

पुल तरेपछि छोटो बाटो रोजे उत्तमले।

उनी परे जानिफकार। फेरि भोजन खाएपछि तुजुग नि देखाउनैपर्‍यो। अरू सात खुन माफ!

अनि सवा खोलाको पुलपछि ठाडै उकाली लाग्यौँ हामी। रातो माटो निकै अप्ठ्यारो थियो। गल्छेडो बाटो छिचोल्दै बस्तीतिर पाइला पसे।

निकै हिँडेपछि बाँसघारीभित्र पुग्यौँ। भीर भएर उत्तरपश्चिम लागे हाम्रा ज्यान।

यीँबाट पारि खाँदबारी झल्याकझुलुक देखियो।

बाटामा रुद्राक्षको माला लगाएका बूढाले अर्का बूढालाई भन्दै गरेको सुनेँ– "हैन हउ, झपाडे दाहालले पाँच लाखमा जम्मै बोट दियो रे त!"

"म त आठ लाख घटी दिन्नँ!"

अर्का ढ्याउ बूढा बोले।

उनी बातैपिच्छे ढ्याउ गरिरहेका थिए।

"यस्तरी के पुगिएला र आज त!"

उत्तमको अर्थ यै थियो। उनी मलाई कुर्दै अलिक पर पुगेर बसिरहेका थिए।

रुद्राक्षले घरबस्तीमा पारेको प्रभावबाट साह्रै छोइएको थिएँ म।

उनीहरू एक मुखदेखि २८ मुखे रुद्राक्षका कुरामा निकै डुबेका थिए। पाँच मुखे रुद्राक्षका लागि चैनपुरका केटा जुधेर रगतपच्छे भएको कुरा नि गरिरहेथे उनीहरू।

निकै माथिबाट हेवा र सवाको दोभान देखियो। खोलाको गढतीरको माथ्लो भाग भएर हामी बाँसघारी नाघिरहेका छौँ। गाईबाख्रा, भैँसी चराइरहेका बूढाबूढी बाक्लै भेटिन्छन्।

एकोहोरो उत्तरपश्चिम लागेपछि बार नाघेर हामी बस्तीतिर पस्यौँ। चारपाँच आइमाई मासबारीमा घाँस काटिरहेका थिए।

"तुम्लिङटार आयो नि है अब?"

मैले खसखस पोखेँ।

"आयो!"

दुई चुल्ठे आइमाई छोटोमा बोलिन्।

मूल बाटो पुग्ने बेलामा फेरि अर्की आइमाई बोलेको सुनियो– "ब्याउन लागेकी आइमाईजस्ता भएछन् केटा त!"

घाँसको मुठो डोकामा फालिन् तिनले।

ओहो, हाम्रो हालत!

मूल बाटो पुगियो।

तुम्लिङटार टेकेपछि मलाई मधेस पुगेजस्तो लाग्यो। बिहानदेखि हिँडेका त्यत्रात्यत्रा पहाड, अक्करे भीर, खोँच कता बिलाए कता!

कहाँबाट यो समथर मैदान? कसरी बनेको समथर चउर? के गरी तराईजस्तो लमतन्निएका बारीका पाटा?

घोर अचम्म मान्दै लम्किरहेको छु म।

"कार्तिक ५ गते आज। दुई हजार एकहत्तर साल पनि!"

"आउन जुरेको रैछ यो टारमा!"

भाइलाई भनेँ मैले।

संसारकै होचो उपत्यका। समथर पनि अनौठो ढङ्गले बनेको। अरुण र सवा खोलाको माझमा लमतन्निएको। खाँदबारी अग्लिए पनि तुम्लिङ भने फराकिएर बसेको टार।

सुपारी, नरिवलका सुरिला रूखहरू। आँप, कटहर फल्ने मधेसको हावापानी। मास, बोडी, कोदो फल्ने पहाडको वातावरण।

एक तले टाँडे घर।

आँखाभरि फूलैफूलका बोट। वरिपरि पहाडले घेरिए पनि साइकल कुदाइरहेछन् केटाकेटी। पहाडका हरिया डाँडाले घ्वाप्पघ्वाप्प घेरे पनि गर्मीमा पाइने भैँसीका बगालको लर्कन।

एक खालको अनौठो छायो आँखाभरि।

मन अचम्मले घेरियो। छातीमा छक्क पार्ने रगत सलबलायो।

मास झुलिरहेका गरा। उखू उम्रेका करेसाबारी। फिलुङ्गे लहलहाइरहेका टारहरू।

तुम्लिङटारको भीडभाड नजिकिँदै जाँदा धागो तानिएजस्तो सिधा बाटो निकै हिँड्यौँ हामी। पहाडमाथि यति धेरै अनौठो भूमि टेक्दा म निकै छक्क परिरहेको छु।

"ऊ बेला कुमालका घर थिए यहाँ। तिनले बनाएका माटोका भाँडाले जम्मै जिल्ला धानिन्थे। अब त जग्गा नै लाखौँमा बिक्री हुन थालेपछि १००/५० को भाडो कसले पोली बस्ने!"

ढाड पूरै कुप्रेकी एक कुमाल बूढीले बताइन्। मैले तिनको अनुहारमा राम्रो गाग्रीमा भरिएको चिसो पानी देखेँ।

झमक्क साँझ पर्दा विमानस्थल नजिकैको बुद्ध होटेलमा कुम्लो बिसायौँ हामीले। सबै लुगा फुकालेर म त पसारिएँ। १० घण्टे हिँडाइले विश्राम पायो।

नतिजा– दुइटै खुट्टाका पैतालाभरि फोका थिए जलजलाउँदा!

■

## सरोज घिमिरे कर्कट काश्यप

# समय



समय भनेको गतिमय अवस्था हो। समय निरन्तर चलिरहने एउटा प्रक्रिया पनि हो। समयले वर्ष, महिना, पक्ष, हप्ता, दिन, घण्टा, मिनेट, सेकेन्ड, घडी, पला आदिलाई बुझाउँछ। हामी प्रायजसो कति बज्यो भनेर प्रश्न गरिरहेका हुन्छौँ। यो पनि समयको जानकारी लिने प्रश्न हो। आज ढिलो भएछु वा छिटो भएछु भन्नु भनेको कुनै काम गर्न समय कम छ वा प्रशस्त छ भनेर गरिएको अनुमान हो। समय आफैमा राम्रो वा नराम्रो भने हुँदैन। आफूलाई अनुकूल पर्ने समयलाई राम्रो साइतका रूपमा लिइन्छ। आफूलाई हानि गर्ने वा प्रतिकूल हुने समयलाई खराब साइतका रूपमा लिइन्छ।

आज संसारका सबै देशमा समयको पालन गरिन्छ। संसारका सबै देशको समय भने एउटै हुँदैन। हामी बसेको पृथ्वी गोलाकार छ। पृथ्वीको आकार झन्डै चेप्टो परेको सुन्तलाजस्तो छ। पृथ्वीले प्रत्येक २४ घण्टामा आफैमा एक फन्को लगाउँछ। पृथ्वीले सूर्यलाई एक परिक्रमा लगाउन ३६५ दिन लाग्छ। पृथ्वी आफैमा घुम्दा सूर्य भएतिर फर्केको भागमा दिन हुन्छ भने सूर्य नभएको भागतिर रात हुन्छ। यही दिन र रात हुने प्रक्रियाका आधारमा समयको निर्धारण गरिन्छ। सबै देशमा घाम झुल्केको समयलाई बिहान मानिन्छ भने घाम अस्ताउने समयलाई साँझ मानिन्छ। प्रत्येक देशले आफ्नो मध्य आकाशमा घाम आएको समयलाई मध्याह्नको १२ बजेको मान्छन्। मध्याह्न भनेको दिनको बीच समय हो। उत्तरी र दक्षिणी गोलार्द्धमा भने कैयौँ दिनसम्म घाम लाग्ने र कैयौँ दिनसम्म रात परिरहने पनि हुन्छ। पृथ्वी आफैमा घुमिरहे पनि गोलार्द्धमा भने एउटा समयमा घाम देखिँदैन अनि अर्को समयमा घाम छेलिँदैन। यसरी त्यहाँ दिन हुँदा धेरै समयसम्म र रात हुँदा पनि धेरै समयसम्म हुन्छ।

पृथ्वी आफैमा घुम्दा पश्चिमबाट पूर्वतिर घुम्छ। त्यसैले पूर्वमा पहिले घाम झुल्किन्छ भने पश्चिममा क्रमश झुल्किँदै जान्छ। अमेरिकामा घाम उदाउँदा नेपालमा दिउसो भइसकेको हुन्छ। नेपालको समय अमेरिकाको भन्दा नौ घण्टा ४५ मिनेट छिटो छ। यसको अर्थ हो– अमेरिकामा रातको १२ बजेको बेला नेपालमा बिहानको पौने १० बजेको हुन्छ। नेपालको समयभन्दा जापानको समय सवा तीन घण्टा छिटो छ। हामीले साँझ छ बजे खाना खाँदा जापानमा सवा नौ बजिसकेको हुन्छ। रमाइलो कुरा त के छ भने अमेरिकामा आइतबार रातिको १० बजेको बेला नेपालमा सोमबार बिहानको सात बजेर ४५ मिनेट गएको हुन्छ। आखिर समयको आधार भनेको सूर्य नै हो।

समयको निर्धारण पृथ्वीका मानक रेखा देशान्तरका आधारमा गरिन्छ। पृथ्वी गोलो भएकाले एक फन्कामा ३६० डिग्री घुम्छ। यसैलाई पूर्वी र पश्चिमी गरेर छुट्याइएको हो। लन्डनको ग्रिनविच भन्ने ठाउँलाई शून्य डिग्री देशान्तर मानेर पूर्व १८० डिग्री देशान्तर अनि पश्चिम १८० डिग्री देशान्तर मानिएको छ। २४ घण्टामा ३६० डिग्री घुम्ने भएकाले एक घण्टामा १५ डिग्री घुम्न सक्छ। नेपाल ८६ डिग्री पूर्वी देशान्तरमा पर्ने भएकाले नेपालको समय संसारको मानक समयभन्दा पौने छ घण्टा अर्थात् पाँच घण्टा ४५ मिनेट छिटो छ। ग्रिनविचको मानक समय रेखाबाट प्रत्येक १५ डिग्री पूर्वी देशान्तरतिर लाग्दा एक घण्टाको दरले छिटो हुन्छ भने पश्चिमी देशान्तरतिर लाग्दा एक घण्टाकै दरले ढिलो हुन्छ।

समय निरन्तर चलिरहन्छ। समयको अनुशासन तोड्न कसैले पनि सक्दैन। हामीले समय थाहा पाउन घडी तथा पात्रो हेर्ने गर्छौं। चलनचल्तीमा रहेको समयअनुसार ६० सेकेन्डको एक मिनेट हुन्छ। ६० मिनेटको एक घण्टा हुन्छ। यसै गरी २४ घण्टाको एक दिन र एक रात हुन्छ। सात दिनको एक हप्ता हुन्छ। १५ दिनको एक पक्ष हुन्छ भने ३० दिनको एक महिना हुन्छ। नेपाली पात्रोअनुसार दुई महिनाको एक ऋतु हुन्छ भने अङ्ग्रेजी पात्रोअनुसार तीन महिनाको एक ऋतु हुन्छ। १२ महिना वा छ ऋतुको एक वर्ष हुन्छ।

यसै गरी एक ऋतुमा दुई मास हुन्छन्। मास भनेको महिना हो। एक मासमा दुई पक्ष हुन्छन्। १५ दिनको समयलाई एक पक्ष भनिन्छ। कृष्ण पक्ष र शुक्ल पक्ष गरेर दुई पक्ष हुन्छन्। चन्द्रमा देखिने उज्याला रात भएको पक्ष शुक्ल पक्ष हो भने अँधेरी रात हुने पक्ष कृष्ण पक्ष हो। पक्षभित्र प्रतिपदा, द्वितीया, तृतीया..., पूर्णिमा, औँसीजस्ता १५ वटा तिथि रहेका हुन्छन्। रात वा दिनमा चारचार प्रहर रहेका हुन्छन्। तीन घण्टाको समयलाई एक प्रहर भनिन्छ। एक घण्टामा दुई घडी आधा समय हुन्छ भने एक घडीमा ६० पला समय रहेको हुन्छ। समयको सूक्ष्म बिन्दुलाई निमिष भनिन्छ। एक पल्ट आँखा झिम्क्याउन लाग्ने समयलाई एक निमिष भनिन्छ।

हाम्रो जस्तो देशमा प्रत्येक वर्ष जाडो र गर्मी हुन्छ। पृथ्वीले सूर्यलाई परिक्रमा गर्दा सूर्यको नजिक भए गर्मी र टाढा भए जाडो हुने गर्छ। पहाडी र हिमाली भागमा जाडो बढी हुने र तराईमा गर्मी बढी हुने कारण चाहिँ समयले मात्र नभएर उचाइले पनि हो। जति अग्लो भूभाग भयो त्यति हावाको चाप कम हुन्छ। जति होचो भूभाग भयो त्यति हावाको चाप बढी हुन्छ। हावाको चाप कम भएका ठाउँमा जाडो बढी हुन्छ भने हावाको चाप बढी भएका ठाउँमा गर्मी बढी हुन्छ।

समय सबैलाई बराबर प्राप्त हुन्छ। हामीले पैसा तिरेर थप समय किन्न सक्दैनौँ। पाएको समयलाई सही सदुपयोग गरेर राम्रो काम गर्न भने अवश्य सक्छौँ। बितेको

समय फर्केर आउँदैन। पछुतो गरेर हामीले हिजोको समय सच्याउन सक्दैनौँ भने आजको समयमा राम्रो काम गरेर भोलिलाई राम्रो बनाउन सक्छौँ। संसारमा धेरै प्रगति गरेका सफल मानिसहरूले धेरै समय पाएका होइनन्। तिनले त केवल आफूले पाएको समयलाई राम्रो उपयोग गरेका हुन्। हामीले पनि मनोरञ्जन, अध्ययन, व्यायाम, खानपान आदिमा समयलाई उचित तरिकाले विभाजन गरेर काम गर्‍यौँ भने सफल बन्न सक्छौँ।

■

**डा. रजनी ढकाल**

# पृथक् पाइला : पृथक् अनुभूति



आजको यात्रा लोबुचेको।

लुक्ला, फाक्दिङ र गोरकसेपबाहेक 'चे'-कै संयोग रहेछ खुम्बू क्षेत्र। यिनै 'चे'-हरूमा बितिरहेछन् हाम्रो यात्राका बिहान, दिन र साँझहरू। नाम्चे, स्याङ्बुचे, तेङ्बुचे, दिबुचे, पाङ्बुचे, लोबुचे आदि-आदि...। कालापत्थर गएर फर्केपछि अर्को 'चे' फेरिचे त जानै बाँकी छ। जहाँ मानव बस्ती छ त्यो ठाउँको नामको अन्त्य 'चे'-मा हुँदो रहेछ। यथार्थमा कालापत्थर चढ्ने भऱ्याङ हुन् यी प्रत्येक 'चे'-हरू।

"ए, ल तिमी पनि खाऊ! हामीले त खाइसक्यौँ। बुबाले त मीठो मानीमानी खानुभयो।"

झल्याँस्स भएँ म। सपना पो देखेछु!

उहाँहरूले के खानुभएको थियो, त्यो चाहिँ याद गर्न सकिनँ।

रातो साडी, हातभरि चुरा, सिउँदोमा सिन्दुर... सधैँको जस्तो हँसिलो अनुहारमा सोफामा बसिरहनुभएको थियो सासू आमा। ससुरा बुबा पनि आमाकै छेउमा हुनुहुन्थ्यो। मृत्यु वरण गरिसकेकाहरू सपनामा देखिँदा त्यति उज्याला देखिन्नन् भन्छन्। त्यस्तै देखेँ बुबाको मुहार चाहिँ।

दिवङ्गतहरू सपनामा आएकोमा चिन्तित हुन्छन् मान्छेहरू, तर मलाई भने खुसी लाग्छ। डेढ वर्ष भयो उहाँहरू दुवैले यो धरतीलाई छाड्नुभएको। बाँचुन्जेल परेवा जोडीजस्तै हुनुहुन्थ्यो। मेरो सपनामा पनि सधैँ सँगै देखिनुहुन्छ। म कामना गर्छु– उहाँहरू जहाँ भए पनि एकसाथ रहनुहोस्!

सपनामा विभिन्न सन्देश निहित हुन्छ पनि भनिन्छ। यथार्थ सन्देश के होला, म जान्दिनँ। तर मैले ठानेँ, उहाँहरू हामीले गर्दै गरेको यात्राका लागि सफलताको शुभकामना दिन आउनुभएको हो।

जुरुक्क उठेर ट्वाइलेट गएँ। फर्किएर कोठामा आउँदै गर्दा सम्झिएँ आफैले टेक्न ल्याएको लट्ठी। सासूससुराको चिनो यही त छ मसँग। राखेकै ठाउँमा जस्ताको तस्तै रहेछ। च्याप्प समाएँ। ससुराले १५ वर्षअगाडि किन्नुभएको थियो यो लट्ठी। यस लट्ठीमा म झलझली उहाँहरूको प्रतिबिम्ब देख्छु।

× × ×

छि:छि: यो डफलब्यागको चेन लगाउन कति गाह्रो हो!

चिसोले गर्दा ब्याग नै कक्रक्क हुने। हरेक बिहानको केही समय मैले यसैमा खर्चिनुपर्छ। बेलुका गिलासमा राखेको तातो पानी ठिहीले जमाइसकेको हुँदो रहेछ। जमेको फेसवास क्रिम जोडले थिच्दा पनि सहजै बाहिर निस्कन मानेन भन्थिन् साथीले। जे पनि जम्छ यहाँ। पानी त बग्नेभन्दा छिटो जम्ने हुँदो रहेछ। जेजे जमे पनि मन जमेको छैन अहिलेसम्म। साँची मान्छेको मन जमेर हिमताल भयो भने के होला? तरङ्ग उठ्छ मनमा।

परिस्थितिसँग हाँस्नु र त्यसैमा आनन्दित हुनु पनि यात्राको रमाइलो हो। हामी हिँड्ने बेलामा सहयात्रीहरूको दिङ्बोचे बसाइका रोचक कथा फुत्तफुत्त निस्किरहेका छन्। यति धेरै मानिसलाई दुई रातको वास र खानपानको व्यवस्था गरिदिने रिसोर्टका कर्मचारी आज पनि उस्तै फुर्तिला भएर काम गरिरहेका छन्। लेकाली हावापानीको शक्ति।

न्यायो छ डाइनिङ हल। डाइनिङ हलमा आएपछि तातो पानीको कुण्डमा बसेजस्तै महसुस हुन्छ।

आज अनु र रिनूको अवस्था राम्रो छ। डा. इन्कूलाई चाहिँ रातभर मन्द जरो आएको रहेछ। तैपनि उनी हिँड्न तयार भएको देख्दै छु। मनीषाले चाहिँ यहाँभन्दा माथि नजाने मानसिकता बनाएकी रहिछन्।

उनी भन्छिन्- "तेङ्बोचेबाट आएको दिनदेखि मेरो सातो लिएको छ यो हावाले। म हिँड्न सक्दिनँ होला।"

उनको कुरा सुनेर नरमाइलो लाग्छ। मनीषालाई साथ दिन मार्तुङ्गी पनि यतै बस्ने रे। दुई जना सहयात्री दिङ्बोचे रिसोर्टमा बस्ने र अरू अगाडि बढ्ने निर्क्योल हुन्छ। उनीहरू दुवै ब्याङ्कका कर्मचारी। पैसा, ब्याज, नाफा र घाटाको हिसाब गर्ने उनीहरू आफ्नै जीवनका पाइलाहरू हिसाब गर्दै छन् आज। हिसाब त हिसाब नै हो, तर अर्थको हिसाब र पाइलाको हिसाब फरक लाग्दो हो तिनलाई।

हिजो चढेको डाँडो थोरै उक्लेपछि छोर्तेनबाट बायाँतिर सोझिन्छ लोबुचेको बाटो। थोरै ओर्लिएपछि आउँछ एउटा थुम। बायाँतिर हाम्रो स्वागतमा उठेका छन् हिमालहरू। ड्युटीमा खटिएका पहरेदारझैँ लाग्छन् खाङ्तारी, काङ्तेगा, नुम्बुर, क्वाङदे, तावाचे, चोलात्से, लोबुचे। हिमालहरू यसै गरी निर्बाध मुस्कुराउँछन् पदयात्रीसँग र उनीहरूलाई अगाडि बढ्न हौस्याउँछन्। यिनैको सौन्दर्यले त तानेको छ विदेशी पर्यटकलाई। यति नजिकबाट देखिने अग्ला हिमालसँग मितेरी लगाउन जोसुकै पदयात्रीको पनि उत्कट चाहना हुन्छ।

ओहो सौन्दर्य! के मात्र हेर्नु। के मात्र अनुभूत गर्नु। हिउँको सौन्दर्य। अनुभूतिको सौन्दर्य। गौरवको सौन्दर्य। हिमाली पाखापर्वत सौन्दर्यको अनुपम थलो हो। कोही हाम्रा लागि उठिरहेछ सदियौँदेखि। हाम्रा लागि अग्लिइरहेछ र हाम्रो हीनताको धरातल खुर्किइरहेछ। बाटोमा हिँडेका यात्रीको लहरमा उत्साह र सौन्दर्यको अनुपम मेल छ। समूह भनेर छुट्याए पनि छुट्टिएको छैन हाम्रो लहर। एकएक पाइला मन्दमन्द चलिरहेछन्, चलिरहेछन्। कछुवा अनुशासन छ हामीसँग। जितको झन्डा फहराउने सपना पनि छ!

तलतिर फेरिचेको बस्ती छ। हामी आँखा तन्काउँछौँ, कति सुन्दर उपत्यका। सुन्दर र व्यवस्थित बसोबास। छेउबाट बगेको खोलो। फराकिलो चउरको अर्को नाम हो फेरिचे। त्यसैको नजिक उठेका छन् पहाड र उठ्दाउठ्दै बनेका छन् हिमशैल। फेरिचे र दिङ्बोचे दिदीबहिनीजस्ता। यताउताका मान्छेलाई केही परे यिनै दुई बस्तीबाट गर्जो टार्छन् रे। अझ फेरिचेमा त हस्पिटल पनि रहेछ। ससानो सहर नै रहेछ। फेरिचे यस क्षेत्रको व्यापारिक थलो बनेको रहेछ। हामी हिँड्दाहिँड्दै ३४ ओटा हेलिकप्टर आए, बिसाए अनि उडे। यहाँबाट माथितिर हवाईमार्गबाट सामान र यात्री ओसार्न हेलिकप्टर प्रयोग हुने रहेछ। लुक्लाबाट यहाँ वा काठमाडौँबाट सिधै यहाँ आउने रहेछन् हेलिकप्टर। यहाँ बिसाएर फेरि माथि लाग्ने रहेछन्।

फेरिचेलाई नियाल्दै गर्दा म अर्चना थापाको 'सत्य' कथा सम्झिन्छु। कथामा अमेरिकी स्वास्थ्यकर्मी सर्लीसँग पहिलो पटक हेलिकप्टरबाट फेरिचे पुगेकी अलकाको अनुभूति आँखैअगाडि घुम्छ। उनीहरूले यहाँको हेल्थपोस्टलाई गर्न लागेको सहयोगको सन्दर्भ र फेरिचेजस्तो ठाउँमा बसेर विकसित मुलुकले तेस्रो मुलुकमाथि गर्ने जासुसीको भयानकता अनि कथाबाट लेखकले उठाएका चेतनाका अनेक सन्दर्भ पनि मनमा सलबलाउन पुग्छन्।

"काठमाडौँको ट्याक्सीजस्तै हो यहाँको हेलिकप्टर त!" लक्मी भन्छिन्।

काठमाडौँबाट यात्रु र सामान ल्याएका हेलिकप्टर फेरिचेमा आएपछि रोकिनैपर्ने रहेछ। यहाँ रोकिएर निश्चित तौल मात्र लिई उड्नुपर्ने रहेछ माथितिर। यहाँभन्दा माथि जान हेलीलाई पनि हाम्रै जस्तो व्यथा सहनुपर्दो रहेछ।

बाटो तेर्पायाँ भएर पनि छिटो हिँड्न सके पो! स्वाँस्वाँ बढेकै छ, तर यसमा पनि आनन्द लागेको छ। उकालोमा पुगेपछिको हालत के हुने होला? आफैलाई थुमथुम्याउँछु– 'यही अनुभव गर्नका लागि त आएकी हुँ म यहाँ।'

खोलो भेटिन्छ, तर पहिरो गएर बडेमानको आकारमा फिँजारिएको। पारि तर्ने कहाँबाट हो? पानी कताबाट बगेको छ? यो पानी बग्ने खोलो हो कि ढुङ्गा बग्ने? यतिबिधी ढुङ्गाका रास कसरी आए खोलामा? बडेबडे ढुङ्गाहरू छन्। परपरबाट ससाना ढुङ्गा खस्दै पनि छन्। हेर्दाहेर्दै लामो सास तान्छु। खोला र ढुङ्गा देखेरै डराउने चाहिँ परिनँ म।

सानोमा मामाघर जाँदा आँधीखोलो कति तरियो, तरियो। आँधीका चिप्ला ढुङ्गामा कसरी टेक्नुपर्छ र पानीको बहावसँग जुध्न दह्रा खुट्टा कसरी बनाउनुपर्छ, आमा र मामाले मलाई सानैमा सिकाएको पाठ हो। एक पटकको तिजमा मामाघर जाँदा बढेको आँधीले झन्डै बगाएन हामीलाई। खुट्टाले तर्न नसकिने आँधीमा डुङ्गा लागेको रहेछ। डुङ्गाको सहारा लिनैपऱ्यो। भेलले डुङ्गा निकै तल पुऱ्यायो। झन्डै घोप्ट्याएन। त्यो दिन डुङ्गा घोप्टेको भए आजको दिन के देख्न पाउँथेँ र मैले!

सम्झनाले आँधीको पानीमा डुबाए पनि हाम्रा खुट्टा पानीमा थिएनन्। यहाँको पानी त कताकता ढुङ्गामुनि बगेको रहेछ। ढुङ्गाबाट हिँड्नु त हो। बरु हिँड्दै गर्दा पैरो नझरे हुन्छ। खुट्टाहरू चिप्लेर पानीमा नखसे हुन्छ। बुट भिजे त बर्बादै हुन्छ नि! ढुङ्गैढुङ्गाको बगर बनेको खोलो तर्नै १६ मिनेट लाग्यो हामीलाई। थोरै उकालो लागेपछि एउटा बोर्डमा लेखिएको रहेछ– 'थुक्ला, ४,६२० मिटर।'

यहीँ माथि रहेछ खाना खाने होटल। मिलेर लहरै बसेका होटलअगाडि फराकिलो आँगन। आराम गर्न मिल्ने र भारी बिसाउन मिल्ने गरी ढुङ्गाले चिनेर उठाइएको पर्खाल रहेछ। त्यहीँ बिसाउँछु झोला। अगाडि आइपुगेका सहयात्रीहरू डाइनिङ हलमा छिरिसकेका छन्। आफूलाई चाहिँ पसिनाले भिजेका लुगा खोलेर घाममा सुकाउने हतारो छ। ज्याकेटसमेत भिजेको छ। घाममा झोला राखी त्यसैको माथि ज्याकेटको भित्री भाग पल्टाएर सुकाउँछु। अर्को टिसर्ट पनि सुकाउँछु। शरीरको पानीजति सबै पसिना भएर बगेछ। बोतलमा भएको पानी रित्याएर भित्र छिर्छु म। रेस्टरुम खोज्न चाहिँ चेसको गोटी चालेझैँ हुन जान्छ।

डाइनिङ रुममा आरजू पोखरेल रोइरहेकी छन्। उनका नीला आँखाबाट बरबरी खसेको आँसुमा थकाइ र पीडाको भेल छ। टाउको दुखाइको गुनासो छ। र, छ खान नसक्दाको पीडा। सहयात्रीहरू उनलाई समाउँदै आँसु पुछिरहेका छन्। सान्त्वनाले धाप दिइरहेका हातहरू छन्। मुस्कानले नुहाइदिने हृदयहरू छन्। सहयात्री हुनु त यस्तो!

सहयात्रीको माया र आडले पनि अथाह शक्ति मिल्छ। मित्रताको मलमले एकैछिनपछि मुस्कुराउँछिन् उनी। उनका गहिरा आँखामा म उही चमक देख्छु जुन दिन मैले उनलाई पहिलो चोटि तारेभीरमा देखेकी थिएँ। यो यात्राको संयोजनमा साथसाथैको अफिसबाट व्यवस्थापकीय भूमिका गरेकी छन् उनले। ह्वाट्सएपमा आरजूको विनम्र भाषामा बुनिएको सूचनाको लहरले बाँधिँदैबाँधिँदै त जोडिएका थियौँ हामी।

मेरो टाउको आज पनि चड्किरहेको छ। खाने रुचि खासै धेरै नभए पनि जबर्जस्ती खान्छु, दाल चाहिँ धेरै पिउँछु। अब हिँड्नुपर्ने उकालो देखेरै आत्तिएको छ मेरो मन। झोला बिसाएर टाउको उठाउँदा देखिएको ठाडो पहाड र त्यसको छातीमा कोरिएको गोरेटो। ओहो! कसरी उक्लिने यो पहाड? तर्सन्छु म। हिँड्दै जाँदा हिँड्नु बेग्लै कुरो रहेछ, तर उकालो हेरेर सोच्न नहुने रहेछ।

त्यसैले त बेलाबेलामा गाइड बहिनीहरू भनिरहेथे– "मास्तिर हेरेपछि त त्यत्रो बाटो कसरी हिँड्नु भनेर अत्यास लागिहाल्छ नि! तलतिर हेर्नोस् न। कति हिँडेर आइयो भनी जोस बढ्छ।"

यात्रामा यात्रीको मनोविज्ञान बुझेर कुरा गरिरहेका छन् गाइड बहिनीहरू।

डा. इन्कू मसँगै छिन् यति बेला। उनले पनि हिजोदेखि डायोमक्स सेवन गर्न थालेकी रहिछन्।

उनी बोलिहेकी छन्– "जीवनको यो उमेरमा खुम्बू क्षेत्र आएकी छु। फेरि आउन पाइन्छ-पाइन्न? बिरामी परेरै यात्रालाई बिगार्न त भएन नि! लेक लागेर त्यसले शरीरलाई गर्ने असर पनि अर्को डरलाग्दो पाटो हो। डायमोक्सको साइड इफेक्ट मात्र किन हेरिरहने?"

उनको कुराले मेरो मनलाई सन्तुष्ट पार्छ। दुखेको टाउको उस्तै छ। पेटे ब्यागबाट डायमोक्स झिकेर आधा पार्छु म। अनि पानीसँगै घुटुक्क पार्छु आधा ट्याबलेट।

सहयात्रीहरू चकलेट, कोक आदि किन्दै छन्। यति पर हेली वा मान्छेलाई बोकाएर ल्याएको सामान सस्तो त के हुन्थ्यो, तर चाहेको कुरा पाउँदा पनि खुसी छन्। 'यो उकालो काट्न त केही न केही चाहिन्छ नि!' भन्दै छन् उनीहरू।

मध्याह्नको घाममा थुक्लाको ठाडो उकालो चढ्दै छौँ हामी। यही उकालोमा छन् हाम्रा भारी बोक्ने जोक्पे र भरिया। बोल्ने मन भएर पनि कोहीसँग संवाद गर्न सकिरहेकी छैन मैले। उकालो बाटो। टन्टलापुर घाम। खाना खाएपछिको पेट। तल फेरिचेदेखि उठेको हावाको झोक्का हुनहुनिँदै आएर ठोक्किएको छ मेरो ज्यानमा। हावाले धकेलेर पाइला पनि पो सारिदिने हो कि जस्तो। तर हिँड्न गाह्रो छ। उकालो न हो। पाँचसात पाइलामा रोकिँदै हिँडेकी छु म। सकेसम्म नरोकिईकन तर बिस्तारै हिँड्नु राम्रो

हो रे। जति रोकियो उति हावाले हान्छ र चिसो लाग्छ। हावाले डिहाइड्रेड पनि गरिदिने रहेछ। ठाउँठाउँमा थोरैथोरै पानी पिउँदै उकालिन्छु।

सपनाजीलाई माथि पुऱ्याएर फर्केको घोडा ओर्लँदै रहेछ।

"उहाँले घोडा पठाउनुभएको छ। जसलाई धेरै गाह्रो भएको छ, यसमा आउनू!" सइसको आवाज आउनेबित्तिकै म रिनूतिर औँलो सोझ्याउँछु।

उनी निकै आत्तिएकी छन्। बल्लतल्ल घोडामा चढ्छिन् । ओहो, उकालोमा त त्यसलाई पनि गाह्रो हुँदो रहेछ।

यो उकालोमा हिँड्ने शक्ति सायद हिजोको आराम अनि सहयात्रीहरूको मायाले नै दिएको हो। र, त सम्झन लायक बनेको छ यात्रा।

"रजनी मेडम, म तपाईंको टाउको निको पारिदिन्छु नि!" पछाडिबाट आवाज आयो। तत्कालै एक जोर हात मेरो टाउकामा सलबलाउन थाले। कति हार्दिक अञ्जु भट्टराई! यतिबिधी हार्दिकताका लागि कुनै शब्द छैन मेरो शब्दकोशमा। गजबसँग मेरो टाउकाको मसाज गरिदिइन्। मेरो संवेदनाको भूगोल मायाले लफ्रक्कै भिज्यो। मानौँ दिङ्बोचेछेउको इम्जा नदी मेरै हृदयमा बगिरहेको थियो। टाउको दुखेपछि मसाज खोज्ने मेरो बानी कसरी थाहा भयो अञ्जुलाई? के मेरो अनुहारको भाषा बुझिन् उनले? घर सम्झिएर तड्पिएको मेरो मनमा उनले अचानक माइत पुगेझैँ आत्मीयता दिइन्। ठ्याक्कै आधा घण्टा मसाज गरेपछि टाउको हलुका भयो। अक्षरा स्कुलकी प्रिन्सिपल अञ्जुमा स्कुल व्यवस्थापनको कुशल क्षमता देखिन्छ नै। एकल आमा भएर दुई छोरा हुर्काएको प्रेरणादायी कथा पनि रहेछ।

त्यसैले त उनी भन्छिन्– "मेरो सङ्घर्षको कथा सुन्दा यी हिमाल पनि झुक्छन् जस्तो लाग्छ।"

उनको छातीबाट छिरेर पछाडि निस्केको बुलेट इन्जुरीको घटना सुनेर हामी स्तब्ध भएका थियौँ अघिल्लो साँझ। उनले सिकाएको योग र प्राणायामले हामी सबैलाई दिङ्बोचेको बसाइमा निकै फुर्तिलो बनाइदिएको थियो।

छेउमा बसिरहेकी रिनूको अनुहार पनि पीडाले खुम्चिएको थियो। उनका चिम्म गरिरहेका आँखाले कसैलाई नहेरी साथ खोजिरहेका थिए। म उनलाई मेरो अगाडि बसाएर उसै गरी टाउको र निधारमा मसाज गरिदिन्छु। उनका आँखा चम्किला देखिन्छन्।

"ओहो, अचम्म हुने रहेछ। कति सन्चो भयो नि! हिँड्दाहिँड्दा थाकेको शरीरले स्पर्श मात्र पाउँदा नि कति सुखद!"

टिचिङ हस्पिटलमा नर्सिङकी उपप्राध्यापक रिनूलाई सेवाको महत्त्व कसले बुझाउनुपर्ला र! उनको सेवाले कति बिरामी लाभान्वित भए होलान् आजसम्म र

उनी कति विद्यार्थीलाई यस्तो सेवाको कुरा बुझाइरहेकी होलिन्! वास्तवमा बिरामी त औषधीले भन्दा नर्सिङ केयरले छिटो निको हुने हो। मैले यो कुरा सानैमा बुबाको मुखबाट सुनेकी थिएँ। कुनै बेला बुबाको सपना मलाई नर्स बनाउने थियो।

म त फुरफुर उड्ने पुतली भएछु। अनि म डा. इन्कूको छेउमा गएर लुपुक्क टाँसिएँ। उनी वसन्तकी फूल। फरासिलो स्वभाव। कोइलीजसरी आफ्नो जीवन गीत यसरी गाइन् कि म सुनेकोसुन्यै भएँ। उनको प्रेमकथाले हामीलाई पेट मिचीमिची हँसायो र बेलाबेला महिला शक्तिको परिचय दिलायो। हो, हरेक महिलासँग हुन्छन् यस्ता कथा।

× × ×

उकालो सक्न झन्डै एक घण्टा लाग्यो हामीलाई। उकालोको अन्तिम बिन्दुमा पुगेर चिच्याउँछौँ हामी। हावाको आवाज हाम्रो भन्दा धेरै ठूलो। हुनहुनाउँदै बगेको हावाले हाम्रो आवाज पनि सँगै बोकेर उडाउँछ। उसको स्वरभित्रै समाहित हुन्छन् हाम्रा स्वर। हावासँगै बगिहिँड्ने हाम्रा आवाज। हावासँगै तैरिरहने हाम्रा विचार। उचाइले उचो बनाउँदै छ हामीलाई कि हामी उचाइलाई जितेर अग्लिरहेछौँ? अनुभूति त हो, जसरी सोचे पनि हुन्छ। यथार्थ चाहिँ यी पहाडहरू, यी हिमालहरू हाम्रो सम्मानमा अग्लिरहेछन् र हाम्रा पहरेदार बनिरहेछन्।

थुक्ला पास आउँछ। मेमोरियल पार्क रहेछ यहाँ। सगरमाथा, पुमोरी, ह्लोत्से हिमाल आरोहणका क्रममा मृत्यु भएकाहरूको सम्झनामा बनाइएका मानेहरूको सम्मेलन नै रहेछ। विदेशी र केही नेपाली पर्वतारोहीहरूको सम्झनामा उभिएका मानेहरूले स्तब्ध बनाउँछन् हामीलाई।

‘हिमाल हेर्न र पर्यटन प्रवर्द्धन गर्न आउनेहरूहो, एकैछिन रोकिएर सुन हामीलाई। हामी आरोहीको आवाज सुन। हामी तिमीहरूलाई हेरेर त आनन्दित हुन्छौँ। जुन कर्ममा लागेर हामी हरायौँ, तिमीहरू नहराउनू ल! हामीलाई हेरेर सचेत हुनू। हामी हिउँले पुरिएर मरेकाहरू उतै हराएका छौँ। हाम्रा स्मृति मात्र यहाँ सजिएका छन्। स्मृति त हो, जहाँ पनि सजिन सक्छ।’ मानेभित्रबाट यस्तैयस्तै आवाज आइरहेको प्रतीत हुन्छ।

पाइलापिच्छे फरक अनुभूति भइरहेको छ आज। पृथक् पाइला, पृथक् अनुभूति।

कति धेरै दुःखद स्मृति छन्। ढुङ्गाले छिनेर उठाइएको मानेका अनुहारमा मृत्यु भएका मान्छेको नाम र तिनका बारेका सूचना लेखिएका छन्। मानेमाथि भावुक ओठझैँ फरफराइरहेका छन् लुङ्दर। छाती ढक्क फुल्छ। आँखा झिमिक्कै नगरी हेर्दै हिँड्छौँ हामी। लामै रहेछ थुक्ला पासमा रहेको मेमोरियल पार्क। हावाले हानेर सुक्खा भएका आँखा रसाउँछन्। श्रद्धाले शिर झुक्छ। समाजमा इतिहास निर्माण गरिदिनेहरू महान् हुन्।

कर्मशीलहरू अमर हुन्छन्। शरीर छैन, तर नाम छ। हामी बाँचेकाहरूले ती सबै नाउँ पढ्न पनि त भ्याएनौँ। जति नाम लेखिएका छन् ती सबैलाई एकमुस्ट अभिवादन गर्छौं।

पर पुगेर एकछिन रोकिन्छु। फेरि फर्किएर हेर्छु तिनै मानेलाई। लाग्छ– हिमाली यात्रा सधैँ जोखिमपूर्ण हुन्छ भन्ने सन्देश दिँदै उभिइरहेका छन् ती।

× × ×

बरफैबरफको बाटो आउँछ। हिउँको सिरक ओढेर सुतेको छ नदी। जाडो पो भयो कि यसलाई? मलाई उसको ढाडमा थुमथुम्याउन मन लाग्छ।

"नदी भएर पनि बग्न नपाउनु! नदीको प्रकृति बग्नु हो, रोकिनु होइन।" म मनमनै फुसफुसाउँछु। मेरो मनमा केके कुरा खेलिरहन्छन्। दृष्टि एकनास उसैमा अडिइरहन्छ।

सेतो दोलाईंभित्रबाट नदी बोल्छ– 'आफूले चाहेर कतै रोकिन नसक्ने हो र! म मेरै आकार बनाइदिन सक्छु। मेरै समयलाई बाँधिदिन सक्छु। भनेको ठाउँमा अडिन पनि सक्छु। बगिरहन पनि सक्छु म।' आहा, कति शक्तिशाली आवाज! ऊर्जाशील बन्छु म।

नाटक त गरिरहेको छैन नदीले? विवशताभित्र आँट देखाउनु एउटा कुरा, परिस्थितिको चिसोले त काठिएकै छ नि! ऊ बग्न चाहेर पनि रोकिन बाध्य छ? नियति हो कि शक्ति हो यसको? बग्न नपाएकोमा गुनासो गरिरहेछ कि रोकिन सकेकोमा गौरव गरिरहेछ नदी? भित्रभित्र कताकता कुलकुल बगेको आवाज त आएको सुनिन्छ, तर बाहिर हेर्दा जमेकै छ। जम्दैजम्दै बगेको यस हिमनदीले मलाई शताब्दीयौँदेखि नियन्त्रित महिलाको अवस्था सम्झाउँछ। परिस्थिति अनि सामाजिक व्यवस्थाले बाँधिएका नारीहरू समाजमा डराईडराई हिँडे। डराईडराई बाँचे। आफूलाई बिस्तारै अगाडि बढाउँछु म।

हिमाली परिवेशले सुस्त भएका छन् हाम्रा पाइला। समाजमा नारीका लागि सधैँसधैँ बन्धनको परिवेश रहिरह्यो। एउटा न एउटा रूपमा महिलामाथि अवरोधका शृङ्खला आइरहेकै त छन्। घरेलु हिंसा र बलात्कारका घटनाका अत्यासलाग्दो खबरले आज संसार कहाँ छ जस्तो लागिरहन्छ। कानुनले जतिसुकै समानताको हक दिए पनि व्यवहारमा महिलाका अधिकार कहिल्यै सहज हुन सकेका छैनन्। महिला यसरी बाँधिनुको नियति के हो? धेरै पटक मनमा आएको यो प्रश्न आज हिमनदीको किनारैकिनार हिँडिरहँदा पनि आइरहेकै छ। हिमनदीलाई सलसली बग्न बाधा भएझैँ बाधामा छन् यो समाजका धेरै नारीहरू।

पानी जमेर बनेको हिउँ अनि त्यही हिउँको कडापनले बनेका विभिन्न आकृति। मलाई नदीको किनारमा बसेर ती आकृतिसँगै भुल्न मन लाग्छ। तिनलाई छोएर प्रकृतिको कला परख गर्न मन लाग्छ। भित्रभित्र लुकेर बगेको पानीसँग आँखा झिम्क्याउँदै

लुकामारी खेलूँ लाग्छ। खोलाले तरङ्गित पारिरहँदा मनको अर्को लहर स्मृतिमा तैरिँदै अर्मादी र झरल्याङ्दीमा बगिरहेको थियो। गोरु हेर्न जाँदा लुकीचोरी पौडी खेलेका दिनहरू! खेतमा घाँस काट्न जाँदा पौडी खेली ढुङ्गामा पहार तापेका समयहरू... स्मृतिका पर्दामा आउँदैजाँदै थिए।

झरल्याङ्दीको खोल्सामा भाइहरू दिनरात खेल्न पुग्थे, तर मलाई त्यसरी पानीसँग खेल्ने छुट थिएन। उनीहरू लगाएका लुगा भिजाउँदै पानीलाई आफूखुसी कुलेसो बनाएर कहाँकहाँ पुऱ्याउँथे, तर म त्यहाँ घरका मैला कपडा धोएर सुकाउँथेँ। उनीहरू दिनभरि माछाका कुर खोजीखोजी दिन बिताउँथे। म गोरुलाई पानी खुवाएर गोठमा ल्याउँथेँ। उनीहरू पानीको लहरलहर कुदिरहन्थे, म त्यही पानी गाग्रामा भरेर घरभित्र हुल्थेँ। उनीहरूको बाल्य स्वतन्त्रता अनि मेरो कर्म व्यवहार! उमेरजन्य चाहना एउटै भएर पनि सामाजिक भूमिका फरक थियो हाम्रो। गाउँका सहयात्री, काका, आमा, भाइको हातमा बाँसुरी देखेर रमाउँथे। त्यही बेला मेरो हातमा हँसिया हुन्थ्यो। आमासँगै पर्म लाग्न थालेकी छोरीको प्रशंसा हुन्थ्यो। किन समाइनँ मैले मुरली? किन खेलिनँ म खोलामा? किन चढेँ डाले घाँस काट्नुपर्ने रूख मात्र? टोड्केको पखेरामा गोरु हेर्न जाँदा किन भाइहरूसँगै खेल्न सकिनँ सुप्लाको चिप्लेटी? हे नदी, तिमीले मलाई तिम्रै कोखमा जन्मायौ-हुर्कायौ; तर म धित मरुन्जेल तिम्रो छातीमा डुबेकै छैन। मलाई डुब्नु छ तिमीमा, मलाई तिमी भएर बग्नु छ पौडी खेल्दै। मैलै आफैले रचेको गीत सम्झिएँ।

आँधीखोला उसै गरी सुसाइरहन्छ मनमा
अर्मादीले दियो बरै यो धरतीमा जन्म

अर्मादीको तिरैतिर भुइँकुइरो उड्थ्यो
कसेदी र चौधमुरे कपासमा डुब्थ्यो
सम्झना यो उसै गरी गढिरन्छ मनमा
अर्मादीले दियो बरै यो धरतीमा जन्म।

मलाई यो हिमनदीले हुनसम्म विगतमा पुऱ्याउँछ। चिसो यति छ कि म नदीलाई छुने आँट गर्नै सक्दिनँ। बरु पन्जा मिलाउँदै, टोपी कस्दै, बफले मुख र कान छोप्दै हिँडिरहन्छु। बाटोमा प्रभा र म गफिँदै छौँ। अगाडिपछाडि कोही देखिएकै छैनन्। सायद सहयात्रीहरू धेरै अगाडि पुगिसकेका छन्। हिँड्दै गर्दा माथिबाट फर्किंदै गरेका तीनचार जना विदेशी पदयात्री भेटिन्छन्। मुस्कान र शुभकामना साटिन्छन्।

"बेस्ट विसेस फर योर ट्रिप!" कति मीठो आवाज। यो बाटोमा हिँड्ने सबैसबै एउटै परिवारजस्तो पो लाग्ने रहेछ।

लोबुचे (५,०३०) हिमालको फेदमा रहेको सानो उपत्यका देखिन्छ। होटल पनि देखिन्छन्। आहा, कति छिटै आइपुग्यौँ हामी। हिजोअस्तिजस्तो रात परेन। घाम छँदै आइयो। मेरो मन गद्गद हुन्छ। बिहान पौने आठमा सुरु भएको हाम्रो यात्रा लोबुचे पुग्दा सवा तीन बजेको छ। केही सहयात्री अगाडि पुगिसकेका रहेछन्।

सखारै उठ्नु छ भोलि बिहान। बिछट्टै चिसो छ। लोबुचेमा काँपेको मुटु गोरकसेपमा स्थिर रहला त? राति सिरकभित्र गुटमुटिँदै गर्दा तरङ्ग उठ्छ मनमा।

■

**नीलकमल**

# जन्मदिन मनाएकै दिन धरतीमा लीन...



किशोरावस्था टेक्दानटेक्दै गीत गाउन र बाजा बजाउन खप्पिस भएर निस्किए उनी। खास गरी २० को दशकको पूर्वार्द्धमा नेपाली सुगम सङ्गीतको ख्याति अकासिएको बेला बेन्जो बजाउँदै गीत गाउँथे भने समयक्रममा मेन्डोलिन वादनमा निर्लिप्त हुन थाले। चौबीसै घण्टा मेन्डोलिनमा हराएको देखेपछि उनकी आमाले सिलिगुडीबाट छोरालाई मन पर्ने नयाँ मेन्डोलिन किनेर ल्याइदिएपछि खुसीले १० हातमाथि उफ्रेका थिए उनी। दार्जिलिङमा त्यतिखेर समग्र सङ्गीतका ज्ञाता रहेका अम्बर गुरुङको सान्निध्य प्राप्त गर्न आर्ट एकेडेमीमा पुगेपछि उनमा मेन्डोलिनको सैद्धान्तिक ज्ञान पनि प्राप्त भयो। गीत लेख्न थाले उनी, सङ्गीत कम्पोज गर्न थाले र अरुणा लामा, जितेन्द्र बर्देवा र रञ्जित गजमेरसित मिलेर सङ्गीतको खेती गर्न थालेपछि त उनमा भएको विराट् प्रतिभाको आकलन समग्र नेपाली सङ्गीतको क्षेत्रले गर्न पुग्यो। यस्ता सुगम सङ्गीतका प्रतिनिधि पात्र र नेपाली कलाका धरोहर व्यक्तित्व थिए स्व. शरण प्रधान।

पिता हर्कबहादुर प्रधान र माता कविमाया राईको सम्मिलनबाट वि. सं. २००० सालको वैशाख २० गते भारतको दार्जिलिङमा जन्मेका शरण प्रधान अम्बरको गुरुकुलमा पुगेपछि सिर्जनात्मक सङ्गीतमा निर्लिप्त भएर लागे। उनका साथीहरू जितेन्द्र बर्देवा, रञ्जित गजमेर र अरुणा लामासहित भएर अम्बर लोक मनोरञ्जन शाखामा सरकारी नोकरीमा नियुक्ति पाएर गएपछि भङ्ग भएको आर्ट एकेडेमीको अभाव पूर्ति गर्न उनीहरू सङ्गीत सङ्गम क्लब गठन गर्न पुगे। सङ्गम क्लब एउटा यस्तो सांस्कृतिक टोली रहन गयो दार्जिलिङको परिवेशमा जसले आधुनिक नेपाली सङ्गीतको सुन्दर

इतिहास रच्न पुग्यो। नवीन बर्देवा, हिराकुमार सिंह, दलसिंह गहतराज, रहरकुमारी राई, कपिलराज सुब्बा, शेखर दीक्षित आदिको पहिलो पुस्ताको त्यहाँको सङ्गीतको पहिलो चरण, अम्बर र शान्ति ठटाल आदिले दोस्रो चरण सँभालेपछिको तेस्रो चरण त्यहाँको प्रतिनिधि चरण रह्यो उनले सँभालेको सङ्गीत सङ्गमको गतिविधि। अम्बरका कर्मठ चेला शरण शारीरिक रूपमा भने ख्याउटे र पिलन्धरे थिए र बेलाबेला मूर्च्छा परिरहने छारेरोगले ग्रसित थिए। यस्तो बेला अरुणासहित उनका साथीहरू जितेन्द्र र रञ्जित भएर उनलाई जुत्ता सुँघाउँथे र केही समयपछि उनी बौरिन्थे। आज पनि गाउँघरमा छारेरोग लागेर मूर्च्छा परेको रोगीलाई जुत्ता सुँघायो भने निको हुन्छ भन्ने मान्यता रहेको छ। रञ्जितको तबला वादन, आफ्नै गीत रचना र अरुणा र जितेन्द्रको जादुगरी स्वर भएको त्यो समूहमा पिटर जे. कार्थक थपिएपछि इलेक्ट्रोनिक बेस गितारको सम्मिलनले भारीभरकम साङ्गीतिक महफिल जम्न थाल्यो।

'हेर न हेर कान्छा, डाँडालाई फूलले ढाक्यो
टिप न, टिपेर एउटा चुल्ठोमा राखिदेऊ न।

पुरानो नेपाली पुस्ताले दिलचस्पीका साथ सुन्ने गरेको यो गीतले दार्जिलिङ, सिक्किम र नेपालको पुर्बेली भूभागलाई हल्लाएपछि शरण अझ प्रसिद्धिको टाकुरातिर उक्लिए। अम्बरकै गुरुकुलमा छँदा उनले सङ्गीतसहित अरुणालाई पनि भित्री मनमा सजाउन थालिसकेका थिए र हुन सक्छ, त्यही मायाप्रीतिको कथाको पृष्ठभूमिमा तयार पारेका थिए उपर्युक्त गीत। मायाप्रीतिको सुन्दर कथालाई मूर्त रूप दिँदै वैवाहिक जीवनमा बाँधिन पुगे उनीहरू वि. सं. २०२० सालको असार २५ गते। यसरी बाबु नेवार, आमा राई र श्रीमती लामा रहेको त्यो परिवार आज भएको भए कति समावेशी मानिन्थ्यो होला? दार्जिलिङको गोरखा दु:ख निवारक सम्मेलनले हरेक वर्ष आयोजना गर्ने प्रतियोगितात्मक आधुनिक सङ्गीत प्रतियोगितामा कर्म योन्जन र गोपाल योन्जन संलग्न रहेको हिमालय कला मन्दिर र शरण आदिको सङ्गम क्लबबीच एक पटक भएको भीषण, रोचक र मैत्रीपूर्ण प्रतिस्पर्धामा निर्णय दिन निर्णायक रहेका अम्बरलाई पनि हम्मेहम्मे परेको थियो। कर्म र गोपालले ल्याएकी गायिका दिलमाया खाती र शरण-रञ्जितले उभ्याएकी अरुणा लामाबीचको प्रतिस्पर्धामा अम्बरले दुवैलाई संयुक्त विजेताका रूपमा घोषणा गर्नुपरेको थियो, किनभने कोहीभन्दा कोही कम थिएनन् त्यहाँ। यस्ता रमाइला प्रसङ्गहरू पनि छन् शरण र अरुणाको जीवनमा।

आधुनिक नेपाली सङ्गीतका पारखीहरूको मन छुने गीत 'म अम्बर हुँ, तिमी धरती...'-मा मेन्डोलिनको शास्त्रीय धुन दिने व्यक्ति नै शरण हुन्। कलकत्ताको एच. एम. भी. रेकर्डिङमा स्वराङ्कन भएको हरेक नेपालीले सुन्नैपर्ने यो गीतले नेपाली सुगम

सङ्गीतको क्षेत्रमा कोसेढुङ्गाको कार्य गरेको छ। रोगी ज्यान भएर पनि साथीहरूलाई हँसाइरहनुपर्ने, हाजिरीजवाफमा अब्बल र फ्लस (तास) खेल्न थालेपछि रातै कटाउने उनले माथि उल्लिखित सहकर्मीहरूसित मात्र सहयात्रा गरे। उनले जति गरे, थोरै गरे, तर कालजयी गरे। प्रायः सङ्गीतकारहरू गीतका शब्दहरू पाएपछि मात्र त्यसमा कम्पोज गर्छन्, तर शरण पहिले कम्पोज गर्थे अनि मात्र गीत लेख्थे। यो एउटा पृथक् क्षमता थियो उनको।

राजा महेन्द्रको बोलाहटमा अम्बर नेपाल आएपछि बिस्तारै रञ्जित, गोपाल योन्जन र पिटर जे. कार्थकले पनि दार्जिलिङ छाडे। यसरी साङ्गीतिक अर्थमा एकाएक रित्तो भएको स्थान पूर्ति गर्न नै शरण र अरुणाले सङ्गम क्लब स्थापना गरेका हुन् जसले त्यहाँ पुनः साङ्गीतिक अभियानको पुनर्जन्म भयो। हुन त अम्बरको रिक्तताले खनिएको खाडल त्यहाँ पुरिएन नै तर शरण आदिको सक्रियताले बाँझो भने रहनुपरेन। श्रीमान्-श्रीमती नै सङ्गीतका महान् स्रष्टा हुनु र लेखन, गायन र कम्पोजिसनमा पनि अरूको भर पर्नु नपरेपछि त के चाहियो, एकै बसाइमा एउटा अजम्बरी गीत जन्मिन्थ्यो उनीहरूबाट। स्थानीय टर्नबुल हाइस्कुलदेखिकै सहपाठीहरू रञ्जित, ललितकुमार तामाङ आदिको समूहले स्कुलमै साङ्गीतिक धुम मच्चाउन थालेपछि शरणको कलात्मक क्षमता उजागर हुन थालेको हो। यी तीनै जना समयक्रममा अम्बरको आर्ट एकेडेमी हुँदै सङ्गम क्लबमा एकत्रित भएका हुन्।

हाम्रा मोतीराम भट्ट, अच्छा राई रसिक र भियनाका विश्वविख्यात पश्चिमेली सङ्गीतकार फ्रान्ज सुबार्टले जस्तो नियति भोग्नुपरेको थियो त्यस्तै नियति भोग्नुपर्‍यो शरणले। अघि नै भनियो मूर्च्छा परिरहन्थे उनी, तर बौरिन्थे पनि। वि. सं. २०३१ को वैशाख २० गते पनि उनी मूर्च्छा परे, तर त्यो मूर्च्छाबाट उनी बौरिन सकेनन्। मात्र ३१ वर्षको जीवन बाँचे उनी, तर कस्तो दुर्दान्त नियति! उनी जुन दिन धरतीमा उदाएका थिए त्यही दिन धरतीमा समाधिस्थ भए। आफ्नी प्राणप्यारी अरुणाले बिहानै जन्मदिनको शुभकामनासहित टीका लगाइदिएकी थिइन्, तर त्यसको पाँच घण्टापछि उनी धरतीमा समाधिस्थ भए। आज रिमिक्स र ट्र्याकमा रमाउने साङ्गीतिक पुस्ताले उनलाई सम्झेला-नसम्झेला, तर नेपाली सुगम सङ्गीतको उत्कर्षलाई आत्मसात् गर्ने जोकोहीले पनि उनलाई बिर्सन सक्दैन। सङ्गीत रचनामा फ्रिजिङ र रिद्मिक उठान गर्ने शरणको शैली बडो लोभलाग्दो थियो र रचनामा मिहिन कालिगढी, हार्मोनी अर्थात् शृङ्खलता र लयबद्धतामा उनी सिद्धहस्त थिए।

अरुणा लामासित प्रेमपछि विवाह हुनु र अरुणा स्वयम् नै अद्वितीय गायिका हुनुलाई दर्साएर कतिपयले अरुणाको हतियारले शरण उठेका हुन् भन्न पनि भ्याए। हुन

पनि हो, प्रायः सबै शरणका रचनामा अरुणाकै स्वर थियो; तर अरुणाको भरपुर सहयोग र साथ रहँदारहँदै पनि शरणमा विलक्षण साङ्गीतिक क्षमता थियो जसले उनको परिचय दीर्घजीवी बन्यो। अम्बर गुरुङ दार्जिलिङ छँदै२०र०७र२१ उनले सर्वप्रथम 'रक्त सिन्दूर' नामक नाटकमा गरेको पार्श्वसङ्गीत संयोजनमा शरणले बजाएको बेन्जोको धुनबाट आह्लादित भएर त्यहाँ रहुन्जेल दुवैले हरेक कार्यक्रममा सहकार्य गरे। अघि नै उल्लेख भइसकेको विषय हो, 'म अम्बर हुँ, तिमी धरती...'-मा शरणले मेन्डोलिन बजाएका थिए जसको तारिफ जोकसैले गर्दा पनि उनी त्यो शिल्पकारिताको श्रेय अम्बरलाई दिँदै भन्थे– "मैले त फगत औँला मात्र नचाएको हुँ। बाँकी सबै अम्बर दाजुकै कमाल...।"

ठट्यौलीमा रमाएर पनि आफ्ना गुरु अम्बरप्रति अगाध आस्था थियो उनको जस्तो गोपाल योन्जनको थियो। उनका हरेक प्रस्तुतिमा कलाकारमा रहनुपर्ने गुण र आत्मविश्वास भरपुर थियो। २०२० सालदेखि पूर्णतया सङ्गीतमा होमिएका शरणले एक दशकको साङ्गीतिक जीवनमा जेजति इतिहास रचे त्यो अद्वितीय छ। स्थानीय सेन्ट जोसेफ कलेजबाट विज्ञान विषयमा स्नातक गरेका उनी आजीविकाका लागि स्थानीय सेन्ट रोबर्ट स्कुलमा विज्ञान शिक्षक रहे। कर्म योन्जन, दिलमाया खाती, जितेन्द्र बर्देवा र अरुणा लामा जस्तै खाँट्टी दार्जिलिङे रहे, किनभने आजीवन दार्जिलिङ नछाड्नेमा उनीहरू नै रहे। मात्र एक दशकको छोटो अवधिमा उनी नेपाली सुगम सङ्गीतका प्रतिनिधि पात्र बन्न पुगे जो मृत्यु हुने दिनमा पनि स्कुलमा आधा समय पढाएर टाउको दुखेपछि मात्र घर आएका थिए। अन्त्यमा उनको आफ्नै रचना र सङ्गीतमा अरुणा लामाको स्वर रहेको निम्न गीतांश उल्लेख गर्दै उनीमाथि सतत श्रद्धाञ्जली।

नेपाली गौरव गर्छौं आफ्नैपनमा घमन्डी त छैनौँ है
सबैको साथी बन्ने बानी हाम्रो, पछौटे त होइनौँ है।

■

**छविरमण सिलवाल**

# खानाको सहरमा भोकभोकै

सन् २०१८ को जुन १२ गते चाइना साउथको जहाजबाट चीनको युनान प्रान्तको कुनमिङ सहरका लागि हामी उड्यौँ विशुद्ध व्यापारिक प्रयोजनका लागि। दक्षिण एसियाका करिब ५० देश सहभागी हुने त्यस मेलामा म पहिलो पटक जाँदै थिएँ, साथमा थिए सन्तोष भट्टराई। जुन १४ देखि २० सम्म चल्ने सो व्यापार मेलामा

नेपालका दुई सय स्टल थिए। नेपाल उद्योगवाणिज्य सङ्घमार्फत नेपाली हस्तकला क्षेत्रमा ख्यातिप्राप्त व्यक्तिहरू सहभागी थिए।



हामीले हाम्रा उत्पादनहरूको प्रवर्द्धनका लागि मेलामा भाग लिएका थियौँ। चीनमा हाम्रो पहिलो अनुभव थियो यो मेला। स्टुडेन्ट ह्यान्डिक्राफ्ट र सिद्धार्थ क्रिएसन प्रा. लि. दुवै मिलेर एउटै बुथ लिएका थियौँ। यस मेलाको अनुभवलाई हामी चीनका अरू क्षेत्रमा पनि विस्तार गर्ने जमर्कोको सुरुवात थियो कुनमिङको व्यापारिक यात्रा।

एक जना साथीले भनेको सम्झन्छु– "चिनियाँहरू अङ्ग्रेजी भाषा बोल्न जान्दैनन्, त्यस कारण चिनियाँ भाषामा केही जानकार भएमा सजिलो हुन्छ।" जहाज चढ्दादेखि नै यो कुरा मनमा खेलिरहेको छ, सन्तोष भट्टराई अलिअलि बोल्छु त भन्थे। त्यतिले पर्याप्त होला कि नहोला भन्ने पनि ठान्छु। तर एयरपोर्ट झर्नेबित्तिकै सन्तोषले जानेको अलिअलि भाषाले केही मात्रामा काम गर्‍यो। रातको लगभग ११ बजिसकेको छ। हामी उद्योगवाणिज्य सङ्घले बुक गरेको होटलमा नगई सन्तोषका दाजु रामकृष्णले बुक गरिदिएको होटल इन्जोय इन्टरनेसनलमा जानु थियो। त्यसकारण हामी अरू साथीभन्दा बेग्लै रुटमा जाने भयौँ, बाहिर निस्केर ट्याक्सीलाई बार्गेनिङ गर्न थाल्यौँ।

मित्रराष्ट्र भारतमा अटोहरूले ठगेका धेरै किस्सा साथीहरूले सुनाएको र पटकपटक आफैले भोगेको पनि छु। चीनमा नजानेपछि त्योभन्दा पनि धेरै ठग्ने रहेछन् भन्ने चाल हामीले एयरपोर्टबाट ट्याक्सी लिएपछि थाहा पायौँ। सय आरएमबीका लागि पच्चीसबाट सुरु पर्नुपर्ने रहेछ। धेरै बार्गेनिङपछि हामी ट्याक्सीमा चढ्यौँ। तर हामीलाई ट्याक्सीमा राखेर ड्राइभर कता गयो कता। करिब एक घण्टा कुराएपछि दुई जना अरू प्यासेन्जर लिएर आयो। आखिर ऊ त प्यासेन्जर खोज्न गएको रहेछ। हामीले बोल्ने कुरै भएन। रातको बेला छ, चुपचाप बस्यौँ। करिब एक घण्टामा हामीलाई होटल पुर्‍यायो। हामी होटलमा चेक इन गरेर खानाका लागि यताउता डुल्यौँ। म भेज परेँ, तर उनीहरूले भेज भनेको अलिअलि मात्र मासु खाने भनेर बुझ्दा रहेछन्। एउटा रेस्टुरेन्टमा गएर चाउमिन खायौँ र सुत्यौँ। अनौठो किसिमको बास्नाले केही खाऊँ नै छैन, दिगमिगदिगमिग लागिरहन्थ्यो। नखाई पनि सुख थिएन, आखिर पेटको आगो शान्त पार्ने सवाल जो थियो।

तीन स्टारे इन्जोय इन्टरनेसनल होटल राम्रै थियो। २५० आरएमबीमा सुत्न र बिहानको ब्रेकफास्ट पनि थियो। बिहान बाहिर गएर खानुभन्दा त होटलमै खानु राम्रो थियो हाम्रा लागि। बाहिरको जस्तो दिगमिग नभए पनि केही नमीठो हरक भने आइरहने। 'नखाऊँ भने दिनभरिको सिकार, खाऊँ भने कान्छा बाउको अनुहार' भनेझैँ

भइरहेको थियो। खानाका परिकार धेरै थिए, कताबाट खान सुरु गरौँ जस्तो लाग्ने। बिहान ६:३० देखि नौ बजेसम्म खुल्ला रहने सूचना टाँगिएको थियो। खानाका लागि हरेक दिन होटलको काउन्टरमा गएर कुपन भने लिनुपर्ने रहेछ।

जिन्दगी एउटा पाठशाला न हो, नयाँ ठाउँमा पुगेपछि केही सिक्नैपर्दो रहेछ। हामी पनि सिकारु भएका छौँ चीनको कुनमिङ सहरमा। हामी चीन जानुको मूल उद्देश्य भनेकै व्यापार वृद्धि गर्नु थियो। यसै सिलसिलामा यो हाम्रो पहिलो यात्रा भएकाले केही कौतूहल हुनु स्वाभाविक नै थियो, तर केही दिनपछि सहज बन्दै पनि गयो। चीनको मुख्य समस्या भनेकै भाषाको रहेछ। अङ्ग्रेजी उनीहरू बोल्दै नबोल्ने, हामीलाई चिनियाँ भाषा नआउने। यसले गर्दा हामीले भोगेका केही कठिनाइ पनि रोचक नै थिए। यात्रा हो, यात्रा सधैँ सहज हुन्छ भन्ने पनि होइन। त्यसकारण परिस्थितिको सामना गर्न हामी राजी नै थियौँ।

रात निकै छिप्पिसकेको थियो, तर निद्रा भने लागेकै थिएन। तैपनि जबर्जस्ती निदाएजस्तो गर्दा भसक्कै निदाइएछ। एकै चोटि बिहान सात बजे मात्र ब्युँझियौँ, तर निद्रा भने पुगेकै थिएन। प्रदर्शनी त अर्को दिनबाट सुरु भए पनि स्टल डेकोरेसनका लागि एक दिन पर्याप्त थिएन। त्यसैले हामी चाँडै तयार भएर नास्ताका लागि तल ओर्लियौँ। हिजोको जस्तो एकतमासको हरक भित्र कमै थियो। सजाएर राखिएका फलफूल र खानाहरू खाऊँखाऊँ लाग्ने थिए। प्लेट लिएर के हो, कसो हो भनी सोधखोज गर्दैमा निकै समय बित्यो। फलफूल र बेकरी आइटम मात्र खाएर निस्कियौँ। सामान एक्जिबिसन हलसम्म लैजानका लागि गाडी व्यवस्था गरेर लाग्यौँ हलतिर। करिब ४५ मिनेटको ड्राइभिङपछि हलमा पुग्यौँ। नौ नम्बर हलमा हामीले हाम्रो स्टल खोजेर कार्गोबाट आफ्नो सामान लियौँ र डेकोरेसन गर्न थाल्यौँ। करिब दुई सय वटा नेपाली स्टल थिए। दक्षिण एसियाका करिब ५० देशका स्टलहरू यहाँ थिए। हामीले हाम्रो व्यापार मेला हुने स्थान भृकुटीमण्डपलाई निकै ठूलो मानेका थियौँ, तर कुनमिङको यो हल देख्दा हाम्रो त एक छेउ पनि थिएन। हामी कुवाको भ्यागुतोजस्ता पो रहेछौँ जस्तो लाग्यो। सहरभन्दा निकै टाढा बनाइएको यो व्यापारिक हल सुविधासम्पन्न थियो। मान्छेहरू आउनका लागि सबै सुविधा पर्याप्त थियो। यसले के स्पष्ट गर्छ भने उनीहरूको अगाडि हामी त कुनै व्यापारी नै होइन रहेछौँ। ह्यान्ड क्यारी गरेर लगेका सामानहरूको केही भ्याल्यू देखिनँ मैले तापनि सातै दिन हामी व्यस्त रह्यौँ र एउटा रमाइलो अनुभूति लिएर फर्कियौँ। पहिलो अनुभव भए पनि हामीले निराश हुनुपरेन।

कुनमिङ दक्षिणपूर्वी एसियाली देशहरूको सिमाना नजिक अवस्थित छ, दक्षिणपश्चिम चीनमा यातायात केन्द्रका रूपमा सेवा पनि दिँदै छ। भियतनाम, बर्मा,

लाओस र थाइल्यान्डसँग रेलमार्ग जोडिएको छ। यो स्थितिले यसलाई यो देशको क्षेत्रमा एक महत्त्वपूर्ण व्यापार केन्द्र बनाउँछ। यहाँ मुख्यतया तामाको प्रशोधनका साथै विभिन्न रसायन, मेसिनरी, कपडा, कागज र सिमेन्ट उत्पादन पनि हुने गर्छ। यो सहरले लगभग २४ सय वर्षको इतिहास बोकेको भए पनि यसको आधुनिक समृद्धि सन् १९१० पछि मात्र भएको हो। जब हनोईबाट रेल निर्माणको क्रम सुरु भयो त्यसपछि यो सहर चीनको आधुनिकीकरण प्रयासअन्तर्गत द्रुत रूपमा विकास गर्ने क्रम जारी छ। कुनमिङका सडकहरू चौडा छन्। साइकल लेनहरू सबै सडकमा देखिन्छन्। कार्यालय भवन र आवास परियोजनाहरू द्रुत गतिमा वृद्धि हुँदै छन्। कुनमिङलाई एउटा विशेष पर्यटन केन्द्रका रूपमा तोकिएको छ र यहाँ उच्च स्तरका लक्जरी होटेलहरू प्रशस्त रूपमा रहेका छन्।

एक जना साथीले केही समयपहिले भनेका थिए– "छविजी, अरू देश नगए पनि एक पटक तपाईं चीन अवश्य पुग्नुहोला। म त त्यहाँको विकास देखेर छक्क परेँ।" यो यात्रामा मैले यी कुराहरू पनि सम्झेँ। चीन जाने इच्छा नभएको भने होइन, धेरै पटक जाने सोच बनाएको थिएँ। तर समयको तालमेल मिल्न सकेको थिएन। यो पटक भने मिल्यो। कुनमिङ चीनको एउटा छेउ मात्र हो। चीनको विकासले संसारलाई चकित बनाएको छ। आर्थिक रूपमा चीनले निकै प्रगति गरेको छ। आफ्ना सामानहरू सस्तोमा संसारलाई बेचेको छ। हाम्रो पनि यो पहिलो पहल हो चीनको व्यापार मेलाको। हुन त आफूले चाहेर मात्र पनि नहुने रहेछ। समयको अगाडि हामी निरीह हुन्छौँ। नेपालीमा एउटा उखान छ– 'आफू ताक्छु मुढो, बन्चरो ताक्छ घुँडो।' आखिर समयले हामीलाई त्यस्तै बनाइरहेको छ। समयको घट्टमा हामी पिसिइरहेका छौँ।

कुनमिङ युनान प्रान्तको राजधानी र सबैभन्दा ठूलो सहर हो। जनगणतन्त्र चीनको युनान फू भनेर पनि चिनिन्छ, यो प्रान्त स्तरको सहर हो र प्रान्तको राजनीतिक, आर्थिक, सञ्चार र सांस्कृतिक केन्द्रका साथसाथै प्रान्तीय सरकारको आसन हो। युनानका धेरै ठूला व्यवसायका मुख्यालय कुनमिङमा छन्। यो दोस्रो विश्वयुद्धको अवधिमा चिनियाँ सैन्य केन्द्र, अमेरिकी एयर बेस र बर्मा रोडका लागि यातायात टर्मिनसका रूपमा महत्त्वपूर्ण थियो। मिङ्मा स्थित युनान गुइझौँ पठारको बीचमा अवस्थित कुनमिङ समुद्री सतहबाट १,९०० मिटर (६,२३४ फिट) उचाइ र क्यान्सर ट्रपिकको उत्तरी अक्षांशमा अवस्थित छ। र, डियान तालको उत्तरी किनारमा अवस्थित छ। यो मन्दिर, ताल र पहाडको परिदृश्यले घेरिएको छ।

कुनमिङ पुरानो र पहिले पर्खाल भएको सहर हो। यहाँ आधुनिक वाणिज्य जिल्ला, आवासीय क्षेत्र र विश्वविद्यालय क्षेत्रहरू रहेका छन्। यो सहरमा एउटा खगोलीय

वेधशाला रहेको छ। यहाँ उच्च शिक्षाका संस्थानहरू युनान युनिभर्सिटी, युनान नर्मल युनिभर्सिटी, कुनमिङ युनिभर्सिटी अफ साइन्स एन्ड टेक्नोलोजी र कुनमिङ मेडिकल युनिभर्सिटी छन्। उत्तरपूर्वी पहाडी बाहिरी भागमा मिन्ब राजवंशबाट सुरु भएको कांस्य मन्दिर छ जुन चीनमा आफ्नो प्रकारको सबैभन्दा ठूलो मन्दिर हो।

नेपालको व्यापारमा व्यवस्था गर्ने व्यापार प्रवर्द्धन केन्द्र तथा चीन सरकारको व्यापार प्रवर्द्धन केन्द्रको संयुक्त आयोजनामा हुन लागिरहेको सो मेलामा दुई सय स्टल नेपाललाई दिइएको थियो। नेपाली ह्यान्डिक्राफ्ट, पस्मिना, नेपाली कपडा, गलैँचालगायतका नेपाली वस्तुहरूको बिक्रीका लागि नेपाली व्यापारीहरूसँगै हामी पनि हाम्रा उत्पादनहरू लिएर पहिलो पटक पुगेका थियौँ। चीन सरकारले दिएका सहुलियत स्टलहरूमा नेपालीहरूले व्यापारीबाट पैसा असुल गर्दा रहेछन्। व्यापार प्रवर्द्धन केन्द्रले चाइना चेम्बर, हस्तकला महासङ्घ र उद्योगवाणिज्य सङ्घलाई वितरण गरेर उनीहरूमार्फत नेपालका व्यापारीहरूले सहभागिता जनाउनुपर्ने रहेछ। त्यसमा पनि व्यवसाय नै नभएका व्यक्तिहरूको बाहुल्य बढी देखिएको थियो। अर्को कुरा नेपालका सरकारी प्रतिनिधि र सङ्घका पदाधिकारीहरूका परिवार व्यापारीभन्दा बढी देखिएका थिए। सरकारको खर्चमा मोज गर्न पल्केका जुकाहरूले असली व्यापारीहरूलाई चिन्दा रहेनछन्। त्यस कारण पनि सित्तैमा दिइएका स्टललाई पैसा असुल्ने उनीहरूको नियत व्यापारीको पक्षमा पक्कै थिएन। मेलामा सरकारी प्रतिनिधिका परिवारले पनि व्यापार गरेको दृश्य देख्दा पैसा तिरेर पुग्ने वास्तविक व्यापारीहरूको मन कुँढिएको कुरा गाइँगुइँ सुनिएको थियो। प्रत्येक वर्ष जुनमा हुने यस्तो मेलामा निकै ठूलो कारोबार हुने रहेछ। नेपालीहरू विगत १०–१५ वर्षदेखि नै सहभागी भए पनि नेपाली उत्पादनमा नयाँपन ल्याउन नसेकेकाले व्यापार खस्केको कतिपय व्यापारीले बताएका थिए। त्यसपछिका वर्षहरूमा एक पटक हाम्रो कम्पनीबाट सहभागी हुनका लागि हरिलाई पठाएको थिएँ। पहिले दुई सय स्टल लिएको नेपालका व्यापारीहरू यस पटक ५० स्टलमा पनि त्यति उत्साहित नभएको कुरा थाहा भयो। नेपालीहरूको व्यापार खस्कनुमा नेपाल सरकारको नीति र व्यापारीहरूले दिन नसकेको नयाँपन नै हो भन्ने लाग्यो मलाई। हुन पनि त्यस्तै भइरहेको छ।

चिनियाँहरू जो देखे पनि एउटै लाग्ने, कहिलेकाहीँ त झुक्किने पनि। उनीहरूको भाषा हामीले नबुझ्ने, हाम्रो भाषा उनीहरूले नबुझ्ने त्यसकारण अलि कठिन नै हुँदो रहेछ। अर्को कुरा त्यहाँ केटाभन्दा केटीहरू निकै फरासिला देखिन्थे। उनीहरूमा केही सिकौँ भन्ने भावना भएको मैले पाएँ। उनीहरूमा नयाँ मान्छेसँग भेट्ने, केही नयाँ कुरा सिक्ने उत्सुकता रहेको मैले पाएँ। टिन एजरहरू त अङ्ग्रेजी बोल्दा रहेछन्। अङ्ग्रेजी जान्नेहरू असाध्यै व्यस्त हुने। उनीहरूलाई कामको खाँचो नहुने कुरा हाम्रो

स्टलमा राखेकी केटी बताउँदै थिई। दिनमा १५० आरएमबी तिरेर हामीले पनि सात दिन रोजगारी दियौँ उसलाई। ग्राहकहरूलाई उनीहरूकै भाषामा भन्दा विश्वास हुँदो रहेछ। हामी त उनीहरूको अगाडि ट्वाँ पर्नुको विकल्प थिएन। तैपनि आफूले जानेको टुटेफुटेको चाइनिज भाषाले पनि निकै कमाल गरेको अनुभूति भयो। अझ सन्तोष भाइ त चाइनिजजस्तै लाग्थे।

हामीलाई दोस्रो दिनदेखि अलि थाहा भयो, यहाँ ट्याक्सीलगायत जुन गाडी रोके पनि हुने रहेछ। ३०–४० आरएमबीले एक्जिबिसन हलसम्म पुग्न सकिने रहेछ। हामीसँग एक जना भारतीय व्यापारी पनि जाने भयो, अझै पैसा कम पर्ने भयो हामीलाई। त्यसैले हामीले दिनदिनै फेरीफेरी गाडी चढ्यौँ। यो पनि हाम्रा लागि रमाइलो अनुभव थियो। रुट परेमा केही पैसा पनि हुने र सेवा पनि हुने उनीहरूको विचार राम्रै लाग्यो। नेपालमा त्यसरी रोकेमा प्राइभेट कार चढ्नेहरूले कुट्लान् भन्ने डर हुन्थ्यो। अझ अर्को रोचक पक्ष भनेको इलेक्ट्रिकल स्कुटरमा तीनचार जना पनि चढाएर कुदाउने। ट्राफिक पुलिसका आँखा छल्ने तथा कति ठाउँमा त ट्राफिकले वास्ता नै नगरेको देखियो। तर त्यसरी हिँड्दा होटलको कार्ड भने साथमा बोक्नुपर्ने रहेछ। उनीहरूले त्यही कार्डको ठेगानाअनुसार प्यासेन्जरलाई पुऱ्याउने रहेछन्। चिनियाँहरूको कामलाई सम्मान गर्ने तरिका निकै मन पऱ्यो। नत्र प्राइभेट कारमा कसैलाई लिफ्ट दिनु नपर्ने हो। अलिकति भए पनि पैसा हात पर्ने उनीहरूको विचारले हामीले दिनदिनै बीएमडब्लूदेखि नयाँनयाँ गाडीहरु चढ्यौँ, त्यो पनि ४० आरएमबीमा। सन्तोष निकै खुसी भएर भन्थे– "हामीले जति मोज अरू नेपाली साथीहरूले गरेनन् होला हगि दाजु!" हुन पनि त्यस्तै भएको थियो। बिहान एक्जिबिसन हलसम्म जानका लागि त गाडीहरू प्रशस्तै पाइन्थे, तर बेलुका होटलसम्म पुग्नका लागि अलि कठिनै हुन्थ्यो। धेरै मान्छे एकै चोटि निस्कने भएर पनि होला। कहिले हामी स्कुटीमा त कहिले ट्याक्सीमा, कहिले कारमा त कहिले बसमा जाने गर्थ्यौं। सबैभन्दा सजिलो त स्कुटीले लैजाँदो रहेछ, तर भनेको बेलामा नपाउने र लामो बाटो जान नमान्ने। उनीहरू पाँच आरएमबी पाए भने चाहिँ खुसी हुँदै जान्थे। बार्गेनिङ भने अचाक्ली नै गर्नुपर्ने रहेछ। उद्योगवाणिज्य सङ्घले बुक गरेको होटलले नै आउनेजाने गाडीको व्यवस्था गरेको रहेछ। त्यसबापत पैसा पहिल्यै लिएको रहेछ। पैसा महँगो भयो भनेर केही साथीको गुनासो हामीले सुनेका थियौँ।

हामी बस्ने होटलमा नेपालीहरू कोही देखिएनन्। भारतीयहरू भने निकै थिए। उनीहरू बेलुका होटलमा रक्सी पिइरहेका देखिन्थे। दिनभरिको थकानले लखतरान परेका हामी दुई भाइ निकै पैदल नाप्ने गर्थ्यौं। बजारमा एकतमासको नमीठो हरकले अप्ठ्यारो महसुस हुन्थ्यो। अझ रेस्टुरेन्टको क्षेत्रमा त झन् बढी नै सताउने गर्थ्यो।

बिहानको नास्ता हामीले होटलमै गर्ने गरेका थियौँ। तर नास्ताभन्दा पनि दिउसो खानाको ठेगान नहुने भएकाले हामीले मजाले नास्तासँगै लन्च पनि भ्याउने गरेका थियौँ। एकदुई दिनको भोकको कारणले गर्दा हामी यस्तो गर्न बाध्य भयौँ। प्रायः सबैले यस्तै गर्दा रहेछन्, हामीले मात्र त्यसो गरेको पक्कै होइन। सन्तोष भन्छन्– "लौ है छवि दाजु, पहिले ब्रेकफास्ट गरौँ। त्यसपछि लन्च गरौँला।" उनी सानै कुरामा निकै रमाउने गर्थे। मेरो छोरोभन्दा पनि दुई वर्ष कान्छो सन्तोषलाई बोर पार्न पनि त भएन। त्यसको फलस्वरूप उनले यात्राको भरपुर मजा लिए। उनको पनि पहिलो अन्तर्राष्ट्रिय यात्रा थियो। निकै उत्साहित सन्तोषको उत्साहले म पनि उत्साहित थिएँ। कति चोटि त हामी ब्याट्रीबाट चल्ने स्कुटीमा चढेर कुनमिङको बजार डुल्यौँ। कुरो फेरि खानाकै छ, मान्छेले खानकै लागि त हो नि यी सबै थोक गर्नुपरेको। हामी पनि त त्यही ड्याङका न पर्‍यौँ, बेलुका हामीलाई खान नपरे हुन्थ्यो जस्तो लाग्थ्यो। बजार गयो, अनेक थरीका खाना देखिने, दिगमिगदिगमिग भइरहने। त्यसमाथि आफू परियो शुद्ध शाकाहारी। शाकाहारी भोजनका लागि चीन वास्तवमै होइन रहेछ।

बेलुका होटलमा आएर फ्रेस भएपछि हामी खानाका लागि तीन राउन्ड बजार चहार्थ्यौं, तैपनि भनेजस्तो खाना पाउन मुस्किल। अन्ततः रवीन्द्र मिश्रले भनेजस्तै 'मेनू धेरै थरीको हेर्ने, तर खाने बेलामा मम नै मगाउने' नेपालीको चलनमा हामीले चाहिँ चाउमिन या थुक्पा मगाउने गर्थ्यौं। एक पटक खानाकै खोजीमा थियौँ। हिँड्दाहिँड्दै हामीले होटल जाने बाटो नै बिर्सेछौँ। जति हिँडे पनि होटल पुगिँदैन। नेभिगेसनले नजिकै देखाउँछ। घुम्दाघुम्दै लखतरान परेर यसो उभिएर हेर्दा त हामी होटलको पछाडिबाट घुमिरहेका रहेछौँ, अहिले सम्झँदा पनि हाँसो उठ्छ। अर्को दिन पनि कुरा खानाकै छ। मैले सन्तोषलाई खान त्यति मन नलागेको, यसो थोरै थुक्पा खाऊँ भन्ने प्रस्ताव गरेँ। उनले पनि सहर्ष स्वीकार गरे। एउटा रेस्टुरेन्टभित्र पस्यौँ, तर नमीठो हरक नाकमा ठोक्कियो। खाना खाऊँ कि नखाऊँ जस्तो भयो, तैपनि भित्तामा टाँगिएको मेनू स्क्यान गरेर हेर्दै थिएँ। सन्तोषले एक प्लेट थुक्पा अर्डर गरे। आज यही दुई जनाले बाडेर खाने मुडमा थियौँ। चिनियाँ चिया पनि आइपुग्यो। समय कटाउनका लागि चिया पिउँदै गफिन थाल्यौँ– सन्तोष र म। निकै समय लगाए थुक्पा ल्याउन, बरु अर्को टीपोर्टमा चिया थपिदिए। चीनमा यो चिया चाहिँ फ्री मेनूमा पर्दो रहेछ। 'घाँसको झोल त हो नि, जति पिए पनि हुन्छ सन्तोष, पिऊ' भनेर म जिस्काइरहन्थेँ। क्यामरा भिरेर उनी साँच्चिकै टुरिस्टजस्ता देखिन्थे कुनमिङ बजारमा। नयाँ केही देख्यो कि क्यामरा तेर्स्याइहाल्ने, उनको उमेरै यस्तै थियो– कुतूहले उमेर। म जिस्काइरहन्थेँ– "एउटी चिनियाँ ठिटी पट्याऊ यार!" खुलेर निर्धक्क कुराकानी गरिरहेकै थियौँ। हाम्रो कुरा उनीहरूले नबुझ्ने

भएपछि केको धक! हामी थुक्पा अर्डर गरेर ग्रिन टीको चुस्कीमा भुलिरहेका थियौँ। रेस्टुरेन्टमा हामीभन्दा अरू कुनै ग्राहक पनि थिएनन्। किचेनबाट एउटीले ठूलो बाटाजस्तो भाँडामा एक भाँडो थुक्पा ल्याएर हाम्रो टेबलमा राखिदिई। हामीलाई नै हो कि अरूलाई हो, हामी छक्क पर्‍यौँ। सन्तोषले भने– "दाइ, यो भैँसीले खाने कुँडेजस्तो छ। हामीले त सानो अर्डर गरेका थियौँ।" म पनि छक्क परेँ र भनेँ– "तिम्ले जानेको भाषाले पनि काम गरेन। अब यही कुँडे बजाऊँ आज।" सन्तोष र म मजाले हास्यौँ, फोटो खिच्यौँ। नखानुको विकल्प पनि थिएन। सानो बलमा थोरै राखेर खायौँ। बाँकी त्यहीँ छाडेर १५ आरएमबी तिरी निस्कियौँ। होटल पुगेर पनि निकै बेर हाँसो थाम्न सकिएन। भाषाको कमाल यस्तै हो। त्यसपछिका दिनहरूमा हामी निकै होसियार बन्यौँ।

खाली खानाकै मात्र कति कुरा गरेको हो भन्ने लाग्न सक्ला, तर चीनको यो ऐतिहासिक सहरमा खानैका लागि भएका केही कुरा रोचक लागेका छन्। हाम्रो यो पहिलो यात्रा भएकाले पनि यस्तो लागेको होला। फेरि पनि खानाकै प्रसङ्ग छ। हामी हाम्रो दैनिक रुटिन सकिएपछि होटलमा आएर फ्रेस भएपछि कुनमिङका सडक नापिरहन्थ्यौँ। यही मेसोमा खाना खानका लागि विभिन्न रेस्टुरेन्ट चहार्थ्यौं। एक दिन दुवै जना हिँड्दै नयाँ रेस्टुरेन्टको खोजीमा थियौँ, तर हामीले भनेजस्तो खाना फेला पार्न सकेका थिएनौँ। होटलमा चिनिया अक्षर लेखिएका ठूला मेनू हामीले बुझ्ने कुरै भएन। यसो हेरेर फर्किन्थ्यौँ। घुम्दै जाँदा हामी एउटा होटलभित्र पस्यौँ। भित्तामा टाँगिएको मेनूमा सन्तोष हेर्दै थिए। मैले तन्दुरीजस्तै झीरमा टाँगिएको देखेँ र यसो गएर हेरेको, सिङ्गो कुकुर नै पो रहेछ। मैले हत्त न पत्त सन्तोषको हात समात्दै तानी बाहिर निस्केर छिटोछिटो हिँडेँ। सन्तोष ट्वाँ परे। केही पर पुगेपछि मैले सबै कुरा बताएँ। सन्तोषले मुख बिगारेर भने– "आज केही नखाने।" हुन पनि त्यो दृश्य सम्झिएर आन्द्राभुँडी नै बाहिर आउला जस्तो दिगमिग लागिरहेको थियो। किन होला, कसैका लागि मीठो हुने कुरा कसैका लागि चाहिँ घिनलाग्दो हुने? त्यो रात अबेरसम्म हामीले कुनमिङको सडक नापिरह्यौँ।

चीनको प्राचीन सहर कुनमिङमा हामी दिनभर स्टलमा व्यस्त हुने, बेलुका फर्केपछि नेपालीहरूसँग भेट हुँदैनथ्यो। मदिरा पान पनि नगर्ने भएकाले त्यसको बदलामा हामी थाकेर लोत परुन्जेल घुमिरहन्थ्यौँ। हामी मोबाइलको नेभिगेसनका आधारमा नजिकै रहेको रेलवे स्टेसनतिर घुम्न निस्कियौँ। मैले सोचेको यहाँ पनि भारतमा जस्तै त होला नि, तर त्यसको ठीक विपरीत पाएँ। रेलवे स्टेसन पुग्दा लाग्यो, पाँचतारे होटलमा प्रवेश गर्दै छौँ। मान्छेको भीडभाड भने त्यस्तै रहेछ। स्टेसनबाहिर पोलेको आलु, पोलेको मकैलगायतका धेरै चिज बेच्न बसेको देखिन्थ्यो। हामी पनि


पोलेको आलु र मकै खाँदै घुम्यौँ र नजिकैको फुड मार्केटमा गयौँ। ओहो, त्यहाँको मार्केट हेर्दा जिन्दगीभरि केही नखाऊँ जस्तो भयो। साङ्ला, सर्प, भ्यागुतालगायत धेरै प्रकारका कीराहरू जिउँदै बेच्न राखेको, जिउँदै फ्राई गर्दै गरेको उदेकलाग्दो दृश्य यिनै आँखाले देख्नुपर्‍यो। हाम्रा केही नेपाली साथी पनि त्यहाँ रक्सीका बोतल खाली गर्दै थिए। हामी उनीहरूलाई नदेखेजस्तै गरेर होटल फर्कियौँ। रेलवे स्टेसनको त्यही बाटो भएर हामी गएका थियौँ, त्यहीँबाट फर्किंदै थियौँ। बाटामा माग्नेहरू पनि भेटिए। निकै सुकिला उनीहरूले सडकमा बसेर मागेको दृश्य निकै रोचक लाग्यो मलाई। उनीहरूलाई दिने चानचुन पैसा नभएमा वीच्याटबाट पनि दिए हुन्छ भन्दै थिए। पैसा छैन भनेर हात हल्लाएपछि मोबाइल देखाउँदै 'विसू, विसू' भनेर कराउने रहेछन्। वीच्याटबाट पनि पैसा दिन मिल्ने भनेको दृश्यले सम्भ्रान्त माग्नेहरू रहेछन् भन्ने लाग्यो। ठाउँअनुसारको काम त गर्नैपर्‍यो। त्यसकारण उनीहरूको माग्ने प्रविधि पनि रमाइलो लाग्यो। यहाँ माग्नेहरूको पनि वीच्याट छ। अरू कुनै सामाजिक सञ्जाल चल्दैन चीनमा। यदि आफूलाई अरू सामाजिक सञ्जाल चलाउनुपर्‍यो भने भीपीएन डाउनलोड गर्नुपर्ने रहेछ, तैपनि भनेको ठाउँमा चल्दैन; तर वीच्याट भने जहाँ पनि चल्दो रहेछ।

हामीलाई एकदुई दिनपछि बानी पर्दै गयो। कहाँ के गर्नुपर्छ भन्ने कुरा थाहा भयो। विदेशीहरूलाई निकै ठग्ने रहेछन्। बार्गेनिङ निकै गर्नुपर्ने रहेछ। हामीले व्यापार गर्दा पनि २० रुपियाँ लिनका लागि ८० रुपियाँबाट सुरु गर्नुपर्ने जस्तो रहेछ, तर किन्नेहरू सबैमा यो लागू हुँदैन। हामीले समान किन्न जाँदा पनि अथाह बार्गेनिङ गर्नुपर्ने रहेछ, नत्र ठगिने डर उत्तिकै। त्यसकारण हामी निकै सजग भयौँ।

फेरि खानाकै कुरा छ। धेरै साथीले भनेको सुनेको छु। ग्वान्जाऊमा 'नेपाली खाना खान पाइन्छ' भन्थे। कुनमिङमा प्रायः नेपाली नपुग्ने भएकाले चाइनिज खाना खानुको विकल्प थिएन। खानाका पारखीहरूका लागि यो सहर प्रख्यात रहेछ। चीनका हरेक सहरका केही न केही आआफ्नै विशेषता हुँदा रहेछन्। त्यसै कारण पनि आन्तरिक पर्यटन राम्रैसँग फस्टाएको रहेछ। हाम्रो १० दिने कुनमिङको बसाइ हरेक दिन केही न केही नयाँ कुरा सिक्दैमा बित्यो। सातौँ दिन हामीले बहुराष्ट्रिय कम्पनीका सपिङ कम्प्लेक्स वालमार्ट र म्याकडोनाल्ड बाटामा देख्यौँ। हामी अब ढुक्क भयौँ। बेलुकाको खानामा चिनियाँ हरक सुँघ्नुपरेन– म्याकडोनाल्ड जिन्दाबाद। अर्को पक्ष उनीहरू बेलुका पाँच बजे खाना खाइसक्दा रहेछन्। अनि सडकमै ठाउँठाउँमा बनाइराखेका एक्सरसाइज गर्ने स्थानमा परिवार मिलेर गीत बजाई नाच्ने गरेको दृश्य निकै रमाइलो लाग्यो। हामीलाई पनि नाचूँनाचूँ लागेको थियो, तर अर्काको देश, भाषा बुझिँदैन, के भन्ने हुन् भनी हेरेर मात्र चित्त बुझायौँ। अर्को रोचक पक्ष भनेको त्यहाँ

रूखबिरुवालाई निकै माया गर्दा रहेछन्। बाटामा रोपिएका रूखहरूमा काठको टेको लगाएर राखिएको छ। देख्दै रमाइलो लाग्ने दृश्य थियो त्यो। बच्चाजस्तै माया गर्ने रहेछन् बिरुवालाई। सडक पेटीमा लगाइएका फूलहरूको पनि उत्तिकै स्याहार गर्दा रहेछन्, त्यसैले त बाह्रैमास फूल फुलेका छन्। कहीँकहीँ त प्लास्टिकका फूलहरू पनि राख्दा रहेछन्। जसरी पनि सहरलाई सुन्दर बनाउने उनीहरूको अभियान निकै राम्रो लाग्यो। व्यापार मेलाको प्रचार पनि त्यहाँ भव्यताका साथ गर्दा रहेछन्। सहरका मुख्य चोकहरूमा ठूला होर्डिङबोर्डमा व्यापार मेलाको विज्ञापन देखाउँदै गरेको दृश्य निकै राम्रो लाग्यो। सुन्नमा आएको थियो– अन्तर्राष्ट्रिय मेलामा सरकारले सबैलाई अवलोकन गर्नका लागि उर्दी जारी गर्दो रहेछ। एक दिन त सरकारले सार्वजनिक बिदा नै दिँदो रहेछ। व्यापार प्रवर्द्धन गर्नका लागि यो राम्रो अवसर सरकारले नै प्रदान गर्नु राम्रै कुरा हो। व्यापारमा यस्तो सुखद स्थिति नेपाल सरकारले कहिले गर्ला, सोचनीय कुरा छ। हाम्रोमा त व्यापारीहरूलाई लैनो गाई ठान्छ सरकारले। चीनको व्यापार मेलाबाट धेरै कुरा सिक्ने अवसर मिल्यो। तर हामीले नेपालमा उपयोग गर्ने कहाँ? यही मेलामा सरकारी खर्चमा आएमा हाम्रा अधिकारीहरूलाई पिकनिकभन्दा रमाइलो अवसर रहेछ। व्यापारीहरूको व्यापार भाडमै जाओस्, उनीहरूलाई के चिन्ता? यात्रामा धेरै राम्रानराम्रा कुराहरू सिक्न सकिन्छ। हामीले पनि धेरै कुरा सिक्यौँ। नयाँ ठाउँ, नयाँ परिवेशको अवलोकन गर्न पायौँ। चाहेर पनि कुनमिङका ऐतिहासिक स्थानहरूमा घुम्न सकिएन। फेरि यस्तै अवसर पारेर यहाँका स्टोन फरेस्टलगायत तालतलैयाको भ्रमण गर्ने धोको छ। अहिलेलाई बाईबाई कुनमिङ!

■



विनोद प्रधान

सरुभक्त

# बाकस



अन्धकारमा भयोत्पादक आलोक। चिसो, ओसिलो, रहस्यमय सन्नाटा। रङ्गमञ्चमा केही छाया चलमलाउँछन् मानिसका। तिनलाई परिवेष्ठित गरी सिंह, बाघ, हुँडारको हिंसक ध्वनि गुन्जन्छन्। केही समयपछि पृष्ठ भागमा वा रङ्गमञ्चको सम्पूर्णतामा भोकको आवाजसहित गिद्धहरू घुम्छन्। घुमिरहन्छन्। उडिरहन्छन्। यही परिवेशमा मानव छायाका कायाहरू केही प्रस्ट देखिन्छन्। मन्दिर, गुम्बा, मस्जिद, गिर्जाघरका पावन ध्वनि गुन्जन्छन्। मानव कायाहरू अरू प्रस्ट देखिन्छन्। तिनले काँधमा कफिन बाकस (Coffin box) बोकेका हुन्छन्। सबै मृत। मुर्दा यान्त्रिक चाल। हेराइमा स्थिर निर्जीवता। पावन ध्वनिहरू केही घट्छन्। तिनलाई पृष्ठभूमिमा राखेर एक ठोस, कवित्वपूर्ण आवाज गुञ्जायमान हुन्छ।

**आवाज :** अर्थहीन ध्वनिहरू
वृथा अर्थहीन ध्वनिहरू
अर्थहरूको अभिनय गर्छन्
सदियौँ युगहरू
झूटा विश्वासहरूमा बाँच्छन्
मर्छन् जब दुर्घटित मृत्युहरू
धरती मनहरूमा
फगत त्रासदी पीडाहरू बाँच्छन्
फगत त्रासदी पीडाहरू बाँच्छन्

आवाजहरूको अन्त्य।

मृतकहरू बाकस बिसाउँछन्। तिनमाथि बस्छन्। तिनका निर्जीव मुख बोल्दैनन्, जीवित मनका ध्वनिहरू सुनिन्छन्।

**मृतक १ :** हामी मृतक हौँ। मृत्युलाई कुनै भूमिका बाँध्नु आवश्यक छैन।

**मृतक २ :** हामी परदेशमा सपना बोकेर गएका थियौँ, मृत भई बाकस बोकेर आयौँ।

**मृतक ३ :** चाहे हामी विरोधको नारा लाउन सक्छौँ, तर ती नाराहरू अनेक क्रान्ति र आन्दोलन/विरोधका नाराहरूजस्तै असरहीन हुने छन्।

**मृतक ४ :** *(नारी)* देशमा शब्दहरू धेरै बदलिए, अर्थहरू केही बदलिएनन्।

सबै स्थिर हुन्छन्। रङ्गमञ्च अँध्यारिँदै जान्छ। अँध्यारोमा भोका गिद्धका आवाजहरू गुन्जन्छन्। केही समयपछि ती आवाजलाई पछि धकेल्दै जेट विमानका आवाज सुनिन्छन्। जेट विमानहरू सुदूरबाट आई विमानस्थलमा अवतरित हुन्छन्। अन्तर्राष्ट्रिय विमानस्थल याने त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल। बाहिरको होहल्ला। एक्जिट ढोकातिरबाट एक अशक्त, बिरामी महिला ह्विल चेयरमा आउँछिन्। साथमा उनका पति र आफन्तजन। पतिले ह्विल चेयरलाई पछाडिबाट समातेका छन्। उनीहरूलाई आएको देखी अघिदेखि छेउछाउमा प्रतीक्षारत (व्यक्तिहरू) (टीभी एवम् अन्य सञ्चारकर्मी) तँछाडमछाड गर्दै अघि बढ्छन्।

**व्यक्ति १ :** दिदी, हामी तपाईंको अनुभव दुनियाँलाई सुनाउन चाहन्छौँ।

**व्यक्ति २ :** साउदीको राजधानी रियादको जेलबाट कसरी छुट्नुभयो?

**व्यक्ति ३ :** तपाईं कति वर्षसम्म महिला हिंसा र बलात्कारको सिकार हुनुभयो?

**व्यक्ति ४ :** बलात्कारी अरबीलाई तपाईंले साँच्चै मार्नुभएकै हो?

**व्यक्ति ५ :** निरपराध साबित भएपछि तपाईंले क्षतिपूर्ति पाउने कुरा थियो, के भयो? पाउनुभयो?

*(क्यामेरा, माइक्रोफोन र कापीकलम समातेका सञ्चारकर्मीहरूको भीडभाडबीच ह्विल चेयरमा बसेकी महिला भावहीन आँखा अलिकति उचाल्छिन्। उनका ओठ केही चल्छन्, तर बोल्न सक्दिनन्।)*

**पति :** *(हात जोडेर)* सञ्चारकर्मी महानुभावहरू, म उनको श्रीमान् हुँ। उनी अहिले बोल्ने अवस्थामा छैनन्। लामो समयसम्मको शारीरिक-मानसिक पीडाले उनी बोल्नचल्न नसक्ने भएकी छन्। *(हातले देखाएर)* यी छोराछोरी सानै हुँदा यिनका लागि भनेर साउदी गएकी थिइन्। यिनीहरू यति ठूला भएपछि बल्ल फर्कन पाइन्, तर आफ्ना छोराछोरीलाई चिन्न सकेकी छैनन्...।

*(आँखा पुछ्छन्। छोराछोरी रुन्छन्। व्यक्तिहरू पनि भावुक बन्छन्। त्यही समय नेपथ्यमा कतै ठूलो आवाज हुन्छ जुन रङ्गमञ्चमा चित्रहरूमार्फत प्रत्यक्ष देखिन्छ। विमानस्थलको एकापट्टि प्रवेशद्वारअगाडि युवाहरूको लाइन। सबैको काँधमा झोला, केहीका गलामा फूलका माला। एक प्रहरी बन्द गेटको छेउमा उभिइरहेको हुन्छ। ऊ असहनशील हुँदै गएको लाइनको दबावमा परिरहेको हुन्छ। हातले लाइन लाग्नेहरूलाई पछाडि सर्न इसारा गरिरहेको हुन्छ।)*

**युवा १** : हैन, अहिलेसम्म ढोका किन खुलेको छैन? बिहानको छ बजिसक्यो।

**युवा २** : त्यही त! भित्र पस्न ढिलो भइसक्यो।

**युवती १** : ए प्रहरी दाइ, अहिलेसम्म गेट किन बन्द हो? मेरो त फ्लाई दुबई हो, समयमै उड्छ। यहाँको ढिलासुस्तीले समयमा पुग्न सकिनँ भने सबै बर्बाद हुन्छ।

**युवा ३** : सबैको समस्या यही हो।

**प्रहरी** : तपाईंहरू हल्ला नगर्नोस् त! अनुशासित भएर लाइन लाग्ने।
*(लाइनको चाप अगाडि बढ्छ।)*

**युवा १** : *(आवेगमा)* पहिले तपाईंहरू अनुशासित हुनुपऱ्यो नि, कि परेन? प्लेन छुट्यो भने के गर्ने?

**प्रहरी** : तपाईंहरू भनेको सुन्नुहुन्न? पछि हट्नोस् पछि। *(लाइनलाई हातले पछाडिपट्टि ठेल्ने प्रयास गर्छ, तर सक्दैन।)* हत्तेरी, के भएको यस्तो? नेपालीहरूले कहिल्यै सिक्दैनन्। *(लाइनलाई पछाडि धकेल्ने प्रयास गरिरहन्छ। हल्लीखल्ली मच्चिन्छ। पृष्ठ भागमा विमान उडेको आवाज। यहीबीच ह्विल चेयरमा बसेकी अशक्त महिलाको अन्तर्मनको आवाज प्रतिध्वनित हुन्छ।)*

**आवाज** : यसरी नै देशमा आवश्यक रोजगारी नपाएर बाध्यात्मक परिस्थितिमा दिनहुँ सयौँहजारौँको सङ्ख्यामा बिदेसिनेहरूको लाममा लागेर, आफै रोएर, लोग्नेछोराछोरीलाई रुवाएर आँसुबीच भविष्यको सुन्दर सपना खोज्दै साउदी अरबतर्फ लागेकी थिएँ। कहिलेदेखि नेपालीहरूको बिदेसिने कथा सुरु भयो, मुगलान भासिने व्यथा सुरु भयो, यति ठूलो इतिहास जान्दिनँ म। यो इतिहासका लागि जिम्मेवार पात्र कोको थिए हिजो र आज कोको हुन् भनेर वक्तव्यबाजी गर्ने क्षमता पनि राख्दिनँ। म एक साधारण गृहिणी। सानो गृहिणी सपना बोकेर विदेश लागेँ... मलाई के थाहा... मलाई के थाहा... म... म...। *(गला अवरुद्ध हुन्छ)* मलाई उद्धार गर्नेहरूप्रति म आभारी छु, तर मजस्ता सानो सपना बोकेर पहाडभन्दा ठूलो दुःख खेप्न बाध्य, हिंसा र बलात्कारको सिकार बन्न बाध्य अरू नेपाली चेलीको उद्धार कसले गर्ला? प्रत्येक वर्ष दर्जनौँ सङ्ख्यामा बाकसमा बन्द भई आफ्नो माटोमा फर्कनुपर्ने नेपालीहरूको नियति कहिले रोकिएला?
*(अन्तर्मनको आवाज प्रतिध्वनित भइरहँदा रङ्गमञ्चको सम्पूर्णता ह्विल चेयरमा बसेकी महिलामा केन्द्रित हुन्छ। महिलाको अनुहार र शरीरमा कुनै भावना, कुनै गति देखिँदैन। अघि रोएका र अहिले सँभालिने*

*प्रयास गरिरहेका महिलाका छोराछोरी नजिक सरी घुँडा टेकेर दुईतिरबाट महिलालाई समात्छन्।)*

**छोरो** : आमा! आमा!!

**छोरी** : आमा, हामी तपाईंका छोराछोरी... हामीलाई चिन्नुभएन?

**छोरो** : आमा, हामीलाई हेर्नोस् न... म प्रेम, बहिनी सुमना... हामी हजुरलाई लिन आएका हौँ। बाबा पनि आउनुभएको छ।

*(महिलाका भावहीन आँखा अलिक उचालिन्छन्। ओठ केही चल्छन्। तर भावहीनता र गतिहीनता अन्त्य हुन्छन्। छोराछोरी रुन्छन्।)*

**पति** : प्रेम! सुमना!! आमालाई अहिले दुःख नदेऊ। आमालाई छाड अनि उठ।

*(प्रेम र सुमना आँखा छोपेर रुँदै उठ्छन्।)*

स्याबास, अब घरतिर लागौँ। आमालाई आरामको आवश्यकता छ।

*(आँखा पुछ्दै ह्विल चेयरअगाडि गुडाउँछन्। प्रेम, सुमना र आफन्तजन पछि लाग्छन्। अधिकांश व्यक्तिहरू पनि क्यामराले खिच्दै र कलमले कापीमा केही टिप्दै उनीहरूसितै हिँड्छन्। नेपथ्यमा प्रस्थान। केही व्यक्ति नेपथ्यमा जाऊँ कि नजाऊँ जस्तो मनस्थितिमा त्यहीँ उभिइरहन्छन्।)*

**व्यक्ति १** : अब हामी पनि यहाँबाट गए भएन? यो अन्तर्राष्ट्रिय आगमनअगाडि के उभिइराख्नु? जुन समाचार सङ्कलनका लागि हामी यहाँ आएका थियौँ त्यो केही नबोली चुपचाप गइसकी।

**व्यक्ति २** : त्यही त समस्या भयो। मेरो त मन नै कस्तोकस्तो भएको छ त्यो दिदीको अवस्था देख्दा।

**व्यक्ति ३** : म पनि डिस्टर्ब भएँ यार... तर गर्न के सकिन्छ? अघि बिहानै आएका बाकसहरूले पनि मेरो टाउको खाइरहेका छन्। हामी नेपालीहरूको नियति के भएको हो? कति ऋण काढेर घरबारी बन्धकीमा राखेर, परिवारका लागि मीठो सपना देखेर विदेशतिर लाग्यो, फर्कंदा बाकसमा सुतेर फर्क्यौं। हामीले कहिलेसम्म बाकसमा सुतेर आउनेका बूढाबूढी बाबुआमा, स्वास्नी, छोराछोरी र आफन्तको हृदयविदारक रोदन सुन्नुपर्ने हो?

**व्यक्ति ४** : के गर्ने मित्र, हामी चिन्ता गर्न सक्छौँ, देश बदल्न सक्दैनौँ।

**व्यक्ति १** : त्यसरी पनि नसोचौँ। हामी आफ्नो यही धर्म, यही कर्मले देश बदल्न मद्दत गर्न सक्छौँ। आशा गरौँ।

**व्यक्ति २** : के आशा गर्नु, देशको बाग्डोर समातेकाहरूले सधैँ गुहू खाएकोखाऐ गर्छन्। बरु म एउटा कुरा बुझ्दिनँ।

**व्यक्ति ३ :** के कुरा?

**व्यक्ति २ :** हामी प्रत्येक दिनजसो विदेशबाट बाकसमा बन्द भई आउनेका समाचार दिइरहन्छौँ। हिंसा र बलात्कारको सिकार भएका, कम्पनीहरूको चरम शोषणमा परेकाहरूका समाचार दिइरहन्छौँ तर... विदेशमा कामदार भई जानेहरूका सङ्ख्या दिनपरदिन बढ्दै गएको छ, यस्तो किन? जनताहरू आफै पनि सचेत र सावधान भए हुन्न?

**व्यक्ति १ :** हुन्छ, तर सचेत र सावधान भएर मात्र के गर्ने? काम छैन, रोजगारी छैन। मानिस भएपछि काम र रोजगारीको खोजी गरी नै हाल्छ जहाँ भए पनि। सरकारले आवश्यक काम र रोजगारी दिन सके को घरपरिवार छाडेर विदेश जान्छ र?

**व्यक्ति ३ :** त्यही त... युरोप, अमेरिका, मध्यपूर्व, अस्ट्रेलिया वा जापान, चीन, कोरिया, इन्डोनेसियातिरका मानिसहरू नै भनूँ न। उनीहरू सामान्य कामको खोजमा हाम्रो देशमा आउँदैनन्। किन आउँदैनन् भने उनीहरूलाई यहाँ काम खोज्न आउनुपर्ने आवश्यकता पर्दैन।

**व्यक्ति ४ :** उनीहरू पर्यटक भई आउने हैसियत राख्छन्। हामी उनीहरू हिमाल चढ्न आएकोमा, अलिअलि संस्कृति र जनजीवन बुझ्न आएकोमा मक्ख पर्छौं बस।

**व्यक्ति १ :** हो। अर्को एउटा कुरा पनि छ। मानिसलाई वाध्यता र सपनाले साहसी र दु:साहसी बनाउँछ। सयौँ वर्षदेखि नेपालीहरू लाहुरे बन्न छाडेका छैनन्। अरू रोजगारीमा जानेहरूको कथा पनि त्यही हो। दुर्घटनाको आशङ्काले मानिसहरूले आफ्नो यात्रा छाड्दैनन्।

**व्यक्ति २ :** त्यस्तै होला अब... अरू के भन्न सकिन्छ... मन बुझाउने बाटो...!
*(उसको अरू कुरा सुनी अरू हाँस्छन्।)*

**व्यक्ति ३ :** *(अकस्मात्)* साँच्चै डोनाल्ड ट्रम्प र किम जोङ उनबीचको वार्ता सफल भएकै हो?

**व्यक्ति ४ :** विश्व आणविक-परमाणविक युद्धवाट मुक्त भएकै हो? केनेडी र खुसेवको पालामा जस्तै?

**व्यक्ति २ :** के भनेका थिए रे अलबर्ट आइन्सटाइनले, चौथो विश्वयुद्ध ढुङ्गाका हतियारले लडिने छ? अव ढुङ्गे युगमा फर्कन नपर्ने भयो?

**व्यक्ति ३ :** स्टेफेन हकिन्स मरेछन्... उनले अर्को ग्रहमा बसाइँ सनुपर्ने सुझाव दिएकै हुन्।

**व्यक्ति ४ :** जहाँ बसाइँ सरे पनि उनको ब्ल्याक होलले निलिहाल्छ क्यारे!

**व्यक्ति १ :** साँच्चै, ब्ल्याक होल भनेको हाम्रा देवाधिदेव महादेव हुन् कि क्या हो?

**व्यक्ति २ :** अनि बिग ब्याङ चारमुखे ब्रह्माजी? *(हाँसो)*

**व्यक्ति ३ :** साँच्चै, ओजोन होलको कुरा के भइरहेको?

**व्यक्ति ४ :** ग्रिन हाउस इफेक्टको कुरा के भइरहेछ?

**व्यक्ति १ :** ध्रुवीय हिउँ पग्लँदै छ भन्छन्।

**व्यक्ति २ :** हाम्रा हिमालहरू नाङ्गिँदै छन् भन्छन्।

**व्यक्ति ३ :** जिम्मेवारी कसको?

**व्यक्ति ४ :** साँच्चै, पहिलेपहिले नेपाल धनी देश हो, तर नेपालीहरू गरिब छन् भन्थे। अब नेपालीहरू पनि धनी हुने छन्।

**व्यक्ति १ :** कसरी?

**व्यक्ति ४ :** विदेशबाट किलोका किलो सुन ओसारेर।
*(सबै हाँस्छन्।)*

**व्यक्ति २ :** हाँसोठट्टाको कुरा त्यस्तै हो मित्रहरू, म एउटा गम्भीर कुरा गर्छु।

**व्यक्ति ३ :** के?

**व्यक्ति २ :** *(कापीमा हेरेर)* मैले मिलेनियल्सको एउटा प्रतिवेदन पढेको थिएँ, यहाँ सारिराखेको छु... *(कापी पल्टाउँछ)* विश्वका सबभन्दा ठूला समस्याहरू याने वर्ल्ड इस्युजमा प्रतिशतको हिसाबले यी रहेछन्– मौसम परिवर्तन र प्रकृति विनाश ४८.८ प्रतिशत, ठूलो परिणामका द्वन्द्व ३९.९ प्रतिशत, असमानता ३०.२ प्रतिशत, गरिबी २९.२ प्रतिशत, धार्मिक द्वन्द्व २३.६ प्रतिशत, सरकारी विश्वसनीयता र पारदर्शितामा भ्रष्टाचार २२.७ प्रतिशत, खाद्य र जलसुरक्षा १८.२ प्रतिशत...। यो वर्ल्ड इकोनोमिक फोरमको ग्लोबल सेपर्स सर्वे २०१७ अनुसार हो।

**व्यक्ति ३ :** यस्तो प्रतिवेदन घोकेर के गर्ने? कतै जाँच दिन जानु छैन।

**व्यक्ति २ :** सोच्नुपर्ने कुरा भनेको...।

**व्यक्ति ४ :** साँच्चै, पहिले अलकायदा भन्थे, अहिले तालिबान हुँदै इस्लामिक स्टेट आईएसको धुमधाम छ। आतङ्कवादले प्रगति गरेकै हो?

**व्यक्ति १ :** आतङ्कवादको निर्यातक को हो नि? सोच्नुपरेन?

**व्यक्ति २ :** तीनतिरबाट घेरेको छिमेकी देशमा कश्मीर समस्याका साथ हिन्दू अतिवादको कुरा छ।

**व्यक्ति ३ :** कति हजार हेक्टर सीमा मिचेको कुरा पनि छ।

**व्यक्ति ४ :** उग्र जातिवाद र क्षेत्रीयतावादको कुरा छ।

**व्यक्ति १ :** नाकाबन्दीको कुरा पनि छ।

**व्यक्ति २ :** विश्वमा सबैतिर कम्युनिस्ट सखाप भएको बेला यहाँ किन बढेको होला?

**व्यक्ति ३ :** यी कम्युनिस्ट नै हुन्?

**व्यक्ति ४ :** साँच्चै, मर्नेमार्नेहरू एक भए कति पल्ट आम चुनाव जित्लान् हँ?

**व्यक्ति १ :** अधिनायकत्व आउन लागेकै हो?

**व्यक्ति २ :** कहाँ? नेपालमा कि चीनमा?

**व्यक्ति ३ :** मध्यपूर्वतिर लागौँ। सिरिया ध्वस्तै हुने भयो बलियाको साँढेजुधाइले।

**व्यक्ति ४ :** अफ्रिकी भोकमरीको के कुरा गर्नु? कर्णालीतिर अन्न पुगेको छैन।

**व्यक्ति १ :** क्यान्सर, एड्स, हृदयाघात, मस्तिष्काघात, निमोनियाजस्ता विश्वरोगहरूको के कुरा गर्नु? यहाँ झाडाबान्ताले मान्छे मरिरहेका छन्।

**व्यक्ति २ :** सुत्केरी व्यथाले मान्छे मरिरहेछन्।

**व्यक्ति ३ :** प्रत्येक वर्ष बाढीपहिरोले मान्छे मरिरहेछन्।

**व्यक्ति ४ :** गर्मीमा लू र जाडोमा शीतलहरले मान्छे मरिरहेछन्।

**व्यक्ति १ :** हाम्रा नेताहरूसित योजना के छ?

**व्यक्ति २ :** साँच्चै, ७२ साल वैशाख १२ को भैँचालो सम्झेर आतङ्कित हुन्छु। कतै केही हल्लियो भने भैँचालो आएझैँ लाग्छ।

**व्यक्ति ३ :** नेताहरूले पुनर्निर्माण गरी भ्याए?

**व्यक्ति ४ :** जनतालाई घर बनाउन सघाए?

**व्यक्ति १ :** वैदेशिक सहायता ककसले कतिकति बाँडेर खाए होलान्?

**व्यक्ति २ :** धन्न देशमा सुनामी आउँदैन।

**व्यक्ति ३ :** धन्न देशमा ज्वालामुखी फुट्दैन।

**व्यक्ति ४ :** साँच्चै, सबै हिंसावादी-अहिंसावादीले राजनीतिक शक्ति प्रदर्शन बालबालिका पढ्ने स्कुलबाटै किन गर्छन् हँ?

**व्यक्ति १ :** छाडौँ यी कुरा... जति आङ कन्यायो उति नै छारो उड्छ।

**व्यक्ति २ :** भैँचालोले सगरमाथाको उचाइ बढाएकै हो?

**व्यक्ति ३ :** मोदीलाई के भएको... नेपालको संसदमा आएर बुद्ध नेपालका जन्मेका हुन् भनी वाहवाही खान्छ, विदेश गएर भारतमा जन्मेको भन्छ।

**व्यक्ति ४ :** दलाई लामालाई के भएको नि? बुद्ध नेपालमा जन्मेका हैनन् भन्नेका चित्र घरका भित्ताहरूमा टाँस्नु आवश्यक छ?

**व्यक्ति १ :** छाडौँ त्यस्ताका कुरा। सम्झन लायकको कुरा... देशमा गणतन्त्र आइसक्यो!

**व्यक्ति २ :** संविधान बन्दैन भन्दाभन्दै बन्यो हगि!

**व्यक्ति ३ :** चुनाव हुँदैन भन्दाभन्दै भयो हगि!

**व्यक्ति १ :** प्रदेशहरू पनि बने हगि!

**व्यक्ति २ :** सबै मिलाई कति वटा सरकार रे?

**व्यक्ति ३ :** हामी सरकारको सङ्ख्यामा निकै धनी भयौँ।

**व्यक्ति ४ :** बिल गेट्सजत्तिकै?

**व्यक्ति १ :** जे भन्नु... हामीले आफ्नो सानो जीवनकालमा धेरै ठूलठूला परिवर्तनहरू देख्यौँ। ३० वर्षदेखि जरा गाडिएको एकदलीय पञ्चायती व्यवस्था ढलेको देख्यौँ। राजाको अधिकार खोसिएको देख्यौँ। लोकतन्त्र आएको देख्यौँ। माओवादी द्वन्द्व र हत्याहरू देख्यौँ। राजा वीरेन्द्रको वंश नाश भएको देख्यौँ। राजा ज्ञानेन्द्रको कुशासन, जन आन्दोलन, राजसंस्थाको अन्त्य, संविधानसभा, संविधान निर्माण, भारतीय असहमति र हस्तक्षेपबीच अन्ततोगत्वा नयाँ संविधानले ठोस पाइला चालेको धेरै कुरा देख्यौँ।

**व्यक्ति ४ :** अब गणतन्त्र फेरि अफाप सिद्ध भएको देख्नुपर्ने हो कि?

**व्यक्ति १ :** त्यसरी नसोचौँ। सोच्नुपर्ने कुरा देशमा राजनीतिक स्थिरता र विकास होस्।

**व्यक्ति २ :** जनताको जीवनस्तर माथि उठोस्।

**व्यक्ति ३ :** अबउपरान्त कुनै नेपालीलाई लाहुरिन, मुग्लानिन नपरोस्। खान्छ, विदेशमा गई भारतमा जन्मेको भन्छ।

**व्यक्ति ४ :** सबैले देशमा यथोचित रोजगारी पाऊन्।

**व्यक्ति १ :** बालबालिकाले राम्ररी पढाइलेखाइ गरी साँच्चै भविष्यका कर्णधार हुने अवसर पाऊन्।

**व्यक्ति ३ :** कुपोषण, महिला हिंसा, बलात्कार, जातीय द्वन्द्व, धार्मिक असहिष्णुता, सामाजिक असमानता, राजनीतिक अनुशासनहीनता, सिन्डिकेट, बालशोषण, दादागिरी, अख्तियार दुरुपयोग, भ्रष्टाचारजस्ता कुराहरू एकादेशका कथा बनून्।

**व्यक्ति ४ :** देशमा पर्यटनको अभूतपूर्व विकास होस्। लाखौँ होइन, वर्षमा करोडौँ पर्यटक आऊन्।

**व्यक्ति १ :** सांस्कृतिक सम्पदाहरूको संरक्षण होस्।

**व्यक्ति २ :** देशमा सर्वत्र बाटाहरू बनून्।

**व्यक्ति ३ :** रेलहरू कुदून्।

**व्यक्ति ४ :** विमानहरू उडून्।

**व्यक्ति १ :** केबलकारहरू चलून्।

**व्यक्ति २ :** अनि तुइनहरू? देशमा गणतन्त्र संस्थागत भइसक्यो, अझै बालबालिका तुइनमा झुन्डिएर स्कुल जान बाध्य छन्।

**व्यक्ति ३ :** त्यही अघि म भन्दै थिएँ... देशमा ठूलठूला परिवर्तन आए, तर साँच्चैको परिवर्तन कहिले आउँछ? तुइन युग, धामीझाँक्री युग, बोक्सी युग, भ्रष्ट कमिसनखोर, देशबेचुवा दलालहरूको युग जस्ताको तस्तै छ। कहिले आउँछ परिवर्तन साँच्चैको?

**व्यक्ति ४ :** साँच्चैको?

**व्यक्ति १ :** साँच्चैको?

**व्यक्ति २ :** साँच्चैको?

*(एकै पल्ट होइन, पालोपालो)*

**व्यक्ति ३ :** हो, साँच्चैको।

**व्यक्ति ४ :** ठीक छ... *(सोच्छ)* यो त... धेरै गम्भीरतापूर्वक सोच्नुपर्ने कुरा भयो।

**व्यक्ति १ :** यसो गरौँ। अहिले हिँडौँ। सायद यो प्रश्नको जवाफ हामी कसैसित छैन, समयसित मात्र छ।

**व्यक्ति २ :** हो, ठीक कुरा।

**व्यक्ति ४ :** ठीक।

*(सबै त्यहाँबाट हिँड्न खोज्छन्। त्यही बेला केही अन्य सञ्चारकर्मी त्यहाँ आइपुग्छन्।)*

**व्यक्ति ५ :** हैन, कतिखेर हो?

**व्यक्ति १ :** अघि नै हो... त्यही समाचार सङ्कलनका लागि हो कि क्या हो साउदीवाला... कि अरू कुनै नयाँ...?

**व्यक्ति ६ :** नयाँ केही हैन। त्यही साउदीबाट आउने दिदीका लागि हो... फ्लाइट ल्यान्डिङ हुनेहुने बेला भएन... कि लेट छ?

*(व्यक्ति १, २, ३, ४ मुखामुख हुन्छन्। अट्टहास गर्छन्। व्यक्ति ५, ६ वाल्ल पर्छन्।)*

**व्यक्ति ५ :** के हो...?

*(दाँत देखाउँछ।)*

**व्यक्ति २ :** नेपाली ध्वजावाहक विमान नभएकाले फ्लाइट समयमै आइपुग्यो हजुर... फर्कौं।

**व्यक्ति ६ :** साउदीबाट ती महिला आइसकिन्?

**व्यक्ति ३ :** आइसकिन् होइन, गइसकिन्।

**व्यक्ति ५ :** हत्तेरी! के भनिन्... केही टिपूँ न।

**व्यक्ति ४ :** केही भन्ने अवस्था भए पो... कस्तो दयनीय अवस्था।

**व्यक्ति ६ :** फोटो, भिडियो क्लिप त होला नि?

**व्यक्ति १ :** छ... म पठाइदिउँला।

**व्यक्ति २ :** अनि बन्धुहरू किन ढिलो? कि कतै पीत पत्रकारितातर्फ लागियो? हामी देशका पाँचौँ अङ्ग भनिएकाहरू पनि के गतिला छौँ र! *(हाँस्छ)*

**व्यक्ति ३ :** त्यही त, अरूलाई यस्तोउस्तो भन्यो, आफू उही ड्याङको मुला!

**व्यक्ति ५ :** त्यस्तो केही होइन यार... समयमै यता आउन लागेका थियौँ, अकस्मात् एउटा अति महत्त्वपूर्ण समाचार टिप्न अन्तै कुद्नुपर्‍यो।

**व्यक्ति ४ :** कता?

**व्यक्ति ६ :** थाहा छैन? आमा फेरि बिरामी पर्नुभएको छ।

**व्यक्ति १ :** ए, हो र?

**व्यक्ति २ :** आमा जहिले पनि बिरामी परिराख्नुहुन्छ। बिरामी पर्नु आमाको नियतिजस्तै भएको छ, के भन्ने!

**व्यक्ति ५ :** यस पालि आमा अलि बढी नै बिरामी हुनुभएको छ, के भन्ने!

**व्यक्ति ४ :** ए... त्यसो भए साह्रै नराम्रो भयो। आमा बिरामी हुनुभयो भने म पनि बिरामीजस्तै हुन्छु। साह्रै तनाव हुन्छ।

**व्यक्ति १ :** तपाईंलाई मात्र हो र हामी सबैलाई तनाव हुन्छ।

**व्यक्ति २ :** हो त नि... (एकछिन सोचेर) यसका लागि को जिम्मेवार?

**व्यक्ति ३ :** के?

**व्यक्ति २ :** मेरो मतलब... आमा बिरामी परिराख्नुहुन्छ, यसका लागि को जिम्मेवार छ? हामी जिम्मेवार छौँ भन्ने नैतिक हैसियत कोसित होला?

**व्यक्ति ४ :** त्यस्तो नैतिकता, धर्म, इमान, आदर्श, मूल्यजस्ता कुरालाई अब दिउसै लालटिन बालेर खोज्नुपर्छ।

**व्यक्ति १ :** साँच्चै, अहिले आमा कहाँ हुनुहुन्छ? घरमै कि?

**व्यक्ति ५ :** होइन, अस्पतालमा।

**व्यक्ति २ :** ए, अस्पतालमै जानुपर्ने अवस्था आयो? ओपीडीमा सामान्य जाँच गरी फर्कनुहुने हो कि?

**व्यक्ति ३ :** हुन सक्छ। आमाको शारीरिक कमजोरी पहिलेदेखिकै हो। डाक्टरको सल्लाहबमोजिम शरीरमा आवश्यक तागत ल्याउन भिटामिन र आइरन

चक्की खाइराख्नुहुन्थ्यो। शरीरमा रगत पातलो र कम हुने रोग के भन्छ रे? एनिमियाको औषधी पनि खाइराख्नुहुन्थ्यो।

**व्यक्ति ४ :** आमालाई प्रेसर पनि थियो नि, कहिले अचानक बढ्ने, कहिले घट्ने। त्यसको औषधी पनि नबिराई खानुहुन्थ्यो।

**व्यक्ति ६ :** यसपालि आमालाई अस्पतालमै बस्नुपर्ला जस्तो छ। समस्या अलि जटिल देखियो अरे।

**व्यक्ति १ :** ए! त्यसो भए अस्पतालमै जाऔँ। आमाको अवस्था बुझौँ।

**व्यक्ति २ :** हुन्छ, जाऔँ!

*(सबै प्रस्थान गर्छन्। आलोक हराउँदै जान्छ। अन्धकारमा मन्दिर र गुम्बाको पावन ध्वनि खजमजिँदै लयहीन, बिरसिलो, दुर्घटित हुँदै जान्छ। आलोक अवतरण। एउटा पागलजस्तो अस्तव्यस्त मान्छे छातीमा सानो र पुरानो बाकस च्यापेर प्रवेश गर्छ। सडकको एउटा कुनामा टुक्रुक्क बसेर बाकसलाई छातीमै च्यापी झोक्राउँछ। केही नेताजस्ता देखिने मान्छेको हतारिएर प्रवेश।)*

**मान्छे १ :** होइन, आमा फेरि बिरामी पर्नुभएजस्तो हल्ला छ।

**मान्छे २ :** नेपाल हल्लैहल्लाको देश हो, कुन चाहिँ कविले भनेका थिए।

**मान्छे ३ :** खोइ, आमालाई घरमा देखेजस्तो मलाई पनि लागेन। दीर्घरोगीजस्तो मान्छे, कताकता गइराख्नुभएको हो।

**मान्छे ४ :** आमा भजनतिर जानुभयो होला। बूढाबूढीलाई देउता भए पनि, नभए पनि देउताको भजनजस्तो अचुक ओखती अरू केही हुन्न।

**मान्छे १ :** हो, तर आमा भजनमा जानुभएजस्तो लाग्दैन। बिरामी नै हुनुभएजस्तो विचित्र छ।

**मान्छे २ :** बिरामी पनि कति भइराख्ने होला... दिक्कै लाग्छ।

**मान्छे ३ :** आमा बिरामी हुनुभएको भए हामीलाई थाहा हुनुपर्ने होइन?

**मान्छे ४ :** हो त! हाम्री आमा बिरामी भएको हामीले बाहिरी हल्लाबाट सुन्नुपर्ने... क्या गजब छ!

**मान्छे १ :** आमा पनि गजबकै हुनुहुन्छ... यस्तो टाउको दुख्यो, पेट दुख्यो भने पनि केके नै भएजस्तो हँहँहँहँ गरी ओछ्यान पक्रिदिनुहुन्छ।

**मान्छे २ :** अनि आरोप लाग्छ हामीमाथि... आमाको हेरविचार गरेनन्, यसो गरेनन्, उसो गरेनन्... केके हो केके!

**मान्छे १ :** अब जिम्मेवार व्यक्ति भएपछि आलोचना सुन्नुपर्छ। यो त हामीजस्ताको व्यक्तित्व हो।

**मान्छे ३ :** हो, तर... आमा समयसँगै रोगले अधीर र असहनशील हुनुभएको छ। कहिलेकाहीँ त यसै हुन्न, त्यसै हुन्न, आमालाई डोकामा राखी लगेर खोलामा मिल्काइदिऊँ जस्तो लाग्छ।

**मान्छे ४ :** अनि कहाँ पुऱ्याउने आमालाई? भारत? खोलाहरू सबै उतै बग्छन्।

*(सबै मुखामुख गर्छन् अनि एकै पल्ट जोडले अट्टहास गर्छन्। पागलजस्तो मान्छे उनीहरूको कुरा सुनेर दाँत देखाउँछ।)*

**मान्छे १ :** *(अट्टहासपछि मुख पुछ्दै)* माननीय मित्रहरू, हामी जताका भए पनि कमसेकम सार्वजनिक स्थानमा यस्तो कुरा नगरौँ। जमिन-आकाशका पनि कान हुन्छन्।

**मान्छे २ :** सही कुरा।

**मान्छे ३ :** मानेँ मैले... तर...।

**मान्छे ४ :** तरसर भन्न छाडौँ। हामी जुन पेसामा छौँ त्यहाँ कूटनीति/डिप्लोमेसी भन्ने कुरा बिर्सन मिल्दैन। आमाले हामीलाई जति वाक्कदिक्क पारे पनि छोरा भएको नाताले आमाप्रति देखौवा माया दर्साउनैपर्छ, होइन भने आमाका साँच्चै नै छोराछोरी हौँ भन्ठान्नेहरू छन् नि। तिनले बिताउँछन्, कुरा बुझ्नुभएन?

**मान्छे १ :** हो, आमा यताउता जानुभएको हुन सक्छ। खोजेजस्तो गरौँ न!

**मान्छे ३ :** लल, गरौँ त।

*(यताउति खोज्न थाल्छन्।)*

**मान्छे १ :** आमा!

**मान्छे २ :** आमा!

**मान्छे ३ :** आमा!

**मान्छे ४ :** आमा!

*(खोज्छन्।)*

**मान्छे १ :** आमा!

**मान्छे २ :** आमा!

**मान्छे ३ :** आमा!

**मान्छे ४ :** आमा!

*(खोज्छन्।)*

**मान्छे ३ :** खोइ त... आमा बहिरी पनि हुन थाल्नुभो कि के!

**मान्छे ४ :** अन्धी पनि भइन् कि!

**मान्छे १ :** *(दाहिने हातको चोर औँला मुखमा तेर्स्याउँदै)* चुप! चुप! अघिको कुरा बिर्सनुभयो? टिप्पणी नगरौँ, खोजौँ!

**मान्छे २ :** लल, अरू खोजौँ। छोराको धर्म निभाऔँ।

**मान्छे ३ :** धर्म के छोराहरूले मात्र निभाउनुपर्ने हो?

**मान्छे ४ :** छोरीहरूले त्यति मौका पाएका छैनन् क्या... कुरा बुझ्नुहुन्न?

*(मान्छे ३ सोच्छ। अरू मुखामुख। अट्टहास।)*

**मान्छे ३ :** क्या!

**मान्छे १ :** ल खोजौँ। *(खोज्दै)* आमा! आमा!!

**मान्छे २ :** आमा!

**मान्छे ३ :** आमा!

**मान्छे ४ :** आमा!

*(खोज्छन्। मान्छे १ पागलजस्तो मान्छेलाई देख्छ।)*

**मान्छे १ :** ल, यो पागल त यहाँ यो रहेछ। कहाँ गयो होला भनेको...! ए, यता आइज।

*(पागलजस्तो मान्छे नजिक आउँछ चुपचाप आज्ञाकारीझैँ)*

**मान्छे २ :** यो सिल्लीले हाम्रो कुरा सुनेजस्तो छ।

**मान्छे ३ :** क्यै फरक पर्दैन यस्तो सिल्ली-बहुलाले सुनेर।

**पागल १ :** *(अकस्मात् जङ्गिएर)* को सिल्ली? को बहुला? तैँ बहुला, तैँ बहुला, तैँ बहुला।

**मान्छे ३ :** *(रिसाएर)* नकरा! बङ्गारा झारिदिन्छु।

**मान्छे १ :** के मुखमुखै लागेको... यस्तासित... अलिकति 'ऊ' हुन्छ नि... *(पागल १ लाई)* तैँले हाम्री आमालाई देखिनस्?

**पागल १ :** तिम्री मात्र आमा, हाम्री आमा हैनन्?

**मान्छे १ :** लल, हो, तेरी पनि आमा हो। आमालाई देखिस् त? हामीले कति खोज्यौँ, कहाँ हराउनुभोभो?

**पागल १ :** बिरामी आमालाई बाटामा खोजेर भेटिन्छ, बेइमानहरू!

**मान्छे ३ :** तेरिमा पागल, मुख छाड्छस्।

*(जाइलाग्छ।)*

**मान्छे १ :** ए! ए! ए! के गर्नुभएको... हात नहाल्नोस्। *(मान्छे ३ लाई छेक्छ। उसले छेक्नुभन्दा पहिले पागल १ ले कुटाइ खाइसक्छ।)*

**पागल १ :** *(उफ्रेर)* बेइमान, बेइमान, बेइमानहरू, सबै बेइमानहरू! सबै... सबै... सबै...।

*(एकएकलाई औँल्याउँछ अनि बहुलट्ठी पाराले हाँस्छ। मान्छे ३ रिसले थरथर काम्छ।)*

**मान्छे १ :** ल, मैले मानेँ, हामी बेइमान, तँ इमानदार... आमा कहाँ हुनुहुन्छ त?

**पागल १ :** *(पागलपन छाडेर)* मैले अघि भन्दै थिएँ... बिरामी आमालाई बाटामा खोजेर भेटिँदैन। आमा अस्पताल भर्ना हुनुभएको छ।

**मान्छे २ :** के? अस्पतालमा भर्ना रे? कसले लग्यो आमालाई अस्पताल?

**पागल १ :** मैले।

**मान्छे ४ :** कसले भर्ना गऱ्यो त आमालाई अस्पतालमा?

**पागल १ :** मैले।

**मान्छे ३ :** *(रन्केर)* हामीलाई भन्नुपर्दैन? सोध्नुपर्दैन?

**पागल १ :** *(फेरि सन्केर)* इः सोध्छ! यी सोध्छ! आमा बिरामी भएको थाहा नपाउने... वास्ता केही नगर्ने बेइमान-डाकाहरूलाई सोध्ने? इः सोध्छ! इः, इः, इः!

*(मान्छे ३ उग्र भएर जाइलाग्न तयार पर्छ।)*

**मान्छे १ :** *(हस्तक्षेप गर्दै)* यस्तासित अल्झेर काम छैन। अस्पताल जाऔँ माननीय मित्रहरू! यस्तो कुरामा ढिलासुस्ती गर्नु हुँदैन। सकेसम्म सञ्चार माध्यम पुग्नुभन्दा पहिले पुग्नुपर्छ। जिम्मेवार हौँ न!

**मान्छे २ :** हो, ठीक। सञ्चारकर्मीसामु जिम्मेवारी देखाउनुपर्छ।

**मान्छे ४ :** पर्छ, पर्छ!

**मान्छे ३ :** जाऔँ त।

*(सबै जान्छन्। पागल १ उनीहरू गएको हेर्छ अनि आफै दङ्ग परेर बहुलट्ठी पाराले हाँस्छ। बाकसलाई छातीमा टाँस्छ। मायाले सुमसुम्याउँछ। पिलपिलाउँछ। रङ्गमञ्च अँध्यारिँदै जान्छ। पछि उज्यालिँदा अस्पतालमा जनरल वार्डअगाडिको दृश्य देखिन्छ। व्यक्तिहरू हतार गरी प्रवेश गर्छन्। जनरल वार्डको ढोका अलिकति खोलेर भित्र चियाउँछन्।)*

*(भित्रबाट नर्सको प्रवेश)*

**नर्स १ :** तपाईंहरू यहाँ भीड नगर्नोस् त। उता गएर बस्नोस्।

**व्यक्ति १ :** नर्स, आमाको अवस्था कस्तो छ?

**नर्स १ :** हामीले भन्न मिल्दैन, डाक्टर आउनुभएपछि सोध्नुहोला। *(ढोका लाएर भित्र पस्छे।)*

**व्यक्ति २ :** कस्तो हो भन्न नहुने जस्तो! अब के गर्ने?

**व्यक्ति ३ :** उता बसौँ अब।

*(सबै बस्नलाई राखिएका बेन्च भएतिर जान्छन्। कोही बस्छन्, कोही बस्दैनन्।)*

**व्यक्ति १ :** मलाई त अस्पतालमा छिर्नै मन लाग्दैन। मन नै एकतमासको हुन्छ।

**व्यक्ति २ :** हो, अस्पतालको एक प्रकारको गन्ध हुन्छ नि, त्यसले मलाई त बिरामी नै पार्छ।

**व्यक्ति ३ :** कसलाई आउन मन लाग्छ अस्पताल? बाध्यताले आउने हो।

**व्यक्ति ४ :** म एउटा कुरा बुझ्दिनँ। विज्ञानले यति धेरै प्रगति गऱ्यो भन्छन्, तर किन रोगहरू बढिरहेछन्?

**व्यक्ति ५ :** हो त। संसारभरि नै हेरौँ न। पहिले मान्छे पनि थोरै थिए, रोग पनि थोरै थिए। अहिले मान्छे पनि धेरै, रोग पनि कति हो कति धेरै।

**व्यक्ति ६ :** त्यति मात्र हो र? अहिले त रोगी हुन पनि टन्न पैसावाल हुनुपऱ्यो, होइन भने उपचार गर्न सकिन्न।

**व्यक्ति १ :** के गर्ने, हुनेखानेलाई धेरै खर्च गर्नुपर्ने ठूलो रोग; नहुने, गरिबगुरुवालाई सानो रोग लाग् भनेर लाग्दैन।

**व्यक्ति २ :** त्यही त। प्रकृति पनि अन्यायीजस्तो लाग्छ कहिले त।

**व्यक्ति ३ :** प्रकृति कि भगवान्?

**व्यक्ति २ :** खोइ!

*(सबै हाँस्छन्।)*

**व्यक्ति ४ :** यो देशमा स्वास्थ्य र शिक्षा पूर्ण रूपले गुणात्मक र निःशुल्क हुने कहिले होला?

**व्यक्ति ५ :** कहिलेकहिले! सपनामा मात्र हुने हो कि?

**पत्रकार ६:** बिपनामै हुनुपर्छ। सरकारले जनताको शिक्षा र स्वास्थ्यको पूरै ग्यारेन्टी लिनुपर्छ, होइन भने भुत्रोको सङ्घीय गणतन्त्र!

*(वार्डबाट एक युवा डाक्टर निस्कन्छन्)*

**व्यक्ति १ :** उः डाक्टर!

*(सबै नजिकिन्छन्। हतार मनस्थितिमा रहेका डाक्टर अडिन्छन्।)*

**व्यक्ति २ :** डाक्टर साब, अहिले आमाको अवस्था कस्तो छ?

**डाक्टर :** अहिले ठीकै छ। अवस्था स्थिर नै देखिन्छ। स्वास्थ्यको पूर्ण जाँच नगरी अरू केही भन्न सकिन्न।

**व्यक्ति ३ :** यसको मतलब... जाँच चलिरहेको छ?

**डाक्टर :** हो, हामी उहाँको स्वास्थ्यको क्लोज इन्सपेक्सनमा छौँ। एक्सक्युज मी। *(डाक्टर हतारमा नेपथ्यतर्फ लाग्छन्। पत्रकार १ को मोबाइलको घण्टी बज्छ।)*

**व्यक्ति १ :** *(मोबाइलमा)* हेलो... अँ... ए हो? कहिले? अहिले नै... हुन्छ... हुनुहुन्छ। हामी आउँछौँ... लल... ललल...।

**व्यक्ति ४ :** के हो कुरा?

**व्यक्ति १ :** त्रिभुवन विमानस्थलमा फेरि बाकसहरू आएका छन् रे...।

**व्यक्ति ३ :** मान्छे भरिएका बाकस कि सुन भरिएका?

**व्यक्ति १ :** मान्छे भरिएका... लासहरू।

**व्यक्ति ६ :** हत्तेरी, कस्तो!

**व्यक्ति ४ :** उता जानु कि के गर्नु?

**व्यक्ति ५ :** जाऊँजाऊँ, जानुपर्छ। रिपोर्टिङ गर्नुपर्छ।

**व्यक्ति ६ :** यहाँ आमाको अवस्था पनि स्थिर नै छ।

**व्यक्ति १ :** जाऊँ त!

*(सबै जना नेपथ्यतिर बढ्छन्। त्यही बेला पागल १ बाकस च्यापेर आउँछ। अनि कसैबाट याद नगरिएर एउटा कुनामा टुक्रुक्क बस्छ। नेपथ्यमा मान्छेहरूको प्रवेश। साथमा अरू मान्छे पनि। जम्काभेट हुन्छ।)*

**व्यक्ति २ :** ओहो, माननीयज्यूहरूको आगमन भएछ। नमस्कार है!
*(अरू व्यक्तिले पनि नमस्कार गर्छन्।)*

**मान्छे १ :** *(रवाफका साथ हात अलिकति मात्र जोडेर)* क्या हो तपाईंहरू? आजभोलि त वास्तै गर्न छाड्नुभयो?

**व्यक्ति ४ :** त्यस्तो कहाँ हजुरहरू! हामी त तपाईंहरूकै समाचार बोक्ने भरिया हौँ। घोडा भने पनि हुन्छ हामीलाई समाचार बोक्ने अनि बेतोड कुद्ने।

**व्यक्ति १ :** अहिले पनि एउटा अत्यन्त महत्त्वको समाचार बोक्न कुद्न लागेको।

**व्यक्ति २ :** ल है! हजुरहरू आउनुभयो, आमाको राम्ररी ख्याल राख्नुहोला।
*(सबै हात जोडेर हतारमा हिँड्छन्। नेपथ्यमा जान्छन्।)*

**मान्छे ३ :** *(पछाडिबाट सुनाउँदै)* अनि यहाँ हाम्रो समाचार कसले टिप्छ त?

**मान्छे ५ :** *(नजिक आएर झुक्दै)* म छु नि हजुर! म हजुरहरूको समाचारलाई विशेष रूपले सम्प्रेषण गरिहाल्छु नि... सबै राष्ट्रिय र स्थानीय पत्रपत्रिकामा आउने गरेर।

**मान्छे १ :** ए! ल राम्ररी।

**मान्छे ५ :** हजुर!
*(अतिशय झुक्छ।)*

**मान्छे ३ :** *(नेपथ्यमा हेर्दै)* ती घाँस खाने घोडाहरूलाई कसैले पुलाउ खान बोलाएजस्तो छ। दुई दिन घाँस खान नपाए इमान बदल्छन्।

**मान्छे ४ :** त्यही त। लोकल च्यान्टे घोडाहरू आफूलाई अरेबियन सम्झन्छन्।
*(हाँसो)*

**मान्छे २ :** *(हेरेर)* लौ, यो खुस्केट त यहाँ आइसकेछ... *(नजिक जाँदै)* के छ तेरो त्यो बाकसमा? सबै श्रीसम्पत्ति छ?
*(पागल १ दाँत देखाएर 'हो' सूचक टाउको हल्लाइदिन्छ।)*
उः, छ अरे। खोइ खोलेर देखा त, कति सम्पत्ति छ?
*(पागल १ 'देखाउँदिन' सूचक टाउको हल्लाउँछ।)*
देखा न देखा, के हुन्छ र? हेरूँ।
*(नजिक जान्छ। पागल १ 'हुन्न' सूचक टाउको हल्लाउँछ। बाकसलाई लुकाउन खोज्दै बलियो गरी च्याप्छ।)*
खोइ त खोइ... एक पल्ट देखा... हेरूँ।
*(बाकस समात्न हात बढाउँछ।)*

**पागल १ :** *(अकस्मात जङ्गिएर उठ्दै)* धत्! *(सबै मान्छेलाई जङ्गिएरै हेर्छ)* यी बेइमानहरूले हेर्ने कुरा होइन... हट्! हट्!
*(बहुलट्ठी चालले नेपथ्यमा जान्छ।)*

**मान्छे १ :** भयो अब... गुहूलाई चलाएपछि गन्ध आउँदैन!

**मान्छे ३ :** बजाइहाल्नुपर्ने त्यसलाई... राम्रो कुरा गरेर, फकाएर पनि हुन्छ!

**मान्छे ५ :** त्यही त हजुर... यो बहुलाले गर्दा सधैँ सबैलाई जगजगी हुने भयो। मान्छे चिन्ने होइन, सबैलाई तँतँ र मम गरी बेइज्जत गर्छ। अब हजुरहरूलाई मुख छाड्नेले कसलाई छोड्छ होला? यसलाई त नगरपालिकाको फोहोर उठाउने गाडीमा राखेर...।

**मान्छे ३ :** के फोहोरसोहोरको कुरा... त्यसलाई त कहिलेकाहीँ नगरपालिकाले पागल, भुस्याहा कुकुर मारेर फाल्छ नि, त्यसरी नै फाल्नुपर्ने।

**मान्छे ५ :** हो हजुर, टन्नै सखाप! त्यसलाई त्यस्तै व्यवहार गरे हजुरहरूले देखेजस्तै सपनाको देश बन्छ– विकसित, उन्नतिशील, समृद्ध।

**मान्छे १ :** ल, एक पल्ट आमाको अवस्था हेरिदिऊँ न त– सधैँ बिरामी, दीर्घरोगी।

*(ढोकातर्फ बढ्छ। अरू सबैले उसलाई पछ्याउँछन्।)*

**गार्ड** : *(ढोकामा)* अहिले भेट्ने ट्याम भएको छैन हजुर...!

**मान्छे ५** : *(फुत्त अगाडि आएर अतिरिक्त रवाफ देखाउँदै)* चुप्! तेरा बाउहरूलाई चिन्दैनस्? ~~गार्ड भएँ भन्दैमा तेरिमा... बजाइदिम्?~~

**गार्ड** : *(अकमकाएर)* अब... अब... नियमको कुरा हजुर...।

**मान्छे १** : भित्र को छन्?

**गार्ड** : आमाका आफन्तहरू छन् एकदुई जना...।

**मान्छे ५** : *(यथावत् रवाफमा)* अझ बढी बोल्छस् तेरिमा जैरे? उहाँहरूभन्दा नजिकका आफन्त अरू कोही हुन्छन्? बुझ्नुसुझ्नु छैन। के गर्ने, दुनियाँ त्यसै बिग्रेको छैन। एउटा तुच्छ गार्डले पनि मौका पाए आफै अख्तियारी देखाउन थालिहाल्छ।

*(गार्डलाई पछाडि धकेलेर आफै ढोका खोलिदिन्छ। मान्छे १, २, ३, ४ अति महत्त्वपूर्ण व्यक्तिको पोजमा मुस्कुराउँदै ढोकाभित्र प्रवेश गर्छन्।)*

*(मान्छे ५ गार्डलाई बल्ड्याङ्ग्रे आँखाले हेर्दै औँलो ठड्याउँदै चाप्लुसीपूर्वक अरूको पछि लाग्छ।)*

**गार्ड** : *(बाहिरबाट ढोका लाएर)* कस्ता मान्छेहरू... भनेको नसुन्ने। कसैलाई नपाएर अस्पतालको गार्डलाई थर्काउँछन्।

*(ढोकाछेउको कुर्सीमा बस्छ। आँखा चिम्लन्छ। बिस्तारै टाढाबाट नजिक हुँदै जात्राका बाजाहरू बजेको सुनिन्छ। आवाज सुनिँदै आएपछि जनरल वार्ड लेखिएको ढाकासहित पृष्ठ भागको परिवेश अँध्यारोमा डुब्छ। अन्तर्वार्तामा चर्को बाजासहित एक भैरव (बूढीको मुखुन्डो, जगल्टा, जामा, दाहिने हातमा लामो सोझो खड्ग) नाच्दै प्रवेश। खिन, झ्याली, सहनाई आदि बाजा बजाउनेहरूको पनि बाजा बजाउँदै प्रवेश। साथमा नाच हेर्नेहरू, नाचमा सघाउने धुपौरे आदिको पनि प्रवेश। बाजा बजाउनेहरू झल्लरी छातामुन्तिर। भैरव रङ्गमञ्चको बीचभागमा घुमी कलात्मक शैलीमा नाच्छ, तर पछि आकस्मिक रूपले जाग्न थाल्छ। सहयोगीहरू उसलाई पछाडिबाट समात्छन्, तर नियन्त्रणमा लिन सक्दैनन्। धुपौरेहरू अगाडिपछाडिबाट भैरवलाई धूपदानीबाट गोकुल धूपको धूवाँ सुँघाइरहन्छन्।)*

**सहयोगी १** : *(चर्को बोलेर नेवारीमा)* होस टी! होस टी!

**धुपौरे १** : *(त्यसरी नै धूप सुँघाउँदै)* होस टी! होस टी!

*(उनीहरू दोहोऱ्याउँदै भन्छन्। भैरवलाई नियन्त्रणमा लिने कोसिस गर्छन्, तर सक्दैनन्।)*

**सहयोगी २ :** हैन, बूढी भैरव किन यसरी जाग्नुभयो? यसरी जागेको त मैले देखेकै थिइनँ।

**सहयोगी ३ :** ठूलो अनिष्ट हुने बेला जाग्छ भन्छन्। भोग माग्छ भन्छन्।

**सहयोगी २ :** केको भोग?

**सहयोगी ३ :** सबै लक्षणले युक्त मान्छेको भोग हो कि... कताकता सुनेको। अहिले त सबैको लक्षण हराएर सबैतिर बिजोग छ। कुरा बुझ्नुभएन?

**सहयोगी १ :** ए, होस टी! होस टी!

**धुपौरे १ :** होस टी! होस टी!

*(भैरव बाजाको तालमा अतिशय जागिरहन्छ। सहयोगी र धुपौरेहरूले समाते पनि खड्गले अगाडि हावामा ककसलाई प्रहार गर्छ। यही स्थितिमा सबै नेपथ्यतर्फ लाग्छन्। उनीहरू नेपथ्यतर्फ लाग्दा रङ्गमञ्चमा पहिलेको दृश्य स्थापित हुँदै जान्छ। कुर्सीमा आँखा चिम्लिरहेको गार्ड आँखा चिम्लिएरै हात जोड्दै रुन्छ।)*

**गार्ड :** प्रभु, रछे गर। रछे गर। शान्त भई सबैको कल्याण गर। कल्याण गर। प्रभु, प्रभु!...

*(अकस्मात् जनरल वार्डको ढोका आवेशमा खोली मान्छेहरू बाहिर निस्कन्छन्। गार्ड हडबडाउँदै आफूलाई सँभाल्दै कुर्सीबाट उठ्छ।)*

**मान्छे १ :** केही भएको छैन। आमा त्यत्तिकै सिकिस्त भएजस्तो गर्नुहुन्छ।

**मान्छे २ :** त्यही त, जति सम्झाएबुझाए पनि अहँ... स्वभाव नै भइसक्यो।

**मान्छे ३ :** अब बूढी पनि हुनुभयो... छोराहरू सबैको ध्यान तान्ने उपक्रम होला।

**मान्छे ४ :** त्यही हो, तर आमाले इच्छाउँदैमा हामी सबै आमासित बसिरहन कसरी सक्छौँ? अलिकति बुझ्ने हुनुभए के बिग्रन्थ्यो र?

**मान्छे ५ :** यस्तै हो हजुर बूढाबूढी भएपछि। एउटा उखानै छ नि– गोरु बूढो भएपछि भीर खोज्छ मान्छे बूढो भएपछि निहुँ खोज्ने, रुने, कसैले केही हेरविचार गरेन भनी असन्तोष पोख्ने गर्छ। यी बूढाबूढीका साझा समस्या हुन्। अब छोराछोरी हुर्केपछि बाउआमाको गुहूमुत मात्र सोहोरेर कसरी बस्न सक्छन्?

**मान्छे १ :** ठीक भन्यौ, तर छोराहरू भएपछि मनमा माया नभएजस्तो पनि गर्न भएन। *(मान्छे ५ लाई)* तपाईं यसो गर्नोस्... आमालाई केही खास नभए पनि ल्याउनेले अस्पताल ल्याइहाले। त्यसैले हामी सबैका तर्फबाट

आमाको स्वास्थ्यमाथि गम्भीर चिन्ता व्यक्त होस्, अस्पताल भ्रमणको पूरै फिचरसहित, कुरा बुझ्नुभएन? भोलिका पत्रपत्रिकामा हेड लाइन बन्नुपर्छ।

**मान्छे २ :** हो, नभए यत्रो समय अस्पतालमा बिताएको के काम?

**मान्छे ३ :** त्यही त भनेको... कति काम छाडेर आइयो। क्षतिपूर्ति त हुनुपर्‍यो नि।

**मान्छे ४ :** *(मान्छे ५ लाई)* कुरा बुझेको हो?

**मान्छे ५ :** हजुर! हजुर! म सबै गरिहाल्छु नि। चिन्ता गर्नैपर्दैन।

**मान्छे १ :** ल, लागौँ त त्यसो भए।

*(नेपथ्यतर्फ लाग्छन्। त्यही बेला पागल १ को प्रवेश। ऊ मान्छेहरूलाई देखेर बाकसलाई बलियो गरी समाएर काखीतिर च्यापी लुकाउने प्रयास गर्छ। मान्छेहरू उसलाई देखे पनि नदेखे झैँ गरी ठाँटिएर नेपथ्यमा प्रस्थान गर्छन्। पागल १ एउटा छेउमा टुक्रुक्क बस्छ। गार्ड पनि कुर्सीमा बस्छ। दुवैले एकअर्कालाई हेर्छन्, तर केके कुरा गर्ने थाहा पाउँदैनन्। नेपथ्यबाट व्यक्ति १, २ को प्रवेश)*

**व्यक्ति १ :** अब त साह्रै भयो। देशको अवस्था यस्तै रहिरहने हो भने विदेशबाट बाकसहरू आइरहने छन्। हामी केही गर्न सक्ने छैनौँ।

**व्यक्ति २ :** हो, देशलाई निहित स्वार्थको बाकसमा बन्द गरिराख्ने हो भने उही इतिहास दोहोरिइरहन्छ। व्यवस्था परिवर्तनले मात्र के हुन्छ मानसिकता परिवर्तन नभएपछि?

**व्यक्ति १ :** त्यही त भनेको। विदेशबाट समृद्धिका बाकस आऊन् न, मृत्युका बाकस हैनन्!

**व्यक्ति २ :** विदेशबाट विश्वासका, बाकस आऊन् अविश्वासका बाकस होइनन्।

**व्यक्ति १ :** विदेशवाट सुखसौभाग्यका बाकस आऊन् दुर्भाग्य र सङ्कटका बाकस होइनन्!

**व्यक्ति २ :** तर हामी के गर्न सक्छौँ?

**व्यक्ति १ :** जे सक्छौँ त्यो गरिरहेका छौँ। (गार्डको नजिक जाँदै) भित्र जान सकिन्छ?

**गार्ड :** अहिले भेट्ने ट्याम भएको छैन हजुर!

**व्यक्ति २ :** ए, ठीकै छ।

*(ढोकाबाट हट्छन्।)*

**व्यक्ति १ :** अरू कता लागेछन्, सिधै अस्पताल आउने कुरा थियो।

**व्यक्ति २ :** आउँदै होलान्। *(नेपथ्यतर्फ हेर्दै)* उः, आए पनि...।

*(अरू व्यक्तिहरूको प्रवेश)*

**व्यक्ति ३ :** के छ खबर?

**व्यक्ति १ :** यथावत्। भेट्ने समय भएको छैन रे, पर्खेर बसौँ।

**व्यक्ति ४ :** *(गार्डको नजिक गएर)* ए हजुर, यसो एकछिन भित्र पसी आमाको अवस्था बुझेर फर्कन्छौँ, हुन्न?

**गार्ड :** नियमले मिल्दैन हजुर, नियम मिचेर हो भने जे गर्दा पनि हुन्छ!

**व्यक्ति १ :** उः, सुन्नुभयो? यसलाई भनिन्छ चेतना। जनचेतना। यो चेतना सबै नागरिकमा पलाइसकेको छ। त्यसैले उनीहरू गाउँका चौतारीदेखि सहरबजारका चिया पसलहरूसम्म आफ्नो राय व्यक्त गर्न सक्ने, गुनासो र भडास व्यक्त गर्न सक्ने भएका छन्। यो ठूलो कुरा हो।

**व्यक्ति २ :** तर शक्तिले मदमत्तहरू किन मदमत्त छन्?

**व्यक्ति ३ :** निर्लज्जहरू किन निर्लज्ज छन्?

**व्यक्ति ४ :** दहिचिउरेहरू किन दहिचिउरे छन्?

**व्यक्ति ५ :** भाडाका टट्टूहरू किन टट्टू नै छन्?

**व्यक्ति ६ :** देब्रेदाहिने ढल्कुवाहरू किन ढल्कुवा नै छन्?

**व्यक्ति २ :** पहिले एउटा राजा थियो, अहिले धेरै राजा किन छन्?

**व्यक्ति ३ :** राणाकालीन हुकुमी शासनको अभ्यास किन भइरहेछ?

**व्यक्ति ४ :** होइन, अहिले हामी ठ्याक्क कहाँ छौँ? रणबहादुरको शासनकालमा?

**व्यक्ति ५ :** भीमसेन थापाको शासनकालमा?

**व्यक्ति ६ :** रणजङ्ग पाँडेको शासनकालमा?

**व्यक्ति २ :** जङ्गबहादुरको शासनकालमा?

**व्यक्ति ३ :** वीरशमशेरको शासनकालमा?

**व्यक्ति ४ :** चन्द्रशमशेरको शासनकालमा?

**व्यक्ति ५ :** जुद्धशमशेरको शासनकालमा?

**व्यक्ति ६ :** ३० वर्षे पञ्चायती कालमा?

**व्यक्ति १ :** हैन, देश अगाडि बढिसक्यो।

**व्यक्ति २ :** कहाँ? हिमालका दुःखहरू उनै छन्।

**व्यक्ति ३ :** पहाडका दुःखहरू उनै छन्।

**व्यक्ति ४ :** मधेस/तराईका दुःखहरू उनै छन्।

**व्यक्ति ५ :** उनै कि अझ बढी?

**व्यक्ति ६ :** *(अकस्मात् जोडले कराएर)* बढी! धेरै बढी!! धेरैधेरै बढी!!!

**पागल १ :** *(अकस्मात् बुरुक्क उफ्रेर कराउँदै, बहुलट्ठी पाराले दगुर्दै पत्रकारहरूलाई घुम्दै)* ठीक! ठीक!! ठीक!!!

**व्यक्ति १ :** *(हस्तक्षेप गर्दै)* ए! त्यसरी नकराऊँ त। हामी अस्पतालमा छौँ।

**पागल १ :** *(अकस्मात् सम्झेर जिब्रो टोक्दै, गल्ती महसुस गर्दै चुपचाप उफ्रेर पहिले बसेको ठाउँमा पुग्छ।)* तपाईंलाई के भएको मित्र? *(गार्ड साश्चर्य चुप रहने सङ्केत गरिरहेको हुन्छ।)* प्रतिगामी भनिएला, होस राखौँ है।

**व्यक्ति ६ :** भने भनून्। अग्रगामी मानिएकाहरू प्रतिगामी भएपछि कति दिन तमासा हेरेर, सत्यलाई आँखा छोपेर नदेखे झैँ गरी बस्न सकिन्छ?

**व्यक्ति १ :** तैपनि... हामीले धैर्य गर्नुपर्छ। कतै केही भइहाल्छ कि?

*(अकस्मात् सङ्कटकालीन साइरन बज्छ। जनरल वार्डभित्र आइमाईहरू रोएको आवाज सुनी गार्ड कुर्सीबाट जुरुक्क उठ्छ। पागल १ पनि उठ्छ। व्यक्तिहरू रोएको आवाजले ध्यान तानिन्छ।)*

**व्यक्ति २ :** भित्र के भएछ? आमालाई च्याप्न त च्यापेन?

*(रोएको आवाज तीव्र हुन्छ। गार्ड दुगुर्दै ढोकाभित्र पस्छ। पागल १ पनि दगुर्दै ढोकाभित्र पस्छ। त्यो देखेर व्यक्तिहरू पनि लम्किँदै ढोकातर्फ बढ्छन्। भित्र पस्छन्। एकछिनपछि केही नर्स, गार्ड, आफन्तले आमालाई स्ट्रेचरमा राखी वार्डको ढोकाबाट बाहिर ल्याउँछन्। आमाको नाकमुख छोपिने गरी अक्सिजन मार्क्स, हातमा औषधी, सलाइनको सुई। नर्सहरूले जतन गरी अक्सिजनका पाइपहरू समातेका छन्। पागल १ र व्यक्तिहरू हतप्रभ मनस्थितिमा पछिपछि हिँड्छन्। आफन्त महिलाहरू रुँदै हिँड्छन्। नेपथ्यतर्फ स्ट्रेचरको गुडाइसँगै रङ्गमञ्च अँध्यारिँदै जान्छ। लगत्तैपछि जब रङ्गमञ्च उज्यालिन्छ, त्यहाँ अङ्ग्रेजीमा ICU लेखिएको ढोका दृष्टिगोचर हुन्छ। ढोकाछेउमा गार्ड २ उभिएको हुन्छ। ऊ स्ट्रेचर आएको देखेर ICU को ढोका पूरै खोलिदिन्छ। स्ट्रेचर ICU भित्र प्रवेश गर्छ। नर्स र गार्डहरूको सङ्केतमा पागल १, आफन्त महिलाहरू र अन्य व्यक्तिहरू ढोकाबाहिर नै अडिन्छन्।)*

**गार्ड २ :** तपाईंहरू त्यहाँ बस्नुहोला। यहाँ ढोकामा भीड गर्न हुन्न।

*(प्रतीक्षार्थी बस्ने बेन्चतर्फ सङ्केत। सबै उतै लाग्छन्। आइमाईहरू रुँदै बस्छन्। व्यक्तिहरू बस्दैनन्। पागल १ बेन्चमा नबसी कुनामा थुचुक्क बस्छ। एकछिनपछि जनरल वार्डको गार्ड र आफन्त ढोकाबाट बाहिर निस्कन्छन्। आफन्त अँध्यारो मुख लाएर आइमाईहरूको छेउमा बस्न पुग्छ।*

*गार्ड जनरल वार्डको ड्युटीमा फर्कन्छ। युवा डाक्टर र मुख्य डाक्टर नेपथ्यबाट प्रवेश गर्छन्। छिटोछिटो ICU ढोकाभित्र पस्छन्। डाक्टरहरू आउँदा गार्ड २ अदबसाथ ढोका खोलिदिन्छन्।*

टक!

*टक!*

*टक!*

*टक!*

*टक!*

*टक!*

*टक!*

*टक!*

*टक!*

*एकएक सेकेन्ड तख्तावाला घडीको सुई चलेको आवाज सुनिन्छ। मौनतामा आफन्त र व्यक्तिहरू सबैले त्यो आवाज सुन्छन् र व्यग्रतापूर्वक ICU ढोकामा आँखा लाइरहन्छन्। ICU को ढोका खुल्छ। एउटी नर्स देखा पर्छे। हातमा कागज।)*

**नर्स** : आमाको मान्छे को हुनुहुन्छ?

*(आफन्त, आइमाईहरू, पागल १, व्यक्तिहरू सबै ढोकातर्फ लम्कन्छन्।)*

**आफन्त** : हामी हौँ।

**व्यक्ति १** : हामी सबै हौँ।

**आइमाई १** : नर्स, आमालाई कस्तो छ?

**नर्स** : डाक्टरले भन्नुहुन्छ। अहिले यो कागज लिएर जाने अनि औषधीहरू लिएर आउने।

**आफन्त** : खोइ, कागज मलाई दिनोस्।

**व्यक्ति १** : मलाई दिनोस्।

**पागल १** : मलाई...।

**नर्स** : ल, जसले ल्याए पनि छिट्टै ल्याउने।

*(सबैका हात अगाडि तानिएका हुन्छन्। नर्स आफन्तको हातमा कागज राखेर भित्र जान्छे। आफन्त र अन्य सबै औषधी लिन नेपथ्यतर्फ लाग्छन्। अर्को नेपथ्यबाट मान्छे १, २, ३, ४, ५ को प्रवेश)*

**मान्छे १** : खोइ, आईसीयू भनेको यतै होइन?

**मान्छे ५** : *(झुकेर)* हो हजुर! जनरल वार्डबाट आमालाई यतै सारे रे। अचानक के भएछ? थाहा भएन।

**मान्छे २** : हामीले हेर्दा ठीकै हुनुहुन्थ्यो। त्यस्तो अचानकको अचानक के हुन्छ?

**मान्छे ३** : केही न केही। अस्पतालले आफू मोटाउने उपाय गरेको हुन सक्छ।

**मान्छे ४** : हो, आजभोलि अस्पतालहरूले सेवा गर्दैनन्, व्यापार गर्छन्।

**मान्छे १** : *(गार्डलाई)* यता हेर त। यो अस्पतालमा राम्रो भएको बिरामीलाई आराम गर्न आईसीयूमा ल्याउने चलन छ कि क्या हो?

**गार्ड** : यस्ता ठूला कुरा हामी के जानम् हजुर? ठूला कुरा ठूला मुन्छेसितै सोध्नोस्। बस हजुरहरू को?

**मान्छे ५** : तेरिमा मूर्ख! देशका यत्रायत्रा ठूला मान्छेलाई नचिन्ने? यो देशमा जनताको बौद्धिक स्तर उठ्ने कहिले होला?

**मान्छे १** : छाड यस्ता बकमफुसे झीनामसिना कुरा। जङ्गलमा मस्त भई हिँड्ने हात्तीलाई भुसुना जाबोले चिनेन भन्नुको के तुक? अब आमालाई आईसीयूमा राखेको थाहा भएपछि अलिकति चिन्तित त हुनु नै पर्ने होला...।

**मान्छे २** : त्यो त परी नै हाल्यो। पहिलेभन्दा अलि बेसी सरोकार पनि देखाउनैपर्‍यो।

**मान्छे ३** : डाक्टरलाई सोध्न पाए हुने। ठ्याक्क के हो? *(गार्डलाई)* ए, डाक्टर कहाँ छन्?

**गार्ड** : हजुर, डाक्टर सापहरू अघिदेखिन् जाँचमा हुनुहुन्छ सप्पै।

**मान्छे ४** : जहिले पनि जाँच, जहिले पनि जाँच, के जाँच्छन्जाँच्छन्। जाँच्दाजाँच्दा बिरामी सकिन्छ, तिनको जाँच कहिल्यै सकिन्न।

**मान्छे १** : हो, तर गर्ने के? यो हाम्रो हातको कुरो भएन। हाम्रो हातमा त देशका ठूलठूला निर्णय हुन्छन्, बुझ्नुभएन?
*(मुस्कुराउँछ।)*

**मान्छे ५** : *(अतिशय झुकेर)* मुनासिब हजुर मुनासिब...।
*(नेपथ्यबाट औषधी लिन जानेहरू आउँछन्। आफन्त र आइमाईका हातका बास्केटमा औषधीहरू चुली परेका छन्।)*

**नर्स** : *(ढोकाबाट टाउको निकालेर)* औषधी आइपुगेन?

**गार्ड** : हजुर, उः आइपुग्यो।

**नर्स** : ल, एउटा तपाईं ल्याउनोस्। एउटा म लान्छु।

*(आफन्त गार्डलाई र आइमाई नर्सलाई औषधीको बास्केट दिन्छे। उनीहरू बास्केट बोकेर भित्र पस्छन्।)*

**मान्छे ३ :** के हो औषधी पनि त्यति धेरै? भातको सट्टा खानुपर्ने हो कि के?

**व्यक्ति १ :** अब शरीर रोगाएपछि कसको के लाग्छ? भातको ठाउँमा औषधी र औषधीको ठाउँमा भात खानुपर्ने अवस्था आइलाग्छ।

**व्यक्ति २ :** नेताजीहरूले कतिखेर आउने कष्ट गर्नुभयो कुन्नि?

**मान्छे ४ :** अघि नै हो। अहिले हिँड्ने बेला भइसक्यो। हामी आउँदा यहाँ कुरुवामा कोही थिएन। यस्तो नहुनुपर्ने। यो आमाको स्वास्थ्यमाथि खेलबाड भयो। आइन्दा हेक्का रहोस्।

**पागल १ :** *(सुस्तरी)* चुप! वाहियात कुरा गर्छ।

**मान्छे १ :** *(पागल १ लाई बेवास्ता गरी)* अहिले के छ त? जनरल वार्डमा त आमा चङ्गै हुनुहुन्थ्यो।

**व्यक्ति ३ :** अहिले डाक्टरले रिपोर्टिङ गर्ने समय भयो होला। हामी पनि यही कुरा बुझूँ भनेर...।

**मान्छे २ :** कति समय पर्खने? हाम्रो समय कति मूल्यवान् छ भन्ने कुरा तपाईंहरूलाई सम्झाउन नपर्ला। जरुरी बैठकहरू छन्।

**व्यक्ति १ :** नेताजी, आमा आईसीयूमा हुनुहुन्छ। यसभन्दा मूल्यवान् समय अरू के हुन सक्छ?

*(नर्स ढोकामा देखा पर्छे। हातमा कागज।)*

**नर्स :** आमाको मान्छे को हुनुहुन्छ?

**मान्छे :** हामी छौँ।

**मान्छे २ :** हामी छोराहरू हौँ।

**नर्स :** ल, यो कागज लिनोस्। थप औषधी चाहियो। छिट्टो ल्याइदिनुहोला।

*(नेता १ को हातमा कागज दिन्छे। भित्र पस्छे।)*

**मान्छे १ :** *(कागजलाई माथिदेखि तलसम्म हेरेर)* केके लेखेकोलेखेको... ल लिनोस्।

*(मान्छे २ लाई दिन्छ।)*

**मान्छे २ :** के गर्ने? ल यो तपाईं जानोस्।

*(मान्छे- ३ लाई दिन्छ।)*

**मान्छे ३ :** यो... यो... मेरै टाउकोमा। तपाईं ल्याउनोस्।

*(मान्छे ४ लाई दिन्छ।)*

**मान्छे ४ :** *(मान्छे ५ लाई कागज दिँदै)* यसरी पेल्न भएन नि... । ल, यो लगेर ल्याउनोस्।

**मान्छे ५ :** *(मान्छे १ लाई कागज दिँदै)* यस्तो ठूलो काम त हजुरहरूजस्ताले गर्ने हो हजुर, असर राम्रो पर्छ।

**मान्छे १ :** ए, ल!
*(मान्छे २ लाई)*

**मान्छे २ :** ए, लल!
*(मान्छे ३ लाई)*

**मान्छे ३ :** ल, ल, ल!
*(मान्छे ४ लाई)*

**मान्छे ४ :** ए, ल त!
*(मान्छे ५ लाई)*

**मान्छे ५ :** हजुर, ल...!
*(कागज हातहातमा घुमिरहन्छ। त्यो अनुत्तरदायित्वपूर्ण घटना हेरिरहेका आफन्त र अन्य सबै तिनको नजिक पुग्छन्। अन्तमा आफन्त नेता १ को हातबाट कागज थुतेर नेपथ्यतर्फ दगुर्छ। उसको पछिपछि अरू दगुर्छन्। ICU को ढोका खुल्छ। मुख्य डाक्टर र युवा डाक्टर देखा पर्छन्। उनीहरूलाई देखेर व्यक्तिहरू अडिन्छन्। फर्कन्छन्। अरू नेपथ्यमा जान्छन्।)*

**मान्छे १ :** डाक्टर!

**मुख्य डाक्टर :** *(अडिएर)* भन्नुहोस्, के सेवा गर्न सक्छौँ?

**मान्छे २ :** अहिले अवस्था के छ?

**मुख्य डाक्टर :** तपाईंहरू को हुनुहुन्छ?

**मान्छे ३ :** हामी आमाका छोराहरू!

**मुख्य डाक्टर :** ए, छोराहरू...।

**मान्छे ४ :** हो, हामी आमाका जिम्मेवार छोराहरू हौँ। आमाको अवस्था अहिले कस्तो छ? अकस्मात् के भयो र आमालाई आईसीयूमा राख्नुपर्ने अवस्था सिर्जना भयो?

**मुख्य डाक्टर :** तपाईंहरू जिम्मेवार छोराहरू... मैले तपाईंहरूलाई सोध्नुपर्ने प्रश्न उल्टो तपाईंहरूले मलाई सोध्नुभयो। यो आश्चर्यको कुरा भएन?

**मान्छे १ :** डाक्टर, तपाईं के भन्न खोज्दै हुनुहुन्छ?

**मुख्य डाक्टर :** म यो कुरा बुझ्न खोजिरहेछु कि तपाईंहरूजस्ता जिम्मेवार छोराहरू हुँदाहुँदै आमाको स्वास्थ्य अवस्था किन यति नराम्रोसित खराब हुन पुग्यो?

**मान्छे २ :** हामीलाई के थाहा? हामी डाक्टर होइनौँ।

**मुख्य डाक्टर :** माफ गर्नुहोस्, बहस गर्नु हाम्रो काम होइन। तर यो कुनै जिम्मेवारीको जवाफ भएन। तपाईंहरूलाई जानकारी हुनुपर्छ, बिरामीलाई रोगले होइन, रोगका कारणहरूले मार्छन्। त्यसैले रोगका कारणहरूसित सधैँ सतर्क रहनु जरुरी छ।

**मान्छे ३ :** ठीक छ डाक्टर, अब आमाका लागि हामी के गर्न सक्छौँ भन्नुहोस्। हामी जे पनि गर्न सक्छौँ। आमाका लागि ठूलठूला आन्दोलन गर्न सक्छौँ।

**मान्छे ४ :** हाम्री आमाका लागि ज्यान दिन तयार छौँ। ठूलठूला बलिदान दिन तयार छौँ।

**मुख्य डाक्टर :** हेर्नुहोस्, ध्यानपूर्वक सुन्नुहोस्। हृदयदेखि नै बुझ्ने कोसिस गर्नुहोस्। अहिले आमाको स्वास्थ्य अत्यन्त खराब छ। अक्सिजनको मात्रा बढाउनुपरेको छ। उहाँको मुटुको चाल अनियमित छ। फोक्सोले सन्तोषजनक ढङ्गले काम गरिरहेको छैन। भेन्टिलेटर प्रयोग गरेका छैनौँ, तर फोक्सोले एक हदसम्म काम गर्न छाडे प्रयोग गर्नुपर्ने हुन्छ। रगत र पिसाबको रिपोर्टमा पनि समस्या बढेको छ। सङ्क्षेपमा भन्दा उहाँको स्वास्थ्य मल्टी अर्गन फेलियरतर्फ उन्मुख छ। हामी त्यसबाट उहाँलाई बचाउने प्रयत्नमा छौँ। आमाको अवस्था यसो हुनुमा अस्पताल होइन, बाहिरका कारणहरू जिम्मेवार छन्। जिम्मेवार व्यक्तिहरूले जिम्मेवारी वहन नगर्दा यस्तो दुःखद अवस्था सिर्जना हुन्छ। बाँकी कुरा तपाईंहरू जान्नुहोला। एक्सक्युज अस।

*(डाक्टरहरू नेपथ्यमा प्रस्थान गर्छन्।)*

**मान्छे ५ :** आजभोलिका डाक्टरहरू हजुर सेतो लुगा लाउने भूतजस्ता छन् चाहिनेनचाहिने कुरा गरेर तर्साउने।

**मान्छे १ :** *(अकस्मात् रिसाएर)* चुप! बझ्नुसुझ्नु केही छैन। *(मान्छे ५ हच्किन्छ)* मलाई यस्तो हुन सक्छ भन्ने आशङ्का पहिलेदेखि नै थियो। कति चेताइयो, कति चेताइयो। कसैले टेरपुच्छर लाएको हैन।

**मान्छे ३ :** चेताएर मात्र भएन नि, आफूले पनि चेत्नुपर्‍यो।

**मान्छे १ :** मैले के चेत्ने?

**मान्छे ३ :** हामीले के चेत्ने त?

*(रिसारिस)*

**मान्छे १ :** एउटा कुरामा कुरा हुन्छ नि त्यत्तिकै।

**मान्छे ३ :** त्यसरी कुरा गर्न पाइन्न सिधा कुरा।

**मान्छे २ :** यसरी समस्याको समाधान निस्कँदैन। ठोक्काबाजी छाडौँ, के गर्न सकिन्छ भनौँ।

**मान्छे ४ :** हो, आमाको अवस्थालाई दृष्टिगत गरी अब अर्को महान् आन्दोलनमा जाऔँ। हामी आन्दोलनमा गएपछि आमाको मुटु, कलेजो, फोक्सो सबै अङ्गले ठीक काम गर्न थालिहाल्छन्।

**मान्छे २ :** मलाई पनि यही एउटा उपाय बाँकी छ जस्तो लाग्यो। डाक्टरको कुराबाट मैले यही बुझेँ– आमाको रोग हामीले बाहेक अरू कसैले निको पार्न सक्दैन। *(मान्छे १ लाई)* तपाईं के भन्नुहुन्छ?

**मान्छे १ :** आन्दोलनमा गइहाल्ने र? जनताले साथ देलान्? अलि मोहभङ्गको अवस्था छ, तपाईंहरूलाई थाहै छ।

**मान्छे २ :** यसमा चिन्तै नगर्नुहोस्। विकल्प नभएपछि जनता साथ दिन बाध्य हुन्छन्।

**मान्छे ३ :** आवश्यक परे दुईचार सय मान्छेको रगतको बलि चढाउन पछि हटिन्न।

**मान्छे ४ :** ल, अर्को जन आन्दोलन पक्का! महान् क्रान्ति पक्का!

**मान्छे २ :** बरु कहिलेदेखि सुरु गर्ने?

**मान्छे १ :** सुरुवात पर्खेर बस्यो भने कहिल्यै पनि सुरुवात हुँदैन। साथीहरू, महान् जन आन्दोलन, महान् क्रान्ति अहिले नै सुरु गरौँ।

**मान्छे ३ :** गरौँ, गरौँ। ढिलासुस्तीको कामै छैन।

**मान्छे १ :** *(अस्पताल भन्ने बिर्सी नारा लाउँदै)* आमाको स्वास्थ्य!

**अन्य मान्छे :** जिन्दाबाद!

**मान्छे :** आमाको स्वास्थ्य!

**अन्य मान्छे :** जिन्दाबाद!

**मान्छे ३ :** प्रतिक्रियावादी! रोगव्याधि!

**अन्य मान्छे :** मुर्दाबाद!!

**मान्छे ४ :** प्रतिक्रियावादी! रोगव्याधि!

**अन्य मान्छे :** मुर्दाबाद।

*(जोडजोडले नारा लाउँछन्। नेपथ्यबाट सुरक्षाकर्मीहरू सिटी बजाउँदै दुवै हातले उनीहरूलाई नियन्त्रणमा लिने प्रयास गर्दै बाहिर निस्कने सङ्केत गर्छन्, तर सफल हुन सक्दैनन्। उनीहरू प्रयास जारी राख्छन्। त्यही बेला अन्य मान्छे पनि आई नाराबाजीमा मिसिन्छन्। नेपथ्यबाट आफन्त, पागल १, आइमाईहरू औषधीका बास्केट बोकेर आउँछन्। गार्ड र ICU ढोकाभित्रबाट आएकी नर्सलाई औषधीको बास्केट दिन्छन्। गार्ड र नर्स*

*औषधीको बास्केट बोकेर ढोकाभित्र जान्छन्। आफन्त, पागल १ र आइमाईहरू वाल्ल परी नाराबाजी हेर्छन्।)*

**पागल १ :** *(अकस्मात् जङ्गिएर बहुलट्ठी पारामा उफ्रँदै नाराबाजी गर्नेहरूलाई बीचमा पारी दगुर्दै)* चुप! चुप! बेइमानहरू चुप! बेइमानहरू चुप!

*(मान्छे ३ र केही अपरिचितले मिलेर नाराबाजी गर्दै पागल १ लाई साफसित चुट्छन्। ऊ 'चुप बेइमानहरू' भन्न छाड्दैन। अन्ततः नाराबाजी गर्नेहरू नाराबाजी गर्दै नेपथ्यतर्फ प्रस्थान गर्छन्।)*

यिनै बेइमानहरूले गर्दा हो... यिनै बेइमानहरूले... यिनै बेइमानहरूले...।

*(चुटाइको रन्कोमा परी नेपथ्यमा प्रस्थान गर्छ। उज्यालो हराउँदै जान्छ। अर्को दृश्यमा उज्यालो स्थापित। 'जिन्दाबाद, मुर्दाबाद' को चर्को आवाज सडक दृश्य भइरहेको हुन्छ। एक जोडी माग्ने बूढाबूढी सडकछेउमा माग्न बसेका हुन्छन्।)*

**माग्ने बूढी :** हैन, केको जिन्दाबाद-मुर्दाबाद भन्छन्? कति दिन भयो सुन्दासुन्दा कानै पाकिसके।

**माग्ने बूढा :** के कति दिन भयो भन्छौ, कतिकति बर्ख भए भनम् न। हामी त ठिटाठिटी नै थिएम्, त्यति बेलादेखि यो जिन्दाबाद-मुर्दाबाद भनेको सुन्या हो...।

**माग्ने बूढी :** हो हुन त...।

**माग्ने बूढा :** त्यसै बेलाँ हाम्रो बिहे भो, छोर्छोरी भए। छोर्छोरीलाई मायाले हुर्काइयो, बढाइयो। ती ठूला भए, जान्नेसुन्ने भए। यिनै जिन्दाबाद-मुर्दाबाद भन्नेहरूको साथ लागी गएका थिए, फर्केर आएनन्। छोर्छोरी बरा भन्थे, 'बालाई सुख दिम्ला, आमालाई सुख दिम्ला।' इः, सुख देखियो। बुढेसकालाँ मागेर खानुपर्ने भयो।

**माग्ने बूढी :** किन सम्झेका होलान्...। *(पिलपिलाउँछिन्।)*

**माग्ने बूढा :** नसम्झेर के गर्ने, बिर्सन सकिँदैन। *(हात जोडेर आकाशतिर हेर्दै)* हे भगवान्, दुनियाँमा कसैका पनि छोर्छोरी बाउआमाभन्दा चाँडो नजाऊन्। सहन सकिन्न... सकिन्न।

*(माग्ने बूढा रुन्छन्। बूढी झन् बढी रुन्छिन्। नेपथ्यबट पागल १ को प्रवेश।)*

**पागल १ :** हँ... के भयो बा? के भयो आमा? किन रुनुभएको?

**माग्ने बूढा :** *(आँखा पुछ्दै)* केही हैन बाबू... सुखदुःखका कुरा सम्झना आए, त्यसैले...।

**पागल १ :** आमा... आमा, नरुनुहोस्। आमाहरू रुनु हुन्न... रुनु हुन्न। हामी छौँ... हामी छौँ... हामी भएसम्म आमाहरू रुन हुन्न।

**बूढी माग्ने :** *(सँभालिँदै)* के गर्ने बाबू, हराएका छोर्छोरीको सम्झना आयो। ती बाँचिराखेका भए बाबूजत्रै हुन्थे। केके गर्छु भन्थे, बरा...।

**पागल १ :** म छु नि आमा... हामी छौँ नि आमा...!
*(भावावेशमा बग्छ। बाकसलाई प्रेमपूर्वक छातीमा टाँसेर सुमसुम्याउँछ। म्वाइँ खान्छ। उसका आँखा बग्न थाल्छन्।)*

**बूढो माग्ने :** बाबू किन रोएका हुन् कुन्नि...! हाम्रो दुःख बिझाएछ कि...?

**बूढी माग्ने :** अर्थोक कुरा पनि होलान्। बाबू, हामी बाउआमाजस्तै हम्। के भयो भनम्... मन हलुङ्गो हुन्छ।

**पागल १ :** के भनम् बाआमा... मेरा पनि... हाम्री पनि आमा सिकिस्त बिरामी... अस्पतालमा... अस्पतालमा...!
*(भावावेशमा रुन्छ।)*

**बूढी माग्ने :** नारानशिव! नारानशिव! केके देख्नसुन्न पर्ने भयो। यो बुढेसकालमा क्यै राम्रो देख्नसुन्न नपाइने भयो...।

**बूढा माग्ने :** यस्तै हो बाबू... सबै दुःखको भवसागर नै रहेछ। कसैलाई छोर्छोरीको दुःख, कसैलाई बाउआमाको दुःख... जति डुङ्गा खियाए पनि दुःखको भवसागर तर्न सकिन्न...।

**पागल १ :** *(सँभालिएर)* सकिन्छ होला बा! हिम्मत नहारी डुङ्गा खियाइरहे दुःख र समस्याहरूको सागर तर्न सकिन्छ होला... आशा राख्नोस्... आशा... आशा।

**बूढा माग्ने :** सके त हो बाबू... तर...।

**पागल १ :** सकिन्छ बा... सकिन्छ। सबै दुर्भाग्यबाट मुक्त हुन सकिन्छ... आशा राख्नोस्... आशा। म पनि राख्छु...।

**बूढी माग्ने :** बाबूलाई एउटा कुरो सोध्न मन थ्यो... सोध्न हुने हो कि नहुने हो?

**पागल १ :** सोध्नुहोस् न आमा! बाआमालाई जे पनि सोध्ने अधिकार हुन्छ।

**बूढो माग्ने :** उः, कस्ता कुरा गर्छन् मिठाईजस्तै... गुलियो।

**बूढी माग्ने :** त्यो बाकसमा के छ भनेर हो बाबू... सधैँ छातीमा टाँसिरहेको देख्छु।

**पागल १ :** यो प्यान्डोराको बाकस हो आमा...! यसभित्र अघि हामीले कुरा गरेको उही आशा बन्द छ, सबै कुरा ठीक हुने आशा...। जबसम्म यो बाकसमा आशा बन्द रहन्छ तबसम्म हामीले हिम्मत हार्नु हुँदैन। हामी निराश बन्नु हुँदैन। हामीले आशा गर्नुपर्छ, विश्वास गर्नुपर्छ, भरोसा राख्नुपर्छ। हामीसित

अरू केही नभए पनि एउटा खास चिज छ– आशा, आशा र आशा! कुरा बुझ्नुभयो आमा?

**बूढी माग्ने :** सबै त के बुझिन्थ्यो, तर बुझेजस्तो लाग्यो नाइँ...।

**बूढो माग्ने :** राम्रो कुरा, गहिरो कुरा सबै बुझ्न सकिन्न... बुझेजस्तो लागेपछि भयो...।

**बूढी माग्ने :** त्यही भनेको...। बाबुलाई यता हुँदी कतिले पागल-बहुला केके भनेको सुनेकी थिएँ... कति जाती कुरा गर्दा रहेछौ। *(पटुकाबाट केही खाने कुरा निकालेर)* बाबूलाई भोक लागेको होला... यहाँ अलिकति मागेको खाने कुरा छ। खाऊ बाबू!

**पागल १ :** बाआमालाई भोकै राखेर मैले खाने?

**बूढा माग्ने :** के भो त बाबू? आधाआधा पेट खाम्ला।

**पागल १ :** हुन्न बा! बाआमाका पेट आधा भोकै राखेर छोराछोरीले खानु हुन्न, पाप लाग्छ। छोराछोरीले त बाआमालाई मागेर खान नपर्ने दिन दिन सक्नुपर्छ। त्यो दिन आउने छ, अवश्य आउने छ। मसित प्यान्डोराको बाकस छ। बाकसभित्र आशा मरेको छैन, जिउँदै छ... जिउँदै...।

*(बाकसलाई छातीमा टाँसेर बहुलट्ठी पाराले नेपथ्यमा प्रस्थान गर्छ। बूढाबूढी वाल्ल पर्छन्।)*

**बूढा माग्ने :** हैन, बाबूलाई के यो? के भने?

**बूढी माग्ने :** कुन्नि...।

*(जिन्दाबाद-मुर्दाबादको आवाज आउँछ।)*

**बूढा माग्ने :** उः, आए फेरि जिन्दाबाद-मुर्दाबाद भन्नेहरू। यिनले माग्नेहरूलाई केही दिन्नन्, ठूलठूला कुरा मात्र गर्छन्।

**बूढी माग्ने :** हो त नि, बिनास्वादैको! ती यता आइपुग्नुभन्दा पहिले हामी भागम्। खाने कुरा पनि उतै खाम्ला। ती बाबूले खान मानेनन्...।

**बूढा माग्ने :** जाम् त...।

*(बूढाबूढी नेपथ्यमा प्रस्थान गर्छन्। केही समयपछि एउटा नेपथ्यमा मान्छे १, २, ३, ४ को नेतृत्वमा जिन्दाबाद-मुर्दाबादको जुलुस आउँछ। जुलुस नेपथ्यमा गएपछि अर्को जिन्दाबाद-मुर्दाबादको जुलुस आउँछ। जुलुस नेपथ्यमा प्रस्थान गरेपछि नेपथ्यबाट मान्छे ६, ७, ८, ९ को नेतृत्वमा पहिलेको जुलुस आउँछ। दुई जुलुसको आउनेजाने क्रम केही समय चलेपछि आकस्मिक रूपले तिनका बीच जम्काभेट हुन्छ। दुई जुलुसबीच शत्रुतापूर्ण हेराहेर। अकस्मात् मान्छे १, २, ३, ४ र मान्छे ६, ७, ८, ९ ले*

*टाउकामा नचिनिने गरी मुखुन्डो धारण गर्छन्। तिनका पिछलग्गूहरू विभिन्न हतियार देखाई लड्न तयार हुन्छन्।)*

**मान्छे १ :** साथीहरू, यिनले गर्दा आमाको हालत खराब भएको छ। यी अराष्ट्रिय तत्त्वहरूलाई सखाप नगरेसम्म आमाको अवस्था ठीक हुने छैन।

**मान्छे ६ :** यी अराष्ट्रिय दलाल, भरौटे, कठपुतली, आमा बेचुवा तत्त्वहरूलाई निमिट्यान्न नपारेसम्म यहाँ केही हुनेवाला छैन। यिनले आमालाई कति बेचे, कति सोसे; हिसाब गरौँ साथीहो।

**मान्छे २ :** कुरा गरेर केही हुँदैन, काम गर्नुपर्छ। ठोक सालेहरूलाई!

**मान्छे ६ :** सालेहरूको मिति पुऱ्याइदिन्छु।

**मान्छे ७ :** त्यसको जिब्रो काट! ठोक!

**मान्छे ८ :** ठोक!!

**मान्छे ९ :** गोली मार सालेहरूलाई!

*(सबै अत्यधिक आवेगमा आएर ठोकाठोक, हानाहान गर्न थाल्छन्। घातक प्रहारहरू हुन थाल्छन्। अन्ततोगत्वा भयानक विस्फोटको आवाज। साथमा भयानक चीत्कार, हाहाकार र मुर्दाशान्ति।)*

**पागल १ :** *(दगुर्दै आएर)* के भो? के भो? के भो?

*(हताहतहरूका बीच टुक्रुक्क बस्छ। साह्रै उदास र गम्भीर हुन्छ। उसको उदासी र गाम्भीर्य घनीभूत हुँदै गएपछि सुस्तरी उज्यालो हराउँदै जान्छ। जब उज्यालो स्थापित हुँदै जान्छ, रङ्गमञ्चमा आरम्भको चिसो, ओसिलो र रहस्यमय सन्नाटायुक्त परिवेश देखिन्छ। पृष्ठ भागको हलुका उज्यालोमा मृत कायाहरू पछाडि फर्केर, टाउको झुकाएर आआफ्नो कफिन बाकसमाथि बसिरहेका देखिन्छन्। नेपथ्यबाट मान्छे १, २, ५ को प्रवेश।)*

**मान्छे १ :** साथीहरू कति मरे, कति घाइते भए; एकएक थोपा रगतको बदला लिनुपर्छ।

**मान्छे ५ :** *(हात मलेर, झुक्दै)* हो हजुर... कसैलाई छाड्न हुन्न!

**मान्छे २ :** छाड्ने भन्ने कुरै छैन। अब आरका पार हुन्छ। बरु मैले एउटा हल्ला सुनेँ आउँदाआउँदै।

**मान्छे १ :** के हल्ला?

**मान्छे २ :** त्यो एउटा पागल थियो नि बाटोबाटोमा निहुँ खोजेर बेइज्जत गर्न खोज्ने, ऊ विदेशतिर लाग्यो रे बाकसलाई कता हो माटोमा गाडेर।

**मान्छे १ :** ए, हो? त्यसो भए बेस भयो। समाजबाट बढार्नुपर्ने कसिँगरलाई हावैले उडाइदियो।

**मान्छे ५ :** यस्ता कसिँगरलाई हावाले कति उडाउँछ, उडाउँछ। बरु अरू नेताजी कतिखेर आइपुग्छन्? अब पहिलेको भन्दा तगडा प्रतिशोध जुलुस निकाल्नुपर्छ हजुर!

**मान्छे १ :** ठीक भन्यौ। नेताजीहरूसितको बृहत् भेला कहाँ बोलाउने होला? सोल्टीमा कि हायातमा?

**मान्छे ५ :** खुला मञ्च टुँडिखेलमा के हुन्छ हजुर?

**मान्छे २ :** तिमी पनि अलि लट्ठू नै छौ। टुँडिखेलमा डिनर हुँदैन नि, कुरा बुझेको हो?

**मान्छे ५ :** ए हजुर, बुझेँ। कुरा बुझेँ। जमाना यस्तै छ।

**मान्छे १ :** अब लागौँ त... काम धेरै छ।

*(हिँड्न थाल्छ। उसलाई अरूले पछ्याउँछन्। त्यही बेला नेपथ्यबाट एक हूल अस्तव्यस्त पागलहरू लामबद्ध भई आउँछन् अनि बाटोमा यताउति खोस्रन थाल्छन्। अरू अडिएर हेर्छन्।)*

**मान्छे २ :** होइन, एउटा कसिँगरलाई हावाले उडायो भनेको त यहाँ कसिँगरको थुप्रो पो लाग्यो बा!

**मान्छे ५ :** मान्छेलाई पागल हुन पनि कति मन लागेको हो कुन्नि!

*(पागलहरूले कुरा सुन्छन्। आवेगमा आउँछन्।)*

**पागल २ :** को पागल?

**पागल ३ :** को पागल?

**पागल ४ :** कसलाई भनिस् पागल?

**पागल ५ :** तैँ पागल!

**पागल ६ :** तैँ पागल!

**पागल ७ :** अरूलाई पागल सम्झने तैँ पागल होस्। बेइमानहरूको टट्टू होस्।

**मान्छे ५ :** (हडबडाएर) अब... भयोभयो...।

**मान्छे १ :** यस्ताहरूसित के कुरा गराइ भयो... जाऊँ।

**पागल २ :** कस्ताहरूसित?

**पागल ३ :** कस्ताहरूसित?

**पागल ४ :** के यस्ताहरूसित?

**पागल ५ :** बेइमानहरू!

**पागल ६ :** बेइमानहरू!

**पागल ७ :** बेइमानहरू!

*(मान्छे १, २, ५ लाई हेरेर यताउति धक्का लाउँछन्।)*

**मान्छे १ :** *(रिसाएर)* धत्! म... एकएकलाई... एकएकलाई...।

*(औँलो ठड्याउँदै रिसको वेगमा काम्छन्। त्यही बेला नेपथ्यबाट व्यक्ति १, २, ३, ४ लम्केर आउँछन्।)*

**व्यक्ति १ :** *(मान्छे १, २ लाई देखेर)* तपाईंहरूले थाहा पाउनुभयो? आईसीयूमा आमाको अवस्था झन् बिग्रियो रे। अब भेन्टिलेटरमा राख्ने कि के गर्ने, चाँडै निर्णय गनुपर्ने भयो भन्दै छन्।

**व्यक्ति २ :** जाऔँ हजुरहरू... अस्पताल पुगिहालौँ। डाक्टरहरूलाई भेटिहालौँ।

**मान्छे १ :** तपाईंहरू जानुहोस्... हामी आन्दोलनमा जान्छौँ। जाऔँ।

*(मान्छे १, २, ५ हतारिएर नेपथ्यमा जान्छन्।)*

**व्यक्ति ३ :** कस्ताहरू!

**व्यक्ति ४ :** टिप्पणी गर्नु बेकार छ, जाऔँ।

*(हतारिएर अर्को नेपथ्यमा जान्छन्। वाल्ल परी कुरा सुनिरहेका पागलहरू हतारिएर भुइँ खोस्रन थाल्छन्। अन्तमा एक ठाउँमा सामूहिक रूपले भुइँ खोस्रेर पहिले पागल १ ले बोकेको बाकस निकाल्छन्। खुसी हुन्छन्। बाकसलाई पुछपाछ गर्छन्। मायाले छातीमा टाँस्छन्।)*

**पागल २ :** *(सोचेर, सम्झेर)* आमा... अस्पताल...!

*(पागलहरू सबै गम्भीर हुन्छन् अनि बाकस बोकेर हतारमा अस्पताललतिर कुद्छन्। अर्को नेपथ्यमा टाढा कतै जिन्दाबाद-मुर्दाबादको नारा सुनिन्छ। रङ्गमञ्च अँध्यारिँदै जान्छ, तर पूरै अँध्यारिनुभन्दा पहिले मृतकहरू सुस्तरी उठ्छन्, आआफ्ना बाकसलाई काँधमा बोकेर लामबद्ध भई हिँड्छन्। उनीहरूको हिँडाइसँगै उनीहरूका मन वा आत्माका ध्वनि सुनिन्छन्।)*

**ध्वनि :** आमा, तिमी बाँचिराख। सधैँभरि बाँचिराख। हामी तिम्रा छोराछोरी अकालमा मर्न अभिशप्त भयौँ, तर तिमी एक मुठी भए पनि सास बचाएर बाँचिराख। एक दिन तिम्रो कोखबाट तिमीलाई रोगमुक्त पार्न सक्ने छोराछोरी जन्मने छन्। एक दिन समयले भ्रष्ट, बेइमान र आमाको स्वास्थ्यमाथि गम्भीर खेलबाड गर्नेहरूको अन्त्य गरिदिने छ। आमा, तिमी धैर्य गर। आशा राख। हामी मरेर गए पनि हाम्रा सपनाहरूलाई पोल्टामा घुसारिराख... आमा... आमा... आमा...!

*(धीर, गम्भीर ध्वनि कम्पित र अश्रुपूरित हुँदै हराउँछ। मृतकहरू बोकेका बाकसहरू रङ्गमञ्चको बीचतिर लहरै बिसाउँछन्, सुस्तरी बाकस खोलेर भित्र पस्छन्। खुट्टा तानेर उत्तानो परी सुत्छन्। बाकसको ढकनी भित्रबाट बन्द गर्छन्। समयको हावाहुरीमा कताकताबाट फूलहरू, पातहरू, धूलो उडेर आउँछन्। ती बाकसमाथि पर्छन्। बाकसहरू पुरिँदै जान्छन्। उज्यालो पूरै हराउँछ। पूर्ण अन्धकारमय डी. बी. महेश पाल्पालीको स्वर र शब्दको गीत गुञ्जायमान हुन्छ।)*

काँधमा काँध थापेर गरिबको बोझ उठाउँला
आजको दुःख सहेर भोलिको सुख हेरौँला
हे आमा नेपाल तिमीलाई
संसारकै राम्री बनाउँला।
देशको मैलो पखाली पवित्र राखी छोडौँला
एक मुठी पानी पिएर देशका लागि बाँचौँला
हे आमा नेपाल तिमीलाई संसारकै राम्री बनाउँला
तीन कोटि जना मिलेर सुसार गर्दै जाउँला।

■



विनोद प्रधान

प्रा. डा. कुमारप्रसाद कोइराला

# नेपाली समालोचनाका आधुनिक एवम् उत्तर आधुनिक धार र तिनका प्रमुख वैशिष्ट्य



नेपालीमा समालोचनाको आरम्भ मोतीराम भट्टद्वारा वि. सं. १९४८ मा लेखिएको 'कवि भानुभक्त आचार्यको जीवनचरित्र'-बाट भएको हो। त्यसपछि नेपाली समालोचनामा आधुनिक युगको आरम्भ वि. सं. १९९९ मा प्रकाशित रामकृष्ण शर्माको 'अङ्ग्रेजी साहित्यको प्रभाव'-बाट भएको मानिन्छ, किनभने यसमा पाश्चात्य समालोचना पद्धतिको प्रयोग गरिएको छ। यसरी आरम्भ भएको आधुनिक समालोचना वि. सं. २०३३ सम्ममा अझ विस्तृत र व्यापक हुँदै गयो। यसपछि पाश्चात्य साहित्यमा सन् १९६० पछि देखिएका नवीन साहित्य सिद्धान्त र समालोचना प्रणालीको सैद्धान्तिक व्याख्या एवम् विश्लेषण र तिनका आधारमा गरिएको प्रायोगिक समालोचना लेख्न थालियो। यसलाई उत्तर आधुनिक वा उत्तरसंरचनावादी समालोचना भनिन्छ। नेपाली समालोचनामा उत्तर आधुनिक वा उत्तरसंरचनावादी समालोचनाको आरम्भ वि. सं. २०४३ मा **रूपरेखा** (२०००)-मा प्रकाशित इन्द्रबहादुर राईको 'भ्रान्तिहरू र लीलालेखन मात्र' बाट भएको हो। यसपछि कृष्ण गौतम, गोविन्दराज भट्टराई, अभि सुवेदी आदिले यसलाई अगाडि बढाएर नेपाली समालोचनालाई समकालीन चरणमा प्रवेश गराई मूल धार वा प्रवाहका रूपमा प्रवाहित गराए। अहिले यस मूल प्रवाहका साथै पूर्वीय साहित्य सिद्धान्त र पाश्चात्य आधुनिक साहित्य सिद्धान्त एवम् समालोचना प्रणालीको व्याख्याविश्लेषण र तिनका आधारमा गरिएको प्रायोगिक समालोचना लेखन पनि भइरहेको छ। यस्ता समालोचना समकालीन नभएर प्राचीन वा आधुनिक वा परम्परित हुन्। यस्ता समालोचनालाई पूर्वआधुनिक वा आधुनिक धार भन्नु उपयुक्त हुन्छ, किनभने साहित्यमा सधैँ नयाँ मान्यता, सिद्धान्त, शैली आदिको निर्माण भइरहन्छ। तसर्थ कुनै पनि सिद्धान्त, मान्यता सधैँ स्थिर र स्थायी हुँदैन। कालविशेषमा यसरी निर्माण हुने नयाँ साहित्य सिद्धान्त र साहित्यलाई नै समकालीन भन्न सकिन्छ। यस लेखमा पूर्वआधुनिक वा आधुनिक र समकालीन वा उत्तरआधुनिक दुवै धारका समालोचनाका प्रमुख मान्यता, प्रकार र विशेषताको चर्चा गरिएको छ।

**पूर्वआधुनिक वा आधुनिक धारका समालोचना :** आधुनिक साहित्य अनुभूतिको एकत्व, बुद्धि वा तर्क, सत्यको सार्विकता र सार्वकालिकता, यथार्थको बोधगम्यता, विचार वा धारणाको समग्रता आदिलाई मूल आधार मानेर लेखिन्छ। आधुनिक धारका समालोचनाले साहित्यमा रहेका तिनै कुराको व्याख्या, विश्लेषण र मूल्याङ्कन गर्छन्। यिनीहरू भाषाले निश्चित अर्थ दिने हुनाले साहित्यको पनि निश्चित र एउटै अर्थ हुन्छ भन्ने कुरामा विश्वास गर्छन्। यस्ता समालोचना मूल सृजनाका समकक्षी नभएर त्यसभन्दा तल्लो तहका वा द्वितीयक सृजना मानिन्छन्। यस धारमा पौरस्त्य साहित्य शास्त्रका आधार एवम् पाश्चात्य साहित्य सिद्धान्त र समालोचना पद्धतिको व्याख्याविश्लेषण गर्ने सैद्धान्तिक तथा तिनका आधारमा साहित्यको अध्ययन गर्ने व्यावहारिक समालोचना पर्छन्।

पौरस्त्य साहित्यमा साहित्यको अध्ययन गर्ने रस, ध्वनि, वक्रोक्ति, रीति, अलङ्कार, औचित्य आदि सम्प्रदाय छन्। रस, ध्वनि आदिलाई आत्मवादी अर्थात् कृतिको आन्तरिक पक्षमा जोड दिने सम्प्रदाय भनिन्छ भने रीति, अलङ्कार, वक्रोक्ति, औचित्य आदिलाई देहवादी अर्थात् कृतिको बाह्य पक्षलाई महत्त्व दिने सम्प्रदाय भनिन्छ। त्यसरी नै पाश्चात्य साहित्यमा विविध वाद छन्, जस्तै– परिष्कारवाद, स्वच्छन्दतावाद, यथार्थवाद, अतियथार्थवाद, प्रतीकवाद, बिम्बवाद, अभिव्यञ्जनावाद, विसङ्गतिवाद, अस्तित्ववाद आदि र नीतिपरक, समाजपरक, मनोविज्ञानपरक, आदिमतापरक, रूपपरक, शैलीवैज्ञानिक, संरचनावादी आदि समालोचना छन्।

पाश्चात्य साहित्यका सबै वाद र समालोचना प्रणालीलाई पाँच केन्द्रमा राखेको देखिन्छ। ती पाँच केन्द्र हुन्:– स्रष्टा, विषय, सृजना, संरचना र पाठक। स्रष्टालाई केन्द्रमा राखेर कृतिको अध्ययन गर्दा अभिव्यञ्जनावाद, स्वच्छन्दतावाद, कल्पना सिद्धान्त एवम् जीवनीपरक समालोचना प्रयोग गरिन्छन् भने विषयलाई केन्द्रमा राखेर कृतिको अध्ययन गर्दा अनुकरण सिद्धान्त, परिष्कारवाद, यथार्थवाद, प्रकृतवाद, अतियथार्थवाद, नीतिपरक, समाजपरक वा मार्क्सवादी, मनोविज्ञानपरक, आदिमतापरक समालोचनाको प्रयोग गरिन्छ। सृजना, पाठ या कृतिलाई केन्द्रमा राखेर कृतिको अध्ययन गर्दा कलावाद, रूपपरक, शैलीवैज्ञानिक, नव्यसमालोचना आदिको प्रयोग गरिन्छ। पाठकलाई केन्द्रमा राखेर समालोचना गर्दा सम्प्रेषण सिद्धान्त, मूल्य सिद्धान्त, प्रभाववादी समालोचना आदिको प्रयोग गरिन्छ। कृतिको संरचनालाई केन्द्रमा राखेर अध्ययन गर्दा संरचनावाद र संरचनावादी समालोचनाको प्रयोग गरिन्छ।

यसरी नै परम्परित र आधुनिक समालोचना प्रणालीलाई बहिर्निष्ठ र अन्तर्निष्ठ गरी दुई पद्धतिमा वर्गीकरण गरेको देखिन्छ। बहिर्निष्ठ समालोचना पद्धतिले साहित्यको

अध्ययन गर्दा स्थान, काल, परिवेश, साहित्यकारको जीवनी आदिलाई आधार बनाउँछ अथवा साहित्यमा प्रतिबिम्बित सामाजिक, सांस्कृतिक, मनोवैज्ञानिक आदि बाह्य पक्षको अध्ययन गर्छ। पौरस्त्य साहित्य सिद्धान्तका रस र ध्वनि सम्प्रदाय, पाश्चात्य साहित्यका नीतिपरक, समाजपरक, मनोविज्ञानपरक आदि समालोचना बाह्य पद्धतिअन्तर्गत पर्छन्। यिनलाई इतिहाससापेक्ष समालोचना पनि भनिन्छ। त्यस्तै कृति वा कृतिको पाठलाई वा कृतिका आन्तरिक पक्ष अर्थात् भाषा, अलङ्कार, साहित्यिक युक्ति, शैली आदि साहित्यिक तत्त्वका आधारमा कृतिको व्याख्या, विश्लेषण र मूल्याङ्कन गर्ने समालोचनालाई अन्तर्निष्ठ वा सत्तामूलक समालोचना भनिन्छ। यसअन्तर्गत पौरस्त्य साहित्यका अलङ्कार, रीति, वक्रोक्ति, रस, ध्वनि, औचित्य र पाश्चात्य साहित्यका रूपपरक, शैलीवैज्ञानिक, नव्यसमालोचना पर्छन्। यी समालोचना इतिहासनिरपेक्ष हुन्छन्। आधुनिक नेपाली समालोचनाले उपर्युल्लिखित दुवै पद्धतिका आधारमा नेपाली साहित्यको अध्ययन गरेका छन्। तिनका मूल विशेषता निम्नअनुसार देखिन्छन्–

**(क) बहिर्निष्ठ समालोचनाका मूल विशेषता–** साहित्यलाई उपयोगितावादी दृष्टिले हेर्नु वा मूल्याङ्कन गर्नु, साहित्यको रूप र विषयमध्ये विषयलाई महत्त्व दिनु, साहित्यमा लोकमङ्गल, नैतिकता, सत् र असत्, आदर्श, मानवता आदि तत्त्वको खोज गर्नु, स्रष्टा र सृजनाको अन्तःसम्बन्ध निरूपण गर्नु, साहित्यलाई समाजसापेक्ष दृष्टिले वा देश, काल र परिवेशअनुरूप व्याख्या, विश्लेषण र मूल्याङ्कन गर्नु, साहित्यलाई मानव मन र मानसिकताको उपज मानी साहित्यमा व्यक्त मनोविज्ञानको विश्लेषण गर्नु आदि।

**(ख) अन्तर्निष्ठ समालोचनाका विशेषता–** साहित्यलाई भाषाको स्वतन्त्र, स्वायत्त र कलात्मक अभिव्यक्ति मान्नु, साहित्यका रूप र विषय पक्षमध्ये रूप पक्षलाई महत्त्व दिनु, साहित्यका बाह्य पक्ष (समाज, इतिहास, संस्कृति, मनोविज्ञान आदि)-को भन्दा आन्तरिक पक्ष वा संरचनात्मक तत्त्व वा घटकका आधारमा साहित्यको विश्लेषण र मूल्याङ्कन गर्नु, साहित्यका संरचक घटकको अन्तःसम्बन्धबाट निक्लने कलात्मक सौन्दर्य वा मूल्य निरूपण गर्नु, सर्जक र पाठकभन्दा पाठलाई महत्त्व दिनु आदि। नेपाली समालोचनाका परम्परित र आधुनिक धारका समालोचनाका प्रमुख मान्यता, प्रकार र विशेषता पनि यिनै हुन्।

**समकालीन वा उत्तर आधुनिक धारका समालोचना–** उत्तर आधुनिक वा उत्तरसंरचनावादी साहित्य कुनै एक पक्ष, वाद, धारणा, दृष्टिकोण, विचार, सिद्धान्त, शैली आदिमा विश्वास नगर्ने भएकाले बहुलवादी हुन्छ। यसले सत्य पूर्ण, शाश्वत र स्थिर नभएर अपूर्ण, सापेक्षित, परिर्वतनशील एवम् विनिर्मित भइरहने प्रकृतिको हुन्छ भन्ने कुरामा विश्वास देखाउँछ। यो परम्परा विरोधी, सुधारवादी, साहित्यका विधामान्यतामा

विश्वास नगर्ने, अपरम्परित र नवीन शैलीको प्रयोग गर्ने लेखन हो। यसले इतिहासको पुनर्व्याख्या, प्रविधि संस्कृति, साइबर संस्कृति, भूमण्डलीकरण, आप्रवासन, वैश्विक ग्राम आदि कुरा स्वीकार गरी साहित्य लेखनको मार्ग प्रशस्त गर्छ। यसले सबै प्रकारका मानवीय विभेदको विरोध गरी समानतावादी दृष्टिकोण प्रस्तुत गर्छ। यो अन्तःपाठात्मक, व्यङ्ग्यात्मक, पुनर्लेखनात्मक, अनिश्चयार्थक र बह्वर्थक हुन्छ। यो द्वितीयक सृजना नभएर पुनःसृजन वा प्रथम सृजनाकै समकक्षी हुन्छ।

उत्तर आधुनिक धारका समालोचनाले उत्तर आधुनिक साहित्यका उपर्युल्लिखित विशेषताको व्याख्या र विश्लेषण गर्छन्। यिनले इतिहाससापेक्ष र निरपेक्ष दुवै दृष्टिले पाठको अध्ययन गर्छन्। उत्तर आधुनिक समालोचना विभिन्न प्रकारका हुन्छन्, ती हुन्– विनिर्माणवादी, नारीवादी, डायस्पोरिक, पर्यावरणवादी, नवमनोविश्लेषणवादी, पाठकप्रतिक्रियावादी, उत्तर औपनिवेशिक, समलैङ्गिक, परालैङ्गिक, सन्दिग्धतावादी, सांस्कृतिक, नवइतिहासवादी, साइबर समालोचना, अभिघात अध्ययन, सीमान्तीकृत अध्ययन आदि। यी सबैका सालाखाला प्रमुख विशेषता निम्नअनुसार छन्–

(क) उत्तरआधुनिक समालोचना वस्तुनिष्ठ, भाषावादी, अन्तर्विषयक र बहुलवादी प्रकृतिका हुनु, (ख) लेखक र पाठभन्दा पठनलाई महत्त्व दिनु, (ग) पूर्वआधुनिक र आधुनिक समालोचना सिद्धान्त उल्टाएर नयाँ समालोचना सिद्धान्त र दृष्टिकोण अगाडि सार्नु, (घ) कृतिको संरचना स्वतः विखण्डित भइरहन्छ भनेर देखाउनु, (ङ) नवीन नारीवादी चिन्तनको विकास गरी नारी मुक्ति, नारी समानता एवम् लैङ्गिक समानताको पक्षपोषण गर्दै नारीको भिन्न संसार र भाषा हुन्छ भनेर देखाउनु, (च) औपनिवेशिक र अन्य देशका लेखकका उपनिवेशसम्बन्धी कृतिको व्याख्या, विश्लेषण, औपनिवेशिक देशको अवस्था, संस्कृति, मूल्य एवम् मान्यताका आधारमा कृतिको अध्ययन गर्नु, (छ) आफ्ना बारे अन्यले स्थापित गरिदिएका मान्यता एवम् दृष्टिकोणप्रति विमति जनाउँदै आफ्नाले बनाइदिएका आफ्ना सम्बन्धी दृष्टिकोण र मान्यताप्रति विश्वास गर्ने कृतिको पठन गर्नु, (ज) आप्रवासी जीवन, सीमान्तीकृत वर्ग, परिचयको सङ्कटमा परेको वर्ग र विभेदित वर्गका बारेमा लेखिएका कृतिको अध्ययन गरी समानताको पक्षपोषण गर्नु, (झ) साहित्यलाई भाषिक खेल मानी कृतिमा व्यक्त भाषिक खेलको विश्लेषण गर्नु, (ञ) कृतिभित्रको अन्तःपाठीयता, गँसाइ, टँसाइ पत्ता लगाई तिनको निरूपण गर्नु, (ट) कृतिमा लेखकले छाडेको, लुकेको अर्थको विपठन गर्नु आदि। नेपाली समालोचनाका उत्तरआधुनिक धारका प्रमुख मान्यता, प्रकार र विशेषता पनि यिनै हुन्।

■

प्रा. डा. लक्ष्मणप्रसाद गौतम

# विधाहरूको भग्नता अर्थात् अ-विधा

## १. साहित्यको परम्परागत स्वरूप



प्राचीन समयमा पूर्वीय साहित्यमा काव्य शब्दले साहित्यका सम्पूर्ण विधा-उपविधालाई बुझाउँथ्यो र साहित्यशास्त्र वा साहित्य सिद्धान्तलाई काव्यशास्त्र भनिन्थ्यो। यसै आधारमा पूर्वीय साहित्यमा श्रव्यकाव्य र दृश्यकाव्यको व्यवस्था भएको हो। पूर्वीय साहित्यमा जस्तै पाश्चात्य साहित्यमा पनि लिटरेचर शब्दभन्दा पहिले ग्रिकल्याटिन भाषामा पोएतेस/पोएतन/पोएता आदि शब्द प्रचलनमा रहेको पाइन्छ। यसै आधारमा एरिस्टोटलको लक्षण ग्रन्थलाई पेरिपोइतिकेस अर्थात् काव्यशास्त्र भनिएको हो। यसरी सुरुमा काव्य शब्दले साहित्यका सबै विधा र क्षेत्रलाई बुझाउने भएकाले यसको अर्थ विस्तार भएको थियो भने पछि कविता र अझ त्यसमा पनि आख्यानात्मक कवितालाई मात्र बुझाउने भई अर्थ सङ्कुचन भएको देखिन्छ। पूर्वीय र पाश्चात्य दुवै साहित्यमा साहित्यका लागि काव्य भनिने गरेको कुरा उपर्युक्त अवधारणाबाट स्पष्ट हुन्छ। आधुनिक कालपूर्व (पुनर्जागरण युगपूर्व) साहित्यका विभिन्न विधा-उपविधाको व्यवस्थित अध्ययन हुनुपूर्व साहित्यलाई काव्य र साहित्यशास्त्रलाई काव्यशास्त्र भनिने गरेको कुरा स्पष्ट छ। साहित्य मूलतः कला हो। कलाका विविध प्रकार वा स्वरूप भए पनि अन्य कला र साहित्यकलामा फरक छ। वाङ्मयका अरू कला अरू विभिन्न रूपमा व्यक्त हुन्छन् भने साहित्य चाहिँ भाषिक कला हो। विधाहरूको यो स्वरूप साहित्यको मानक स्थापना हो र यसै मानक स्थापनालाई विनिर्माण/विधाविघटन आदिले भत्काएका छन्। मानकको अतिक्रमण वा मानकको विचलन पछिल्लो समयमा देखिएको नवीन विशेषता हो र यसका लागि विश्वसाहित्यमा विकसित नवनव सिद्धान्त, मान्यता, पद्धति आदिले पृष्ठाधारको काम गरेका छन्। विधाहरू साहित्यका केन्द्र हुन् र उत्तर आधुनिकताले केन्द्रहरूको भञ्जन गरेपश्चात् साहित्यमा पनि केन्द्रभञ्जनको स्थिति देखिएको हुनाले विधाविघटन र विधाभञ्जन तथा असाहित्यको अवधारणा पनि केन्द्रभञ्जनकै रूपमा आएको छ।

## २. निर्मितिको विभञ्जन र प्रत्ययन

विनिर्माणिक प्रक्रियामा एउटा पाठको विभञ्जनबाट अर्को पाठको पुनर्निर्माण गरिने भएकाले यसबाट पाठको पुरुत्पादन हुन्छ। बार्बरा जोन्सनका अनुसार पाठभित्र

लुकेका अर्थहरूलाई फुटालेर हेर्नु विनिर्माण हो। "विनिर्माण विनाश वा नाशको समानार्थी होइन, यसको प्रारम्भिक अर्थ खोल्नु अर्थ दिने विश्लेषणसँग मिल्छ। यसलाई फुटाउनु अर्थमा लिनु उपयुक्त देखिन्छ" (अधिकारी, २०६१, पृ. १११)। विनिर्माणवाद केन्द्र विरोधी चिन्तन हो र भत्काउने अर्थमा भन्नुपर्दा केन्द्रभञ्जन विनिर्माणवादको मूल अवधारणा हो। विनिर्माणका धेरै प्रक्रिया हुन्छन् र ती प्रक्रियाद्वारा एउटा संरचनामा रहेका रचना/कृति/पाठ/सङ्कथनहरूलाई विनिर्माण गरेर अर्कै स्वरूपमा बनाइन्छ। निर्मितिको व्यतिरेकका रूपमा विनिर्मितिलाई मान्ने गरिएको छ र यसलाई बढी रूपमा भत्काइसँग अर्थ्याएर हेर्ने गरिन्छ। विनिर्माणको सामान्य अर्थ वैपरीत्य निर्माण भए पनि र यसले विभग्नतालाई मात्र सङ्केत गर्दैन। विधाभञ्जन, विधाविघटन, विधान्तरण, विधामिश्रण र यससँग आउने अकविता, अकथा, अउपन्यास, अनाटक, अनिबन्ध आदि यावत् विभग्न हुने स्थितिहरू विनिर्माणकै विभिन्न प्रक्रिया हुन्। यस्ता प्रक्रियाहरूबाट विभिन्न विधाका सङ्कथन वा पाठहरूको विशिष्ट निर्माण, वैपरीत्य निर्माण र पुनर्निर्माण भई पाठ वा सङ्कथनहरू पूर्वावस्थाबाट अन्यावस्थामा परिवर्तित हुन्छन् र सम्बद्ध विधाका स्वत्व, अभिलक्षण, उपकरण, मान्यता आदिको पारम्परिक उपस्थिति त्यहाँ देखिँदैन। एउटा विधाको पाठमा अर्को विधाको पाठ वा स्वरूप र संरचनाको मिश्रण हुनु विधागत मिश्रण हो र विधामिश्रण हुँदा स्वतः विधाभञ्जन र विधाप्रत्ययन पनि हुन्छ। अर्थात् विधाभञ्जन र विधामिश्रण विधान्तचेतना हुन्। यसैबाट असाहित्य अर्थात् अकविता, अकथा, अउपन्यास, अनाटक, अनिबन्ध आदिको प्रारम्भिक स्वरूप र स्थिति देखिन्छ जुन यस प्रकार हुन्छ–

(क) कवितात्मक आख्यान, कवितात्मक नाटक, कवितात्मक निबन्ध, कवितात्मक समालोचना

(ख) आख्यानात्मक कविता, आख्यानात्मक नाटक, आख्यानात्मक निबन्ध, आख्यानात्मक समालोचना

(ग) नाटकीय कविता, नाटकीय आख्यान, नाटकीय निबन्ध, नाटकीय समालोचना

(घ) निबन्धात्मक कविता, निबन्धात्मक आख्यान, निबन्धात्मक नाटक, निबन्धात्मक समालोचना

(ङ) समालोचनात्मक कविता, समालोचनात्मक आख्यान, समालोचनात्मक नाटक, समालोचनात्मक निबन्ध

## ३. संरचनाहीन संरचना अर्थात् विधाविघटन

साहित्यका कुनै पनि विधाको मूल अस्तित्व विघटित हुनु वा विधागत अस्तित्व समाप्त हुनु विधाविघटन हो र यसलाई विधाभञ्जन भनिन्छ। विधाविघटन हुँदा परम्परागत रूपमा स्थापित विधाहरूको स्वरूप र संरचना भत्किन्छ र कविता अकविता बन्छ, उपन्यास अउपन्यास बन्छ, कथा अकथा बन्छ, नाटक अनाटक बन्छ र निबन्ध अनिबन्ध बन्छ। यसरी प्रत्येक विधामा निषेधसूचक 'अ' लाग्दा तत्तत् विधा पूरै अपारम्परिक हुन्छन् र अकविता, अउपन्यास, अकथा, अनाटक, अनिबन्ध आदि स्वरूपका पाठहरू निर्मित हुन्छन्। विधाविघटनमा विधालाई संरचनाहीन संरचना मानिन्छ र विधाविघटनको स्थितिमा पुग्दा हरेक कृति वा रचना संरचनाहीन संरचना हुन्छन्। यिनलाई अङ्ग्रेजीमा क्रमशः एन्टीपोइट्री, एन्टीस्टोरी, एन्टीनोभेल, एन्टीड्रामा, एन्टीएस्से भनिन्छ। यस किसिमका विधाविघटनका स्वरूपहरूले पाश्चात्य साहित्यमा आन्दोलन वा अभियानको रूपसमेत लिएका छन्। पाश्चात्य साहित्यका घनत्ववाद, दादावाद, अतियथार्थवाद, प्रकृतवाद आदि यस किसिमका अकविता, अकथा, अउपन्यास, अनाटक आदिका पृष्ठभूमि हुन्। अकविता साहित्यिक अभियान वा आन्दोलनकै रूपमा विश्वव्यापीजस्तै भएको देखिन्छ भने अआख्यानले पनि केही रूपमा व्याप्ति प्राप्त गरेको देखिन्छ। अनाटक, अनिबन्ध आदि भने अभियान वा आन्दोलनका रूपमा नदेखिए पनि प्रयोगको स्तरमा भने निकै देखिएका छन्। विधाविघटनका प्रचलित स्वरूपलाई यस प्रकार देखाइन्छ–

### ३.१ अकविता

अकविता परम्परित सन्दर्भमा कविताका परम्परागत संरचना विरोधी कविता हो र यसलाई पहिलेदेखि चली आएका कविताका मानक र मान्यतालाई भत्काएर लेख्ने कलाको एउटा अभियानका रूपमा मानिन्छ। यो मानकहरू भत्काएर लेखिने कविता मात्र नभएर कवितामा आएको अराजकतावादी आन्दोलन वा अभियान पनि हो। अकवितावादी अभियान चिली र ग्रिसबाट सुरु भएको हो र कवि निकानोर पारा, एलियस पेट्रोपाउलस तथा सान्डोभलले सन् १९५४ मा यस अभियानको प्रारम्भ गरेका हुन्। निकानोर पारालाई अङ्ग्रेजी साहित्यमा 'फादर अफ एन्टीपोइट्री' भनिन्छ। उनीहरूले अकविताको सङ्ग्रह **Poems and Anti Poems** (सन् १९५४) पनि प्रकाशित गरेका छन्। पछि यो अभियान अङ्ग्रेजी साहित्य हुँदै संसारका धेरै देश र भाषामा व्यापक भएको देखिन्छ र त्यसको प्रभाव नेपाली कवितामा पनि परेको देखिन्छ। अकवितालाई परम्परागत कविता तत्त्वका आधारमा विश्लेषण गर्न सकिँदैन र सुन्दर लय, पदावली, भाव, विचार, अनुभूति, अर्थगम्भीरता आदि कुरालाई अस्वीकार गर्छ।

यसर्थ अकवितालाई अराजकतावादी कविता आन्दोलनका रूपमा मानिन्छ। परम्परागत विधामान्यताका आधारमा कविता एउटा संरचना हो। कविताका लघु कटकहरूको योगबाट सिङ्गो कविताको संरचना तयार हुन्छ, तर अकविता संरचनाहीन संरचना हो। पेट्रोपाउलसले अकवितालाई परस्पर असम्बद्ध र गद्यजस्तै संरचनाहीन रचना मान्दै यसले मानवीय अस्तित्वलाई चाहिँ प्रकाश पारेको हुन्छ भनेका छन् (Grossman, www. nicanorparra. 25.6.2021)। यसले कविताका छन्द, लय, व्याकरण आदिलाई भत्काएको हुन्छ। अकविताको आफ्नै स्वभाव र गति छ र यस्ता कविताको लेखाइको प्रकृति फरक हुन्छ। यस्ता कवितामा वर्णविन्यास हेरिँदैन भने पङ्क्ति संरचना सरल हुन्छ र त्यो दृश्यमैत्री हुन्छ। अकवितावादी कविहरूका कवितामा नयाँ शब्द तथा नयाँ अर्थात् प्रायः अरूले प्रयोग नगरेका बिम्ब र दृश्यको संयोजन हुन्छ (wikipedia. org.antipoetry-4, 3-7-2021)। अकविता शब्दमा आएको 'अ' उपसर्गले निषेधलाई जनाउँछ। कवितामा कविता तत्त्व वा परम्परागत संरचनाको निषेध नै अकविताको अभिलक्षण हो। नेपालीमा सरुभक्त, धर्मेन्द्रविक्रम नेम्बाङ, अविनाश श्रेष्ठ, दुबसु छेत्री, उपेन्द्र सुब्बा, विप्लव ढकाल, स्वप्निल स्मृति, चन्द्र योङ्याँ, राजन मुकारुङ, हाङयुग अज्ञात, होमराज आचार्य, चन्द्रवीर तुम्बापो, कृसु छेत्री, मौन आवाज, पराजित पोमू आदिका केही कवितामा अकवितात्मक विशेषता पाइन्छन्।

### (क) अकविता : अ-अन्तर्वस्तु

अकवितामा पूर्ववर्ती अन्तर्वस्तुप्रति विरोध छ र विद्रोह, आक्रोश र वितृष्णा बढी छ। अकवितामा निषेधात्मकता बढी पाइन्छ र परम्परित मूल्यको उच्छेदनलाई यस्ता कवितामा मुख्य अन्तर्वस्तु बनाइएको पाइन्छ। सामाजिक मूल्यको उच्छेदन, व्यङ्ग्य, विद्रूपता, उच्छृङ्खलता, अर्थहीनता र अश्लील भावको अभिव्यक्ति पनि अकवितामा पाइन्छ। आत्मरति, हीनता, श्मशान परिवेश, बीभत्सता, यौनकुण्ठा, नग्नता, असौन्दर्यात्मक तत्त्वतिर रुचि, घृणा आदिलाई अकवितावादीहरूले मूल विषय बनाएका हुन्छन्। जीवनलाई सुन्दर रूपमा मात्र हेर्ने परम्परागत अवधारणाको विपरीत अकवितामा जीवनका असुन्दर पक्षको चित्रण हुन्छ। अकवितावादी कविहरू मानवीय स्वत्व, अस्तित्व र स्वतन्त्रतालाई बढी महत्त्व दिन्छन्। प्रेम, उत्तेजना, आवेग, संवेग, संवेदना आदिका परिवर्तित सन्दर्भ, जीवन र जगत्प्रतिका नकारात्मकता, यौनको प्रकृतिवादी चित्रण, मान्छेका अराजक जीवनशैली आदि पनि अकविताका विषय हुन् [Grossman, (2021), २०२१/६/२५]। नग्नता, बीभत्सता, अराजकता र यावत् क्षेत्रमा नकारात्मक अवस्थितिलाई उदाङ्ग पारेर देखाउने काम अकवितामा हुन्छ। प्रेमको उत्तेजना र नारीशरीरलेखन पनि अकवितावादीहरूका विशेषता हुन्। अकवितामा

दादावादी, प्रकृतवादी र अतियथार्थवादी प्रवृत्तिको प्रभाव पाइन्छ। अकवितामा पुरुष दुर्व्यसनीहरू, समलिङ्गीहरू, तेस्रो लिङ्गीहरू, व्यभिचारीहरू आदिका अभद्र बोली/शब्द आदिलाई जस्ताको तस्तै पनि प्रयोग गरिने हुनाले मर्यादाको अतिक्रमण हुन्छ। मानवीय मूल्यहीनता, विद्रोह, हरेक कुराको भञ्जन, उग्रता आदि पनि अकविताका विशेषता हुन्। नेपाली साहित्यमा सृजनशील अराजकतावादी र रङ्गवादी कविहरूका साथै पछिल्लो समयका कतिपय कविका कविता अकवितात्मक देखिन्छन्। तसर्थ अकविताको अन्तर्वस्तुमा निषेधसूचक 'अ'-ले स्थापित मानकको उच्छेदन गरेकाले अ-अन्तर्वस्तु अकविताको अभिलक्षण बनेको छ।

### (ख) अकविता : अ-शैली

अकवितावादीहरू कविताको परम्परागत संरचनालाई पूरै भत्काउँछन् र व्याकरणका नियमहरूको पनि उल्लङ्घन गर्छन्। घृणायुक्त वा जुगुप्सामय पदावलीको प्रयोग, अत्यन्त बीभत्स बिम्बहरूको प्रयोग, व्यङ्ग्य र विद्रूप शैली, विकृत र अर्थहीन पदपदावलीको प्रयोग अकवितावादीहरूका विशेषता हुन्। अकवितावादीहरू लेखनमा विभिन्न चिह्न, चित्र आदिको विन्यास गर्छन्, परम्परागत लेख्य चिह्नलाई पनि उल्टोपाल्टो पारेर प्रयोग गर्छन् र पदविन्यासमा नै चित्रात्मकता सृजना गरेर लेख्छन्। अकविताको भाषाशैलीमा पनि अराजकता पाइन्छ। अकवितामा भाव, विचार, कथ्य आदिलाई क्रमिक, शृङ्खलित र रेखीय रूपमा प्रस्तुत नगरी व्यतिक्रमिक, विशृङ्खलित र चक्रीय रूपमा प्रस्तुत गरिएको हुन्छ। छन्द, व्याकरण र लयलाई भत्काउनु, वर्णविन्यासका नियमहरूलाई भत्काउनु, पङ्क्तिविन्यासमा पनि यादृच्छिकता अवलम्बन गर्नु, कविताका परम्परागत संरचनाहरूलाई अस्वीकार गर्नु, परम्परागत वा स्थापित तत्त्वहरूप्रति उपेक्षित रहेर कवितालाई अस्तव्यस्त रूपमा प्रस्तुत गर्नु आदि पनि अकविताका भाषाशैलीगत विशेषता हुन्। अकवितावादी कवितामा कवितालाई संरचना मानिँदैन र मानक मानिएका संरचक घटकहरूको अतिक्रमणका साथै कविताको रूप, संरचना, स्वरूप, भाषा आदिमा विभञ्जन गरिएको हुन्छ। वर्णविन्यास र पदसङ्गतिप्रतिको उपेक्षा, शब्दचयनमा सरलता भए पनि तिनको विशृङ्खलित प्रयोगले देखिने अराजकता, विभिन्न किसिमका शब्दचित्रको प्रयोग र अक्षर वा वर्णको विशिष्ट विन्यासद्वारा चित्रमयताको सृजना, कथ्यलाई श्रव्यपाठ्यभन्दा पनि दृश्यमय शैलीको अवलम्बन गरेर प्रस्तुत गर्ने प्रवृत्ति, अश्लील पदपदावलीको प्रयोग, परस्पर असम्बद्ध शब्द, पदावली, बिम्बको प्रयोग आदि अकविताका भाषाशैलीगत विशेषता हुन्। संरचनाको विभग्नताका कारण अकवितामा विधाभञ्जन र विधामिश्रणका स्थितिहरू स्वतः देखिन्छन्। तसर्थ अकविताको शैलीमा निषेधसूचक 'अ'-ले स्थापित मानकको उच्छेदन गरेकाले अ-शैली अकविताको अभिलक्षण बनेको छ।

### ३.२ अकथा

अकथा परम्परित दृष्टिले कथा भनिने रचनाभन्दा भिन्न व्यतिक्रमिक रूपको कथा हो। परम्परागत रूपमा चली आएका कथालेखनका मान्यतालाई भत्काएर लेख्ने कलाको एउटा अभियान अकथा हो। अकथा पाश्चात्य साहित्यमा अकविताजस्तो औपचारिक आन्दोलन वा अभियानका रूपमा नदेखिए पनि लेखनमा भने प्रशस्त प्रयोग भएको छ र यसका प्रवर्तक फिलिप स्टेभिक हुन्। उनको "Antistory and Anthology of Experimental Fiction" (सन् १९७१) अकथाको राम्रो नमुना मानिन्छ। लेखनका दृष्टिले अकथा पनि विश्वव्यापी बनेको छ। अकथामा कथानकहीन कथा, पात्र वा चरित्रहीन तथा विशृङ्खलित परिवेश पाइन्छ र यस्ता अकथालाई परम्परागत कथामान्यताका आधारमा हेर्न सकिँदैन। परम्परागत संरचना वा कथानिर्माणका घटकहरूको पूर्ण बेवास्ता गरिएका यस्ता अकथा सन् १९८० को दशकतिर अङ्ग्रेजी, जर्मन र फ्रान्सेली साहित्यमा निकै लेखिएको देखिन्छ। जाँ मारी ल क्लेजियो, हेर्ता मुलर, मारियो भार्गास लोसा आदि आख्यानकारहरूका कतिपय कथा अकथात्मक स्वरूपका छन्। पाश्चात्य साहित्यमा देखिएको अकथात्मक ढाँचाका कथा नेपाली र हिन्दी साहित्यमा पनि प्रशस्त लेखिएका छन्। अङ्ग्रेजीमा एक्सपेरिमेन्टल स्टोरी र नेपाली तथा हिन्दीमा प्रयोगवादी वा प्रयोगशील भनिने कथाहरूमा यस्तै अकथात्मकता पाइन्छ। कथानक विन्यास, चरित्रविधान, परिवेशविधान आदिका स्थापित मानकलाई उल्ट्याएर लेखिएका यस्ता कथालाई पनि कथाको संरचनाहीन संरचना मानिन्छ। नेपाली साहित्यमा २०५० सालको दशकयताका कतिपय कथाकारका कथाहरू अकथात्मक प्रकृतिका देखिन्छन्। नेपालीमा इन्द्रबहुर राई, ध्रुवचन्द्र गौतम, मीरा रेम प्रधान, सरुभक्त, अर्चना थापा, रोशन थापा नीरव आदिका कतिपय कथा र कुमार नगरकोटीका प्रायः सबै कथामा अकथात्मक विशेषता पाइन्छन्।

#### (क) अकथा : अ-अन्तर्वस्तु/अ-कथानक

अकथामा विशृङ्खलित कथावस्तु, कथानकहीनता र कथा एवम् पात्र, परिवेश आदिका बीच पूरै विशृङ्खलता र व्यतिरेकी सम्बन्ध हुन्छ। अकथामा परस्पर असम्बद्ध कथाहरू हुन्छन् र वर्णन गर्ने तरिका पनि बढी दृश्यात्मक तथा अमूर्तताको मिश्रणबाट निर्मित हुन्छ। अकथामा बीभत्सता, अश्लीलता, यौनको प्रकृतवादी प्रयोग, नग्नता आदि अराजक किसिमका विषयवस्तु र घटनाको संयोजनका साथै नकारात्मकता बढी हुन्छ। परस्पर सङ्गतिहीन घटनाहरूको विशृङ्खल प्रयोग; आदि, मध्य र अन्त्यको अन्वितिको विभग्नता र कथानक र चरित्रको अमूर्त उपस्थिति अकथामा पाइन्छ। अकथाको अन्तर्वस्तु निराशा, कुण्ठा, सन्त्रास, आतङ्क, मानवीय मूल्यहीनता, सङ्गतिहीन सामाजिक र जैविक

संरचना तथा त्यसबाट उत्पन्न जटिलतालाई अकथामा मूल अन्तर्वस्तु बनाइएको हुन्छ। कथानकहीन कथानकका कारण यस्ता अकथाहरू सपाट गद्य र चेतनप्रवाह शैलीमा लेखिएका निबन्धजस्ता पनि लाग्छन् भने कथानकसँग पात्र, परिवेश, संवाद र भाषाका बीच कत्ति तालमेल नदेखिनु अकथाको कथानकका विशेषता हुन्। तसर्थ अकथाको अन्तर्वस्तु/कथानकमा निषेधसूचक 'अ'-ले स्थापित मानकको उच्छेदन गरेकाले अ-अन्तर्वस्तु/अ-कथात्मकता अकथाको लभिलक्षण बनेको छ।

### (ख) अकथा : अ-शैली

अकथाको भाषाशैलीमा पनि अराजकता हुन्छ। उनीहरू परम्परागत कथासंरचना तथा व्याकरणका नियमहरूलाई पनि भत्काउँछन् र पूर्णविराम आदि लेख्य चिह्नहरूको पनि अस्तव्यस्त प्रयोग गर्छन्। अकथामा कथानकको आदि, मध्य र अन्त्यको शृङ्खला हुँदैन र लेखिमिक विचलनको प्रयोग बढी हुन्छ। अकथामा अश्लील, परस्पर असम्बद्ध र निरर्थक बिम्बहरूको प्रयोग हुन्छ। अकथाको वाक्यगठन व्याकरणिक दृष्टिले विभग्न हुन्छ। शब्दप्रयोगमा नवीनताको संवरण भए पनि त्यस्ता शब्द असम्बद्ध हुन्छन् भने वर्णविन्यास, चिह्नप्रयोगलगायतका व्याकरणिक लेख्य रूपहरूलाई पनि भत्काइएको हुन्छ। कथ्य र अनौपचारिक भाषाको प्रयोग, वर्णनात्मकता, इतर विधाका तत्त्व वा उपकरणहरूको उपस्थिति, विधामिश्रणको स्थितिको सम्भावना, संरचनाहीनता, पङ्क्तिविन्यास, वाक्यविन्यास र अनुच्छेदविन्यासमा अस्तव्यस्तता र अव्यवस्था, संवाद, दृश्य, पात्र, घटना आदिका बीच असम्बद्धता, चित्रात्मक भाषाशैली र संरचक घटकहरूका बीचको अन्वितिहीनता अकथामा देखिने शैलीगत विशेषता हुन्। अकथामा समाचारपत्र, चिठी, सूचना, रिपोर्ताज आदि साहित्येतर विषय क्षेत्रका अंशहरूको पनि प्रयोग देखिन्छ र यस्तो प्रयोगका कारण नयाँ शैली निर्मित भएको हुन्छ। यसरी अकथाको शैलीमा निषेधसूचक 'अ'-ले स्थापित मानकको उच्छेदन गरेकाले अ-शैली अकथाको लभिलक्षण बनेको छ।

## ३.३ अउपन्यास

उपन्यासका परम्परागत मान्यतालाई पूरै निषेध गरी आफ्ना छुट्टै मान्यताको निर्माण गर्ने आख्यानको प्रयोगात्मक रूप वा कार्यलाई अउपन्यास भनिन्छ। अउपन्यासमा परम्परागत उपन्यासले अवलम्बन गर्ने औपन्यासिक तत्त्वको प्राय: अभाव हुन्छ र अचेतनको तहका लेखकीय अनुभूतिलाई विशृङ्खलित रूपमा प्रस्तुत गरिएको हुन्छ। Antinovel शब्दको सर्वप्रथम प्रयोग चार्ल्स सोरेलले सन् १६३३ मा **बेर्गर एक्स्ट्रा भ्यागेन्ट** (Le Berger Extravagant) पुस्तकमा गरे पनि यसको प्रथम प्रयोग भने फ्रान्सेली भाषामा Anti

Roman का रूपमा अस्तित्ववादी चिन्तक जाँ पाल सार्त्रले सन् १९४८ मा ल्याएका हुन् र अउपन्यास नै भनेर नथाली सराउटेको **Portrailt of a Man Unknowm** (सन् १९४८) कृति प्रकाशित भएको पाइन्छ। अउपन्यास पनि आन्दोलन वा अभियानका रूपमा भन्दा लेखनका रूपमा आएको देखिन्छ। अकविता र अकथाजस्तै अउपन्यास पनि उपन्यासका परम्परागत संरचनाहरूलाई भत्काएर लेखिएको वा लेखिने रचना प्रकार हो र यो उपन्यासका नाममा संरचनाहीन संरचना हो। यसमा उपन्यासमा स्थापित सम्पूर्ण घटक विघटित हुन्छन्। कथानक, पात्र, परिवेश आदिमा पनि स्थापित मानकलाई भत्काएर नयाँ प्रयोग गर्नु र उपन्यासका स्थापित तत्त्वहरूको उपस्थितिको अभाव देखिनु यस्ता अउपन्यासका अभिलक्षण हुन्। पाश्चात्य साहित्यका अन्य अउपन्यासकारहरूमा लेरन स्टर्न, आलेन रौब ग्रे, जोन कोट्जी, जाँ मारी ल क्लेजियो, प्याट्रिक मोदियानो आदि उल्लेखनीय छन् (Haeckel, 2021.6.25)। अउपन्यासकारहरूले आन्दोलन वा अभियानका रूपमा भन्दा पनि लेखनका माध्यमबाट अउपन्यास लेखनलाई व्याप्ति प्रदान गरेका छन् । अउपन्यासमा औपन्यासिक तत्त्वहरूको अनुपस्थिति हुने भएकाले र अन्य विधाका तत्त्वहरूको उपस्थितिसमेत देखिन सक्ने भएकाले अउपन्यासमा विधामिश्रणको स्थिति पनि देखिन्छ। नेपाली साहित्यमा २०४० सालको दशकपछिका कतिपय उपन्यासमा अऔपन्यासिकता पाइन्छ र पछिल्लो समयका कतिपय उपन्यास अउपन्यासात्मकताका दृष्टिले उल्लेखनीय छन्। नेपाली साहित्यमा ध्रुवचन्द्र गौतम, रोशन थापा नीरव आदिका उपन्यासमा अउपन्यासात्मक विशेषता पाइन्छन्।

### (क) अउपन्यास– अ-अन्तर्वस्तु/अ-कथानक

अउपन्यासमा पनि अकथामा जस्तै विशृङ्खलित कथावस्तु, कथावस्तुसँग पात्र र परिवेशको असम्बद्धता पाइन्छ। अउपन्यासमा बाह्य यथार्थहरूलाई भत्काइन्छ र अचेतनलाई प्रस्तुत गरी अनुभूतिलाई विभग्न रूपमा देखाइन्छ। अउपन्यासमा नकारात्मक, बीभत्स, यौनिक र अराजक किसिमका अन्तर्वस्तु एवम् घटनासन्दर्भको प्रयोग हुन्छ र सामाजिकता, नैतिकता आदिको ख्याल गरिँदैन। मर्यादाविचलन अउपन्यासको विशेषता हो। अउपन्यास अन्तर्वस्तुका दृष्टिले अस्तित्ववादी र विसङ्गतिवादी चेतनाका पृष्ठभूमिमा जन्मेका हुनाले यस्ता उपन्यासको विषय वा अन्तर्वस्तु पनि यिनै मान्यताका पृष्ठाधारमा रहेका छन्। मानवीय अस्तित्वको खोजी, पहिचानवादी चेतना, स्वत्वबोध, समाजका नग्नता, कुरूपता र बीभत्सता, बाह्य आडम्बर र बाह्य यथार्थको अतिक्रमण, अचेतनको अभिव्यक्ति, स्वप्न र तन्द्रावस्थाको अभिव्यक्ति, असङ्गति र अराजकतावादी सन्दर्भ, निराशा, कुण्ठा, सन्त्रास, मानवीय जीवनको मूल्यक्षय, अश्लीलता, यौनको प्रकृतिवादी चित्रण आदि अउपन्यासका मूलभूत अन्तर्वस्तु हुन्। नैतिक मूल्यको उच्छेदन र

कलात्मक मूल्यसौन्दर्यको उपेक्षाका साथै क्रमहीन तथा व्यतिक्रमिक कथानकबाट अउपन्यासको संरचनाहीन कथानक अगाडि बढेको हुन्छ। खण्डित कथानक र कथानकभित्रै पनि लेखको स्थितिमा निबन्धको जस्तो आत्मानुभूति र एकालापको प्रयोग पनि अउपन्यासमा देख्न सकिन्छ। अउपन्यासमा कथानक आदि, मध्य वा अन्त्य र आरम्भ, विकास, उत्कर्ष, अपकर्ष तथा अन्त्यको शृङ्खलामा आबद्ध नभई यस क्रमिकतालाई पूरै भत्काइएको हुन्छ भने कथानक, पात्र, परिवेश, भाषा आदिका बीच पनि कुनै सुसम्बद्धता हुँदैन। तसर्थ अउपन्यासको अन्तर्वस्तु/कथावस्तुमा निषेधसूचक 'अ'-ले स्थापित मानकको उच्छेदन गरेकाले अ-अन्तर्वस्तु/अ-कथावस्तु अउपन्यासको लभिलक्षण बनेको छ।

### (ख) अउपन्यास : अ-शैली

अउपन्यासमा पनि परम्परागत औपन्यासिक संरचना, भाषा, शैली आदिको उच्छेदन गरी आफ्नै किसिमको विशृङ्खलित शैलीको प्रयोग हुन्छ। अउपन्यासमा व्याकरणिक नियमहरूमा विचलन ल्याइएको हुन्छ र कथ्यलाई पृथक् किसिमले प्रस्तुत गर्न चिद्वैषम्य (Senesthesia)-को प्रयोग बढी गरिन्छ। अउपन्यासमा पनि भाषिक अराजकता, मर्यादाविचलनयुक्त र अश्लील एवम् बीभत्सता देखाउने पदपदावली, बिम्ब आदिको प्रयोग हुन्छ। भाषाको अराजक प्रयोग, व्याकरणिक नियमहरूको अतिक्रमण परस्पर असम्बद्ध बिम्बहरूको प्रयोग र अमूर्त-मूर्त शैलीको प्रयोगबाट अउपन्यासको भाषाशैली विभग्न किसिमको देखिन्छ। प्रकृतवादी यौनचित्रण र अचेतन लेखनशैलीका कारण अउपन्यास मर्यादाविचलनको प्रयोगशालाजस्तो देखिन्छ। अउपन्यासमा विरामचिह्न, अन्य लेख्य चिह्न आदिको प्रयोगमा कुनै सचेतता देखिँदैन। वाक्यगठनमा विभग्नता, उपन्यासभन्दा भिन्न विधाका संरचक घटकहरूको शृङ्खलाहीन उपस्थिति, पङक्तिविन्यास र अनुच्छेदविन्यासमा अव्यवस्था, पात्र र तिनका संवादरचना तथा पात्रका अननुकूलित भाषाको प्रयोग, चित्रात्मक शैली, अखबारका अंश, अन्य रचनाहरूबाट आहरण गरिएका अंश, चिठीका अंश वा सूचनाहरूका पाठ आदिको अन्तर्मिश्रण गर्ने शैली आदिका कारण अउपन्यासको भाषाशैली अराजक र मिश्रणयुक्त देखिन्छ। तसर्थ अउपन्यासको शैलीमा निषेधसूचक 'अ'-ले स्थापित मानकको उच्छेदन गरेकाले अ-शैली अउपन्यासको लभिलक्षण बनेको छ।

## ३.४ अनाटक

परम्परित रूपमा चलिआएका नाट्य लेखन, प्रस्तुति र अभिनय, कथानक तथा अन्य नाट्योपकरणहरूलाई भत्काएर लेखिएका नाटकलाई अनाटक भनिन्छ। यो नाट्यमान्यता विरोधी नाटक हो। अनाटक आन्दोलन वा अभियानका रूपमा

नदेखिए पनि लेखन वा प्रयोगका रूपमा भने यो विश्वव्यापी बनेको छ। यसको प्रारम्भ आयरल्यान्ड र पोर्चुगलबाट भएको हो भने पछि फ्रान्स, जर्मनी, बेलायत, अमेरिका आदि मुलुकमा अनाटकहरू प्रकाशित भएको पाइन्छ। स्यामुअल बेकेटको **वेटिङ फर गोदो** (Waiting for Godot)-लाई अनाटकको प्रारम्भिक नमुना मानिन्छ भने पिटर ह्यान्डकेको **कास्पर** (Kaspar)-लाई अनाटकको राम्रो नमुना मानिन्छ। नाटक लेखनमा मात्र होइन, त्यसका प्रस्तुतिका यावत् पक्षमा परम्परित मान्यता र सिद्धान्तहरूको विघटन हुने अनाटकहरू पनि संरचनाका दृष्टिले अकविता, अउपन्यास र अकथाजस्तै विभग्न, विशृङ्खलित संरचनाहीन छन्। सन् १९६० को दशकदेखि पाश्चात्य साहित्यमा अनाटकहरू लेखिन थालेका हुन्। स्विडेनका ह्यारी मार्टिन्सन, सेन्ट लुसियाका डेरेक वालकोट, आयरल्यान्डका सिमस हेनी, इटालीका डारियो फो आदिका कतिपय नाटक अनाटकीय शैलीमा लेखिएका छन्। परम्परागत नाट्य संरचनालाई भत्काउने मात्र होइन, दृश्यविहीन, परिवेशविहीन, अङ्क व्यवस्थाविहीन र संवादसंरचनामा पनि पूर्ण अराजकता देखिने अनाटकहरूमा दर्शकहरूभित्रबाटै कतिपय व्यक्ति थुतेर ल्याई पात्रका रूपमा उभ्याउने प्रवृत्ति पनि पाइन्छ। दादावाद, अस्तित्ववाद, विसङ्गतिवाद, अतियथार्थवाद, प्रकृतवाद आदिका पृष्ठभूमिमा उत्तर आधुनिकतावादका विभग्नतावादी मान्यताहरूको अवलम्बन गरेर लेखिने र मञ्चन गरिने अनाटकहरू परम्पराको भञ्जनका दृष्टिले निकै सशक्त देखिन्छ। नेपाली साहित्यमा पनि पछिल्लो समयका कतिपय नाटककारले अनाटकहरू लेखेका छन्। नेपालीमा शिव अधिकारी, अशेष मल्ल, सरुभक्त, ध्रुवचन्द्र गौतम, गोपाल पराजुली, शारदा सुब्बा, शिवानीसिंह थारू, अविनाश श्रेष्ठ, कुमार नगरकोटी, गोपी सापकोटा, विप्लव ढकाल आदिका कतिपय नाटकमा अनाटकीय विशेषता पाइन्छन्।

### (क) अनाटक : अ-अन्तर्वस्तु/अ-कथावस्तु र अ-दृश्यविधान

अनाटकमा कथानकको प्रायः अभाव रहन्छ र भए पनि विशृङ्खलित कथानकको संयोजन हुन्छ। अनाटकमा नकारात्मक विषय नै बढी हुन्छ र पात्र, परिवेश, द्वन्द्व आदिसँग उपस्थित भएको सानो कथावस्तुसँग पनि त्यसको कुनै अन्विति हुँदैन। अनाटकमा विषयवस्तु वा घटनालाई अनिश्चयमा लगेर टुङ्ग्याइन्छ। कथाविहीन कथानक र एकपात्रीय संवादका माध्यमबाट र परस्पर असम्बद्ध संवादका माध्यमबाट युगीन त्रासदी र वैयक्तिक असन्तुष्टि, सामाजिक अराजकता तथा अचेतनताको अभिव्यक्ति प्रकट गरिएको हुन्छ। अस्वाभाविक मञ्चविधान र दृश्यविधान, डरलाग्दा र बीभत्स परिवेशविधान आदिका सङ्कुल वृत्तबाट अनाटकको अन्तर्वस्तु र कथावस्तु अघि बढेको हुन्छ। परस्पर असम्बद्ध तथा शृङ्खलाहीन कथावस्तुका कारण अनाटक पनि

संरचनाहीन संरचनाको नाटक हो। अश्लील र बीभत्स दृश्यसंयोजन र पात्रहरूका त्यस्तै संवाद संरचनाबाट अनाटकको अन्तर्वस्तु र कथावस्तु अगाडि बढेको हुन्छ। आदि, मध्य र अन्त्यको उपेक्षा, आरम्भ र उपान्त्यमा नै समापनको घोषणा, पात्रका संवाद र परिवेश तथा अन्तर्वस्तुका बीच कुनै तालमेल नहुनु, प्रस्तुतिमा अनौठा र डरलाग्दा घटनाहरूको संयोजन हुनु, कथानकभित्रै नाटकीय सिद्धान्तको व्यतिक्रमिक व्याख्या, कवितावाचन, चलचित्र प्रदर्शन आदिजस्ता दृश्यसन्दर्भहरूको समेत प्रयोग हुनु र बीभत्सता तथा अश्लीलतालाई बढी प्रश्रय दिनु यस्ता अनाटकहरूका विशेषता हुन्। यस्ता अनाटकहरूमा मैथुनक्रिया, हत्या आदिलाई प्रत्यक्ष देखिएजस्तै गरी प्रस्तुत गरिन्छ र अधिनाटकीयता पनि यस्ता अनाटकहरूमा पाइन्छ। तसर्थ अनाटकको अन्तर्वस्तुमा निषेधसूचक 'अ'-ले स्थापित मानकको उच्छेदन गरेकाले अ-अन्तर्वस्तु/अ-कथावस्तु र अ-दृश्यविधान अनाटकको लभिलक्षण बनेको देखिन्छ।

### (ख) अनाटक : अ-शैली र प्रस्तुति

अनाटकमा अत्यन्त विशृङ्खलित भाषाशैलीको प्रयोग हुन्छ र पात्रका चरित्र विपरीत संवादको प्रयोग हुन्छ। अनाटकमा वार्तालापीय संवादका बीच पनि खासै सुसम्बद्धता पाइँदैन भने आत्मालापीय संवाद र मौन संवादको बढी प्रयोग हुन्छ। अनाटकमा परम्परागत किसिमका मञ्चविधान, प्रस्तुति र वेशभूषाको पनि निषेध हुन्छ भने अत्यन्त अनौपचारिक प्रस्तुतिमा बढी जोड दिइन्छ। अनाटक विषय वा अन्तर्वस्तु र कथानकभन्दा पनि दृश्य र मञ्चका शैलीगत विशिष्टता भएको विभञ्जित विधा हो। अन्तर्वस्तुमा भन्दा प्रस्तुति, प्रदर्शन, मञ्चीयता, संवाद रचना, पात्रले बोल्ने भाषा, दृश्यात्मकता आदिमा परम्परालाई भञ्जन गरेर मञ्चन र लेखन हुनु अनाटकको भाषाशैलीगत विशेषता हो। अपात्र, निर्जीव पात्र, मृत पात्र, मानवेतर पात्र, उभयलिङ्गी पात्र आदिको संयोजन, वेश्यालय, शौचालय, श्मशानघाट, स्नानागार, भीडभाडयुक्त बजार आदिसमेतका दृश्यविधान र मञ्चविधान, अनौठा संवादरचना तथा पात्रका स्वभाव र चरित्र प्रतिकूलका संवादरचना एवम् व्याकरणिक नियमहरूको उल्लङ्घन गरिएका, अमानक, अशिष्ट, अश्लील र अराजक भाषाको प्रयोग, अचेतन लेखन र स्वप्नलेखनशैलीको प्रभाव आदि विशेषता पनि अनाटकहरूमा पाइन्छ। प्रस्तुति, मञ्चविधान, पात्रले बोल्ने भाषा, दृश्ययोजना आदिको व्यतिक्रमका साथै अमूर्त शैलीको प्रयोग पनि अनाटकका भाषाशैली र प्रस्तुतिगत विशेषता हुन्। द्वन्द्वको शिथिलता र अनिश्चयपूर्ण समापनको शैली यसमा अवलम्बन गरिएको हुन्छ। तसर्थ अनाटकको शैलीमा निषेधसूचक 'अ'-ले स्थापित मानकको उच्छेदन गरेकाले अ-शैली अनाटकको लभिलक्षण बनेको छ।

### ३.५ अनिबन्ध

कुनै पनि विषयवस्तुमा नकारात्मक कुरालाई मात्र प्रस्तुत गरेर लेखिएका र खुला कथ्य भएका वा कथ्य विरोधी कथ्य भएका निबन्धलाई अनिबन्ध भनिन्छ। परम्परित निबन्ध तत्त्वको अनुपस्थिति भएका क्रमिक र व्यतिक्रमिक जसरी पनि पढ्न सकिने तथा आत्मप्रकटीकरणमा मर्यादा विचलन भएका नैबन्धिक रचना अनिबन्ध हुन्। अनिबन्ध कुनै आन्दोलन वा अभियान होइन तापनि लेखन वा प्रयोगमा भने यो देखिन्छ। जर्मनीकी हेर्ता मुलर, टर्कीका ओरहान पामुक, अफ्रिकाका जोन कोट्जी आदिलाई अनिबन्धका लेखक मानिन्छ। यस्ता अनिबन्धहरूमा निबन्धका परम्परागत तत्त्व वा उपकरणको अभाव हुन्छ र निबन्धका संरचक घटकहरूको अनुपस्थिति यस्ता अनिबन्धको विशेषता हो। पाश्चात्य साहित्यदेखि नेपाली साहित्यसम्ममा पनि अनिबन्ध परिमाणात्मक रूपमा कम लेखिएका छन्। यस्ता अनिबन्धले पाश्चात्य साहित्यमा प्रयोगको नव परम्परा स्थापित गरेका छन्। निबन्धलेखनका परम्परागत स्थापनाका व्यतिरेकमा लेखिएका यस्ता अनिबन्धहरूले कतिपय सन्दर्भमा अशिष्ट अभिव्यक्तिलाई महत्त्व दिएका हुनाले आलोचित पनि भएको देखिन्छ। अकविता, अकथा, अउपन्यास र अनाटकजस्ता निश्चित स्रष्टाहरूको प्रतिबद्धता अनिबन्धका स्रष्टाहरूमा देखिँदैन। अङ्ग्रेजीलगायत कतिपय भाषामा अन्य विधामा स्थापित भएका कतिपय प्रयोगशील स्रष्टाहरूले अनिबन्धको सृजना गरेका छन्। नेपाली साहित्यमा भने अनिबन्धात्मक लेखन हालसम्म त्यति देखिएको छैन।

#### (क) अनिबन्ध : अ-अन्तर्वस्तु

अनिबन्धमा कुनै निश्चित कथ्य, विषय र विचारको निरूपण हुँदैन भने लेखनको कुनै उद्देश्य पनि हुँदैन। अचेतनमा आएका तत्क्षणिक भावप्रवाहको क्रमिक, व्यतिक्रमिक अभिव्यक्तिका साथै पागलपन, उन्माद, यौनावेग आदिको अभिव्यक्ति यस्ता अनिबन्धमा पाइन्छ। अन्तर्विषयकता र बहुविषयकताको प्रयोग अनिबन्धका मूल विशेषता हुन्। भाषावैज्ञानिक विषयले समेत प्रवेश पाउनु, प्रतिपादित विषय नहुनु र भए पनि कथ्य के हो भन्ने स्पष्टता नहुनु, कथ्यलाई चक्रीय रूपमा प्रस्तुत गर्नु, विचारको प्रस्तुति वा कथ्यको प्रतिपादनका नाममा अराजक र असामाजिक विषयलाई पनि यथातथ्य रूपमा देखाउनु आदि अनिबन्धका विशेषता हुन्। निबन्धका तत्त्वहरूको अतिक्रमणबाट अनिबन्धको सृजना हुने भएकाले परम्परागत रूपमा निबन्धको व्यापक क्षेत्र ओगट्ने आख्यानेतर गद्यका जुनसुकै रूपहरू यस्ता अनिबन्धमा प्राप्त गर्न सकिन्छ। यौनदुराचार, आपराधिक मनोभावको अभिव्यक्ति, कुरूप यथार्थप्रति व्यङ्ग्य, बर्बरता, सहानुभूति, संवेदना, पागलपन, भद्रता-अभद्रता आदि सबैको सम्मिश्रणबाट अमूर्त बिम्बजस्तै बनेर अनिबन्धमा अन्तर्वस्तु आएको

देखिन्छ। कथ्यको अनिश्चयता र अनिर्दिष्टता अनिबन्धका विषय हुन्। तसर्थ अनिबन्धको अन्तर्वस्तुमा निषेधसूचक 'अ'-ले स्थापित मानकको उच्छेदन गरेकाले अ-अन्तर्वस्तु अनिबन्धको लभिलक्षण बनेको छ।

### (ख) अनिबन्ध : अ-शैली

अनिबन्धमा भाव र भाषाका बीच कुनै तालमेल हुँदैन भने अचेतनको अनुभूति हुने हुँदा भाषामा विशृङ्खलता पाइन्छ। अनिबन्ध प्रायः मिश्रित शैलीमा लेखिएको पाइन्छ र व्याकरणिक र अन्य किसिमका विचलनको प्रयोग पनि अनिबन्धमा पाइन्छ। यस्ता अनिबन्धमा भाषा, व्याकरण र शैलीमा समेत धेरै विभग्नता पाइन्छ। क्रमहीन विशृङ्खलित वाक्यरचना, अमर्यादित र त्रासद पदपदावली तथा वाक्यको प्रयोग, कतिपय ठाउँमा द्व्यर्थक र लाक्षणिक पदपदावलीको प्रयोग, विशृङ्खलित र अत्यन्तै विचलनयुक्त भाषाशैलीको प्रयोग, असङ्गत र व्याकरणिक दृष्टिले पदसङ्गति र वर्णविन्यास नमिलेका वाक्यरचनाको प्रयोग, अनुच्छेदगठन र चिह्नप्रयोगमा पनि परम्परागत नियमहरूको उच्छेदन, भ्रमित यथार्थ, श्यामव्यङ्ग्यात्मक भाषाशैलीको प्रयोग आदि अनिबन्धका भाषाशैलीगत विशेषता हुन्। कतिपय अनिबन्धका बीचबीचमा अन्य विधाका कृतिका अंशको आहरण वा विधान्तर सृजनाका अंशहरू पनि समावेश भएको पाइन्छ। तसर्थ अनिबन्धको शैलीमा निषेधसूचक 'अ'-ले स्थापित मानकको उच्छेदन गरेकाले अ-शैली अनिबन्धको लभिलक्षण बनेको छ।

## ४. विधाविघटन र विधामिश्रण : समानता र भिन्नता

विधाका मानकहरू भत्किएर वा अस्तित्व नरहेर ती विघटित हुनु विधाविघटन हो भने एउटै विधाका कृति वा रचनामा अर्को विधाका अभिलक्षण र संरचक घटकहरूको उपस्थिति देखिई तत् विधाका कृति वा रचनामा विधान्तर अभिलक्षण र संरचक घटकको मिश्रण भई विधाहरू अन्तर्मिश्रण तथा अन्तर्घुलन हुनु विधामिश्रण हो। यसरी विधामिश्रण भएपछि विधाका स्थापित मानकहरू भत्किन्छन्। विधाविघटन हुँदा विधाको स्वत्व समाप्त भएर कविता अकविता बन्छ, कथा अकथा बन्छ, उपन्यास अउपन्यास बन्छ, नाटक अनाटक बन्छ र निबन्ध अनिबन्ध बन्छ भने विधामिश्रणमा कविता, आख्यान, नाटक, निबन्ध र समालोचनाहरू परस्पर अन्तर्मिश्रित एवम् अन्तर्घुलित भई तिनको विधागत स्पष्टता र सुनिश्चितता भत्किन्छ। विधाविघटन र विधामिश्रणका बीच धेरै समानता देखिन्छ भने केही भिन्नता पनि देखिन्छ। यी दुईका बीचका असमानतालाई यसप्रकार देखाइन्छ–

(क) विधाविघटन मूल विधा विघटित भएर रचना/कृति वा सङ्कथनमा तत्तत् विधाका तत्त्वहरूको उपस्थिति नरहनु हो भने विधामिश्रण एउटा निश्चित

विधाका कृति वा रचनामा त्यसभन्दा भिन्न विधाका अभिलक्षण वा तत्त्वको पनि उपस्थिति हुनु हो।

(ख) विधाविघटनमा मूल विधा विघटित भई त्यसले वैपरीत्य स्वरूप प्राप्त गरेर कविता, कथा, उपन्यास, नाटक र निबन्ध क्रमशः अकविता, अकथा, अउपन्यास, अनाटक र अनिबन्धका रूपमा देखिन्छन् भने विधामिश्रणमा एउटा विधाको रचना वा कृतिमा त्यसभन्दा भिन्न विधाको अन्तर्घुलन हुन्छ।

(ग) विधाविघटनमा विधा विघटित भएर त्यसको आद्यन्त स्वरूप र संरचनामा परिवर्तन आउँछ भने विधामिश्रणमा मिश्रित भएको स्थान वा अंशमा मात्र परिवर्तन आउँछ।

यस प्रकार विधाविघटन भएपछि त्यस विधाका मानक उपकरणहरूको अनुपस्थिति रहने हुनाले वैपरीत्यबोधक 'अ' उपसर्ग लागेर कविता अकविता बन्छ र यसरी नै अरू विधा पनि 'अ' अर्थात् संरचनाको अनुपस्थिति वा अभावयुक्त हुन्छन् भने विधामिश्रणमा कहीँ छुट्याउनै नसकिने गरी विधाहरू अन्तर्घुलित भएर र कहीँ अन्तर्घुलित नभईकन पनि एकै ठाउँमा मिसिएको देखिन्छ।

## ५. निष्कर्ष

हरेक देश वा भाषाको साहित्यका आफ्नै स्थापित मानक एवम् मान्यताहरू हुन्छन् र अनादिकालदेखि साहित्य तिनै मानक स्थापनाहरूबाट निर्देशित र गतिशील देखिन्छ। सन् १९६० को दशकदेखि उत्तर आधुनिकतावादी–बहुलवादी चिन्तन र चेतनासँगै केन्द्रभञ्जनका प्रवृत्तिहरू देखिन थालेपश्चात् केन्द्रभञ्जनसँगै विनिर्माणवादी प्रवृत्तिभित्र विधाभञ्जनका रूपमा विधामिश्रण र विधाविघटन भएका रचना वा कृतिहरू देखिए भने कृति वा रचनाका पुनःपाठ, विपाठ, अपपाठ र उत्तरपाठहरू देखिन थाले। एउटा विधाको कृति वा रचनामा त्यस विधाका संरचना, तत्त्व र अभिलक्षणहरूको अनुपस्थिति र विभग्नता विधाविघटन हो। यसरी विधाविघटन हुँदा कविता, कथा, उपन्यास, नाटक र निबन्धहरू क्रमशः अकविता, अकथा, अउपन्यास, अनाटक र अनिबन्धका रूपमा रूपायित हुन्छन्। यिनमा लागेको 'अ' निषेधसूचक हो र यसले सम्बद्ध विधाका उपकरण, संरचक घटक वा तत्त्व आदिको अभाव, अनुपस्थिति वा निषेधलाई जनाउँछ। नेपाली साहित्यमा पनि अकविता, अकथा, अउपन्यास, अनाटक आदि प्रकृतिका रचनाहरू देखिन थालेका छन्। विधामिश्रण र विधाविघटन परम्परागत दृष्टिमा अराजक र नियमरहितजस्तो देखिए पनि यिनमा देखिने संरचनाहीन संरचनाले कृति वा रचनाका बहुल अर्थका सम्भावनाको ढोका खोल्छ र अप्रकटित अर्थसौन्दर्यको उद्घाटन गर्न सहयोग गर्छ। यसबाट कृति वा रचनाका निर्दिष्ट र

एकाकी अर्थहरूका सीमा भत्किन्छन् भने त्यसबाट कृति वा रचनाको सौन्दर्यमा नवीनता आई कृति वा रचनाको मूल्यवत्तामा समेत वृद्धि हुन्छ। यी दुवै प्रक्रिया कृति वा रचनाको शिल्पपक्षसँग सम्बद्ध भएकाले यसबाट रचना वा कृतिमा प्रयोगशीलतासमेत देखिन्छ। विधाविघटनको सार्थक प्रयोगले कृति वा रचना नवीन, प्रयोगशील र उत्कृष्ट बन्छ भने निरर्थक प्रयोगले कृति वा रचनाको गुणात्मक मूल्य क्षय हुन्छ।

## सन्दर्भसामग्री


अधिकारी, इन्द्रविलास (२०६१). **पश्चिमी साहित्य सिद्धान्त**. ललितपुर : साझा प्रकाशन।

एटम, नेत्र (२०६१). **समालोचनाको स्वरूप**. ललितपुर : साझा प्रकाशन।

एटम, नेत्र (२०७४). सम्पा. **सङ्क्षिप्त साहित्यिक शब्दकोश**. काठमाडौँ : नेपाल प्रज्ञाप्रतिष्ठान।

गौतम, कृष्ण (२०५९). **आधुनिक आलोचना : अनेक रूप अनेक पठन** (दोस्रो संस्क.). ललितपुर : साझा प्रकाशन।

गौतम, कृष्ण (२०६४). **उत्तर आधुनिक जिज्ञासा**. काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन।

गौतम, कृष्ण (२०६७). **उत्तर आधुनिक संवाद**. काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन।

गौतम, लक्ष्मणप्रसाद (२०६६). **नेपाली साहित्यमा उत्तर आधुनिक समालोचना**. काठमाडौँ : ओरिएन्टल पब्लिकेसन।

गौतम, लक्ष्मणप्रसाद (२०६६). **समकालीन नेपाली कविताका प्रवृत्ति**. काठमाडौँ : पैरवी प्रकाशन।

तामाङ, पेम्पा (सन् २००५). **आख्यानदेखि पराख्यानसम्म**. गान्तोक : सरिता प्रकाशन।

पाण्डेय, ताराकान्त (२०६५). **अर्थभ्रान्तिको उत्तरचेतनाका विरुद्ध**. काठमाडौँ : वाङ्मय प्रकाशन तथा अनुसन्धान केन्द्र।

पौड्याल, एकनारायण (२०६९). **समकालीन नेपाली समालोचनात्मका प्रवृत्ति**, अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौँ।

भट्टराई, गोविन्दराज (२०६१). **पश्चिमी बलेसीका बाछिटा**. काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान।

भट्टराई, गोविन्दराज (२०६४). **उत्तर आधुनिक विमर्श**. काठमाडौँ : मोडर्न बुक्स।

राई, इन्द्रबहादुर (सन् १९९४). **अर्थहरूको पछिल्तिर**. गान्तोक : जनपक्ष प्रकाशन।

शर्मा, मोहनराज (२०६६). **आधुनिक तथा उत्तर आधुनिक पाठकमैत्री समालोचना**. काठमाडौँ: क्वेस्ट पब्लिकेसन।

श्रेष्ठ, दयाराम (२०५८). **साहित्यको इतिहास : सिद्धान्त र सन्दर्भ**. काठमाडौँ : त्रिकोण प्रकाशन।

सुवेदी अभि (२०५४). **पाश्चात्य काव्यशास्त्र** (दोस्रो संस्क.). ललितपुर : साझा प्रकाशन।

सुवेदी, राजेन्द्र र गौतम, लक्ष्मणप्रसाद (सम्पा.) (२०६९). **रत्न बृहत् नेपाली समालोचना** (सैद्धान्तिक खण्ड). काठमाडौँ : रत्न पुस्तक भण्डार।

सुवेदी, राजेन्द्र र गौतम, लक्ष्मणप्रसाद (सम्पा.) (२०६९). **रत्न बृहत् नेपाली समालोचना** (प्रायोगिक खण्ड). काठमाडौँ : रत्न पुस्तक भण्डार।

Abrams, M. H. (1992). **A Glossary of Literary Terms** (5th ed.). Delhi: Prism Book.

Barish, Jonas (1981). **The Antitheatrical Prejudice**, www.definition. 2021.6.25.

Barry, P. (1999). **Beginning Theory**. New York: Manchester University Press.

Covle, Martin and Other (ed.) (1990). **Encyclopedia of Literary and Criticism**. New York: Hale Reserach Institute.

Cuddon, J. A. (1991). **Dictionary of Literary Terms and Literary Theory** (3rd ed.). London: Penguin Group.

Grossman, Edith (2021). **The Technique of Anitpoetry**. www. nicanorparra.uchite. 2021.6.25.

Haeckel, Ernst (2021). **Antinovel**. www.antinovel.wikipedia, 2021.6.25.

Hawthorn, J. (1994). **A Glossary of Contemporary Literary Theory** (2nd ed.). London: Edward Arnold, A member of the Nodder Headen Group.

Lodge, D. (ed.) (2000). **Modern Criticism and Theory** (2nd ed.). London: Person Education.

Lucky, N. (2005). **Postmodern Literary Theory and Introduction** (2nd ed.). India: Replika Press.

Powel, J. (2001). **Postmodernism**. Delhi: Oriental Longman Ltd.

Rober, N. (ed.) (2001). **Twentith Century Poetry**. USA: Black Well Publishers Ltd.

Stephen, Denning (2000). **The Springbord: How Storytelling Action in knowwledge**. London: Era Organizations .

Waush, Patricia (2006). **Literary Theory and Criticism**. New York: Oxford University.

Julio Ortaga (2007), Nicanor Parra Y las paradojas. www.ensyclopedia, 2021.6.25.

■

डा. ज्ञानू पाण्डे

# लीलालेखनबारे सैद्धान्तिक विचारणा र नेपाली साहित्यमा यसको प्रभावको परख

## आरम्भ



लेखको मुख्य विषयमा प्रवेश गर्नुअघि यसको शीर्षकमा प्रयोग भएको 'विचारणा' शब्दमा टेकेर लीलाचिन्तनका प्रवर्तक साहित्यकार इन्द्रबहादुर राईको भाषा प्रयोगको विशेषताबारे थोरै केही बोलूँ भन्ने लाग्यो। 'विचारणा' शब्द यहाँ मैले राईकै लेखनीबाट साभार गरेकी हुँ। राईको साहित्यिकताबारे कुरा कोट्याउँदा प्रायः अध्येताहरूले उनको भाषिक प्रयोगमा देखिने नौल्याइँबारे पनि अनिवार्यजसो चर्चा गर्ने गरेको पाइन्छ। हुन पनि हो, साहित्यमा वैचारिकतालाई विशेष जोड दिने स्रष्टा राई रचनामा आफूले अभिव्यक्ति दिन खोजेको विचार हुबहु मुर्तियोस् भन्ने चाह राख्छन् र त्यस क्रममा शब्दहरू प्रयोग गर्दा कतिपय बेला तिनका परम्परागत स्वरूपलाई भाँचिदिने, छाँटिदिने, लम्बाइदिने, तन्काइदिने वा मर्काइदिनेजस्ता काम पनि गर्छन्। त्यति मात्र होइन, आवश्यकता लागे पूरै नयाँ शब्द निर्माण गर्न पनि उनी पछि पर्दैनन्। यहाँ प्रयोग भएको 'विचारणा' शब्द एउटा उदाहरण मात्र हो उनको भाषिक प्रयोगसम्बन्धी विशेषताको। उनका लेखनीहरूमा प्रयोग भएका कतिपय नौला र अनौठाजस्ता लाग्ने शब्द तथा अभिव्यक्तिको बिलकुलै नयाँ बुनोटले गर्दा पाठकलाई उनको विचारको गहिराइसम्म पस्न र त्यसको गहिरो प्रभाव ग्रहण गर्न निकै रोचक ढङ्गले सहयोग पुग्छ भन्ने लाग्छ मलाई। यद्यपि भाषागत नौल्याइँकै कारण कतिपय सामान्यबोधी पाठकका लागि राईको साहित्य क्लिष्ट तथा दुर्बोध्यजस्तो पनि भइदिएको हुन सक्छ, तर गम्भीर पाठकहरूका लागि भने केवल त्यत्ति कारणले उनको लेखनी कदापि असम्प्रेष्य बन्दैन। बरु उल्टै त्यहाँ प्रकटित उनको गम्भीर बौद्धिक व्यक्तित्वले आकर्षित गर्छ तिनलाई। र, त्यसो नहोस् पनि किन र? किनकि राई एउटा सपाट लेखक मात्र होइनन्, स्वयम्मा एक चिन्तक व्यक्तित्व पनि हुन् उनी। सर्वविदितै छ, आफ्नो लामो साहित्यिक जीवनमा राईले केवल कथा, उपन्यास, निबन्ध, समालोचनामा कलम चलाएका होइनन्; उनले महत्त्वपूर्ण ढङ्गले साहित्यिक चिन्तनहरूको प्रतिपादन गर्ने काम पनि गरेका हुन्।

यो लेख राईद्वारा प्रतिपादित लीलालेखनसित सम्बन्धित हो। साहित्यिक जीवनको कुन चरणमा आएर उनले लीलालेखन अभियानको उठान गरेका हुन्, कुन

र कस्तो साहित्यिक पृष्ठभूमिमा उनको मनमा लीलालेखनको अवधारणा उद्‌बोधित भएको हो, यस चिन्तनको मुख्य आग्रह के हो, विशेषता के हो, मान्यता के हो भन्नेलगायतका सवालहरूमा घोत्लिनु यस लेखको मुख्य उद्देश्य हो। नेपाली साहित्यिक वृत्तमा लीलालेखनको प्रभावको स्थिति केकस्तो रहेको छ भन्ने तथ्य नियाल्नु पनि यस लेखको चासो हो। तलका उपशीर्षकहरू लेखका यिनै आशयमा लक्षित छन्–

## इन्द्रबहादुर राईको साहित्ययात्राको सङ्क्षिप्त रेखाङ्कन

भारतमा जन्मिएर त्यही भूमिबाट नेपाली साहित्यको समृद्धि एवम् समुन्नयनका लागि अनवरत रूपमा खटिने भारतीय नेपाली साहित्यकारहरूको सूचीमा इन्द्रबहादुर राई (सन् १९२७–२०१८, दार्जिलिङ)-को नाम अग्रपङ्क्तिमै पर्छ। उनी नेपाली साहित्यको आधुनिकताको यात्राका एक विशिष्ट उचाइ मानिन्छन्। नेपाली साहित्यमा सिर्जना तथा समालोचनाका साथसाथै सिद्धान्त प्रतिपादनको क्षेत्रमा पनि उनको योगदान ऐतिहासिक महत्त्वको रहेको पाइन्छ। उनी नेपाली साहित्यधरामा सर्वप्रथमतः 'चाखलाग्दो कसरी हुने?' शीर्षकको निबन्ध रचना प्रकाशित गरी (**भारती**, वर्ष १, अङ्क १, सन् १९४९) अवतरित भएका हुन्। त्यसउपरान्त जीवनको अन्तिम समयसम्मै नेपाली साहित्यको सेवामा उनी अविच्छिन्न रूपमा लागिरहे। उनका कथा, उपन्यास, निबन्ध, नाटक, समालोचनालगायतका विभिन्न विधाका कृतिहरू प्रकाशित छन्।

राईका प्रकाशित कृतिहरूको कालक्रमिक विवरण यस प्रकार रहेको पाइन्छ– **बिपना कतिपय** (कथाकृति, सन् १०६१), **आज रमिता छ** (उपन्यास, सन् १९४६), **टिपेका टिप्पणीहरू** (समालोचना, सन् १९६६), **कथास्था** (कथा र आस्था, सन् १९७२), **नेपाली उपन्यासका आधारहरू** (समालोचना, सन् १९७६), **साहित्यको अपहरण** (छलफल, सन् १९७९), **सन्दर्भमा ईश्वरवल्लभका कविता** (समालोचना), **कठपुतलीको मन** (कथासङ्ग्रह, सन् १९८९), **दार्जिलिङमा नेपाली नाटकको अर्द्धशताब्दी** (साहित्येतिहास, सन्... ... ...), **पहाड र खोला** (निबन्धसङ्ग्रह, सन् १९९३), **अर्थहरूको पछिल्तिर** (सन् १९९४), **समयाङ्कन दैनिकीय** (दैनिकी, सन् १९९७), **लेखहरू र झ्याल** (लेखसङ्ग्रह, सन् २०००), **पहेँलो दिन** (नाटक, सन् २००२)।

लामो साहित्ययात्राका क्रममा आरम्भमा यथार्थवादी प्रवृत्तिलाई आत्मसात् गरी अगाडि बढेको राईको कलम छोटो समयको अन्तरालमै आयामिक धार हुँदै अन्ततः लीलाबोधी चिन्तन प्रवाहमा विस्तारित हुन पुगेको देखिन्छ। बौद्धिकताका धनी राईको लेखनमा चिन्तनगत पृथक्ताको आभा साहित्ययात्राको आरम्भदेखि नै मुखरित हुन सुरु भइसकेको हो भन्ने तथ्यबारे उनका रचनाहरूको सूक्ष्म अध्ययन गर्दा प्रस्ट भइन्छ।

चिन्तनगत मौलिकताको आभा उनको साहित्ययात्राको दोस्रो र तेस्रो चरण अर्थात् आयामिक र लीलाबोधी चिन्तनको चरणमा त प्रस्टैसित प्रदर्सिएको हो नै, लेखनको प्रारम्भिक चरण (जसलाई यथार्थवादी चरण भनी पहिचानिएको छ)-का रचनामा पनि त्यो चियाइन छुटेको पाइन्न। स्मरणीय छ, स्रष्टाले आफ्नो सिर्जनामा यथार्थ जे छ त्यसको मात्र अङ्कन गर्नुपर्छ भन्ने आग्रह राख्छ यथार्थवाद। क्यामराले फोटो खिच्दा जसरी दृश्यका राम्रानराम्रा सबै पक्ष (कुनै पनि नबनाईकन) हुबहु सर्लक्क उतार्छ त्यसरी नै यथार्थवादी साहित्यमा दृश्य यथार्थलाई टिपिन्छ, टिपिएको हुन्छ भन्ने मान्यता यथार्थवादी साहित्य सिद्धान्तको रहेको पाइन्छ। यस परिप्रेक्ष्यले नियाल्दा यथार्थवादी प्रवृत्तिका भनिएका राईका कथाहरू (जुन उनको प्रथम कथाकृति **बिपना कतिपय**मा सङ्कलित छन्)-मा दृश्य यथार्थको हुबहु अङ्कन मात्र देखिन्न, त्यहाँ केही अरू तत्त्व पनि प्रकटिन उत्सुक भएको आभास मिल्छ। समाजका गरिबदुःखी पात्रहरूको दैनन्दिन यथार्थलाई विषयवस्तु बनाइएका ती कथाहरूमा विषयप्रतिको लेखकीय कोण पनि थोरै नै सही तर अभिगुञ्जित हुन छुटेको पाइन्न।

यसरी राईको विशिष्ट विचारक व्यक्तित्व उनको साहित्ययात्राको प्रारम्भिक चरणबाटै साङ्केतिक रूपमा अभिलक्षित हुन सुरु भइसकेको थियो। त्यही क्रममा थोरै समयको अन्तरालमै उनले अरू दुई स्रष्टासमेतको संयुक्ततामा साहित्यमा वैचारिक घनत्व, वस्तुता र सम्पूर्णताको माग गर्दै आयामेली लेखनको अवधारणा अगाडि ल्याउन अग्रसरता देखाएका हुन्। २०१९–२० सालमा इन्द्रबहादुर राई, वैरागी काइँला र ईश्वरवल्लभको सामूहिक प्रयासमा दार्जिलिङबाट प्रारम्भ भएको आयामेली आन्दोलनले २०३० सालसम्मको नेपाली कथा, उपन्यास, कविता र समालोचनामा हस्तक्षेपकारी प्रभाव जमाएको तथ्य सर्वविदितै छ। त्यो इतिहासको निर्माणमा राईले नेतृत्वदायी बौद्धिक भूमिका निर्वाह गरेका थिए भन्ने कुरा यहाँ स्मरणीय हुन आउँछ।

आयामिक आन्दोलनका नायक उही राईको बोधमा कालान्तरमा अझै गहन र अझै विशिष्ट किसिमको चिन्तन उद्‌बोधित हुन पुग्यो। उनलाई लाग्यो– 'हामीले देखेका जति सापेक्ष दृष्टि छन्, तिनीहरूभित्र पनि वस्तुता छ। त्यो सधैँ हुन्छ। वस्तु हुन्छ, तर त्यसलाई हामीले आआफ्नो दृष्टिले देख्छौँ। हाम्रा दृष्टि सापेक्ष मात्र हुन्। त्यस्तो दृष्टि वस्तुमाथि साँच्चै छ भनेर भन्न सकिँदैन, हामीले ओढाइदिएको अर्थ मात्र हो। त्यो त हाम्रो मूल्याङ्कन, अर्थाङ्कनदेखि छुट्टै छ, त्यसलाई हाम्रो दृष्टिले छुँदैन। यसरी नै रहेका हुन्छन् सबै वस्तु संसारमा। हामी व्यर्थमा आआफ्नो आत्मपरकताबाट त्यसमा नयाँ अर्थ, मूल्याङ्कन, नयाँ दृष्टि, माया वा घृणा लगाइदिन्छौँ। तर तिनीहरूलाई यी सबैको केही सरोकार छैन। यसरी रहेको हुन्छ प्रत्येक चिज' (धरावासी, २०७५ : १८)। यसरी

आफैले अघि कोरेको आयामेली चिन्तनकै बाटो हुँदै साहित्ययात्राको तेस्रो चरणमा राईले त्योभन्दा अझ व्यापक र गहन चिन्तनधार अर्थात् लीलाबोधी चिन्तनधारको सूत्रपात गरेका हुन्। नेपाली साहित्यमा उनको यो चिन्तन २०३० को दशकको पूर्वार्द्धमा लीलालेखन नामकरणका साथ सार्वजनिक भएको हो।

**लीलालेखनको औपचारिक प्रस्तावना**

इन्द्रबहादुर राईले नेपाली साहित्यमा सर्वप्रथमतः २०३४ सालमा **रूपरेखा** पत्रिकाको पुस अङ्कमा 'भ्रान्तिहरू र लीलालेखन मात्र' शीर्षकको लेख प्रकाशित गरी लीलालेखन अवधारणा सार्वजनिक गरेका हुन्। यही लेखबाट उनले पहिलो पटक स्रष्टाहरूसामु लीलालेखन प्रस्तावित गरेका हुन्। संयोग नै भन्नुपर्छ, उता दार्जिलिङमा उनी आयामिक वस्तुता र सम्पूर्णताको अवधारणामा पुनर्विचारको आवश्यकता महसुस गर्दै अर्को एउटा नयाँ अवधारणा मनमा गुन्दै बसेको अवस्थामा हुनु र यता नेपालमा त्यही बेला **रूपरेखा**को पूर्णाङ्क २०० पुगेको उपलक्ष्यमा बृहत् विशेषाङ्क निकाल्ने योजनाका साथ लेखरचनाका लागि लेखकस्रष्टाहरूसमक्ष अनुरोध गरिँदै रहेको सिलसिला हुनु। सोही सिलसिलामा उनलाई पनि सम्पादक उत्तम कुँवरको अनुरोधपत्र हात पर्छ। यो कुरा लेखमा यसरी खुलाइएको छ–

"...यथार्थ सदा अगोचर छ, गोचरणीय रूपहरू मात्र। अनि रूपहरू परस्परमा एकअर्काका द्योतक। लेखन सिद्धान्त हामीले झिक्न सक्नुपर्छ यसबाट। ...प्रयत्न र प्रसङ्ग यता हिँडाइरहेकोमा २०३४ साल साउन ६ को मितिको पत्र उत्तम कुँवरज्यूबाट पाउँछु– **रूपरेखा**को पूर्णाङ्क २०० पुगेको उपलक्ष्यमा बृहत् विशेषाङ्क निकाल्ने योजना बनाएका छौँ। **रूपरेखा** वैचारिक आन्दोलन लेख पठाउन हुन अनुरोध...।"

त्यसरी वैचारिक आन्दोलन ल्याउने लेखका लागि आफूलाई प्राप्त भएको अनुरोधपत्रको प्रत्युत्तरमा राईले 'भ्रान्ति र लीलालेखन मात्र' शीर्षकको विशिष्ट लेख पठाएर 'एक पन्थ दो काज' भनेझैँ एकै चोटि दुइटा उद्देश्य पूरा गरे। एकातिर उनले उक्त लेखका माध्यमबाट सम्पादकको अनुरोधको पनि राम्रो मान राखे भने अर्कातिर सोही लेखका माध्यमबाट नेपाली साहित्यमा आफ्नो नयाँ साहित्यिक चिन्तन लीलालेखन सार्वजनिक गर्ने महत्त्वपूर्ण उद्देश्य पनि पूरा गरे। लेखको सुरुवात उनले यसरी गरेका छन्–

"कृष्ण सभामा पस्दा भागवत १०/४३/१७ मा बताइन्छ, मल्लहरूले व्रजपुरुष देखे, स्त्रीहरूले मूर्तिमान् कामदेव देखे, सामान्य मानिसहरूले नररत्न, गोपहरूले स्वजन, शास्ताहरूले दण्डकर्ता, वासुदेव र देवकीले शिशु देखे, कंसले कराल मृत्यु, अविदुषहरूले विराट्, योगिनीहरूले परम तत्त्व वृष्णिहरूले इष्टदेव देखे। विरुद्धधर्माश्रय, सर्वरूपात्मक भगवान् व्याख्या बताइएको हेरी सिध्याएको थिएँ। 'सर्वे सर्वार्थवाचका'

(सबैसबै अर्थका वाचक)-बाट लेखनी सिद्धान्त सोच्न थालेको थिएँ। वस्तु एउटैबाट द्रष्टा विभिन्न देख्दा रहेछन् भने यथार्थ त्यस वस्तुलाई कसैले देखेको हुँदैन। कृष्ण कसैले देखेन, आआफ्ना कृष्ण देखे। यथार्थ सदा अगोचर छ, गोचरणीय रूपमा मात्र। अनि रूपहरू परस्परमा एकअर्काका द्योतक। लेखनी सिद्धान्त हामीले झिक्न सक्नुपर्छ हामीले।... यहाँ भ्रान्तिहरूको अभिनय छ, क्रीडा छ, लीला छ। जीवनसँग अर्थात् जीवनमा यहाँ भ्रमहरू मात्र छन्। यथार्थ जानेको एकछिन पनि नबिर्सिएको लेखन, लीलालेखन, 'बित्थाहरू'-को लेखनचढाइमा एक अखटो कप्यौँ।"

नेपाली साहित्यमा 'लीलालेखन' भन्ने शब्दावली पहिलो चोटि उच्चरित भएको उक्त लेखमा राईले लेखकस्रष्टाहरूलाई आह्वान गरेका छन्–

"यथार्थ अज्ञेय र अठम्याइने हुँदो रहेछ र हामी भ्रम लेख्दा रहेछौँ। यथार्थ जानिँदै नजानिई बित्थामा कुन्नि के बात गर्दा रहेछौँ। जीवनको यो यथार्थ साहित्यमा लगाई त्यस कारण हामी बित्थामा बित्थाहरू लेखौँ...।"

उक्त आह्वानको १२ वर्षपछि राईको **कठपुतलीको मन** (२०४५) कथाकृति प्रकाशित हुन्छ। जम्मा आठ ओटा कथा (केही कथा अघि नै विभिन्न पत्रपत्रिकामा प्रकाशित भइसकेका समेत) सङ्गृहीत प्रस्तुत कृतिमा उनले लीलालेखनको सिर्जनात्मक प्रयोगको नमुना दर्साउनुका साथसाथै लीला अवधारणापत्र पनि अगाडि सार्ने काम गरेका हुन्। यस पुस्तकभित्र पछिल्लो भागमा 'कृतिमा लीलालेखनगत आधार' शीर्षक दिएर लीलालेखनको २० सूत्रीय अवधारणापत्र प्रस्तुत गरिएको छ।

## लीलालेखनको २० सूत्रीय अवधारणा

१. लीला दृष्टि आयामिक वस्तुताबाट बनेको हो। वस्तुमा विशेषणहरू देखिन्छन्। सब मानव-अनुभूत, मानव-बुधित, मानव-कल्पित, सब मानव-सापेक्ष। मानिसका अनुभूति, बोध, चेत सब यसरी लीला हुन्छन् मानिसमा उम्रेका, मानिसको जिउनीले उम्रेका।

२. वस्तुको (प्रत्येक थोक र घटनाको) आफैमा रहिरहेको अस्तित्व, मानवनिरपेक्ष स्थितता पनि हुन्छ। यो अस्तित्व जतिसम्म चिन्दै लैजान सकिन्छ, विशेषणहरू नै हुन्छन्। त्यस अस्तित्वको तर सूचना नपाए त्यो छैन।

३. औपनिषदिक माया, बौद्ध शून्य, जैन स्याद्वाद, भौतिक-विज्ञानिक सापेक्षवाद, मनोविश्लेषणात्मक फ्रायडवाद, गेस्टाल्ट मनोविज्ञान, मार्क्सवादीय 'आइडियोलजी'-को सिद्धान्त, व्यवहावाद (प्राग्मटिजम), समालोचनात्मक पाठकीय प्राप्ति सिद्धान्त, विनिर्माणवाद आदिबाट आधार

र सकार लीलालेखनलाई प्राप्त छ। क्वान्टम फिजिक्सबाट पनि। अनि– लोकवत्तु लीलाकैवल्यम्।

४. देखिन्छ– (क) हाम्रा भावना, विचारणा, क्रिया लीला छन्।
(ख) हामी निमित्त माध्यम मात्र छौँ।
(ग) निरन्तर प्रवाहमा छ सब, पुरानो नासिँदो र नयाँ बन्दोमा। यस अनस्थिरलाई शून्य भनेको।

५. 'परालको आगो' कथामा एउटा स्थिर मिथक छ– 'लोग्नेस्वास्नीको झगडा परालको आगो'। यो मिथकको विनिर्माण छ यहाँ चार विकथाले।

६. कृति कथा छ, नाटक छ, औपन्यासिक छ, यसमा समालोचनाहरू छन्, निबन्ध छ, कविता छ। विधाको विनिर्माण। र यसलाई 'कृति' भनेको। कृतिलेखन।

७. चार कठपुतली खेलहरू हाराहारी चार भिन्न 'लेखक'-ले छन्– खेलहरूका निर्देशक-लेखक, 'परालको आगो' कथा भन्ने लेखक, चामेको निर्धूम अग्निशूल्य मन नियाल्ने लेखक, कठपुतली बनेको वस्तुको 'अनुभव' गर्ने लेखक। बहुदृष्टिले लेखनको सम्भावना र सिद्धान्त हुन्छ यहाँ।

८. भाषा, भाषिका, व्याकरण, लेखाइका भिन्नता दृष्टिभिन्नताका वाहक छन्।

९. 'अन्तर्वार्ता चामेसँग' कथा र विकथाले (विकथा र खेलका) भेट छ। खुला आँखाको रानीपारी बीचमा राखिएको छ अन्तर्वार्ता, वस्तुशिल्पीय निर्मिति।

१०. लीलालेखनको प्रतिभा कामदीको छ। द्रष्टव्य– 'चामे, विराट् एक छ ह्रास हाम्रो पछि'।

११. भाषालीला। भाषाले मात्र ताथ्यिक लागेका वाक्यहरू, प्रकाशनाहरू। उदा. 'छ-हरूको अँध्यारोघारी... छैनन्हरूको उज्यालोपारी...'।

१२. पाठकहरूले अनेक अर्थ्याइ गर्न पाउने फाँहहरू लेखनमा धेरै राखिनुपर्ने। पठन लीलालाई।

१३. कृति non-organic छ धेरै हदतक। खेलहरू syntagmatic (अब के हुन्छ?) विकथाहरू paradigmatic (यस्तो पनि भएको?)

१४. पात्रहरू पारदर्शक र सपाट छन्, लीला देख्न सहज हुन्छ। चामे अवतार चरित्र छ।

१५. 'परालको आगो' कथा कला हो, मैनाली लिखित नेपाली कथा यो भएको यथार्थ पनि हो। यस यथार्थलाई कृतिमा याथार्थिक मोन्टास्जका रूपमा

प्रायोजित छ, तर विकथाको क्युविस्टिक मोन्टास्जहरूलाई जस्तै यसलाई पनि विद्रोही यथार्थ नतुल्याई इस्थेटिसिजमको अधीनस्थ राखिएको छ।

१६. अस्तित्व (बाँचु) सङ्कटको जति नजिक मान्छे उति अन्ध (पाशविक) ऊ हुँदछ। मान्छेको यो अन्धाशक्ति। यो अन्धतालीला देख्नुबाट पनि निष्कामता हुँदछ।

१७. सांसारिक र परासांसारिकको योगले अवतारहरूको लीला छ। जीवन र जगत्को कर्मभूमिमा लीलानुसारी सङ्घर्षमा रत रहौँ। लीलाक्षेत्रमा छौँ नभुलौँ तर, 'खेलौँ बाँच्ने खेल'।

१८. धर्म र साहित्यसँगै रहेको पूर्वीय परम्परामा छ लीलालेखन।

१९. जेनको 'सातोरी', युङीय मनोविज्ञानको 'अवचेतनाको विमुक्ति'-को समकक्षीय छ लीलालेखनको शून्य मन।

२०. "'कठपुतलीको मन'-मा लीला लेख्ने एउटा उक्ति समाइयो। अरू पनि बाटो खोज्नेहरूले झिक्ने नै छन्।"

## लीलालेखनका मुख्य विशेषता एवम् मान्यताहरू

राईको लीलालेखन अवधारणा एकैसाथ लेखनको नयाँ प्रविधिको प्रस्तावना पनि हो र विशिष्ट जीवनदृष्टिको प्रकाशन पनि हो। लीलालेखन भनी नामकरण गरिएको भए पनि यसले लेखन प्रविधिको मात्र कुरा गर्दैन, लेख्ने 'कुरो'-को कुरा पनि गर्छ। 'लीला' शब्द विशिष्ट तात्पर्यका साथ सम्बोधित भएको यस अवधारणाले लेखकहरूलाई आह्वान गर्छ– (क) लीलाबोध लेखौँ, (ख) लीलाविधिले लेखौँ। यसरी एकैसाथ दुई महत्त्वपूर्ण आह्वानको आवाज बन्न सक्नु लीलालेखन अवधारणाको महत्त्वपूर्ण पहिचान हो। यद्यपि यस अवधारणाको सैद्धान्तिक पक्ष स्पष्ट पार्ने हेतुमै केन्द्रित भई छुट्टै कुनै पुस्तक राई स्वयम्ले लेखेको भेटिन्न तापनि यस अवधारणाका मूल्यमान्यताबारे स्पष्ट हुनका लागि सामग्रीहरूको कमी हुन्न हामीलाई।

यस सन्दर्भमा पहिलो कुरा त राईको लीलालेखनसम्बन्धी प्रथम प्रस्तावित लेख 'भ्रान्तिहरू र लीलालेखन मात्र' र 'लीलालेखन : २० सूत्रीय घोषणा'-का साथसाथै यस विषयमा प्रस्ट पार्ने हेतुमै केन्द्रित भई विभिन्न समय तथा सन्दर्भमा उनले बोलेका मन्तव्यहरू, उनका प्रवचनहरू, अन्तर्वार्ताहरू, उनका 'कठपुलतीको मन'-लगायत सिर्जनात्मक पुस्तकहरू, 'समय दैनन्दिन' (डायरी लेखन), 'अर्थहरूको पछिल्तिर'-लगायतका समालोचनात्मक ग्रन्थहरू महत्त्वपूर्ण सामग्रीका रूपमा हामीलाई उपलब्ध छन्। दोस्रो कुरा, यस सम्बन्धमा अन्य विद्वान् लेखकहरूले लेखेका तथा सम्पादन गरेका पुस्तकहरूका साथसाथै फुटकर लेखहरू पनि महत्त्वपूर्ण सामग्रीका रूपमा हामीलाई

उपलब्ध छन्। यी तमाम सामग्रीहरूको अध्ययनका आधारमा लीलालेखन अवधारणाका विशेषता एवम् मान्यताहरूलाई निम्नलिखित बुँदाहरूमा पहिचान्न सकिन्छ–

**(क) वस्तुता अगोचरणीय/यथार्थ अज्ञेय**

सम्पूर्णता भन्नु वा सम्पूर्णता लेख्नु भन्नु वास्तवमा सम्भव हुने कुरा होइन रहेछ भन्ने बोधको गहिराइबाट उद्बोधित भएको चिन्तनको एउटा नाम हो लीला अवधारणा। यसले भन्छ– वस्तुको वस्तुता दुरुस्त कहिल्यै बुझिन सक्दैन। कसैले पनि कुनै वस्तुको वस्तुताबारे बुझाउँछ भने त्यो उसले फगत आफ्नो धारणा मात्र बुझाउने हो। एउटै वस्तुप्रति पनि व्यक्तिपिच्छे धारणाहरू अनेक रूपका हुन्छन्। अझ व्यक्तिव्यक्तिको कुरा होइन, एउटै व्यक्तिको मात्र कुरा गर्ने हो भने बुझाइमा भेद हुन्छ। समय, परिस्थिति र अवस्थाको बदलावसँगसँगै उसको बोधमा उही वस्तुको बुझाइबारे धारणा परिवर्तन भइसकेको हुन्छ। 'अघि मैले ठानेको कुरा त होइन पो रहेछ त!' भन्ने उसलाई लाग्नासाथै वस्तुको बुझाइबारे उसको बोधमा अघिको रूप स्वतः मर्छ र त्यो ठाउँमा अर्को नयाँ रूपको जन्म हुन्छ। यसरी व्यक्तिको बोधमा वस्तुको वस्तुताबारे बुझाइहरूको 'मराइ' र 'जन्माइ'-को खेल निरन्तर चलिरहन्छ। खेलको यही निरन्तरतामा वस्तु त्यो स्वयम् मा जे हो त्यसको यथार्थ निरन्तर छेलिइरहन्छ। लीलालेखनको प्रथम प्रस्तावना लेख 'भ्रान्तिहरू र लीलालेखन मात्र'-मा राईले यो तथ्य प्रस्ट पार्न सुरुमै श्रीमद्भगवद्गीताको एउटा सन्दर्भ उठाएका छन्। त्यहाँ उनले भनेका छन्– "वस्तु एउटैबाट द्रष्टा विभिन्न थोक विभिन्न देख्दा रहेछन् भने यथार्थ त्यस हुनुलाई कसैले देखेको हुँदैन। कृष्ण कसैले देखेन, आफ्नाआफ्ना कृष्णहरू देखे। यथार्थ सदा अगोचर छ, गोचरणीय रूपहरू मात्र। अनि रूपहरू परस्परमा एकअर्काका द्योतक।"

**(क) भ्रम, भ्रान्ति र लीला**

भ्रम र भ्रान्तिहरूप्रतिको सजगताको चासो लीला अवधारणाको महत्त्वपूर्ण विशेषता हो। यस अवधारणामा सबैभन्दा बढी भ्रम र भ्रान्तिकै व्याख्या गरिएको पाइन्छ। भ्रम र भ्रान्ति जीवनको शक्ति वा सीमा केही पनि होइन, यो त जिउनुको एउटा स्वाभाविक प्रक्रिया हो भन्ने कुरा यसले बुझाएको छ।

राई भन्छन्– "हाम्रो व्यावहारिक जीवन, हाम्रो व्यावहारिक सत्ता यही यसै (भ्रान्ति)-मा स्थित छ। संवेद्य र अनुभाव्य व्यावहारिक सत्ताको तहमा बस्दा र बाँच्दा सत्य-असत्यको भेद स्पष्ट नहुने यो भ्रान्तिहरू (लीलाहरू)-सँगै नै बस्नुपर्ने, भ्रान्ति चिन्दै पनि यिनीहरूलाई त्याग्न नसकिने, यिनीहरूलाई पक्रेर अघि बढ्नुपर्ने बोध लीलालेखनभित्र छ" (**वर्तमान** साहित्यिक मासिक १/६)। लीलादर्शन भन्छ– यो जीवन, यो जगत्मा लीला कोही गर्दैन, त्यो आफै भैदिन्छ। कसैको पनि रहर-अरहरको

अधीनमा हुन्न लीला, बचाइको एउटा अनिवार्य नियतिझैँ त्यो हरेकको जीवनमा अनायास उपस्थित छ। बाँच्नु सबैभन्दा ठूलो स्वार्थ हो जीवनको। त्यो स्वार्थलाई थेग्ने क्रममा हामी अनायासै एकपछि अर्को भ्रम र भ्रान्तिहरू पच्छ्याइरहेका हुन्छौँ। असचेततामै भ्रान्तिको खेलमा निमग्न रमाइरहेका हुन्छौँ। जीवनको यस यथार्थप्रति सचेतता राख्न नभुलौँ भन्नु (मात्र) लीला अवधारणाको आग्रह हो। लीला सूत्रको १७ नम्बरमा भनिएको छ– "जीवन र जगत्को कर्मभूमिमा लीलानुसारी सङ्घर्षमा रत रहौँ। लीला क्षेत्रमा छौँ नभुलौँतर, र खेलौँ बाँच्ने खेल।"

## (ख) आत्मपरकता/व्यक्तिसत्य

सत्य सधैँ आत्मपरक हुन्छ भन्नु लीला अवधारणाको मान्यता हो। यसले भन्छ– सबै सत्य आत्मगत धारणा हुन्। सार्वजनीन सत्य भन्ने त्यस्तो कुनै सत्य छैन यो जगत् मा। सबै सत्यहरू व्यक्तिसत्य हुन्। जीवन भनेकै वास्तवमा व्यक्तिसत्य हो। व्यक्तिको व्यक्तिगतता नै उसको सत्य हो। उसले देखेको, उसले मानेको, उसले ठानेको सत्य भनेको उसको आत्मपरक सत्य हो। उसले ठानेको सत्य उसको आत्मपरकताको प्रतिच्छवि मात्र हो। 'लीलालेखन : एउटा सरल बोध' शीर्षकको लेखमा राई भन्छन्– "वस्तुको यथार्थ, वस्तुको वस्तुता हामीबाट अज्ञेय छ। वस्तुहरूमा हामी आफ्नै आत्मगत विचार भावहरू देख्छौँ। हाम्रो स्वार्थपरक मूल्याङ्कन। मानिसका विचार र भावहरू, मानिसका बुझाइहरू र अनुभवहरू वस्तुपरक सत्य हुँदैनन्, स्वार्थपरक आत्मगत भ्रान्ति मात्र हुन्छन्" (धरावासी, २०५३ : ९४)।

## (ग) गतिशीलता/परिवर्तनशीलता

लीला अवधारणामा गतिशीलता र परिवर्तनशीलताको कुरा महत्त्वका साथ उठाइएको पाइन्छ। यसले भन्छ– यो संसार एउटा गतिमा चलिरहेको छ। जीवनमा सबै कुरा गतिशील छन्। यहाँ अपरिवर्तनीय भन्ने कुरा केही छैन, हरेक कुरा परिवर्तनशील छन्। प्रकृतिपदत्त यो नियमअन्तर्गत परिवर्तनशीलताको नियम पनि अनिर्वछिन्न रूपमा चलिरहेको हुन्छ। परिवर्तनको अविचल यात्रामा यहाँ कुनै कुरा स्थिर छैन, हरेक कुरा अस्थिर छ। कुनै कुरा पनि सदा कालका लागि हुन्नन् यहाँ। मान्छेका मूल्यमान्यताहरू पनि निरन्तर बनिरहन्छन्, भत्किरहन्छन्। सिद्धिनकै लागि सुरु हुनु, सिद्धिनु र फेरि सुरु हुनु यो क्रम प्रकृतिमै छ। मान्छे प्रकृतिकै अङ्ग भएकाले उसको जीवन बचाइ पनि गतिशीलता र परिवर्तनशीलताको नियममै बन्धित छ। सत्य स्थिर र सार्वकालिक नभई परिवर्तनशील र तात्कालिक हुने भएकाले साहित्यमा देखिएको सत्य नै लेखिनुपर्छ भन्नु लीलालेखनको आग्रह हो।

## (घ) अकर्ता/निमित्तता

लीला अवधारणामा अकर्ताबोध र निमित्तताको सन्दर्भ व्याख्यित छ। व्यक्ति जे गर्छ त्यसमा ऊ स्वयम्‌को स्वतन्त्र निर्णय हुन्न। ऊ निमित्त मात्र हुन्छ, जे गर्छ सबै परिस्थितिले गर्छ, परिस्थितिले उसलाई गराएको हुन्छ भन्नु लीला अवधारणाको तर्क हो। यसले भन्छ– मान्छेले गर्ने हरेक क्रियाकलाप उसको सामाजिकता र त्यसले निर्मित भएको उसको धारणाको अह्वोट हो। अकर्ताको स्थिति मान्छेको सामाजिक स्थिति हो। समाज र परिस्थितिसित नजोडिईकन जीवनमा कोही मानिस पनि रहेको हुन्न र त्यही अवस्थाले गर्दा मान्छेको हरेक क्रियाकलाप उसको सामाजिकताबाट प्रेरित भएको हुन्छ। त्यसर्थ मान्छेले गरेको काम उसको कर्तृत्व होइन, उसमाथि परिस्थितिको उपस्थिति हो। मान्छे आफै केही गर्न सक्दैन, तर पनि ऊ आफूप्रति यति अन्धो छ कि उसलाई लाग्छ ऊ जे गर्छ त्यो उसैले गरेको हो। तर यथार्थ चाहिँ त्यसो होइन। लीला अवधारणाको यो मान्यता प्रस्ट पार्ने सन्दर्भमा आफ्नो एक सम्भाषणमा राईले भनेका छन्– “हामी कर्ता होइनौँ भन्ने हामीलाई मनले मान्दै मान्दैन, कस्तो गाडिएको छ? गर्ने मै हुँ भन्ने नै लाग्छ। यसलाई पन्छाउन, फ्याँक्न बडो मुस्किल रहेछ। तर यो कर्ता मै हुँ भन्ने हामीलाई लागेको जुन धारणा छ यो धारणाको आधार छैन भन्नका निम्ति बौद्ध दर्शनमा, माध्यामिकारिका दर्शनमा, नागार्जुनका कारिकाहरू छन् तीहरू अध्ययनीय छन्। यता हाम्रा पनि कति छन्। यिनीहरूलाई लिएर जानुपर्नेबाहेक साधारण किसिमले हेर्दा पनि हामी अब के कर्ता नै रह्यौँ त?... हरेक क्षणमा यन्त्र चाहिन्छ। घरी कानमा टेलिफोन टाँस्नुपर्छ, आँखामा चस्मा टाँस्नुपर्छ, गाडीमा हिँड्नुपऱ्यो। यन्त्रको सहायताबिना काम गर्न नसक्ने भएपछि आफूलाई कर्ता भन्नु? (धरावासी, उप्रेती (सम्पा.), २०६३ : २१–२२)

## (ङ) जीवनप्रतिको आस्थाको स्वर

जीवनप्रति कर्तव्यबोधको सिञ्चन लीला अवधारणाको महत्त्वपूर्ण विशेषता हो। जीवन लीलामय छ। यसमा भ्रम, भ्रान्तिहरूको बिगबिगी छ। पाइलापाइलामा जीवनमा छल छ, वञ्चना छ र पनि यसप्रति सदा अभिमुख भइरहने मान्छेको आस्तित्विक स्वभाव जो छ त्यसको प्रशंसक हो लीला अवधारणा। महत्त्वपूर्ण कुरा जीवन भ्रम र भ्रान्तिहरूको खेल मैदान हो भनेर बुझाउँदै गर्दा यसले कतै पनि जीवनप्रति विमुखता भाव दर्साएको पाइन्न। भ्रम र भ्रान्तिलाई यसले जीवनको विद्वेषकका रूपमा हेरेको छैन, बरु सहयोगीका रूपमा चिनाउन चासो देखाएको छ। जन्मँदै मर्नुपर्ने सत्य पनि साथमै च्यापेर आएका हुन्छौँ हामी। मृत्युको अवश्यम्भाविताले जीवनको निःसारता स्वतः पुष्टि हुन्छ। तर पनि बाँचुन्जेल जीवनको विकल्प कदापि सोच्नु हुन्न हामीले। निःसारतामै

पनि बाँच्नु छ हरेकले। भाग्नु छैन हामीलाई जीवनबाट कहीँ, जिउनुको अवस्थामा आफू भइरहँदा आफू बाँचिरहेको कालभरि सार खोज्न लागिपरिरहनु छ हामी। जीवनको यस विकट र विरोधाभासपूर्ण यथार्थ माझ आफ्नै धारणाहरू ठूलो भर हुन्छ मान्छेलाई। लीला अवधारणाको आग्रह बस यत्ति मात्र हो– जीवन र जगत्को नि:सारताप्रति सजगता राख्न कदापि नभुलौँ। त्यस सत्यको बोधका साथ भ्रान्तिका भारहरू बोक्न हरेकले आआफ्नो जिउनीभरि आँट गरिरहौँ, साहस गरिरहौँ।

### (च) आस्तिक/अनास्तिक

मान्छेप्रतिको भर र उसको अस्तित्वको सीमाप्रतिको सजगता लीला अवधारणाको महत्त्वपूर्ण विशेषता हो। मान्छेको शक्तिको सीमाप्रतिको यसको गहिरो घोत्लाइ र मान्छेको अकर्ताको स्थितिप्रतिको यसको चिन्तनालाई लिएर कतिपयले यस अवधारणालाई 'निराशावादी' भनेर व्याख्या गर्ने गरेको भेटिन्छ भने कतिले यसलाई अलौकिक शक्तिप्रतिको आसक्तिको अर्थमा पनि बुझनबुझाउन खोजेको भेटिन्छ। तर यथार्थत: कुरो त्यसो होइन भन्ने तथ्य यसको अन्तर्य छाम्दा सहजै बोध गर्न सक्छौँ हामी। यथार्थमा लीला अवधारणा विशुद्ध मानवकेन्द्री चिन्तन हो नकि अलौकिक ईश्वरसत्ताको पूजा। लीला शब्दको प्रयोग हुनुले पनि सुरुमा यसबारे अनर्थका बुझाइहरू उम्रिएका हुन सक्ने अनुमान गर्न सकिन्छ। तर यसमा लीला शब्द ईश्वरीय अलौकिकता दर्साउन नभई मानवीय जीवनको लीलामय यथार्थलाई उधिन्नका लागि प्रयुक्त भएको हो भन्ने तथ्य बुझ्नु आवश्यक छ। हो, आस्तिक अवश्य हो यो अवधारणा, तर त्यो आस्तिकता अलौकिक ईश्वर अवतारप्रतिको होइन, मान्छेको जीवन यथार्थप्रतिको हो।

### (छ) बुद्धिको सीमाप्रति सचेत/वैचारिक अन्धताप्रति असहमत

मान्छे सीमित बुद्धिको प्राणी हो भन्ने तथ्य लीला अवधारणामा गहिरोसित उधिनिएको पाइन्छ। मान्छेको ज्ञानले सत्यको सम्पूर्णता ठम्याउन कहिल्यै भ्याउँदैन। फगत 'बुझेँ' अथवा 'बुझेको छु' भन्ने भ्रमको बलमा जीवनभर आफ्नो अर्द्ध बुद्धिको वकालत गर्दै बस्छ मान्छे। यो उसको स्वतन्त्र रोजाइ होइन, उसको बचाइको अनिवार्य धर्म हो। यो उसको अस्तित्वको प्रमाण हो, अस्तित्वको सीमाको उजागरण हो। तर विडम्बनाको कुरा के भने आफ्नो अस्तित्वको त्यो सीमा सहजै मान्य हुन्न उसको अहम्लाई। त्यसैले ऊ आफ्नो ठहर वा पत्यार नै सर्वसत्य हो भन्ने असत्यलाई पुष्टि गर्न सधैँ तत्परिइरहन्छ। आफूले ठानेको सत्य, आफूले मानेको ज्ञान नै सत्यको अन्तिम रूप हो भन्ने ढिपी जताइरहन्छ। जीवनमा त्यसरी अन्धो ढिपी कसैले नगरून् भन्ने लीला अवधारणाको आग्रह हो। एउटा अन्तर्वार्तामा राईले लीला अवधारणाको यो आग्रहबारे यसरी बोलेका छन्– "मान्छेले आफैलाई मात्र सबै कुरा जान्ने ज्ञानशील र

शक्तिशाली भनेर ठान्छ र आफैले ठहऱ्याएर भनेको चाहिँ सर्वसत्य हो भन्छ भने त्यसमा लीलालेखनले शङ्का गर्छ" (नेपाल (सम्पा.) २०७६ : २७)।

## (ज) बुझाइमा भेद/सत्यका अवतारहरू

मानिसहरूको बुझाइमा भेद छ, भेद भइरहन्छ। बुझाइको यो भेद, यो फरकपनको यथार्थको कारण के हो? लीलादर्शनको रुचि यतातिर हो। यसले भन्छ– मानिसहरूको बुझाइमा उहिलेदेखि किन भेद आयो, किन भेद आइरहेको छ भन्ने प्रश्नतर्फ यदि हामी जिज्ञासु हुन्छौँ भने अहिलेसम्म ठानिएका र मानिएका तमाम सत्यहरू 'फगत धारणाहरू मात्र हुन्' भन्ने तथ्य स्वतः उद्बोधित हुन्छ हाम्रो बोधमा। निर्विकल्प सत्य भन्ने त्यस्तो कुनै 'थोक'-को अस्तित्व यो जगत्मै कहीँ पनि नभएको कारणले गर्दा नै प्रत्येक युगमा सत्यका नयाँनयाँ अवतारहरू दर्सिन सम्भव भएको हो। सत्य यदि कुनै त्यस्तो एउटा ठोस कुरो हुन्थ्यो भने जगत्मा सत्यको भिन्नभिन्न अवतार दर्सिन वा देखिन कदापि सम्भव हुन्नथ्यो। हरेकले आआफ्नो समयमा विचारको नयाँनयाँ अवतार अगाडि ल्याउने हुन् र विचारको अर्को अवतारलाई उम्रिन नदिन फगत तर्कले बल गर्ने हुन् बस! तर सबैले बुझ्नुपर्ने कुरा के हो भने जस्तोसुकै तर्कले पुष्टि गर्न खोजे पनि एकच्छत्रताको राज आजसम्म कुनै अवतारलाई पनि सम्भव भएको छैन, त्यस्तो कहिल्यै सम्भव हुनेवाला पनि छैन। लीला अवधारणा भन्छ– विचारको अन्धता बुद्धिको सीमितताको द्योतक हो। विचारको विविधता नै सत्य हो सांसारिकताको। संसार असार यही विविधताले गर्दा भएको हो। तर यो संसार मनोरम र आकर्षक बन्नुमा विचारको यही विविधताले मुख्य बल पुऱ्याएको छ भन्ने यथार्थ पनि नभुलौँ। यस सचेतताका साथ विविधतामा रमाउन सिकौँ, अरूले टेक्न खोजेको बाटो नछेकीकन आआफ्नो बाटो दर्साउन बल गरौँ। खेलौँ सबैले आआफ्नो भागको खेल।

## (झ) विचारको खुलापन

विचारको खुलापन लीला अवधारणाको महत्त्वपूर्ण आकर्षण हो। ज्ञानको जिद्दी होइन यो, बरु त्यसको तरलता, त्यसको अस्थिरता र त्यसको बहुलताप्रतिको विश्वासको अभिव्यक्ति हो। अहिलेसम्म भनिएका, मानिएका, ठानिएका सबै धारणा गलत हुन्, 'यही मात्र सत्य हो' भनेर किट्ने धृष्टता कहिल्यै कसैले नगरोस् भन्ने यो चाहन्छ। स्वयम् आफैले निर्माण गरेको मान्यतामा पनि परिवर्तनको सम्भाव्यता देखिए त्यसलाई सहजै स्वीकार गर्ने आशय आफ्नो जन्मसँगसँगै यसले जताएको तथ्य स्मरणीय छ। लीलालेखनको प्रथम प्रस्तावना लेख 'भ्रान्ति र लीलालेखन मात्र'-को टुङ्ग्याउनीमा भनिएको छ– "बौद्धिक सङ्गतिमा धेरै वर्षपछि अन्तमा देखेँ : लीला मात्र रहेछ यहाँ धारणा र विचारणाहरूको। यस गृहितिलाई शङ्का र व्यङ्ग्य गर्ने आवश्यकता अझ

परेको छैन। यसमा प्वाल आए दुल्कोदेखि अर्को सत्यको ढाड र टोपी देखौँला।" लीलाबोधसम्बन्धी अर्को एउटा लेखमा राईले भनेका छन्– "आज हामीले देखेका कुरा सदाका लागि सत्य हुन् भन्ने ढिपी नगरौँ, पछि आउने कालमा भूल देखिएला, अभाव देखिएला। त्यसैले विचारको खुलापन, अर्थको खुला अन्तको धारणा (open endedness) राखौँ भन्ने भाषा विज्ञानको धारणाबाट लीलालेखनले ठूलो बल पाएको छ।"

### (ञ) सत्यको बहुलतामा विश्वास

सत्यको बहुलतामा विश्वास गर्नु लीला अवधारणाको विशिष्ट पहिचान हो। राई भन्छन्– "लीलालेखनले सबै विचारलाई अँगाल्छ। सबै सत्यलाई लीलालेखनले स्वीकार गर्छ। सबै सत्यलाई अँगाल्नू, तर कुनै सत्यलाई पनि बाहिर नपार्नू भन्ने मन्त्र लिएको छ लीलालेखनले" (नेपाल (सम्पा.) २०७६ : २३)। सबैतिरको विचारमा, सबैको खोजमा रुचि छ यसलाई। यसले पूर्वीय तथा पाश्चात्य तमाम दर्शन एवम् साहित्यको प्रभाव आफूमा सकारेको छ। सत्यको अनिर्धाय स्वरूप दर्साउन भागवत पुराणको सन्दर्भ अगाडि सारिनुले पूर्वीय अध्यात्मवादप्रतिको आकर्षण त यसको पहिलो प्रकाशनमै खुलेको हो नै, यता भौतिकवादप्रतिको यसको झुकाव पनि कतै छुपेको छैन। एउटा अन्तर्वार्तामा राईले भनेका छन्– "सत्यको बहुलतालाई स्वीकार गरेपछि भौतिकवादलाई पनि स्वीकार गर्नैपर्छ।" सोही अन्तर्वार्तामा अर्को एक प्रश्नको उत्तरमा उनले अझै स्पष्ट शब्दमा भनेका छन्– "आधुनिक ज्ञानविज्ञान, बौद्ध धर्मशास्त्र, उपनिषद्, मार्क्सवाद, समाजशास्त्र र मानवशास्त्रसमेतबाट चाहिँदा ज्ञान लिएर अघि बढेको हो लीलालेखन।" यसमा उनको तर्क हो– "आधारभूत रूपमा ज्ञानहरू एकै हुन्छन्। जडमा सबै एकै भएका तर जमिनमाथि पुगेर मात्र तिनीहरू भिन्नभिन्न हाँगामा भिन्नभिन्न पात, भिन्नभिन्न फूलजस्ता भएका हुन्छन्। जडमा ज्ञान एकै भएका हुँदा एक विद्याको ज्ञान र बुद्धि अर्को विद्यामा पनि उपयोज्य हुन्छन्" (नेपाल (सम्पा.) २०७६ : २८)।

### (ट) नयाँ/पुरानो

नयाँ ठानिएको र पुरानो मानिएको दुवै थरीका विचार र ज्ञानलाई समान महत्त्वका साथ सुन्न र गुन्न चासो राख्नु लीला अवधारणाको विशेषता हो। नयाँलाई अझै नयाँ चेतले हेर्नु तथा पुरानोमा पनि नयाँ चेतको खोजी गर्नु यस अवधारणाको पृथक् पात्रता हो। यसको अन्तर्य ध्वनि हो– यथार्थमा पुरानो र नयाँ भन्नु त्यस्तो कुनै नितान्त भिन्न कुरा केही पनि छैन ज्ञानको संसारमा। सबै नयाँ उही पुरानैका पुनरावृत्त हुन्, पुरानै कुराको नव संस्करणहरू हुन्। संसार आज पनि उही नै हो जुन हिजो थियो, प्रकृतिको

लय उही हो, जीवनको गति उही हो। समय हिजो जस्तो हो आज पनि यो त्यस्तैउस्तै हो। हिजोकाहरूले जसरी जीवन भोगेर गए, आजकाहरूले पनि जीवन उसरी नै भोग्ने हो र भोगेर जाने हो। यो जगत्मा, यो जीवनमा 'नयाँ' भन्नु वा ठान्नु सिर्फ व्यक्तिको आत्मपरक अनुभव (मात्र) हो। लीलादर्शन भन्छ– यो जीवन र जगत्लाई आजका विचारकहरूले जेजसरी बुझेका छन्, बुझाएका छन् त्यो नितान्त नौलो केही होइन, हिजोकै बुझाइको नवीन स्वर मात्र हो। हिजोलाई पुरानो भनेर पन्छाउनु सही ठान्दैन यसले, बरु त्यसमा अटाएको ज्ञानको वैज्ञानिकतालाई उधिनेर देखाउन चासो राख्छ। यतातिर मान्छेहरूको ध्यानाकर्षित होओस् भन्ने यसको चासो बुझिन्छ। राईको यो भनाइ सुनौँ– "लीलालेखनले कान नयाँ विचारकहरूलाई मात्र दिँदैन, पुराना विचारकहरूलाई पनि उत्तिकै सुन्छ। पुरानाहरूले पनि जीवन र जगत्को विषयलाई गहिरिएर सोचेका छन्" (भट्टराई, २०७१ : २३५)।

### (ठ) बहुउद्देश्य लक्षित अवधारणा

लीला अवधारणा एक्लैमा अनेक उद्देश्य बोकेको अवधारणा हो। यद्यपि सुरुमा यसलाई धेरैले साहित्यलेखनसित मात्र सम्बन्धित विचार हो भनेर बुझेका हुन्, तर यथार्थमा यसको उद्देश्य त्यतिमा मात्र सीमित होइन। साहित्यका साथसाथै यो अवधारणा सामाजिक विषय पनि हो र मानवताको विषय पनि हो। एउटा अन्तर्वार्तामा राईले प्रस्टै शब्दमा भनेका छन्– "लीलाबोध साहित्यिक सिद्धान्त मात्र नभई जीवन सिद्धान्त पनि हो, समाज सिद्धान्त पनि हो। लीलाबोधले व्यक्तिगत जीवन उत्तम बाँच्न सकौँ (भोग र योगको युगपत्ता राखी), समाजगत जीवन उदात्त बाँच्न सकौँ (बहुत्वलाई मानी सहनशील रही)" भन्छ (नेपाल, २०५८ : ३)। लेखकहरूलाई 'कहिल्यै पनि उत्तेजित भएको बेला नलेख्नुहोला, त्यस बेला लेखेको लेखन एकपक्षीय हुन्छ' भनेर सल्लाह दिने राईको लीलाचिन्तनमा सहन लेखनको कुरा पनि जोडिएको पाइनुले समाजमा सबैको सबैप्रति सहिष्णुता भाव रहोस् भन्ने कामना गर्नु (पनि) यसको एक उद्देश्य हो भन्ने स्वतः बुझिन्छ। लीलालेखन 'व्यक्तिवादी चिन्तन' भनेर आक्षेप लगाउनेहरूलाई राईले यो आफ्नै विशेषताको मानवतावादी चिन्तन हो भन्ने कुरा एउटा अन्तर्वार्तामा यसरी प्रस्ट पारेका छन्– "मानवको सीमा हुन्छ। सीमाभित्रबाटै मान्छेले हेरेको-देखेको हुन्छ। उसले आफ्नो सीमाभित्रबाट देखेको सत्यहरूका पनि सीमा हुन्छन्। सीमित सत्यहरूको झ्यालबाट हेर्दा भ्रान्ति, भूल वा अभाव र त्रुटिहरू जन्मिन्छन्। सीमित शक्ति पाएको मानिसले धेरै भूल गर्छ, त्रुटि गर्छ भन्ने बुझेर उसबाट हुन सक्नेजति मात्र आशा गर्दै उसका त्रुटिहरूलाई क्षमा गरिदिनु लीला मानवतावाद हो। लीलाचिन्तनले सबै पक्षको

उच्च वर्ग होऊन्, मध्यम वर्ग होऊन् या सर्वहारा, सबै मानवको हित चिताएको कारणले यसलाई मानवता विरोधी चिन्तन ठानिनु हुँदैन" (नेपाल (सम्पा.) २०७६ : २७)।

### (ड) अउपदेशात्मकताको आग्रह/पठन स्वतन्त्रताको सम्मान

अउपदेशात्मकताको आग्रह र पठन स्वतन्त्रताको सम्मान लीला अवधारणाको महत्त्वपूर्ण पहिचान हो। उपदेश दिनुमा यसलाई रुचि छैन, यथार्थ जे देखिन्छ त्यही देख्नु, त्यही देखाउनुमा यो केन्द्रित हो। भ्रम र भ्रान्तिको लीलाबाट मुक्तिको कुनै उपाय नभएको जीवनको अघोषित सर्त स्वीकार गरेर नै जीवनमा हुल्लिन आएको हुन्छ मान्छे। सांसारिक बन्ने क्रममा शिशु जन्मँदै भ्रमिल पहिचानको थाङ्नोमा बेरिन बाध्य भइसकेको हुन्छ। ऊ जे हो त्यो बोध गर्नुअघि नै ऊ उसको पारिवारिक, सामाजिक परिस्थितिअनुकूलको परिचयमा छोपिइसकेको हुन्छ। फलानोको छोरी/छोरो, फलानो जातको मान्छे, फलानो राष्ट्रियताको मान्छे आदि-आदि निर्धारित परिचयमा अनायास नै उसको 'ऊ' लपेटिइसकेको हुन्छ। हुर्कंदैबढ्दै जाँदा सांसारिक हुनुको नाममा ऊ आफै पनि स्वाभाविक गतिमा भ्रम र भ्रान्तिका अनेक प्रक्रमभित्र छिर्दै जान्छ। ऊ जे हो त्यो ऊ हुन पाउँदैन, बाँच्नुको स्वार्थले उसलाई उसको यथार्थबाट कताकता पुऱ्याइसकेको हुन्छ। कठपुतलीजस्तो ऊ, उसको जीवन चलाउने धागो फगत भ्रम र भ्रान्ति मात्र। मान्छेको जीवनको यो विवशता अउपदेशात्मक ढङ्गले उजागरित गर्नु लीला अवधारणाको अभीष्ट हो। लीलालेखन लेखकहरूलाई अउपदेशात्मक भएर लेख्नु भन्ने सल्लाह हो। यसले भन्छ– देखेको यथार्थ दुरुस्त देखाउन अनेक विधिको जुक्ती लगाउनू तर लीलालेखनको नाममा उपदेश र अर्ती दिने काम लेखकले साहित्यमा कदापि नगर्नू। राई भन्छन्– "उपदेश गरेजस्तो लीलाको व्याख्या मात्र लेख्यौँ भने त्यो लीलालेखन भएन, त्यो त लीला व्याख्यात्मक उपदेश लेखेको भयो। हामीलाई त साहित्य लेख्नु छ। कान्छा र कान्छीको पिर्तीमा देखाउनुपर्छ लीला, धने र जितेको शत्रुतामा देखाउनुपर्छ लीला तर उपदेश नतुल्याएर" (भट्टराई, २०७१ : १७५)। अर्थ खुट्याउने स्वतन्त्रता पाठक हो, पाठकको त्यो अधिकारमा लेखकले कदापि व्यवधान नपुऱ्याउनू। लीला अवधारणाको सूत्र १२ मा यो कुरा यसरी सङ्केतित छ : "पाठकहरूले अनेक अर्थ्याइ गर्न पाउने फाँटहरू लेखनमा धेरै राखिनुपर्ने। पठनलीलालाई।"

### नेपाली साहित्यमा लीलालेखन अभियानको प्रभाव

भारतको दार्जिलिङमा बसेर भारतीय नेपाली साहित्यकार एवम् साहित्यिक चिन्तक इन्द्रबहादुर राईले आफैले (वैरागी काइँला र ईश्वरवल्लभसमेतको सहकार्यमा) अघि सुरु गरेको आयामेली अभियानको वस्तुता अवधारणाको सीमालाई महसुस गरी ३० को दशकको पूर्वार्द्धमा लीलालेखन नाममा लीलालेखन अभियानको उद्घोष गरेका

हुन् भन्ने कुरो माथि बताइसकिएको छ। त्यो समयदेखि आजसम्म आइपुग्दा लीलालेखन अभियानले चार दशकभन्दा बढी समय पार गरिसकेको देखिन्छ। यस अवधिमा यस अभियानले आफूलाई नेपाली साहित्यको मूल धारमा एउटा विशिष्ट साहित्यिक चिन्तनको परिचयमा स्थापित गर्न सफल भएको देखिन्छ। तर एउटा सत्य के हो भने यो सफलता यस अभियानले सजिलै र छिट्टै प्राप्त गर्न सकेको भने पक्कै पनि होइन। विभिन्न चरण पार गर्दै लीलालेखन अभियान नेपाली साहित्यमा आजको अवस्थामा आइपुग्न सफल भएको हो भन्ने तथ्य चार दशकभन्दा लामो यसको यात्राको अवलोकन गर्दा थाहा पाइन्छ।

नेपाली साहित्यमा लीलाचिन्तनको प्रभावको गतिलाई निम्न चरणमा विभाजन गरेर हेर्न सकिन्छ–

**(क) प्रथम चरण (२०३४–२०४४)–** यो चरण लीलालेखन अभियानको उद्घाटनको चरण हो। २०३४ सालमा **रूपरेखा** साहित्यिक मासिकको पुस अङ्क (२०० औँ पूर्णाङ्क)-मा 'भ्रान्तिहरू र लीलालेखन मात्र' शीर्षकको लेख छपाएर राईले लीलालेखन अभियान औपचारिक रूपमा उद्घाटित गरेका हुन्। सात पृष्ठ लामो उक्त निबन्धात्मक ढाँचाको लेखमा उनले लीला अवधारणाको मर्मलाई उद्घाटित गर्नुका साथसाथै 'लीलालेखन' शब्दको प्रयोग गरी लेखकहरूलाई उक्त अभियानमा सामेल हुन अनुरोध गरेका थिए यसरी– "यथार्थ अज्ञेय र अठम्याइने हुँदो रहेछ र हामी भ्रम लेख्दा रहेछौँ। यथार्थ जानिँदै नजानिई बित्थामा कुन्नि के बात गर्दा रहेछौँ। जीवनको यो यथार्थ साहित्यमा लगाई त्यसकारण हामी बित्थामा बित्थाहरू लेखौँ।..."

तर उनले त्यति बेला त्यसरी आह्वान गरे पनि झन्डै १०/१२ वर्षसम्मै उनको उक्त आह्वानको नेपालभित्र प्राज्ञिक वृत्तमा खासै कुनै सुनुवाइ भएको होइन। उनको नामको विशिष्टताका कारण त्यो बेला उक्त लेखले सामान्य चर्चा पाउनु स्वाभाविकै थियो, तर मुख्य कुरा लेखका माध्यमबाट उनले लेखकहरूमा लीलाबोधी लेखनमा लाग्न जुन आह्वान गरेका हुन्, त्यसमा खासै कसैले ध्यान दिएको प्रमाण भेटिन्न। यद्यपि उता उनी स्वयम्ले भने यस विषयमा निरन्तर लेखिरहका हुन्, अन्तर्वार्ताहरूमा बोलिरहेका हुन्; तर पनि यता नेपालभित्र भने यो विषय चर्चाशून्य अवस्थामै रहेको बुझिन्छ।

**(ख) दोस्रो चरण (२०४५–२०५२)–** यस चरणमा **कठपुतलीको मन** (२०४५) कथाकृति प्रकाशित हुन्छ। लीलालेखनको २० सूत्रीय अवधारणापत्रसमेत बोकेर आएको राईको यो कृतिबाट नै हो नेपाली साहित्यमा लीलालेखन विषयबारे यता नेपालभित्र चासो एवम् प्रतिक्रियाहरू अभिब्यक्तिन सुरु भएको। **कठपुतलीको**

**मन** कृति प्रकाशनपछि त्यति बेला विभिन्न विद्वान्‌बाट आएका केही प्रतिक्रियाहरूमध्ये केही उदाहरण हेरौँ।

डा. ऋषिराज बरालको भनाइ– "'परालको आगो'-को विनिर्माणमा बुद्ध पात्रमार्फत अभिव्यक्त कुराहरू घोर निराशावादी र शून्यवादी छन्। "दुई दिनका लागि आयौँ, लीला गर्‍यौँ। जान्छौँ। गयौँ।' यी हरफहरूले 'देवकोटाको शून्यमा शून्यसरी बिलाएँ'-को सम्झना दिलाउँछन्। हामी लीला गर्न मात्र यो संसारमा आएका हौँ, हामी केवल पानीका फोका हौँ भनेर जीवनलाई लीलाको रूप ठान्दै यसको अन्त हुनु भनेको यथार्थमा पुग्नु हो भन्ने कुरा प्रमाणित गर्न खोजिएको छ। 'परालको आगो'-को सामाजिकता, संयोगान्तता, विनिर्माण हुँदा घोर निराशावादी, मिथ्यावादी र शून्यवादी भाव दर्शनमा परिणत भएको छ" (गरिमा, २०५१ समालोचना अङ्क)।

समालोचक दयाराम श्रेष्ठको भनाइ– "'कठपुतलीको मन' कथामा यो विनिर्माण प्रक्रम कथावस्तुमा त छँदै छ, शिल्पविधानमा समेत रहेको हुँदा 'लीलालेखन'-को एक ज्यादै राम्रो उदाहरण बन्न पुगेको छ। कथाकर गुरुप्रसाद मैनालीको 'परालको आगो'-लाई एक नयाँ मिथकका रूपमा लिएर कथाकार राईले एक प्रकारको पुनर्लेखन गरेका छन्। तर 'लीलालेखन'-लाई बाध्य नजरमा राखेर। यसमा कथावस्तुको मेरुदण्ड करिबकरिब उही नै भए पनि त्यसको विनिर्माणस्वरूप कथाकारले जम्मा चारखवटा विकथाद्वारा एउटा मोन्ताजको रूप दिएका छन्।... भिन्नता वा अन्तरणहरू देखाउने लीलालेखनबाट सिद्धान्त प्रयोग यस कथामा राम्ररी भएको छ" (रश्मि वाङ्‌मय विशेषाङ्क, २०४८)।

गणेशबहादुर प्रसाईंको भनाइ– "ब्रह्माण्ड हात्ती उभिन्छ अनि हामी ब्रेल छाम्ने अन्धा सिद्ध हुन्छौँ। ब्रह्माण्ड स्रष्टा कोही भए त्यसलाई मात्र त्यो सम्पूर्णता खेलेको सम्भव लाग्छ, हामीलाई छैन। इन्द्रबहादुर राईले त्यस्तै एउटा ब्रह्माण्ड उभ्याइदिएको लाग्छ 'कठपुतलीको मन'। लाग्छ, हामीले राम्ररी चिनेको, जानेको, बुझेको, खेलाएको, खेलेको पृथ्वी र आकाश नै हो; तर हराउँछौँ बेपत्तासँग त्यहीभित्र नै र पक्क पर्नुपर्छ। त्यो कृतिभित्र विद्यमान वस्तुताले स्वयमेव माया जगत्‌को सृष्टि गर्छ र रिँगाउँछ पाठकलाई। हामी न त्यहाँभित्र हुन्छौँ न बाहिर हुन्छौँ, केही हुँदैनौँ नै। व्यर्थ लाग्दालाग्दै पनि त्यसैत्यसै रमाएको मन लट्ठिन्छ र विश्वस्त भएर भन्न थाल्छ, काठको पुतली हो। तर त्यसको आफ्नै मन छ। देख्छौँ नै र लीला बन्न पुग्छ लेखन" (समकालीन साहित्य, वर्ष १, अङ्क १)।

चूडामणि रेग्मीको भनाइ– "यही काकडभिट्टाको छेउमा आयाम कुर्लन्छ, नजिकै पारि दार्जिलिङको पहाडबाट लीलाको मुस्लो उर्लेर आउँछ। नेपाली भाषमा छापिएका यताका-उताका धेरै पत्रिका तिनै कुरा प्रचार गर्छन्। यताका-उताका निकै खर्च

गरेर गरेका गोष्ठीहरू यस्तै कुरामा थालिन्छन् र सकिन्छन्। वारिपारिका पाठ्यक्रममा प्राय: यस्तै कुराले प्राथमिकता पाउँछन्। आधुनिक समालोचनाका नाउँमा अकथे, अकविते, अउपन्यासे, अनिबन्धे, अनाटकेजस्ता प्रयोगशीले लीलालेखनहरूका भुमरी विद्यार्थीहरूको मस्तिष्क लडाउने पारिएको छ" (नेपाल (सम्पा) : २०५६ : ८९)।

यस चरणमा लीलालेखन अभियानबारे सकारात्मकभन्दा बढी नकारात्मक टिप्पणी भएको पाइए पनि **कठपुतलीको मन** कृति प्रकाशित भएको केही समयपछि नै यसलाई त्रिविले स्नातकोत्तर नेपालीको पाठ्यक्रममा समावेश गरिनुलाई यस अभियानको यस चरणको महत्त्वपूर्ण उपलब्धि मान्न सकिन्छ। लीलालेखन सिद्धान्तको सिर्जनात्मक प्रयोग भएको पहिलो कृति पाठ्यक्रमभित्र प्रवेश हुनुले यसप्रति विद्यार्थीहरूको पनि चासो बढेर जानु स्वाभाविकै भयो।

**(ग) तेस्रो चरण (२०३५ देखि यता)–** यो चरणमा आएपछि लीलालेखनको सैद्धान्तिक अवधारणा प्रस्ट पार्ने हेतुले नेपालभित्र महत्त्वपूर्ण गतिविधि हुन सुरु भएको देखिन्छ। यही चरणमा आएर हो नेपालभित्र लीलालेखन अवधारणाका सैद्धान्तिक पुस्तकका साथसाथै समालोचना र सिर्जनात्मक पुस्तकहरू पनि लेखिन थालेको।

नेपाली साहित्यमा २०५३ सालमा कृष्ण धरावासीको 'लीलालेखन' शीर्षकको समालोचना ग्रन्थ प्रकाशित हुन्छ। साहित्यकार दुबसु छेत्रीको प्रकाशकत्वमा अगाडि आएको यस पुस्तकमा धरावासीले राईको **कठपुतलीको मन** कथाकृतिभित्र सङ्गृहीत सबै कथाको लीलावादी विश्लेषण गरेका छन्। पुस्तकभित्र उनले लीला अवधारणाको उद्भवको पृष्ठभूमि प्रस्ट पार्ने हेतुका सामग्रीहरूका साथसाथै डा. कुमारबहादुर जोशी, अविनाश श्रेष्ठ, रमेश के. सी., राजेन्द्र पराजुलीलगायतका व्यक्तित्वहरूले राईसित गरेको लीलाकेन्द्री अन्तर्वार्ताका अंशहरू परिशिष्ट भागमा समावेश गरेर लीला अवधारणाको सैद्धान्तिकताबारे पाठकलाई सुसूचित गर्ने ध्याउन्न देखाएका छन्।

२०५६ सालमा रत्नमणि नेपालको सम्पादकत्वमा **लीलादृष्टि** शीर्षकको अर्को महत्त्वपूर्ण पुस्तक प्रकाशित हुन्छ। लीला अवधारणाको सैद्धान्तिकता स्पष्ट पार्ने आशयमा केन्द्रित यस पुस्तकको सुरुको खण्डमा लीलालेखनको २० सूत्रीय घोषणापत्र र लीलाप्रस्तावनाको प्रथम लेख 'भ्रान्ति र लीलालेखन मात्र'-का साथसाथै राईद्वारा लिखित विभिन्न शीर्षकका लीलाकोणीय समालोचना तथा लेखहरू समावेश गरिएको छ। पुस्तकभित्र 'लीला वार्ता खण्ड' र 'लीला विवाद खण्ड' शीर्षकका अरू दुई महत्त्वपूर्ण खण्ड छन् जसमा आएका पाठहरूको पठनले नेपालभित्र सुरुमा लीला बहस कसरी थालिएको थियो र यसबारे पक्षविपक्षमा केकस्ता कुराहरू उठेका थिए भन्नेबारे थाहा पाउन पाठकलाई ठूलो मद्दत पुग्छ। पुस्तकभित्र अन्त्यमा 'चिठी' र

‘लीलालेखन केही धारणा केही विचारणा’ शीर्षकका दुइटा अरू पाठ समाविष्ट छन् जसमा **कठपुतलीको मन** कथाकृतिबारे विभिन्न विद्वान् लेखक तथा समालोचकका विचार बुझ्न पाइन्छ।

लीला बहसलाई अगाडि बढाउन रत्नमणि नेपालकै सम्पादकत्वमा झापाबाट प्रकाशित **वर्तमान** मासिक साहित्यिक पत्रिकाको पनि महत्त्वपूर्ण योगदान रहेको तथ्य यहाँ स्मरणीय हुन आउँछ। २०५४ सालदेखि प्रकाशित हुन सुरु भएको यस पत्रिकाको पूर्णाङ्क ७ देखि नाम नै ‘लीला विचारप्रधान वर्तमान मासिक’ राखिनुले पनि यो लीला बहसकै आशयमा केन्द्रित पत्रिका हो भन्ने स्वतः पुष्टि हुन्छ। प्रस्तुत पत्रिका र यसका सम्पादकका बारेमा कृष्ण धरावासीले आफ्नो एक लेखमा यसरी टिप्पणी गरेका छन्– “**लीलेखन** पुस्तक बजारमा आएपछि यता नेपालतिर नयाँ पुस्तामा यसले लीला बुझ्न सजिलो बनाएको अभिव्यक्ति सुनिन थालियो। यस्तै सिलसिलामा झापा-चन्द्रगढी निवासी रत्नमणि नेपाललगायतका केही नयाँ युवाले लीलालेखनबारे विशेष चासो देखाउँदै **वर्तमान** मासिक साहित्यिक पत्रिका सुरु गरे र त्यसको बाहिरपट्टि नै छापिन थाल्यो– लीला विचारप्रधान मासिक। रत्नमणि नेपालको लेखसम्पादकीयहरूमा अझ तिखारिएका राम्राराम्रा विचार आउन थाले...” (धरावासी, उप्रेती, २०६३ : ३४)।

२०६४ सालमा रत्नमणिको **लीला धारणा र कथाहरू** पुस्तक प्रकाशित हुन्छ। मूल पाठ दुई खण्डमा विभाजित भएको यस पुस्तकमा सुरुको खण्डमा लेखक नेपालले लीला अवधारणाको सैद्धान्तिकताबारे बौद्धिक विश्लेषणका साथ प्रकाश पारेका छन् भने पछिल्लो खण्डमा त्यसको सिर्जनात्मक प्रयोग गरेर देखाउने काम गरेका छन्। इन्द्रबहादुर राईको भूमिका रहेको यस पुस्तकभित्र उनका नौ वटा लीलाबोधी कथा सङ्गृहीत छन्।

नेपालभित्रका नेपाली लेखकहरूले लीलालेखनलाई सान्दर्भित बनाई लेखेका समालोचना र सिद्धान्तका अन्य पुस्तक यसप्रकार रहेको पाइन्छ–

विष्णुकुमार भट्टराईकृत **भक्तिदेखि लीलासम्म** (२०५७), **केही समीक्षा र लेखन** (२०७१), कृष्ण बरालकृत **लीला वार्ता र शरणार्थी** (२०५९), डा. नारायण चालिसेकृत **लीलाबोधी सिद्धान्त र अन्य सालोचना** (२०७३), कृष्ण धरावासीकृत **लीला बोध** (२०७५) आदि।

नेपालभित्रका नेपाली लेखकहरूले लीलालेखनलाई सान्दर्भित बनाई लेखेका सिर्जनात्मक पुस्तकहरू केही यसप्रकार रहेका छन्–

**कृष्ण धरावासी–** शरणार्थी (उपन्यास, २०५६), आधा बाटो (उपन्यास,

२०५९), झोला (कथाकृति, २०६०), राधा (उपन्यास, २०६२), टुँडाल (उपन्यास, २०६५), गेस्टापे (उपन्यास, २०७०), आमा (कथाकृति, २०६८), तपाईं (उपन्यास, २०६३), ग्रेटफल्स (उपन्यास, २०७४), वर्तमान (कथाकृति, २०७७) आदि।

**रत्नमणि नेपाल–** कथा इन्द्रेणी (कथाकृति, २०५६), लीला धारणा र कथाहरू (२०६४) र सँगसँगै (कथाकृति)।

**कृष्ण बराल–** अवतरण (२०५६), कथा च्यातिएको (कथाकृति, २०६०), तीन पिँढी एक सिँढी (निबन्ध, २०५५), अरामायण (उपन्यास, २०५७), समय हराएको बेला (उपन्यास, २०६४)।

**नारायण चालिसे–** समय गुरु द्रोणाचार्य (निबन्धकृति, २०६२)।

**शिव प्रणत–** कुन्ती (गजल काव्य २०६१)।

**दीनबन्धु शर्मा–** सपना र खण्डहरहरू (कथाकृति, २०५६), भत्किँदै किल्लाहरू (कथाकृति, २०७२)।

**कुमार भट्टराई–** नसमेटिएका पाइला (कथाकृति, २०६४), कृष्ण (सूत्रकाव्य, २०६२), घनबहादुर र म (उपन्यास, २०६६), बकाइनो (कथाकृति, २०६८), मेरो (कवितासङ्ग्रह, २०७०), अश्वत्थामा (उपन्यास, २०७६)।

**दुर्गा विनय–** आर्केस्ट्रा (कथाकृति, २०६२), घाम नउदाएको देश (कथाकृति, २०६४), राजमाया (कथाकृति, २०७०)।

**सुन्दर मानन्धर-** फ्रेमभित्र (कथाकृति, २०६४)।

**प्रेमप्रकाश मल्ल–** झरेको पात (उपन्यास, २०७५)।

**भूमिराज बस्ताकोटी–** कार्निभल (कथाकृति, २०७६) आदि।

नेपालभित्र ५० को दशकको उत्तरार्द्धबाट लीलालेखनलाई सान्दर्भित बनाई विश्वविद्यालयीय स्तरका शोध-अनुसन्धानहरू पनि सुरु भएको देखिन्छ। **इन्द्रबहादुर राईको 'कठपुतलीको मन' कथाकृतिको कृतिपरक अध्ययन** शीर्षकमा नेपाली केन्द्रीय विभाग कीर्तिपुरबाट २०५८ सालमा पहिलो चोटि सुन्दर मानन्धरले स्नातकोत्तर स्तरको शोध गरेका हुन्। त्यसै गरी लुम्बिनी बौद्ध विश्वविद्यालयअन्तर्गत रहेर सुमन्तराज न्यौपानेले **इन्द्रबहादुर राईको लीलालेखनमा बौद्ध शून्यवादको प्रयोग** शीर्षकमा विद्यावारिधि अनुसन्धान पूरा गरेको बुझिएको छ।

## निचोडमा भन्नुपर्दा

लीलालेखन अवधारणा पूर्वीय तथा पाश्चात्य सम्पूर्ण दर्शन, साहित्य र साहित्य सिद्धान्तबारेको इन्द्रबहादुर राईको व्यापक अध्ययन एवम् गहन चिन्तनमननको उत्पादन हो। यो अवधारणा पूर्वीय प्राचीन सभ्यता, नेपाली लोकसंस्कृति एवम् जीवनपद्धतिप्रतिको

उनको गहिरो लगाव तथा जिम्मेवारपूर्ण लेखनजीवनको अनुभूतिको गहिराइबाट निःसृत भएको ज्ञानको विशिष्ट प्रकाशन हो। एकैसाथ जीवनजगत्‌बारेको गहन बोध र साहित्य सिर्जनाको विशिष्ट शैलीको वाणी बनेर नेपाली साहित्यमा अगाडि आएको लीला अवधारणाले यद्यपि पूर्वीय आध्यात्मवादी दर्शनलाई आफ्नो मुख्य पृष्ठाधार स्वीकार गरेको छ, तर पनि एकपक्षीयताको दोषबाट पूर्णतः मुक्त छ यो अवधारणा। कट्टर स्वरको ध्वनि नबन्नु यसको महत्त्वपूर्ण आकर्षण हो। विचारको खुलापन यसको महत्त्वपूर्ण विशेषता हो। आग्रह-पूर्वाग्रहभन्दा माथि उठेर ज्ञानको समग्र दुनियाँ नियाल्नु, सबैतिरका र सबै समयका विचार र मान्यताका उपयोगी पक्षहरूको समन्वितिमा चाख देखाउनु यसको विशिष्ट पहिचान हो। वैचारिक उदारता, जीवनप्रतिको आस्था, मान्छेको आस्तित्विक वस्तुस्थितिप्रतिको गहिरो चिन्तनमनन एवम् मानवतावादी भावको संवरणमा समर्पित यो अवधारणाले पूर्वीय दर्शन तथा पाश्चात्य चिन्तन दुवै क्षेत्रबाट प्रभावहरू सकारेको छ, ज्ञान र विज्ञानको योगमा विश्वास जाहेर गरेको छ। योग र भोग दुवै बोधको समन्वितिबाट यसले आफूमा विशिष्ट पहिचान प्राप्त गरेको छ। सबैतिरका ज्ञानलाई यथोचित उपयोग पनि गर्दै आफूमा मौलिकपनको प्रकाश आभासित गर्न खोज्नु, गर्न सक्नुले राईको लीलालेखन अवधारणाको सार्थकता पुष्टि भएको छ। यसले भन्छ– कसैको विचारलाई पनि कम नआँकौँ। सबैको विचार सुनौँ, बुझौँ र मनन पनि गरौँ; तर त्यतिमै आफू नबितौँ, आफूलाई नहराऔँ। संसार विचारहरूको मैदान हो, यो मैदानमा आफूलाई पनि पस्कौँ, पस्कन लायकको आफूलाई बनाउन आँटको लीला गरौँ! लीला गर्न सकौँ।

नेपाली साहित्यमा ३० को दशकमै उद्घाटित भएको लीलालेखन चिन्तन ४० को दशकमा आएर मात्र अभियानको स्वरूपमा दर्सिएको हो। 'कठपुतलीको मन' कथाकृतिभित्र लीला प्रयोग गरिएको आफ्ना आठ कथासँगसँगै राईले लीलालेखन २० सूत्रीय अवधारणापत्रसमेत सार्वजनिक गरेपछि यो अभियान विधिवत् रूपमा थालनी भएको हो। नेपाली साहित्यमा आरम्भमा यसलाई लेखनको एउटा शैलीका रूपमा मात्र हेरिएको र त्यहीअनुसार यसको साँघुरो व्याख्याविश्लेषण भएको परिप्रेक्ष्यमा ५० को दशकयता आएपछि भने यसले प्रक्षेपण गरेको भाव, विचार, सिद्धान्त, मूल्यमान्यता एवम् मौलिकतासमेतको सवाललाई लिएर बहस र विमर्श हुन आरम्भ भएको हो। त्यसपछि नै हो नेपाली साहित्य समालोचनाको क्षेत्रमा यसको प्रभाव टड्कारिन सुरु भएको। आरम्भमा सकारात्मकभन्दा पनि बढी नकारात्मक टीकाटिप्पणी खेप्नुपरेको यस अभियानले समयसँगसँगै समर्थक र अनुयायीहरू पनि कमाउँदै गएको हो। अनेक आलोचना र खप्कीका बाबजुद समयसँगसँगै यसका अनुयायी तथा समर्थकहरूको

सङ्ख्या बढ्दै गएको देखिनु र प्राज्ञिक समुदायमा मसिनै स्वरमा किन नहोस्, तर निरन्तर रूपमा चर्चा र चासोको विषय बनेर रहन सक्नुले यसको तागत स्वतः सिद्ध भएको मान्न सकिन्छ। रोचक कुरा के भने लीलाविचारको दमलाई पुष्टि गर्न यसका समर्थक र अनुयायी लेखकहरूको प्रयासले जति सहयोग पुगेको देखिन्छ, यसका आलोचक तथा विरोधीहरूको स्वरले पनि परोक्ष रूपबाट यसको दम पुष्टि हुन सघाउ पुगिरहेको छ भन्न सकिन्छ, किनकि कुनै पनि विचार स्वयम्मा यदि खास दमको हुन्न भने प्राज्ञिक समुदायमा लामो समयसम्म त्यो विचार बहस र विमर्शको विषय बनेर रहन सक्दैन। महत्त्वपूर्ण कुरा नेपाली साहित्यमा यस धारको प्रयोग गरी विभिन्न विधामा पातलै रूपमा सही तर निरन्तर रूपमा पुस्तकाकार कृतिहरू भइरहेको देखिन्छ। पाठक बजारमा ती पुस्तकहरूले लोकप्रियता पनि कमाइरहेकै देखिएको छ। कतिपय पुस्तक पुरस्कृत-सम्मानित भएको प्रमाण पनि नभेटिएको होइन। यो विषय पाठ्यक्रममा पनि समावेश हुन छुटेको देखिन्न। शोध र अनुसन्धानको हकमा भन्नुपर्दा पनि पातलै सही तर केही न केही काम भइरहेकै देखिन्छ। यो विषय वा यसको प्रयोग गरिएका कृतिहरू स्नातकोत्तर स्तरको शोध मात्र होइन, विद्यावारिधि स्तरको अनुसन्धानको विषयसमेत बनिसकेको अवस्था देखिन्छ। जहाँसम्म यसको सैद्धान्तिक सस्पष्टताका लागि पर्याप्त प्राज्ञिक-बौद्धिक प्रयास हुनुपर्ने खाँचो हो, त्यस परिप्रेक्ष्यलाई पनि यसका अनुयायी तथा समर्थकहरूले पछिल्लो समयमा आएर अझै गम्भीरताका साथ सम्बोधन गर्न प्रयास गरिरहेको देखिएको छ। यी तमाम तथ्यहरूलाई समकालीन नेपाली साहित्यमा लीलालेखनको प्रभावको प्रमाणका रूपमा मूल्याङ्कन गर्न सकिन्छ।

## सन्दर्भ सामग्री


चालिसे, नारायण (२०७३), **लीलाबोधी सिद्धान्त र अन्य नेपाली समालोचना**, काठमाडौँ : शिक्षा शर्मा।

धरावासी, कृष्ण (२०५३), **लीलालेखन**, काठमाडौँ : दुबसु छेत्री।

... ... ... ... ... (सम्पा.), (२०५९), **लीलाप्रस्तावना**, ललितपुर : साझा प्रकाशन।

... ... ... ... ..., (२०६२), **पाठकको अदालतमा** (मिसिल नं. १), प्रकाशन : स्वयम्।

धरावासी, कृष्ण र उप्रेती लक्ष्मी, (सम्पा.), (२०६३), **लीला विमर्श**, काठमाडौँ : वनिता प्रकाशन।

धरावासी, कृष्ण, (२०७६), **लीलाबोध**, काठमाडौँ : पैरवी बुक हाउस।

नेपाल, रत्नमणि, (सम्पा.), **लीलादृष्टि**, (२०५६), झापा : गणेशप्रसाद नेपाल।

... ... ... ... ..., (२०५८), **कथा इन्द्रेणी**, झापा : नियात्रा प्रकाशन।

... ... ... ... ..., (२०६४), **लीलाधारणा र कथाहरू**, काठमाडौँ : प्रशान्ति प्रकाशन।

... ... ... ... ..., (सम्पा.), (२०७६), **इन्द्राख्यान : स्मृतिबिम्बमा इन्द्रबहादुर राई**, दार्जिलिङ : देशपद राई।

बराल, कृष्ण, (२०५९), **लीलावार्ता र शरणार्थी**, झापा : नियात्रा प्रकाशन।

भट्टराई, गोविन्दराज, (२०४९), **काव्यिक आन्दोलनको परिचय**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान।

भट्टराई, विष्णुकुमार, (सन् २०२०), **भक्तिदेखि लीलासम्म**, झापा : नियात्रा प्रकाशन।

... ... ... ... ..., (सन् २०१५), **केही समीक्षा र लीलालेखन**, सिक्किम : निर्माण प्रकाशन।

भण्डारी, राजेन्द्र र वत्सगोपाल (सन् २०१७), **लीलावार्ता र अन्तर्वार्ता**, सिक्किम : जनपक्ष प्रकाशन।

राई, इन्द्रबहादुर, (२०३४), 'भ्रान्तिहरू र लीलालेखन मात्र', **रूपरेखा**, पूर्णाङ्क २००, काठमाडौँ।

... ... ... ... ..., (सन् १९८३), **कठपुतलीको मन**, कलकत्ता : श्रीमती इन्द्र प्रधान।

... ... ... ... ..., (सन् १९९४), **अर्थहरूको पछिल्तिर**, सिक्किम : जनपक्ष प्रकाशन।

शर्मा, सुकुम, (२०६४), **नेपाली भाषासाहित्यमा आन्दोलन**, काठमाडौँ : एकेडेमिक बुक सेन्टर।

**वर्तमान**, **मियो**, **गरिमा**, **मधुपर्क**लगायतका विभिन्न साहित्यिक पत्रपत्रिकाहरू।

विभिन्न माध्यमबाट प्रकाशित इन्द्रबहादुर राईका साहित्यिक अन्तर्वार्ताहरू।

■

**डा. कृष्णराज डी. सी.**

# नेपाली कवितामा विसङ्गतिवादी चेतना



जीवन र जगत्को निरर्थकता, नि:सारता र असङ्गत पक्षलाई विसङ्गतिवादले आत्मसात् गरेको हुन्छ। विसङ्गतिवादका प्रणेता अल्जेरियाली दार्शनिक अलबर्ट कामू हुन्। उनले सन् १९४२ मा मान्छेको नि:सारताको चित्रण र मानिसको परिश्रमको निरर्थकता देखाउने काम गरे।

कामूले सिसिफसको पौराणिक कथा (मिथ अफ सिसिफस) लेखेर मानिसको विसङ्गत पक्षलाई अगाडि सारेका हुन्। मानिसको जीवन उसले सोचेजस्तो छैन, बरु

उसले भोगेजस्तो छ। तसर्थ मानिसलाई स्वेच्छाले बाँच्न, हाँस्न, मर्न, काम गर्न पाउने अधिकार छैन भन्ने मान्यता विसङ्गतिवादले अगाडि सारेको छ। यस वादका अनुसार मानिस नचाहेरै बाँचिरहेको हुन्छ र ऊ नचाहेरै मर्न विवश हुन्छ। मृत्युको अगाडि मानिस लाचार छ। जुन मानिस भगवान्सँग मृत्युको भिक्षा मागिरहेको हुन्छ, तर ऊ मर्न पाउँदैन। त्यसै गरी जुन मानिस बाँच्न चाहेको हुन्छ ऊ अकालमै मृत्यु वरण गर्न विवश हुन्छ। विसङ्गतिवादले यही मान्यतालाई अक्षरशः पालन गर्छ। यस वादका प्रणेता कामूको मृत्यु पनि मोटर दुर्घटनामा परी असङ्गत शैलीमा भएको थियो।

पूर्वीय साहित्य परम्परामा पनि विसङ्गतिवादी चेतनाको अनुसरण भई आएको देखिन्छ। उदाहरणका लागि संसारकै आदिकवि महर्षि वाल्मीकिले अनुष्टुप् छन्दमा रचना गरेको कविता संसारमै पहिलो विसङ्गतिवादी चेतनाले युक्त कविता हुनुपर्छ। महर्षि वाल्मीकि तामसा नदीमा नुहाएर आश्रममा फर्कंदा एउटा व्याधाले क्रौञ्च पन्छीको भालेलाई मारेको कारुणिक दृश्यचित्रले एक्कासि वाल्मीकिबाट करुण उद्गार निस्कन्छ। जस्तै–

मा निषाद प्रतिष्ठां त्वमगमः शाश्वतीः समाः
मा निषाद प्रतिष्ठां त्वमगमः शाश्वतीः समाः।
यत्क्रौञ्चमिथुनादेकमवधीः काममोहितम्।।

हे पापी व्याधा, कामातुर क्रौञ्च पन्छीको जोडीमध्ये भालेलाई मारेर क्रौञ्चीलाई एक्ली बनाइस्, तँलाई प्रतिष्ठा प्राप्त नहोस्।

यसरी दाम्पत्य जीवन भोग्नै नपाई भालेपोथीको बिछोड हुनु मानव तथा मानवेतर दुवै पात्रमा देखा परेको विसङ्गतिवादी चेतनाको चरम उत्कर्ष हो।

नेपाली कविताको इतिहासलाई नियाल्दा विसङ्गतिवादी चेतनाले प्रेरित भएको पाइन्छ। गोरखा राज्यको विस्तार गर्ने प्रयोजनले नेपाल आमाका सपूतहरू वीरतापूर्वक लडिरहेको समयमा नेपालको सिमाना पूर्वमा टिस्टा र पश्चिममा काँगडासम्म फैलिएको थियो। नालापानीको लडाइँमा वीरबलभद्र कुँवर वीरतापूर्वक लडिरहेका थिए, तर वि. सं. १८७६ को निराशाजनक अङ्ग्रेज–नेपालबीचको सुगौली सन्धिले वीरहरूले अपमान बोध गरी कतिले आत्महत्या गरे भने कतिले देश छाडे। अमरसिंह थापाले गोसाइँकुण्डमा गई आत्महत्या गरे भने बलभद्र कुँवर देश छाडेर अफगानिस्तान पुगे र पहिलो नेपाली लाहुरे बने अनि त्यहीँबाट उनले अन्तिम बिदाइ लिए।

नेपाली कविता क्रमशः वीरधाराबाट भक्तिधारातर्फ मोडिन थाल्यो। भानुभक्त आचार्यले विसङ्गतिवादी चेतनाले ओतप्रोत रामायण महाकाव्यलाई नेपाली भाषामा

अनुवाद गरे। यो कृति सामान्य पाठकका लागि सुबोध्य बन्न पुग्यो। रामायणको कथावस्तु नै विसङ्गतिवादी चेतनाले अनुप्राणित छ।

भगवान् रामचन्द्रलाई समेत राज्यारोहणको शुभ मुहूर्तमा १४ वर्षका लागि वनवासतर्फ जानुपर्‍यो, वनवासबाटै सीतालाई रावणद्वारा अपहरणमा पर्नुपर्‍यो।

यही सन्दर्भलाई लिएर भानुभक्त आचार्यले रचेको शिखरिणी छन्दको कविता यस्तो छ–

गयो खान्या बेला मकन त राज्य मिल्यो वनको।

पिता दशरथबाट राजकाजको जिम्मा पाउने खुसीको समयमा एक्कासि सौतेनी आमाको इच्छाअनुसार रामचन्द्रको वनवास लाग्नु चरम विसङ्गतिवादी चेतनाको उत्कर्ष हो।

त्यसै गरी महाभारतकालमा पनि भगवान् श्रीकृष्णको जन्म कंसको जेलमा हुनु, माता देवकी र पिता वसुदेवलाई छाडी उनी यशोदा मैया र नन्द बाबाकहाँ पुगेर हुर्कनु र अन्तिममा त्रिलोक र १४ भुवनका पति भगवान् श्रीकृष्णले समेत व्याधाको बाणबाट मृत्यु वरण गर्नु विसङ्गतिवादी चेतना नै हो।

नेपाली कवितामा भानुभक्त-घाँसी संवाद कवितामा घाँस काटेर जीवन निर्वाह गर्ने गरिब घाँसीको नाम राख्ने चाहना तर धनी भानुभक्तमा सुखभोगको चाहना पनि विसङ्गतिवादी चेतनाकै ज्वलन्त दृष्टान्त हो। जस्तै–

भर्जन्म घाँसतिर मन् दिई धन्कमायो
नाम् केही रहोस् भनी कुवा खनायो
घाँसी दरिद्री घरको तर बुद्धि कस्तो
मो भानुभक्त धनी भैकन आज यस्तो।

यसरी नेपाली कविताको प्राथमिक कालमा सुगौली सन्धिले निम्त्याएको निराशा र कुण्ठाबाट बीजारोपण भएको विसङ्गतिवादी चेतना राणाकालमा आएर व्यङ्ग्य र विद्रोहद्वारा सशक्त रूपमा लेखनाथ पौड्यालका 'पिँजराको सुगा', 'सत्य सन्देश', 'कालमहिमा'-जस्ता कविताद्वारा प्रस्फुटन हुन थाल्यो। जस्तै–

गुणको वैरी मानुष जाति
शुष्क गराइ गुणको छाती
प्राणपखेरु नलिएसम्म
छोड्थ्यो कहाँ हाय! अचम्म।

(लेखनाथ : पिँजराको सुगा)

कालमहिमा कवितामा लेखनाथ यसो भन्छन्–

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो
भाखा भूल दया क्षमा र ममता सन्तोष जान्दैन त्यो।

लेखनाथको 'सत्य सन्देश' कवितामा पनि विसङ्गतिवादी चेतना छ। जस्तै–

कालो मन्दाकिनीको जल जलनिधिका मोतिको ज्योति कालो
कैलास श्रेणी कालो झलमल गरने सूर्यको बिम्ब कालो।

यसरी संसारका सारा सुन्दर वस्तुहरू ग्रहगण, नक्षत्रहरू, समुद्र, रवि, शशी, हिमालका सुन्दर पङ्क्तिहरू आदि सबैलाई अन्धकारपूर्ण देख्ने हाम्रा दोषी आँखामा पनि चरम विसङ्गतिवादी चेतना रहेको 'सत्य सन्देश' कविताले दिएको छ।

नेपाली कवितामा आधुनिक काल लेखनाथबाट सुरु भएको मानिन्छ। उनका सशक्त अनुयायीका रूपमा विद्रोहको बिगुल घन्काउने र विसङ्गतिवादी चेतनाको वरण गर्ने काम महाकवि देवकोटा, माधव घिमिरे, गोपालप्रसाद रिमाल, भुपी शेरचन, सरुभक्त श्रेष्ठ, नवराज लम्साल, मोमिला, पारिजात, बानिरा गिरी, आदिजस्ता कविद्वारा भएको पाइन्छ।

माथि उल्लिखित प्रतिनिधि विसङ्गतिवादी चेतनायुक्त कवि र उनीहरूका कविताहरूलाई क्रमिक रूपमा यसरी प्रस्तुत गरिएको छ–

**१. महाकवि लक्ष्मीप्रसाद देवकोटा (वि. सं. १९६६–२०१६)**

महाकवि लक्ष्मीप्रसाद देवकोटाको जीवनलीला नै विसङ्गत छ, तसर्थ उनका कवितामा विसङ्गतिवादी चेतना हुनु स्वाभाविक हो। जस्तै पागल, यात्री, पहाडी पुकार, मुनामदन, कुञ्जिनी, शाकुन्तल, सुलोचना आदि कृतिमा देवकोटाको विसङ्गतिवादी चेतना अभिव्यक्त भएको पाइन्छ।

**२. माधव घिमिरे (वि. सं. १९७६–२०७७)**

नेपाली कवितामा विसङ्गतिवादी चेतनालाई ग्रहण गरी दुनियाँलाई रुवाउने कवि माधव घिमिरे पनि हुन्। आफ्नी श्रीमती गौरीको मृत्युले 'गौरी' शोककाव्यमा घिमिरे यसरी रोए कि उनको रुवाइले ढुङ्गा नै पग्लियो। जस्तै–

यी हाँसे पनि दुक्ख लाग्छ यिनले बिर्से कि आमा भनी
यी रोए पनि सुक्ख छैन यिनले सम्झे कि आमा भनी?

अथवा

डालाबाट नबोल कोइलि झुली वैलिन्छ रे! यो वन
काला केश नबाट रे! युवतीहो खुस्कन्छ रे! यौवन।

(माधव घिमिरे : गौरी)

### ३. गोपालप्रसाद रिमाल (वि. सं. १९६९–२०३०)

कवि रिमाल विद्रोह र क्रान्तिचेतना भएका कवि हुन्। उनको 'आमाको सपना' कवितामा विसङ्गतिवादी चेतना यसरी प्रस्तुत भएको छ। जस्तै–

तिमी जन्मँदा तिम्रो कलिलो अनुहारमा
त्यसैको छाया देख्ने आशा गरेकी थिएँ
तिम्रो हँसाइमा त्यसैको सुन्दर छवि
तिम्रो तोते बोलीमा त्यसैको मधुर ध्वनि
तर त्यो मीठो गीतले तिमीलाई
आफ्नो बाँसुरी बनाएनछ।

यस कवितांशमा आमाले छोराबाट जे अपेक्षा गरेकी छन् त्यो पूरा हुन सकेको छैन। यसरी यसले विसङ्गत चेतलाई सङ्केत गरेको छ।

### ४. भुपी शेरचन (वि. सं. १९९३–२०४६)

नेपाली विसङ्गतिवादी चेतनाका कविहरूको पङ्क्तिमा पर्ने अर्का सशक्त कवि भुपी शेरचन हुन्। उनको 'घुम्ने मेचमाथि अन्धो मान्छे' कवितासङ्ग्रहमा सङ्कलित कविताहरूमा विसङ्गतिवादी चेतनाको सशक्त प्रस्तुति पाइन्छ। जस्तै–

हामी वीर छौँ र त बुद्धू छौँ
हामी बुद्धू छौँ र त वीर छौँ
हामी बुद्धू नभईकन वीर हुन जानेनौँ।
अथवा
हामी दौडमा प्रथम हुन्छौँ
हाम्रो निधारले टीका लगाउँछ
हामी दौडमा प्रथम हुन्छौँ
हाम्रो गलाले माला लगाउँछ।

हामी क्यारेमबोर्डका गोटी हौँ
स्ट्राइकरले जता हिर्काउँछ
उतै ठोकिन्छौँ।

कवि शेरचनमा विसङ्गतिवादी चेतनाको चरम उत्कर्ष अझ यस्तो देखिन्छ–

यहाँ कानमा इयरफोन लगाउने बहिराहरू
सङ्गीत प्रतियोगिताका जज हुन्छन्
खुट्टा नभएका लङ्गडाहरू
दौड प्रतियोगितामा सहभागी हुन्छन्।

**५. सरुभक्त श्रेष्ठ**

आधुनिक नेपाली कवितामा सरुभक्त श्रेष्ठको पनि विशिष्ट स्थान रही आएको देखिन्छ। उनका कविताले विसङ्गतिवादी चेतनालाई सशक्त रूपमा प्रस्तुत गरेका छन्।

कवि श्रेष्ठले आफ्नो 'चट्टानहरू' शीर्षकको कवितामा विसङ्गतिवादी चेतनालाई यसरी प्रस्तुत गरेका छन्–

चट्टानहरू अग्लिएर हिमाल, नदी, पहाड र सागर बन्छन्

तर चट्टानहरू आफ्नो मायाले जति खिइए पनि चट्टान नै हुन्छन्
अरू केही हुँदैनन्।

**६. नवराज लम्साल**

समकालीन नेपाली कविहरूमा कवि नवराज लम्साल सशक्त विसङ्गतिवादी चेतनायुक्त कवि हुन्। उनले धरा, कर्ण, अग्निजस्ता विसङ्गतिवादमा आधारित महाकाव्यहरूको समेत रचना गरेका छन्। अझ उनको 'अग्नि' महाकाव्यले मदन पुरस्कारसमेत प्राप्त गरेको छ।

कवि लम्सालको विङ्गतिवादी चेतनायुक्त कविताको उदाहरण यस्तो छ। जस्तै–

सन्तान रोएको देख्ने पिता
पत्नी पीडामा जलेको सहने पति
समय उल्टो बग्दा हेरिरहने राजनीतिज्ञ
सदा सत्तानिरपेक्ष जनता
गलत अस्तित्व हुन् इतिहासका।

**७. मोमिला**

समकालीन नेपाली कवितामा विसङ्गतिवादी चेतना ग्रहण गरेर सुन्दर कविताको सिर्जना गर्ने सशक्त कविको नाम हो मोमिला। उनले समाजमा घटित घटनाक्रमहरूलाई टपक्क टिपेर प्रकृतिको सुन्दर रङमा घोलेकी छन्। जीवन र जगत्का शाश्वत पक्षहरू उनका कविताहरूमा मुखरित भएका हुन्छन्। कविताका साथै मोमिलाका निबन्धहरूले

समेत विसङ्गतिवादी चेतना ग्रहण गरेका छन्। यसको ज्वलन्त दृष्टान्तका रूपमा उनको ईश्वरको 'अदालतमा आउटसाइडरको बयान' निबन्धसङ्ग्रहलाई लिन सकिन्छ।

कवि मोमिलाका 'पैयूँ फुल्न थालेपछि', 'जूनकीरीहरू ओर्लिरहेछन्', 'दुर्गम उचाइमा फूलको आँधी', 'भीमसेन थापाको सुसाइड नोट' आदि कवितासङ्ग्रह प्रकाशित छन्। उनका विसङ्गतिवादी कविताहरू यस्ता छन्–

चिसोचिसो भयो जिन्दगी
तिम्रै सामु ढलिदिएछु
गरमगरम भयो जिन्दगी
भित्र डढेलो सल्किएछु
जन्ती भनिनँ, मलामी भनिनँ
अनायासै छल्किएछु
बरु अन्तरमै जम्ने रहर
आँखाबाट झरिदिएछु।

(पैयूँ फुल्न थालेपछि : पृष्ठ ६७)

शोकधुन बजिरहेछ
मेरा भित्ताहरूबाट
म भित्ता फोडेर सडक नियाल्छु
हजारौँ बुटका नाराले
संवेदनाका अक्षरहरू कुल्चिएका छन्...।

(जूनकीरीहरू ओर्लिरहेछन् : पृष्ठ ६८)

अब परिशिष्टमा–

आजको शीर्ष खबर–
देशभक्त भीमसेन थापाकोल आत्महत्याले देश स्तब्ध छ
थापाको आत्महत्यापश्चात् उनको बन्द मुठी खोलेर हेर्दा
उनको हत्केलामा कोरिएको किरिङमिरिङ भाग्यरेखा,
अनि यो देशको नक्सा र
त्यो झुन्डिएको तस्बिरमा बाँकी रहेको
अमरसिंह थापाका त्यो वास्तु नमिलेको अस्थिपञ्जर
दुरुस्त उस्तै रहेको पाइएको छ।

(भीमसेन थापाको सुसाइड नोट : पृष्ठ ९२)

### ८. पारिजात (वि. सं. १९९३–२०५०)

कवि पारिजातको जीवनलीला नै विसङ्गत थियो। उनले अशक्त शरीर लिएर नेपाली साहित्यलाई विशिष्ट योगदान दिइन्।

उनको 'मानुषी' कवितामा विसङ्गतिवादी चेतना यस्तो छ। जस्तै–

> तिमी जे गर्न सक्छौ त्यो म गर्न सक्छु
> तर मैले गर्ने काम तिमी गर्न सक्दैनौ।

### ९. वानीरा गिरि

नेपाली साहित्यमा सबैभन्दा पहिले विद्यावारिधि गर्ने महिला कवि वानीरा गिरि हुन्। उनका सबैजसो कविता विसङ्गतिवादी चेतनाले युक्त छन्।

काठमाडौँ गजबको ग्यालरीप्रुफ उनको विसङ्गतिवादी चेतनाले युक्त एउटा सुन्दर कविता हो।

निष्कर्षमा भन्नुपर्दा नेपाली कवितामा विसङ्गतिवादी चेतना प्रारम्भदेखि वर्तमानसम्म गतिशील बन्दै आएको देखिन्छ।

■

**आसमान लामा**

# 'ईश्वरको अदालतमा आउटसाइडरको बयान' शीर्षक निबन्धमा ईश्वरचिन्तन

**अध्ययनसार**



प्रस्तुत अध्ययन 'ईश्वरको अदालतमा आउटसाइडरको बयान' शीर्षक निबन्धमा पूर्वीय दर्शनका न्याय, मीमांसा, योग, वेदान्त र बौद्ध दर्शनका ईश्वरसम्बन्धी सैद्धान्तिक आधार प्रस्तुत गर्दै ईश्वरसम्बन्धी नवीन धारणाको खोजी गरी विवेचन गरिएको छ। निबन्धमा संसारको नियामक मानिएको परम्परागत ईश्वरलाई अस्वीकार गर्दै व्यक्ति अस्तित्वको खोजी गरिएकाले अस्तित्ववादी चिन्तन घनीभूत रहेको देखाइएको छ। न्यायदर्शनलाई नियामक मानेको परिप्रेक्ष्यमा परम्परागत समाजले पनि ईश्वरलाई आआफ्ना सोच, विचार, धारणा र स्वार्थअनुकूल प्रस्तुत गरेको विषय प्रकट गरिएको छ। निबन्धको शीर्षकले नै परम्परागत समाजले ईश्वरलाई दण्डकर्ताका रूपमा लिएको

विषय प्रस्तुत गरेको र निबन्धकारद्वारा ईश्वरलाई दण्डकर्ता नभई समस्त चराचर जगत्प्रति प्रेम गर्ने प्रेय ईश्वरको खोजी गरिएको विषय प्रस्तुत गरिएको छ। साम्प्रदायिक एवम् परम्परागत साकार ईश्वरको सत्ता अस्वीकार गरी समाजप्रति व्यङ्ग्य र उपहास गरिएको छ। व्यक्तिका यावत् हाँसो, आँसु, दुःख, खुसी, पीडा, उत्सवमा अपार दिव्यता दर्साउने ईश्वर नै वास्तविक परम अस्तित्व रहेको देखाइएको छ। पूर्वीय दर्शनका शाखाप्रशाखाले व्याख्याविवेचन गरिएको सीमित र खण्डित ईश्वरलाई नभई सिङ्गो पूर्वीय दर्शनको निचोडले प्रतीकात्मक सङ्केत गरेको विराट्, अखण्ड र अस्तित्वयुक्त ईश्वरको खोजी गरिएको छ। समग्रमा ईश्वरलाई परम्परागत, खण्डित, सीमित, साकार, व्यक्तित्वयुक्त, दण्डकर्ता, भय, जडका रूपमा नभई विराट् अस्तित्वयुक्त, प्रेमदाता, प्रेय, मानवीय दुःख, सुख, हाँसो, आँसु र मर्मलाई अनुभूत गर्ने चेतनायुक्त विराट् अस्तित्व नै निबन्धकार मोमिलाद्वारा खोजी गरिएको ईश्वर रहेको निष्कर्ष प्रस्तुत गरिएको छ।

**शब्दकुञ्जी–** प्रेय, आउटसाइडर, विराट्, ब्रह्म, अस्तित्व, अगोचर

## १. विषयपरिचय

मोमिला (२०२४) नेपाली साहित्यको उत्तरवर्ती चरणमा अग्रपङ्क्तिमा उभिएकी स्रष्टा हुन्। वि. सं. २०३० को दशकदेखि नै कवितालेखनको थालनी गरेकी उनले २०५० को दशकदेखि नेपाली साहित्यका कविता र निबन्ध विधामा महत्त्वपूर्ण उपस्थिति जनाएकी हुन्। अस्तित्वको बोध र अस्तित्वको खोजमा उनका निबन्धहरूले भावकको मानसमा गम्भीर अनुभूतिजन्य प्रभाव छाड्छन्। उनका 'पैयूँ फुल्न थालेपछि' (२०५२, कवितासङ्ग्रह), नीलो नीलो आकाश र दुई थोपा आँसु (२०५३, निबन्ध-कवितासङ्ग्रह, सहलेखन), जूनकिरीहरू ओर्लिरहेछन् (२०५५), दुर्गम उचाइमा फूलको आँधी (२०६०) कवितासङ्ग्रह र ईश्वरको अदालतमा आउटसाइडरको बयान (२०६३) निबन्धसङ्ग्रह प्रकाशित छन्। यी रचनाहरूमा स्वतन्त्रता, उत्पीडन, चुनौती, अस्तित्व चिन्तनजस्ता विषयहरूको प्रभावकारी चित्रण गरिएको पाइन्छ।

'ईश्वरको अदालतमा आउटसाइडरको बयान' मोमिलाको यसै सङ्ग्रहमा प्रकाशित निबन्ध हो। यो कृति (२०६३) सालमा प्रकाशित भएको हो। यस सङ्ग्रहमा सङ्गृहीत १६ ओटा निबन्धमध्ये यो उल्लेखनीय निबन्ध हो। यस निबन्धमा ईश्वरसम्बधी धारणा र अनुभूति पाइन्छ। यसमा ईश्वरसम्बन्धी धारणा ईश्वर साकार नभई त्यसभन्दा पनि पर प्रकृति र अस्तित्वका रूपमा रहेको र परम्परागत ईश्वरले आम मानिसका पीडा, अन्याय र दुःखानुभूतिप्रति न्याय दिन नसकेको अनुभूति प्रस्तुत गरिएकाले र व्यक्ति सत्ताको अस्तित्वको नियामक कुनै साकार ईश्वर नभई स्वयम् व्यक्ति, अस्तित्व वा

प्रकृति स्वयम् हो भन्ने धारणा प्रस्तुत गरिएकाले यो निबन्ध दर्शन अध्ययनका दृष्टिले उल्लेखनीय छ।

### २. समस्याकथन र उद्देश्य

प्रस्तुत अध्ययनमा ईश्वरको अदालतमा आउटसाइडरको बयान निबन्धमा ईश्वरसम्बन्धी धारणा केकस्तो रहेको छ भन्ने नै मूल शोध्य प्रश्न रहेको छ। यसै शोध्य प्रश्नको उत्तर दिनु नै यस अध्ययनको मूल उद्देश्य हो।

### ३. अध्ययन विधि

अध्ययन विधिका सन्दर्भमा सामग्री सङ्कलन, अध्ययन तथा विश्लेषणको सैद्धान्तिक आधार निम्नअनुसार रहेका छन्–

#### ३.१ सामग्री सङ्कलन

प्रस्तुत अध्ययनपत्रको कार्यलाई प्रामाणिक निष्कर्षमा पुऱ्याउनका लागि आवश्यक सामग्री सङ्कलन पुस्तकालयीय अध्ययन कार्यबाट गरिएको छ। सङ्कलित सामग्री प्राथमिक र द्वितीयक गरी दुई प्रकारका छन्। ईश्वरको अदालतमा आउटसाइडरको बयान निबन्ध प्राथमिक सामग्री हो र यसको पठनबाट लिइने सामग्रीका रूपमा उपयोग गरिएको छ। आवश्यकताअनुसार विभिन्न समालोचना, पुस्तक आदिलाई द्वितीयक स्रोतका रूपमा लिइएको छ।

#### ३.२ विश्लेषण विधि

प्रस्तुत अध्ययनपत्रको कार्यलाई प्रामाणिक निष्कर्षमा पुऱ्याउन निबन्धको पठन बोध गरी गुणात्मक विश्लेषण विधि अपनाइएको छ।

### ४. सैद्धान्तिक पर्याधार र विश्लेषण ढाँचा

पूर्वीय दर्शन वैदिक ग्रन्थहरूमा आधारित दर्शन हो। यसलाई अध्यात्म दर्शनका रूपमा मानिन्छ। अध्यात्म दर्शन मानिने हुनाले यसमा आत्मा, परमात्मा, ईश्वर, जीवन, जगत्, जीव, पदार्थ, अणुपरमाणु, बन्धन, मोक्ष, समाधिजस्ता विषयहरूबारे गम्भीर चिन्तन एवम् विवेचन गरिएको पाइन्छ। मूलतः आफूलाई चिन्नु अर्थात् आत्मतत्त्वलाई जान्नु नै पूर्वीय दर्शनको मूल उद्देश्य र मान्यता हो। वेद र वैदिक साहित्यहरूले ईश्वर, आत्मा, परमात्मा, मोक्ष, बन्धन आदिसम्बन्धी मान्यता स्थापना गरेका छन्। तिनै मान्यताहरूलाई पूर्वीय दर्शनका मान्यताका रूपमा लिइन्छ। पदार्थ, जीव, जीवन, जगत्जस्ता सम्पूर्ण कुरा सृष्टि हुन् भन्ने पूर्वीय दर्शनको मान्यता रहेको पाइन्छ। पूर्वीय दर्शनअन्तर्गत सर्वाधिक चर्चाका विषयहरूमध्ये ईश्वर पनि एक हो। ईश्वरजस्तो इन्द्रिय

अगोचर विषय एवम् तत्त्वबारे वैदिक षड्दर्शनले आआफ्नै ढङ्गले व्याख्या र विवेचन गरेको पाइन्छ। ईश्वरसम्बन्धी तिनीहरूका मान्यतामा एकरूपता देखिँदैन तापनि ईश्वर तत्त्वको अस्तित्वसबन्धी तिनका दार्शनिक चिन्तन उत्तिकै मननीय देखिन्छन्। प्रस्तुत अध्ययनमा पूर्वीय दर्शनका न्याय, योग, मीमांसा, वेदान्तजस्ता आत्मवादी दर्शन र बौद्ध दर्शनजस्तो अनात्मवादी दर्शनले प्रस्तुत गरेको ईश्वरसम्बन्धी धारणालाई सैद्धान्तिक साक्ष्यका रूपमा प्रस्तुत गर्दै ईश्वरसम्बन्धी धारणा र अनुभूतिलाई निरूपण गरिएको छ। न्यायदर्शनका सन्दर्भबाट रामानन्द गिरिले ईश्वरलाई यसरी चिनाएका छन्– ईश्वर स्रष्टा एवम् पालनकर्ता हुनुका साथै यस विश्वको संहारकर्ता पनि हो। ईश्वर व्यक्तित्वपूर्ण छ जसमा ज्ञान, सत्ता र आनन्द सन्निहित छन्। परमाणुद्वय संयोगबिना सृष्टि सम्भव छैन, त्यसैले दुई परमाणुलाई संयोजित गराउन निमित्त कारणस्वरूप ईश्वरको आवश्यकता पर्छ (गिरी, २०५५ : ५०)। यस मान्यताअनुसार ईश्वरलाई जगत्को रचनाकर्ता, पालनकर्ता र संहारकर्ताका रूपमा ईश्वरलाई मानेको देखिन्छ। योगदर्शनले न्यायदर्शनले भनेजस्तो ईश्वरको कर्तृत्वको खण्डन गरेको पाइन्छ। यसका अनुसार ईश्वर सृष्टिप्रक्रियामा संलग्न रहन्छ; तर ऊ सृष्टिकर्ता, पालनकर्ता र संहारकर्ता होइन, ईश्वर त योजक मात्र हो (गौतम, २०७४ : ८६)। न्यायदर्शन र योगदर्शनको ईश्वरसम्बन्धी धारणालाई हेर्दा सृष्टि प्रक्रियामा ईश्वर संलग्न रहने र योजक तत्त्वका रूपमा ईश्वर रहने विषयमा समानता देखिए पनि न्यायदर्शनको ईश्वर सृष्टिकर्ता, पालनकर्ता र संहारकर्ता हुने कुरालाई योगदर्शनले अस्वीकार गरेको छ। त्यसै गरी वेदान्त दर्शनले आफ्नै ढङ्गले ईश्वरको चिन्तन गरी धारणा प्रस्तुत गरेको छ। भारतीय दर्शनका व्याख्याता यदुनाथ सिन्हाका अनुसार ईश्वर सविशेष ब्रह्म हो। यो निरुपाधि, निर्विशेष र निर्गुण ब्रह्मभन्दा भिन्न हुन्छ। यो पुरुष हो। यो मायाले युक्त ब्रह्म हो। यद्यपि ब्रह्म निर्गुण छ तथापि उपासनाका लागि सगुण भनिएको हो (सिन्हा, सन् २००० : २७७) भन्दै ईश्वरलाई ब्रह्मका रूपमा चिनाइएको छ, तर ईश्वर त्यस्तो ब्रह्म हो जुन सविशेष हुन्छ। ब्रह्म नै मायाले युक्त हुँदा ईश्वर हुने र ब्रह्मभन्दा ईश्वर भिन्न हुने धारणा छ। त्यस्तै उपासनाका लागि ब्रह्मलाई सगुण भनिएको हो भन्ने मत सिन्हाको भेटिन्छ। वास्तवमै उपासनाका लागि सगुण ब्रह्मलाई ईश्वर मानिएको कुरा युक्तिसङ्गत देखिन्छ। जुन कुरा निर्गुण, निर्विशेष र निरुपाधि छ त्यस्तो कुरा दृष्टिगोचर त परै जाओस्, अनुभूति गर्न पनि कठिनाइ पर्ने भएकाले सविशेष ब्रह्म अर्थात् ईश्वरको कल्पना गरिएको पाइन्छ। अर्का भारतीय विद्वान् हरेन्द्रप्रसाद सिन्हाका अनुसार विभिन्न जड वस्तुमा क्रिया उत्पन्न गराएर ईश्वर वा ब्रह्मरूप शक्तिले सृष्टि गरेको हो (सिन्हा, सन् १९८१ : ३७)। यहाँ ईश्वरलाई कर्ताकै रूपमा स्वीकार गरिएको पाइन्छ र ब्रह्म र ईश्वरलाई एउटै सत्ताका रूपमा स्वीकार गरिएको छ। पूर्वीय

दर्शनका व्याख्याता प्रमोद ढकालले ईश्वरका सम्बन्धमा यस्तो व्याख्या प्रस्तुत गरेको पाइन्छ– यहाँ जति पनि मन्दिर छन् ती सबै देवीदेवताका हुन्, ईश्वरका होइनन्। यदि ईश्वर (God) ईश्वर भए वैदिक परम्परामा गडको मूर्ति त हुने कुरै भएन; गडको मन्दिर, चैत्य, स्तूप, मस्जिद वा गिर्जाघर पनि हुँदैन (ढकाल, २०७६)। यहाँ साकार ईश्वरलाई भगवान्का रूपमा मात्र मानिएको छ। ईश्वरका रूपमा अस्वीकार गरिएको छ। ईश्वरको कुनै मूर्ति नहुने धारणा यस व्याख्यामा भेटिन्छ।

रामानुजका अनुसार अस्तित्वमा जे छ त्यो ईश्वरमा निहित छ, कुनै दोस्रो तत्त्वको स्वतन्त्र अस्तित्वलाई स्वीकार गर्न सकिँदैन, तर एकत्वभित्र बहुलताका तत्त्वहरू स्पष्ट रूपमा रहेका छन् जुन ईश्वरको गुणका प्रकार हुँदाहुँदै पनि भ्रमका परिणाम नभई वास्तविक नै हुन्। पदार्थ र जीव दुवै ईश्वरमा शाश्वत रूपले विद्यमान हुन्छन् (भुसाल, २०६३ : १२६)। हरेक पदार्थ तथा जीवमा ईश्वर निहित हुन्छ। ईश्वरबिना पदार्थ र जीवको स्वतन्त्र अस्तित्व सम्भव हुँदैन। एकत्वभित्र बहुलताका तत्त्वहरू स्पष्ट रूपले रहने सन्दर्भमा 'एकोऽहं बहु: स्याम'-को मान्यता स्थापना गरिएको छ। वैदिक दर्शनअन्तर्गत मीमांसा दर्शनका व्याख्याता हरिभद्र सुरिका अनुसार एउटा कर्ता भनिएको ईश्वरले सानोतिनो कुरा त बनाउन सक्ला, तर यो संसार नै निर्माण गर्छ भन्नु बेकार कुरा हो। त्यसकारण जगत्को कर्तासर्ता ईश्वर भन्ने हुँदैन (हरिभद्र सुरि, २०७३ : ९०) भन्दै जगत्को नियामकका तत्त्वका रूपमा ईश्वरको अस्तित्वलाई अस्वीकार गरेका छन्। ईश्वरलाई पनि उनले अपरिमित शक्तिका रूपमा नलिई सीमित शक्तिका रूपमा मात्र स्वीकार गर्न सकिने धारणा राखेर पनि जगत्को कर्तासर्ता ईश्वर भन्ने हुँदैन भनेर मीमांसा दर्शनका व्याख्याता सुरिले ईश्वरको अस्तित्वमाथि नै शङ्का गरेको देखिन्छ। पूर्वीय दर्शनअन्तर्गतकै बौद्ध दर्शनले ईश्वरको अस्तित्व अस्वीकार गरेको पाइन्छ। ईश्वरवादीहरूले भनेजस्तै ईश्वर नै सर्वेसर्वा हो भनेर मान्ने हो भने मानवीय क्रियाशीलताको कुनै अर्थ रहँदैन र उसको कामलाई राम्रो वा नराम्रो भन्ने तथा पापपुण्य सुकर्मदुष्कर्म भन्ने सवालै रहँदैन (भुसाल : २०६८ : ११८)। सबै मानिसभित्र ईश्वर भए मानिसले खराब काम गर्‍यो भन्न मिल्दैन। अझ असल काम वा पुण्य काम गर्‍यो भन्नु पनि उपयुक्त हुँदैन। मान्छेको क्रियाशीलता वा कर्तृत्वको कुनै अर्थ रहँदैन जसअनुसार पापपुण्य, सुकर्मदुष्कर्मको कर्ताभोक्ता मानिस हुन नसक्ने धारणा बौद्ध दर्शनको छ। ईश्वरलाई कर्ता नमान्नुका कारणहरूबारे त्रिपिटकमा उल्लिखित विचारहरू गोपीरमण उपाध्यायद्वारा यसरी उद्धृत गरिएको छ– कुनै समय यस्तो आउने छ, यो लोक पुन: निवृत्त (खुला) हुने छ। त्यसै शून्यबाट सम्पूर्ण जगत् प्रपञ्च आरम्भ हुने छ जसलाई ब्रह्मविमान पनि भनिन्छ।... महाशय! त्यस अवस्थामा जुन प्राणी पहिलो पटक उत्पन्न

हुन्छ, त्यसलाई यस्तो लाग्न सक्छ, म नै ब्रह्म हुँ, म नै महाब्रह्म पनि हुँ, सबैभन्दा ज्येष्ठ पनि मै हुँ, सर्वदर्शी वशवर्ती ईश्वर कर्ता, निर्माता, श्रेष्ठ विभाजनकर्ता बन्छ। तँ छेत्री भइस्, तँ ब्राह्मण भइस्, तँ शूद्र भइस्, तँ गृहस्थ हुनू, तँ प्रव्रजित हुनू, तँ ऊँट होस्, तँ गाई होस् भन्दै यसप्रकारले प्राणीहरूलाई विभाजन गर्ने हुँ भनी उसले ठान्छ। वशी (कसैको स्वामी), भूतभविष्यका प्राणीहरूको पिता मैले नै यीयी प्राणीको निर्माण गरेँ भन्छ (उपाध्याय, २०७६ : १५७)। कुनै ईश्वरीय सत्ताको स्वीकार नगरेकाले यो अनीश्वरवादी दर्शन हो। ईश्वरलाई सर्वेसर्वा मान्नुको पछाडि व्यक्तिलाई प्रमुख मान्ने र मान्नुपर्ने व्यक्तिवादी एवम् शासकीय प्रवृत्तिले भूमिका खेलेको धारणा यसको छ। कुनै व्यक्तिले ईश्वर छ भनेर आफै सर्वेसर्वा हुन खोजेकाले व्यक्ति वा शासक ईश्वर हुन नसक्ने त्यसैले ईश्वर नै हुँदैन भन्ने धारणा यस दर्शनको छ।

प्रस्तुत अध्ययनपत्रमा यिनै सैद्धान्तिक पर्याधारमा केन्द्रित रही परम्परावादीहरूका ईश्वरलाई नियामकका रूपमा अस्वीकार, प्रकृति र अस्तित्व नै ईश्वर, गतिशीलता नै वास्तविक ईश्वर तथा प्रेम नै वास्तविक ईश्वर रहेको भनी रूढि र परम्परावादीहरूको ईश्वरभन्दा निबन्धकारद्वारा खोजी गरिएको ईश्वर भिन्न रहेको भनी ईश्वरको पुनर्व्याख्यात्मक ढङ्गले विश्लेषण गरिएको छ।

## ५. 'ईश्वरको अदालतमा आउटसाइडरको बयान' निबन्धमा ईश्वरसम्बन्धी चिन्तनको विश्लेषण

'ईश्वरको अदालतमा आउटसाइडरको बयान' निबन्धमा ईश्वर, जीवन, जगत् र अस्तित्वसम्बन्धी दार्शनिक चिन्तन पाइन्छ। यस निबन्धमा प्रकृति नै ईश्वर वा अस्तित्व हो, मान्छेले यसरी सिद्धान्तमय जिन्दगी बाँच्नुपर्छ भनेर नियम बनाउने ईश्वर कुनै कर्ता नभएको, हरेक मान्छेलाई आफ्नो ढङ्गले जीवन बाँच्ने स्वतन्त्रता रहेको, वास्तविक नियामक दृश्य जगत्भन्दा पर रहेको, प्रेम नै ईश्वर रहेको, त्यसलाई समाजको बाहिरी आँखाले देख्न र बुझ्न नसकेको र सामाजिक संस्कार र बन्धनलाई पालन नगर्दा ईश्वरले नभई समाजले अपराधी ठह्याउने निबन्धकारको धारणा अभिव्यक्त भएको पाइन्छ। समाजले परम्परागत रूपमा चिनाएको ईश्वर र आफूले अनुभूत गरेको ईश्वर भिन्न रहेको धारणा निबन्धमा प्रस्तुत गरिएको छ। निबन्धमा प्रस्तुत ईश्वरचिन्तनसम्बन्धी धारणालाई निम्नअनुसार व्याख्या गरिन्छ।

### ५.१ ईश्वरसम्बन्धी धारणा

प्रस्तुत निबन्धमा प्रकृति नै ईश्वर रहेको धारणा रहेको दार्शनिक मान्यता पाइन्छ। प्रकृतिरूपी ईश्वर नै मानिसको बँचाइ निर्धारण गर्ने नियामक ईश्वर मानेको धारणा निबन्धमा यसरी प्रस्तुत गरिएको छ–

### साक्ष्य १

रित्तिनुमा म अलिकति बाल्यकालमा रित्तिएँ, अलिकति जवानीमा रित्तिएँ, अलिकति दुवैको समय कहानीमा रित्तिएँ र यतिखेर लेखनीहरूमा रित्तिरहेछु। त्यसैले लाग्छ, रित्तिनुसँगै म प्रतिपल वृद्ध भइरहेछु। यसरी समयका छालहरूमा हुत्तिँदैठोक्किँदै जीवन बगिरहनु अर्थात् क्षणभरको जीवन पनि दोहोऱ्याएर बाँच्न नपाउनुमा नै त जीवन ज्यादै भोग्न लायक छ। मान्छेसित यी सब कुरा छन्, तर सबै कुरा भएर नै ऊ दरिद्र छ, किनकि मृत्युलाई पन्छाएर उसलाई मात्र धनी बनाउने प्रकृतिको कुनै नीतिशास्त्र छैन।

(मोमिला, पृ. ७५)

प्रस्तुत निबन्धांशमा जीवनको नश्वरतासम्बन्धी दार्शनिक मान्यता छ। मानिसको जीवन क्षणिक छ, त्यही भएर पनि मानिस भौतिकताले जतिसुकै सम्पन्न भएर पनि विपन्न छ भन्ने धारणा अभिव्यक्त भएको छ। जीवन भोग्न लायक रहेको धारणा अभिव्यक्त भएको छ। त्यो क्षणिकता नै एक किसिमको मृत्यु हो र यो प्रकृतिको नियम रहेको धारणा प्रस्तुत गरिएको छ। क्षणिकतामा निबन्धकार न घोर नास्तिक देखिएकी छन् न त घोर आस्तिक नै देखिएकी छन्, बरु अस्तित्व चेतनायुक्त देखिएकी छन्। निबन्धकारमा अस्तित्वादी दार्शनिक सोरेन किर्केगार्ड र कामूको प्रभाव परेको देखिन्छ। जीवन क्षणिक भएकाले भोग्न लायक भएको धारणा राखिएकाले यहाँ निबन्धकार भौतिकवादी दर्शनले प्रभावितजस्तो देखिए पनि व्यक्ति सत्ताको स्व-अस्तित्व र स्वतन्त्रता रहेको देखाउन खोजिएको छ। गम्भीर रूपमा जीवन बोध गरिएको अभिव्यक्ति यसमा प्रस्तुत भएको छ। काँडा भएर नै फूलको अस्तित्व सुन्दर, पाप भएर नै धर्मको अस्तित्व सुन्दर, खराब भएर नै असलको अस्तित्व सुन्दर भएजस्तै मृत्यु अर्थात् क्षणिकताले नै जीवनलाई सुन्दर बनाइएकाले जीवन बाँच्न व्यक्ति स्वतन्त्र हुनुपर्ने धारणा यहाँ प्रस्तुत गरिएको छ। साथै जीवन र मृत्युको नियामक तत्त्व प्रकृति रहेको र प्रकृतिले नै जीवन र मृत्युको निर्धारण गरे पनि क्षणिक जीवनको अस्तित्व स्वतन्त्र रहेको धारणा रहेको पाइन्छ। त्यस्तै जन्मदेखि नै मानिसको जीवन रित्तिने क्रम सुरु हुने र बाल्यकाल, जवानी, वयस्क र वृद्ध हुँदै अन्ततः मृत्युले जीवनलाई रित्याउने धारणा निबन्धांशमा मुखरित भएको छ। मृत्युलाई साकार ईश्वर नभई प्रकृति अस्तित्वको व्यवस्थाका रूपमा स्वीकार गरिएको छ।

प्रस्तुत निबन्धमा परम्परागत रूपमा मानिँदै आएको साकार ईश्वरलाई नियामकका रूपमा अस्वीकार गरिएको छ। व्यक्ति तथा समाजलाई ईश्वरले कुनै सिद्धान्त बनाएर नपठाउने हुनाले व्यक्तिले न ईश्वरसापेक्ष न त समाजसापेक्ष सिद्धान्त पालन गर्नुपर्छ भन्ने धारणा यहाँ प्रस्तुत गर्दै यस्तो अभिव्यक्ति दिइएको छ–

## साक्ष्य २

प्रकृति जीवनका सारा उपलक्ष्यमा जिन्दगी प्रश्नहीन जवाफहीन बाँचिदो रहेछ। फेरि यहाँ ईश्वरले पठाएका कुनै त्यस्ता विशिष्ट सन्दर्भ सामग्री पनि साथमा छैनन् जसलाई अध्ययन गरियोस् र सिद्धान्तमय जिन्दगी बाँचियोस्। हुन पनि जिन्दगी विशेष सिद्धान्तमा आधारित कुनै अनूदित कविता या कसैको Translated verse पनि त होइन। बस, म मेरो जिन्दगी बाँच्छु जसप्रतिको प्रथम अधिकार मात्र मेरो हो। (पृ. ७५)

प्रस्तुत साक्ष्यमा मानिस आफ्नो जीवन बाँच्न स्वतन्त्र रहेको हुनाले बाँच्न पनि स्वतन्त्र रहेको धारणा यसमा प्रकट भएको छ। परम्परागत रूपमा मानिँदै आएको साकार ईश्वरलाई यहाँ नियामकका रूपमा अस्वीकार गरिएकाले जिन्दगीको स्व-अस्तित्वको चिन्तन प्रस्तुत गरिएको छ र जिन्दगीमाथि स्वयम् व्यक्तिबाहेक कसैको नियन्त्रणमा नरहने धारणा प्रस्तुत गरिएको छ। जीवनको अस्तित्व कसैमा निहित नरहेको भन्ने देखाउनका लागि व्यक्ति सत्ताको अस्तित्ववादी दार्शनिक चिन्तन प्रस्तुत गरेको देखिन्छ। व्यक्ति सत्ता र चेतनालाई प्रधानता दिइएकाले यहाँ पाश्चात्य अस्तित्ववादी दार्शनिक सोरेन किर्केगार्ड र कामूको प्रभाव परेको दखिन्छ। यस प्रकार समाज र परम्पराले मान्दै आएको साकार ईश्वरलाई नियामकका रूपमा अस्वीकार गरिएको छ र व्यक्तिको जीवन बँचाइ स्वतन्त्र रहेको धारणाको शङ्खघोष यसरी गरिएको छ–

## साक्ष्य ३

हो, मेरो बँचाइ नियमबद्ध छैन, किनकि प्रकृतिको अस्तित्वको कुनै लिखित संविधान छैन। जीवन बारबार कसम तोडेर पुनः जिन्दगी जोड्ने अरोचक जोडीको योजना होइन। कुनै पनि ग्रन्थमा नभेटिने रहस्यजस्तो यो जादुमय छ। (पृ. ७६)

प्रस्तुत साक्ष्यमा जीवन जस्तो बाँचिन्छ त्यही नै जीवनको नियम हो भन्ने दार्शनिक धारणा मुखरित भएको छ। जीवनको स्वतन्त्र अस्तित्व भएकाले यसको बँचाइ पनि आफ्नै किसिमको हुन्छ। प्रकृति अस्तित्वको कुनै लिखित संविधान नभएकाले जीवन बँचाइको नियम स्वच्छन्द र स्वतन्त्र हुने मान्यता अभिव्यक्त गरिएको छ। व्यक्तिगत स्वतन्त्रता र अस्तित्वप्रति आफू सचेत रहेको सन्दर्भ देखाउनका लागि यहाँ निबन्धकारले यस्तो अभिव्यक्ति राखेको देखिन्छ। स्वयम् प्रकृतिले अस्तित्वले त जीवन बँचाइको संविधान लेखेको छैन भने बाह्य समाजले संस्कार र परम्पराका नाममा लगाइएका सारा जडसूत्र र बन्देजहरूप्रति विद्रोही विचार प्रस्तुत गर्दै आफ्नो जीवनको स्वतन्त्र अस्तित्व रहेकाले स्वतन्त्र ढङ्गले बाँच्न पाउनुपर्ने र त्यसैका लागि आउटसाइडर बनेको धारणा प्रस्तुत गरिएको छ। अत्यन्त भावुक र कल्पनाशील अनुभूतिमा डुब्दै जीवन आफैमा रहस्यमयी र जादुमयी भएकाले यसको बँचाइ पनि त्यस्तै हुने धारणा निबन्धकारको रहेको छ।

विशेषतः छोरी मान्छेलाई पितृसत्ताले भेदभाव गरी परम्परागत बनाउन खोजिएको र त्यसलाई नमान्दा आफूलाई अपराधीका रूपमा उभ्याइएकोप्रति निबन्धकारको रोषयुक्त भावाभिव्यक्ति यसरी प्रकट भएको छ–

**साक्ष्य ४**

म कुनै पनि हालतमा गम्भीर हुनुपर्ने कुनै कारण पनि देख्दिनँ। मैले प्रकृतिमा कुनै फूललाई, चरालाई, झर्नालाई, बादललाई, पुतलीलाई कहिल्यै गम्भीर देखेको छैन। तपाईंहरूले गम्भीर देख्नुभएको भए त्यो तपाईंको कुरा हो, तर यस जगत्मा केवल मान्छे मात्र किन असाधारण गम्भीर छ? गम्भीरता एक प्रकारको रोग हो, मानसिक रोग। म गम्भीर नभएको प्रश्नलाई लिएर यस अदालतमा निकै गम्भीर बहसहरू भए र मलाई हाँसो उठ्यो। माफ गर्नुहोस् श्रीमान्। (पृ. ७६)

प्रस्तुत साक्ष्यमा समाजले परम्परागत बनाउन खोजिएको तर त्यसप्रति आफूले असहमति प्रकट गरेको भन्दै उत्सव र आनन्द नै प्रकृति र यसका सारा तत्त्वहरूको स्वभाव हो भन्ने दार्शनिक मान्यता प्रकटिएको छ। प्रकृति अस्तित्वका फूल, चरा, झर्ना, बादल, पुतलीको दृष्टान्त दिँदै सबै खुसी, उत्सवमय र स्वतन्त्र भएकाले आफू पनि प्रकृति र अस्तित्वकै एक अंशका रूपमा त्यस्तै खुसी, उत्सवमय र स्वतन्त्र जीवन बाँचेको धारणा निबन्धकारको रहेको छ र यसरी बाँचेकै आधारमा समाजले अपराधी ठहऱ्याइएकोमा रमरम हास्य र व्यङ्ग्य विनोदको अभिव्यक्ति प्रस्तुत गरिएको छ। मान्छेको जीवन असाधारण दुःखी र गम्भीरताका लागि नभई उत्सवका लागि हो भन्ने निबन्धकारको दार्शनिक धारणा यहाँ अभिव्यक्त गरिएको छ। समाजले परम्परागत संस्कारको नाममा लकिरको फकिर बनाउन चाहने तर व्यक्तिको स्वतन्त्र अस्तित्व भएकाले लकिरको फकिर नभई स्वतन्त्र ढङ्गले बाँच्नुपर्छ भन्ने सन्दर्भ देखाउनका लागि यहाँ निबन्धकारले परम्पराप्रति असहमति र व्यङ्ग्य गरेको पाइन्छ। यो प्रकृति र अस्तित्वका सारा मानिसले पनि जीवनलाई उत्सवमय बनाउनुपर्ने र त्यसमा समाजले संस्कार, परम्परा र प्रथाको नाममा अङ्कुश लगाउन नहुने निबन्धकारको धारणा अभिव्यक्त गरिएको छ।

निबन्धमा परम्परागत समाजले आफ्नो सीमित ज्ञानका आधारमा आफूलाई दोषी ठहऱ्याइएको धारणा प्रस्तुत गरिएको छ । शिक्षा, स्वास्थ्य, वर्तमान, भविष्य, मर्यादा, प्रतिष्ठा, तन, मन, धन, यौवनजस्ता विषयहरूप्रति गम्भीर नभएको आरोपप्रति यसरी स्पष्टोक्ति दिइएको छ।

## साक्ष्य ५

श्रीमान् मेरो नजरमा ममाथि लगाइएका सारा आरोपका विषयहरू बकम्फुसे हुन्। यहाँलाई अवगत भएकै कुरा हो, यस जगत्का सम्पूर्ण चिजहरू नाशवान् छन्। सम्पूर्ण कुराहरू आफैमा पूर्ण छैनन्, सब सापेक्षिक छन्। सम्पूर्ण पदार्थ, सम्बन्ध, आवेग, ज्ञान, समय, सत्य क्षणिक छन्। यौवन अहङ्कार, धन, प्रतिष्ठा सबै अस्थायी अतिथि हुन्। (पृ. ७७)

प्रस्तुत साक्ष्यमा ईश्वरको विराट्ताका सामु सबै पदार्थ, सम्बन्ध, आवेग, ज्ञान, समय, सत्य, नाशवान् छन्; तर ईश्वरको विराट्तालाई आआफ्नो ज्ञानसँग जोडेर ज्ञान, समय, सत्यलाई खण्डित पारेर ईश्वरलाई चिन्ने र बुझ्ने प्रयास गरेको र सीमित ज्ञानले नै आफूलाई दोषी ठहऱ्याइएको अभिव्यक्ति दिइएको छ। त्यसैले यस्ता आरोप अर्थहीन रहेको धारणा प्रस्तुत गरिएको छ। वास्तवमा यहाँ निबन्धकार समयातीत, कालातीत, सीमातीत ईश्वरको खोजीमा रहेको देखाइएको छ। तर रूढि र परम्पराले आआफ्नो ढङ्गले ईश्वरको आवरण खडा गरिएकोमा यसरी खिसीटिउरी गरिएको छ।

## साक्ष्य ६

विश्वास जित्नलाई सानै कुरा काफी हुन्छ। घृणाका लागि पनि सानै कुरा पर्याप्त हुन्छ। मेरो भोगाइमा दियो जलाउने मान्छेले घर जलाउने सामर्थ्य पनि राख्छ अर्थात् नैतिकताको आभूषणभित्र सुसज्जित मनुष्यको कैयौँ गुप्त अनैतिकतालाई मैले निकै नजिकबाट अनुभव गरेकी छु, आदर्शहरूको खोक्रो आडम्बरमा बाँचेका निर्लज्ज मानिसहरूलाई मैले देखेकी छु। यसरी मान्छे आफैले सिर्जना गरेको व्यवस्थामा आफै फसेको देखे र मस्तसित हाँसे...। खै, कस्तो धर्म हो! स्त्रीलाई देवी ठान्ने पुरुषले उसैलाई सम्भोग गर्छ, तथाकथित धार्मिक पतिलाई परमेश्वर ठान्ने स्त्रीले उनैलाई अद्भुत गाली गर्छे। यसैले परम्परागत बस्तीको अपरम्परागत पात्र, एउटा आउटसाइडर म, मैले आफ्नो हास्य ग्रन्थिलाई रोक्न सकिनँ, अट्टहासपूर्वक हाँसेँ र हाँसिरहेछु...। (पृ. ७७)

प्रस्तुत साक्ष्यमा आआफ्नो स्वार्थानुकूल ईश्वर बनाएर नै खोक्रो समाज खोक्रो आडम्बरमा बाँचेको सन्दर्भ प्रस्तुत गरिएको छ। हिन्दूको आफ्नै ईश्वर, बौद्धको आफ्नै ईश्वर, मुस्लिमको आफ्नै र क्रिस्चियनले आफ्नै ईश्वर बनाएर आडम्बर देखाई ठग्न खोजेको देखाइएको छ। खोक्रो नैतिकताको आभूषणभित्र मान्छेले गुप्त रूपमा अनैतिक व्यवहार गर्ने गरेको र परम्परावादी ईश्वर मूक दर्शक बनेको गम्भीर आरोप लगाइएको छ। रूढि र परम्परावादी समाजले नीति, नियम, ईश्वर, धर्मको आदरका नाममा ढोँगी जीवन बाँचेको धारणा प्रस्तुत गरिएको छ। ढोँगी समाजले ईश्वरको आदर नभई उपहास गरेको सन्दर्भ प्रस्तुत गर्दै रूढ र परम्परावादी समाजको आडम्बर उदाङ्ग पारिएको छ।

कथित धर्म र ईश्वरका नाममा गरिएको ढोँगप्रति व्यङ्ग्य गरिएको छ। वास्तवमा यहाँ ढोँगी जीवन, ढोँगी समाज, नैतिकताका नाममा हुने अनैतिकता, धर्मका नाममा हुने जघन्य पापजस्ता कुत्सित यथार्थ पछ्याउने परम्परागत समाज, सोच र आडम्बरप्रति खिल्ली उडाउने र परम्पराको विरोध गर्ने उद्देश्यले उपर्युक्त सन्दर्भलाई प्रस्तुत गरिएको हो।

प्रस्तुत निबन्धमा ईश्वर परम्परावादीहरूले भनेजस्तो नभई गति नै ईश्वर हो भन्ने दार्शनिक मान्यता अभिव्यक्त भएको छ। मानिस खोक्रो आदर्श, सिद्धान्त र मान्यताले जड बनेको छ जसले गर्दा मानिस अभिशप्त जीवनले बाँच्नुपरेको कारुणिक यथार्थ यहाँ प्रस्तुत गरिएको छ। वास्तविक ईश्वर प्रकृतिको गतिशीलतामा बोध भएपछिको जीवनानुभूति र ईश्वरानुभूति यसरी प्रकट गरिएको छ।

**साक्ष्य ७**

लाग्छ, मैले देखेको प्रासङ्गिक नदीले पनि थुप्रै किनाराहरू देखेको हुनुपर्छ– कहिले पहाडी किनाराहरू, कहिले समथर फाँटका किनाराहरू। तर नदीले किनारालाई मान्छेले आदर्श, सिद्धान्त, विचार, मान्यता, पद इत्यादिलाई च्यापेजस्तै च्याप्दो रहेनछ। प्रभु! ऊ त बग्दो रहेछ, ऊ त एउटा रोमाञ्चकारी यात्रामा रहेछ। ऊ त गतिमा रहेछ, मोसनमा रहेछ, एउटा सदाबहार गति/flow रहेछ। आफू त एकोहोरो किनाराजस्तै पन्छिएको र उभिएको रहेछु अर्थात् त्यो उदास ग्रीष्मको अन्त्यतिरको साँझ मैले महसुस गरेँ कि जीवन एउटा गति रहेछ, flow रहेछ। तर म त केवल follow गरिरहेकी रहेछु। यावत् दर्शनशास्त्र, नीतिशास्त्र, मान्यता, परम्परा, आदर्श इत्यादिको केवल follower, केवल आदिम अनुयायी रहेछु।

त्यसपछि...

त्यसपछि सारा नीतिशास्त्रबाहिर म एउटा आउटसाइडर बनेँ...। (पृ. ७८)

प्रस्तुत साक्ष्यमा प्रकृतिको गतिशीलताबाट ईश्वरको गतिशीलता र जीवनको गतिशीलता बुझ्नुपर्ने दार्शनिक मान्यता छ। प्रासङ्गिक नदीमा ईश्वरलाई आरोपित गर्दै ईश्वरको गतिशील तत्त्वका रूपमा अनुभूत गरेको अभिव्यक्ति दिइएको छ। अस्तित्व गतिशील भएकाले नै जीवन गतिशील छ, त्यसैले बग्नु नै जीवनको स्वभाव हो, बगाइमा नै जीवनको अस्तित्व सुरक्षित छ भनेर मानवीय क्रियाशीलतालाई देखाउनका लागि नै प्रस्तुत दार्शनिक मान्यता आएको देखिन्छ भने अर्कातिर लामो समयसम्म आफूलाई रूढ परम्परा, नियम, विचार र मान्यताले बाँधेर राखेकाले परम्परा भञ्जक अर्थात् परम्परावादीहरूका नजरमा विद्रोही आउटसाइडर बन्न पुगेको अभिव्यक्ति मुखरित भएको छ। यहाँ निबन्धकारमा अस्तित्ववादी दार्शनिक सार्त्र र कामूको प्रभाव

भेट्न सकिन्छ। परम्परा वास्तविक ईश्वर होइन, परम्परा वास्तविक जीवन पनि होइन, त्यसैले रूढ परम्पराको ऐठनबाट ब्युँझिएर नै वास्तविक अस्तित्व खोज र अस्तित्व बोध गर्न सकिने मान्यता निबन्धकारको रहेको छ।

निबन्धकारद्वारा जीवनका सारा पीडानुभूतिबाट नै अस्तित्वको अनुभूति गरेको देखाइएको छ। ईश्वर भन्नु नै अनुभूति हो, आफूले अनुभूत गरेको जीवनबाट नै ईश्वर अर्थात् अस्तित्व बोध गरेको अभिव्यक्ति निबन्धकारको रहेको छ। दुःखानुभूति र पीडानुभूतिमा कत्ति पनि विचलित नभई आफ्नो अनुभूति यसरी प्रस्तुत गरिएको छ।

### साक्ष्य ८

जीवनमा यिनै दुःख, पीडा, यातना, विशृङ्खलता, एवम् खलनायकत्वद्वारा म सारगर्भित छु अनि जीवनका अनुग्रह, उपहार, प्रेम, आशीर्वाद एवम् अकल्पनीय बहुलट्टीपनद्वारा सन्तुष्ट छु कि मलाई गम्भीर बन्ने फुर्सद नै कहाँ रह्यो र! (पृ. ७८)

प्रस्तुत साक्ष्यमा जीवनका यावत् पीडा, दुःख, यातना, विशृङ्खलता र खलनायकत्वका बीचमा नै आफूले अस्तित्ववान् महसुस गरेको अस्त्विवादी दार्शनिक चिन्तन प्रस्तुत गरिएको छ। अनुभूतिगम्य तत्त्वका रूपमा ईश्वरलाई प्रस्तुत गर्दै सबै किसिमका दुःखानुभूति र पीडानुभूतिबाट सन्तुष्ट बनेको देखाइएको छ। व्यक्तिको अस्तित्व निर्माणका लागि यस्ता पीडा, दुःख र यातनाजस्ता विषयहरू पनि वाञ्छनीय रहेको पक्ष देखाउनका लागि प्रस्तुत सन्दर्भ आएको देखिन्छ। स्व-अस्तित्वको स्वतन्त्रतामा बाँचेकाले आफूप्रतिका अनेकौँ लाञ्छनाप्रति स्वीकार भाव दर्साएर परम्परावादीहरूप्रति यसरी तुमुल व्यङ्ग्य गरिएको छ।

### साक्ष्य ९

जे होस्, पागल ने सही मैले प्रकृतिको भाषा बुझेँ; सङ्गीतको भाषा बुझेँ; चित्रकारिताको भाषा बुझेँ; मान्छेको पीडा, प्रेम, करुणा बुझेँ; मान्छेको पीडा, प्रेम, करुणा, दुःख र हर्षोल्लासलाई महसुस गरेँ र मान्छेलाई प्रेम गर्न सिकेँ अनि निक्खरमा प्रत्येक मानिसभित्र विराजित मानव र दानवलाई चिनेँ, रुचाएँ, चाहेँ र मन पराइदिएँ; दुवैसित प्रीति गाँसेँ। यदि यसो गर्नु अपराध हो भने श्रीमान् जरुर म अपराधी हुँ, एक आउटसाइडर हुँ। (पृ. ९७)

प्रस्तुत साक्ष्यमा सच्चा प्रेम नै ईश्वर हो र प्रेमद्वारा नै जीवन सार्थक पार्न सकिन्छ भन्ने दार्शनिक मान्यता अभिव्यक्त भएको छ। प्रकृति, सङ्गीत, चित्रकारिता, काव्यका बिम्ब, प्रतीक, अलङ्कारले प्रेमलाई सर्वोपरि महत्त्वका साथ बुझाउँदा पनि रूढि र परम्परागत समाजले बुझ्न नसकेको, मान्छेलाई प्रेम गर्दा अपराधी ठहऱ्याइन्छ भने त्यही

नै सही भनेर प्रेमलाई सर्वोपरि महत्त्व दिइएको छ। प्रकृति अर्थात् फुलेको फूल, बगेको पानी, बहेको हावा, सूर्यको किरण, रूखको छहारीद्वारा वास्तविक प्रेम अभिव्यक्त भइरहेको हुन्छ; तर मानिसले प्रकृतिको भाषा बुझ्न सकेको देखिँदैन। फुलेको फूलले बिनाभेदभाव धनी, गरिब सबैलाई बराबर सुगन्ध दिन्छ, पानीले बगेर प्यास मेटाउँछ, हावा निरन्तर बहेर प्राणीलाई जीवन दिन्छ, सूर्यले बिनाभेदभाव धनी, गरिब, सफा, फोहोर सबैलाई समान प्रकाश दिन्छ, रूखको छहारीले सबैलाई बराबरी शीतलता दिन्छ, तर मानिसले किन बुझ्न सक्दैन? प्रकृतिको भाषा भन्ने गुनासो मुखरित भएको छ। प्रकृतिको भाषा नै ईश्वरको भाषा हो, प्रेमको भाषा हो भन्ने धारणा निबन्धकारको रहेको छ। यहाँ चित्रकारिताको मौनतासँग परम अस्तित्वलाई दाँजिएको छ। आखिर किन मौन छ त चित्रकार? किनकि चित्रकारको चित्रकारिता कुनै एक व्यक्तिको भाषा होइन, न त हिन्दू, बौद्ध, मुस्लिम, इसाईको नै भाषा हो, यो त अस्तित्वको भाषा हो। परम अस्तित्व भन्नु नै मौनता हो, वास्तविक परम सत्तालाई पहिचान गर्न मौनतामा डुब्नुपर्ने र बुझ्नुपर्ने धारणा अभिव्यक्त गरिएको छ। यसै गरी मानिसका राम्रानराम्रा गुण स्वीकार गर्दै प्रेम गर्दा पनि रुढिवादी समाजले अपराधी र पागलको संज्ञा दिइएकोमा विद्रोहात्मक अभिव्यक्ति दिइएको छ। मान्छेका यावत् प्रेम, जीवन, दुःख, निराशा, आशा, खुसी, उत्सव बुझ्न नसक्ने कुनै ईश्वर हुन नसक्ने धारणा प्रस्तुत गरी आफ्ना ईश्वरसम्बन्धी धारणा प्रस्तुत गरिएको छ। प्रेम जीवन हो, जगत् हो, अस्तित्व हो, परम ईश्वर हो भन्दै ईश्वरसम्बन्धी पुनर्व्याख्यात्मक धारणा प्रस्तुत गरिएको छ। प्रेमको उच्च महिमागान गरेर आफूले अनुभूत गरेको ईश्वर अर्थात् अस्तित्व हो भन्ने परम्परावादी ईश्वरको अदालतमा प्रस्तुत गरिएको छ। ईश्वरलाई मूर्ति मात्र देख्ने आँखाले वास्तविक प्रेमरूपी ईश्वर देख्न सक्दैन, त्यसका लागि चर्मचक्षु नभई मर्मचक्षु अर्थात् ज्ञानचक्षु खुल्नुपर्ने निबन्धकारको धारणा अभिव्यक्त भएको छ।

निबन्धमा परम्परावादीहरूले बनाएको कथित ईश्वरप्रति गम्भीर असहमति प्रकट गरिकएको छ। त्यस्ता परम्परावादीहरूद्वारा बनाइएका ईश्वरको नाममा देखिएका क्रूरताप्रति गहिरो दुःख व्यक्त गरिएको छ।

### साक्ष्य १०

हुन पनि कुनै ऐतिहासिक सन्दर्भ व्यक्तिको प्रत्यक्ष आज्ञा नभए पनि इतिहास साक्षी छ कि भौगोलिक सीमापारि पुग्दा नचलेको मुद्राजस्तो कुनै एक पुरातात्त्विक व्यक्तिको नाममा डेट एक्सपायर भइसकेको सैद्धान्तिक हतियारद्वारा लहडमै हजारौँलाखौँ व्यक्तिको निरर्थक ज्यान लिइन्छ, जतिखेर सारा अर्थहरू किनारा लागिसकेका हुन्छन्। (पृ. ८०)

प्रस्तुत साक्ष्यमा परम्परावादीहरूका साम्प्रदायिक ईश्वरका नाममा क्रूरता प्रदर्शन भइरहेकोप्रति गम्भीर दुःख प्रकट गरिएको छ। सम्प्रदायका आआफ्ना ईश्वर छन्– राम, कृष्ण, बुद्ध, मोहम्मद, जिसस आदि-आदि तर ती साम्प्रदायिक ईश्वरको आज्ञाबिना नै तिनका नाममा हुने गरेका लडाइँ, झगडा र क्रूरताप्रति अत्यन्त भावुक तर विद्रोही धारणा प्रस्तुत गरिएको छ। के राम, कृष्ण, बुद्ध, मोहम्मद, जिससले आफ्ना नाममा लड्न आदेश दिएका होलान्? के ती ईश्वर भनाउँदाहरूलाई आफ्ना नाममा हुने गरेका सारा क्रान्ति, लडाइँ, झगडा, बर्बरता र हिंसा स्वीकार्य छ त? यसतर्फ निबन्धकारद्वारा यक्षप्रश्न तेर्स्याइएको छ। सारा वैदिक वाङ्मय र साहित्य साक्षी देखिन्छ, संसारमा धर्मको नाममा, ईश्वरको नाममा जति मान्छेलगायतका अन्य प्राणीको क्रूर, बर्बर र जघन्य हत्या भएको छ त्यति महासंहार मानिएका विध्वंसात्मक ठूलठूला विश्वयुद्धमा समेत भएको देखिँदैन। परम्परा र सिद्धान्तको नाममा हुने क्रूरताले कुनै दिव्य एवम् विराट् ईश्वर खुसी नहुने धारणा प्रस्तुत गर्न प्रस्तुत सन्दर्भ उप्काइएको देखिन्छ। यहाँ ईश्वरको विरोध गरिएको जस्तो देखिए पनि विराट् ईश्वर अर्थात् अस्तित्वको नभई परम्परावादीहरूको विरोध गरिएको हो।

प्रस्तुत निबन्धमा परम्परावादीहरूले स्वयम् मर्यादा पालक मानिएका ईश्वरहरूको समेत मर्यादा सीमित पारिएकोप्रति घुमाउरो ढङ्गले व्यङ्ग्य गरिएको छ।

### साक्ष्य ११

यद्यपि मर्यादा स्वयम्मा झूटो रहन्न, तर मर्यादाको नाममा जबजब हामी हाम्रा नितान्त वैयक्तिक अनुभूतिहरूलाई कुल्चेर, ढाकेर निकम्मा एवम् झूटो साबित गर्छौं, मर्यादा स्वयम् निकम्मा एवम् झूट प्रतीत हुन्छ। उत्कृष्ट गद्यशिल्पी निर्मल वर्माले भनेझैँ साँच्चै नै सीताको पीडानुभवको सामुन्ने रामको मर्यादा कति पङ्गु र प्राणहीन लाग्छ!...!! (पृ. ८०)

प्रस्तुत साक्ष्यमा परम्परावादीहरूले आफ्नै ईश्वरलाई सीमित र खण्डित पारिएको धारणा प्रस्तुत गरिएको छ। मर्यादापालकका रूपमा ईश्वरको चित्रण गरेर मानिसको पीडानुभूति र दुःखानुभूतिप्रति टुलुटुलु हेरिरहने ईश्वरको स्थापना गरिएकोमा व्यङ्ग्य गरिएको छ। रामको मर्यादाभन्दा सीताको पीडानुभूतिको गम्भीर अर्थ भए पनि रूढि र परम्परावादीले रामको अस्तित्व सीमित पारेर उल्टै ईश्वर मानिएका रामप्रति उपहास गरेको देखाएर रूढि, परम्परा र समाजको खिल्ली उडाइएको छ। नारीले नै पीडा भोग्नु/सहनुपरेको देखाएर पितृसत्ताको खिसी गर्दै नारी अस्तित्वको निबन्धकारको चाहना पनि यसमा अभिव्यक्त भएको पाइन्छ। परम्परावादीहरूले आआफ्ना स्वार्थानुकूल ईश्वर निर्माण गरिएकोप्रति यस्तो मूर्तिभञ्जक अभिव्यक्ति दिइएको छ।

## साक्ष्य १२

तिमी मेरो के निर्णय गर्न सक्छौ? तिमी स्वयम् परम्परावादी छौ। ईश्वर! वास्तवमै तिमी लाचार छौ। उल्टै मान्छेले नै तस्बिर, मूर्ति र मन्दिरमा कैद गरेको छ। फेरि अस्तित्वले नै सबैको निर्णय गरिसकेको हुन्छ। न त जन्म नै मेरो जीवनको सुरुवात हो, न त मृत्यु नै मेरो जीवनको अन्त्य हो। तिमी मेरो के निर्णय गर्छौ! (पृ. ८२)

प्रस्तुत साक्ष्यमा ईश्वरलाई नियामक तत्त्वका रूपमा अस्वीकार गरिएको छ र साकार ईश्वरको अस्तित्व अस्वीकार गरिएको दार्शनिक मान्यता अभिव्यक्त भएको देखिन्छ। परम्परावादीहरूले आआफ्ना स्वार्थअनुकूल मान्दै आएको ईश्वरलाई यहाँ विवश, लाचार, संस्करणहीन एवम् परम्परावादीको संज्ञा दिइएको छ। साकार ईश्वर पनि परम्पराले बनाएको र त्यही भएर मान्नु नपर्ने धारणा माथिको सन्दर्भमा प्रवाहित भएको देखिन्छ। मान्छेले ईश्वरलाई तस्बिर, मूर्ति र मन्दिरमा कैद अर्थात् सीमित पारेकाले साकार ईश्वरको अस्तित्वलाई नकारिएको छ। यहाँ निबन्धकारद्वारा आफू मूर्तिभञ्जक मात्र नभई परम्पराभञ्जक रहेको मान्यता देखाउन खोजिएको छ। निबन्धकार ईश्वर विरोधीजस्तो देखिएको छ, तर यथार्थतः विराट् ईश्वरीय सत्ताको विरोध गरेको नभएर रूढ परम्परावादीहरूले समाजलाई ढाँट्न, छल्न र बिथोल्न आआफ्ना किसिमका ईश्वरको आवरण खडा गरिएकाले तिनै परम्परावादीहरूको विरोध गर्न प्रस्तुत सन्दर्भ मुखरित भएको छ। मोमिला त परम्परावादीहरूले जसरी ईश्वरलाई दण्डकर्ता, स्थिर, भयकारी र जडका रूपमा चित्रण गरिएको छ त्यस्तो ईश्वर नभएर प्रेमदाता, गतिशील, प्रेममय र मानवीय हर्ष र पीडालाई अनुभूत गर्ने चेतनशील, जीवन र जगत्का सारा अणुपरमाणुमा व्याप्त त्यो विराट् अस्तित्वयुक्त ईश्वरको खोजीमा रहेको देखिएको छ। निबन्धकारद्वारा विराट् ईश्वरको खोजसँगै स्व-अस्तित्वको बोध पनि उत्तिकै प्रभावकारी ढङ्गले गरिएको छ। आफ्नो अस्तित्वकै लागि लाग्दा आफूलाई परम्पराले पन्छाएको भावुक सन्दर्भ यसरी प्रस्तुत गरिएको छ–

## साक्ष्य १३

प्रिय पुरुष,

समाजमा बसेपछि कैयौँ कथित चरित्रका कुराहरू आफूमा पनि अपत्यारिलो किसिमले लागू हुँदा रहेछन्...।

यहाँ उपस्थित प्रियजनलाई आश्चर्य लाग्ला, तर मैले यी कुराहरू भन्नैपर्छ। वास्तवमा म कहिल्यै असल छोरी बन्न सकिनँ या थिइनँ भन्ने कुरा मेरी श्रद्धेय आमाले यहाँहरूसमक्ष आफ्नो घरपरिवारलाई माइनस गरेर खालि अरूको जाती बन्ने स्वभावका कारण मेरा लागि यो कहिल्यै प्रिय बनिन भनेर स्पष्ट जाहेर गरिसक्नुभएको छ। तर

पनि ममतामयी आँसु चुहाउँदै पापै त गरेकी होइन भन्दै एक पटक बचाउन ईश्वरलाई अनुरोध पनि गरिसक्नुभएको छ। फेरि म असल पत्नी पनि बन्न सकिनँ। (पृ. ८३)

प्रस्तुत साक्ष्यमा ईश्वरलाई पुरुषका रूपमा सम्बोधन गरिएको छ। आफ्ना मर्यादा र चरित्रलाई आफूले नभई समाजले निर्धारण गरेकाले आफू समाजमा कहिल्यै असल र चरित्रवान् बन्न नसकेको स्वीकारोक्ति दिइएको छ। यो स्वीकारोक्तिसँगै नारी अस्तित्वको खोजी गरिएकाले आफ्नै घरपरिवारमा पनि न त असल छोरी, न त असल बहिनी, न त असल पत्नी नै बन्न सकेको भनी परम्परावादी आफ्नै परिवारप्रति भावुक तर विद्रोहात्मक अभिव्यक्ति दिइएको छ। आफ्नो परिवार पनि त्यही परम्परावादी हुनाले नै आफ्नो स्वप्रेम, स्व-अस्तित्व, स्वचेतना र स्वनिर्णयलाई बुझ्न नसकिएको धारणा मुखरित भएको छ।

निबन्धमा आफ्ना धारणालाई नाटकीकरण गर्दै आफूजस्तै आउटसाइडरहरूद्वारा यसरी अभिव्यक्ति दिलाइएको छ।

### साक्ष्य १४

एकछिन प्रभु! उनी अपराधी होइनन्, हामी सबै प्रमाण हौँ। यदि उनलाई अपराधी ठहऱ्याइन्छ भने आआफ्नै भूगोलबाट एउटै सपनामा हस्ताक्षर गरेर जिन्दगी हिँडेका हामी सबै अपराधी हौँ। त्यसो हो भने कवि देवकोटा जसले आफ्नो सारा तलब बाहिर सिध्याएर घर फर्कंदा के परिवारलाई अन्याय गरेनन्! भगवान् बुद्ध जसले आफ्नी स्वास्नी र छोराछोरीलाई अँध्यारैमा राखेर अरूलाई ज्योति दिए, के उनी अन्यायी होइनन्? कार्ल मार्क्स जसले संसारका लागि साम्यवादी सिद्धान्त एक छेउमा बसेर कोर्दै गर्दा अर्को छेउमा उही छतमुनि आफ्ना सन्तान भोकले चिच्याइरहेका थिए, के उनी आफ्ना परिवारका लागि आडम्बर होइनन्! कि त ती सबैलाई महान् हुने बहानामा गरिएका अपराधका आधारमा अपराधी घोषित गर्नुपऱ्यो। नत्र संसारको हरेक बस्तीमा हामीजस्ता कैयौँको ठूलो समाज छ। उनीहरूले उल्टै आउटसाइडर पीडा झेलिरहेका छन्। समाजको बाहिरी आँखाले देख्न र बुझ्न नसकेको पीडाद्वारा पीडित हामी सबैप्रति उचित न्याय हुनुपऱ्यो श्रीमान्! (पृ. ८४)

प्रस्तुत साक्ष्यमा देवकोटा, बुद्ध र मार्क्सको दृष्टान्त दिँदै हिजो समाजले मानेका सानासाना ईश्वरका पनि अँध्यारा पाटा उप्काउँदै उनीहरूले पनि पूर्णतः सबैलाई न्याय गर्न नसकेको धारणा प्रस्तुत गरिएको छ। के उनीहरू पनि अपराधी हुन् र? एकाङ्गी दृष्टिले कसैप्रति हेर्नु र अपराध ठहऱ्याइनु निन्दनीय विषय रहेको यहाँ प्रस्तुत गरिएको छ। हिजो परम्पराले बनाइएका सानासाना व्यक्ति ईश्वर र साम्प्रदायिक ईश्वरको विरोध गर्दै आजको बहुल अवधारणासँगसँगै बहुल समाजद्वारा स्वीकार गरिन व्यापक खोजिएको

छ र समाजका बाहिरी आँखाले देख्न र बुझ्न नसक्ने पीडालाई बुझ्ने सर्वदर्शी, अन्तर्यामी र विराट् अस्तित्वयुक्त ईश्वरको खोजी गरिएको छ। थुप्रै आउटसाइडरहरू जो परम्परा, धर्म, संस्कार र मान्यताका नाममा अनन्त पीडा भोगिरहेका छन् र अभिशप्त जीवन बाँचिरहेका छन्, हो, तिनीहरूका अव्यक्त र असीम पीडा बोध गर्ने विराट् ईश्वरको खोजी गरिएको छ।

## ६. निष्कर्ष

मोमिलाद्वारा सिर्जित 'ईश्वरको अदालतमा आउटसाइडरको बयान' निबन्धमा ईश्वरसम्बन्धी परम्परागत धारणालाई पुनर्व्याख्या गरिएको छ। ईश्वरबारे दर्शनका विविध शाखाप्रशाखाले आआफ्नै किसिमको धारणा राखेको पाइन्छ। ईश्वरसम्बन्धी न्याय, योग, मीमांसा, वेदान्त, बौद्ध आदि पूर्वीय दर्शनका आआफ्नै खालका मान्यता एवम् धारणाहरू देखिन्छन्। यी दर्शनहरूका कसीमा हेर्दा मोमिलाले निबन्धमा खोजी गरेको ईश्वर भिन्न देखिन्छ। 'ईश्वरको अदालतमा आउटसाइडरको बयान' अर्थात् परम्परागत ईश्वरको न्यायालयमा निबन्धकार परम्पराले स्वीकार नगरेको र परम्परालाई स्वीकार नगरेकी एक आउटसाइडर देखिएकी छन्। निबन्धकारलाई परम्परागत ईश्वरको अदालतमा अपराधीका रूपमा उभ्याइएपछि आउटसाइडर बन्नुका सम्पूर्ण कारण, साक्ष्य र प्रमाणको बकपत्र गरिएको छ। त्यही बकपत्र नै निबन्धको मूल स्रोत हो र ईश्वरसम्बन्धी निबन्धकारको चिन्तन अर्थात् धारणा हो। निबन्धमा परम्परागत ईश्वरलाई नियामकका रूपमा अस्वीकार गरिएको छ। जीवनको क्षणिकता अर्थात् मृत्युले नै परम सत्तासँग नजिक बनाउने धारणा निबन्धमा मुखरित भएको छ। जीवनको क्षणिकतामा निबन्धकार न त घोर नास्तिक न घोर आस्तिक नै देखिएकी छन्, बरु घनीभूत चेतनायुक्त देखिएकी छन्। मान्छेका यावत् नीति, मान्यता, धर्म, आदर्श, क्रम, मूल्य, आस्था, व्यवस्थाहरूका मियोका रूपमा परम्परागत ईश्वरलाई अस्वीकार गरिएको छ। व्यक्तिका सारा मूल्य, मान्यता, आदर्शजस्ता कुराहरू कुनै साकार ईश्वरले नभई स्व-अस्तित्व र स्वचेतनाले निर्धारण हुन्छ भन्ने धारणा अभिव्यक्त भएको छ। व्यक्ति अस्तित्व र स्वतन्त्रता महत्त्वपूर्ण विषय हुन् भन्ने धारणा यहाँ प्रस्तुत गरिएको छ। मान्छेका सीमित बुद्धिका आधारमा कसैलाई मूल्याङ्कन गरेर अपराधी ठहऱ्याइएकोमा परम्पराप्रति विद्रोह गरिएको छ। धर्म र सम्प्रदायका नाममा ठग्न, छल्न र ढाँट्न आफ्ना ईश्वर बनाइएकोप्रति उपहास गरिएको छ। ढोँगी र परम्परागत समाजले नीति, नियम र आदर्शका नाममा आडम्बर देखाएर ईश्वरको आदर नभई उपहास गरेको अभिव्यक्ति दिइएको छ। नैतिकताका नाममा हुने अनैतिकता, धर्मका नाममा हुने पाप, न्यायका नाममा हुने अन्यायको खिल्ली उडाइएको छ। परम्परावादीहरूले भनेजस्तो र मानेजस्तो ईश्वर स्थिर

र जड मूर्तिवत् नभई गति नै अस्तित्व वा ईश्वर हो भन्ने धारणा अभिव्यक्त गरिएको छ। निःस्वार्थ र निसर्त प्रेम नै ईश्वर हो भन्ने धारणा मुखरित भएको छ। प्रकृतिका फूल, पानी, सूर्य, हावा, रूख आदिलाई प्रेमरूपी ईश्वरका दूतका रूपमा अभिव्यञ्जित गरिएको छ अर्थात् प्रकृतिको भाषा नै परम अस्तित्वको भाषा हो भन्ने धारणा प्रस्तुत गरिएको छ। मान्छेका यावत् प्रेम, दुःख, आशा, निराशा, खुसी र उत्सवलाई बुझ्न नसक्ने कुनै ईश्वर हुन नसक्ने धारणा प्रस्तुत गरिएको छ। रूढ परम्परावादीहरूले ईश्वरलाई जसरी दण्डकर्ता, भय र स्थिर विषयका रूपमा चित्रण गरेका छन् त्यस्तो नभई ईश्वरलाई प्रेमदाता, प्रेय र गतिशील तत्त्वका रूपमा प्रस्तुत गरिएको छ। यसै गरी साम्प्रदायिक ईश्वरका नाममा हुने क्रूर लडाइँ, झगडा र बर्बरताप्रति विरोध प्रकट गरिएको छ। आफ्ना स्वार्थानुकूल व्याख्या गरिएको सीमित र खण्डित व्यक्तित्वयुक्त ईश्वरको आलोचना गरेर परम्परावादी समाजको आलोचना गरिएको छ। परम्परागत ईश्वरप्रति निबन्धकारमा न आस देखिएको छ न त त्रास नै। परम्पराले बनाएका सानासाना व्यक्ति ईश्वर र ईश्वर हुन खोज्नेहरूप्रति गम्भीर असहमति प्रकट गरिएको छ। यस प्रकार परम्परागत समाजले भनेजस्तो र स्वीकार गरेजस्तो दण्डकर्ता, स्थिर, जड र भय दिने ईश्वर नभई प्रेमदाता, गतिशील र प्रेय ईश्वरको खोजी गरिएको छ। त्यो प्रेय ईश्वर समस्त संसारलाई निसर्त प्रेम दिने प्रकृति पनि हुन सक्छ र गरिब, दुःखी, पीडितको आँसु पुछेर हाँसो छर्ने जोकोही स्वतन्त्र, अस्तित्ववान् र प्रेमिल व्यक्ति पनि हुन सक्छ भन्ने विषयतर्फ समेत प्रतीकात्मक सङ्केत गरिएको छ।

### सन्दर्भ सामग्रीसूची


उपाध्याय, गोपीरमण (२०७६). **बौद्धदर्शन : सरल अध्ययन**. काठमाडौँ : नेपाल प्रज्ञाप्रतिष्ठान।

गिरि, रामानन्द (२०५०). **जनकदर्शन**. भक्तपुर : जनक शिक्षा सामग्री केन्द्र लि.।

गौतम, लक्ष्मण (२०७६). 'पूर्वीय दर्शनका मान्यता'. **नेपाल अध्ययन जर्नल**. त्रिभुवन विश्वविद्यालय. नेपाल र एसियाली अनुसन्धान केन्द्र, कीर्तिपुर, काठमाडौँ।

ढकाल, प्रमोद (२०७६). **पूर्वीय दर्शनको पुनर्व्याख्या**, काठमाडौँ : बिग फ्यामिली भेन्चर्स।

भुसाल, वेदुराम (२०६८). **नेपालमा प्रचलित दार्शनिक चिन्तनहरू**, काठमाडौँ : नेपाल प्रज्ञाप्रतिष्ठान।

सिन्हा, जदुनाथ (सन् २०००). **भारतीय दर्शन** (तृतीय संस्क.). दिल्ली।

सिन्हा, हरेन्द्रप्रसाद (सन् १९८३). **भारतीय दर्शन की रूपरेखा**, दिल्ली : मोतीलाल बनारसीदास।

हरिभद्र सुरि (२०७३). **षड्दर्शन समुच्चय**, अनु. उपाध्याय, गोपीरमण. काठमाडौँ : नेपाल प्रज्ञाप्रतिष्ठान।

■

**मानबहादुर भण्डारी**

# 'यो कविता यात्रा' कृतिभित्रको भाषिक यात्रा (पक्ष)-को समीक्षा



कवि नारायण जोशीको जन्म वि. सं. २००२ असोज २ गते धनकुटा जिल्लाको धनपा-६, सिरान बजारमा भएको थियो। उहाँका बाबुको नाम सु. कृष्णमानसिंह जोशी र आमाको नाम विष्णुकुमारी जोशी हो। उहाँले एम. ए. (नेपाली, त्रिवि), एम. एड. (भाषा, त्रिवि) र एम. एस. (विशेष शिक्षा, अमेरिका) तीन ओटा विषयमा मास्टर डिग्रीको शिक्षा हासिल गर्नुभएको छ। उहाँले त्रिविअन्तर्गतको धनकुटा बहुमुखी क्याम्पसमा ३८ वर्ष (वि. सं. २०२९–६७)-सम्म प्राध्यापन गरेर हाल सेवानिवृत जीवन बिताइरहनुभएको छ।

उहाँले प्राध्यापनबाहेक आफ्नो गृह जिल्लामा रहेर विभिन्न सामाजिक क्षेत्रमा समेत उल्लेख्य योगदान गर्नुभएको छ। धनकुटा जेसिज, रेडक्रस सोसाइटी, विश्रान्ति मन्दिर, रेयुकाई, नेपाल परिवार नियोजन सङ्घ, हाम्रो संस्कार समाज, सल्भ धनकुटा नेपाल, धनकुटा ज्येष्ठ नागरिक जिल्ला सङ्घ, नेत्रज्योति सङ्घ आदि संस्थामा विभिन्न पदमा रहेर कुशल भूमिका निर्वाह गर्नुभएको छ।

उहाँले शैक्षिक तथा सामाजिक क्षेत्रमा दक्षता र कुशलताका साथ कार्य सम्पन्न गरेबापत विविध मानसम्मान र पदक प्राप्त गर्नुभएको छ। त्रिवि सभासद्, शिक्षा दिवस पदक तीन पटक, दीर्घ सेवा पदक, प्रधानसेनापति नागरिक सम्मान पदक आदिका साथै अन्य थुप्रै शैक्षिक तथा सामाजिक सम्मानबाट उहाँ सम्मानित हुनुभएको छ।

धनकुटाले जन्माएका स्रष्टामध्येका एक कुशल साहित्य सर्जक हुनुहुन्छ नारायण जोशी। अनौपचारिक रूपमा विद्यार्थीकालदेखि नै साहित्य लेखनमा कलम चलाएका जोशी औपचारिक रूपमा भने २०७७ साल फागुन ९ गतेदेखि साहित्यिक क्षेत्रमा आफ्नो नाम दर्ता गर्न सफल हुनुभएको छ। उहाँले 'यो जीवन यात्रा' (२०७७,) 'एक

से एक प्रतिक्रिया' (२०७९), 'सपनाको सपना' (२०७९) र 'यो कविता यात्रा' (२०७९)-जस्ता महत्त्वपूर्ण कृतिहरू प्रकाशन गरिसक्नुभएको छ।

जोशी बहुमुखी प्रतिभाका धनी व्यक्ति हुनुहुन्छ। उहाँ आत्मजीवनीकार, उपन्यासकार, कवि, कथाकार, निबन्धकार, समालोचक, अनुसन्धानकर्ता, कुशल प्रशासक, दक्ष प्राध्यापक, सामाजिक अभियन्ता आदि थुप्रै विशेषताले परिपोषित हुनुहुन्छ। धेरै अनुभवबाट खारिनुभएका उहाँ जीवनको उत्तरार्द्धमा भने नेपाली साहित्य साधकका रूपमा चिनिनुभएको छ।

साहित्य सिर्जना गर्नु जटिल र महान् कार्य हो। साथै पुण्य कार्य पनि हो। ठूलठूला यज्ञ गर्नु समान हो। यस्तो पुण्य र पवित्र कार्य गरेर पाठकवर्गलाई प्रसाद बाँड्ने काम गर्नुभएको छ। उहाँमा बौद्धिक, साहित्यरूपी प्रसादको पोकाभित्र पञ्चामृत, अपुङ्गो, मेवामिष्टान्न, फलफूलका चानाहरू, नैवेद्य र फूलपाती सबै कुरा समावेश छन् जुन कुरा ग्रहण गरेर पाठकवर्ग चरम आनन्दको उत्कर्षमा पुग्न सक्छन्। यो पुण्य कार्य हो भन्ने कुरा उहाँका प्रकाशित कृतिहरूको मूल्य स्तम्भमा सादर भेट मात्र लेखेबाट पुष्टि हुन्छ।

उहाँको तेस्रो कृति 'यो कविता यात्रा' कविता विधामा आधारित छ। यस कृतिले उहाँलाई एउटा कुशल कविका रूपमा चिनाएको छ। लामो समयको लेखन साधना र अघिल्ला प्रकाशित तीन ओटा कृतिले उहाँको कवि व्यक्तित्व अत्यन्तै माझिएको, निखारिएको छ। २०७९ सालमा प्रकाशित यो कृतिको विमोचन २०७९ साल माघ २९ गते शनिबार धनकुटामा भएको थियो। यसमा जम्मा ४३ ओटा कविता समावेश गरिएको छ। कविले ४४ नम्बरमा भने एउटा लघु कथा समावेश गर्नुभएको छ। यसले निकट भविष्यमा कथासङ्ग्रह आउँदै छ भन्ने सङ्केत गरेको छ। यो कृति जम्मा १३६ पृष्ठमा फैलिएको छ। कृतिको बाहिरी कलेवर आकर्षक छ। यसैको परिणामस्वरूप भित्री रूपविन्यास त झनै मनमोहक बनेको छ।

'यो कविता यात्रा'-मा समाविष्ट ३३ नम्बरको 'आँखाका यी दुई नानीहरू' शीर्षकको कवितालाई कविले बढी महत्त्व दिनुभएको छ। 'यो कविता यात्रा' कृतिको केन्द्रबिन्दु नै हो। ३ र ३ को जोडी सङ्ख्या ३३ लाई कविले विशेष प्राथमिकता दिएर त्यहाँ समाविष्ट तस्बिरलाई कृतिको मुखपृष्ठको पछाडिपट्टि राखिएको छ। यसमा पक्कै केही रहस्य लुकेको हुनुपर्छ, आशय हुनुपर्छ। गूढार्थ हुनुपर्छ, भावार्थ हुनुपर्छ।

आँखाका यी दुई नानी
मायाका हुन् खानी
बालाई छाडी विदेश जानी
अनि आँखामा आउँदैन त पानी!

पानी र माया जहिल्यै उँधोतिर बग्छन्। कविलाई भावी पिँढी, भविष्यप्रति औधी माया छ। आँखाको नानी भनेको प्रियता हो। तस्बिरमा तीन जना व्यक्ति छन्, तीन पुस्ता देखिन्छ। यसभन्दा अगाडि तीन ओटा कृति प्रकाशित भइसकेका छन्। मानव जीवनका तीन महत्त्वपूर्ण अवस्था (च्याहाँ, आहा र उहू)-को चर्चा गरिएको छ। अर्को तीन अवस्थामा जन्म, सङ्घर्ष र मृत्युको उल्लेख गरिएको छ। त्यस्तै भूत, वर्तमान र भविष्यको चर्चा गरिएको छ। देश, जनता र नेताको चर्चा छ।

उहाँले तीन पटक शिक्षा दिवस पुरस्कार प्राप्त गर्नुभएको छ। उहाँले तीन ओटा विषयमा मास्टर डिग्री हासिल गर्नुभएको छ। कविको तेस्रो आँखो हुन्छ, किनकि अरू दुइटा आँखा हुनेले नदेखेको कुरा देखेर लेखेको हुन्छ जुन कुरा कविताको अध्ययनबाट छर्लङ्ग हुन्छ।

कवि शब्दका खेलाडी हुन्। शब्द सजावटले रङ्गीन बनेका छन् कविता। सप्तरङ्गी इन्द्रेनीजस्तै सुन्दर देखिन्छन्। शब्दहरूको छनोट, प्रयोग, संयोजन, परिष्कार र परिमार्जन विषयअनुकूल छ जसले कवितालाई भावमय बनाएको पाइन्छ। शब्द, पदपदावलीको पुनरावृत्ति अत्यधिक छ। कविता तुकबन्दीपूर्ण छन् जसले कवितालाई लयाात्मक बनाएका छन्। अनुप्रास, उपमा, रूपक, दृष्टान्तजस्ता अलङ्कारको प्रयोग अत्यन्त सौम्य छ। अनुप्रासमा पनि अन्त्यानुप्रासको प्रयोग झनै रमणीय छ। यसले कवितालाई गेयात्मक बनाएको छ। कवितामा कतै संस्कृत भाषा (वसुधैव कुटुम्बकम्, सङ्घे शक्ति कलियुगे), कतै नेवारी भाषा (अजा, अजी)-को सान्दर्भिक प्रयोग देखिन्छ। रे छ, लाग्थेन, नमिलेसी, भएसी, बेली (हिजो) आदि भाषिकाको पनि उचित प्रयोग भएको पाइन्छ। यसले कवितालाई जीवन्त बनाएको छ। एकाध कवितामा कोड मिश्रण (अङ्ग्रेजी भाषा) पनि गरिएको छ। अझ रमाइलो त नेपाली जनजिब्रोमा भिजेका उखानहरूको प्रयोग अत्यन्तै सान्दर्भिक देखिन्छ, जस्तै– आयो गयो मायामोह, आएन गएन को हो को हो; एउटा माघले जाडो जाँदैन; आफू राँड संसार भाँड; आफू भलो त जगतै भलो आदि। कवितामा मिथक (दन्त्यकथा, पौराणिक कथा)-हरूको प्रयोग यथोचित भएको छ, जस्तै– सीता खोज्दै हनुमान् गएजस्तै, घिसारिएको घण्टाकर्णझैँ, दुष्यन्तले शकुन्तलालाई दिएको औँठी प्रकरण (गन्धर्व विवाह), द्रौपदीको सारीजस्तो, बुख्याचाजस्तै, सतीदेवीको अङ्गपतन आदि।

भाषाशैलीका दृष्टिले उहाँका कविता सरल, सहज र सुबोध्य बनेका छन्। पाठकवर्गलाई ख्याल गरी रचना गरिएका कविताहरू बुझिने छन्। यो कविता यात्राका सबै कविता पढ्दा मलाई कविता होइन, कथा पढेजस्तो लाग्यो। कविताहरू गद्यात्मक रचनाजस्तै सहज र सुरम्य बनेका छन्। यो कविको भााषिक प्रयोगको कुशलता हो।

भाषा प्रयोगकै कारण कविताको गुण र रूप सौन्दर्यलाई माथि पुऱ्याएर पाठकवर्गलाई मनोरञ्जन दिलाउन सफल देखिन्छ। शृङ्खला मिलेका मौलिक रचनाले कविको कलाकौशललाई प्रस्ट्याएको छ। सरल अभिव्यक्ति, स्वच्छन्द भाव र तुकबन्दीपूर्ण रचनाकौशलले कविता सुन्दर बान्कीका बनेका छन्। रस, अलङ्कार, वक्रोक्ति, सङ्क्षिप्तता, सूचनात्मकताजस्ता साहित्यिक गुणले भरिपूर्ण भएकाले कविता रमणीय बनेका छन्। एउटा कुशल भान्सेले पकाएर दिएको भान्सा स्वादिलो नहुने कुरै छैन। कविता स्वादिला, आकर्षक, कौतूहलपूर्ण र रोचक बनेका छन्। मलाई विश्वास छ, उहाँको कविता यात्राले धेरै कवि जन्माउने छ। नेपाली साहित्यिक बगैँचामा एउटा सुगन्धित सुन्दर फूल फुलेको छ। मेसीले फुटबल खेलाएर वर्ल्डकपमा गोल्ड कप चुमे। कविले पनि नेपाली साहित्यजगत्को गोल्ड कप चुम्न सफल हुनुहुने छ भन्ने पूर्ण विश्वास छ।

'यो कविता यात्रा'-का कविताहरूकै आधारमा कवि व्यक्तित्व र विशेषताहरूको अति छोटो चर्चा गर्ने जमर्को गरिएको छ। जोशी विशेषतः प्रेमवादी कवि हुनुहुन्छ। उहाँका कविताभरि प्रेम भाव नै छताछुल्ल भएर पोखिएको छ। तर कविको प्रेम प्रणयप्रेमसँग मात्र सम्बन्धित नभई मातृवात्सल्य प्रेम, राष्ट्रप्रेम, प्रकृतिप्रेम, भातृत्व प्रेम, बन्धुत्व प्रेम आदि सबैसँग सम्बन्धित छ। प्रणयप्रेमको वर्णन पनि शृङ्गारिक, मांसल मात्र नभई स्वच्छ, पवित्र र आत्मिक किसिमको छ। यो संसार त मायाप्रेममै चलेको छ। नारी सिर्जनाकी मूल हुन्। एउटी नारी रित्तो कोख र रित्तो काख लिएर बाँच्न सक्दिनन्। माया बाँड्ने ठाउँ खोज्ने नारीको मातृवात्सल्य प्रेम भावलाई कलात्मक अभिव्यक्ति दिनुभएको छ कविले आफ्ना कवितामा।

जोशी राष्ट्रप्रेमको भावना भएका कवि हुनुहुन्छ। उहाँले कवितामार्फत राष्ट्रियता र सार्वभौमसम्पन्न देशको कल्पना गर्नुभएको छ। केही पाउन केही गुमाउनैपर्छ। सहिदको योगदानले हामीले प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र पाएका हौँ। कवि समकालीन समाजका सचेत प्रहरी हुनुहुन्छ।

उहाँले नेताहरूप्रति खबरदारी गर्नुभएको छ। देश, जनता र माटोप्रति सकारात्मक सोच राख्न सन्देश दिनुभएको छ। उहाँले देशमा स्थायी शान्तिको चाहना गर्नुभएको छ। शान्ति शब्द कवितामा धेरै ठाउँ प्रयोग गर्नुभएको छ– ओम् शान्ति, जय शान्ति, क्रान्तिको विपर्याय शान्ति आदि। कविले नेपाली हुनुमा गर्व गर्नुभएको छ। देश बचाउन सहकार्य गर्नुपर्छ। रीति, थिति, विधिको परिपालनले मात्र ख्याति कमाउन सकिन्छ।

जोशी जीवनवादी कवि हुनुहुन्छ। उहाँ जीवनप्रति आशावादी हुनुहुन्छ। जीवनलाई गुलाफसँग तुलना गर्दै सुवासिलो सुन्दर जीवनको अपेक्षा गर्नुभएको छ।

जीवन सङ्घर्षशील छ। जन्म, सङ्घर्ष र मृत्युको परिधिमा जीवनलाई समेटेर अस्तित्वको रक्षा गर्न मानवले सङ्घर्ष गर्नुपर्ने कुरालाई मार्मिक ढङ्गबाट व्यक्त गर्नुभएको छ। जीवन मरणशील छ, तसर्थ बाँचुन्जेल कीर्ति राख्न केही गर्नैपर्छ। जन्मेपछि मानिस भएर बाँच्ने न कि पशु। वैज्ञानिक युगले जीवन मेसिनजस्तै बनेको छ। यो पङ्खाजस्तै घुमिरहन्छ। समय बलवान् छ। यसले पर्खंदैन। हामीले यसको महत्त्व बुझेर कार्य गरेमा जीवनलाई सार्थक बनाउन सकिन्छ भन्ने कुरा कवितामा व्यक्त गरिएको छ।

जोशी प्रकृतवादी कवि हुनुहुन्छ। कविको दृष्टि नै सुन्दर छ। प्राकृतिक वस्तुहरूको सुन्दर वर्णनमा कवि रमाउनुभएको छ। मानिस प्रकृतिको उपज हो। जन्म र मृत्यु प्राकृतिक कुरा हो। जीवनलाई प्रकृतिको रङमा घोलेर रङ्गीन बनाइएको छ। प्रकृतिको अनुकरण असाध्यै रमाइलो ढङ्गबाट गरिएको छ। यस कुराको पुष्टिका लागि 'राम्री रारा' शीर्षकको कविता नै काफी छ। कविको विचारमा रारा कति रमाइलो, रसिलो, राम्रो र सुन्दर देखिन्छ। वैज्ञानिक युगले प्रकृतिलाई पनि प्रहार गरेको छ। चारैतिर विसङ्गति र अप्ठ्यारो छ। आफ्ना कवितामा कविले बिग्रँदै गएको वातावरणप्रति चिन्ता व्यक्त गर्नुभएको छ।

जोशी अध्यात्मवादी कविका रूपमा पनि चिनिनुभएको छ। यो कविको प्रौढ उमेर र मस्तिष्कको उपज हो। मानिस जन्म र मृत्युको दोसाँधमा छ। च्याहाँबाट सुरु भएको जीवन आहा हुँदै उहूमा पुगेर समाप्त हुन्छ। मानिस जन्मँदै एउटा आँखामा हाँसो र अर्को आँखामा आँसु लिएर आएको हुन्छ। मर्न कसलाई मन छ? सय वर्षको आयु, ११० वर्ष बाँचिसक्दा पनि अझै आस हुन्छ। तर मृत्यु सुनिश्चित छ, सत्य हो। सत्यम्, शिवम्, सुन्दरम्जस्ता दार्शनिक विचारबाट अस्तित्ववादी जीवनदृष्टि पनि पोखिएको छ उहाँका कवितामा।

जोशी नैतिक आदर्शवादी कविका रूपमा पनि उभिनुभएको छ। नेतालाई अनुशासनको पाठ सिकाउनु कवि आफ्नो धर्म ठान्नुहुन्छ। मानिसलाई सकारात्मक सोच राखेर कार्य गर्न सन्देश दिनुहुन्छ। सुन्दर दृष्टि राख्नु हामी सबैको दायित्व हो। नैतिक शिक्षाले नै सद्‌गुण, सद्भाव, सदाचार, सहिष्णुता, सचेतना आदि धेरै सको विकास गर्छ। कविको विचारमा आफू जलेर अन्धकारलाई हटाई उज्यालो छर्नुपर्छ। कविभित्रको गुरु कतै बत्ती, कतै मैनबत्ती, कतै धूप, कतै गुलाफ भएर कविताभरि पोखिएको छ। भावी सन्ततिलाई असल, ज्ञानी र चरित्रवान् बन्ने, बडालाई आदरसत्कार गर्ने, सानालाई माया गर्नेजस्ता सामाजिक मूल्यमान्यता र सही संस्कार सिक्नेजस्ता आदर्शवादी सन्देश पनि दिनुभएको छ। प्रिय वचन बोलेर फाटेको मनलाई जोड्ने र दुखेको घाउमा औषधी छर्ने काम गर्नुपर्छ।

कविले अहिलेको तमासे, देखावटी, बनावटी, आडम्बरी, मनपरी गर्ने व्यक्ति तथा समाजप्रति व्यङ्ग्य प्रहार पनि गर्नुभएको छ। साथै मानिसलाई सिर्जनशील बन्ने प्रेरणा दिनुभएको छ। भावी पिँढीको सुन्दर भविष्यको अपेक्षा गर्नुभएको छ। कवि आफू पनि आर्थिक र मानसिक हिसाबले सामार्थ्यवान् भई 'सान'-का साथ बाँच्ने र अरूलाई पनि त्यही पाठ सिकाउने बाटोमा लाग्नुभएको छ।

आफूजस्तै सुन्दर कविता रचना गरेर पाठकको मनलाई आकर्षित गर्दै शिक्षा र आनन्द दिने कुशल कविलाई 'यो कविता यात्रा'-का लागि शुभकामना दिन्छु। अझ अब्बल दर्जाका कृतिहरू रचना गर्ने समय र ऊर्जा मिलोस्। सङ्केतअनुसार नै अब चाँडै कथा यात्रा पढ्न पाइयोस्। यसै गरी आफ्नो ज्ञानरूपी घैँटाको पानी बाँडेर नै समय बितोस्। कविलाई दिनमा तीन चोटि बाडुली लागोस्। अहिलेलाई यति नै भ्याएँ, यति नै लेखेँ।

कविको शारीरिक रूप, गुण, बौद्धिक व्यक्तित्व देखेर र 'यो कविता यात्रा' पुस्तक पढेर यसले पारेको प्रभावबाट म यस्तो लोभिएँ कि अनि मलाई लेख्नै मन लाग्यो– जोशी सरको जस्तो जोस मेरो पनि होस्।

■

**डा. अम्बिका अर्याल**

# नारीसङ्घर्ष, चेतना र सफलताको फेहरिस्त : 'फरैना' उपन्यास



पृथ्वीको आधा हिस्सा ओगटेका नारीका हक, अधिकार तथा विभेदकारी नीतिको सुधारका विषयमा पश्चिममा चलेका आन्दोलनको प्रभाव पूर्वमा पनि परिरह्यो। उता कानुनी अधिकार सुनिश्चित भइसकेर आन्दोलन मत्थर भइसक्दा नेपालमा नारी चेतनाको लहरले प्रवेश गर्‍यो र नारी अधिकार सुनिश्चितताका लागि थालिएको नारी सङ्घर्ष बिस्तारै सशक्त बन्दै गयो। विभिन्न राजनीतिक आन्दोलन तथा महिला आन्दोलनमा काँधमा काँध मिलाएर अघि बढेको नारी चेतनाको लहरले नेपाली साहित्य सिर्जनालाई समेत प्रभावित पारिरह्यो। एउटै धरतीमा पाइला टेकेका, उस्तै अनुभूति बोकेका नारी र पुरुषबीच लिङ्गका आधारमा निर्माण गरिएको पृथक् सोच र व्यवहारका साथै वर्ग, जात र पहुँचले

निर्माण गरेको विभेद तथा दमनको विरुद्धमा चलेका कलमी आन्दोलन आजसम्म पनि रोकिएका छैनन्। एक्काइसौँ शताब्दीको नेपाली समाजमा नारी अधिकार एवम् समानताका गीतहरू सडक र सदनमा घन्किएका मात्रै छैनन्, नीतिनियम तथा कानुनी दायरामा सुनौला अक्षरले कुँदिएका समेत छन्। तर कार्यान्वयनमा अलपत्र परेका नारी पहिचान र अधिकारको नारामाथिको प्रश्नचिह्न आज पनि उस्तै छ। आर्थिक हिसाबले सक्षम र कथित उपल्ला जातिका नारीहरू त पितृसत्ताले गरेको शोषण र विभेद विरुद्धको लडाइँबाट छुटकारा पाएका छैनन् भने तल्लो वर्ग तथा जातका महिलामाथि परेको दोहोरो शोषणको मारलाई मध्यनजर गर्ने कसले? वर्तमान आधुनिक एवम् वैज्ञानिक युगमा त्यो दलदलबाट उठाउने कसले? कानुनी अधिकारलाई अक्षरशः पालन नगर्ने सामन्तीका विरुद्ध खुलेआम लडेर तिनको हितमा आवाज उठाउने कसले? हो, तिनै आवाजविहीनको आवाज बनेर देखा परेको छ सन्तोष श्रेष्ठको **फरैना** उपन्यास।

फरैनाजस्ता ग्रामीण भेगका गरिब, अपहेलित, दमित तथा उत्पीडित बालबालिकाको पटपट फुटेका नाङ्गा पाइलाबाट निस्केका रगतका डोबले धरतीको धूलो मात्र सोस्दैन, जन्मभूमिको सुगन्ध चिनेर समुन्नत देशको निर्माणमा अनेक सम्भावनाको लहर बगाउँछ। तसर्थ यस उपन्यासमा प्रस्तुत फरैनाको सङ्घर्ष, चेतना र सफलताको कथाले केवल कुनै एक जाति, वर्ग र समुदायको प्रतिनिधित्व नगरेर सिङ्गो मुलुकभित्र विविध कारणबाट उत्पीडन खेप्दै आएका आम नागरिकका व्यथा र समतामूलक राष्ट्रनिर्माणप्रति हरेक नागरिकमा जागृत चेतनाको लहर तथा अपेक्षा र कदमलाई समेत द्योतन गरेको छ। यति मात्र होइन, फरैनाको बाल्यकालदेखि यौवनसम्मको कथालाई बोकेर निम्नवर्गीय थारू समुदायकी कमलरी नारीमा भएको साहस, कौशल, बुद्धि र रणनीतिलाई आदर्श रूपमा चित्रण गरिएको यो उपन्यास जातीय, वर्गीय एवम् लैङ्गिक विभेद र कुप्रथामाथिकै चुनौती बनेर देखापरेको छ।

**फरैना** दाङ जिल्लाको झिङ्नी गाउँमा प्रचलित कमैया-कमलरी प्रथा र त्यसबाट उन्मुक्तिका लागि नारीले चालेको साहसिक कदमलाई मुख्य कथावस्तु बनाइएको उपन्यास हो। यसमा लालच र द्वेषको लेस नभएका परिश्रम र पसिनाले धोएको सुकिला मन बोकेर बाँचेका कमैयावर्गको जीवन भोगाइको शब्दचित्र मार्मिक रूपमा प्रस्तुत गरिएको छ। फरैना यस उपन्यासकी नायिका हो। उसकै नामबाट यस उपन्यासको नामकरण गरिएको छ। नारी पात्रकै केन्द्रीयतामा नारी सङ्घर्ष र सफलताको कथालाई विषयवस्तु बनाइएको यस उपन्यासमा दाङका थारू समुदायको सामाजिक, राजनीतिक, आर्थिक एवम् सांस्कृतिक पक्षलाई समेत स्थान दिइएको छ। यो कथित तल्लो जात र वर्गकी कलिली बालिकाले कमलरी बन्नुपर्दा भोगेका पीडा र सङ्घर्षका

कथाका साथसाथै त्यही भुइँमान्छे एक दिन सभामुख, प्रधानमन्त्री तथा राष्ट्रपतिसम्म बन्न सफल भएको कथालाई बुनिएको आदर्शोन्मुख यथार्थवादी प्रवृत्तिको उपन्यास हो। यसले पाठकको मनलाई एकातिर भावना, करुणा र दयाको नमीठो अनुभूतिमा तैराएर तनावग्रस्त तुल्याइदिने र अर्कातिर हर्षको गर्विलो लेपको मोहनीमा समेत फसाइदिन सक्ने सामर्थ्य बोकेको छ।

प्रकृतिको चित्रणबाट प्रारम्भ भएर प्रकृति चित्रणमै अन्त्य गरिएको यस उपन्यासमा कमलरी नारीको दयनीय अवस्था र सङ्घर्षलाई यथार्थ रूपमा प्रस्तुत गरिएको छ। झिङ्नीको प्रकृति, समाज, संस्कृति तथा रहनसहनको वर्णनका क्रममा देखिएको स्थानीय रङको लेपनले उपन्यासको काल्पनिक संसारबाट यथार्थ जगत्मा पाठकलाई फर्काइदिने मात्र होइन, **फरैना** उपन्यासकी काल्पनिक पात्रभन्दा बढ्ता यथार्थ प्रतीत हुन्छे र उसका व्यथालाई पाठकले आफ्नै व्यथा सोच्नसमेत बाध्य हुन्छ। फरैनाले बोल्ने भाषा र लवजले पाठकलाई थारू समुदायभित्र पुऱ्याउँछ। ऊ भन्छे– "साट आठ सालअघिको कुरा हो, त्यटि बेला म आठ वर्षकी ठिएँ। डुई वर्ष स्कुलमा गएर पढेँ। मेरो पढाइ पनि राम्रै ठियो। पछि भाइ पनि बिट्यो, आमा पनि बिटिन्, बुबाले कान्छी आमा ल्याए। ऋण लाग्यो। बाले मलाई स्कुलबाट पढ्न छुताएर जिमडारको घरमा काम गर्न लगाइडिए। टेई भएर कमलरी काम गर्नुपरेको हो" (पृ. २१)। यसमा प्रयोग गरिएको लवजले फरैनालाई केवल कुनै उपन्यासकी पात्रझैँ प्रतीत नगराएर वास्तविक थरुनी कमलरी बच्चाको झल्को त दिएको छ नै। यसका साथसाथै एउटी टुहुरी बालिकाले सहनुपरेका पीडा, दयनीय अवस्था र सङ्घर्षको चित्रलाई समेत यसले खिचेको छ।

पारिवारिक, आर्थिक एवम् सामाजिक परिवेशले सिर्जना गरेको बाध्यात्मक परिवेशका कारण फरैनाले भोग्नुपरेका उत्पीडनका विरुद्धमा जागृत चेतनालाई यस उपन्यासमा स्थान दिइएको छ। उसमा वर्गीय विभेद, कुप्रथा र लैङ्गिक विभेदप्रतिको चेतनाको बीजारोपण बाल्यकालदेखि नै भएको देखाइएको छ। सानैदेखि असाधारण क्षमता र प्रतिभा भएकी बालिकाका रूपमा उपन्यासकारले फरैनाको वर्णन गरेका छन्। उसका बाबु रूपलाल र आमा जुगन्याले ऊमाथि ठूला सपना पनि सजाएका छन्।

खाली पैताला, खडेरीले चिरा परेका बाँझा खेतजस्ता फुटेका कुर्कुच्चाबाट रगत बगाउँदै जमिनदारका गाईबस्तु चराउन गएकी फरैनालाई जोगीको वेशमा आएको बटुवाले भेटेपछि भन्छ– "हेर, आजको समयमा पनि यसरी अरूको घरमा दास बनेर बस्नु भनेको मानवताकै उपहास हो। मानिसको संवेदनशीलतामाथिको खेलबाड हो। स्वतन्त्रतालाई बन्धक बनाउनु हो। जीवनको कलकलाउँदो बिरुवालाई सानैमा निमोठ्नु हो।... शोषण र दमनको विभेदरूपी साङ्लोलाई हामीले अब चुँडाल्नुपर्छ"

(पृ. २३)। उसको यस कथनले फरैनाको ज्ञानको आँखा खुलाइदिएपछि उसमा कमैयाको वास्तविक अवस्था र त्यसप्रतिको विद्रोही चेतको झिल्का सुरु भएको देखिन्छ। तर जतिसुकै प्रतिभाशाली भनिए पनि शिक्षाको ज्योतिबाट वञ्चित गराइएकी र कमलरीका रूपमा निश्चित घेराभित्र थुनिएकी एउटी बालिकाले एक दिन मात्र सुनेको यस किसिमको दार्शनिक चिन्तनलाई बुझ्नु र प्रेरित हुनु त्यति सान्दर्भिक लाग्दैन।

यस उपन्यासमा बटुवासँगको भेटपछि फरैनामा परेको प्रभाव अचम्मको छ जसले उसमा वर्तमानको समस्या र त्यसबाट उन्मुक्तिका लागि चेतनाको ज्योति बालेको छ। ऊ भन्छे– "...हामीले पुर्खौंदेखि यस्तै अवस्था भोग्दै त आयौँ के अबका भावी पिँढीले समेत यस्तै अवस्था भोग्दै जानुपर्ने होला त? के यस्तो दुःखकष्टबाट छुटकारा पाउने कुनै उपाय छैन त? के हामीले अब कुनै आँट र साहस गर्नै सक्दैनौँ त ?... कति वर्षसम्म यस्तै निरीह भएर बाँच्ने हामी?" (पृ. २७) फरैनामा विगत, वर्तमान र भविष्यप्रति एकै चोटि प्रश्न गर्दै अन्याय, शोषण र विभेदबाट छुटकारा पाउने उपायको खोजी गर्न सक्ने चेतनाको विकास भएको अवस्थालाई यसले द्योतन गरेको छ।

यस उपन्यासमा फरैना र उसका बाबुआमामा जातीय, वर्गीय एवम् लैङ्गिक पहिचानप्रतिको चेतना जागृत भएको छ। मान्छेमान्छेबीच विभेद गरिने परिपाटीको विरोधमा फरैनामा जागृत चेत यस्तो छ– "...हामी पनि उनीहरूजस्तै मान्छे हौँ नि। कति उनीहरूको नोकर भएर बस्ने? बोल्दै गएपछि हाम्रो बोली पनि एक दिन यो पहाडले सुन्ला, समाजले सुन्ला, देशले सुन्ला। हामीले बोल्ने काम छाड्नु हुँदैन। यिनीहरूको हेपाइचेपाइबाट अब हामी माथि उठ्नुपर्छ" (पृ. ३७)। साथीहरूलाई सम्झाउने क्रममा कमलरीका रूपमा दमन खेप्दै आएकी फरैनाले भनेको यस कथनले मान्छेमान्छेबीच विभेद गर्ने प्रवृत्तिका विरुद्धमा आवाज उठाउन छाड्न नहुने विचार प्रस्तुत गरेको छ। जमिनदारहरूको दमन र अन्याय सहने होइन, त्यसका विरुद्धमा बोल्न सक्नुपर्छ भन्ने भाव फरैनाले सबैसामु प्रस्तुत गर्नु वर्गीय विभेदप्रतिको सचेतना तथा कमलरीका रूपमा हेपिनुपर्ने परिपाटीको विरोधका साथै थारू समुदायका महिलाको स्वतन्त्र पहिचानप्रतिको चेतनासमेत हो।

थारू समुदायका मानिसहरूको नेपाली भएर पनि नेपालीको पहिचान दर्साउने कुनै प्रमाणसमेत नभएको तथ्यलाई यस उपन्यासमा प्रस्तुत गरिएको छ। "साराका सारा नागरिक भएका यो देशमा रूपलाल र जुगन्या नेपाली नागरिक भएको कुनै प्रमाण थिएन। तिनै जमिनदार कारण थिए यति बेलासम्म उनीहरूले नागरिकताको प्रमाणपत्र नै नपाउनु। नागरिकता कस्तो हुन्छ, उनीहरूलाई केही थाहा थिएन" (पृ. ५५) भन्ने समाख्याताको कथनले जमिनदारका कारण थारू समुदायका नागरिकले नागरिकता पनि नपाएको तथ्यलाई प्रस्ट पारेको छ।

यस उपन्यासमा मान्छेभित्र मालिक र दासको विभेदको पर्खाल सिर्जना गरेर अमानवीय व्यवहार गर्ने शासक वर्गप्रतिको विद्रोही चेत प्रस्तुत गरिएको छ। यसमा आफ्नी छोरीले वर्गीय विभेदको भासबाट उतार्ने छे भन्ने सपना बोकेको फरैनाको बाबुको कथन छ– "मैले जिन्दगीको दलदलको कुरा गरेको छोरी! पुस्तौँदेखि हामी अरूका दासदासी भएर बाँचेका छौँ। स्वतन्त्र मान्छे भएर बाँच्न पाएका छैनौँ। छातीमा एक मुठी सास त छ तर ढुकढुकी अरूको निगाह र निर्देशनले चलिरहेछ। हामी आफूजस्तो हुन पाएका छैनौँ" (पृ. ६६)। रूपलालको यस कथनले स्वतन्त्र रूपमा मान्छे भएको महसुस गरेर बाँच्न नपाएको सन्दर्भका माध्यमबाट जमिनदारले दासदासीमाथि गर्ने व्यवहार र त्यसबाट उन्मुक्तिका लागि जागृत चेतना प्रस्तुत गरेको छ।

यस उपन्यासमा थारू समुदायका नारी र पुरुषमा समेत विभेद रहेको तथ्य प्रस्तुत गरिएको छ। पितृसत्तात्मक सोच बोकेको थारू समुदायका नारीहरू वर्गीय हिसाबले मात्र नभएर पितृसत्तात्मक व्यवस्थाका कारण पनि दमनमा पर्ने गरेको सन्दर्भ फरैनाको यस किसिमको कथनले प्रस्ट पारेको छ– "के थारू महिलाहरू पनि गुरुवा बन्न सक्दैनन्? के थारु महिलाहरू पनि गाउँको महटाँवा बन्न सक्दैनन्? यसमा किन पुरुषको मात्रै अधिकार? र आफैले आफैलाई उत्तर दिई, म तोड्ने छु एक दिन पुरुषहरूको एकाधिकार" (पृ. ७३)। उसको यस कथनमा गुरुवा तथा महटाँवाजस्ता पदहरू थारू पुरुषका पेवा बनेको तर नारीहरूलाई भने कुनै अधिकार नदिएको सन्दर्भको विरोध गरिएको छ। एक दिन यस किसिमको विभेदलाई पनि तोड्ने उसको प्रतिबद्धतासमेत यसमा देखिन्छ।

पितृसत्ताले मानेझैँ फरैना नारी भएकै कारणले कुनै कुरामा पनि कमजोर छैन। उसमा गीत गाउने, अतिरिक्त क्रियाकलापमा भाग लिने, बालगीत प्रतियोगितामा प्रथम हुने, पढाइमा पनि अब्बल रहने प्रतिभा छ। उसमा मात्र होइन, फरैनाकी आमा जुगन्यामा पनि अनेक प्रतिभा र कौशल छ। "जुगन्या त्यो गाउँका अन्य महिला दिदीबहिनीसँग पढ्थिन्। उनी भने अरूको अगाडि अलि चलाख र नेतृत्व गर्न सक्ने खालकी थिइन्। त्यसैमा पनि अब त अक्षर चिनिसकेकी र सबैका सामु निर्धक्क बोल्न सक्ने भइन्" (पृ. ९५) भन्ने समाख्याताको कथनमा शिक्षामा मात्र नभएर नेतृत्व गर्ने क्षमतामा समेत अब्बल रहेकी जुगन्याको चरित्र प्रस्तुत गरिएको छ।

यस उपन्यासमा जुगन्याले पारिवारिक र सामाजिक कठिनाइका बाबजुद कमैया/कमलरी मुक्तिका लागि आफूले नेतृत्वदायी भूमिका निर्वाह गर्ने सोच बनाएकी छ। उसले आफू र आफ्नो समुदायको उत्थानका लागि अगाडि सर्नुपर्ने दृढ सङ्कल्पसमेत गरेकी छ (पृ. ९६)। उसको नेतृत्वमा आन्दोलन अगाडि बढ्ने भन्ने कुरा चारैतिर

फैलिएपछि जमिनदारहरूबाट भयानक षड्यन्त्र सुरु भएको छ। "एक दिन रातको समयमा रूपलाल र जुगन्याको झुपडीमा उनीहरू सुतेको र निदाएको अवस्थामा षड्यन्त्रकारीहरूले आगो लगाइदिए। बाहिर निस्किएपछि उनीहरूलाई मार्ने योजनासमेत बनाइएको थियो" (पृ. ९७) भन्ने समाख्याताको कथनले जुगन्याको नेतृत्वदायी भूमिका र त्यसलाई दबाउने जमिनदारको क्रियाकलापलाई प्रस्ट पारेको छ।

व्यक्ति सफल हुनका लागि धैर्य र साहसको आवश्यकता पर्ने धारणा फरैनामा विकसित भएको छ। उसले महान् व्यक्तिहरूको जीवनकथा पढेर आफ्नो वैचारिक धरातललाई व्यापक बनाएकी छ (पृ. ११५)। यौवन अवस्थामा पुगेकी फरैनामाथि जमिनदार तथा तिनका सन्तानले आँखा लगाउने मात्र होइन, जबर्जस्ती गर्ने योजनालाई बारम्बार असफल बनाएकी छ। ऊ भन्छे– "हेर्, मलाई धेरै नजिस्का। तेरो पाखुरासाखुरा भाँचेर यही खोलामा फाल्दिन्छु।... तैँले जिस्किन अरू कोही पाइनस् मुर्दार?" (पृ. १२०) उसमा आत्मबल मात्र होइन, शारीरिक सक्षमता र साहस पनि उत्तिकै छ।

उमेर छिप्पिएका जमिनदारहरूले लगाएको गिद्धे दृष्टि र शारीरिक शोषणको दुष्प्रयासलाई असफल बनाउने मात्र होइन, आइलाग्नेमाथि जाइलाग्ने स्वभाव पनि फरैनामा देखिन्छ। आफूलाई यौनहिंसा गर्न अघि सर्ने व्यक्तिलाई कोदालोको पातोले टाउकामा बजार्ने उसको क्रियाकलाप यसकै प्रतिफल हो। तर त्यही समुदायका कमजोर र निकै लजालु स्वभावका किशोरीहरू भने ती सामन्तहरूको सिकार भएर गर्भवती हुन पुग्ने र थारू जातिकै अर्को केटो खोजेर जमिनदारले पन्छाउने प्रवृत्ति भएको सन्दर्भ पनि यस उपन्यासमा प्रस्तुत गरिएको छ (पृ. १४०)। यसर्थ पितृसत्तात्मक सोच बोकेका पुरुषले नारीमाथि गर्ने यौनहिंसाप्रति सजग र विद्रोही एवम् जुझारु स्वभावकी हिम्मतिली पात्रका रूपमा फरैनालाई लिन सकिन्छ।

यस उपन्यासमा थारू समुदायमाथि जमिनदारले गरेको शोषणका विरुद्धमा जागृत चेतनाको लहरले व्यापक रूप लिएपछि त्यसको नेतृत्वको जिम्मा फरैनामा आएको छ। ऊ मन, वचन र कर्मले प्रतिबद्ध भई आन्दोलनमा होमिएकी छ (पृ. १४५)। उसले आन्दोलनकी नायिका बनेर दिएको सारगर्भित, मर्मस्पर्शी एवम् प्रभावकारी भाषणले सबैको ध्यान खिचेको छ। ऊ भन्छे– "हामी पनि यही देशका नागरिक हौँ। देशका नागरिक भएर पनि स्वतन्त्र रूपमा बाँच्न पाएका छैनौँ। हामीले हाम्रो संविधानप्रदत्त स्वतन्त्रताका धेरै हकहरू आजसम्म पनि व्यावहारिक तवरले प्राप्त गर्न सकेनौँ।... पुस्तौँदेखि हामी अर्काको घरमा दासदासी भएर बस्न बाध्य पारियौँ। समाजमा विद्यमान शोषण, दमन, उत्पीडन, अन्याय र अत्याचारको पराकाष्ठालाई सहन गर्दै आयौँ। अब हामी कदापि चुप लागेर बस्ने अवस्थामा छैनौँ" (पृ. १४९)। उसको यस कथनमा

थारू समुदायले दासदासीबाट मुक्ति नपाएको, देशको नागरिकको हैसियतमा बाँच्न नपाएको, दमन र अन्याय सहेर बाँच्नुपरेको तथ्य र यसविरुद्ध नारीमा जागृत चेतना प्रस्तुत गरिएको छ।

सामाजिक अभियन्ताका रूपमा सचेत तवरले नेतृत्वदायी भूमिका निर्वाह गरेकी फरैना विभिन्न सङ्घसङ्गठनमा आबद्ध हुनु नारी सशक्तीकरणको बलियो पाटो हो। ऊ महिला जनजागरण अभियानकी नेत्री तथा राष्ट्रिय स्तरमै पीडित महिला मुक्ति मोर्चाकी अध्यक्षसमेत बनेकी छ। उसमा जस्तोसुकै स्थान र परिवेशमा बोल्न, चल्न सक्ने र कुनै पनि विषयवस्तुमा निर्णायक भूमिका खेल्न सक्ने अपार क्षमताको विकास भइसकेको छ (पृ. १५७)। उसलाई माओवादी पार्टीमा संलग्न भएको आरोपमा प्रहरीले गिरफ्तार गरी जेलमा राखेको छ र छ महिनापछि मात्र छुट्न सफल भएकी छ। उसको बाबु रूपलाल पनि जनजाति किसानको नेतृत्व गरेर सडक आन्दोलनमा होमिएको बेला छातीमा गोली लागेर उसले मृत्यु वरण गरेको छ। फरैनाको प्रेमी सोमलाल किसान नाइकेका साथै उज्यालो भविष्य कृषि उद्यम तथा किसान सङ्घको अगुवा बनेको छ। यसरी फरैना मात्र नभएर उसका आमाबाबु र प्रेमीसमेत थारू मुक्ति आन्दोलनमा होमिएका छन्।

नेतृत्वदायी भूमिकामा अब्बल ठहरिएकी फरैना हरेक क्षेत्रमा सफल बन्दै गएकी आदर्श पात्र हो। बाल्यकालमा राम्ररी खान, लाउन र पढ्नसमेत नपाएकी कमलरी फरैना कमैया-कमलरी मुक्ति आन्दोलनकी नेत्री मात्र होइन, समानुपातिकबाट देशको सभासद्समेत बनेकी छ (पृ. १७८)। उपन्यासकारका अनुसार ऊ सत्यको बाटोमा हिँडेकी नारी हो। उसले एक्लो बृहस्पति बन्नुपरे पनि सत्यको बाटोमा लम्किएका आफ्ना पाइलाहरूलाई कहिल्यै डगमगाउन दिइन (पृ. १९१)। यसर्थ एकपछि अर्को सफलता क्रमशः उसको हात लाग्दै गएको छ। दोस्रो पटक संविधानसभाको प्रत्यक्ष निर्वाचनमा विजयी भएकी फरैना सामाजिक विकास समितिकी सभापति एवम् समाजकल्याण तथा गरिबी निवारण मन्त्रीसमेत बन्न पुगेकी छ। यसपछि भने देशको कार्यकारी प्रधानमन्त्री बनेर विश्वमा एउटा नमुना देशका रूपमा आफ्नो मुलुकलाई चिनाउने अभिलाषा उसमा पलाएको छ (पृ. २०४)। यसरी राजनीतिक क्षेत्रमा होमिएर एकाएक सफलताको शिखरमा आफ्ना पाइला अघि बढाउने भाग्यमानी नेत्रीका रूपमा फरैनालाई उपन्यासकारले चित्रित गरेका छन्।

यस उपन्यासकी फरैना केवल मन्त्री बनेकी छैन, ऊ आफ्नो पार्टीको संसदीय दलकी नेतामा पनि निर्वाचित भएकी छ। निर्वाचित सांसदमध्येबाट देशको प्रधानमन्त्री छनोट गरिने व्यवस्थाअनुसार मतदान हुँदा नेपाली राजनीतिको इतिहासमा नेपालकी

प्रथम महिला प्रधानमन्त्रीमा ऊ निर्वाचित हुन पुगेकी छ (पृ. २०८)। आफू प्रधानमन्त्री भएपछि संविधान संशोधन गरी जनताले कार्यकारी राष्ट्रपतिको चयन गर्न पाउने व्यवस्था गरेकी फरैना दुईतिहाइ संसद् सदस्यहरूको निर्णयले पारित गरेको संशोधित संविधानबमोजिम निर्वाचन हुँदा अत्यधिक मतले विजयी भई राष्ट्रपतिसमेत बनेकी छ (पृ. २२१)। यसरी निम्नवर्गीय थारू परिवारमा जन्मेर कमलरीका रूपमा जमिनदारका घरमा अनेक सङ्घर्ष गर्दै हुर्किएकी फरैनामा उदाएको ज्ञानको ज्योति र सङ्घर्षशील कदमको प्रफिलका रूपमा अनेक सफलता हात परेको देखाइनुले यस उपन्यासलाई यथार्थको धरातलबाट माथि उठाएर आदर्शतर्फ लम्काएको छ। यस उपन्यासकी फरैना दोहोरो शोषणमा परेकी नारी हो। एकातिर वर्गीय हिसाबले दमनमा परेर जमिनदारको घरमा कमलरी बस्नुपर्दाको पीडा त छँदै छ, अर्कातिर थारू समुदायभित्र र अन्य समुदायका पुरुषबाट बारम्बार गिद्धे दृष्टिबाट डामिएकी र पितृसत्तात्मक समाजको सोच, दमन एवम् विभेदको सिकार हुँदाहुँदै हिम्मत, सङ्घर्ष र कौशलले सफलताको शिखर चुम्न सफल नारी हो।

थारू भाषामा लेखिएका र कमैया/कमलरीका कथालाई समेटिएका आधादर्जनभन्दा बढी उपन्यास प्रकाशित भइसकेका छन्। यस्तै कमैया र कमलरीका विषयमा थुप्रै कथा पनि लेखिसकिएका छन्। कमलरी नारीका पीडा र सङ्घर्षका कथालाई समेटेर नेपाली भाषामा लेखिएका रामलाल जोशीको **सखी** (२०७५, उपन्यास) र यमुना पराजुली अधिकारीको **कान्छु** (२०७७, बाल उपन्यास)-समेत प्रकाशित भइसकेका छन्। सुसन ग्लुथले निर्देशन गरेको ‘उर्मिला : माई मेमोरी माई पावर’ र केएल पीडितले निर्देशन गरेको ‘लावाजुनी’ शीर्षकका चलचित्रमा पनि कमलरी नारीकै पीडा र सङ्घर्षका कथालाई समाविष्ट गरिएको छ। तर **फरैना** उपन्यासकी नायिकाले भोगेका पीडा तथा सङ्घर्षका कथा र कमलरी उन्मुक्तिका विषयसँग उपर्युल्लिखित उपन्यास तथा चलचित्रको मेल देखिए पनि राजनीतिक क्षेत्रमा नारी सफलता र उत्पीडित समुदायका महिलावर्गको उदयले देशमा आमूल परिवर्तन भएको चित्रण गर्ने सन्दर्भमा यो उपन्यास पृथक् बनेको छ। यसमा प्रयोग गरिएका स्थानीय रङ, लवज, सूत्रात्मक वाक्य तथा बिम्ब, प्रतीक तथा अलङ्कारको प्रयोगले उपन्यासलाई रोचक, पठनीय एवम् यथार्थपरक बनाएको छ। तर यसमा कथाले लिएको गति र घटना वर्णनमा भएको पुनरावृत्तितर्फ लेखकको ध्यान पुग्न सकेको देखिँदैन। यस उपन्यासमा द्रुत गतिमा चित्रण गरिएका सफलताका कथाहरू नेपाली समाजमा युवावर्गले चाहेको आमूल परिवर्तन र विकासको गतिसम्बन्धी चिन्तनसँग मिल्दोजुल्दो देखिन्छ। यस किसिमको सफलता यथार्थमा सम्भव नभए पनि कल्पनामै सही अधिकांश युवाको

अपेक्षा र चाहनालाई उपन्यासले प्रतीकात्मक रूपमा सम्बोधन गरेको छ। यसरी नारी चरित्रलाई केन्द्रीय भूमिका प्रदान गरिएको यस उपन्यासमा थारू समुदायका कमलरी नारीका उत्पीडन, सङ्घर्ष, चेतना तथा सफलताको फेहरिस्तका माध्यमबाट 'जहाँ इच्छा त्यहाँ उपाय' भनेझैँ आफ्नो अधिकार र पहिचानका लागि आफैँ जागरूक भएर उठ्ने हो भने अनेक सफलताको शिखर चुम्न सकिन्छ र जस्तोसुकै अन्यायका धरोहर पनि एकताको शक्तिबाट एक दिन घुँडा टेक्न बाध्य हुने छन् भन्ने सन्देश यस उपन्यासले दिएको छ। आगामी दिनमा पनि यस्तै सशक्त कृति रच्ने सामर्थ्यले लेखकमा वास गरोस् भन्ने मेरो शुभेच्छा छ।


■



किरण मानन्धर

केशरी अम्गाईं

# एउटा विद्रोही लेखकको इतिवृत्ति




रातो र चन्द्रसूर्य जङ्गी निसान हाम्रो
ज्युँदो रगतसरि यो बल्दो यो सान हाम्रो

नारायण गोपालको आवाज अनि गोपालप्रसाद रिमालको शब्द रहेको यो राष्ट्रिय गीत नसुन्ने नेपाली सायदै भेटिएलान्। नयाँ र पुरानो दुवै पुस्तामाझ यो गीत लोकप्रिय रहेको छ। तर यस गीतका रचनाकार गोपालप्रसाद रिमालको जीवनको उतारचढावको पाटो, उनको साहित्यिक अभियानले समाज परिवर्तनमा खेलेको भूमिकाबारे भने हामी कति जानकार हौँला? केशवप्रसाद उपाध्यायले अनुसन्धान गरेर २०३२ सालमा प्रकाशन भएको 'रिमाल : व्यक्ति र कृति'-ले रिमालको विविध व्यक्तित्वलाई उजागर गरेको छ। मलाई थाहा छैन, हामी कति साहित्यिक पाठकले त्यस कृतिलाई पल्टाउन भ्याएका छौँ।

एउटा वैयक्तिक प्रयत्नद्वारा सुरु भएको साहित्यिक अभियानले सिङ्गो समाज र राजनीतिमा कसरी प्रभाव पार्न सक्छ र सचेततापूर्वक तयार पारिएको सिर्जनाले कसरी परिवर्तनकारी भूमिका निर्वाह गर्न सक्छ भन्ने ज्वलन्त उदाहरण हुन् गोपालप्रसाद रिमाल।

रिमालका 'आमाको सपना', 'मसान' र 'यो प्रेम!' पढेर हामी उनको साहित्यिक पाटो पढिरहेका हुन सक्छौँ, तर उनको राजनीतिक र सामाजिक पाटो आज पनि समाज परिवर्तन गर्न चाहने नयाँ पुस्ताका लागि प्रेरणाको स्रोत बन्न सक्छ। वि. सं. १९९३ मा महावीर संस्थाको स्वयंसेवी बनेर समाज सेवामा प्रवेश गरेका रिमाल २००७ सालसम्म कुनै न कुनै रूपमा परिवर्तनका लागि सक्रिय बनिरहे। घुम्ती पुस्तकालय र घुम्ती उपचार सेवा प्रदान गर्ने महावीर संस्थामा रिमाल युवाहरूलाई जागरणमूलक पुस्तकहरू पढ्न प्रेरित गर्ने गर्थे। वि. सं. १९९८ मा प्रजातन्त्र सङ्घमा आबद्ध भएर होस् वा भाषा परिषद्मा रहँदा कलकत्ता पुगेर सुभाषचन्द्र बोससँग भेटी सामाजिक सुधारका विषयमा छलफल गरेर होस्, वि. सं. १९९४ मा नेपाल नागरिक अधिकार समितिमा रहेर होस् वा शोभाभगवतीमा भजन मण्डली सञ्चालन गरेर, प्रजा पञ्चायतमा संलग्न रहेर होस् वा २००३ मा नेपाल नेसनल लिगमार्फत प्रार्थना सभा चलाएर होस्, नेपाल प्रदीप्त



पुस्तकालय स्थापनामा सहयोगी भएर होस् वा २००४ मा सत्याग्रहमा सहभागी भएर, कुनै न कुनै रूपमा परिवर्तनका लागि छटपटाइरहेको तत्कालीन नेपाली समाजको प्रसव पीडामा उनी निरन्तर सक्रिय थिए, संलग्न थिए।

महावीर संस्थाबाट समाज सेवा सुरु गरेका रिमालमा विभिन्न घटनाक्रमले बिस्तारै राजनीतिक चेतना विकास गराए र नेपाल प्रजा पञ्चायतमार्फत देशको भाग्य निर्माण्ण गर्ने सपना देखे। सीमित युवा सर्कल र साहित्यिक जमातले मात्र निरङ्कुशतन्त्रसँग पौँठेजोरी खोज्न सहज नदेखेपछि बीपीको नेतृत्वमा निर्माण भएको राजनीतिक दलसँग एकताबद्ध भएर नेपाल भूमिभित्रबाट निरङ्कुशता हटाउने सपना देखे। नेपाली काङ्ग्रेसले राणाहरूलाई विस्थापन गर्ने लडाइँको आधारभूमि भने भारतीय भूमिलाई बनाउने योजना देखेपछि उनी फेरि पनि एकल रूपमा लड्न थाले। २००७ सालको परिवर्तनपछि उनी नेपाली राजनीतिबाट उपेक्षित रहेर अन्ततः विक्षिप्त मानसिकता लिई इहलीला समाप्त पारे। यिनै विद्रोही कविको बेलीबिस्तारलाई समावेश गरिएको छ गोविन्दप्रसाद दुलालको 'गोपालप्रसाद रिमाल' कृतिमा। यो कृति घोस्ट राइटिङ नेपालले २०७६ मा बजारमा ल्याएको हो। १२ पृष्ठ रङ्गीन फोटोसहित ३३६ पृष्ठमा विस्तारित यो कृतिमा झन्डै एकतिहाइ भागमा रिमालको व्यक्तित्व खण्ड रहेको छ भने बाँकी कृति र कृतित्व खण्ड रहेको छ।

विभिन्न २२ उपशीर्षक दिएर लेखकले रिमालको जीवनका विविध पक्ष र पाटोलाई उजागर गर्ने प्रयत्न गरेका छन्। चर्चित 'कविता र चर्चा' शीर्षकमा 'आमाको सपना' कृतिमा रहेका २८ कविता टिप्पणीसहित समावेश गरिएको छ भने 'आमाको सपना' कविताकृतिमा समावेश नभएको कविता 'सहिदहरूसित' पनि समावेश गरिएको छ। तर त्यस कविताको स्रोत भने खुलाइएको छैन।

'नाटक र समालोचना', 'मसान नाटक', 'चलचित्रका रूपमा मसान', 'यो प्रेम! (नाटक)', 'फराकिलो दृष्टिमा यो प्रेम!' शीर्षकअन्तर्गत रिमालको मूल कृति र त्यसमाथि लेखकको टिप्पणी प्रस्तुत गरिएको छ। 'माया एकाङ्की एक दृष्टिकोण'-अन्तर्गत 'माया' एकाङ्कीमाथि समीक्षात्मक टिप्पणी प्रस्तुत गरिएको छ, तर एकाङ्की भने समावेश गरिएको छैन। रिमालका सबै मूल कृतिसहित लेखकीय टिप्पणी राखिएको ३३६ पृष्ठाकारको पुस्तकमा केही पृष्ठ मात्र ओगट्ने रिमालले लेखेको एकमात्र एकाङ्कीले किन ठाउँ नपाएको होला? पाठकीय मनमा यही कुरा प्रश्न बनेर खडा हुन्छ। यदि 'माया' एकाङ्की पनि यस कृतिमा समाविष्ट गराइएको भए यो पुस्तक रिमालको व्यक्तित्वका साथसाथै कृतिको समग्र सङ्कलन पनि हुन सक्थ्यो।

नेपाली साहित्यमा नयाँ युगको सूत्रपात गर्ने रिमालका कुनै पनि सन्तान नेपाली साहित्याकाशमा किन झुल्किएनन् होला? यसको जवाफ दिएको छ रिमालपुत्र मदनप्रसाद रिमालको 'बासँगको सम्झनाका पलहरू'-ले। भूमिकाका रूपमा रहेको गोपालप्रसाद रिमालसँग सम्बन्धित यो संस्मरण यस कृतिको महत्त्वपूर्ण ओज हो। यस संस्मरणले गोपालप्रसाद रिमालका कतिपय नखुलेका पाटालाई उजागर गरेको छ। रिमालको परिवारको दयनीय अवस्थाको यस संस्मरणात्मक निबन्धमा मार्मिक रूपमा चित्रण गरिएको छ। उनी लेख्छन्– "बालाई २०१९ सालको मदन पुरस्कार प्राप्त भएको थियो। त्यस बेला माँ (आमा)-ले आफ्ना परिवारका सदस्य र नातागोताबाट ठूलो भनाइ र खप्की खानुपरेको थियो। यो कुरा सबैलाई थाहा भएकै विषय हो कि पुरस्कारको घोषणा पहिले हुन्छ र पुरस्कार पछि दिइन्छ। त्यसताक पुरस्कारको घोषणापश्चात् आठनौ महिनापछि मात्र पुरस्कार प्रदान गरिएको थियो। मेरो घरमा माहिला बा (विष्णुप्रसाद रिमाल), हजुरआमा (हिरण्यकुमारी), फुपूलगायत पुरानो भन्सारका नातेदारहरूले माँलाई धरधरी रुवाएको तथ्य म अझै पनि सम्झन्छु। उनीहरूको भनाइअनुसार पुरस्कार पाइसके पनि पुरस्कारको रकम माँले गुपचुप आफैले लिएर बेपत्ता पारिन् भन्ने आरोप थियो। नातेदारहरू घरमा आई माँलाई तथानाम गाली गरेको र माँ भात पकाउँदै भलभल्ती रुँदै गरेको। पछि त्यो पुरस्कार माँले ग्रहण गर्नुभयो।" (पृष्ठ १५)

साहित्यमा लागेर आफ्ना पतिले दुःख पाएको देखेपछि रिमाल पत्नी निर्मलाकुमारीले आफ्ना सन्तानलाई साहित्यतिर भन्दा कमाइतिर लाग्न प्रेरित गरेकाले आफूहरू गोपालप्रसाद रिमालको वास्तविक उत्तराधिकारी बन्न नसकेको प्रसङ्ग उल्लेख गरिएको छ।

साहित्य र राजनीतिको माध्यमबाट जनतालाई जागरूक बनाउँदै सुन्दर देश निर्माण गर्ने, जनतालाई अधिकारसम्पन्न गराउने सपना बोकेको एउटा लेखक, एउटा प्रजातन्त्रको सेनानीलाई प्रजातन्त्र स्थापनापछिको सत्ताले उपेक्षा गरेकै कारण गोपालप्रसाद रिमाल विक्षिप्त बनेका हुन् भन्ने आम मान्यता देखिन्छ। यही मान्यतालाई यस कृतिले पनि स्वीकार गरेको छ। सरल भाषाशैलीमा रोचक प्रसङ्गहरूलाई सुन्दर ढङ्गले उन्दै लेखकले रिमाललाई जनपक्षीय जागरणका कवि र प्रजातन्त्रको सेनानीका रूपमा देखाएका छन्।


पुस्तक पढ्दै जाँदा यति धेरै सूचना उनले कहाँबाट सङ्कलन गरे होलान् भन्ने लाग्छ। सन्दर्भसूची पल्टाउँदा रिमालका बारेमा लेख्दा छुटाउनै नहुने एउटा ग्रन्थ केशवप्रसाद उपाध्यायको कृति 'रिमाल : व्यक्ति र कृति' -२०२३)-को नाम नदेख्दा खल्लो महसुस हुन्छ। लेखक गोविन्दले यो कृति पढ्न छुटाए होलान्? कृतिमा उल्लेख

गरिएका सूचनाहरू अधिकांश उपाध्यायको कृतिमा रहेका छन्। के यो कृति लेखकका आँखामा नपरेकै होला त? के सबै सूचना पारिवारिक स्रोतबाट मात्र लिएका होलान्? प्रश्न जन्मन्छ मनमा। जे होस्, कृति सङ्ग्रहणीय र पठनीय बनाएका छन् लेखकले।

■

**मणि लोहनी**

# सबैले देखेका तर कसैले नलेखेका कथाहरू




काठमाडौँको न्युरोड नेपाली राजनीतिक घटनाक्रमको विशिष्ट साक्षी हो। व्यापारव्यवसायका दृष्टिकोणले महत्त्वपूर्ण न्युरोड सन्दर्भ र परिघटनाले घेरिएको सहरी बिम्ब मात्र होइन, यो त समग्र नेपाली जीवनको चित्र बोकेर लम्पसार परेको एउटा ऐतिहासिक सडक हो। यो परिवर्तनको सूचक पनि हो। अनेक राजनीतिक परिवर्तनको विशिष्ट दर्शक पनि हो। वर्षौंपहिले जुद्धशमशेरले न्युरोडको सडक चौडा बनाउँदा 'किन चाहियो यत्रो सडक?' भनेर विरोध भएको थियो, तर त्यही न्युरोड अहिले साँघुरो भएको छ। त्यही साँघुरो न्युरोडको बीचमा ठिङ्ग उभिएको छ जुद्धशमशेरको सालिक। त्यहाँको ठेलमठेल र अटेसमटेसमा धेरैको ध्यान त्यो सालिकतर्फ जाँदैन। सबैलाई छ हतारो। सबैलाई छ कहाँ हो कहाँ पुग्नु। तर वर्षौंदेखि त्यो सालिक हरघटनाक्रमलाई साक्षी भावमा हेरिरहेको छ र निरन्तर प्रभाव जमाइरहेको छ विभिन्न झाँकीमार्फत। न्युरोडको उपादेयता व्यापारव्यवसायमा मात्र होइन, राजनीतिक-सांस्कृतिक गतिविधिमा झन् बढेर गएको छ। यसबीचमा न्युरोडका धेरै झाँकीले नेपाली सामाजिक जीवनमा ठूला परिवर्तनहरू ल्याएका छन्।

र पछिल्ला २३ वर्षदेखि कथाकार तुलसीहरि कोइराला हरेक दिन न्युरोड धाइरहेका छन्। हेर्दाहेर्दै सैनिक मिच्याइमा परेर साँघुरिँदै गएको टुँडिखेलको पश्चिमतर्फ



अवस्थित नेपाल वायु सेवा निगमको भवनबाट न्युरोड गेट छिचोल्दै उनी जुद्धशमशेरको सालिक पुग्ने गरेका छन्। यी २३ वर्षमा देशमा धेरै उथुलपुथल भए। राजनीतिक परिवर्तन, सामाजिक विकास र आर्थिक उन्नतिमा धेरै घटनापरिघटनाहरू थपिए। न्युरोड यी सब सन्दर्भहरूको साक्षी बन्यो। कथाकार तुलसीहरि कोइरालाले यही साक्षी बसेको न्युरोडबाट देखिएका विभिन्न झाँकीलाई कथामा समेटेका छन्। उनले हरेक परिवर्तनको साक्षी न्युरोडमाथि र यहाँबाट देखिने विभिन्न झाँकीलाई शब्दको माध्यमले स्केचमा उतारेका छन्। न्युरोडको सरमलाग्दो स्थिति निकै साहसका साथ लेखेका छन्। सबैले देखेका तर कसैले नलेखेका घटना कथाका रूपमा पस्केका छन्। तर यो न्युरोडको मात्र कथा होइन, समग्र नेपाल र नेपालीको कथा हो। हरेक नेपालीले देख्ने सपना र भोग्ने जीवनको कथा हो। आम मानिसले चढ्न नसकेको दुःखको पहाड, पौडिन नसकेको अभावको नदी र जेनतेन बाँचिरहनुपर्ने हिमाली ठिहीजस्तो जीवन कथाका मूल विषय र भावभूमि हुन्।

कथाकार तुलसीहरि कोइरालाको यो पुस्तक विरूप र विसङ्गत समयको डरलाग्दो तस्बिर हो। यसभित्र १९ वटा कथा छन्। एकै बसाइमा सकिने यी कथाहरू पढिरहँदा लामा लाग्दैनन्। कथानक केन्द्रित उनको लेखाइले पाठकलाई तानिरहन्छ। भाषा सरल छ। प्रभावकारी छ। प्रभावशील उनको लेखाइले कथाको पुस्तक हत्तपत्त छाड्न मन लाग्दैन। चरित्रअनुसार प्रयोग भएको भाषाले कथामा मिठास थपेको छ। नेपाली समाज र यहाँका मानिसले चाहेका तर पूरा नभएका रहर र सपनाहरू नै कथा बनेका छन्। मानिसको स्वभाव र प्रेम मात्र होइन; मानिसले गर्ने अपराध, त्यसको पृष्ठभूमि र यौनासक्ति तुलसीहरिले सरल रूपमा लेखेका छन्। हरेक कथामा आम मानिसले भोगेको दुर्नियति र दुःख उनी खोतलिरहन्छन्। उनलाई कथा लेखिरहँदा लाग्दो हो– म फोटो खिचिरहेछु। या लाग्दो हो– म स्केच कोरिरहेछु। उनी हरेक घटना र सन्दर्भ बुझाउन खप्पिस छन्। हरेक कथामा उनले बुनेको कथानक परिवेश पठनीय छ। उनी पत्रकार पनि हुन्। त्यही भएर कहीँकतै हतारिएको आभास नहुने होइन, तर पनि त्यो हडबडाहट सुहाउँदो देखिएको छ। मानिसको जीवनमा फुर्सद नै कहाँ छ र? हरेक मानिस हैरानमा छ। दौडमा छ। हिँडिरहेछ। दौडिरहेछ। उनले मानिसको यही गतिशीलतामाथि कथा लेखेका छन्।

कथाकार तुलसीहरि कोइराला मेरो समयका एक सक्रिय कथाकार हुन्। उनले बालसाहित्यमा आफ्ना धेरै कृति दिइसकेको भए पनि उनको यो पहिलो कथासङ्ग्रह हो। यसले उनको साहित्यको लामो यात्रालाई उजागर गरेको छ। कथा, कविता र निबन्धको

क्षेत्रमा सक्रिय तुलसीहरि पेसाले पत्रकार हुन् र उनको लेखनमा पत्रकारिताले नयाँ विषय छनोटमा सहयोग गरेको आभास हुन्छ। उनी कथामा परिवेश र पात्रको चरित्र चित्रणमा सफल छन्। पात्रअनुकूलको संवादमा माहिर लाग्छन्। विषयलाई लिएर अघि बढ्ने क्षमता र त्यसले पाठकको मनमा पार्ने प्रभावका सन्दर्भमा पनि तुलसीहरि सफल छन्। उनको लेखनको विशिष्टता भनेको उनले भुइँमान्छेका कथा लेखेका छन्। जीवन जिउनै धौधौ परेकाहरूको तस्बिर खिचेका छन्। सबैले देखेर पनि कसैले नलेखेका मानिसहरू उनका प्रिय पात्र हुन्।

'न्युरोडका झाँकी'-भित्रका अधिकांश कथामा पहाडको पृष्ठभूमि छ। तर ती सबै कथा काठमाडौँको कोलाहलको फ्रेमभित्र समेटिएका छन्। पात्रमा विविधता छ। प्रत्येक पात्रमा बेग्लै परिस्थिति छन् । भिन्न मनोजगत् र भोगाइहरू छन्। कति कथामा तुलसीहरिले नारी देह र नारी मनका सन्दर्भहरूलाई कुशलतापूर्वक उतारेका छन्। उनले स्त्री मनोविज्ञानलाई पुरुष परिवेशमा प्रस्ट पारेका छन्। पुरुषगत उपलब्धि र जितहरूमा नारी संवेदनका कति पाटाहरू थकित र हैरान हुन्छन् भन्ने उनले खुलस्त लेखेका छन्। उनी पौरुष परम्परागत अहम्बाट जोगिएका छन्, तर नारीको परम्परागत स्वरूपभन्दा माथि उठ्न सकेका छैनन्। यो उनको मात्र समस्या होइन। अहिले लेखिरहेका अधिकांश पुरुष कथाकारको नियति हो।

गाउँसहरमा बस्ने मध्यम र निम्नवर्गीय मानिसका अनुहारलाई कथाको शीर्ष स्थानमा राखेर कथाकारले हरेक पात्रमा हाम्रो समयको समस्यासँग जुधाएका छन्। हरेक कथामा पात्रहरू परिचित लाग्छन्। तर हरेकले बेवास्ता गरिरहेका यी पात्रहरू परिचित भएर पनि हाम्रो सहानुभूतिले छुन नसकेका रहेछन् भन्ने कथा पढिसकेपछि मात्र ज्ञात हुन्छ। तुलसीहरिका कथाले मानिसलाई हेर्ने र बुझ्ने दृष्टिकोणलाई फराकिलो बनाउँछन्। समाजमा एलिट वर्ग मात्र छैन। मध्यम र गरिब वर्ग पनि छन् जुन वर्ग अत्यधिक सपना र रहरले थिचिएका छन्, तर खराब छैनन्। खराब भए पनि आफ्नै ससाना सपनाको पूर्णताका लागि गरिएका उपक्रम नै अपराधमा परिणत भएका हुन्। समाजको यो चित्रण मलाई तुलसीहरिका कथामा सबैभन्दा बढी मन परेको हो। मानिसले बाँच्न त पाउनुपर्‍यो नि! बाँच्न पाउने नैसर्गिक अधिकारबाट कसैलाई वञ्चित गराउनु हुँदैन भनेर कथाकारले गरेको वकालत कथासङ्ग्रहको सबैभन्दा सुन्दर पक्ष हो।

'न्युरोडका झाँकी'-को सबैभन्दा ठूलो 'ट्रेजेडी' के हो भने हरेक कथाको अन्त्य दुःखात्मक र अवसादपूर्ण छ। के संसार साँच्चै दुःखदायी छ? यहाँ मान्छेका सपनाहरू अपुरा मात्र हुन्छन्? किन सपना पूरा गर्न सक्ने सामर्थ्य आम मानिससँग हुँदैन? हरेक कथाको अन्त्यमा कथाकारले दुःख ल्याएर जोडेका छन्, तर तिनको अन्त्य

अस्वाभाविक लाग्दैन। जीवन जिउँदै जाँदा हुन्छ नै त्यस्तै। तर कथा पढिसक्दा हरेक पाठक द्रवित हुन्छ। ऊ दुःखले भरिन्छ। आफ्नो परिवेशसँगको उसको आक्रोश बढ्छ। तर केही गर्न सक्दैन। यो समाज जस्तो छ, तुलसीहरिका कथाहरू त्यस्तै छन्।


पुस्तकभित्र रहेका 'चोख्याइएको गाउँ', 'पिलो', 'प्रशंसाको घडी', 'विज्ञापन', 'न्युरोडका झाँकी' अब्बल कथा हुन्। यी कथाहरूले हाम्रो समाजको चरम बेथितिलाई उजागर मात्र गरेका छैनन्, यसबाट हाम्रो समग्र विकास र सामाजिक उत्तरदायित्वमा परेका प्रभावहरू प्रस्ट पारेका छन्। सामाजिक रूपमा नेपाली समाज पढ्न चाहने पाठकले यी कथाहरू पढ्नैपर्छ। यसबाट उसले आजको नेपाली समाज र यहाँभित्रका तमाम बेथिति र विसङ्गतिलाई बुझ्न र महसुस गर्न सक्छ। यी कथाहरू अहिलेको समयका बेजोड कथा हुन्। तुलसीहरिको कलमबाट उब्जिएका यी कथाहरूले उनलाई नेपाली कथाको क्षेत्रमा सदैव जोगाइराख्ने छन्। कथाको परख गर्नेहरूले यिनै कथाका लागि तुलसीहरिलाई सम्झिरहने छन्। तर यति राम्रा कथा लेख्ने तुलसीहरिले केही कथा लेख्नका लागि लेखेका छन्। 'दसैँको केरा', 'डीभी चिट्ठा', 'बिनापार्टीको मान्छे', 'ओदानको फेटा' कथाहरू नभएको भए सङ्ग्रह थप विशिष्ट हुने थियो। बलजफ्ती कथा बनाइएको जस्ता लाग्ने यी कथाले कथाकारको लेखनलाई सामान्य सोच्न बल पुगेको छ। तर अघि माथि उल्लेख गरिऐका कथाहरूले उनको लेखन र विशिष्टतालाई स्पष्ट बनाएका छन्।

तुलसीहरि सम्भावनाले भरिएको लामो दौडमा सामेल छन् भन्ने 'न्युरोडका झाँकी' कथासङ्ग्रहले प्रस्ट पारेको छ। समाजशास्त्रीय दृष्टिकोणबाट लेखिएका यसभित्रका कथाहरू समानता र न्यायका पक्षधर हुन्। शिखा बुक्सले प्रकाशन गरेको यो पुस्तक कोरोना कहरले घरभित्रै बस्न बाध्यहरूका लागि समय कटाउने गतिलो साधन बनेको हुनुपर्छ। त्यसो त नेपाली कथा साहित्यमा यो सङ्ग्रह सधैँ चर्चा र चासोका साथ पढिने छ।

■

**ठाकुर बेलवासे**

# विषय, शब्द चयन र भाषाशैलीले भिन्न बनेको 'शब्दशिविर'




मुकुन्दराज शर्मा निकै राम्रा गीतकार हुन्। उस्तै राम्रा कवि पनि। उनलाई राम्रोसँग कवितामा पढेका र गीतमा सुनेकाहरूले उनको काव्यकारिताको शक्ति बुझेका छन्।

लामो समयदेखि  व्यावसायिक शिक्षाका क्षेत्रमा सक्रिय शर्माले आफ्नो सिर्जन शक्तिलाई बजारीकरण गर्न नसकेकै कारण उनका पाठक सीमित हुन सक्छन्। तर उनलाई एक पटक पढ्ने पाठकले हत्तपत्त बिर्सिंदैन। यो नै शर्माको साहित्यिक सम्पत्ति हो।

पाँच दशक लामो समयदेखि कविता र गीत लेखनमा सक्रिय शर्माले निबन्ध सिर्जनामा पनि साढे तीन दशक समय बिताएका छन्। पछिल्लो समयमा निबन्धप्रति शर्माको लगाव बिछट्टै देखिन्छ। लेखन सक्रियता पनि उस्तै। निबन्धमाथिको उनको मोहका कारण अब्बल गीतकार एवम् कवि मुकुन्दराज शर्मा भने यति बेला ओझेल परेको अनुभव पनि गर्न सकिन्छ।

२०७९ सालमा **शब्दशिविर'** निबन्धकृति बजारमा आएपछि शर्माको निबन्धकारितामाथि चर्चापरिचर्चा व्यापक बन्दै छ। उनी साहित्यिक मञ्चहरूमा निबन्धकारका रूपमा आमन्त्रित हुन थालेका छन्।

शर्माको बाल्यकाल पहाडी जिल्ला प्युठानमा बित्यो। किशोरकाल  तराईको कपिलवस्तु जिल्ला र भारतको असममा  बित्यो भने उनले कलेजको युवा जीवन भारतको दार्जिलिङमा बिताएका थिए। यस कारण शर्मासँग नेपालको पहाडी, तराईदेखि भारतका विभिन्न स्थानको भाषा, संस्कृति र रहनसहनको प्रभाव अनि ज्ञान रहेको छ जसको उपयोग आज उनले आफ्ना निबन्धमा गर्दै छन्।

२५ वटा निबन्ध समेटिएको **शब्दशिविर** शर्माको जीवन भोगाइ र अनुभवको ऐनाका रूपमा देखिएको छ। उनले आफ्नो बाल्यकालदेखि आजसम्म भएका जीवनका अनेकन् सन्दर्भलाई निबन्धमा उनेका छन्।



११ जना स्रष्टाको समीक्षात्मक मन्तव्यसहित प्रकाशित यो कृतिका बारेमा समालोचक प्रा. डा. दयाराम श्रेष्ठ लेख्छन्– "आत्मपरक अभिव्यक्तिहरूलाई सङ्कलित गरी तयार पारिएका गद्य सङ्कथनहरू हुन्। निबन्धकार शर्मा संस्मरणमा मात्रै होइन, व्यङ्ग्यमा समेत रमाएका छन्।"

समालोचक प्रा. डा. श्रेष्ठले भनेको जस्तो निबन्धकार शर्माका निबन्धहरू व्यङ्ग्यले भरिपूर्ण छन्। उनको निबन्धकारिताको पहिलो परिचय नै व्यङ्ग्य चेतना बन्न पुगेको अनुभव गर्न सकिन्छ। ग्रामीण स्थानीय बोलचालीको शब्दको प्रयोगले पनि शर्मालाई भिन्न बनाएको छ।

निजात्मक विषयहरूमा निबन्धकार शर्माले कसरी व्यङ्ग्यात्मक पुट भरेका छन् भन्ने अब्बल उदाहरण हो कृतिको पहिलो निबन्ध 'गुन्द्रुक भिसा'।

अर्का समीक्षक निबन्धकार डा. माधवप्रसाद पोखरेललाई **शब्दशिविर**भित्रका निबन्धले निकै प्रभाव पारेको उल्लेख गरेका छन्। डा. पोखरेल लेख्छन्– "मुकुन्दजीका निबन्धले मलाई गलाए। मुकुन्दजीका निबन्ध पढेर निबन्ध त यस्ता पो हुनुपर्छ त भनेर मैले आफै पुड्किएको अनुभव गरेको छु।"

निबन्धकार शर्मा निबन्धमा सामान्यभन्दा सामान्य आफ्ना निजात्मक कुराहरू अत्यन्तै रोचक र हास्य रसमा असामान्य ढङ्गबाट प्रस्तुत गर्न सफल भएका छन् जसका कारण पाठकले निबन्धका घटना र पात्रहरूमा आफूलाई उभ्याउन थाल्छ। 'दुई दुना दुई' यस्तै निबन्धको उदाहरण हो।

शर्माको निबन्धकारिताका बारेमा **शब्दशिविर**मै साहित्यकार डा. अभि सुवेदी लेख्छन्– "उनले सबैजसो निबन्धमा निजत्व राखेर विषयका सूक्ष्म पक्षहरूको इमानदारीपूर्वक उद्घाटन गरेका छन्।"

डा. सुवेदीले भनेझैँ निबन्धकार शर्माको निबन्ध सिर्जनाको अर्को पहिचान भनेकै निजत्वलाई मुखर गर्नु रहेको छ। **शब्दशिविर**का सबै निबन्ध निजत्वमाथिको उत्खनन र सार्वजनिकीकरणका गतिला दृष्टान्त हुन्। यसमा पनि 'बधाइ छ हजुर', 'सात दिन, सयौँ मरण'-जस्ता निबन्धहरू निजत्वमाथिको सूक्ष्मतम प्रस्तुतिका नमुना हुन्।

शर्माका निबन्धका विषय जति सजिला र सामान्य लाग्छन्, लेखन बुनोट सामान्य लाग्दैन। निबन्ध आफैमा गहिरो हुन्छ। शर्माले निबन्धको गहिराइ, लम्बाइ र चौडाइ अझ विस्तृत बनाएका छन्। उनका निबन्ध बुझेर पढ्न खोज्ने हो भने जटिल पनि छन्। उनी निबन्धमा आध्यात्मिक, दार्शनिक, विचारक अनेकन् रूपमा प्रस्तुत भएका छन्। 'अनि तपाईं को?', 'हे ईश्वर! म गरिब भएँ'-जस्ता निबन्ध यसका दृष्टान्त हुन्।

निबन्धमा पनि बिम्बप्रतीकमा खेल्न सकिन्छ भन्ने उदाहरण शर्माले दिएका छन्। देशको राजनीति, नेताहरूको चरित्र, नागरिकको कारुणिक अवस्थाका बारेमा शर्माले 'जनताको कान' निबन्धमा बिम्बप्रतीक खेलाउने कला प्रस्तुत गरेका छन्।

एउटै निबन्धमा विविध प्रसङ्ग ल्याएर निबन्धकार शर्माले पाठकलाई निबन्धको भिन्न स्वाद दिएका छन्। 'ममी, म स्कुल जान्नँ' निबन्ध विविधताको उदाहरण हो।

शर्माले आजसम्मको सम्पूर्ण जीवन शिक्षा क्षेत्रमा समर्पण गरे। यो क्षेत्रको छिद्रछिद्रको उनलाई ज्ञान छ र त 'ममी, म स्कुल जान्नँ', 'के तपाईं शिक्षक हो मान्यवर?', 'कफी सपको पाठशाला'-जस्ता निबन्ध लेखेका छन्। निबन्धको प्रवेश इतर विषयबाट भए पनि उनका कतिपय निबन्धमा शिक्षा दिने शैली अनि शिक्षकको आचरणमाथि  कडा प्रहार देखिन्छ।

'शब्दशिविर'-मा मन्तव्य राख्ने क्रममा डा. विप्लव ढकाल लेख्छन्– "**शब्दशिविर**भित्रका निबन्धहरू तपाईंको लामो अनुभव र अन्तर्दृष्टिका उज्याला प्रकाश हुन्।" डा. ढकालले भनेझैँ **शब्दशिविर**भित्रका निबन्ध पढिसक्दा पाठकले निबन्धकार मुकुन्दराज शर्मालाई पनि पढिसक्छन्।

छोटाछरिता निबन्ध र भाषाशैलीको नवीनताका कारण **शब्दशिविर** निबन्धकृति पाठकका लागि प्रिय कृति बन्न सक्छ। शर्मा ग्रामीण बोलचालीका शब्दहरू र चारपाँच दशकअगाडिको नेपाली समाजको अवस्था निबन्धमा उतार्न सफल बनेका छन्। यही कार्यले उनलाई निबन्धकारहरूको भीडमा अलग्ग बनाएको पनि छ।

कामना न्युज पब्लिकेसन्स प्रा. लि.-द्वारा प्रकाशित **शब्दशिविर**को मूल्य चार सय रुपियाँ राखिएको छ। निबन्धका पारखीहरूलाई यो कृति स्वादिलो छ भन्न कुनै धक मान्नुपर्दैन।

केशवराज पिँडालीको जस्तो व्यङ्ग्य चेतना र युवराज नयाँघरेको जस्तो समसामयिकता र ग्रामीण भाषाशैलीको चैतन्य बोकेको **शब्दशिविर** सङ्ग्रहणीय कृतिका लागि निबन्धकार मुकुन्दराज शर्मालाई हार्दिक बधाई।

■

**सुरेन्द्र लिम्बू परदेशी**

# बनमान्छेहरू



विचारको बगरमा
एक झमट उर्ली आएको हो
उत्तेजनाको लहर
अनि बगाई लगेको हो
मान्छेको भावनाबाट
आदिम अवस्थाका आलीहरू
मानवीय मूल्य र मान्यताहरू
र बनाएको हो
मान्छेलाई बनमान्छे।

आजकाल बनमान्छेहरू
फेरि मान्छे बन्ने होइन
ईश्वर बन्ने प्रयत्नमा
प्रयोगशालाभित्रै रोपिरहेछन्
कृत्रिम मुटुमा ढुकढुकी
र भरिरहेका छन्
ठिमाहा गिदीमा संवेदना।

प्रविधिको डोजरले भत्काइरहेछ
डार्विनको विकासवाद
समयले समीकरण गरिरहेछ
आइन्सटाइनको सापेक्षतावाद
मान्छे बनमान्छे बनेपछि
मान्छे हराएको बस्तीमा
अवतरित भएको उत्तरमान्छे
अहिले ईश्वरमान्छे बन्ने तरखरमा छ।

पापधर्मको विश्वास ओढेर
ऊ पुज्दैन आस्थाको देउराली
दयामायाको ढोका खोलेर
ऊ पस्दैन झुपडीको दु:खमा
मायावी भ्रमको तिर्खा मेटाउन
ऊ पिउँदैन जरुवाको पानी
मान्छे बनमान्छे बनेपछि
ऊसँग छैन सहानुभूतिको चेतना।

म चाहन्छु
मान्छे ईश्वरजस्तै बनोस्
तर ईश्वर मान्छेजस्तो नबनोस्
नभए मान्छे मान्छेजस्तै बनोस्
तर मान्छे बनमान्छेजस्तो नबनोस्
कसैको पीरले छुन सक्ने
अरूको दु:खमा रुन सक्ने
चाहिँदा आफन्त हुन सक्ने
मनको मैलो धुन सक्ने
मान्छे मान्छेजस्तै बनोस्।

तर
पछिल्लो समय
गिलगमेस आयुको भारी बोकेर
सिसिफस प्रयत्नको उकालोमा
सभ्यताको उज्यालो खोज्दै
धरती, आकाश जतातत‍ै
हूलका हूल हिँडिरहेछन्
यी मान्छेजस्तै बनमान्छेहरू।

*लखनौ, भारत*

■

**वसन्त श्रेष्ठ**

# परदेशमा



सुस्तरीसुस्तरी
जब धरतीमा
घामका डोबहरू
मेटिँमेटिँदै जान्छन्
सागरका छालहरूको आवाज
जब बढ्दैबढ्दै जान्छ
तब मभित्र
अन्तर्वेदनाको ठूलो कोलाहल
बढ्दैबढ्दै जान्छ।

सुनसान रातहरू जब ढल्दैढल्दै जान्छन्
चेहराहरू थकित बनेर जब सुस्ताउन थाल्छन्
नीरव रातका हल्लाहरू जब शान्त हुँदै जान्छन्
अनि मभित्र
अशान्त मनका अन्तर्वेदना
चर्किंदैचर्किंदै जान्छ।

म कतै हराएजस्तै
म कतै मेटिएजस्तै
कताकता
चङ्गा चुँडिएजस्तै
भएर चुँडिएजस्तै
भएर पनि नभएजस्तै
यतै भएर पनि उतै कतै भएजस्तै
कताकता
समुद्रमा बिलाएजस्तै
कहाँकहाँ, कताकता

परदेशमा भए पनि
म त्यहीँ वरवर त्यतै
गाउँको मझेरीमा भएजस्तै।

मान्छेमान्छेको भीडभित्र
मेरा मित्रहरू
प्रकाश, हरिमान र तुलसीका अनुहारहरू
गीतसङ्गीतको झङ्कारभित्र
नारायणगोपाल, अम्बर गुरुङ र दीपका आवाजहरू।

थुप्रिएका हिउँका पहाडभित्र
तीनजुरे र फूलचोकी डाँडाका यादहरू
सहरभित्र बजार र मलहरूभित्र
ठमेल र झोछेँका गल्लीहरू।

कस्तरी परदेशमा यादहरूलाई
विगतका यादहरूले
पत्रैपत्र बनी थिचेर राखेका छन्
सफा सङ्गमर्मरको
शिलालेखमा कुँदिएझैँ
वर्षौंवर्ष पनि पारदर्शीझैँ बनेर।

यादहरू कस्तरी नामेट बनेर
बिर्सनै नसकिने भएर बसेछ।

मेरो गाउँ, बजार, सहर र मान्छे
मेरा आँखामा
यहाँ परदेशमा!!

*भर्जिनिया, अमेरिका*

■

## डा. गोविन्दसिंह रावत

# मान्छे



अरूको सहयोग पाउन्जेल निहुरिने
सक्षम भएपछि पन्छिने
अनि आफ्नो विचारको बाणले
सहयोगीलाई नै प्रहार गर्ने
स्वार्थको पर्यायवाची हो मान्छे।

आफ्नो विचारको आरती गर्दै
अरूको बद्ख्वाइँ गरी हिँड्ने
अनि गुदी शून्य सुकेनास खडेरी परेको विचारमा
आफ्नै बडप्पनको महाभारत रच्ने
पराजित मनस्थितिको पर्यायवाची हो मान्छे।

आफ्नो तारिफमा काइदाकानुनको ठेली सुनाउँदै हिँड्ने
अरूका लागि रुन्चे अभिव्यक्ति मात्र अलाप्ने
रोगी तर्कहरूको खेती गर्दै
आफ्नै स्वार्थको बाली भित्र्याउने
मृत्युको पर्यायवाची हो मान्छे।

कहिल्यै राम्रो विचारको राजपथ बनाउन खोज्दैन मान्छे
विचारशून्य अहम् डकार्नुबाहेक
कहिल्यै सहयोगीलाई सम्झन खोज्दैन मान्छे
आफ्नै स्वार्थको सगरमाथा चढ्नुबाहेक
छल, कपट, धोकाधडीको पर्यायवाची हो मान्छे।

यो सानो-छोटो-अल्प र लघु जीवनमा पनि
आफ्नै व्याख्यानको वृत्तान्त सुनाउँदै हिँड्छ मान्छे
भोलि माटिनुपर्ने यथार्थ बुझेर पनि

जबर्जस्ती निरङ्कुशताको विचार थोपर्न खोज्छ मान्छे
मान्छे आफ्नै रोजाइमा, आफ्नै सोचाइमा।

*टोरन्टो, क्यानडा*

■

**मधु माधुर्य**

## कविता लेख्न सक्दिनँ



भर्चुअल संसारमा
कविताको अन्तहीन महामेला चलिरहेछ
मानौँ
जीवन नै कविता हो
कविता नै जीवन हो।

म पनि कविता बाँचिरहेछु...।

धिप्पधिप्प निभ्न लागेका विचारहरू
जसोतसो 'कविता'-का पङ्क्ति बनेर आउँछन्
समय मार्ने मेसो बनेर
बिम्बैबिम्बको थुप्रोबाट!

अनुभूति र भावनाको भरिया
शब्दसंयोजन र शैलीको अनुहार
मरुभूमिको सुक्खा बालुवाजस्तो
जस्तो कि
एउटा सुन्दर सुगन्धित फूल
कवितामा अभिव्यक्त हुँदा
शब्दहरूमा त्यसको सुन्दरता घाइते भइसकेको हुन्छ
शैलीहरूमा त्यसको सुगन्ध मलिन भइसकेको हुन्छ
भावहरूमा काव्य तत्त्वको अस्तित्व हराइसकेको हुन्छ

पाब्लो पिकासोको रेखाचित्रजति पनि खुल्दैन फूल कवितामा!
बहुरङ्गी इन्द्रेनीलाई कवितामा अवतरण गराउँदा
त्यो फिकाफिका भइसकेको हुन्छ
शब्द र शैलीको भीरबाट खसेर।

फुर्ने गरेका अनुभूतिका विविध आयामहरू
कवितामा क्षतविक्षत हुने गरेका आकस्मिक अभ्यस्ततामा
जब फूलको मृत्य देख्छु
चिन्तनहरूको बेहोसीपन देख्छु
इन्द्रेनी रङहरूको भग्नावशेष देख्छु
सौन्दर्यको अत्महत्या देख्छु
मान्छेको अवसान भाव देख्छु।

मलाई
माटाको कविता लेख्न डर लाग्छ
अक्षरहरू त चिलाइरहन्छन् बेलाकुबेला
एक क्वान्टम प्रेमको कविता लेख्न डर लाग्छ
ईश्वरको कविता लेख्न डर लाग्छ।

कविता त
सञ्चेतनाको निर्बाध तरङ्ग
ब्रह्मको उज्यालो आत्मा
वा कविको प्राण बनेर
समयको पाइला चाल्दै टकटक हिँड्नुपर्ने हो
विचारको हिमाल उठ्नुपर्ने हो
अनुभूतिको झर्ना झर्नुपर्ने हो
भावनाको नदी बग्नुपर्ने हो
सङ्कटित अभिव्यक्तिको समुद्र जम्नुपर्ने हो।

यहाँ त
अर्थ न बर्थको बुख्याँचा बनेर
अक्षरहरू कविताको मलामी दौडिरहेका छन्

मलाई
कविता लेख्न डर लाग्छ
कविता बाँच्न डर लाग्छ।

*अमेरिका*

■

भूपेन्द्र महत

# मनको उपवन



एउटा हावाको झोक्का
रुमानी उन्माद बोल्दै
पोखिन्छ आजभोलि तिम्रै वरिपरि
अनि
पल्टिन्छन् पानाहरू
लेखिन्छन् कथाहरू
तिम्रो कोमलता समेटी
सुन्दर लिपि बनेर मुटुभरि
हुन पनि
थाहै नदिएर पस्छौ
दिलमा खुसुक्क बस्छ्यौ
र रजाइँ गर्छ्यौ मेरो स्पन्दनमाथि
अनि म धड्किन्छु
कहिले मदहोस भएर
कहिले उन्माद बोकेर
त्यसैले साँधसिमानाको बन्धन फुकाई
केवल तिम्रो मुटुको भूगोलभित्र
कोरेको छु एउटा मानचित्र।

बिना कोलाहल, बिना भीडभाड
तिम्रो नजरको शान्त तलाउभित्र

मनको उपवन सजाएर
फुलाएको छु जुई, जाही, चमेली
र मगमगाएको छु वसन्त
हरबेमौसमी याममा पनि
मात्र तिम्रो यादले बेरिएको
अलिकति मुर्झाएको बैँस
सुस्तसुस्त फैलाउँदै छु
अनि म त्यही उपवनमा।

*अमेरिका*

■

**विवेक दुलाल छेत्री**

## रहरहरूको आपत्ति



कैले फरक विचार र व्यवहारको
साम्प्रदायितामा पिसिन्छिन्
कैले पुरातनता र आधुनिकताको
नक्कलको सिकार बन्छन्
गाह्रो छ बिचरा यी रहरहरूलाई
निर्धक्क मनभित्रको बगैँचामा हुर्कन।

र त प्रश्न गरिरहेछन्
हरेक मान्छेभित्रको मनसित–
ए सामन्त मन!
तिम्रो खुसीको खातिर
हामी गरिब रहरले
कैलेसम्म आहुति भइरहने हो?

*अबुधाबी, यूएई*

■

कोमल मल्ल

# बाँचौँ र बचाऔँ



विश्वमा
करोडौँ मान्छे
सँगसँगै
दुख्नु दुखेको छ
सबैको शत्रु
एउटै शत्रु
अदृश्य हत्यारा
कोरोना भाइरसले
जीवन नै लुटिरहेको छ
जाऔँ, बन्द कोठामा बस्न
बाँच्न
बचाउन
र विनाशलाई रोक्न
यसरी युद्ध लड्नुपर्छ।

त्यो अदृश्य हत्यारा हावामा
उडेर आउन सक्छ
त्यो अदृश्य आतङ्ककारी
पानीमा खेलेर आउन सक्छ
त्यो अदृश्य आत्यन्तिक विध्वंसक
हातमा टाँसिएर आउन सक्छ
त्यो अदृश्य आततायी श्वासमा
गाँसिएर आउन सक्छ
त्यसैले
अदृश्य हत्याराबाट बच्न
अरूलाई बचाउन
विजय पाउन

आफ्नै आफ्नाबाट
आफैलाई
अलग्ग राख्नुपर्छ
त्यसैले
जाऔँ बन्द कोठामा
अदृश्य हत्यारासँग युद्ध लड्न
बाँच्न र बचाउन
यसरी...।

*बेलायत*


■




किरण मानन्धर

**इमाद फौआद** (इजिप्ट)

# पृथ्वी




हाम्री कुमारी आमा
कालो वर्णको अनुहार भएकी
हाम्रा मृतकहरूलाई गाड्नका लागि जसलाई चोट पुऱ्यायौँ
उनले स्वीकार गरिन् र त्यसलाई पनि मट्टी बनाइन्
पृथ्वीमुनि
छ फिट पर्याप्त छ
उनको परिवारलाई जिम्मा लगाइएको वस्तु फिर्ता गर्न
र पृथ्वीमाथि पृथ्वीको
चाङ लगाउन।

■

**ज्याक हर्सम्यान** (अमेरिका)

# खुसी



आत्माको एउटा खुसी, एउटा आनन्द
प्रत्येक मानिसभित्र जिउँदै पुरिएको
र बिर्सिइएको छ।

यो कुनै भट्टी पसलको मजाक
वा कोमल र घनिष्ठ हास्य
वा मैत्रीय सद्भाव
वा गहिरो र प्रस्ट श्लेषालङ्कार होइन।

उनीहरू उत्तरजीवीहरू हुन्
जिउँदै पुरिएर

खुसीले चियाउन छाडेपछि जेजे भयो
त्यो समयका।

उनीहरूले वर्तमानको आँखाले हेरेनन्
र हामीमध्ये कोही मर्दा पनि
त्यसलाई प्रदर्शित गरेनन्
सबै थोक छाडेर हामी निस्कियौँ– एक्लै

हामीमा जेजति छाडिएको थियो
त्यसबाट मानिस हुन खोज्यौँ
मानवीय नभईकनै
त्यो खुसीबिनै।

■

**छाउ छुई (चीन)**

## शोकको महानृत्य



तिमी मञ्चको बीच भागमा उभिएका छौ
उनीहरू तिमीलाई शोकतिर धकेल्दै छन्
नेपथ्यमा कोही ताल मिलाउने धुन बजाइरहेछ
तिम्रो पछाडि कोही नाचिरहेछ मृत्यु सङ्गीतमा
मञ्चको बीचमा तिमी मात्र छौ, रोइरहेका।

यो मञ्च एसियाको केन्द्रमा उभिएको छ
तिमी पामिर प्लेटोमा पर्खी बसेका छौ
सबै दिशाबाट आइरहेछन् मानिसहरू
ती एसियालीहरू तिम्रा लागि बिदाइ परेड गरिरहेछन्
युरोपेलीहरू साथ दिएर नाचिरहेछन्
मृत्युको आकाङ्क्षा लिएर तिमी त्यहीँ उभिइरहेछौ।

तिमी एक सामान्य मानिस हौ
तर तिमीलाई कसैले बेवास्ता गर्ने छैनन्
तिमीले पूरै आशा नमारुन्जेल
र यो संसारलाई नछाडुन्जेल
उनीहरू तिम्रा लागि गाउने छन्, नाच्ने छन्
तिम्रो शोक प्रक्रियालाई सहयोग पुऱ्याउन।

■

**युयान ताजेस** (नेदरल्यान्ड्स)

## शब्द



शब्द अग्नि हुन्छ, शब्द हिउँ हुन्छ
उनी स्वर्गलाई जलाउँछिन्, नरकलाई निस्तेज गरिदिन्छिन्
जोर्गे लुइसले यसो भने, दाँतेले त्यसमा सहमति जनाए
हामीलाई यो पहिल्यै थाहा थियो जुन एकदमै प्रस्ट थियो
तर हामी त्यसलाई अपनाउँदैनौँ
किनकि हामी हिम्मत गर्दैनौँ
इडनको सर्वनाश र पाप भोग्न
आफूलाई देवता र दैत्यबाट मुक्त गर्न
क्रियापदलाई कोर्राका रूपमा प्रयोग गर्न
सपना र आशाको व्यापार गर्ने
धूर्त व्यापारीहरूलाई कोर्रा लगाउन
शब्दलाई कलम जसरी प्रयोग गर्न
वायुलाई स्पर्श गर्ने चराको प्वाँखले जसरी
वेदनालाई शान्त पार्न, उदासीबाट मुक्त गर्न
एउटा पखेटा जसले दूरीरहित यात्रामा लैजान सक्छ
र हामीलाई जमिनमा अवतरण गराउँछ
एउटा प्वाँख जसले हाम्रो सुरक्षा गर्छ, प्वाँख जसले हामीलाई उठाउँछ।
शब्द हतियार हो, एउटा मिसाइल हो

शब्द रक्षाकवच र आश्रय हो
जसको आफ्नै अर्थ र आर्जित मूल्य छ
शब्दले हामीलाई मार्गदर्शन गर्छ, शब्दले हामीलाई विचलित पार्छ।
शब्द एक पहिरन हो
जो झुन्डिएको हुन्छ, जसलाई फेर्न सकिन्छ
जसलाई छनोट गर्न र त्याग्न सकिन्छ।
शब्दले वस्त्र लगाउँछ र वस्त्र हटाउँछ पनि
यसले हाम्रो पहिचान गर्छ, हामीलाई परिभाषित गर्छ
शब्द अनुहार र मुखुन्डो हो
शब्द परिवर्तन हो
जुन लिइन्छ र दिइन्छ पनि
जसलाई त्याग गर्न र आफ्नो बनाउन सकिन्छ
शब्दले विचारको जङ्गल बनाउँछ
जो नयाँ विचारमा
शङ्का र निश्चिततामा अङ्कुरित हुन्छ।
जब सत्य
हामीलाई स्वतन्त्र बनाउन
पर्याप्त हुँदैन
त्यति बेला पनि हामीसँग शब्द हुन्छ।




*(अनुवाद : केशव सिग्देल)*

■

**सर्वेश्वर दयाल सक्सेना** (भारत)

# रित्तो नाउ



एउटा रित्तो नाउ
किनारमा फर्की आयो।

उज्यालो खरानीझैँ
पानीमा मिसियो, बग्यो

खुम्चिएको नदीले
बन्द ओठबाट कथा सुनायो
तिर्खाएको बालुवाले
गह भिजायो।

भिजेको अवसादले
बतास झोक्रायो
हत्केलाका रेखा कामे
र लहरझैँ हराए
मौन छाया
कतै झरेर बिलायो।

स्वर छैन
चित्र पनि
बगेर कतै गए
अँध्याारो हुँदै गरेको पानीमा
रात
टोलाउँदै निस्कियो।


एउटा रित्तो नाउ
किनारमा फर्की आयो।

■

**गुलजार** (भारत)

## इन्धन

साना थियौँ
आमा गुइँठा बनाउनुहुन्थ्यो
हामी गुइँठामा अनुहार कुँद्ने गर्थ्यौं।



आँखा बनाएर, कान जोडेर
नाक उकासेर
फेटा लाएको, टोपी लाएको
मेरो गुइँठा, तेरो गुइँठा।
आफूले चिनेका नामहरूका गुइँठा बनाउँथ्यौँ।

बिहानै आएर खेल्ने गर्थ्यो हँसिलो घाम
गोबरका ती गुइँठाहरूसँग।

साँझ अगेनामा आगो जोरेपछि
झुम्मिन्थ्यौँ हामी अगेनावरिपरि
कुन गुइँठाको पालो आयो
कसको गुइँठा खरानी भयो।

त्यो एउटा पण्डित थियो
एउटा बालक थियो
एउटा दशरथ थियो।

वर्षौंपछि घाटमा बसेर
सोचिरहेछु यस रात, यस बेला म
बल्दै गरेको समयको अगेनामा
अर्को एउटा साथीको गुइँठा
खरानी भयो।

■

**जोशना बनर्जी आडवानी** (भारत)

# बाँसुरी



म अमला शङ्करको अपूरणीय क्षतिलाई पूरा गर्न सक्दिनँ
म किताबका पानाले पङ्खा हम्किँदै बिहुलाको कथा सुनाउन सक्छु
म कसै गरे पनि जलधर सेनजस्तो पत्रकार हुन सक्दिनँ
म बिहानसम्म धागो धागो कात्न सक्छु र सुनाउन सक्छु चण्डीदासका
प्रचलित कविताहरू
म हेमेन्द्र बरुआका चिया बगानमध्ये किन्न सकूँ, त्यति सम्पत्ति छैन मसँग
म गृहदाह, पल्ली समाज, देना-पावना र चन्द्रनाथका बारेमा धेरै थोक भन्न सक्छु
म वेदान्तवादिनी होइन
म गार्गीको अवतार लिन सक्दिनँ
म गर्ग संहिताको गोलोक काण्डबाट देवर्षि नारद र मिथिला नरेशबीचको संवाद
सुनाउन सक्छु
मलाई त्रिपिटक ग्रन्थको ज्ञान छैन
म मोहिनीअट्टमका भावभङ्गिमाहरूका विषयमा लगातार चार घण्टा बोल्न सक्छु
म देशदुनियाँ घुमेकी छैन
म मिस्र, असिरिया, बेबिलोनिया, पर्सियाको इतिहाससँग जोडिएका तथ्यहरू भन्न सक्छु।

म समयको विगतमा पुगेर
आम्रापाली र अजातशत्रुलाई लुकेर चियाउन चाहन्छु
जासुसहरूका बारेमा सोच्दा माताहारीका बारेमा अझै धेरै बुझ्न चाहन्छु
म दिउसोतिर भवभूतिको छेउमा गएर बसूँ
भन्ने चाहन्छु।

मलाई देख्नेबित्तिकै भएभरका भँगेरा मेरो छेउमा आऊन्
सबै पाठपाठी खेल्न आऊन् मेरो घरमा
बिरालाहरू जतिसुकै बेला मेरो काँधमा आएर बसून्
म हलेसो चरालाई जसरी बोक्न सकूँ विशेष एउटालाई
जन्मिएका सबै शिशुलाई म खुम्चिँदै गरेको धरतीको नक्सा समाउन दिऊँ

मेरा दु:खको ठाउँमा कुनै महात्मा बसेको छैन
त्यहाँ बसेकी छ महिनावारीको रगतमा पहिलो पल्ट लतपतिएकी एउटी भयभीत केटी
मेरा जुत्ता सिल्भियाको घरसम्म पुग्न सक्दैनन्
मेरा आँखामा अचेल मेरा आमाबा केटाकेटीले जसरी चकचक गर्नुहुन्छ।

मेरो साधारण जीवनको अति साधारण बाँसुरी
बज्न थाल्छ जुनसुकै बेला
मलाई मनोविनोद गराउँदै भन्छ मसँग–
दु:खी हैन, बाँसुरी होऊ।



*अनुवाद : सुमन पोखरेल*

■

**मिखाइल इशाकोभ्स्की** (रसिया)

## माया छ मेरो ए जिन्दगी तिमीलाई



माया छ मेरो ए जिन्दगी तिमीलाई
नौलो होइन, स्वाभाविक यो माया
माया छ मेरो ए जिन्दगी तिमीलाई
अनन्तसम्म धेरैधेरै माया।

हेर न झ्यालहरू पनि बलिसके
थकित यी पाइलाहरू उचालिरहेछु
माया छ मेरो ए जिन्दगी तिमीलाई
तिमीप्रति अझ सुन्दर सपना सँगालिरहेछु।

धेरै कुरा पाएँ यो जिन्दगीमा
धर्तीको फाँट, समुद्रको समता
उहिल्यै बसिसकेको छ मेरो मनमा
नि:स्वार्थ त्यो मर्दानी मित्रता।

हरदिनका मृदुल धुनहरूमा
कति खुसी छु म व्यस्तताहरूमा
माया नै माया छ यो छातीभरि
ए जिन्दगी, थाहा छ तिमीलाई यो के भा'को
माया नै माया छ यो छातीभरि
ए जिन्दगी, थाहा छ तिमीलाई यो के भा'को।

कसरी गाइरहेका छन् जुरेली चरीहरू
मिर्मिरे प्रभाती चुम्बन
अनि मायाको यो सर्वोच्च शिखर
यो महान् प्रभावी बालसंसार।

फेरि सुरु हुने छ यिनीहरूसँगै हाम्रो अविरल यात्रा
बालापन, यौवन, रेलवे स्टेसन र बन्दरगाहहरू
आउने छन् हाम्रा नव सन्ततिहरू
फेरि दोहोरिने छन् तिनै पुराना लीलाहरू।

आह! कसरी उडिरहेका यी वर्षहरू
सेताम्मे कपालले उदासिएको मन
थाहा छ तिमीलाई ए सिपाही जिन्दगी
तिम्रै लागि यहाँ कत्रो बलिदान भएछ।

चुलबुल-चुलबुल उमङ्गमय
वसन्त गीतका नरसिँघा धुनहरूमा
माया छ मेरो ए जिन्दगी तिमीलाई
विश्वस्त छु, तिम्रो पनि माया उस्तै छ।

●

# उडिरहेछन् घुमन्ते चराहरू

उडिरहेछन् घुमन्ते चराहरू
नीलो समुद्रमाथिमाथि
न्याना मुलुकहरूतिर उडिरहेछन्
तर म तिम्रै काखमा छु।

तिम्रो साथ छोड्दिनँ कहिल्यै
ए मेरो प्रिय मातृभूमि, युगयुगसम्म तिम्रै साथमा हुने छु
चाहिँदैन मलाई न्याना तुर्केली किनाराहरू
चाहिँदैन मलाई अफ्रिका पनि।

कैयौँ मुलुकहरू देखेँ मैले
हातमा बन्दुक लिएर पाइलाहरूको चालमा
तिमीदेखि टाढा भएर बस्नुभन्दा
अर्को ठूलो पीडा केही पाइनँ।

सुदूर धर्तीमा साथीहरूसँगै
मनमा आए अनेकौँ चिन्तनाहरू
तिम्रा लागि मर्नुभन्दा अर्को
कुनै ठूलो कर्तव्य भेटिनँ।

किन नडुबूँ म मरुभूमिमा
किन नजमूँ म हिउँहरूमा
आह्वान तिम्रो भयो भने
फेरि पनि यही बाटो हिँड्ने छु म।

आफ्ना चाहना र आशाहरू
सदाका लागि तिमीसँगै जोडेको छु
साहसी र निर्मल तिमीसँगै
तिम्रो भाग्यसँग एकाकार भएको छु।

उडिरहेछन्  घुमन्ते चराहरू
हराएको ग्रीष्म खोज्दै
उनीहरू न्याना मुलुकहरूतिर उडिरहेछन्
तर म उड्न चाहन्नँ।

म त तिमीसँगै हुने छु
मेरो प्रिय मातृभूमि
चाहिँदैन मलाई पराई घाम
चाहिँदैन मलाई पराई धाम।



*(अनुवाद : डा. जङ्गब चौहान)*

■

**माया एन्जेलो** (अमेरिका)

## जब आउँछौ तिमी



जब आउँछौ तिमी मेरो छेउ बिना निमन्त्रणा
इसारैइसारामा लिएर जान्छौ
धेरै समयअघिको त्यसै कोठामा
जहाँ अझै जीवन्त छन् हाम्रा स्मृतिहरू।

जसरी दिइन्छ कुनै शिशुलाई कुनै वस्तु,
दिन्छौ त्यसै गरी मलाई
ती थोरै दिनमा सञ्चित ढिकुटी
चोरिएका चुम्बनहरूको आभूषण
ऋणमा लिइएका मायाका अलङ्करण
र गोपनीय शब्दहरूको सन्दुक।


म राइदिन्छु।

*[सन् १९२८ मा अमेरिकाको मिजोरीमा जन्मिएकी अश्वेत कवि माया एन्जेलो नर्तकी तथा कुशल गायिका पनि थिइन्। उनका कविता जति लोकप्रिय छन्, उनको आत्मवृत्तान्त* ***आई नो ह्वाई द क्याज्ड बर्ड सिङ्गस*** *(१९६९) उत्तिकै चर्चित छ। उनको साहित्यमा अमेरिकामा अश्वेत, अल्पसङ्ख्यक र महिला हुनुको पीडा र रङ्गभेदका कहरहरू अभिव्यक्त भएर आएको पाइन्छ।]*

■

**वाल्ट ह्विटमेन** (अमेरिका)

## एउटा स्निग्ध मध्यरात




ओ आत्मा,
यो प्रहर तिम्रो हो।
भर आफ्नो स्वतन्त्र उडान निःशब्दतामा
किताबहरूबाट टाढा
कलाबाट टाढा
दिन मेटिइसकेको छ
आजको पाठ पनि पूरा भइसकेको छ
पूर्णतः जागरित तिमी मौनमौन हेरिरहेछौ
र ती कथा सम्झन्छौ
जसलाई तिमी सर्वाधिक प्रेम गर्छौ
त्यो रात, त्यो निद्रा, त्यो मृत्यु र ती ताराहरू।

*[वाल्ट ह्विटमेन आधुनिक अमेरिकी साहित्यका सर्वाधिक लोकप्रिय हस्ताक्षर हुन्। सन् १८१९ मा न्युयोर्कको लङ आइल्यान्डमा जन्मिएका कवि ह्विटमेन पत्रकार तथा निबन्धकार पनि थिए। उनको कविताकृति* ***लिभ्स अफ ग्रास*** *सन् १८५५ मा प्रकाशित भएको थियो। यस कृतिलाई अमेरिकी कविताको इतिहासमा एउटा कोसेढुङ्गो मानिन्छ। गद्यतर्फ भने उनका निबन्धकृति* ***डेमोक्रेटिक भिस्टाज*** *(१८७१) तथा* ***स्पेसिमेन डेज एन्ड कलेक्ट*** *(१८८२–८३) महत्त्वपूर्ण मानिन्छन्।]*

■

**रवीन्द्रनाथ टेगोर** (भारत)

# झुकाइदेऊ मेरो शिर



भगवान्, मेरो शिरलाई झुकाइदेऊ
तिम्रा चरणकमलमा
धुन सकूँ मेरो सम्पूर्ण अहङ्कार
आफ्नै आँखाको अश्रुजलमा।

आफ्नै गुणगानको ध्याउन्नमा
गरेछु मैले आफ्नै अपमान
घुमाएर आफैलाई बारम्बार
आफ्नै अहम्को चक्रमा।

धुन सकूँ मेरो सम्पूर्ण अहङ्कार
आफ्नै आँखाको अश्रुजलमा।

मेरा आफ्ना कार्यहरूमा
नहोस् कतै आफ्नै प्रचार
हे देव, आफ्नै इच्छा पूरा गर
मेरो जीवन धाममा।

मेरो अहम्लाई प्रभु, ख्यातिको पछि नलाग् भनिदेऊ
जेजति गर्छु म जीवनमा,
केवल तिम्रा इच्छाहरूको पूर्ति गरूँ
तिम्रो भव्यताको असीमित आनन्द पाइरहूँ,
मेरो स्वेच्छाचारी अहम्माथि तिम्रा पाइला परून्
ताकि सम्पूर्ण अहङ्कार धुन सकूँ
आफ्नै आँखाको अश्रुजलमा।

*[सन् १९३१ मा साहित्यतर्फको नोबेल पुरस्कार प्राप्त गरेका भारतीय कवि रवीन्द्रनाथ टेगोरको जन्म सन् १८६१ मा कलकत्तामा भएको थियो। कविता र गीतका अतिरिक्त उनले कथा, उपन्यास र नाटक पनि लेखेका छन्। उनको बहुचर्चित कविताकृति **गीताञ्जली** हो जसमा उनका भक्तिगीत र प्रार्थना प्रकाशित छन्। उनी भारत र बङ्गलादेश गरी दुई देशका राष्ट्रगानका रचयिता पनि हुन्।]*

■

**कमला दास** (भारत)

## बर्सात



जब मेरो कुकुर मऱ्यो,
हामीले
त्यो पुरानो घरलाई छोडिदियौँ

उसलाई पुरिसकेपछि
दुईदुई चोटि फुलिसकेको गुलाफको बोटलाई
हतारहतार जरैसँग उखेलेर
आफ्ना किताब, लुगाफाटा र मेचसहित गाडीमा राखिसकेपछि
हामी एउटा नयाँ घरमा बसाइँ सऱ्यौँ

यो नयाँ घरको छानो भिज्दैन बर्सातमा
तर जबजब बर्सात हुन्छ
म त्यही खाली घर भिजिरहेको देख्छु

त्यसै ठाउँमा म बर्सातको आवाज सुन्छु
जहाँ मेरो कलिलो कुकुर
एक्लै-एक्लै
सुतिरहेको छ।

*[कमला दास प्रसिद्ध भारतीय कवि हुन्। सन् १९३४ मा भारतको केरल प्रान्तमा जन्मिएकी कमला दास महिलाहरूको अस्तित्व र अवस्थितिबारे खुलेर लेख्ने भारतीय कविहरूमा गनिन्छिन्। उनका प्रकाशित कवितासङ्ग्रहहरूमा **समर इन कलकत्ता** (१९६५), **द डिसेन्डेन्ट्स** (१९६७) तथा **दी ओल्ड प्लेहाउज एन्ड अदर पोएम्स** (१९७३) हुन् भने **माई स्टोरी** (१९७६) उनको आत्मवृत्तान्त हो। उनी सन् १९८४ की साहित्य एकेडेमी पुरस्कार विजेता पनि हुन्।]*




अनुवाद : महेश पौड्याल

■

**विकासप्रकाश जोशी** (भारत)

# मेरो आफ्नै अनुहार, अन्य कसैको होइन



दर्शकहरूको सास ठ्याम्मै रोकिएको जस्तो र हृदयको स्पन्दन ह्वात्तै बढेको जस्तो भएको थियो। उनीहरू सुरुदेखि नै यस्तै लोमहर्षक अवस्थाको पर्खाइमा थिए। सेप्टेम्बरको महिना, मिरमिरे बिहानीको बेला थियो, पुणेको खड्की फुटबल मैदान दर्शकहरूले खचाखच भरिएको थियो। 'चारैतिर भिडिहाल डिस, रोयल अगाडि बढ'-जस्ता नाराबाट खेल मैदान गुञ्जायमान थियो। दर्शकहरू उत्तेजित भई कण्ठै फुट्ने गरी कराउँदै थिए।

असलमा सो खेल मैदानमा १३ वर्षमुनिका स्कुले बच्चाको फाइनल फुटबल म्याच चल्दै थियो। डाइमन्ड इन्टरनेसनल स्कुलतर्फ गोलकिपर, सिनामन परनजापेले गोलकिपरले लगाउनुपर्ने विशेष खाले पन्जा र हरियो जर्सीलाई मिलाउँदै नङ चपाउन थाल्यो। यतिखेर पेनाल्टी किकबाट आफ्नो गोलपोस्टलाई जोगाउन कति जरुरी छ भनेर उसले राम्ररी बुझेको थियो। डीआईएस एक अङ्क अग्रस्थानमा रहेको कुरो स्क्रिन बोर्डमा देखाउँदै गरेको कुल अङ्क २ : १ बाट प्रस्टै बुझ्न सकिन्थ्यो। एक दशकको समयावधिमा पहिलो पल्ट डीआईएसले आरएनए (रोयल नेसनल एकेडेमी)-जस्तो च्याम्पियनलाई पछारेर च्याम्पियनसिप आफ्नो हातमा पार्ने सम्भावना बढेको छ।

खेल मैदानको बायाँपट्टि आरएनए समूहका खेलाडीहरू आफ्नो समूहको प्रतीक बैगनी रङ्को सर्ट, मोजा र कट्टूको आवरणमा उभिएका थिए। अर्कापट्टि छ कक्षाका डीआईएस समूहका खेलाडीहरू गाढा हरियो रङ्को स्टाइलिस खेलाडी पोसाकमा मुस्तैद थिए। आफ्नो समूहका समर्थक हरियो रङ्ले सरोबर अभिभावक तथा साथीहरूलाई एकछिन नियाल्ने मनसायले रोशनले आफ्नो बायाँतिरको दर्शकदीर्घातिर मुन्टो फर्कायो। पानीको बोतल, केरा, खेलाडीहरूले पिउने पेय पदार्थ गाटोरड र इलेक्ट्रोलाइट्स इत्यादिजस्ता सामग्री पनि उनीहरूले आफूसँगै ल्याएका थिए।

उसका व्यग्र आँखाले हरियो पोलो टीसर्ट तथा जिन्स प्यान्ट लगाएका उसका बाबालाई फेला पारिहाले। उनकै छेउमा सेतो कमिज र हरियो सुरुवालमा आमा पनि बसेकी थिइन्। पूरै जोसजाँगरका साथ निकै उच्च स्वरमा हौस्याउँदै थिइन्– "जाइलाग सिनामन! भिडिहाल सिनामन!" आफ्नो दाहिने हातका दुई औँला मुखभित्र पार्दै उनले ठूलो स्वरमा सिटी बजाइन्। पल्लवी, उसकी सर्वाधिक प्रिय साथी बाबाको छेउमै बसेकी थिई। 'इस्ट अर वेस्ट, डिस द बेस्ट' लेखिएको प्लेकार्ड उत्साहपूर्वक हल्लाउँदै थिई।

उसले अगाडितिर हेऱ्यो। खेल मैदानमा क्याप्टेन हरप्रित, छोटा सिद्द्धू, आफ्नो समूहको सर्वश्रेष्ठ प्रतिरक्षक खेलाडी ओनाम कुट्टी तथा डीआइएस फुटबल समूहका अन्य खेलाडी तयारी मुद्रामा क्रमबद्ध उभिएका थिए। कोच सेट्टी पनि उकुसमुकुस बढेर होला, आफ्नो औँलाको नङ चपाउँदै थिए। सबै जना ठूलै तनावमा रहेछन् भन्ने कुरो उनीहरूको अनुहारमा प्रस्ट देखियो। सुइय्य... लामो सास लिँदै उसले मनमनै प्रार्थना गऱ्यो। आएएनए समूहको सर्वश्रेष्ठ स्ट्राइकर, ऋषभ केसवानी प्रतिरक्षक खेलाडी समूहतिर पेनाल्टी कर्नर बल हान्न तत्पर देखियो। पूरा टुर्नामेन्टमा सर्वाधिक गोल हान्ने एकमात्र खेलाडी ऋषभ नै हो। "हान्दे ऋषभ! ठोक्दे ऋषभ!" उसको समूहका सम्पूर्ण खेलाडी उत्तेजित भएर तीखो स्वरमा चिच्याउँदै थिए। ऋषभले कपाललाई औँलाले चलायो। समान्यतया उसको कपाल काइँयोले सर्लक्क मिलेको हुन्छ, तर यतिखेर पसिना र खेलको धपेडीको कारणले बिग्रेको थियो।

सिनमनको मानसपटलमा कोच सेट्टी सरले भनेका कुरा बारम्बार दोहोरिँदै थिए– "सदैव याद राख्नू, ऋषभले प्रायजसो कि त सबैभन्दा माथि कि सबैभन्दा तल तर बायाँ कुनामा नै पर्ने गरी बल हान्ने गरेको छ। उसको बायाँ तिम्रो दायाँ हो, हेक्का रहोस्।"

सिनमनले लामो सास लियो, अगाडितिर अलिकति निहुरिँदै दुवै हातका औँलालाई आफ्नो जङ्घाउपर दरिलो पारामा टिकायो। कौतूहलले ओतप्रोत दर्शकहरू आफ्नो स्थानबाट उभिए।

थम्प!

बडो आत्मविश्वास एवम् तत्परताका साथ उसले दायाँतिर हाम फालिसकेको थियो। गोलपोस्टको सेतो लट्ठाको छेउमै ऊ नराम्ररी भुइँमा बजारियो, मानौँ एकछिनका लागि समय नै रोकिएको थियो।

भुइँबाट उठ्दासम्म ऋषभको अनुहार हेरेर उसले परिणाम बुझिसकेको थियो।

उसको हात मात्र होइन, सारा शरीरले नै ऋषभको तीव्र किक र भुइँको कठोर चोट खप्नुपरेको थियो। उसको चोटबारे टाउको नदुखाउँदै स्कुल क्याप्टेन हरप्रित ऊतिर उफ्रँदै आयो– "बधाई छ, लम्बू दास!" जोरले चिच्याउँदै ऊमाथि नै जाइलाग्यो र उसलाई जोरले अङ्कमाल गर्‍यो।

"बधाई छ, सिनमन!"

"गोलकिपर कस्तो हुनुपर्‍यो? सिनमनजस्तो!"

यस्ता नारा उसका कानका निमित्त कुनै मधुर सङ्गीतभन्दा कम्ती थिएनन्। झन्डै एक दशकपछि डीआईएस फुटबल च्याम्पियनसिप आफ्नो पोल्टामा तान्न सफल भएको थियो। कोच सेट्टीले उसलाई आफ्नो काँधमा उचालेर बसाले, त्यसपछि पूरै समूहका खेलाडी खेल मैदानमा एक फन्को घुमेर विजयोल्लास प्रकट गरे।

फोटो सेसन सुरु भयो। काँधसम्म आइपुग्ने मेडल घाँटीमा झुन्ड्याउँदै आफूहरूको बीचमा विशाल आकारको रोयल गोल्डन ट्रफी राख्दै सबै जनाले समूहगत फोटो खिचाए। सर्वाधिक गोल स्कोर गर्ने अवार्ड ऋषभले पायो भने टुर्नामेन्टको सर्वश्रेष्ठ गोलकिपर अवार्ड सिनमनले पड्कायो।

लगत्तै अभिभावकहरू पनि खेलाडीहरूका साथ खेलउपरान्तको अनिवार्य सेल्फी फोटोमा अग्रसर भए।

एकअर्काको पिठ्यूँ थपथपाउँदै हाई फाइब गर्दै उनीहरू स्कुल बसमा बसे। सिनमन आफूलाई सदैव मन पर्ने झ्यालवाला सिटमा गएर बस्यो। इकबालको छेउमा बसेर 'आशाएँ' गीत सुसाउन थाल्यो।

असिनपसिन अनुहारमा शीतल बतास ठोकिँदा उसलाई आनन्द लाग्दै थियो।

"लम्बू कालिदास, एउटा कुरो त भन।"

सिनमनको मुन्टो भन्ने मान्छेतिर फर्कियो। ती मान्छे अरू कोही होइन, अवनिश अर्थात् उसका शिक्षक थिए। विद्यार्थीहरूबाट पाएको उपनामअनुसार नै उनी आफ्नो नाक कोट्याउँदै थिए, मानौँ उनी आफ्नो नाकबाट कुनै बहुमूल्य हिरा झिकेर बाहिर ल्याउन खोज्दै होऊन्। कुनै गम्भीर कुरोउपर चिन्तन गर्नुपर्‍यो कि उनी कि त नाक कि कान कोट्याउन सुरु गरिहाल्छन्।

"एउटा कुरो मात्र किन सर? म त दुइटा कुरा भन्न तयार छु।"

"तिमी यति अग्लो कसरी भयौ रे? तिम्रा बाआमा त त्यति लाम्चा छैनन्। तिमी उनीहरूभन्दा त नितान्त फरक देखिन्छौ नि!" शिक्षकले आफ्नो चस्मा डल्लै नाकमाथि मिलाए। सोध्दै गर्दा उनका बाक्ला गोडा पनि हल्लिँदै थिए।

सिनमन पनि के कम? उसले सुधो मुख लाउँदै प्रतिप्रश्न गऱ्यो– "होइन नि सर, तपाईंका बाआमा पनि त साह्रै दुब्लापातला रहेछन्। अनि तपाईं क्या गजबको मोटो मान्छे! यसरी कसरी सम्भव भयो होला?"

"मलाई सर नभन है।"

"हुन्छ सर, आजदेखि तपाईंलाई सर भन्दिनँ। मोटू भनेर बोलाउँछु।"

वरिपरि हाँसोको फोहरा छुट्यो।

"चुप लाग, लम्बू कालिदास!"

"ओके मोटूज्यू!"

बसभित्र 'मोटू, मोटू' भनेर शब्द गुन्जिन थाल्यो। बम्किँदै सरले सिनमनतिर पेन फाल्दै हिर्काउन खोजे, ऊ छल्न सफल भयो र पेन हुत्तिँदै झ्यालपारि गयो। सिनमनले पनि आफ्नो कपालमा सदैव लुकाउने गरेको सानो पेन्सिल झिकेर सरतिर हुत्यायो। रिसाएर होइन, खेलाँचीमा। सिनमनको सन्तुष्टिका लागि पेन्सिल सरको हातमै पुग्यो। हिर्काई नै हाल्ने मनसाय नभए पनि आफ्नै सरलाई ताकेर कुनै चिज फाल्नु असम्भव कुरो थियो, यो त अति नै भयो।

"अउच!" सरले यति मात्र भन्न भ्याए। पीडा हुनुभन्दा पनि उनी हतप्रभ भएका थिए। बच्चाहरू खित्का छाडेर हाँस्न थाले। घर पुगेर बसबाट ओर्लिंदा उसका आँखा सोसाइटी पार्किङमा उभिएको रातो स्कोडा ओक्टीवोतिर गए, पुलकित भएर उसको मुटु उफ्रिन थाल्यो। सात बज्नुभन्दा अगावै आमा आएकी थिइन् लुगासुगा फेर्ने मनसायले।

बा र आमा दुवै जना घरभित्र अवस्थित बाको अफिसमा बसेका थिए। आफूले पढ्दै गरेको कानुनसित सम्बन्धित रातो बाक्लो किताबलाई एकातिर सार्दै उनले उसलाई आफ्नो अँगालोमा लिइन्– करङ नै कऱ्याककुरुक हुने खालको अँगालो, भालुको अङ्कमालजस्तो।

'अभिनन्दन!' भन्दै बाले उसलाई हाई फाइब दिए र उसको पिठयूँ थपथपाए। राति खानामा उनीहरू पुरी, आमरस तथा बटाटा चिजभाजी आनन्दपूर्वक खाँदै थिए।

खाँदै गर्दा उसले खेलबारे कुरो झिक्यो, उसका आँखा उत्साहवश उज्याला थिए– "हामीले राम्ररी बुझिसकेका थियौँ कि ऋषभलाई आफ्नो काबूभित्र राख्नैपर्छ। त्यही भएर हामी उसमथि कडा निगरानी गरिराखेका थियौँ। पहिलो मध्यान्तरमा हरप्रितले दुई

गोल हान्यो। त्यसपछि ऋषभले एक। खेलको अन्तसम्म म भित्रभित्रै निकै अतालिएको थिएँ। जे होस्, पेनाल्टी किक त गजबको थियो हगि!"

"हरप्रितले दुई गोल हान्न भ्याए पनि तिमीले थुप्रै गोल जोगाएकै हौ। एकातिर सरदार, अर्कातिर असरदार। दुई विजेता सानदार।" बाले ठट्यौली पारामा भने।

"म आफू पनि स्कुलको जमानामा राम्रो खेलाडीमा गनिन्थेँ। सिनमन आाखिर छोरो मेरै त हो।" उसको कपाल सुमसुम्याउँदै आमाले भनिन्।

"बसुन्धरा घोषाल परनजापे, तिमी आफ्नो स्कुलमा हरेक विषयमा सदैव प्रथम नै भएकी थियौ। खेलकुदमा पनि च्याम्पियन थियौ नै। मलाई स्मरण त गराऊ, तिमी कुन स्कुल जाने गर्थ्यौ?"

बाको प्रतिक्रियालाई बेवास्ता गर्दै आमा पुरीका ससाना टुक्रा मिसिएको सुनौलो आमरसउपर चम्चा घुमाउन थालिन्। तर आमाका पैताला बाका गोडालाई छुन पुगेका छन् भनेर बाको अनुहारमा प्रस्ट झल्किँदै थियो।

"आमा, मेरो अनुहार कोतिर गएको छ? हजुरतिर वा बातिर?"

एकछिनको मौनतापश्चात् आमाले सोधिन्– "क्लासमा तिमीलाई कसैले केही भन्यो कि?"

आमा सावधानीपूर्वक आफ्नो कपाल सुमसुम्याउन थालिन्। स्टाइलिस पारामा ठाउँठाउँबाट छोट्याइएको उनको कालो कपालको बीचबीचमा सिल्वर रङ मिसिएको प्रस्ट देखिन्थ्यो– यही नै थियो उनको कपालको नवीनतम स्टाइल। अपेक्षाकृत रूपमा उनी अलि होची हुन्, छाला अलि तैलीय र ताम्र रङ्को।

आफ्ना पातला, उज्याला गोडा तन्काउँदै बाले फुर्क्याउन खोजे, उनका खैराहरिया आँखा पनि उज्यालिएका थिए– "तिमीलाई हामीजस्तै किन देखिनुपर्‍यो? तिमी जेजस्तो छौ त्यस्तै क्या गजब देखिन्छौ।"

ओछ्यानमा पल्टिनुपहिले ऊ ऐनाअगाडि पुग्यो। थरीथरीका अनौठा भावभङ्गिमा बनाउँदै ऐनापारिको केटासित ऊ जिस्किन थाल्यो। ऊ जसोजसो गर्थ्यो, ऐनापारिको केटो ठीक त्यहीत्यही दोहोर्‍याउँदै थियो। ऐनापारिको केटाले यथाशक्य चाक्लो हुने गरी आफ्नो मुख खोल्यो, दुवै आँखालाई समेत चाक्ला पार्‍यो र आफ्नो अगाडिका दाँत काँटीकीलाजस्तै देखिने गरी ओठ बाहिर निकाल्यो। आफ्नो जिब्रोलाई बाहिर निकाल्दै उसले दुवै गालालाई बैलुनजस्तै फुलायो, दुवै कानमा औँला हुल्यो र आँखाका पुतली चारैतिर घुमाउन थाल्यो। सक्दो बाङ्गोटिङ्गो र उटपट्याङ अनुहार बनाउँदै उसले त्यो ऐनापारिको केटासित खेलाँची गरिरह्यो। उसले आफ्नो नाकलाई समेत सुँगुरको जस्तो बनाउन खोज्यो।

सिनमन नियालिरह्यो। ऐनापारिको केटासित ऊ पुन:पुन: जिस्किरह्यो। हुन त हरेक बिहान उसले यस्तै ऐना नियाल्ने गरेको छ। यता केही दिनदेखि उसको ऐना नियाल्ने बानी ह्वात्तै बढेको छ। ऐनापारिको केटाका पातलो लाम्चो अनुहार (तीखा गालाको हाड), ताम्र छाला, चिल्लो कपाल र चकलेटी रङ्का चकचके आँखा ऊतिर नै फर्किएका थिए। 'हो नि, यो सिनमन अर्थात् रोशन हृषीकेश परनजापेको अनुहार उसका बाआमाको अनुहारसँग ठ्याम्मै मेल खाँदैन, खास गरी आफ्ना बासँग।' यस्ता शब्दहरू बारम्बार उसका कानमा पर्दै आएका छन्। उत्सुकता, शका, हेलाको भाव र कहिलेकाहीँ प्रतिक्रियाका रूपमा कुराहरू आउँछन्– 'ओहो! तिमी त ठ्याम्मै फरक देखिन्छौ।'

'हो पनि। मेरो अनुहारले न बासित मेल खाएको छ न त आमासित। मेरो अनुहार आफ्नै किसिमको छ। कुरो यत्ति त हो।' उसले मनमनै गम्यो।

सोच्दासोच्दै ऊ निदायो। सपनीमा ऊ वर्ल्ड कप फुटबल म्याचमा गोलकिपर भएर खेल्दै थियो, त्यो पनि ब्राजिलका साथ। खेल मैदानमा प्रधानमन्त्री र अन्य विशिष्ट व्यक्तित्वहरू, बलिवुडका नाम चलेका कलाकारहरू, बा र आमा उपस्थित थिए। अनि नि:सन्देह पल्लवी अर्थात् पल्ली पनि थिई, बडो जोसजाँगरका साथ भारतीय झन्डा फरफराउँदै थिई। उत्साहित दर्शकहरू निरन्तर कोलाहाल मच्चाउँदै थिए। ब्राजिल टिमले सिनमनलाई छलेर एक गोल पनि हान्न सकेन। ब्राजिल टिमले म्याच हाऱ्यो।

सबै खेलाडीले स्वर्ण पदक, ट्रफी र जम्बो आकारका चेकहरू पाए। एउटा विशिष्ट पुरस्कार सिनमनका लागि छुट्टै राखिएको थियो। प्रधानमन्त्रीले सो विशिष्ट पुरस्कार प्लेयर अफ द म्याच आफ्ना हातले सिनमनलाई टक्ऱ्याए।



उनीहरूले सिनमनलाई एउटा विशाल तराजूमा बसालेर उसको तौल हेर्दैमा जिब्रो रसाउने फ्रुट एन्ड नट चकलेट बारसित गरे। अनि सबै चकलेट उसैलाई उपहार दिए। सबै सामान बोकेर घर फर्किन उसले एउटा कार नै भाडामा लिनुपऱ्यो। अनि चकलेटहरू नि? आहा, क्या गजबको! यम्मी!

*अनुवाद : गणेशप्रसाद लाठ*

■

# हाम्रा कार्यक्रम तथा गतिविधिका झलकहरू



कलाश्री सम्मान
तथा
कलाश्री पुरस्कार

- २०६५
- २०६६





कलाश्री सम्मान
तथा
कलाश्री पुरस्कार

- २०६७
- २०६८





कलाश्री सम्मान
तथा कलाश्री
पुरस्कारहरू

- २०६९
- २०७०





कलाश्री सम्मान
तथा कलाश्री
पुरस्कारहरू

- २०७१
- २०७२





कलाश्री सम्मान
तथा कलाश्री
पुरस्कारहरू

- २०७३
- २०७४





कलाश्री सम्मान
तथा कलाश्री
पुरस्कारहरू

- २०७५
- २०७६





कलाश्री सम्मान
तथा कलाश्री
पुरस्कारहरू

- २०७७
- २०७८





कलाश्री सम्मान
तथा कलाश्री
पुरस्कारहरू
२०७९





सिर्जना-उत्सव

- २०६४
नेपालगञ्ज

- २०६५
पोखरा





सिर्जना-उत्सव

- २०६६
चितवन

- २०६७
इलाम






सिर्जना-उत्सव

- २०६८
विराटनगर

- २०६९
नव बुद्ध





सिर्जना-उत्सव

- २०७०
मुस्ताङ

- २०७१
रुपन्देही





सिर्जना-उत्सव

- २०७२
धनकुटा

- २०७३
कोहलपुर





सिर्जना-उत्सव

- २०७३
जाजरकोट

- २०७४
लमजुङ





सिर्जना-उत्सव

- २०७५
धनगढी

- २०७५
जाजरकोट





सिर्जना-उत्सव

- २०७६
जुम्ला

- २०७८
रोल्पा





सिर्जना-उत्सव,
२०७९
पाल्पा





World Literary
Tour 2010
Poetry Concert
with
Music &
Painting (Korea)





World Peace
Literary Tour

- 2011
Japan

- 2013
China





World Peace
Literary Tour

- 2014
China

- 2015
Myanmar





World Peace
Literary Tour

- 2015
China

- 2015
Bangladesh





World Peace Literary Tour

- 2016
China

- 2017
Bengaluru, India





World Peace Literary Tour

- 2017
Egypt

- 2018
Russia





World Literary Tour 2019 (India)





एनएलजी विशेष शान्ति कविता गोष्ठी तथा 'कलाश्री' लोकार्पण

- २०६९

- २०७०





एनएलजी विशेष शान्ति कविता गोष्ठी तथा 'कलाश्री' लोकार्पण

- २०७१

- २०७२






एनएलजी विशेष शान्ति कविता गोष्ठी तथा 'कलाश्री' लोकार्पण

- २०७३

- २०७४





एनएलजी विशेष शान्ति कविता गोष्ठी तथा 'कलाश्री' लोकार्पण

- २०७५

- २०७६





एनएलजी विशेष शान्ति कविता गोष्ठी तथा ‘कलाश्री’ लोकार्पण – २०७७







एनएलजी विशेष शान्ति कविता गोष्ठी तथा ‘कलाश्री’ लोकार्पण – २०७८






‘पुरुष-परीक्षा’ पुस्तक लोकार्पण

सुकर्म सङ्गीत साँझ २०६७





‘The Last Page of My Poem’ पुस्तक लोकार्पण

‘Bhimsen Thapako Suicide Note’ र ‘Selected Poems’ पुस्तक लोकार्पण






‘काबेली किनार’ पुस्तक लोकार्पण

‘भारत शाश्वत आवाज’ पुस्तक लोकार्पण





Nepal Samman, 2010

Nepal Samman, 2012





Nepal Samman, 2016

Nepal Samman, 2019

